CC-0. In Public Domain. Digitization by eGangotri

ISSN 2091-2927

ज्ञानबिन्दु



दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

१०

काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Building Responsible Citizens
Who can Innovate, Lead and Manage

BBA
bachelor of business administration
POKHARA UNIVERSITY AFFILIATE

CITIZEN COLLEGE

Satdobato, Lalitpur (Next to Swimming Pool)
Tel: 5545684, 5545685
www.citizencollege.edu.np

Managed & led by aspiring & vibrant academicians with over a decade long experience in BBA program.

BAJEKO SEKUWA

OUR SERVICES

Birthday Parties | Deliveries | Corporate Parties



BARBECUE PARTIES

WEDDING PARTIES

/bajekosekuwa informbaje@gmail.com 9801188453 www.bajekosekuwa.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जि.प्र.का.द.नं.५०९/०६३ ISSN 2091-2927

ज्ञानबिन्दु
Gyanbindu

वर्ष १० २०७३ माघ पूर्णाङ्क १०

सम्पादक
प्राज्ञ विष्णु प्रभात
दीपकबाबु अर्याल
प्रभा बराल

प्रकाशक
दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र
नयाँबजार, काठमाडौं
फोन: ४४३०३२६, ९८४१६१५०४४, ९८४१७३७२९२
Facebook: Dandapani Arjyal Memorial Center

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

नामित प्रतिभा र केन्द्रको परिचय

ज्योतिषी पण्डित दण्डपाणि अर्ज्यालको जन्म वि.सं. १९६३ साल कार्तिक २४ गते बगुवा गा.वि.स., गोरखामा माता भवानीदेवी तथा पिता तप शर्माको छोराका रूपमा भएको थियो र २०४५ साल माघ ७ गते गोरखा बजारमा स्वर्गारोहण भयो । उहाँ गोरखामा पण्डितबाजे, ज्योतिषीबाजे र माष्टरबाजे जस्ता नामहरूले चिनिनुहुन्थ्यो । वि.सं. २००४ सालदेखि शिक्षण पेशा थालनी गरेर आधार स्कुल हुँदै निवृत्त जीवनमा पनि जिल्ला शिक्षा समिति लगाएत विभिन्न संस्थाहरूमा रही शिक्षा विकासमा योगदान दिनुभयो । आफ्नो ८३ वर्षे जीवनकालमा उहाँले नेपाली समाजको लागि महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो । समाजमा रहेका कुरीति, अन्धविश्वास, छुवाछुत आदिको उन्मूलनमा उहाँको सबल योगदान रहेको छ । यसका साथै ज्योतिषी पण्डितको हैसियतले गोरखाली समाजमा धार्मिक सहीष्णुता र सामाजिक सद्भावको प्रबर्धनमा संलग्न हुनुहुन्थ्यो । उहाँ एक इतिहासकार, अन्वेषक एवं अनुसन्धानकर्ता हुनुहुन्थ्यो । यसै प्रसंगमा इतिहासकार प्रा. श्री दिनेशराज पन्तले उल्लेख गर्नु भएको छ कि स्वर्गीय श्री दण्डपाणि अर्ज्याललाई गोरखा सम्बन्धी विश्वकोष भनेपनि हुन्छ । नेपालको इतिहास अन्वेषक श्री धनवज्र बज्राचार्य तथा प्रा.डा. श्री तुलसीराम बैद्य, कवि भीमनिधी तिवारी लगायतका विभिन्न विद्वान्हरू पनि उहांको संसर्गमा रहेर विविध खोज, अनुसन्धानको काम गर्नु भएको थियो । समाजशास्त्रको क्षेत्रमा पनि उहाँ उत्तिकै जानकारी राख्नुहुन्थ्यो । शाहवंशको वंशावली तथा अर्ज्याल वंशावली वहाँले तयार गर्नु भएको थियो । दण्डपाणि अर्ज्याल गोरखाको मात्र नभएर नेपालकै एक बहु प्रतिभाशाली सर्जक हुनुहुन्थ्यो । वहाँले अति मेहनत गरेर तयार पार्नु भएको दशमहाविद्या तन्त्रशास्त्र र चिना बनाउने तरिका सहितको ज्योतिषशास्त्र विषय र इतिहास सम्बन्धी फुटकर सङ्ग्रह त्रिविधा किताब स्मृतिकेन्द्रबाट प्रकाशित गरिसकेका छौं । यी ग्रन्थ राष्ट्र तथा नेपाली समाजको गहन निधि रहेको कुरा धेरै विद्वानहरूले बताउनु भएको छ । यसरी नै उहांको योगदानका बारेमा प्रकाशित लेख रचनाहरूको संकलन– 'दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ'का साथै ज्ञानबिन्दु (वार्षिक प्रकाशन) र अन्य गरी थुप्रै पुस्तकहरू हामीले प्रकाशित गरी सकेका छौं । उहाँका इतिहास विषयक रचनाहरू पनि प्रशस्तै रहेका छन् र ती प्रकाशित हुने क्रममा छन् । स्व. दण्डपाणि अर्ज्यालले विभिन्न क्षेत्रमा गर्नु भएको योगदानलाई जनसमक्ष पुऱ्याउने, वहाँको स्मृतिलाई चिरस्थायी बनाउँदै लैजाने र साहित्यिक तथा सांस्कृतिक उन्नयनका निम्ति विविध सामाजिक कार्य गर्ने उद्देश्यका साथ समाजका प्रबुद्ध वर्ग अनि परिवारको संलग्नतामा वि.सं. २०६२ सालमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र स्थापना भएको हो । यसमा उहाँका छोराहरू बलराम अर्याल, परशुराम अर्याल, हरिहर अर्याल, राजेन्द्रप्रसाद अर्याल तथा छोरीहरू तोयाकुमारी तिवारी, स्व. गङ्गादेवी देवकोटा, जानुकादेवी खनाल, सुशिला आचार्य, र ईश्वरीदेवी सुवेदीको विशेष योगदान रहेको छ । स्मृतिकेन्द्रको स्थापनापछि केन्द्रले उहांको योगदानलाई कदर गर्दै अक्षयकोष तथा पुरस्कारको प्रबन्ध गरेको छ र सालसालै राष्ट्रिय तहका दण्डपाणि नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कार प्रदान गर्दै आएका छौं । इतिहास, संस्कृति, वंशावली अनुसन्धान, शिक्षासेवा, साहित्य, समाजसेवा, संस्कृतभाषा, ज्योतिषशास्त्र आदि विषयहरूमा आलोपालो गरी प्रतिभा चयन गर्दै आएका छौं । यसवर्ष (२०७३) हामीले संस्कृति विषय छान्यौं र सोही क्षेत्रमा समर्पित विद्वान् प्रा.डा. जगमान गुरुङलाई पुरस्कृत गर्ने निर्णय गरेका छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक	लेखक	पृष्ठ
तन्त्र साधना	शीतल गिरी	४
थोपो पसिना ...	वसन्त चौधरी	१३
आचार्य कमलशीलको दृष्टिमा आत्मवादको ...	डा. काशीनाथ न्यौपाने	१४
स्व. दण्डपाणि अर्ज्यालको "त्रिविधा" र...	विश्वेश्वर कट्टेल	२२
नेपालको प्राग-ऐतिहासिक अध्ययनमा ...	प्रकाश दर्नाल	३२
सिमोन द बोदवाँ र उनको द सेकेण्ड सेक्स	डा. ज्ञानू पाण्डे	३७
प्राचीन चीनमा नेपाली बौद्ध विद्वान्	डा. विजयकुमार मानन्धर	४८
नेपाली नाटक साहित्य	गोविन्द भट्ट	५३
विज्ञान र ईश्वर		६८
सङ्ख्याको अस्तित्वको सवालः एक दार्शनिक विवेचना	प्रा.डा. मीनबहादुर श्रेष्ठ	७६
नेपाल-चीन सम्बन्धको ऐतिहासिकता र वर्तमान	डा. सुरेन्द्र के.सी.	९७
अतृप्त तृष्णा - सुखको खोजी	रमेशनाथ पाण्डे	१०८
एक चिहान उपन्यासमा प्रजाति, क्षण र पर्यावरण	ईश्वर चौहान	११०
धार्मिक स्वतन्त्रता र हामी नेपाली	राजु नेपाल	११७
जीवन-चङ्गा कवितामा पूर्वीय दर्शन	बद्रीप्रसाद ढकाल	१२१
खण्डकाव्य सिद्धान्त	पशुपति सापकोटा	१२५
पुर्वजहरूको सम्झनामा दुई शब्द	चेतेन्द्रजङ हिमाली	१३७
नेपालको इतिहास र हाम्रो कर्तव्य	शङ्कर अर्याल	१३९
बिर्सिन नसकिने सिक्किम यात्रा	दीपकबाबु अर्याल	१४४
मनहरू	सीता अर्याल	१५३
नेपाल राष्ट्र निर्माणप्रतिको लोकधारणा	विष्णु प्रभात	१५४
छोरीको बिदाईपछि	दयाराम अर्याल	१५९
पश्चिमाहरूको देशमा घुम्दै जाँदा	अनुपमा रेग्मी	१६०
शान्तिनारायण श्रेष्ठका मुक्तकको अध्ययन	असफल गौतम	१६४
बेन्जु शर्माका कथाहरूमा विचार चेतना	ज्ञानु अधिकारी	१७६
"एउटा कथा भन्नु न हजुरआमा" बालकथा...	प्रभा बराल	१८०
नियति चक्र उपन्यासमा नारी दमन र विद्रोह	डा. रजनी ढकाल	१८८
पछिल्लो दशकमा बैकिङ्ग क्षेत्रमा देखिएका प्रमुख...	राजनविक्रम थापा	१९४
मन र शरीर	राजेन्द्रप्रसाद अर्याल	२०२
पुरस्कृत प्रतिभा		
समन्वयको परिवेशमा विकसित नेपाली राष्ट्रियता	डा. जगमान गुरुङ	२०५
विवाहको रौनक	गीता रेग्मी	२१०
संस्कृतको सान्दर्भिकता	तिलकप्रसाद लुइटेल	२१२
डबली नवीनतम विश्वदृष्टियुक्त उपन्यास	डा. प्रभा कैनी	२२०
तिमी नारी	हरिहर अर्याल	२२६
अङ्ग्रेज गृहयुद्धले मच्चाएको रक्तपात	विकलचन्द आचार्य	२२७
अमेरीकाको श्रमपूर्ण जीवन	ईश्वरचन्द्र बानियाँ	२३२
चाहन्छु यौटा घर रच्न यस्तो	डिल्लीराज अर्याल	२३६
स्मृतिकेन्द्रका गतिविधी	कपिलचन्द्र खनाल	२३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्र साधना

शीतल गिरी

विषय प्रवेश

तन्त्रशास्त्रलाई स्वघोषित तान्त्रिकहरूले यो एकदम गाह्रो कुरो हो भनेर भ्रम सिर्जना गरिदिएका छन् । उनीहरूले तन्त्र साधनालाई सबैले गर्न सक्ने कुरा होइन भन्छन् । तन्त्रशास्त्रको बारेमा थुप्रै भ्रम फैलिएको छ । भ्रममा परेका वा अज्ञानी मानिस भन्ने गर्छन्– मन्त्रको जाप गर्दा केही फाइदा हुँदैन, कुनै तान्त्रिकबाट नै सम्पन्न गराउनु पर्छ । एउटा सात्विक मन्त्रको विद्वान् तान्त्रिकभन्दा धेरै शक्तिशाली हुने गर्दछ । तन्त्र त भगवानलाई खुसी पार्ने एउटा विधि हो, यसलाई सरल तरिकाबाट प्रयोग गरिन्छ । तन्त्रशास्त्र मानिसको हित गर्ने असल शास्त्र हो । यो शास्त्र आजको नभएर अत्यन्त प्राचीन भएको कुरा हामीले थाहा पाउनै पर्दछ । तन्त्रको चलन प्राचीन समयदेखि आजसम्म हुँदै आएको छ । तन्त्र-साधनाको गूढरहस्यको बारे थाहा पाउनु, अध्ययन गर्नु सबैको बुताको कुरो अवश्य होइन । त्यसो त सबै कुरा सबैले गर्न पनि सक्दैन् । यदि कसैले तन्त्र साधना गर्न चाहने हो भने सबभन्दा पहिले उसले योग्य गुरूको खोजी गर्नु पर्ने हुन्छ । योग्य गुरूको उचित मार्ग-निर्देशनमा नै तन्त्र-साधना सम्भव हुन सक्दछ ।

तन्त्रमा यन्त्र र मन्त्र दुबै समावेश भएको हुँदा यो सामान्य व्यक्तिका लागि बुद्धिगम्य होइन । आहारशुद्धिद्वारा मन शुद्ध पारेर गरिएको साधनाबाट मात्र चमत्कारी परिणाम आउन सक्दछ । यानी साधना सिद्धिमा सफलता प्राप्त हुनेछ । तन्त्र-साधनामा मनलाई एकाग्र बनाउनको लागि मनको पवित्रता आवश्यक छ र जब मन एकाग्र हुनेछ तब निश्चयनै साधकको साधना सफल भएर भौतिक सिद्धि प्राप्त गर्नेछ । मन्त्र-साधनाको स्थिति पनि यस्तै हो । अहिलेको समयमा तन्त्र साधनाको धेरै पद्धति प्रचलनमा छन् । साधकद्वारा गरिने तन्त्र साधनाको प्रतिफल (सफलता या विफलता) स्वयम् साधकको कर्ममा निर्भर रहन्छ । जो तन्त्रको वास्तविक ज्ञानसँग अपरिचित हुन्छ त्यस्ता तन्त्रको नाम सुन्ने बितिक्कै अनिष्टको आशङ्काले आतङ्कित बन्दछ । वास्तवमा तन्त्र अनिष्टकारी नभएर कल्याणकारी हुन्छ, तर पनि तन्त्रसँग भयभित किन ? चेतनालाई परम चेतनामा मिलाउने माध्यम मन्त्र हो । मन्त्र यथार्थमा कल्याण गर्ने सूत्र हो । तन्त्र साधनामा मनको शुद्धता परम आवश्यक छ । यसको साथमा योग्य गुरूको मार्ग निर्देशन पनि चाहिन्छ । तन्त्र साधनामा सहयोगी भैरवीको रूपमा नारी हुनु आवश्यक छ, तब पनि नारीकै कारण तन्त्र साधनमा प्रायः चुक्दछन् र मानिसहरू विनाश व्यहोर्न बाध्य हुन्छन् । यदि साधकको चित्त शान्त छैन भने बिर्सेर पनि तन्त्र साधना गर्नु हुँदैन । कसैको विशेष आग्रहमा तन्त्र साधना गर्नै हुँदैन । साधनाको लागि समय, स्थान र सामग्रीको ठूलो महत्त्व छ । तन्त्र-साधना भनेको अनमोल जुक्ति हो । तन्त्र-साधना वास्तवमा शक्ति पनि हो, जसले सृजना वा विनाश दुवै गर्न सक्तछ । तन्त्र साधक आफ्नो साधनामा पूर्ण विश्वस्थ हुनुपर्दछ । साधनामा मोह आयो भने साधना सफल हुन सक्तैन ।

लेखक साहित्यकार हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रको परिचय

तन्त्र शब्दको अर्थ के हो ? तन्त्रवाद कति पुरानो हो ? तन्त्रवाद र अन्य संप्रदायहरू बीचको दुरीको वास्तविक महत्त्व के हो ? केही आधुनिक विद्वानहरूले तन्त्र शब्दको अर्थको बारेमा एउटा ठुलो विवाद चलाएका छन् । तन् धातुमा स्त्रन् प्रत्यय लाग्नाले तन्त्र शब्द बनेको छ । 'तनोति (तनुते) तन्यते वा इति तन् स्त्रन्' के विस्तृत हुनु ? मूलतः मानव परिवार, सन्तानको सङ्ख्या । यही कुरो साधारण रूपले प्रचलित 'सन्तान या तनय' (अर्थात् बालक) जस्ता शब्दहरूले पनि सिद्ध हुने गर्दछ । यो शब्द पनि तन् धातुले बनेको छ । यस बाहेक, यसै धातुबाट व्युत्पन्न शब्द 'तन्तु' लाई 'कात्यायन श्रौतसूत्र', 'आपस्तम्भ धर्मसूत्र', र 'तैत्तिरीय उपनिषद्' जस्ता प्राचीन ग्रन्थहरूमा 'यो जसले नियमित रूपले आफ्नो परिवारमा सन्तानको अभिवृद्धि गर्दछ' को अर्थमा प्रयोग गर्दै ल्याइएको छ । ऐतरेय ब्राह्मणमा यस शब्दको प्रयोग 'वंशजको क्रम' अर्थमा गरिएको छ ।

तन् धातुको मूल अर्थ हो प्रजनन् । यस किसिमले 'तन्त्र' शब्द तन् धातुबाट व्युत्पन्न हुनाको कारण प्रजनन् अर्थको आभाष दिन्छ । यो कुरा तन्त्रवादको मूल विषयबस्तुका साथ मेल खान्छ । तन्त्रवाद कति पुरानो हो ? लिखित ग्रन्थहरूका अध्ययनबाट विभिन्न तन्त्रहरूको प्राचीनता निश्चित गर्ने प्रयत्न गरेको पाइन्छ भन्ने गरिएको छ– प्रसिद्ध 'महानिर्वाण तन्त्र' (राममोहन राय, सन् १७७२-१८८३) को आध्यात्मिक गुरूले लेखेका थिए । मेरूतन्त्र नामक एउटा अर्को तान्त्रिक ग्रन्थमा लंडराजा (लण्डनका निवासी) अङ्ग्रेज जस्तो शब्द आउँछ, यसकारण यो ग्रन्थ धेरै पुरानो नहुनसक्छ, केही अन्य ग्रन्थलाई ईसाको छैठौं या सातौं शताब्दीको भन्ने गरिन्छ । केही विद्वान्हरूले यो कुरा पहिलेनै भनिसकेका छन्– तन्त्रवाद, तान्त्रिक ग्रन्थभन्दा निकै पुरानो हो, यसकारण उपलब्ध लिखित ग्रन्थहरूको अध्ययन गरेर तन्त्रवादको प्राचीनता निश्चित गर्न सकिँदैन ।

तन्त्र कति पुरानो हो यसको समय यति नै हो भनेर तोक्नु सम्भव छैन । तान्त्रिक क्रियाहरू र सामान्य रूपमा प्रचलित मन्त्र आदि धेरै पुरानो समयदेखि विद्यमान थियो । यी आदिम विचारधाराका अवशेष हुन् । त्यसैले त जनजातिहरूमा थुप्रै शताब्दिसम्म विचारधारा सम्बन्धी परिवर्तन अति कम हुनेगरेको पाइएको छ । तन्त्रवादका अति विख्यात विद्वान् पी. बन्दोपाध्यायले भनेका छन्ः 'केही योग्य पुरातत्ववेत्ताहरूका अनुसार तन्त्रवाद, स्वयं वेदभन्दा कम प्राचीन होइन ।' (रत्नावली, २४९-६०) यी पुरातत्ववेत्ताहरूका विचारअनुसार जुन युगमा गोरो वर्णका मानिस अर्थात् जसले वेदको रचना गरेका थिए, दक्षिण एसियाली उपमहाद्वीपमा आए, करीब करीब सोही समयमा अपेक्षाकृत श्यामवर्णका आर्यका जाति (अवैदिक आर्य) पनि यहाँ आए । एउटा महत्त्वपूर्ण कुरो तन्त्रवाद निकै पुरानो हो, यहाँसम्म कि त्यस युगभन्दा पनि पुरानो हो, जसलाई पी.बन्दोपाध्यायले आफ्नो समयका केही पुरातत्ववेत्ताहरूको निष्कर्षका आधारमा निर्धारण गरेका थिए । तन्त्रवादका केही भौतिक र ठोस अवशेष सिन्धु सभ्यताको अवशेषमा प्राप्त भएको छ । यसको पुष्टि मार्शल र कतिपय अन्य विद्वान्हरूले गरेका छन् । वास्तवमा सिन्धु सभ्यताको धेरैजसो कला र चित्रलिपी तान्त्रिक कलात्मक वस्तुहरूसँग सम्बन्धित थियो भन्ने कुराको विश्वास गर्ने आधार पनि यही हो । तन्त्रवादको प्राचीनता निर्धारण गर्ने बेलामा कालक्रमको इतिहासमा मात्र भर पर्नु हुँदैन । जनजातिहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले पनि विद्यमान धेरैजसो विश्वास र प्रथाहरू यस्ता छन् जसलाई तन्त्रवादमा पाउन सकिन्छ । आज पनि यस्ता मानिसहरू छन् जो आफ्ना पूर्खाहरू जस्तै जीवन व्यतीत गरिरहेका छन्, जसले पाँचहजार बर्षअघि सिन्धु सभ्यताको नगर निर्माणमा गरेका थिए । हामीले यही जीवनको आधारमा तन्त्रवादको स्रोत खोज्नु पर्ने हुन्छ । ऐवलानले भनेका छन्: "वास्तवमा हिन्दू धर्मका लोकप्रचलित र रहस्यमय दुवै पक्ष व्यावहारिक दृष्टिले मुख्यतया तान्त्रिक हो ।"

शाक्त मत (तन्त्रवाद) ले सामान्य पूर्वीय चिन्तनमा गहिरो प्रभाव पार्‍यो । नेपालको काठमाडौंमा मात्र पनि सर्वेक्षण गर्ने हो भने थुप्रै ठाउँमा शक्तिसाधना स्थल (तान्त्रिक केन्द्र) पाउने छौं । यस्ता साधना पहिले पनि हुने गरेका थिएँ र आजसम्म पनि हुँदै आएको छ । 'तन्त्र' शब्दको मूल अर्थ हो 'शास्त्र', त्यो शास्त्र जसबाट ज्ञानको विस्तार हुनसक्तछ । 'तन्त्र' शब्दको अर्थ– शास्त्र, सिद्धान्त, अनुष्ठान, विज्ञान, विज्ञानविषयक ग्रन्थ भएपनि लोकव्यवहारमा 'तन्त्र' शब्दको प्रयोग मन्त्र-कीलक-कवचसँग सम्बन्धित साहित्य, रहस्यमय एवं चमत्कारपूर्ण प्रयोग र देवी, भैरव आदि देवताहरूको पूजाका विधि-विधान लेखिएका ग्रन्थहरूको निमित्त गरिएको पाइन्छ । 'तन्त्र' शब्दको अर्को पर्यायवाची शब्द 'आगम' हो । यो शब्द पनि 'तन्त्र' शब्दजतिकै प्रसिद्ध छ ।

आगमको पनि व्यापक अर्थ हो 'शास्त्र', त्यो शास्त्र जसबाट अभ्युदय (लोककल्याण) र निःश्रेयस (मोक्ष) प्राप्त हुनसक्तछ । सृष्टि, देउताहरूको पूजा, सबै सिद्धिहरूलाई प्राप्त गर्ने उपाय, पुरश्चरण, षट्कर्म (मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन), उपाय, ध्यानयोग (अभीष्ट देउताको चिन्तन) यी सात लक्षणहरूले तन्त्र वा आगमका विषयहरूप्रष्टि सङ्केत गर्दछन् । वेदको वैशिष्ट्य 'ज्ञान' हो भने तन्त्रको वैशिष्ट्य 'क्रिया' हो । क्रिया भएन भने ज्ञान भार मात्र ठहरिन जान्छ । आफूले पाएको ज्ञानलाई क्रियात्मक रूपमा परिणत गर्न सकेमा मात्र सफलता प्राप्त गर्न सकिने हुन्छ । भगवान शिवका पाँच मुख भएकाले यिनलाई 'पञ्चवक्त्र' वा 'पञ्चमुखी' भन्दछन् । भगवान शिवका पाँच मुखका शास्त्रीय नामहरू हुन्– ईशान, तत्पुरूष, सद्योजात, वामदेव र अघोर ।

शिवका यिनै पाँच मुखबाट समस्त तन्त्र वा आगमहरूको आविर्भाव भयो । आगमअनुसार महेश्वरका दश भेदप्रधान, अठार भेदाभेदप्रधान र चौसट्ठी अभेदप्रधान अवस्थाहरूलाई क्रमशः शिवावस्था, रौद्रावस्था र भैरवावस्था भनिन्छन् । शिवको दश भेदप्रधान अवस्थाहरूमा यिनका पाँच मुखबाट प्रस्फुटित भएका 'कामिक' आदि दश भेदप्रधान आगमहरू 'शैवागम' भनिन्छन् । यिनैका अठार भेदाभेदप्रधान अवस्थाहरू प्रकट भएका 'विजय, निःश्वास' आदि अठार भेदाभेदप्रधान आगमहरू 'रौद्रागम' को नामले प्रसिद्ध छन् । यसैगरी शिवका अभेदप्रधान चौसट्ठी अवस्थाहरू छन् । शिवको चौसट्ठी प्रकारका अद्वयप्रधान भैरवावस्थाहरू आविर्भूत भएको बेला नै भैरवागमहरूको आविर्भावको बेला हो । यस बेला सबै किसिमका भेदहरू अस्त भएर अद्वय अवस्था आउँछ ।

शिवको पाँचवटै वाक्यहरू अन्तर्लीन भएर परस्पर मिलेपछि आविर्भूत भएका चौसट्ठी प्रकारका आगमहरू भैरवागमको नामले प्रसिद्ध छन् । यी मूल आगम वा तन्त्रहरू हुन् । सत्ययुगमा वेदप्रतिपादित आचारको, त्रेतायुगमा स्मृतिको, द्वापर युगमा पुराणको र कलियुगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगम (तन्त्र) प्रतिपादित आचारको प्रधानता रहन्छ । सत्ययुगमा दश बर्ष, त्रेतायुगमा एक वर्ष, द्वापर युगमा एक महिना साधना गरेर पाइएको फल कलियुगमा एक दिनमात्रको साधनाद्वारा पाउन सकिन्छ । कलिमा आध्यात्मिक शक्ति क्षीण भएको पाइन्छ । मानिसहरूमा त्याग, तपस्या, धैर्य आदि अत्यन्त महत्त्वपूर्ण साधनाका आवश्यकताहरू आज समाप्त प्रायः छन् । तान्त्रिक अनुष्ठानहरूमा जातिपातिको भिन्नता, कुनै किसिमको भेदभाव नरहेकोले तन्त्र सार्वभौमिक र सार्ववर्णिक भएर लोकप्रिय हुन गएको हो । तर तन्त्रमा अधिकारको विवेचना भने नभएको होइन । गुरूले शिष्यलाई खुब परीक्षा गरेर मात्र साधनाको मार्गमा बढ्ने अधिकार प्रदान गर्दछन् । विनागुरू कुनै कार्य गर्ने अनुमति तन्त्रले दिंदैन । वामाचारको कति पूजापद्धतिमा त वेदका मन्त्रहरू नै उच्चारण गर्नुपर्दछ । त्यसकारण तन्त्र वैदिक हो । वैदिक पूजाको साथमा गुप्त-तान्त्रिक पद्धतिको कल्पना गर्नु निराधार होइन । विभिन्न तन्त्रमा प्रतिपादित कथ्यहरू अथर्ववेदमा मात्र होइन, सबभन्दा प्राचीन मानिएको ऋग्वेदमा पनि वर्णित छन् ।

तन्त्रमा वर्णित ज्ञानको पनि प्रमुख विषय हो– परमाद्वैत । तान्त्रिक पूजक आफू देउता नै भएर देउताको पूजा गर्दछ । तन्त्रमा भावको ठूलो महत्व छ । भाव एक मनोदशा हो । जसले 'वीरभाव' को चरमोत्कर्षबाट 'द्वैतभाव'लाई सर्वथा हटाएर आफ्नो उपास्य देउताको सत्तासँग आफ्नो सत्तालाई अभिन्न गराउन सकेको छ, त्यो 'दिव्य' हो, त्यसको मनोदशा 'दिव्यभाव' हो । आचार सात छन्– वेदाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार तथा कौलाचार । आचारहरू पशु, वीर र दिव्य भावसँग सम्बद्ध छन् । यिनीहरूमा वेदाचार, वैष्णवाचार, शैवाचार र दक्षिणाचार 'पशुभाव'का निमित्त वामाचार र सिद्धान्ताचार 'वीरभाव'का निमित्त र कौलाचार 'दिव्यभाव'का लागि हो । अद्वैत भावना पूर्ण र शुद्ध भएका साधकको निमित्त शत्रु र मित्रमा, मसान र भवनमा, सुवर्ण र तृष्णामा केही भेद रहँदैन । 'कौल' ले कहिल्यै पनि आफ्नो वास्तविक स्वरूप प्रकट हुन दिंदैन । उसका आचरण पनि सर्वश्रेष्ठ हुन्छ । 'कौल' पनि दुई प्रकारका हुन्छन्– पूर्वकौल र उत्तरकौल । मूलाधार चक्रमा रहेको कुण्डलिनी शक्तिलाई उठाएर 'सहस्रधार'मा रहेको शिवतत्त्वसँग मिलाएर राख्नु नै कुलको प्रमुख लक्ष्य हो । कुलाचारको उपासना पाँच 'मकार'को प्रयोगमा अनुष्ठित छ ।

यी पाँच मकारहरू मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन हुन् । मद्य बाहिरी 'रक्सी' होइन, ब्रह्मरन्ध्रमा रहेको सहस्र कमलबाट झर्ने अमृत नै मद्य हो । यो 'खेचरी' मुद्राबाट सिद्ध हुन्छ, त्यही पान गर्ने योगी नै 'मद्यपायी' हो । पुण्य-पापरूपी पशुहरूलाई ज्ञानको खड्गले मारेर आफ्नो मनलाई परब्रह्ममा लीन गराउनु 'मांसाहारी' हो भने साधकले शरीरमा रहेको इडा र पिङ्गला नाडीहरूमा पौडी खेल्ने श्वास-प्रश्वास रूपी दुइवटा माछालाई प्राणायामद्वारा सुषुम्णाभित्र लगेर खेलाउनुलाई नै 'मत्स्यहारी' भनिन्छ । सत्सङ्गबाट मुक्ति र असत्सङ्गबाट बन्धन हुन्छ, यसकारण असत्सङ्ग त्याग गरी सत्सङ्गमा रहनु नै 'मुद्रा' हो । मूलाधारमा रहेको कुण्डलिनी शक्तिलाई सहस्रधारमा रहेको शिवसँग मिलाउनु नै 'मैथुन' हो, शिवशक्तिको सामञ्जस्य हो । यसरी पाँच मकारको प्रयोग 'अन्तर्याग' हो । ब्रह्ममार्ग रहस्य अत्यन्त गोप्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रको महत्व

भगवान शिवले आफ्नी पत्नी पार्वतीसँग सहज वार्तालापको समयमा सृष्टिको उत्पत्ति, पोषण र लयको विषयमा बताए । अनि शिव-शक्ति पार्वतीले अनुरोध गर्नुभयो– "देव । तपाई यी दुवैभन्दा पनि अझ सजिलो कुनै यस्तो समाधान प्रणाली प्रचलनमा ल्याउनुहोस् जो सर्वसुलभ होस् र जसद्वारा सम्पूर्ण मानव-समाज लाभान्वित हुन सकोस् ।" शिव भगवान आफ्नो दयालुता, सहज-सरल जीवन पद्धति र त्वरित निर्णयको लागि प्रसिद्ध छन् । उहाँले तत्क्षण 'तथास्तु' भनेर तन्त्रको मूलभूत आधार सिद्धान्त र प्रयोग-परिणाम विवेचित गरिदिए । जीवनको विभिन्न क्षेत्रहरूमा तन्त्रको प्रयोग हुने गरेको छ । शिवले पार्वतीलाई आफ्नो प्रवचनमा मूलतः आध्यात्मिक शान्ति र लौकिक जीवनको सुख-समृद्धिको सिद्धान्त बताएका थिए । त्यही सिद्धान्तलाई पछिका विभिन्न विद्वान्हरूले अनेक रूपमा प्रतिपादित गरेकोले तन्त्रका अनेक शाखाहरूको जन्म भयो । पौरस्त्य संस्कृतिको इतिहासमा कतिपय महापुरूषहरू र ऋषिमुनिहरूका प्रसङ्ग पाइने गरेको छ जसले योग-तन्त्रको साधनाद्वारा अद्भूत एवं अलौकिक कार्य सम्पन्न गरे । प्रागैतिहासिक युगपछि पनि योग-तन्त्रको पर्याप्त प्रचलन थियो ।

नाथसिद्ध परम्पराका प्रवर्तक र महान् योगी गुरू मत्स्येन्द्रनाथ तथा गोरखनाथको नाम आज पनि समादृत छ । बौद्ध कालमा तन्त्रले धेरै व्यापकता प्राप्त गऱ्यो । तर त्यही व्यापकता नै उनीहरूका पतनको कारण पनि बन्यो । पञ्च-मकार साधनामा मांस, मदिरा, मत्य, मुद्रा र मैथुन प्रमुख मानियो । यसैलाई सिद्धि-सोपानको संज्ञा दिइयो । मुक्त यौनाचारको पोषण हेतु सामूहिक साधना, कौलाचार एवं भैरवी चक्र आदिको प्रणाली विकसित भयो, जसको माध्यमले धेरैजसो बौद्ध विहार (उपासना गृह) मुक्त योग, सामूहिक सहवास र स्वच्छन्द यौन प्रशिक्षणको केन्द्र बनाइदिए । हो यही अतिचार बौद्ध तान्त्रिकहरूको विनाशको कारण बन्यो । आज तन्त्र-मन्त्र-यन्त्रको महत्त्व सबै वर्गका मानिसले खुला हृदयले स्वीकार गरेका छन् । यसको मुख्य कारण भनेको, यस संसारमा अलौकिक शक्तिहरू विद्यमान छ भन्ने मान्यता नै हो । प्रायःजसो जनमानसको धारणामा, तान्त्रिक तामसिक प्रवृत्तिका मात्र हुन्छन् साथै उपद्रवी स्थिति उत्पन्न गर्दछन् भन्ने रहेको छ, तर यथार्थमा भने यस्तो हुनेगरेको छैन ।

यस्ता कुराहरू तान्त्रिकको प्रकृतिमा निर्भर गर्दछ । यथार्थमा तन्त्र साधनाको आफ्नै महत्त्व छ । तन्त्रको अर्थ अनुष्ठान र रक्षा आदिसँग छ । तन्त्रद्वारा नै सांसारिक र पारलौकिक जीवनमा सुख प्राप्त हुने गर्दछ । यो त्यो प्रक्रिया हो जो मन्त्रानुष्ठानको सिद्धान्तमा निर्भर रहन्छ । दत्तात्रेय र गौतमीय तन्त्र सात्विक तन्त्र हो । शैवागमी आदि तन्त्र राजस र भैरवतन्त्र तामस हो । तन्त्रशास्त्रमा साधना तीन किसिमका विधिबाट गर्न सकिन्छ भनिएको छ– तन्त्र, मन्त्र र यन्त्र । यसमा तन्त्र प्रमुख हो । मन्त्रको शक्तिलाई प्रभाविलो तन्त्रले बनाउँछ भने फल प्रदान गर्ने सहायक यन्त्र बन्दछ । तन्त्र साधनाका लागि पहाड, नदीको संगम, गुफा, कुना-काप्चा र जङ्गललाई सिद्धिदायक स्थल मानिएको छ, किनभने त्यहाँ तन्त्रको लागि सरलतापूर्वक सामग्री उपलब्ध हुने गर्दछ । यस्ता स्थान प्राचीन समयदेखि नै देवी-देवताहरूको साधना स्थल बनेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब कुनै निश्चित तिथि, दिन, बार एवं नक्षत्र आदिमा राशी अनुसार विधानपूर्वक साधना गरिन्छ भने मात्र निश्चय पूर्वक चामत्कारिक परिणाम सम्मुखमा देखा पर्दछ भन्ने विश्वास छ । हठयोगले संसारमा थुप्रै चामत्कारिक क्रियाहरूलाइ जन्म दिएको छ । शैव र शाक्त मतका योगीहरू हठयोगद्वारा आफ्ना अभीष्ट प्राप्त गर्ने क्षमता राख्दछन् । राजयोगको दायरा सीमित थियो, किनभने सनातन धर्ममा विश्वास गर्ने योगमार्गी नै हठयोगको निमित्त साधना गर्दथे । समाधिमा जानका लागि तन्त्र साधनाको सहारा लिनु नै पर्दथ्यो । प्रत्येक व्यक्ति चाहन्छ उसका सम्पूर्ण इच्छाहरू सरलतापूर्वक पूरा होस् । तर जीवनमा निरन्तर आउने बाधाहरूको कारण उसले पाइला-पाइलामा सङ्घर्ष गर्नुपर्दछ । यस्ता बाधाहरू पन्छाउनका लागि कुनै विशेष तन्त्र-मन्त्रको आवश्यकता पर्दैन । मात्र केही सजिलो साधनाद्वारा पूर्ण सफलता प्राप्त गरेर जीवनको वास्तविक सुख र आनन्द प्राप्त गर्न सकिन्छ । तन्त्र, मन्त्र र यन्त्रद्वारा चामत्कारिक घटना घटाउने वशीकरणको प्रभाव उत्पन्न गर्न सकिन्छ । यस्ता घटना घटाउनमा वशीकरण मात्रै होइन, सम्मोहन, मोहिनी विद्या र आकर्षण पनि आउँदछ । मन्त्र र तन्त्रबाट वशीकरण सुगम छ तर यन्त्रद्वारा वशीकरण कठिन छ ।

मन्त्रको सोझो सम्बन्ध वर्णसँग छ र वर्णबाट बनेको शब्द हाम्रो मनको गहिराईसम्म पुगेर हामीलाई कहिले एकान्तमा र कहिले मौन क्षेत्रमा पुऱ्याउँदछ भने कहिले नयाँ उर्जा एवं नयाँ सोच दिने गर्दछ । यी सबका पछाडि एउटै तथ्य छ– शब्दहरूमा लुकेको तन्त्र मन्त्रको शक्ति । यो सर्वथा सत्य हो– मन्त्रको उच्चारणबाट जुन ध्वनि उत्पन्न हुने गर्दछ, त्यसमा अलिकति भने पनि अन्तर आउने गर्दछ नै । तर कुनै पनि मन्त्र एक पटक जप गर्दैमा प्रभाव भने पर्दैन, त्यसलाई नियमित जप गरी रहनु पर्दछ । तन्त्रशास्त्र अनुसार मन्त्र चैतन्य रूप हो । जबसम्म साधकले त्यसलाई चोखो हृदयले जप्दैन र त्यसमा चैतन्य सत्ता अनुभव गर्दैन तबसम्म उ त्यसमा न त तन्मय हुनसक्दछ न सिद्धि प्राप्त नै गर्न सक्तछ । योगदर्शनमा चोखो भावनाले गरिएको जपलाई नै सही मानिएको छ होइन भने जप व्यर्थ हो । मन्त्र साधनामा शब्दहरूको प्रयोग गरेर ऊर्जा उत्पन्न गर्ने गरिन्छ । तन्त्र मन्त्रबाट प्राप्त ऊर्जालाई नै यन्त्रमा स्थापित गर्ने गरिन्छ । यो वेदभन्दा पनि पुरानो विद्या हो । तन्त्र विद्याको सम्बन्ध पदार्थ विज्ञान, रसायन शास्त्र, आयुर्वेद र ज्योतिष शास्त्रसँग छ ।

तन्त्र शक्तिको मूल उद्गम् इन्द्रजाल हो र यसका सम्पूर्ण क्रियाहरूको ज्ञान शिवलाई मात्र छ भनेर भनिन्छ । शिवले नै यो चमत्कारी ज्ञान रावणलाई दिनुभएको थियो । ज्ञानप्राप्त गरेर रावण हिमालयमा गएर तन्त्र साधनामा जुटेको थियो र यसको दुरूपयोग गर्न थाल्यो भनेर भनिन्छ । तब शिवले भविष्यमा यस विद्याको दुरुपयोग कसैले गर्न नसकोस भनेर इन्द्रजाल तथा तन्त्र ज्ञानलाई गोप्य राख्नुभयो ।

तन्त्र सिद्धि र तान्त्रिक साधना

प्रायःजसो मानिसले बुझेका छन् तान्त्रिक डरलाग्दो र असमान्य किसिमको व्यक्ति हुन्छ भनेर । तर यथार्थमा भने नितान्त भिन्नता पाइन्छ । तान्त्रिक साधना भक्तिको अन्तिम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुडकिलो हो । यस क्षेत्रमा पाइला राख्नु भन्दा पहिले नै तन्त्र साधना, तन्त्र सिद्धि र विभिन्न देवी-देवताहरूलाई सिद्ध गर्ने तान्त्रिक प्रक्रियाहरूबारे राम्ररी थाहा पाउनुपर्दछ । सबभन्दा राम्रो जानकारी त साधकको मन-मस्तिष्कमा तन्त्रशास्त्रको बारेमा कुनै भ्रम छ भने त्यसलाई पूर्णतः हटाउनु पर्दछ । रावण र मेघनादले जुन या जे-जति शक्ति पाएका थिए, ती सबै शिव तन्त्रको साधनाहरूकै प्रतिफल थियो । यतिमात्र होइन, तान्त्रिक साधनाहरूको बलमा भूत-प्रेत आदिलाई पनि आफ्नो अनुचर बनाउन सकिन्छ भन्ने विश्वास छ । आज पनि भगवान जस्तै पूजिँदै आएका वास्तविक धर्म प्रचारक र धर्म गुरूले आफ्नो अलौकिक शक्ति तान्त्रिक साधनाबाट नै प्राप्त गरेका हुन् र चोखो साधकले पनि यस्तो प्राप्त गर्न सक्छ भन्ने विश्वास गरिँदैछ । प्राचीन धर्मग्रन्थहरूमा मन्त्र, यन्त्र र तन्त्र साधनाहरूको बारेमा विपुल जानकारी उपलब्ध छ । भय र आपदहरूबाट रक्षा अथवा कुनै विशिष्ट सिद्धि अथवा कार्य सम्पन्नताका लागि जुन मन्त्र जप र अनुष्ठान गर्ने गरिन्छ, त्यो पनि तन्त्र सिद्धि नै हो ।

यन्त्र पूजन र मन्त्रहरूको जपमा जब मुख्य जोड मन्त्रहरूको जपमा र देव-देवीको आराधनामा दिने गरिन्छ तब त्यसलाई मन्त्र सिद्धि भनिन्छ । तर यन्त्र र मन्त्र दुबैलाई समान महत्त्व दिदै कुनै विशेष प्रयोजनको सिद्धि हेतु जब पूर्ण विधि-विधान पूर्वक यन्त्रको पूजन र मन्त्रको जप गर्ने गरिन्छ तब यही कार्यलाई तन्त्र-साधना भनिन्छ । यसो त सबै देवी-देवताहरूको तान्त्रिक साधना गर्ने गरिन्छ तर व्यावहारिक रूपमा भैरव र काली अर्थात् महाकालीको तान्त्रिक साधना नै सबभन्दा धेरै हुनेगरेको छ । भैरवको तान्त्रिक साधना त यति व्यापक हुनेगरेको छ कि प्रायःजसो मानिस भैरवको आराधक-उपासिकलाई पनि तान्त्रिक ठान्दछन् उनीहरूसँग डराउँछन् र टाढा रहने प्रयत्न गर्दछन् । वास्तवमा यो एउटा मिथ्या भ्रम मात्र हो । केही ढोंगी र पेशेवर तान्त्रिक भनाउँदा व्यक्तिले अरूलाई खती पुऱ्याउन, आफूतिर आकृष्ट गर्ने गर्दछन्, यस्तै तान्त्रिक साधनाहरूको बारेमा व्यापक भ्रम फैलिएको छ, यसको तथ्यपूर्ण सत्य जनमानसले थाहा पाउनुपर्छ ।

प्रतिमा, यन्त्र र सामग्री

कुनै पनि तान्त्रिक साधना गर्दा खेरी प्राण-प्रतिष्ठित यन्त्र र आराध्यदेवको प्रतिमाको साथै षोडशोपचार आराधनामा काम आउने सबै बस्तुहरू तथा विशेष भोगको प्रयोग पनि गर्ने गरिन्छ । आराध्यदेवको प्रतिमालाई पूर्ण श्रृंगार त गरिन्छ नै, घिउ हालेर बालिएको एउटा ठूलो दियो पनि साधनाको समयभरी बालेरै राखिन्छ । तन्त्र आराधकले पूजागर्ने एउटा विशिष्ट स्थान निर्धारित गरेर त्यहाँ उपास्यदेवको सानो मन्दिर बनाएर त्यसमा अखण्ड दियो पनि बाल्दछन् । यतिमात्र होइन, विशिष्ट तान्त्रिक साधनाहरू र षट्कर्महेतु सिद्धिपूजा गर्दाखेरी सबै उपादानहरूको प्रयोग त गरिन्छ नै, साधकले प्रयोग गर्ने आसन र मालाको पनि विशेष महत्त्व हुने गर्दछ । मूर्ति पूजा र षोडशोपचार आराधनाको समान नै तान्त्रिक साधनाहरू गर्दाखेरी पनि सोही अनुसारको पूजागर्ने सामग्री प्रयोग गरिन्छ, तर यसको चयन भने एक निश्चित विधानबाट गरिन्छ । सेतो र पहेलो रङ्गका बस्तुहरू, तुलसीको पात र तुलसीको माला भैरव आराधनामा निषेध छ । यसको विपरीत रातो र कालो रंगका बस्तुहरूको प्रयोगले भने तान्त्रिक साधनामा धेरै महत्व राख्दछ । एउटा कुरो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के भने भैरवको सौम्यस्वरूपको सात्विक सिद्धिगर्दा रातो रङ्गको वस्तु र फूलको मात्र प्रयोग गर्ने गरिन्छ । तर रौद्र रूपको तामसिक सिद्धि प्राप्तिको लागि साधना गर्ने साधकले रातोरङ्गका साथसाथै गाढा कालो रङ्गका वस्तुहरू पनि प्रयोग गर्दछन् । भैरव आराधना अथवा कुनै पनि तान्त्रिक साधना गर्दा धूप-दीप र नैवेद्य नभएसम्म पूर्ण हुँदैन । यसका साथै रातोरङ्गको फूलको एउटा माला र केही फूल साधकलाई चाहिन्छ ।

नैवेद्य र माला तन्त्रसाधनाको प्रमुख बस्तु

विधि-विधानपूर्वक षोडशोपचार आराधना तथा तान्त्रिक साधना गर्दाखेरी देवी-देवतालाई दूध, दही, मह, चिनी र जलमा स्नान गराउनुपर्छ तर हिजोआज व्यावहारिक रूपमा पञ्चामृत बनाएर केही थोपा प्रतिमाको नजिक छर्किदिन्छन् र पञ्चामृत प्रसादको रूपमा भक्तहरूमा बाँड्ने गरिन्छ । यसो त यी वस्तुहरू भैरवको भोग या नैवेद्यमा होइन, बरू उहाँको स्नानमा काम आउने वस्तुहरू हुन् । भैरवको विग्रहको सम्मुख भोगको रूपमा केही मिठाइहरू र फल राख्ने गरिन्छ । यसको मात्रा त केही पनि हुन सक्दछ, तर जहाँसम्म भैरवको विशिष्ट भोगको प्रश्न छ दुई या अन्य वस्तुहरूको प्रयोग पनि अनिवार्य रूपले हुनेगर्छ त्यो हो– शख्खर (गुड) र मासको दाल, साथै मासको बारा पनि । तान्त्रिक साधनाको सिद्धिमा साधकले बस्नको लागि प्रयोग गर्ने आसन, जप गर्ने माला र साधक बस्दा सम्मुखको शिखाको पनि धेरै ठूलो महत्त्व छ । तुलसीको मालाको प्रयोग भैरवको आराधना मन्त्रजप र तान्त्रिक साधनामा वर्जित छ । तन्त्र साधकले रूद्राक्षको माला नै लगाउँछन् र रूद्राक्षको मालाले नै जप गर्दछन् ।

रूद्राक्ष-मालाको अभावमा साधक काठको अथवा काँचको मालाले पनि काम चलाउन सक्छ । विशिष्ट तान्त्रिक साधना गर्ने समयमा पनि आकर्षक र सम्मोहनको लागि पनि रातो ऊनको आसन नै प्रयोग गर्ने विधान छ । यसैगरी बाघको छालालाई आसनको रूपमा प्रयोग गर्ने काम सबै किसिमका सिद्धिहरूका लागि समान रूपले श्रेष्ठ भनिएको छ । हरिणको छाला आसनको रूपमा गरिने प्रयोग सात्विक साधना र मन्त्र सिद्धिको लागि सर्वोतम मानिएको छ । भैंसीको छाला आसनको रूपमा प्रयोग गर्ने काम शत्रु मार्ने र समूल नष्ट गर्नका लागि आयोजित अनुष्ठानमा गरिन्छ । तन्त्र साधनामा उत्तरतर्फ मुख गरेर मन्त्र सिद्धिको शक्ति प्राप्त हुन्छ भने दक्षिणतर्फ मुख गरेर मारण क्रिया गर्ने गरिन्छ, जहाँसम्म सात्विक साधनाको प्रश्न छ, पूर्वतर्फ मुख गरेर रातो ऊनको आसनमा बसेर गर्ने गरिन्छ ।

तन्त्र साधनामा प्रयोग गरिने बस्तुहरू र उपादानको आधारमा तन्त्र साधनाको प्रक्रिया मुख्यत दुई भागमा विभाजन गर्न सकिन्छ– पहिलो सात्विक तन्त्र साधना हो र दोस्रो तामसिक तन्त्र सिद्धि । यसैगरी तन्त्र साधनाको उद्देश्य पनि प्रायः दुई किसिमको हुन्छ । सर्वश्रेष्ठ र कल्याणकारी अभिप्राय स्वयम्लाई आध्यात्मिक विकास र लौकिक उपलब्धि प्राप्ति हो । सबै किसिमका तान्त्रिक साधना गर्ने साधक प्रायः भैरवको नै साधना गर्दछन् । अर्को कारण भनेको पृथक-पृथक देवी देवताहरू हुँदा हुँदै पनि अधिकांश तान्त्रिक सिद्धिमा अर्थात् वशीकरणदेखि लिएर मारणसम्मको साधना गर्ने गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधनामा पञ्चतत्वको धारणा

तन्त्रको षट्कर्ममा पृथक-पृथक देवीहरू छन् । कुनै पनि कर्म विशेषमा पूर्ण सफलता प्राप्त गर्नको लागि सबभन्दा पहिले प्रकृतिका पाँचतत्वहरू जसले हाम्रो यो शरीर बनेको छ साधना गर्नु पर्दछ । पृथ्वीको रङ्ग हरताल जस्तो पहेँलो र स्थिति चतुष्कोण जस्तो छ । यसको अधिष्ठातृदेव ब्रह्मा हो र उनको बीज 'लं' हो । साधकले पाँचतत्त्व, जो इन्द्रियहरूभन्दा बाहिर देखापर्दछ, ती सबै मेरै शरीरमा छ भन्ने भावना बनाउनु पर्दछ । यस भावनालाई नै धारण गर्नुपर्दछ । साधकलाई "म शरीरसँग बाँधिएको छैन म नै सम्पूर्ण पृथ्वी हूँ" भन्ने अनुभव हुन सक्नुपर्दछ, पृथ्वी तत्व धारण गर्नाले शरीर निर्मल र स्वस्थ बन्दछ साथै कुनै किसिमको रोगले आक्रमण गर्न सक्तैन ।

शरीरको गुप्तेन्द्रियसम्म जलको स्थानमा पर्दछ । जल मण्डल शङ्ख, कुन्द, पुष्प या चन्द्रमा जस्तै श्वेत वर्णको छ । यसको बीज अमृतमय 'वं' हो । साधकले चिन्तन गर्दाखेरी पृथ्वीको कण-कण ममा स्निग्ध हुँदै छ भन्ने अनुभव गर्न सक्नुपर्छ । "अमृत र विष दुबै मेरो नै स्वरूप हो । फूलको कोमलता र पहाडको कठोरता मेरो नै कारण हो । पृथ्वी मेरो परिणाम हो, म नै पृथ्वीको रूपमा प्रकट भएको हुँ"– भन्ने भाव अनुभव भएमा अन्तःकरण स्वच्छ एवं विशुद्ध बन्दछ र दैहिक, दैविक र भौतिक तीनै किसिमको ताप-सन्ताप हट्दछ । गुप्त इन्द्रियदेखि लिएर हृदय पर्यन्त अग्नि मण्डल हो । यो त्रिकोण आकारको रक्त वर्णको छ । यसको मुख्य केन्द्र नाभि हो र बीज 'रं' हो । यसको अधिष्ठतृदेव रूद्र हो । "सम्पूर्ण पदार्थहरूको रङ्ग रूप जे जति पनि चमक-दमक, सुन्दरता र आकर्षक छ, त्यो सबै मेरो नै कारणले हो" भन्ने चिन्तन साधकले आफूमा स्थिर गर्नुपर्दछ । "सूर्य, चन्द्रमा र विद्युतको रूपमा म नै प्रकाशित हुने गर्छु र चम्किरहन्छु । सबैको आँखामा प्रकट भएर म नै देख्दछु । सम्पूर्ण देवताहरूका शरीर मद्वारा नै बनेको हो" भन्ने भाव धारणगरी अभ्यासद्वारा अग्नि तत्त्व सिद्ध गरेमा अरूले गरेको जादू-टुना-मुना केहीले पनि शरीरलाई हानी पुर्‍याउन सक्दैन, साधक सुरक्षित रहन्छ ।

मुटुदेखि लिएर आँखीभूइँसम्म वायु मण्डल रहन्छ । यसको वर्ण कालो छ । यो 'यं' बीज मन्त्र भएको अमृत तत्त्व-शक्ति रूप हो । अधिष्ठातृदेव ईश्वर भएको वायु तत्त्वको धारण जब पाँच घडीसम्म गर्नसक्छ तब आफू (साधक) नै वायू भएको अनुभव गर्न थाल्दछ । "अग्नि मेरो नै विकास हो । अनन्त आकाशमा जे जति ग्रह-नक्षत्र छन् ती सबैलाई मैले धारण गरेको छु । हरेक बस्तुमा जुन आकर्षण र विकर्षणको शक्ति छ त्यो म नै हुँ ।" पाँच घडीसम्म वायुतत्त्व धारण गर्ने साधक वायुरहित स्थानमा जीवित रहन सक्ने मात्र हैन, न त जलमा नै डुब्दछ, न आगोले डढाउँदछ र न वायुले नै सुक्दछ । वृद्धावस्था र मृत्यु दुबैलाई यसले जित्दछ । आँखीभूइँको बीचदेखि मूर्द्धा पर्यन्त आकाश मण्डल हो । समुद्रको जल झैं नीलोरङ्ग भएको यसको बीज 'हं' हो र अधिष्ठातृदेव सदाशिव हो, जसको शीरमा अर्द्ध-चन्द्र विराजमान छ, जसको पाँच मुख, दस हात र तीन आँखा छ । प्राणलाई स्थिरगरेर साधकले जब वायुतत्त्वको स्वरूप धारण गर्दछ तब "म एक रस हूँ, न मेरो बाहिर केही छ न त भित्र नै" भन्ने अनुभव गर्दछ । यस तत्त्वको सिद्धिले साधक आवागमन रहित भएर मोक्षप्राप्त गर्दछ । उसको लागि सृष्टि र प्रलयको कुनै महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै रहँदैन । साधकले सबभन्दा पहिले पृथ्वीमण्डलको चिन्तन गरेर त्यसलाई जलमण्डलमा विलीन गर्नु पर्छ, अनि जलमण्डललाई अग्निमण्डलमा र वायुमण्डललाई आकाशमण्डलमा विलीन गर्नुपर्दछ । नित्य नियम पूर्वक कार्यको कारणमा विलीन गर्दै साधकले सबै तत्त्वहरूलाई परम कारण (शिव) मा स्थापित गरेर स्वयंलाई शिवको आत्मरूप सम्झेर काम गर्न थाल्दछ, यस्तो साधना मुख्य रूपले आफूलाई शिवमय बनाउन र उनको शक्ति प्राप्त गर्नका लागि गरिन्छ । साधना गर्ने साधकलाई थुप्रै सिद्धिहरू यो साधना प्रारम्भ गर्ने बितिकै प्राप्त हुन थाल्दछ । यसैकारण समाजमा तन्त्र-मन्त्रप्रति विश्वास छ ।

सन्दर्भ सामग्री

१. श्रीवास्तव, सी.एम. (ई.सं. २०१४) वशीकरण सिद्धियां साधना एवं प्रयोग (पाचौं सं.) दिल्लीः मनोज पब्लिकेशन्स ।
२. चट्टोपाध्याय, देवीप्रसाद (ई.सं. १९७३) लोकायत, दिल्लीः राजकमल प्रकाशन ।
३. परिव्राजक, स्वामी ब्रह्ममुनि (ई.सं. १९४१) अथर्ववेदीय मन्त्र विद्या दिल्लीः दयानन्द संस्थान, नई दिल्ली ५ ।
४. भट्ट, विद्यानाथ उपाध्याय (२०६२) तन्त्रविद्यालोक, काठमाडौंः स्वयं ।

कविता

प्रातः स्मरणीय मेरा बाबुजीको प्रथम पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली !

थोपो पसिना ...

वसन्त चौधरी

समस्याको वनमारा झार मा अल्झिँदा पनि साहसपूर्वक रुमलिँदै गर्दा अकस्मात् जब आँखा ओभानिन्छन् तब मलाई ज्ञात हुन्छ– आशीर्वादस्वरूप तिम्रा वरद हात मेरो सिरानमाथि छन् ।

त्यो क्षण...
आह ! त्यो क्षण
कोही मुकुटधारीको व्यक्तित्वभन्दा
म कम सुशोभित छैन !
यस्तो गौरवमय अनुभूति हुन मलाई
मेरो बुबा !
म साधिकार उद्घोष गर्छु–
तिमी नै हौ
त्यो सगरमाथा
जस्का,
पैतालाले पाताल टेकेका छन् !
तिम्रो क्रममा
कुम्लोको छ जुन डाम
त्यही हो तिम्रो पौरख फलेको
परिश्रमको नाम !
संसारसमक्ष विनम्र पेश गर्दैछु
आफ्नो चिनारी–
बुबा !
म त्यही विपुल श्रमको
कनिकातुल्य,
थोपो पसिना–
एउटा अभिन्न क्रम हुँ !

लेखक साहित्यकार तथा उद्योगपति हुनुहुन्छ । –सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य कमलशीलको दृष्टिमा

आत्मवादको खण्डन र अनात्मवादको स्थापना

डा. काशीनाथ न्यौपाने

बौद्धदार्शनिकहरू अनात्मवादी हुन् भने वेदवादी दार्शनिकहरू आत्मवादी हुन् । वैदिक चिन्तकहरूका लागि आत्मसत्ता सर्वोत्कृष्ट मानिएको छ भने बौद्धचिन्तकहरूका लागि आत्मदृष्टि प्रवाण नै मूल चिन्तनका रूपमा रहेको छ । आत्माद्वारा नै समग्र शाश्वतवादको अवतरण एवं अहङ्कारको सर्वथा उपस्थिति हुने हुनाले पनि बौद्धहरूका मतमा अनात्मवादको रहस्य उद्घाटित भएको हो ।

आत्मखण्डनको प्रसङ्गमा भगवान् बुद्धदेखि लिएर धेरै बौद्धदार्शनिकहरू लागि परेका छन् साथै सर्वाधिकचिन्तन आचार्य शान्तरक्षितको तत्त्वसङ्ग्रहमा उपलब्ध छ । यस चिन्तनक्रमलाई उनका शिष्य आचार्य कमलशीलले पनि व्याख्या गर्ने क्रममा र स्वतन्त्ररूपले पनि विचार गरेका छन् । आत्मवादी दार्शनिकहरूको आधार वैदिक दर्शन या उपनिषद् नै हुन् र तिनैका आधारमा उनीहरूले आत्मचिन्तनको लामो परम्परा उपस्थापित गरेका छन् । यी दुई परम्परा अतिनै विकसित छन् र चिन्तनक्रम पनि अति लामो र गम्भीर छ । त्यसैले यस विषयमा आत्मवादको पक्ष या खण्डन भन्दा पनि अनात्मवादका विषयमा आचार्य कमलशीलको मतलाई उपस्थापित गर्ने क्रममा संक्षेपमा पूर्ववर्ती दार्शनिकहरूका अनात्मवादी मतहरूलाई संक्षेपमा उपस्थापित गर्दै विशेष गरेर आचार्य शान्तरक्षितको दृष्टिलाई अगाडि सारेर आचार्य कमलशीलको प्रष्टदृष्टिको उपस्थापन नै यहाँ अभिप्रेत छ ।

शान्तरक्षितले तत्त्वसङ्ग्रहमा आत्मवादको खण्डन प्रसङ्गमा समस्त पूर्ववर्ती वैदिक आचार्य अभिमत आत्माको खण्डन गर्ने क्रममा नैयायिक, वैशेषिक अविद्धकर्ण, शङ्करस्वामी, उद्योतकर आदिका मतको खण्डन गरेका छन् । साथै आत्माको कर्तृत्व भोक्तृत्वादि चिन्तनको निराकरण समेत गरेका छन् । यसरी नै मीमांसकहरूका मतको पनि खण्डन गरेका छन् । यसैक्रममा कुमारिल भट्टको मत खण्डन, छायाँप्रतिपत्ति निराकरण, अहम् बुद्धिको निराकरणका साथै दिङ्नागका मतको समर्थन समेत गरेका छन् । यो क्रम यतिमा मात्र रोकिंदैन र साङ्ख्यमतको खण्डन, एवं दिगम्बर (जैन) परिकल्पित आत्मतत्त्वको खण्डन समेत गरेका छन् । यसरी नै उपनिषत् प्रतिपादित आत्माको खण्डन र वात्सीपुत्रीय परिकल्पित आत्मवादको समेत खण्डन गरेका छन् ।

नैयायिकहरू शरीर, इन्द्रिय र बुद्धि भिन्न आत्मानामक द्रव्य स्वीकार्दछन्, जसमा इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख, ज्ञान, धर्म, अधर्म, संस्कारहरू रहन्छन् र यो अचिन्त्यरूप छ, अविनाशी छ, व्यापक छ, शुभ-अशुभकर्महरूको भेदक, दृष्ट एवं अभिन्न कर्महरूको भेदक नै आत्मा हो भनेर स्वीकार्दछन् । किनकि आत्मा नहुने हो भने यस जीवनमा र परलोकमा पनि कसैले पनि फलको भोग गर्दैन ।

लेखक संस्कृत साहित्यका विद्वान् अनुसन्धाता एवं ने.सं.वि.मा प्राध्यापनरत हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी अनेक प्रकारले तार्किक रूपमा आत्मसिद्धिमा समस्त तैर्थिक दर्शनिकहरू लागेका छन् । यसको खण्डनमा आचार्य शान्तरक्षित एवं कमलशील गम्भीररूपमा उपस्थित छन् ।

एकातिर आचार्य कमलशीलको आफ्नो मौलिक तार्किक प्रणाली तत्त्वसङ्ग्रह पञ्जिकामा देख्न सकिन्छ भने अर्कातिर वज्रच्छेदिकाप्रज्ञापारमिताटीकामा पनि व्यापकरूपमा भेटिन्छ । यहाँ विशेष गरेर आत्मखण्डन र अनात्मवादको प्रस्तुतिमा आचार्य निम्न रूपमा प्रस्तुत भएका छन्-

वेदवादी चिन्तकहरूले पञ्चस्कन्धदेखि भिन्न आन्तरिकरूपमा व्यापार (कर्मयुक्त)वान् चार प्रकारका भोगहरूको भोक्ता, एउटा पुरुषरूप आत्माको कल्पना गरेका छन् । त्यसैलाई कसैले जीव, कसैले सत्त्व, कसैले पुरुष र कसैले आत्मा भन्ने गरेका छन् । अरू केही व्यक्तिहरू अनिर्वचनीय पुद्गल भनेर पनि भन्दछन् र स्कन्ध आदिबाट विलक्षण छ भन्दछन् । वस्तुतः त्यो पनि आत्मा नै हो भनेका छन् । उनीहरू त्यसलाई अनिर्वचनीय हो भन्दछन् । तर पदार्थ कहिल्यै पनि अनिर्वचनीय हुन सक्तैन । त्यस्तो मान्दा समग्र पदार्थ नै अनिर्वचनीय हुन पुग्दछन् । अनिर्वचनीयताको सिद्धिका लागि कुनै पनि प्रमाण उपलब्ध छैन र त्यसको बाधक प्रमाण पनि उपलब्ध छ । जसले जस्तो देख्दछ त्यो कसरी बोधिसत्त्व हुन सक्ताछ । त्यस्तो व्यक्ति त विपरीत दर्शनद्वारा अभिनिविष्ट भ्रान्त हुन पुग्दछ ।[1]

अन्य केही व्यक्तिहरू यस्ता छन् जसले आत्मसिद्धिमा प्रमाण प्रस्तुत गरेका छन् र भन्ने गर्दछन्- बन्धन, मोक्ष, मार्ग, हेतु, फल, सम्बन्ध, स्मृति, प्रत्यभिज्ञा आदि विषयहरू एउटै ठाउँमा अवस्थित छन् र त्यो आधार आत्मा हो । आत्मा कै आधारमा उपर्युक्त पर्दाहरूको स्थिति सम्भव हुन्छ । तर तिम्रा (बौद्धहरू) मतमा त (निरात्मवादमा) जुन प्रसिद्ध आधार छ त्यो नै छैन, त्यसैले कुनै पनि पदार्थ सम्भव हुँदैन । किनकि प्रत्येक विज्ञानक्षणहरू अलग हुने हुनाले केही पनि स्थिर या आधार हुन नै सक्तैन । देवदत्त बन्धनमा परेको छ र मुक्त चाँहि यज्ञदत्त भन्ने व्यवस्था कहीं पनि छैन । साथै एउटाले कर्म गर्दछ र अर्कोले फल प्राप्त गर्दछ भन्ने पनि कहीं व्यवस्था देखिएको छैन । यस सिद्धान्तमा गरेको नष्ट हुने र न गरेको फल मिल्ने देखिन्छ ।

जुन विज्ञानक्षणमा कार्य गरियो त्यो फल प्राप्ति बेलामा छैन र अर्कै विज्ञानक्षण उत्पन्न हुने हुनाले पनि कृत प्रणश अकृत अभ्युपगम नामक दोष देखिएको हो । जुन क्षणमा कर्म भएको छैन त्यसमा फल प्राप्ति पनि छ त्यसैले नित्य आत्मा नमान्दा धेरै नै दोषहरू हुन्छन् भन्ने उनीहरूको तर्क रहेको छ ।[2]

१.एवं सामान्यतो ... प्रणिदधाति । यथोक्तम्-दुष्करादुष्करां वेति कल्पनां परिहाय च ।अभ्युपेतं जगच्चार्तमितयास्येन स्वयं त्वया ॥

प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११२

२.निर्वापयितव्याः इतयेतावन्मात्रं कस्मान्नोक्तम् ? प्रथमादिभ्यानानां व्यावृत्यर्थमिति । तानि तावदधोभूमिक्लेशाभावाद् निर्वाणपर्यायेणोक्तानि भगवता । सोपधिशेषे निर्वाणधातौ इति कस्मान्नोक्तमिति चेत् ? दुःखोपधिशेषस्याप्रहीणत्वात्तत्र । सर्वसत्वनिर्वापणाशयस्तु बोधिसत्वानां त्रिभिर्हेतुभिर्द्रष्टव्यः, तद्यथा-

क. अक्षणेत्पन्नेभ्यः कालान्तरावस्थानम्, अक्षणावस्था तावदुपलक्षणमिति । नैतावन्मात्रम् । तस्यामवस्थितौ परिनिर्वाणं नैव सम्भाव्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृति आदि विषयहरू आत्मा भिन्न अधिकरणमा रहन्छन् भन्ने कुरा लोकमा स्वीकृत छैन । यो कसरी त ? यो त एउटै आधारमा रहन्छ नि । जस्तो कि देवदत्तको चित्तमा भएको अनुभव यज्ञदत्तको चित्तमा सम्भव हुँदैन र यज्ञदत्तले त्यसलाई स्मरण पनि गर्दैन । साथै प्रत्यभिज्ञान पनि गर्दैन । जसले अनुभव गर्दछ त्यसैले स्मरण एवं प्रत्यभिज्ञान पनि गर्दछ भन्ने कुरा प्रसिद्ध नै छ । फलतः एउटै पुरुष (आत्मा) सबै अवस्थामा अनुगत हुने गर्दछ । यसको प्रयोग यसरी गरिन्छ- जुन बन्धन र मोक्ष छन् ती दुबै एउटै अधिकरण (आधार) मा रहन्छन् । जस्तै देवदत्तको बन्धन र उसैको मुक्ति पनि । त्यस्तै नै कर्ताको पनि एउटै अधिकरणमा नै कर्मसिद्ध हुन्छ ।[३]

यदि एउटा परमार्थसत्, नित्य, पुरुषको मात्र आधार मान्ने हो भने त्यस्ता आत्मासँग कही पनि हेतु (कारण) को सम्बन्ध सिद्ध नै हुन सक्तैन, किनकि अनेकावन्तिक हेतु दोष उपस्थित हुन्छ । सबै नै संस्कारहरू क्षणिक छन् । देवदत्त आदिको नित्य स्वभाव सिद्धि पनि सम्भव छैन किनकि त्यस्ता नित्य पदार्थको दृष्टान्त नै सम्भव छैन । त्यसबाट साध्यको सिद्धि पनि सम्भव हुँदैन । त्यसैले यसलाई विरूद्ध हेतुका रूपमा लिइन्छ र त्यसबाट अभिप्रेत अर्थको सिद्धि पनि हुँदैन ।[४]

यदि एकअधिकरणता मात्रको सिद्धि गर्नु हुन्छ भने सिद्धसाधन दोष हुन्छ । एउटै मूलसत्त्वबाट विकसित भएको हुनाले बन्धन आदि पनि एउटै अधिकरणमा उपस्थित हुन्छन् । त्यसैले यो सिद्ध साधन (पहिला सिद्ध गरिएको फेरि त्यसैलाई सिद्ध गर्न) दोष हुन पुग्दछ ।[५]

अर्को कुरा जुन व्यक्ति, आत्मा (सन्तान) मा कार्य-कारणभावबाट अविच्छिन्नरूपले अविद्या आदि प्रवर्तित हुन्छ त्यसैबेला त्यसलाई बद्ध या बन्धन भनिन्छ । त्यो नै व्यक्ति (आत्मा) जब, श्रुतमयी आदि भावनाक्रमद्वारा आर्यचित्तको उत्पत्तिद्वारा अविद्या आदिको निरोधबाट आश्रयपराकृत्तिपूर्वक त्यो श्रृङ्खलाबाट मुक्ति मिल्दछ त्यसलाई मुक्त भनिन्छ । यी दुवै बन्धन र मोक्ष नित्य र एक परमार्थ पदार्थसँग सम्बन्धित हुन् भन्ने कुरा कहीं पनि सिद्ध हुँदैन । लौकिक बन्धन र मोक्षको पनि त्यही स्थिति देखिन्छ ।[६]

ख. अपरिपक्वानां परिपाचनम् ।
ग. परिपक्वानां विमोक्षणं च ।
अनये पुनराहुः ... कृतनाशाकृताभ्यागमदोषप्रसङ्गात् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११३

३. स्मृत्यादिकं ...
एकाधिकरणावेतौ वन्धमोक्षौ तथा स्थितेः ।
लौकिकाविव तौ तेन सर्व चारुतरं स्थितम् ॥
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११५

४. तत्र यदि स्वतन्त्रस्यैकस्य ... अत एव विरुद्धो हेतुः तद्विपर्ययव्याप्तत्त्वात् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११५

५. अथ एकाधिकरणत्वमात्रं ... बन्धनादीनामेकाधिकरणुत्वमिष्यत एव ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११५

६. कार्यकाराणभूताशच तत्रविद्यालो मताः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन आत्मा (सन्तान) मा शुभ अथवा अशुभ चित्तानुभव उत्पन्न हुन्छ । त्यसै व्यक्तिमा कालान्तरमा त्यस सन्ततिको परिपाकद्वारा बिमिरोको रस या लाहको रसद्वारा परिपक्व बन्धन भए जस्तै सुख-दुःख स्मृति आदि फलको उदय देखिए झैं, शुभ-अशुभहरूको एकअधिकरणत्व प्रसिद्ध छ त्यसैले कुनै एक कर्ता, भोक्ता र स्मर्ता कहीं प्रसिद्ध छैन । यस्ता सबैका व्यवहारहरूको अथवा ज्ञानको पनि कार्यकारणभाव मात्र उपस्थित हुन्छ भन्ने बुझ्नु पर्दछ । यो कुनै दोष होइन । निश्चित सामर्थ्ययुक्त बीज आदिको पनि शक्ति कारणशक्तिमा नियत हुने गर्दछ । त्यसैले जहाँ कार्यकारण भाव निश्चित छ, ती पदार्थहरूमा एक, अनुगत र भिन्नअवस्था पनि देखिन्छ । यहाँ सत्त्व हेतुमा त्यस्तो हुने हुँदा त्यस आत्माको परिकल्पनाले के नै उपलब्ध हुन्छ र ॥

आत्मोपचारको जुन कर्ता आदि अवस्था छ त्यो अवस्था नै हेतु हो, जुन भोक्ता आदि अवस्था छ त्यो नै फल हो यस्तो प्रकारको कार्यकारणभाव अवश्य प्राप्त गर्नु पर्ने हुन्छ । अन्यथा ती दुबै अवस्थाहरूको प्राप्ति नहुँदा परस्पर उपकार्य उपकारकभाव पनि हुँदैन र कसरी भोक्तृआदिको सिद्धि हुन सक्तछ । शक्तिको निश्चितता पनि हुन्छ नै । यसरी निश्चित आफ्नो सम्बन्धद्वारा सुखदुःखआदिको सम्भावना हुने गर्दछ । तर सबै ठाउँमा यो हुँदैन । अतः कार्यकारणभावद्वारा दृष्टिमा आउने भएका कुशल आदि नै कर्ता, भोक्ता, पनि हुन पुग्दछन् । यस्ता अदृष्ट (असम्भव) अस्वाभाविक स्वभाव भएका आत्माको कल्पनाद्वारा के उपलब्ध हुन्छ र ?

अब, अनुमानद्वारा पनि आत्माको सिद्धि सम्भव देखिदैंन । किन्तु अहंबुद्धि प्रत्यक्ष हुने हुनाले प्रत्यक्षद्वारा नै आत्मा सिद्ध हुन्छ भन्ने हो भने यो पनि सम्भव हुँदैन । किनकि भ्रान्ति हुने हुनाले, सविकल्प हुने हुनाले, असिद्ध हुने हुनाले पनि प्रत्यक्षप्रमाणद्वारा अहंबुद्धिको र त्यसबाट उपलब्ध हुने आत्माको सिद्धि सम्भव छैन । अहंबुद्धिको प्रतीत हुँदा जस्तो कि प्रत्यक्ष, एक, नित्य, विभु आत्माको आफ्ना सिद्धान्तहरूद्वारा उपकल्पित गरिन्छ या बोध गरिन्छ तर त्यस्ता आत्माको कुनै अस्सित्त्व नै सिद्ध छैन भन्ने कुरा बुझ्नु पर्दछ । अन्यथा यदि अहंबुद्धि प्रत्यक्ष हुने हो भने विवादित विषयहरूमा आत्मविषयक विवादको कुनै प्रवृत्ति नै हुनु न पर्ने हो । सविकल्पक अहंबुद्धि पनि निश्चयात्मक हुने हुनाले तथा निश्चित विषय हुँदा अध्यारोपको अभाव पनि हुन पुग्दछ ।[७]

यसरी नै एक पदार्थ अर्को पदार्थमा व्यावृत्त हुने हुनाले पनि विप्रलम्भ (नभएको पदार्थ

वन्धस्तद्विगमादिष्टा मुक्तिर्निर्मलता धियः ॥

कैवलमविद्यादयः संस्कारा जरामरणपर्यन्ता दुःखोत्पादहेतुतया वन्धः इति व्यवह्रियन्ते । तथा चोक्तम्- एवमस्य केवलस्य हेतोर्दुःखस्कन्धस्य समुदयो भवति इति । तेषां चाविद्यादीनां तत्वज्ञानाद् विगतौ सत्यां या निर्मलता धियः सा निर्मुक्तिरितयुच्यते । यथोक्तम्-

चित्तमेव हि संसारो रागादिक्लेशवासितम् ।
तदेव तैर्विनिर्मुक्तं भवान्त इति कथ्यते ॥ इति ।

प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११६ ।

७. अथ नानुमानेन आत्मा सिद्धः स्यात्... अध्यारोपाभावाच्च ।

प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ भन्ने) दोष उपस्थित हुन्छ । अनादि कालबाट गरिएको निरन्तर अभ्यासबाट निश्चित भएका रूप आदि स्कन्धहरूमा एकताको आरोप (बोध) गरेर अर्कालाई त्यसबाट हटाउन व्यावर्तन गर्नका लागि नै अहम् यस्तो प्रतीत हुने गर्दछ । त्यस प्रतीतिमा पनि तिनै रूप आदिको नै प्रतीति प्रतिभास हुने गर्दछ । अन्य केही पनि विषय प्रतिभासित हुँदैन ।[८]

शरीरमा पनि त यो आत्मग्रह हुन्छ नि । त्यसो भए कसरी यो मेरो शरीर हो भन्ने भेदको मात्र ग्रहण हुन्छ त ? त्यो त आत्माको अवलम्बनमा पनि त सम्भव हुन्छ नि । यदि आत्मा (आफू) मा यो आत्मग्रह हुन्छ भने कसरी यो मेरो आत्मा हो भनेर चिन्तन गरिन्छ त ? यदि वस्तुतः आत्मामा भेद न हुने हो भने, अथवा भेद नहुँदा पनि अर्को भेदको परिहारद्वारा त्यसको मात्र जिज्ञासा हुँदा शिलाका छोराको शरीर जस्तै भेदको उपचार (आरोप) द्वारा ग्रहण गरिएको हुनाले विरोध हुँदैन भन्ने हो भने शरीरको आलम्बनमा पनि त यो त समान नै हुन पुग्दछ ।[९]

आत्मग्राह नै केवल आत्मा होइन, किन्तु त्यसको विषय रूपआदि पनि आत्मा हो भन्न पनि सकिन्न किनकि त्यो आत्मा ती रूप आदिबाट विलक्षण हुँदैन । क्रमले नै उपलब्ध हुने हुनाले ती रूप आदि विषयहरू एक स्वभावात्मक छैनन् । ती स्वतन्त्र पनि छैनन् । त्यसैले भनिएको पनि छ–

आत्मदृष्टि स्वयं आत्मक्षण हुँदैन र विलक्षण दुःसंस्थित पनि आत्मा होइन । आत्मा भन्ने यस नामको प्रयोग गर्नमा चाँहि सबैलाई सुविधाजनक हुने हुनाले कुनै पनि विवाद रहँदैन । त्यसैले आत्मसाधक कुनै पनि प्रमाण छैन । अर्को कुरा प्रत्यक्ष एवं अनुमान बाहेक अरू कुनै प्रमाण छैन भन्ने कुरा पनि हामीले अन्यत्र विचार गरिनै सकेका छौं ।[१०]

बाधकप्रमाणको पनि निराकरण गरिएको छ । यदि आत्मा स्कन्धहरूबाट अभिन्न (स्कन्ध नै आत्मा) छ भने जसरी स्कन्ध (पञ्चस्कन्ध) हरू क्षणिक छन् त्यस्तै नै आत्मा पनि क्षणिक हुन पुग्दछ । अथवा ती स्कन्धहरू नै आत्मा जस्तै नित्य हुने छन् । किनकि स्कन्धहरू आत्मासँग अभिन्न (समान) छन् । जसरी स्कन्धहरू धेरै (पाँच) छन् त्यस्तै आत्मामा पनि अनेकत्व उपस्थित हुन्छ । त्यसैले स्कन्धहरूमा नै आत्मा छ भनेर बुझिन्छ । अतः नाममा कुनै पनि विवाद छैन ।[११]

यदि स्कन्धहरूबाट भिन्नरूपमा नै आत्मालाई मान्नु हुन्छ भने त्यो आत्मा सुख-दुःख आदि गुणहरूसँग असम्बन्धित हुन पुग्दछ र त्यसमा स्वीकृत भोक्तृत्वगुण त्यहाँ सिध्द (रहँदैन) हुँदैन । यसलाई यसरी भन्न सकिन्छ- जो (आत्मा) सुख-दुःख आदिसँग संबद्ध

---

८. एवमेवान्योऽन्येष्वप्येवञ्जातीयेषु ... रुपादीनां प्रतिभासमानत्वात् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११७

९. काये चायमात्मग्रहः... चैतत् समानम् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११७

१०. आत्मा खलु विषयः पुनः क्रमोत्पत्या विरुध्यते इति पश्चात् वक्ष्यते ... प्रमाणमित्यन्यत्र विचारितम् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११७

११. बाधकप्रमाणं तावन्निरनकियते... विवादः ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन त्यो कर्ता, भोक्ता, मुक्त, संसारी पनि हुन सक्तैन । जस्तो कि बन्ध्यापुत्र । त्यस्तै आत्मा पनि अर्थक्रियाहरूबाट कुनै पनि प्रकारले सम्बन्ध नहुने हुनाले व्यापकानुपलब्धि नामक (हेत्वाभास) दोष उपस्थित हुन्छ । साथै सुखदुःख आदिसँग नै सम्बद्ध हुँदा पनि आधार-आधेयलक्षण, संयोगलक्षण या कार्य कारणलण के हो यस्तो सन्देहात्मक विकल्प उपस्थित हुन्छ ।[१२]

सुखदुःख आदिको आधार एवं आधेयलक्षणात्मक आत्मा हुन सम्भव छैन किनकि त्यसमा ऊ (आत्मा) अकिञ्चित्कर केही पनि गर्न नसक्ने स्थितिमा छ । जस्तो कि तल बग्ने पदार्थहरूलाई तलतिर जान रोक्ने अवस्थालाई आधार भनिन्छ । सुखदुःख आदि पदार्थहरू अभूत तथा भावात्मक भएका हुनाले ती पदार्थलाई रोक्ने आधारका रूपमा आत्मालाई लिन सकिन्न स्थितिद्वारा पनि आधार सिद्ध हुँदैन किनकि स्थिति सधैं स्थापकबाट अभिन्न हुन्छ । त्यो नै कारक (गर्ने) हुने संभावना पनि छैन । स्थिति स्थापकबाट भिन्न हुने हो भने त्यो स्थितिको उपकारक हुन नै सक्तैन । त्यो त्यसबाट अर्थान्तर (टाढा) हुने भएकाले । स्थापकलाई उत्पन्न गर्ने सामर्थ्य पनि त्यसमा सम्भव छैन । किनकि असामर्थ्य सबै ठाउँमा प्रकट भइसकेको हुनाले । आफैं नै अङ्गात्मक भएको हुनाले कुनै स्थापक नै छैन । त्यसैले स्थापक भन्नु नै यहाँ भङ्ग स्वरूप भएको हुनाले अवस्थिति या अवस्थान आधार यहाँ सम्भव देखिंदैन । अर्को कुरा परिणति या परिणाम, विक्रिया नहुने आत्मामा स्थापकले के नै गर्न सक्तछ । किनकि त्यो आत्मा स्वयं स्थिर स्वभावले युक्त भएर सधैं रही नै रहेको छ ।[१३]

अतः अकिञ्चित्कर हुनाले संयोग सम्बन्ध या संयोगलक्षण सुखदुःख आदिसँग हुने आत्माको संयोग पनि व्यर्थ नै छ । यदि संयोग हुने हो भने सबै पदार्थसँग सबैको संयोग हुन जान्छ, तर भिन्नार्थक वस्तुसँग भिन्नार्थक पदार्थको संयोग सम्भव नै छैन । सबै पदार्थ आफैंमा अवस्थित हुन्छन् जस्तै लोहाका छडहरू एक अर्का भन्दा भिन्न भएर रहेका हुन्छन् । अर्को कुरा यदि संयोग सम्बन्धद्वारा आत्म सुखी या दुःखी हुने हो भने संयोग एउटा मात्र बाँकी रहन्छ सुख र दुःखको त्यहाँ कुनै वैशिष्ट्य बाँकी रहन्न र सुखदुःख आदि विना नै संयोगद्वारा आत्मा सुखी या दुःखी हुन पुग्दछ । त्यसैले आत्मासँग एकत्व भएपछि सुख आदिद्वारा कुनै व्यक्ति सुखी या दुःखी हुने छैन ।[१४]

अब अर्को कार्यकारण सम्बन्ध पनि सम्भव छैन । सुख दुःख आदि क्रमशः अनुभूत हुने गर्दछन् । हेतु अविकल (निरन्तर) रूपमा रहँदा कहिल्यै पनि कार्यको सम्भावना रहँदैन अविशेष हुनाले । तैर्थिक (आत्मवादी) हरूद्वारा परिकल्पित अतिशय अप्रतिबद्ध सामर्थ्य युक्त आत्माले कसरी सहकारी कारणलाई स्वीकार गर्दछ र त्यसबाट क्रमशः उत्पादन गरोस्

---

१२. अथ स्कन्धेभयो भिन्न आत्मा इष्यते... पक्षत्रयम् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११८
१३. न तावत् प्रथमः पक्षः, अकिञ्चित्करत्वात् ... स्वयमवस्थिततत्वात् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११८
१४. अत एवाकिञ्चित्करत्वेन संयोगसम्वन्धोऽपि ... सम्वन्धः ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सुखदुःख आदिलाई किनकि त्यसले सहकारीकारणलाई स्वीकार नै गर्दैन । दुःखको उत्पादन गर्ने हुनाले त्यो बद्ध छ र बद्ध भएको हुनाले त्यो कहिल्यै मुक्त नहुन सक्तछ । त्यसले यदि त्यस स्वभावलाई त्याग्दछ भने त्यो कसरी नित्य हुन सक्तछ ?

यदि अदुःख (सुख) अवस्थालाई उत्पादन गर्दछ भनेर त्यसलाई सधैं मुक्त छ भन्ने हो भने कहिल्यै पनि बद्ध नहुने हुँदा कसरी त्यससँग आधेय एवं आधारका आधारमा बन्ध-मोक्ष व्यवस्था हुन्छ र ?[१५]

यदि चैतन्ययुक्त भएको हुनाले नै उसमा उत्पादन सामर्थ्य रहन्छ र त्यसैले ऊ कर्ता हुन्छ भन्ने हो भने कसरी ऊ भोक्ता हुन सक्तछ ? यदि सुखआदि उत्पादनका कारणले गर्दा भोक्ता हुन्छ भन्ने हो भने त्यस अवस्थामा केवल भोक्ता हुन्छ कसरी कर्ता हुन सक्तछ ? साथै कपिलानुयायी (साङ्ख्य)हरूद्वारा परिकल्पित आत्माको सुखआदिसँगको सम्बन्ध आकाशजस्तै भएको (नभएको) हुनाले भोक्तृत्व बन्न नै सक्तैन किनकि भोक्ता हुने वित्तिकै आत्मा नै रहँदैन । विकृत एवं अनित्यत्व प्रसङ्ग पनि उपस्थित हुन्छ । हेतुले मात्र भोक्तृत्व एवं कर्तृत्व कहिल्यै पनि हुन सक्तैन ।[१६] त्यसैले नैरात्म्य सिद्धान्तमा मात्र बन्धन एवं मोक्ष व्यवस्था सम्भव हुन्छ र तर्कद्वारा मात्र त्यो व्यवस्था सम्भव देखिन्छ । त्यो कार्यकारणभाव केवल अनित्यपदार्थहरूमा मात्र सम्भव हुन्छ किन्तु नित्यमा सम्भव हुँदैन । नित्यपदार्थहरूमा क्रमशः कुनै पनि कार्यको उत्पादन गर्ने सामर्थ्य जस्तो कि पहिला नै बताइसकिएको छ, एकै पटक पनि त्यो सम्भव हुँदैन । त्यस्ता प्रकारको फलोत्पादनमा समर्थ स्वभावको अनुगम (सँगसँगै) हुँदाहुँदै फलोत्पादनको अभाव हुन सक्तैन । अर्थात् अवश्य फल उत्पादन हुन्छ । अनुगमन नहुँदा आफ्नो पूर्व स्वभावको हानि हुन्छ । क्रमशः र एकैपटक भन्दा अर्को कुनै आकार सम्भव हुँदैन । जुन अवस्था अर्थक्रियामा समर्थ हुन्छ त्यो परस्पर परिहार (एक अर्काबाट अलग) स्थिति लक्षणात्मक हुने हुनाले जति पनि अन्य तैर्थिक आदिद्वारा कल्पित आकाश आदि पदार्थ छन् ती अलाक्षणिक नै छन् र ती सबैनै अर्थक्रियामा समर्थ छैनन् र ती अभाव नै हुन् भनेर परम बुद्धिशील बौद्धहरू भन्ने गर्दछन् । यसरी नै शशविषाण (खरायोको सींग) आदिमा पनि अभाव (छैन भन्ने) व्यवहार हुन्छ नै त्यसमा कारण व्यवहार गर्न नसक्ने, त्यसको स्थिति न हुनाले नै भनिएको हो ।

यसका बलद्वारा अर्थक्रियामा समर्थ विषयक भाव पदार्थहरूको व्यवहार स्वीकृत छ । किनकि भाव र अभाव पदार्थहरू एक आपसमा परिहार र स्थित रूपमा रहेका हुन्छन् ।[१७]

यस्ता प्रकारका सबै सामर्थ्य शून्य या खरायोको सिंग जस्तो पदार्थलाई भाव (हुनु, रहनु आदि) भनिन्छ भने हुँदै नभएका पदार्थ (आत्मा) लाई पदार्थ या आत्मा भन्दा कुनै आपत्ति हामीलाई छैन । अर्थात् कसैले कुनै नाम प्रयोग गर्दछ भने केही विवाद हामी

---

१५. न चापि कार्यकारणसम्बन्धः ... बन्धमोक्षत्वमिति ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. ११९

१६. यदि चैतन्यादिलक्षणत्वेनोत्पादसामर्थ्येन ... योज्यम् ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. १२०

१७. तस्मान्नैरात्म्यवादिन्येव ... भावाभावयोः ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. १२०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दैनौ । यसरी नाममा विवाद नहुँदा नहुँदै पनि बुद्धिमान् एवं विद्वान् व्यक्तिहरू संधै नै त्यस्ता प्रकारका अनुपलब्ध स्वभाव बन्ध्यापुत्र या शशविशाण आदि पदार्थलाई भावव्यवहार अर्थात् पदार्थको भाव (पदार्थ छ) भनेर कहिल्यै पनि भन्दैनन् । त्यसैले यहाँ असिद्ध एवं अनैकान्तिक हेतु यहाँ छैनन् । आकाश आदिमा पनि कर्तृत्व प्रसङ्ग उपस्थित हुन सक्तछ । समक्षमा रहने हुनाले (अनुमानमा सद् हेतु सपक्ष, पक्षमा रहन्छ नै) विरूद्ध दोष छैन । त्यसैले आत्माको कुनै पनि लक्षण नभएको हुनाले त्यो आत्मा बन्ध्यापुत्र जस्तो मात्रै मान्नु पर्दछ । त्यो विनाशशील छ भन्ने हो भने स्कन्धहरूको अन्तर्गत त्यसलाई मान्नु पर्दछ र पुद्गलका रूपमा स्कन्धहरू परिणत हुने छन् । किनकि सबै नै संस्कृत पदार्थहरू स्कन्धमा संगृहीत छन् ।

यदि आत्मा अविनश्वर छ भन्ने हो भने स्कन्धअन्तर्गत धर्मसँग समान नहुने हुनाले अर्थान्तर नै ती हुन पुग्दछन् त्यसैले त्यो दोष पहिला बताएको नै हुन पुग्दछ । त्यसैले कुनैपनि अनिर्वचनीय भाव (पदार्थ) छदै नै छैन । त्यसैले सबै नै पदार्थहरू, धर्महरू निरात्मक छन् भन्ने भगवान् बुद्धको सिंहनाद सबै नै तैर्थिक हस्तिसमूहहरूका लागि डरलाग्दो हुन पुगेको छ, किनकि त्यसलाई दबाउन या हराउन नसकिने हुनाले आत्मा नामक पदार्थको सिद्धि सम्भव छैन । यो भन्दा धेरै विचार गर्ने आवश्यकता प्रतीत भएको छैन ।[१८]

---

१८. एवंविधे ...अलमतिविस्तरेण ।
प्रज्ञापारमितावज्रच्छेदिकासूत्रम्- पृ. १२१

सन्दर्भ ग्रन्थ

१) तेनजिन, पेमा (सं.), आर्यकमलशीलविरचित आर्यप्रज्ञापारमितावज्रच्छेदिकाटीका, वाराणसीः केन्द्रीय उच्च तिब्बती संस्थान, १९९६ ।
२) धर्मकीर्ति, प्रमाणवार्तिकम्, योगीन्द्रानन्द (सं.), वाराणसी, षड्दर्शन प्रकाशन, १९९१ ।
३) शर्मा, अम्बिकादत्त, बौद्धप्रमाण दर्शन, सागरः विश्वविद्यालय प्रकाशन, २००७ ।
४) शीन्तिदेव, बौधिचर्यावतारः, द्वारिकादाब शास्त्री (सं.), वाराणसीः बौद्ध भारती, १९८८ ।
५) शान्तरक्षित, तत्त्वसङ्ग्रह शब्दार्थपरीक्षा, द्वारिकादास शास्त्री (सं.), वाराणसीः बौद्धभारती, १९८४ ।
6) Asanga, Mahayanasutralankara, Surekha Vijay Limaye (ed.), Delhi:Sri Sadguru Publication, 1992.
7) Aurobindo (ed.), The message of the Gita, Pondicherry: Sri Aurobindo Ashram, 2011.
8) Shastri, Dwarikadas (ed.) Tattvasangraha of Acharya Santaraksita with the commentary Panjika of Sri Kamalasila, Vol.1, Varanasi: Bauddha Bharato, 1982 .

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचना

स्व. दण्डपाणि अर्ज्यालको "त्रिविधा" र यसको विषयवस्तुभित्र विचरण गर्दा

विश्वेश्वर कट्टेल

नेपालको इतिहास गोरखाको इतिहास हो । गोरखाको एकीकरण नै नेपालको एकीकरण हो । गोरखामा जन्मिएका (वि.सं.१९६३/७-२०४५/१०) विद्वान् ज्योतिष पं. दण्डपाणि अर्ज्याल आजका नेपाली इतिहासकारहरूले लिनै पर्ने नामहरूमध्येको एक नाम हो । उहाँ गोरखाको इतिहासलाई एउटा नयाँ क्षितिजमा पुऱ्याउन जीवनभर लागिरहनु भयो । त्यो विरासत प्राप्त गर्नुभयो । उहाँलाई चिनाउने विभिन्न विद्वान्का रचनाहरूको सँगालो "दण्डपाणि अर्ज्याल जन्म शताव्दी स्मृतिग्रन्थ" २०६३ ले पनि यो कुरालाई पुष्टि गरेको छ । हाल उहाँका नयाँ ओज र सोचपूर्ण, खोज र अनुसन्धानले भरिएका, तर्क र तथ्यका आधारमा सत्य समाउन अगाडि आएका विचारहरू (कुनै सँगालोको रूपमा त कुनै लेखको रूपमा एक पछि अर्को प्रकाशन हुँदै आइरहेका छन्) ले पनि त्यसलाई पुष्टि गरेको छ ।

त्यसो त फुटकर लेख प्रकाशनको दृष्टिकोणबाट हेर्दा वि.सं. २०३० सालदेखि शक्ति पत्रिका गोरखाको अङ्क १, २, ३ मा उहाँका विभिन्न लेखहरू छापिएका देखिन्छन् । त्यसै गरी विश्व हिन्दू महासङ्घको स्मारिका (२०३९) मा सनातन धर्मको गहन चर्चा बारे लेख छापिएको देखिन्छ । यतिमात्र होइन काठमाडौंबाट २०६४ सालदेखि प्रकाशन हुँदै आएको ज्ञानबिन्दु पत्रिकाको अङ्क एकदेखि सातसम्म लगातार उहाँका, लेखहरू इतिहास, संस्कृति धर्मदर्शन र अध्यात्म चिन्तनका सेरोफेरोमा रहेर छापिएका देखिन्छन् । अर्याल सेवा समाजको स्मारिका (२०६३) मा पनि उहाँको 'अर्याल कविहरूको चिनारी' लेख छापिएको थियो । स्मृतिग्रन्थ २०६३ प्रकाशनको ठीक एक बर्ष अगाडि उहाँले लेख्नुभएको तन्त्रशास्त्र विधाको "दशमहाविद्या" नेपाली भाषामा प्रकाशन भएको उत्कृष्ट कृति हो । दशमहाविद्याको प्रकाशनले नेपाली विद्वत् मण्डली र विशेष गरेर संस्कृतका विद्वान्हरू माझ नयाँ उत्साह र उमङ्ग पैदा गरिदियो । नेपाली समाजमा झन्डै पचास वर्ष यता यस्तो गहन विधामा यति सरल, सहज र रङ्गीन चित्र र कोणहरूले युक्त पुस्तक प्रकाशन नभएको भनी विभिन्न विद्वान्हरूले विविध पत्रपत्रिकामा चर्चा परिचर्चा गरिएका लेखहरू अध्ययन गर्ने अवसर समेत मिलेको थियो ।

अर्ज्यालहरूको वृहत् वंशावली

बिक्रम सम्बत् २०६९ मा गुरू दण्डपाणिका ओजपूर्ण विचारसहितको "अर्ज्यालहरूको वृहत् वंशावली" प्रकाशन भयो । नयाँ ढाँचामा लेखिएको ७६४ पृष्ठ र १ किलो २ सय ग्राम वजन भएको उक्त वंशावलीले तत्कालीन समय र परिवेशका थुप्रै विषयवस्तु उजागर

पूर्व नगरप्रमुख साविक पृथ्वीनारायण नगरपालिका र हालः गोरखा न.पा. एवं समाजसेवी ।-सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छ । म कट्टेल वंशलाई अर्ज्याल वंशको वंशावली त्यति उपयोगी नभए पनि मेरा आदर्शको पात्र र एक विद्वान् गुरूको कृति उत्सुकताका साथ अध्ययन गरेको हुँ । यस सन्दर्भमा त्यसलाई पनि जोड्न मन लाग्यो ।

वंशावलीमा नयाँ आयाम

वंशावलीभित्रको वंशवृक्ष एवं व्यक्तिको क्रम परिचय अङ्कद्वारा आधुनिक र व्यावहारिक ढाँचामा प्रस्तुत भएकामा म चकित परेँ । यसअघि मैले देखेका र पढेका वंशावलीहरूमा पुरानो ढाँचामा केवल छोराछोरीको नाम मात्र चढाउने चलन थियो । यसलाई वैज्ञानिकीकरण गरी छोरा नातिको नाम मात्र राख्ने पुरानो प्रचलनलाई चुनौति दिँदै छोरा-छोरी बराबरीको आधारमा छोरी र बुहारीको नामसमेत संलग्न गरिएको छ । वंश भन्नाले पुरूषतर्फ मात्र हो भन्ने एकल र पक्षपाती सोचाईको यस वंशावलीले अन्त गरेको छ । र, यस्ता सामाजिक एवं सांस्कृतिक विषयहरूमा महिला र पुरूषबिच हुने भेदभावको अन्त गर्न आह्वान गरेको छ । पारिवारिक एवं सामाजिक सुधारको शङ्खघोष गरेको छ । यस वंशावलीभित्र झन्डै २०० विशिष्ट अर्ज्यालहरूको व्यक्तित्व र योगदानको परिचय पनि दिइएको छ । यस परिचयको अध्ययनले तत्तत् समयमा गोरखाको इतिहास र सामाजिक जनजीवन थाहा पाउन ठूलो मद्दत पुग्दछ र यसले वंशावली लेखनमा नै नयाँ आयाम थपिदिएको छ ।

वंशावलीमा सम्पदा

यो वंशावलीमा गोरखामा अर्ज्यालहरूले स्थापना गरेको तथा पूजारी भई सञ्चालन गरेका १० वटा धार्मिक सम्पदाहरूको इतिहास र परिचय पनि समावेश गरेको पाइन्छ । यी सम्पदाहरू नेपाली इतिहासका धरोहर र नेपाली जनताका साझा सम्पत्तिका रूपमा अद्यावधि छँदैछ । गोरखाको महत्त्वसँग जोडिएको यसको महत्त्वका बारेमा जो कोहीलाई पनि जान्न र बुझ्न यो वंशावली सहयोगी बनेको छ । मैले भन्नुपर्दा, यो ग्रन्थ अर्ज्याल कुलको सम्पतिमात्र नभएर इतिहासका अध्येता, अनुसन्धानकर्ता, समाजशास्त्री र आधुनिकताका पारखी जो कोहीलाई पनि उपयोगी छ भन्दै विषयसँग सान्दर्भिक आफ्नो लेखको मूल अंशमा प्रवेश गर्न चाहन्छु ।

त्रिविधा

माथि उल्लिखित कृतिहरूपछि गुरूकै नामबाट स्थापित दण्डपाणि अर्ज्याल स्मृति केन्द्र काठमाण्डौले २०७२ को तिहारमा उहाँको अर्को कृति "त्रिविधा" प्रकाशन गरी बजारमा ल्याएको छ । यो कृतिभित्र तीन खण्ड छन् । जसमा इतिहास, वैदिक संस्कृति र ज्योतिषी शास्त्रका लेख रचनाहरू समावेश भएका छन् । १६४ पृष्ठको उक्त पुस्तकको भित्री जिल्दामा गोरखा दरबारका छ वटा रङ्गीन तस्वीरहरू राखी आकर्षक बनाइएको छ ।

कृतिकार स्व.दण्डपाणि अर्ज्याल संस्कृतका पण्डित, १३औं पुस्ता अद्धिखिका वंशगत ज्योतिषी एवं वि.सं. १९९० तिरै वनारस विश्वविद्यालयबाट ज्योतिष शास्त्रमा उच्च अध्ययन गर्नुभएको व्यक्ति हुनुहुन्थ्यो । उहाँले स्व-अध्ययन र अनुसन्धानबाट इतिहासमा दख्खलता प्राप्त गर्नुभएको थियो । वि.सं. १६१६ देखि उहाँका पुर्खा गोरखा राजप्रसादका गुरू, पण्डित ज्योतिषी, विद्वान् एवं राज्यका विभिन्न उच्च ओहोदामा आशीन हुनु भएकाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
राज्य सञ्चालनको विविध कडीमा पनि ज्ञाता थिए । गुरू दण्डपाणि अति तीक्ष्ण बुद्धिको अध्ययनशील र परिश्रमी पनि हुनुहुन्थ्यो । १२-१३ पुस्तादेखि उहाँको पारिवारिक वातावरण नै संस्कृतिमय र इतिहासमय थियो ।

"बूढा मरे भाका सरे" भन्ने नेपाली टुक्का अनुसार उहाँले आफ्ना पुर्खाहरू र लोकले भन्दै र कहदै आएको अलिखित इतिहास र जनश्रुति तथा किम्बदन्तीलाई खोज गरी प्रमाणित गर्दै लिखित इतिहास बनाउनु भयो । गोरखाको इतिहास सन्दर्भमा नेपालका प्रायः सबै इतिहासकारहरूले उहाँलाई गोरखा इतिहासको "इन्साइक्लोपेडिया", "विश्वकोश", "ज्ञाता" आदि भन्ने गरेका छन् । इतिहासकारहरूले उहाँबाट प्रशस्त प्रामाणिक दस्तावेजहरू लिएर आफ्नो अनुसन्धान एवं ज्ञान पनि वृद्धि गरेको कुरा यत्रतत्र पढ्न पाइन्छ ।

नयाँ विषयहरू

"त्रिविधा" कृतिको इतिहास खण्डमा गोरखाका प्रमुख शाह राजाहरू-द्रव्यशाह, राम शाह, पृथ्वीपति शाह, नरभूपाल शाह, पृथ्वीनारायण शाह र गोरखाको ऐतिहासिकता अनि वीर गोरखाली सैनिकको इतिहास गरेर जम्मा ७ लेखहरू समावेश छन् । मेरो यो लेखमा यो इतिहास खण्डभित्र समाविष्ट भएका मध्ये अन्य इतिहासकारहरूले प्रायः प्रसङ्ग नल्याइरहेका नयाँ र नौला कुराहरू खण्ड-खण्ड रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसबाट दण्डपाणिको गोरखाको इतिहासप्रतिको गहिरो चिन्तन मनन र सिर्जनशील क्षमता समेत बुझ्न सकिनेछ । साह-शाह शब्दको प्रयोगको थालनी र अर्थमा भएको अपभ्रंशप्रति उहाँ धेरै चिन्तित रहँदै यसलाई सुधार्नु पर्ने धारणा राख्नुहुन्छ । उहाँ 'शाह' शब्द अशुद्ध हिज्जेमा प्रयोग भएकोमा आन्दोलित हुनुभएको कुरा पृष्ठ ११ मा र पाद-टिप्पणी पृष्ठ १८ मा पाइन्छ । शाह शब्दको शुद्ध हिज्जे साह (दन्त्य/पातलो स) हो, यो साह शब्द कास्कीका विद्वान्हरूले राजा यशोब्रम्ह साहलाई दिएको पदवी हो भन्ने उहाँको दावी छ । उहाँले यो शब्द पछि थरको रूपमा आएको भनी उल्लेख गर्नुभएको छ । वेद तथा व्याकरणको हिसाबले पनि शाह (श तालव्य मोटो) श बाट शाही शब्द बन्दैन भन्ने व्याख्या गर्दै, त्यो समयदेखि (करिव विक्रम सम्बत १५५०) राजा त्रिभुवनको मोहोर १९८१ देखि १९८२ मा पनि साह (दन्त्य स) लेखिएको प्रमाण दिदै शाह होइन साह लेखिनु पर्ने जिकिर गरेर इतिहासकार तथा भाषा शास्त्रीहरूलाई व्युँभाइदिनु भएको छ र आफूले यो कृतिमा साह लेख्नु भएको छ ।

यही पृष्ठको यही पाद टिप्पणीमा कृतिकारले हामीले प्रयोग गर्दै आएको "न्याय हराए गोरखा जानू शास्त्र हराए काशी जानू" भन्ने उखानको थालनी र स्थान विशेषमा बढो तर्कङ्गत रूपमा ठूलो भुमरी ल्याइदिनु भएको छ । र, लेख्नु हुन्छ कि-"यो उखानमा भारतको काशी जानु भनेको होइन हाम्रै नेपालको कास्की जानु भनेको हो" । त्यसताका कास्की शिक्षा र विद्यामा धेरै उन्नत थियो । त्यहाँ बडेबडे घागडान विद्वान्हरू र विद्याको ठूला ठूला पीठहरू थिए । उहाँ तर्क गर्नु हुन्छ कि, यो उखानको थालनी हुँदा त्यस बेलाका पहाडी एवं हिमाली भू-भागका मानिसहरूलाई भारतको काशीको पत्तै थिएन । त्यहाँ गएर शिक्षा-शास्त्र लिनु त कता थियो कता भनी उल्लेख छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रमपूर्ण प्रचार र इतिहास

गोरखाको उपल्लोकोट भन्नेबित्तिकै हाल टेलिफोनको टावर रहेको उच्च भाग र तल्लोकोटलाई पोखरीथोकको गोरखा सङ्ग्राहालयलाई भ्रमात्मक रूपमा बुझिन थालेकामा उहाँले चिन्ता पनि व्यक्त गर्नु भएको छ । जसलाई पृष्ठ १८को पाद टिप्पणी नम्बर दुईमा अति सरल रूपमा प्रष्ट पारिदिनुभएको छ । यसै गरी विद्वान् दण्डपाणिले आफ्नो कृतिको पृष्ठ १५मा पाद टिप्पणी नम्बर ३ मा द्रव्य शाह र लिगलिगकोटको विजय प्रसङ्गमा अरू इतिहासकारहहरूले भन्दा अलग एवं तार्किक ढङ्गले नयाँ कुरा प्रस्तुत गर्नु भएको छ ।

तात्कालीन राजा र अरू दौडमा भाग लिन कोटको फेदीमा जम्मा भई कोट खाली भएको मौकामा विवेकपूर्वक कोट कब्जा गरेको बताउनु भएको छ । जब कि अन्य इतिहासकारहरूले भने दौड जितेर राजा भएको भन्ने पाइन्छ । यसमा पनि इतिहासकारहरूले नै बोल्ने छन् । यसै सन्दर्भमा उपर्युक्त अनुसार द्रव्य शाहले बिक्रम सम्बत १६१२ मा लिगलिगकोट विजय गरेकाले उनको राज्यकाल १६१२ देखि १६२७ गरी १५ बर्ष गणना हुनु पर्नेमा इतिहासकारहरूले १६१६ देखि १६२७ गरी ११ वर्ष गलत रूपमा गणना गरेको सङ्केत गर्नु भएको छ ।

कृतिकारले यसै खण्डको राजा नरभूपाल शाहको जीवनीमा निजको जन्म मावली तनहुँमा भएको, तनहुँमा नै हुर्केकाले नामकरण, अन्नप्रासन र चूडाकर्म-व्रतबन्ध पनि तनहुँमै भएको र पण्डित गौरेश्वर अधिकारीले गायत्री मन्त्र र दक्षिणा मन्त्र सुनाएका थिए भन्ने पृष्ठ ३६ । ३७ मा लेख्नुभएको छ जब कि, अन्य इतिहासकारहरूले सो काम पण्डित गौरेश्वर पाँडेले गरेको भन्ने उल्लेख पाइन्छ ।

यसबाट हामी इतिहासमा गहिरो ज्ञान नभएकालाई अन्योल भएको छ । त्यस समयमा गोरखा राज्यमा अर्ज्याल, खनाल, पाण्डे, पन्त, भट्टराई आदि थिए भने तनहुँ राजप्रसादमा अधिकारी, पुरोहित, पण्डित रहेको भन्ने अर्ज्यालको भनाइ सही हुन सक्छ । यसमा पनि इतिहासकारज्यूहरूले नै थप अनुसन्धान गर्नु हुने आशा छ ।

विनिमयको तस्वीर

यसै खण्डको पृष्ठ ४१-४२मा समाविष्ट राजा नरभूपाल शाहको समय- (वि.सं. १७६३/६४-१७९९)मा गोरखा राजदरबारमा भएको आम्दानी खर्चका केही लगत पाइन्छ । छिपेको इतिहासका यो दस्तावेज निकै महत्वपूर्ण छ । यसले आजभन्दा झन्डै ३०० वर्ष अगाडि नेपाली समाजको क्रय बिक्रयको वा विनिमयको अवस्थाको तस्वीर दर्शाउँछ । यसबाट तत्कालीन समयमा कुनै पनि वस्तु वा सेवाको मूल्य र मान्यताहरू के कस्तो अवस्थामा रहेछन् भन्ने थाहा पाउन सकिन्छ । इतिहासको गलत व्याख्यालाई एउटा दिशा निर्देश गर्न सफल भएको पाइन्छ ।

यो दस्तावेज अर्थविद् व्यापारीका लागि पनि त्यतिकै उपयोगी सिद्ध छ । यस्ता दस्तावेज सङ्कलन र खोज गरी तीन सय वर्षको रीतिस्थिति परम्परा र त्यसताकाको अर्थ व्यवस्थाका बारेमा जानाकारी लिन पाउने जुन अवसर हामीले पार्यौं, यसै त एकातर्फ कृतिकार हामी सबैको धन्यवादका पात्र हुनुहुन्छ नै भने अर्कोतर्फ नेपाली इतिहासका एक नवीन खोजकर्ताको रूपमा देखिनु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखाको ऐतिहासिकता

यो खण्डको अर्को रोचक र ज्ञानमूलक सामग्री "गोरखाको ऐतिहासिकता" भन्ने लेख पाइन्छ । यसमा लिच्छविकालदेखिको गोरखाका ऐतिहासिक प्रसङ्ग उल्लेख गर्दै नेपालको एकीकरणसम्मको सङ्क्षिप्त इतिहास उल्लेख गरिएको छ । यसमा पनि विशेष गरेर गोरखा कालिका भगवती एवं गुरू गोरखनाथ गुफा परिसरमा विभिन्न समयमा विभिन्न राजा रानी एवं भाइ भारदारहरूले चढाएका विभिन्न १९ वटा सामग्रीको ऐतिहासिक कालक्रम पृष्ठ ५४-५५ मा पढ्न पाइन्छ ।

यस सामग्रीबाट ऐतिहासिक एवं सामाजिक धेरै घटनाहरूको अध्ययन गर्न मद्दत मिल्ने छ । हामी गोरखालीहरूले भने यी सामग्रीहरू बाल्यकालदेखि नै कयौंपटक प्रत्यक्ष देखिरहेका हौं । तर, बाहिरी आँखाले मात्र देखिने यी सामग्रीलाई भित्री मन र ज्ञानको आँखाले हेर्ने आधारको ढोका भने उहाँको यो कृतिले हामीलाई प्रदान गरेको छ ।

वीर गोरखाली सैनिक इतिहास

यसै खण्डको अन्तिम लेख "वीर गोरखाली सैनिक इतिहास" भन्ने रहेको छ । यसमा वैदिक र पौराणिक कालदेखि सेनाको संरचना र सेनालाई राज्यले गरेको सम्मान र विश्वास कस्तो थियो भन्ने बारेका ज्ञानबर्धक प्रस्तुतिहरू रोचक सामग्रीका साथ प्रस्तुत गरिएको पाइन्छ । आजभन्दा झन्डै ५ हजार वर्ष पहिले भएको महाभारतको पौराणिक लडाइँमा प्रयोग भएका उच्चकोटीका प्रविधियुक्त हातहतियारको वर्णन गर्दै, उक्त लेखमा हाम्रो आर्यब्रत एवं वैदिक कालमा पनि आजको अत्याधुनिक मानिने भन्दा पनि उच्च आधुनिक हातहतियार थिए भनेर लेखकले त्यो सभ्यता र वैभवको उजागर गरिदिनुभई अध्ययनका नयाँ क्षितिज खोलिदिनु भएको छ ।

गोरखामा राम शाहको समयबाट सेना र हातहतियारमा सुधार हुन थालेको रहेछ भन्ने ऐतिहासिक प्रसङ्ग त्यस लेखमा उल्लेख गर्नुभएको छ । सेना नै देशको रक्षा गर्ने प्रमुख अङ्ग भएकाले सेनालाई आर्थिक र भौतिक साधनले सम्पन्न पार्नुपर्छ भन्दै उहाँले नेपाली सेनाको ऐतिहासिक विवरण उल्लेख गर्नुभई छिपेका इतिहासको उजागर गरिदिनु भएको छ ।

भैरव प्रसाद गुल्मको नामकरण

पृथ्वीनारायण शाह भैरव अवतार भएकाले, गोरखामा जन्मेकाले, र उनकै नेतृत्वमा नेपाल एकीकरण भएकाले गोरखामा रहने सेनाको नाम भैरव प्रसाद गुल्म रहेको भन्दै लेखकले लेख टुङ्ग्याउनु भएको छ ।

यो लेखभित्र सेनाको मनोबल उच्च राख्ने, इज्जत गर्ने र वीर गोरखाली तथा नेपाली सेनाको विश्वव्यापी इज्जत र प्रतिष्ठाको अनुपम विविध वर्णनले लेखकको लेखनशैली, शब्दज्ञान र विषयवस्तुप्रतिको ज्ञानको गहिराइलाई छर्लङ्ग हुन्छ । छिपेका इतिहासका पानाहरूलाई उजागर गरी इतिहासको भौतिक व्याख्या गर्ने पक्ष र पाटाहरू खुलाउन लेखक सफल हुनु हुन्छ भन्ने देखिन्छ ।

यस ग्रन्थको इतिहास खण्डमाथि उल्लिखितबाहेक अन्य रोचक जानाकारी एवं गौरवमय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विषयवस्तुहरू उहाँले हामीलाई पस्कनु भएको छ । यी विषयवस्तुहरूले समय क्रममा हाम्रा विस्मृतिमा जान लागेका गोरखाको इतिहास र ऐतिहासिक कुराहरूलाई गोरखालीमात्र नभई समग्र इतिहासका खोज र अनुसन्धान कर्ताहरूका लागि अमूल्य निधि बनाइदिनु भएको छ ।

वैदिक हिन्दू सभ्यता र संस्कृति

यस कृतिको दोस्रो खण्डमा वैदिक हिन्दू सभ्यता र संस्कृति अन्तर्गत ११ वटा लेखहरू रहेका छन् । जसमा सद्‌विद्या आर्जन गर भन्ने शीर्षकमा लेखिएको पहिलो लेखमा ज्ञान प्राप्त भएपछि त्यसको साहारामा वैदिक सनातन धर्म शास्त्रले बताए बमोजिम सारा प्राणी, आत्मा, चराचर जगत, ईश्वर परात्माको मूर्ति हो भन्ने कुरा थाहा लाग्छ भन्दै विश्व ब्रह्माण्डका सबै कुराको मर्म र ज्ञान हासिल गर्न मानिसमा सद्‌विद्याको आवश्यकता पर्छ । सद्‌विद्याबाट विश्वको धेरै प्रपञ्चको ज्ञान हासिल हुन्छ । यसैबाट आफ्नो अस्तित्व कायम रहन्छ, त्यसैले पहिले सद्‌विद्या आर्जन गर्नुपर्छ भन्दै कसरी सद्‌विद्या आर्जन गर्न सकिन्छ भनी यसका बाटाहरू तय गरिदिनुभएको छ ।

यसै ग्रन्थको अर्को लेख वैदिक हिन्दू समाज लेखमा जुनसुकै कामको सञ्चालन गर्न पहिले नियम र योजना तर्जुमा हुन्छ । सृष्टिको थालनीमा सृष्टिको सञ्चालन र सुरक्षाका निमित्त बनेको नियम नै वेद हो भन्दै, वेदले कुनै जाति, लिङ्ग, चर-अचर, जीव जन्तु कसैमा भेदभाव नगरी सृष्टिलाई समान दृष्टिले हेरेको छ भनी उहाँले उल्लेख गर्नुभएको छ । उहाँले वैदिक धर्मावलाम्बीहरू गुणग्राही एवं कृतज्ञ भएकाले र ईश्वर व्यापक भएकाले, प्राकृत वस्तुहरूले अरूलाई लगाएको गुणको सट्टा गुणको देवता मानी, मानिसहरूले तिनीहरूमा रहेको शक्तिको पूजा गर्दछन् र नै हामी चन्द्र, सूर्य, पृथ्वी, जल, काठ, शीला, गाई इत्यादिलाई पुज्दछौं भनी उल्लेख गर्नुभएको छ ।

समय क्रमसँगै ज्ञानका क्षेत्रमा देखा परेका घात प्रतिघातका कारण, यो आदर्श मानिसले भुल्दै गएको र यो सृष्टि केवल बलिया मानिसको मात्र हो भनी अरू जीव-जीवात्मा र मानिस स्वयंले पनि बलियोले निर्धोलाई खान तथा दबाउन थालेको प्रसङ्गलाई सामाजिक सद्भाव र व्यवहारवादका आधारमा समेत उहाँले बढो वेदान्तीय तर्कपूर्ण ढङ्गबाट उल्लेख गर्नुभएको छ ।

झ्याल्ला भूमे

तेस्रो लेख "झ्याल्ला भूमे" शीर्षकमा गोरखाको मुच्चोकमा रहेको प्रसिद्ध देवी झ्याल्ला फाँटको भूमेदेवताका बारेमा उल्लेख गर्नुभएको छ । गोरखाले अझसम्म यस्ता कयौं पर्यटकीय सम्पदाहरूको व्यापार गर्न नसकेको स्थानहरू मध्येको यो पनि एक हो । यसको महिमाको बारेमा उहाँले प्रस्त गरिदिनु भई यसलाई बाहिर ल्याउने प्रयास गर्नुभएको छ । हरेक दृष्टिकोणबाट उठान गर्नै पर्ने विषयवस्तु उठान भएको मैले ठानेको छु ।

सनातन धर्म केही चर्चा

यस ग्रन्थको दोस्रो खण्डको चौथो लेख "सनातन धर्म केही चर्चा" शीर्षक रहेको छ । यसमा विद्वान् लेखक दण्डपाणिले वाक् तत्व शब्दको उद्‌गम स्थान र शब्दको प्रादुर्भाव विषयमा वेदले बताए अनुसारको गहन व्याख्या, विवेचना र उदाहरण प्रस्तुत गर्नुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
वक्ताको इच्छा अनुसार निमेष भरमा शब्द र आवाज कहाँबाट आउँछ र कसरी अक्षरको आकार भयो भन्ने अति सूक्ष्मतिसूक्ष्म कुराहरूलाई सरल ढङ्गले लेख्नुभएको पाइन्छ । यी व्याख्या र स्रोतहरूलाई हामीले बुझ्न निकै मिहेनत गर्नुपर्छ ।

यस लेखमा सनातन धर्म र हिन्दू धर्म अनि अन्य धर्म कसरी स्थापित भए, फरक फरक भए भन्नेदेखि लिएर वेदले बताएको वर्ण धर्म जन्मले मात्र हुने होइन कर्मले मात्र योनी जात र वर्ण हुन्छ भन्ने बताएको प्रष्ट पार्दै सनातन धर्मको अर्थ विश्वव्यापी धर्म हो भन्ने पुष्टि गर्नुभएको पाइन्छ ।

यो लेख विशेष रूपमा गहन छ । यसमा सृष्टि-वेद-ईश्वर-चराचर जगतको सम्पूर्ण चिज र वस्तुको अन्योन्याश्रित सम्बन्ध र शक्तिबाट चलेको छ र यिनीहरूको शक्ति सन्तुलन नभएमा प्रलय हुने र संसार ध्वस्त हुने, पुनः सृष्टि हुने जस्ता ज्योतिष दर्शन र खगोल, भूगोल समेटिएका गम्भीर विषय वस्तुहरूको चर्चा गरिएको छ ।

सम्भवतः यो खण्डभित्र रहेका लेखहरूमध्ये यो सर्वाधिक गहन तर बोधगम्य अति महत्वपूर्ण ठानेको छु । यस्तो गम्भीर विषयलाई समाज र संस्कृतिसँग तादम्यता गरी यति सरल तरिकाले व्याख्या विश्लेषण र विवेचनाका साथ प्रस्तुत गर्नु नै कृतिकारको शिल्प शैलीको चातुरता, विषय वस्तुको गहनता र विशिष्ट विद्वत् क्षमता हो भन्ने लाग्छ ।

वैदिक सभ्यताले प्राज्ज्वल्यमान हाम्रो नेपाल

यो खण्डको क्रममा "वैदिक सम्यताले प्राज्ज्वल्यमान हाम्रो नेपाल" भन्ने शीर्षकको लेख छ । भौगोलिक सामाजिक सांस्कृतिक विषयवस्तुले प्रधानता पाएको यस लेखमा नेपाली भू-भाग भित्रका विभिन्न हिमश्रृङ्खला, नदीनाला तालतलैया, गुफा मन्दिर नदी किनार जस्ता प्रकृतिका निधि वैदिक कालदेखि नै अस्तित्वमा आएको र यहाँ अनेकन देवगण ऋषिमुनि, महर्षि, विद्वान्हरूको तपोभूमि, क्रीडा भूमि र सिर्जना भूमि हो भन्दै उहाँले सृष्टिभित्रका विभिन्न पदार्थ एवं वस्तुहरूको कार्य कारण पत्ता लगाउनु नै विज्ञान हो भन्नु भएको छ । वास्तवमा वस्तुहरूको कार्य र कारण पत्ता लगाउने भन्ने यो विचार मार्क्सवादको द्वन्दात्मक भौतिकवादसँग मिल्दो जुल्दो छ भन्दा अत्यक्ति हुँदैन भन्ने मेरो ठहर र ठम्याई छ ।

उहाँको दावी छ वैदिक सम्यता पूर्णरूपेण वैज्ञानिक छ, गुणको पुजारी छ भन्दै यसले "वसुदैव कुटुम्वकम्"को आदर्शमा संसारका जीव जन्तु, मनुष्य, सबै दाजुभाइ, दिदी, बहिनी एउटै परिवार हौं र हाम्रो एकमात्र घर पृथ्वी हो भनी उल्लेख गर्नुभएको छ ।

गोरखा र आसपासका पौराणिक कालका गौरवमय पुण्य स्थलहरू

ग्रन्थको छैटौं आलेखको रूपमा "गोरखा र आसपासका पौराणिक कालका गौरवमय पुण्य स्थलहरू" भन्ने विषय रहेको छ । यो लेखको प्रारम्भमा पूर्ववत् रूपमा वैदिक एवं पौराणिक कालका देवी देवता ऋषिमुनि महर्षि, ज्ञानी तपस्वीहरूकै प्रसङ्ग दिदै वैदिक सम्यताको प्रारम्भिक विकास कालमा हिमवत् खण्ड एवं नेपालको विभिन्न स्थानहरूमा विविध किसिमका वैदिक क्रियाकलापहरू भएकाले ती स्थानहरू पुण्य तीर्थ स्थलका रूपमा रहेका र मानिँदै आएको प्रसङ्ग उल्लेख गर्नुभएको छ । यसमा नेपालका १३ स्थानहरूको सङ्क्षिप्त परिचय दिइएको मध्ये ११ स्थलहरू त गोरखामा नै रहेका छन् ।

वेद पुराण ज्योतिषी आदि धेरै पण्डितहरू एवं विद्वान्हरूले पढे, जाने र बुझे । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हाम्रै देश र जिल्लाका यस्ता अलौकिक सम्पदाहरूका बारेमा आजसम्म अन्य कुनै ज्ञाताले यसरी लिपिबद्ध गरी सामाजिक सम्पतिका रूपमा समर्पण गरेको पाइँदैन । यसर्थ उहाँप्रति हामी सबैले गौरव गर्नै पर्छ भन्ने मेरो धारणा हो ।

यस लेखमा कृतिकारले यस्ता पुण्य स्थलहरू नेपालमा धेरै रहेका र जसको आजसम्म खोजी हुन नसकेकाले यी स्थानहरू आगामी खोज तथा अनुसन्धान कर्ताका पुस्ताहरूले अवश्य खोज्ने तथा अनुसन्धान गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

उहाँले "यस्ता निधिहरूको अनुसन्धान-खोजी गर्नु, जान्ने बुझ्नेले नबुझ्ने-नजान्नेलाई सिकाई दिनु, प्रकाशमा ल्याउनु साँस्कृतिक उत्थान र गौरवको कुरा हो भन्दै यस्ता गौरवशाली स्थानहरूको प्रचार प्रसारले स्थानीय व्यवसायको समयानुकुल वृद्धि गर्न टेवा पुग्छ र यी स्थलहरूको समुचित विकासबाट धार्मिक पर्यटनमा वृद्धि भई समुदायको जीवनस्तर उकास्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा पनि सो लेखमा उल्लेख गर्नुभएको छ ।

यसबाट उहाँको आधुनिक तथा व्यावहारिक सोचको सजिलै मापन गर्न सकिन्छ । किनकि उहाँ संस्कृति र सभ्यतालाई समाजको संवृद्धिमा लगाउनु पर्छ भन्ने मान्यता राख्नु हुन्थ्यो भन्ने कुरा यस लेखमा स्पष्टरूपले उल्लेख भएको पाइन्छ ।

वैदिक हिन्दू संस्कृतिको प्राचीन मान्यता

यस ग्रन्थको सातौ लेखमा उहाँको "वैदिक हिन्दू संस्कृतिको प्राचीन मान्यता, चर्चा र सोचको छोटो चर्चा" भन्ने शीर्षक रहेको छ । यसमा हाम्रा प्राचीन सम्पितिलाई हामीले हाल भइरहेकाको सुरक्षा र लोपोन्मुख एवं लोप भएकाको खोज अनुसन्धान गरेर पत्ता लगाई पुनरूत्थान गर्नु हाम्रो परम कर्तव्य हो भन्नु भएको छ । मोक्षको लक्ष्यहरू स्पस्ट पार्दै उहाँले यी लक्षहरू प्राप्त गर्ने मुख्य चार आश्रममा वर्णाश्रमको व्याख्या गर्नु भएको छ ।

वैदिक राजा र शुभ राज्यभिषेक

आठौं लेख "वैदिक राजा र शुभ राज्यभिषेकको महत्त्व" भन्ने रहेको छ । यसमा लेखकले वेदले वंश परम्परागत राजालाई मानेको र राजाले वेदलाई मानेको प्रसङ्ग देखाउँदै, राजाको निजी धन र परिवार नै देश र जनता हुन्छ, देश र जनताको केही हानी नोक्सानी हुनु वैदिक राजाको सर्वस्व हुनु सरह भएको उल्लेख गर्नुभएको छ । यसैले शुभराज्यभिषेक गरी राजामा वैदिक कार्यद्वारा दैविक र राजकीय शक्तिको आह्वान गरिने कुरा सरल भाषामा वर्णन गरिएको पाइन्छ ।

गोरखा दरबारको स्थापना, विकास क्रम

यस ग्रन्थ खण्डको नवौं लेखमा गोरखा दरबारको स्थापना, विकास क्रम, प्रशासन र धार्मिक कार्यहरू रहेका छन् । यसभित्र रहेका नौ उपशीर्षकमा दरबारको भौतिक एवं प्रशासनिक विकस क्रमको ऐतिहासिक वर्णन र कालिका भगवतीको दशैं पूजा र बलिको क्रमबद्ध बयान रहेको पाइन्छ । गोरखा दरबार एउटा टाकुरामा बनेको छ । टाकुराको एउटै दरबारमा दुई क्रियाकलापहरू: शाह राजाको घर दरबार एवं प्रशासन गर्ने मूल थलो र कालिका भगवतिको मन्दिर पनि रहेकाले कतिपय स्थानीय तथा बाहिरी मानिसहरूमा राजदरबार र मन्दिरमा भ्रम तथा अन्योल उत्पन्न हुने गरेको अवस्था हो । यसलाई अन्त्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्न कृतिकारले यी दुई पक्षमा यथेष्ट प्रष्ट पारिदिनु भएको छ ।

गोरखा नामकरणमा बाबा गुरू गोरखानाथको प्रसङ्ग जोड्दै गोरखा दरबारको भौतिक विकासक्रम साथै प्रशासनिक विकास क्रम पनि बढो रोचक ढङ्गले सूक्ष्म रूपमा प्रकाश पार्नुभएको छ । यसै शीर्षकमा उहाँले कालिका भगवती कस्ती देवी हुन् ? यी शक्तिलाई कहाँबाट र कसरी गोरखा ल्याइयो ? भन्ने रोचक वर्णन पनि गर्नुभएको छ । साथै यसमा कालिका भगवतीको दशैं पूजा र वलिको वैदिक परम्परागत विविध विधि र समारोहका बारेमा सविस्तार उल्लेख गरिएको पाइन्छ । कालिका भगवतीको पूजा आजा र विभिन्न धार्मिक पर्व वा समारोहहरूमा तत्तत् विषय वा कार्यको अर्थ जानेर वा नजानेरै सरिक हुने भक्तजनहरूलाई यो विस्तृत र पूर्ण विवरणको लेखले धेरै थप ज्ञान दिन्छ र प्रष्ट पार्छ भन्ने मैले ठानेको छु ।

अर्ज्याल कविहरूको चिनारी

यस खण्डको दशौं लेखमा "अर्ज्याल कविहरूको चिनारी" शीर्षकमा कवि शक्तिबल्लभ, कवि उदयनन्द, विद्यारण्डयकेशरी, दैवज्ञकेशरी र राजिवलोचनको चिनारी प्रस्तुत गरिएको छ । यो लेखको आशय कवि शक्तिबल्लभको थरमा भट्टाचार्य पनि जोडिएकाले उनी अर्ज्याल होइनन् आचार्य हुन् भन्ने भ्रम फैलियो । यो भ्रम चिर्न र उनी अर्ज्याल नै हुन्, त्यसमा पनि गोरखाका राज पुरोहित एवं ठूला कवि हुन् भन्ने कुरालाई विविध प्रमाणहरू दिंदै उहाँले पुष्टि गर्नु भएको छ ।

यसै गरी अर्को कवि राजिवलोचन जोशी अर्ज्यालको थरमा जोशी (ज्योतिषीको अप्रभ्रंश) पनि लेखिएकाले उनी पनि अर्ज्याल हुन् भन्ने बुझाउन उनको नाममा वि.सं. १८९८ जारी भएको कृतिकारकै सङ्कलनमा रहेको 'स्याहा पत्र' समेत समावेश भएको पाइन्छ । जुन स्याहा पत्रमा "आगे राजिवलोचन जोशी अर्ज्यालको....." भन्ने प्रष्ट पढ्न सकिन्छ । यी कविहरूको थरमा भ्रम हुँदा नेपाली साहित्यको इतिहासमा अन्योल भइरहेको सन्र्दभमा पनि ती प्रमाणित व्याख्या विवेचना र चिनारीले भ्रमको समाधान गरेको हुँदा लेखक दण्डपाणिले नेपाली साहित्यको क्षेत्रमा भएको भ्रम चिरी ठूलो गुन लगाउनु भएको छ ।

अन्य विकासका कुरा

यो खण्डमा रहेको अन्तिम लेख सांस्कृतिक प्रकृतिको नभई गोरखा जिल्लाको केन्द्रमा मोटर चल्ने सडक निर्माण विषयको मन्तव्य रहेको छ । आदरणीय गुरू दण्डपाणि गोरखाको विद्वत वर्गहरूमा सर्वमान्य र उच्च कोटिको हुनुहुन्थ्यो । उहाँ धेरै विषयका जानिफकार हुनुहुन्थ्यो । त्यसैले गोरखाको विकास निर्माणका हरेक सभा गोष्ठी एवं छलफलहरूमा उहाँको गरिमामय उपस्थिति भएर नै होला उहाँले आफ्नो विचारको यो टिपोट तयार पार्नु भएको देखिन्छ । सम्भवतः यो टिपोट वि.सं. २०३० वरपरको विचार हुनु पर्दछ । उहाँको यस छलफल मन्तव्यमा व्यक्त गरेको भन्डै ३०/३५ वर्ष पछि उहाँकै दृष्टिकोण नं १ अनुसार वेनीघाटबाट बूढी गण्डकीको पश्चिम किनारा हुँदै गोरखा र धादिङ्गका उत्तरी क्षेत्रहरू हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतसम्म पुग्ने विशाल राजमार्ग निर्माण भइरहेको छ । उहाँको सद्दृष्टिकोण र व्याख्या विवेचना फलीभूत हुँदै छ । यसले विद्वान्हरूको सोचाई र दृष्टिकोण सर्वदा सत्य र उपयोगी हुने कुरा सिद्ध गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिना तथा जन्म पत्रिका बनाउने पद्धति

त्रिविधा कृतिको तेस्रो खण्डमा ज्योतिष शास्त्र अन्तर्गत चिना तथा जन्म पत्रिका बनाउने पद्धति रहेको छ । कृतिकार घाघढान ज्योतिषी हुनुहुन्थ्यो । ज्योतिष शास्त्र अध्ययन उहाँको १३ औं पुस्ता अघि देखिको वंशीय अध्ययन, ज्ञान र परम्परा पनि भएकोले नेपाली भाषामा सरल रूपले चिना बनाउने पद्धति लेखेर यो विधाको ज्ञानलाई जीवन्त राख्ने उहाँको चाहना हुन सक्छ ।

माथिका दुई खण्डका विषयमा जस्तो यो ज्योतिष विधामा मेरो कुनै ज्ञान र गहिराई नभएको निवेदन गर्दछु, तथापि यो लेख तयार गर्ने सिलसिलामा यसको अध्ययन धेरै पटक गर्न पुगेँ । यसमा सस्कृतका, सम्बन्धित श्लोकहरू र त्यसको नेपाली भाषामा अर्थ खुलाई व्याख्या उप-व्याख्या गरिएको छ । चिना अर्थात् जन्म पत्रिकामा चाहिने विभिन्न कुण्डलीहरू विभिन्न ग्रहहरूको स्थिति र गतिका तालिकाहरू पाइन्छन् । ग्रह ग्रहका स्थानहरूको हिसाबले गरिएको प्रत्यक्ष सिलोट दिई व्याख्या र उदाहरण समेत यसमा समावेश गरिएको पाइन्छ । यो लेख तयार गर्नु अघि मेरो सम्पर्कका सामान्य यजमानी गर्ने कथित एक जना पण्डितलाई यो चिना बनाउने पद्धतिको बारेमा उहाँको धारणा बुझ्न खोजेँ । उहाँले यो कृति प्राप्त गरेर चिना बनाउने पद्धति पढ्न र बुझ्न कोसिस गरेको बताउनु भयो । एक्लै घरमा स्व-अध्ययन गरेर चिना तथा जन्म पत्रिका बनाउन नसक्ने कुरा पनि बताउनु भयो । यो सैद्धान्तिक र गहिरो विषय पनि भएकाले विना गुरूको व्याख्या विवेचना कुनै पनि सिद्धान्त स्व-अध्ययनले मात्र बुझ्न कठिन हुनु स्वाभाविक मान्न सकिन्छ ।

र अन्तमा,

जे होस्, गुरु ज्यो.पं. एवं विद्वान् दण्डपाणि अर्ज्याल विचरित "त्रिविधा" कृति आकारले सानै भए पनि समाविष्ट विषयवस्तु र प्रस्तुतिका हिसाबले अति गहन र महत्त्वपूर्ण छ । कृतिकार गोरखापुत्र हुनुभएको र कृतिभित्रको प्रायः धेरै विषयवस्तु गोरखासँग सम्बन्धित भएकाले विशेषत हामी गोरखालीहरूले खाजी-खोजी यो कति अध्ययन गरेर ज्ञान बढाई गोरखाली हाम्रा पुखाहरूको इतिहास र संस्कृति जान्नु आवश्यक छ भन्ने लागेको छ । गोरखाका यस्ता महत्त्वपूर्ण निधिहरूका बारेमा तत्-तत् ठाँउमा कुनै जानकारी तथा सूचना टाँसिएको पाईंदन । न त यस्ता निधिहरूका बारेमा पुस्तिकाहरू नै प्रकाशित भएका छन् । गोरखाका यी वैभवहरू गोरखालीको इज्जत, गौरव र पहिचान पनि हुन् । यिनीहरूको धार्मिक तथा ऐतिहासिक महत्त्वका बारेमा छोटो परिचय सम्बन्धित सम्पदाहरूका साथ राख्न सके स्वदेशी तथा विदेशी पर्यटकहरूलाई सही सूचना प्रदान गर्न सकिनेछ र पर्यटन प्रबर्द्धनमा सहयोग पुग्ने छ । यसमा स्थानीय निकाय खास गरी गोरखा नगरपालिका, जिल्ला विकास समिति गोरखा, गोरखा दरबार प्रशासन, गोरखा सङ्ग्राहालय, पुरातत्त्व विभाग, गोरखा उद्योग वाणिज्य संघ, होटल एसोसिएसन लगायत पर्यटन क्षेत्रमा काम गर्ने सम्बद्ध संघ-संस्था तथा स्थानीय बुद्दिजीवी समाजसेवी सबैको ध्यान जानुपर्छ भन्ने मेरो जिग्रह र निवेदन छ । गोरखाको अबको भविष्य पर्यटन क्षेत्रको विकासमा नै अडेको छ । अन्त्यमा गोरखाको इतिहासका विशिष्ट सर्जक स्व. गुरू दण्डपाणि अर्ज्यालप्रति भक्तिभावपूर्वक धन्यवादसहित उहाँलाई नमन गर्दै यो लेखको बिट मार्न चाहन्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको प्राग-ऐतिहासिक अध्ययनमा पाताले छाँगोको चर्चा

✍ प्रकाश दर्नाल

नेपाल २६° २२′ देखि ३०° २७′ उत्तरी अक्षांसमा र ८०° ४′ देखि ८८° १२′ सम्म पूर्वी देशान्तरमा पर्दछ । उत्तरतिर चीन र पूर्व, दक्षिण र पश्चिममा भारत रहेको छ । यसको क्षेत्रपफल १,४७,१८१ वर्ग किलोमिटर छ । यसलाई हिमाली क्षेत्रले १९%, पहाडी क्षेत्रले ६४% र तराई क्षेत्रले १७% ढाकेको छ । भौगोलिक कारणले गर्दा नेपालमा १२३ भाषा, १२५ भन्दा बढी जाति तथा १० भन्दाबढी धर्म भएकाहरू बसोवास गर्ने बहुसांस्कृतिक तथा विविध जैविकताले सम्पन्न भएको देश हो । यसको जनसङ्ख्या २०६८ को जनगणना अनुसार २,६४,९४,५०४ रहेको छ । यहाँको हावापानी सव ट्रपिकल र मनसुन प्रभावित छ ।

यहाँको हिमालको उत्पत्ति ७० मिलियन वर्ष अगाडि भारतीय प्लेट र यूरासियन प्लेट ठोकिएर भएको थियो । २४०० कि.मि. पूर्व पश्चिम फैलिएको दक्षिणमा भारतीय गंगा मैदान र उत्तरमा तिव्वतिय पठार पर्दछ भने ८०० कि.मि. मध्य भाग नेपालले ओगटेको छ । कालीगण्डकीमा पाइने शालीग्राम (Ammonits) जुरासिक कालको मानिन्छ ।

नेपालमा पुरातत्वको प्रारम्भ खड्ग सम्शेर र ए. फुहररले १८९६ मा लुम्विनीको अशोक स्तम्भ पुनःपत्ता लगाएपछि सुरू भएको ठानिन्छ ।

त्यसै गरी पहिलो प्राग-ऐतिहासिक अन्वेषण भने १९६१ मा आर.भी. जोशीले काठमाडौं उपत्यकामा गरेका थिए । उनले वल्खु र गोदावरीमा प्राप्त गरेका ढुङ्गे औजारहरू त्यति विश्वस्त खालका थिएन ।

प्रसिद्ध टोनी हेगनले १९६० मा नेपालको भौगोलिक अवस्थाको विस्तृत सर्वेक्षण गरेका थिए । उनले काठमाडौं उपत्यका दुई लाख वर्ष अघि ताल थियो भनेका थिए । ए.के. अग्रवालले पनि काठमाडौं र पोखरा ताल भएको पुष्टि गरेका थिए । उनले यिनीहरूको तुलना काश्मिर उपत्यकासंग गरेका थिए ।

निल रतन वनर्जी र जनकलाल शर्माले १९६९ मा मकवानपुर, बुढानिलकण्ठ, पनौती तथा दाङबाट नवपाषाणका ढुङ्गे औजारहरू पत्ता लागेको उल्लेख गरेका छन् (वनर्जी र शर्मा १९६९, ५३/५८) ।

जनकलाल शर्माले पनि नवपाषाणकालको ढुङ्गे औजारहरू नेपालका विभिन्न स्थानहरूबाट प्राप्त भएको भनेका छन् । उनले चरीकोट, जुगुगाँउ (खोपासी) र लुभुबाट बञ्चरो (Axes) चरीकोट, कोटानरी, मोरङ (झापा वैद्यनाथपुर गाँउ) बाट सेल्ट (Celts), चरीकोट र उत्तरी भागवाट चिजेल (Chisel) भेटिएको भनेका छन् (शर्मा, १९८३, १/५) । त्यस्तै

लेखक पुरातत्वविद्का रूपमा परिचित हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



लोमान्थाङ्गको छोदे गुम्वाको सङ्ग्रहालयमा भएको जिवाष्म हात्तीको बङ्गारा

गरी चरीकोटबाट ५ वटा बञ्चरो, एउटा सेल्ट र एउटा चिजेल भेटिएको छ भने सेल्ट र चिजेल दाङ्को विजौरी, सखुवासभाको वाना र जलजला गाँउबाट पाइएको छ । यसरी थुप्रै ढुङ्गे औजारहरू भेटिए पनि ती कुनै पनि लेयर (Layer) या in situ मा नभेटेकोले पुरातात्विक महत्व नभए पनि अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउछ नै ।

डा. स्चेटेन्कोले पनि १९७८ मा चितवन र बुढानिलकण्ठमा अन्वेषण गरेका थिए । उनले भेटेका पाषाणकालका औजारलाई मङ्गोलिया, चीन र सोभियत रूसमा भेटेका औजारसंग समानता राख्छ भनेका थिए ।

अमेरिकन र नेपाली वैज्ञानिक टोलीले १९८० मा तिनाउ खोला, बुटवलमा गरेको सर्वेक्षणका क्रममा पत्ता लागेको रामापिथेकसको दाँतको अवेशष निकै महत्वपूर्ण छ । यो ९० देखि ९५ लाख वर्ष पुरानो मानिन्छ (शाह र श्रेष्ठ, १९९२, ६९) । यस तथ्यले नेपाल मानव विकासको महत्वपूर्ण किडाभूमि थियो भन्ने देखाउँछ ।

डा. गुद्रुन कोर्भिनसले १९८५ देखि १९९४ सम्म जर्मन रिसर्च काउन्सिलको आर्थिक सहयोगमा त्रिभुवन विश्वविद्यालय र पुरातत्व विभागको सहभागितामा "जियो आर्कियोलोजी प्रोजेक्ट इन नेपाल" अन्तर्गत पश्चिम नेपालको दाङमा पाषाणकालदेखि नवपाषाण काल सम्मको प्राग-ऐतिहासिक क्रोनोलजी तयार गर्न सफल भएकी थिइन । नेपालको प्राग-ऐतिहासिकतालाई विश्व सामु चिनाउने श्रेय उनीलाई नै छ । उनैले पाषाणकालिन हाते वञ्चरो (Hand Axe) दाङको गदारीबाट र नवलपरासीको सतपतीबाट In situ भेटेकी थिइन । दाङको भैजी (गदारी), त्राकुटीको तुँइ उपत्यका, अमानपुर, अर्जुन खोला, वशन्तपुर, भिठावाङ्ग आदि स्थानहरूबाट पाषाणकालिन देखि नवपाषाणकाल सम्मका ढुङ्गे औजारहरू पत्ता लागेको थियो । गदारी दाङबाट पत्ता लागेको हाते वञ्चरो भारतको सोन संस्कृतिसंग समानता राख्छ ।

गुद्रुन कोर्भिनसले नै कमला नदीको सिवालिक डाँडामा पातु स्थान पत्ता लगाएको थिइन । यो महोत्तरी जिल्लाको रातु खोलामा पर्दछ । पातु स्थानमा ठूलठूला पेवल्स (Pebbles), चोपर (Chopper) र कोरस्कापर (Corescrapper) हरू भेटिएका थिए । यसको सम्वन्ध भारतसंग नभई दक्षिण पूर्वी एशियाको होआविनहियन (Hoabinhian) संस्कृति संग मिल्ने बताइन्छ । यसरी नेपालमा भारतबाट र दक्षिण पूर्व एशियाबाट गरी दुई संस्कृतिको विकास भएको प्रमाण भेटिन्छ ।

काठमाडौं भद्रवासमा वोस नोमाडिक्स (Bos Nomadicus) को तल्लो बङ्गाराको जीवाश्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
१९८४ मा भेटिएको थियो । यसको समय पूर्व प्लिष्टोसियन (Upper pleistocene) मानिन्छ ।

त्यसैगरी १९७९ मा एम. फोर्ट र भी. गुप्ताले नक्खु खोलाबाट डँडाल्नुको जिवाश्म पत्ता लगाएका थिए । यो पनि उत्तर प्लिष्टोसियन कालको भनिन्छ । गुप्ताले यसलाई काश्मिरको करेवा र पिन्जोर सिवालिकसंग दाँजेका छन् (मिश्र, १९९५, ५८) ।

गोपालजी नेपालीले १९९५ मा नैखण्डी पाखाचोक कटुवालदह, फर्पिङबाट हात्तीको तल्लो वँङ्गाराको जिवाश्म भेटेका थिए । यस्तै जिवाश्म लोमान्थाङ्गको छोदे गुम्वाको सङ्ग्रहालयमा पनि देख्न सकिन्छ । नेपालमा पाइएका यस्ता जिवाश्म तथा पाषाणकालिन ढुङ्गे औजारहरूको अध्ययन अनुसन्धानबाट नेपालको प्राग-ऐतिहासिक समयको इतिहास बुझ्न सहयोग पुग्छ ।

नर्वेको बर्गेन विश्वविद्यालयका प्रो. राण्डी हल्याण्डको टोलीले १९९३ मा त्रिभुवन विश्वविद्यालय र पुरातत्व विभागसंग मिलेर दाङ देउखुरीको प्राग-ऐतिहासिक अध्ययन सर्वेक्षण गरेका थिए ।

देवेन्द्रनाथ तिवारीको "केभ वरियल्स फ्रम वेस्टर्न नेपाल मुस्ताङ" प्राचीन नेपाल सङ्ख्या ८५, १९८५ ले देश विदेशका पुरातत्वविदहरूको ध्यानाकर्षण भएको थियो ।

डा. डियटर शुले जैविक नमूनाको आधारमा चार हजार इशा पूर्वदेखिनै मुक्तिनाथ क्षेत्रका गुफामा वसोवास सुरू भइसकेको भनेका छन् (शु १९९२/९३, परिचय) । डा. परदिता पोहलले मुस्ताङको काकनिङ्वा, समर, ते, छुकसाङमा पेट्रोग्लिफ्स (Petroglyphs) अध्ययनको आधारमा त्यँहा नवपाषाणकालदेखि वसोवास भएको भनेका छन् (पोहल, २००३, ३) ।

मुस्ताङमा भएका दशौं हजार गुफाहरूबाट प्राग-ऐतिहासिककालका महत्वपूर्ण तथ्यहरू भेटिने संभावना छदैछ ।

जर्मन र पुरातत्व विभागको संयुक्त टोलीले १९९२ देखि १९९७ सम्म मुक्तिनाथको खिन्गा, झारकोट, गरवजोङ, फुजलिङ र मेम्ब्राकमा गरिएको गुफाको अध्ययनले त्यहाँको तीन हजारवर्षको सभ्यता उजागर भएको थियो । मेम्ब्राकमा भेटिएको इ.पू. चौथो शताद्वीको वच्चाको ममी निकट भविष्यमै सङ्ग्रहालयमा प्रदर्शन गरिने तयारी भइरहेको छ ।



मेम्ब्राकमा भेटिएको इ.पू. चौथो शताब्दिको बच्चाको ममी

हालै स्काइ फाउण्डेशन अन्तर्गत अमेरिकन र पुरातत्व विभागबाट माथिल्लो मुस्ताङको गोइजुफू, साम्जुङ्ग, झोङ क्वोरे, रिन्जलिङ्ग, आदि गुफाहरूको अनुसन्धानले, मानव बसोबास, मानव कंकाल सहितका चिहान, भित्ते चित्र तथा अमूल्य पुरातात्विक वस्तुहरू फेला परेको छ ।

कुमारलाल जोशीले उदयपुर जिल्लाको ठोकलाशिला गा.वि.स.को वेलाका राजारानीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खनार भन्ने ठाँउमा १९९७ मा केही चोपर (chopper), कोर (core), फ्लेक (flake) पाषाणकालिन औजार भेटेको उल्लेख गरेका छन (जोशी, १९९७, ८१) ।

स्पेश टाइमको २२ अक्टुवर २००१ को "करीव तीस करोड वर्ष पुरानो रूखको जीवाश्म प्राप्त" भन्ने समाचार निकै चाखलाग्दो थियो । त्यसमा कास्की जिल्लाको कालिका गा.वि.स. भैसे भन्ने स्थानमा भेटिएको रूखको आधा घेरानै ३ मि. छ र उचाइ ५ मि. भनिएको छ । यो कावोनिफेरस देखि जुरासिक कालको करिव तीन सय मिलियन वर्ष पुरानो भनिन्छ । नेपालको प्रागितिहासमा लेखकद्वय रामनिवास पाण्डेय र दिनेशचन्द्र रेग्मीले "पोखरा उपत्यकामा हिमयुगका पाँचवटा भू-सतहहरूको पहिचान गरेका छन् । महेन्द्रगुफा पहिलो भू-सतहमा अवस्थित देखिन्छ । त्यसको दक्षिण र पूर्वतिरका गाँउहरू दोश्रो र तेश्रो भू-सतहहरूमा बसेका छन् । यी भू-सतहहरूको निर्माण प्लिष्टोसिनको मध्य हिमयुगमा हिमनदीको बाढीको कारण सङ्ग्रह भएको सामाग्रीहरूले गरेको देखिन्छ । चौथो र पाचौं भू-सतहमाथि आज खेत बनाइएका छन् । गगनगौडा, कोत्रे र दुलेगौडा पाचौं भू-सतहमाथि वसेका छन् । अनुसन्धानका क्रममा त्यहाँबाट कुनै फसिल (अवशेष) प्राप्त भएन (पाण्डेय, रेग्मी २०६२, ३२) ।

उक्त पुस्तकको फलक ८ र ९ मा दुलेगौडाबाट प्राप्त चोपर, फलक १० र ११ मा कोत्रेबाट प्राप्त चोपर, फलक १२ र २४ मा बादुलेचौरबाट प्राप्त साइडस्क्रेपर र चोपर, फलक १३ र १५ मा तुलसीवनबाट प्राप्त ओभेट र उपकरण, फलक १५ मा गगनगौडाबाट प्राप्त उपकरण र फलक २५ मा डेभिड्स फल (पाताले छाँङ्गो) बाट प्राप्त वञ्चरोको चित्रहरू दिइ त्यसको विवरण पृ. ५१ र ५२ मा दिइएको छ । यहाँ पाताले छाँङ्गोसंग सम्वन्धित मात्र उद्धरणमा दिइएको छ, "पाताले छाँङ्गो वा डेभिड्स फल पाषाणखण्ड विल्लौरी दुङ्गाका छन् । पाताले छाँङ्गोमा दुइवटा गोल आकारको पाषाणखण्डहरू मध्ये एउटाका किनाराबाट निकालिएका स-साना चोइटाहरूका चिन्ह स्पष्ट छैनन् । पानीको साथ वगेका कारण यस्तो भएको हुनसक्ने अनुमानको आधार पनि फितलो हुनेछ । यी शायद मानव निर्मित उपकरण होइनन् । पाताले छाँङ्गोको अर्को पाषाणखण्ड फुटेको शिर्षभाग भएको फलक जस्तो लागे पनि उपकरण प्रतित



पाताले छाँङ्गो, पोखराबाट प्राप्त बञ्चरो, फलक २५
(साभारः नेपालको प्राग्इतिहास)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हुदैन (ऐजन, २०६२, ५२) । उपत्यकाको तुलसीवन, महेन्द्रगुफा, वाटुलेचौर, पाताले छाँङ्गो, दुलेगौडा र गगनगौडा क्षेत्रहरू पूर्व पाषाणकालका संभावित क्षेत्र प्रतित हुन्छ भनी पृ ५० मा उल्लेख भए पनि पृ ८४ को निष्कर्षमा पोखराको पाषाणकाल धेरै स्पष्ट छैन पनि भनिएको छ (ऐजन, २०६२, ८४) ।

सन्दर्भ ग्रन्थहरू

- जोशी, कुमारलाल, १९९७
- पृथ्वीमा मानवको आगमनः वनमानुषदेखि आधुनिक मानवसम्म एक चर्चा- कन्ट्रीव्यूशनस टु नेपलिज स्टडिज, भो. २४, नम्वर १, जनवरी १९९७- नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि कीर्तिपुर, काठमाडौं
- पाण्डेय, रामनिवास र रेग्मी, दिनेशचन्द्र, २०६२- नेपालको प्रागितिहास, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि. कीर्तिपुर, काठमाडौं
- स्पेश टाइम २००१, करीब तीस करोड वर्ष पुरानो रूखको जिवाश्म प्राप्त,अक्टुवर २२
- Banerjee, N.R. & Sharma, J.L. 1969 – Neolithic tools from Nepal and Sikkim, Ancient Nepal, No. 9. Department of Archaeology, Kathmandu
- Dr. Corvinus, G. 1985, Prehistoric discoveries in Foothills of the Himalayans in Nepal, 1984, - Ancient Nepal, No. 86/88. Department of Archaeology , Kathmandu
- Dr. Corvinus, G. 1985, Report on the work done in the Project of Quaternary and Prehistoric Studies in Nepal, - Ancient Nepal, No. 86/88. Department of Archaeology, Kathmandu
- Dr. Corvinus, G. 1987, Patu a new stone age site of a Jungle Habitat in Nepal, Quartar 37/38.
- Dr. Corvinus, G. & Sharma, J.L. 1984 – A vertebrate Fossil Find in the Kathmandu valley - Ancient Nepal, No. 82. Department of Archaeology, Kathmandu
- Darnal, P.2002- Archaeological Activities in Nepal since 1893 to 2002 A.D. – Ancient Nepal, No. 150, Department of Archaeology, Kathmandu
- Mishra, T.N. 1995 - Archaeological Discoveries and Field Activities within 1993/95 – Sixth South Asian Archaeological Congress, Department of Archaeology, Kathmandu
- Dr. Pohl, P.2003 – Petroglyphs and Abandoned sites in Mustang a unique source for Research in cultural History and Historical Geography - Ancient Nepal, No. 153, Department of Archaeology, Kathmandu
- Dr. Schuh, D. 1992/93 – Introduction, Ancient Nepal, No. 130/133 , Department of Archaeology, Kathmandu
- Sharma, J.L. 1983 – Neolithic tools from Nepal, Ancient Nepal, No . 75. Department of Archaeology, Kathmandu
- Shah, R.B. & Shrestha, R. – 1992 – Fossils from Nepal Himalaya Displayed in Natural Museum ,vol. 13.no.1-4
- Pro. Dr. Schentenko -1978 – The outcomes of the scientific mission to Nepal in brief, Ancient Nepal, No. 43/45, Department of Archaeology, Kathmandu
- Tiwari,D.N. 1985 – Cave Burials from Western Nepal, Mustang - Ancient Nepal, No. 85, Department of Archaeology, Kathmandu

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिमोन द बोदवाँ र उनको द सेकेण्ड सेक्स

डा. ज्ञानू पाण्डे

"महिला जन्मिन्न, बरू उसलाई महिला बनाइन्छ ।"

– सिमोन द बोदवाँ

१. विषय उठान

सिमोन द बोदवाँ २० औं शताब्दीकी एक विशिष्ट व्यक्तित्व हुन् जसले आफ्नो विलक्षण बौद्धिकताको प्रभावले पाश्चात्य दर्शन, समाजशास्त्र र साहित्य तीनै क्षेत्रमा एकैसाथ उत्तिकै शक्तिशाली तरङ्ग पैदा गर्न सकिन् । प्रायः भन्ने गरिएको सुनिन्छ– एउटी महिला ऊ आफूमा जतिसुकै क्षमतावान् भए पनि यदि उसको अगाडि कुनै विशिष्ट पुरूष व्यक्तित्व उभिन्छ भने उसको नाम त्यत्तिकै छायाँमा पर्न पुग्छ । तर होइन, सिमोन द बोदवाँको व्यक्तित्वको प्रख्यातिले यो भनाइलाई झूठो सावित गरिदिएको छ । सिमोन जीवनभर आधुनिक अस्तित्ववादका प्रमुख प्रवर्तक एवं विश्वविख्यात् लेखक ज्याँ पल साँर्त्रसँगै नै रहिन् तर पनि उनको नाम कहिल्यै छायाँमा परेन । साँर्त्रसितकै अन्तरङ्ग सम्बन्धमा रहेर उनले एकपछि अर्को गर्दै आफ्नो व्यक्तित्वका आयामहरू प्राप्त गर्दै गइन् तर 'आफू हुने स्वतन्त्रतालाई उनले कहिल्यै कुण्ठित हुन दिइनन् । बरू संसारभरिका अरू महिलाहरूलाई पनि जीवनमा आफ्नो स्वतन्त्रताको भरपुर सदुपयोग गर्दै अस्तित्वपूर्ण जीवन बाँच्न प्रेरित गर्न सफल भइन् ।

सिमोन द बोदवाँ महिलामुक्ति आन्दोलनको विश्व इतिहासकी एक त्यस्ती प्राज्ञिक व्यक्तित्व हुन् जसले प्रथमपल्ट उक्त आन्दोलनलाई वर्गीय चिन्तनको सीमाबाट मुक्त पार्न खोज्दै दार्शनिक आयाम प्रदान गर्न चासो देखाइन् । उनले मानव समाजमा सदियौंदेखि महिलाले भोग्दै आएको आश्रिताको समस्या यथार्थमा त्यो केवल महिलाहरूको मात्र समस्या नभई सामाजिक-सांस्कृतिक सन्दर्भसित जोडिएर आएको अस्तित्वको समस्या हो भन्ने तथ्यलाई उजागर गरिन् । सिमोनको अस्तित्ववादी–नारीवादको विशेषतामा प्रकाश पार्न प्रयास गर्नू यस लेखको मुख्य आशय रहेको छ । तर सुरूमा उनमा उक्त अवधारणा अभिलक्षित हुन कसरी सम्भव भयो भन्ने तथ्य पहिल्याउनका लागि उनको जीवनी बारे पनि थोरै कुरा कोट्याउनु आवश्यक हुन आउँछ ।

लेखक समालोचक प्रज्ञा प्रतिष्ठानको सदस्य हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. सिमोन द बोदवाझको जीवनीको संक्षिप्त रेखाङ्कन

सिमोन द बोदवाँ सन् १९०८ को जनवरी ९ तारिखका दिन फ्रान्सको राजधानी पेरिसस्थित एक मध्यमवर्गीय परिवारमा जन्मेकी हुन् । आमा बाबुको प्रथम सन्तानका रूपमा जन्मेकी सिमोन केटाकेटी उमेरदेखि नै अन्य सरदर केटाकेटीहरू भन्दा अलि भिन्न स्वभावको देखिएकी हुन् । पढाइमा त उनी सानैदेखि तीक्ष्ण थिइन् नै, साथसाथै कल्पनामा हराइरहने स्वभाव पनि उनमा त्यतिबेलैदेखि देखिन थालिसकेको थियो ।

३. जीवनको पहिलो दुई दशक एक्लोपनको बोधमा गुज्र्यो !

सिमोनकी आमामा धर्म-परम्पराप्रति खुब निष्ठा थियो तर बाबुचाहिंमा त्यस्तो कुनै भाव थिएन । धर्मभिरू आमा आफ्नी छोरी ईश्वरप्रति आस्थावान् होओस्, घरभित्रको काममा चाख राखोस् भन्ने चाहन्थिन् भने बाबुचाहिं त्यसको ठीक विपरीत बाटोमा छोरी सिमोन हिंडेको देख्न चाहन्थे । उनी सिमोन छोरी भए पनि छोरो जस्तै स्वभावकी छ भन्दै गर्व गर्थे र अरूहरूसित सिमोनका बारेमा सधैं त्यस्तै गफ हाँक्दै हिंड्थे । अर्थात् सिमोनका बाबुचाहिं सधैं उनमा छोरोको जस्तो स्वभाव विकसित भएको देख्न चाहन्थे भने आमाचाहिं उनमा सधैं आफ्नै छवि अर्थात् परम्परागत आदर्श नारी प्रतिविम्बित भएको हेर्न खोज्थिन् र त्यो देख्न नपाउँदा खुब चिन्तित बन्थिन् । आमा र बाबुको त्यस्तो परस्पर विपरीत कोणको प्रशिक्षणमा अचेटिंदै सिमोनले आफ्नो सिङ्गो बाल्यकाल तथा किशोरकाल गुजार्नुपरेको थियो । आफूप्रति आमा र बाबुको नितान्त फरक किसिमको अपेक्षा र व्यवहारका कारणले गर्दा उनले सानो उमेरदेखि नै आफूमा एक प्रकारको एक्लोपनको भाव बोक्दै गुज्रन पर्‍यो । वास्तवमा त्यस स्थितिले उनमा चिन्तनशील स्वभाव विकसित हुन सघायो । जीवन बाँच्ने आफ्नै शैलीको खोजीमा उनी अग्रसर बन्दै गइन् । १४ वर्षको उमेरमा उनले पहिलोचोटि आमासमक्ष आफूलाई ईश्वरमा आस्था नभएको कुरा व्यक्त गरिन्, प्रार्थना नगर्ने निर्णय सुनाइन् । छोरीको मुखबाट त्यस्तो निर्णय सुन्नुपर्दा उनकी धर्मभिरू आमा स्तब्ध हुनु स्वभाविकै थियो तर आमाको मनोभावनाप्रति खासै चासो नराखी सिमोन आफ्नो स्वतन्त्रताको खोजी तर्फ नै आकृष्ट भई रहिन् ।

सन् १९२५ मा अङ्ग्रेजी र गणित विषयमा स्कूलशिक्षा पूरा गरेपछि उच्चशिक्षाको क्रममा सिमोनले दर्शन र साहित्य विषय रोजिन् । बाबुचाहिं उनी सरकारी नोकरीमा लागोस् भन्ने चाहन्थे तर उनी आफू खुशी पढाइपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षण पेशामा लागिन् । आमा उसले विवाहगरी घरजम बसालोस् भन्ने चाहन्थिन् तर विवाहसंस्थाप्रति सिमोनले चरम वितृष्णा देखाइन् ।

४. सार्त्रसित भेट भएपछि सिमोनको जीवनले नयाँ मोड समायो

२१ वर्षको उमेरमा सिमोन स्नातकोत्तर अध्ययनको क्रममा पहिलोचोटि परिवारिक बन्धनको चङ्गुलबाट बाहिर निक्लिन् । मामाघरकी हजुरआमा कहाँ बसेर उनले एकोल नर्मल सुपरियरमा स्नातकोत्तरको पढाइ सुरू गरिन् । त्यहीं नै उनको भेट भयो ज्याँ पल सार्त्रसित । दुवैबीच मित्रता जम्यो र घनिष्टता पनि बढ्दै गयो । पढ्नमा यी दुवै ज्यादै अब्बल थिए । सन् १९२७मा स्नातकोत्तरको परीक्षामा सिमोन पहिलोपल्ट नै उतीर्ण भइन् । दोस्रो श्रेणीमा, थोरै नम्बरको दूरीमा सार्त्र पहिलो श्रेणीमा उतीर्ण भए । तर सार्त्रको भने दोस्रो पल्टको प्रयास थियो ।

अस्तित्ववादी मंहान् चिन्तक तथा लेखक ज्याँ पल सार्त्रलाई भेटेपछि र उनीसित मित्रता बढेपछि भने सिमोनले जीवनमा आफूलाई कहिल्यै पनि एक्लो महसुस गरिनन् । त्यसो त सिमोनको जीवनमा आएको पुरूषमित्रमा सार्त्र नै पहिलो पुरूष थिएनन्, न त सार्त्रपछि पनि उनको जीवनमा अरू पुरूष मित्रहरू नभित्रिएका होइनन् । स्नातकोत्तर अध्ययनकै क्रममा सोही विश्वविद्यालयमा सुरूमा सिमोनले मोरिस मोर्लेपोन्तीसित प्रेम गरेकी थिइन् । अकालमै मोर्लेको मृत्यु हुनुले सिमोन खुब दुःखी पनि बनेकी हुन् । मोर्लेपोन्तीभन्दा पनि अघि उनी जैकसँगको प्रेममा पनि लिप्त भएकी हुन्, तर उसले प्रेममा सिमोनलाई घात गरी चोट पुऱ्याएको थियो । १९४७ ताका जब सिकागोमा अमेरिकी उपन्यासकार नेलसन एलग्रेनसित सिमोनको चिनजान भयो, चारवर्षसम्म उसैको प्रेममा पनि नडुबेकी होइनन् तर जब एलग्रेनले विवाहको प्रस्ताव राखे त्यो भने स्वीकारिन उनले । सार्त्रसितको आफ्नो प्रगाढ प्रेम र घनिष्टताप्रति इमानदार रहन चाहिन् उनी । आफूले रोजेको त्यो इमानदारीतालाई उनले जीवनको अन्तिम घडीसम्मै कायम राखिन् । साँच्चै नै अनौठोको थियो । यी दुईको जोडीको सम्बन्धको ढाँचा ।

सिमोन र सार्त्र दुवै आफ्नो मात्र होइन, अर्कोको स्वतन्त्रताप्रति पनि उत्तिकै सजग र संवेदनशील रहे आजीवन । १९२७ मा यी दुईले पहिलोचोटि दुईवर्षका लागि भनेर एउटा करारपत्रमा सही गरेका थिए– विवाह नगर्ने, बालबच्चा पनि नजन्माउने तर सँगै बस्ने, अनि दुई वर्षको अनुभवका आधारमा आपसी सहमतीमा कि उक्त करारपत्र रद्द गर्ने कि त्यसलाई फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवीकरण गर्ने । यसरी बाँधिएको थियो सार्त्र र सिमोनको बीचमा सम्बन्धको डोरो सुरुमा ।

सार्त्रसितको सिमोनको ३७ वर्ष लामो विवाह बेगरको घरजम सिमोनको व्यक्तिगत जीवनका लागि मात्र रोमाञ्चक र अर्थपूर्ण सुखद्क्षण सावित भएको होइन, उनको लेखक व्यक्तित्वलाई प्रकट गराउन पनि त्यो उस्तै प्रेरणादायी बन्यो । सिमोनले आफ्नो 'मेमोवायर्स अफ ड्युटिफूल डटर' लगायतका आत्मजीवनीहरूमा सार्त्रसितको आफ्नो अन्तरङ्ग सम्बन्धका आयामहरूबारे प्रशस्त प्रकाश पारेकी छन् । आफ्नो नाम सार्त्रसित जोडिए पनि सिमोनले आफ्नो 'स्व' प्रति न्याय गर्नुपर्ने व्यक्तिको दायित्व कहिल्यै आफूलाई पछाडि पारिनन् । उनी हरेक विषयमा सार्त्रसित काँधमा काँध मिलाएर अगाडि बढिन् । सार्त्र सँगसँगै उनले पटक पटक विश्वका विभिन्न मुलुकहरूको भ्रमण गरिन् । सार्त्रसित मिलेर उनले 'ल ता मोदार्न' नामक पत्रिका पनि चलाइन् । थुप्रै लेखहरू लेखिन्, निबन्धहरू लेखिन् समसामयिक विश्वराजनीतिका विषयमा अनेक विचारोत्तेजक लेखहरू पनि लेखिन् । उनले अल्जेरियाको मुक्ति सङ्ग्राममा खुलेर भाग लिइन् । उपन्यास, संस्मरण, कथा, निबन्ध, दर्शन लगायतका विधामा उनले थुप्रै कृतिहरूको सिर्जना गरिन् । द मेन्डेरिन्स (१९४७) कृतिका लागि उनले प्रिन्स गोकर पुरस्कार (फ्रान्सको सबभन्दा ठूलो पुरस्कार) पनि प्राप्त गरिन् । उनको द सेकेण्ड सेक्स (१९४९) ले त उनको नामलाई विश्वभर प्रख्यातिको चुलीमै पुऱ्यो । संसारका धेरै भाषामा अनुदित भएको उनको यो पुस्तक महिला विषयक अध्ययनको बाइवल नै ठानिन्छ ।

'अस्तित्व सारभन्दा पूर्ववर्ती हो' भन्ने अस्तित्ववादको सारवाक्यलाई जीवनको मूलमन्त्र बनाइ कर्ममा अगाडि बढेकी हुन् सिमोन । महिला विषयक अध्ययनको क्रममा पनि उनी त्यही सिद्धान्तप्रति नै प्रतिबद्ध रहिन्, त्यही सिद्धान्तका आँखाले संसारमा महिला र पुरुषबारे युगौंदेखि प्रचारित हुँदै आएका अनेक मिथ्या भ्रमहरूलाई चिर्न प्रयास गरिन्, चिर्न सफल भइन् उनी । महिलाको जन्म निरोधक अधिकारको समर्थनमा सन् १९६० मा फ्रान्सबाट निस्किएको पुस्तकमा उनले भूमिका लेखिन् । मानवताको आधा हिस्सा महिलाहरू विभिन्न कारणले गर्दा सदियौंदेखि शोषणमा परिरहेका यथार्थलाई दृष्टिगत गर्दै महिलाहरूको अवस्थामा आमूलपरिवर्तन गरी तिनको अस्तित्वको अधिकार सुनिश्चित गर्नका लागि वातावरण बनाउन विश्वभरिका महिलाहरू आपसमा सङ्गठित भएर लाग्नु आवश्यक भएको उद्घोष गर्दै सन् ७० को दशकबाट उनी महिलाहरूलाई सङ्गठित गराउने अभियानमा खुलेरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागिन् । फ्रान्समा १९७१मा प्रकाशित भएको 'मेनिफेस्टो अफ ३४३' (जसमा फ्रान्सका विभिन्न महत्वपूर्ण महिला व्यक्तित्वहरूले आफूहरूको जीवनमा गरेको गैरकानूनी गर्भपतनलाई स्वीकार गर्ने हस्ताक्षर गरेका थिए) मा सिमोनले पनि हस्ताक्षर गरिन् । त्यसैको प्रभाव स्वरूप फ्रान्समा १९७४ मा गर्भपतनको कानुन पास भयो । सिमोन १९७४मा नारी मुक्ति आन्दोलनको अध्यक्षमा निर्वाचित भइन् । यद्यपि यति बेला सिमोन जीवनको ६६ वर्षको उमेरमा पुगिसकेकी थिइन् तर आफ्नो अभियानमा उनले उमेरलाई कहिल्यै बाधक ठानिनन् । जीवनको अन्तिम घडीसम्मै सिमोन आफूले रोजेको कर्मप्रति पूरा निष्ठाका साथ खटिइरहिन् ।

सन् १९८० मा सार्त्रको मृत्यु पछि आफ्नी धर्मपुत्री सिल्बी लेबोको रेखदेखमा बित्यो सिमोनका बूढ्यौतीका दिनहरू । तर त्यस अवस्थामा पनि आफ्नो सिर्जनधर्मितालाई नछोडी निरन्तर सक्रिय नै भइरहिन् उनी । सात्रको मत्युपश्चात् उनले उनको सम्झनामा ए फेयरवेल टु सार्त्र (१९८१) प्रकाशित गरिन् । यस कृतिमा उनले खुलाएकी छन्- उनका कृतिहरूमध्ये यो नै त्यस्तो पहिलो कृति हो जुन प्रकाशित हुनु पूर्व सार्त्रले पढेनन् वा पढ्न पाएनन् । यो एउटा कृतिबाहेक अघि अघि उनले लेखेका कृतिहरू कुनै एउटा पनि त्यस्तो भएन जुन सिमोन प्रकाशित हुनुअघि नै सार्त्रले नपढेका हुन् । उनीहरू दुवै नै एक अर्काले लेखेका कृतिहरू प्रकाशित हुनुअघि नै पढिसक्थे ।

अन्त्यमा सिमोन निमोनियाले सताइएर पेरिसको एउटा अस्पतालमा भर्ना भइन् र त्यहाँ उपचारकै क्रममा सन् १९८६ को अप्रिल १४ तारिखका दिन दिङ्गत भइन् ।

५. सिमोन द बोदवाझका प्रकाशित प्रमुख कृतिहरू:

सी केम टु स्टे (१९४१), द ब्लड अफ ब्रदर्श (१९४५), इथिक्स अफ एमीगुइटी (दर्शन, १९४७), द सेकेण्ड सेक्स (महिला विषयक अनुसन्धानात्मक ग्रन्थ (१९४९), अमेरिका डे बाई डे (१९५४), द मेन्डेरिन्स (१९५४), प्रिविलेन (१९४७), मेमोवायर्स अफ अ ड्युटिफूल डटर (आत्मकथाको प्रथम खण्ड, १९५८), द प्राइम अफ लाइफ (दोस्रो खण्ड, १९६३),द फोर्स अफ सर्कमस्टान्सेज (तेस्रो खण्ड, १९६३), ए भेरी इजी डेथ (१९६४), ब्युटिफूल इमेजेज (१९६६), द उमन डेस्ट्रोयड (१९६८) ओल्ड एज (१९७०), अल सेड एण्ड डन (आत्मकथाको चौथो खण्ड, १९७२), आदि आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. महिलामुक्तिफ आन्दोलनको इतिहासमा नयाँ चरणको आरम्भः सिमोनको 'द सेकेण्ड सेक्स'

विश्वमा महिलामुक्ति आन्दोलनको इतिहास १८ औं शताब्दीदेखि थालनी भएको हो । पुनर्जागरण युगको उदय सँगसँगै युरोपमा जसै औद्योगिक क्रान्ति देखापऱ्यो, महिलामुक्ति आन्दोलनको इतिहास त्यसैसित जोडिएर अगाडि आएको हो । यो आन्दोलन विभिन्न चरणमा विकसित भएको पाइन्छ । पहिलो चरण सुरूदेखि सन् ६० पूर्वको अवधिमा महिला आन्दोलन विशेषतः समान कामको समान ज्याला र चुनावमा महिलाले पनि भोट हाल्न पाउनपर्छ भन्ने मागमा केन्द्रित थियो भने दोस्रो चरणको आन्दोलन महिलाको आर्थिक तथा राजनीतिक अधिकारका अतिरिक्त महिलाको अस्तित्वको अधिकार, सामाजिक, सांस्कृतिक पक्षसित जोडिएका अनेक समस्याबाट उसले मुक्त जीवन बाँच्न पाउनुपर्छ भन्ने मागसम्म विस्तारित भएको पाइन्छ । महिला मुक्ति आन्दोलनको इतिहासलाई पहिलो चरणबाट दोस्रो चरणमा अवतरित गराउनुमा सिमोन द बोदवाँको भूमिका निर्णायक रह्यो । सिमोनको आगमनपछि नै महिलामुक्ति आन्दोलन वास्तविक शक्तिमा प्रकट भएको हो भनिन्छ ।

यसअघिका महिलावादी अभियन्ताहरूले मानव समाजमा महिलालाई सधै पुरूषका निम्ति बनेको एउटा बस्तुका रूपमा हेरिने, शक्ति र सत्ताका निम्ति महिलालाई हतियार बनाइने, महिला अस्तित्वलाई पुरूषहरूद्वारा सधैं उनीहरूको यौनसन्तुष्टिको साधन एवं सन्तान जन्माउने भाँडोका रूपमा हेर्ने गरिएको, पुरूषहरूले जे दिन्छन् जति दिन्छन् त्यसैमा सन्तुष्ट भई बाँच्न महिलाहरूलाई बाध्य पारिंदै आएको जस्ता दुःखेसोहरू ओकल्दै महिला अधिकारको सुनिश्चितताका लागि जति नै सडक तताए पनि र जति नै कागज रङ्गाए पनि महिलालाई हेर्ने समाजको दृष्टिकोणमा तात्विक परिवर्तन आउन नसकिरहेको परिप्रेक्ष्यमा सिमोनले पहिलोचोटि कुनै पूर्वाहग्रहविना महिलाको अवस्थाबारेमा गहन अध्ययन गर्न अग्रसरता देखाइन् । उनले महिलाका बारेमा अध्ययन गर्दा पूर्व प्रचारित नाराहरूको पछि लागेर आफ्नो अध्ययन आरम्भ गरिनन्, बरू अस्तित्ववादी अवधारणाका आधारमा वास्तविकताको उत्खनन् गर्न चासो देखाइन् । 'द सेकेण्ड सेक्स' पुस्तक सिमोनले गरेको त्यही अध्ययनको निचोड हो । महिलामुक्ति आन्दोलनको मास्टरपिस मानिन्छ-सिमोनको यो पुस्तक ।

पहिलो चोटि सन् १९४९ मा फ्रेञ्च भाषामा लेखिएको सिमोनको यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक जसै सन् १९५३ मा अङ्ग्रेजी भाषामा अनुवाद भइ बजारमा आयो, यसको प्रचार-प्रसारले छिटै नै एउटा थामिनसक्नुको व्याप्ति पायो । महिला अधिकारकर्मीहरूका माझमा अनि समाजशास्त्रका विद्वान्हरूको वृत्तमा । यद्यपि महिला विषयमा यसअघि पनि थुप्रैले आफ्नो कलमको मसी नखर्चेका होइनन्, तर पनि प्रभावका दृष्टिले सिमोनको 'द सेकेण्ड सेक्स'को तागत सर्वाधिक उच्च रह्यो, अझै सम्म पनि यसको त्यो प्रभाव यथावत कायम छ– आफ्नो क्षेत्रमा । यस पुस्तकमा सिमोनले अघि-अघिका महिलावादीहरूको लेखनी भन्दा नितान्त भिन्न रेखामा उभिएर खुला सोचका साथ महिला विषयमाथिको आफ्नो अध्ययन पस्केकी छन् । यसभित्र उनले महिला समस्याको समाधान पहिल्याउन हतारो गर्नुभन्दा पनि समस्याको गहिराइ उधिन्दै त्यसको खास कारण के हो भन्ने बारेमा प्रकाश पार्न बढी ध्यान केन्द्रित गरेकी छन् ।

महिलाअधिकारको वकालत गर्ने कतिपय अधिकारकर्मीहरूले सशक्तता र सफलताको मानक पुरुषलाई स्वीकार्दै हरेक महिलालाई त्यस्तै बन्न प्रेरित गर्नुलाई सही नहुने ठहर प्रकट गरेकी छन् । यसभित्र सिमोनले । नारीले जीवनमा पुरुषजस्तो बन्न विद्रोह गर्ने होइन, बरू विद्रोह गरी आफूलाई बेग्लै अवस्थामा रूपान्तरित गर्न सक्ने शक्तिलाई प्रकट गरी आफ्नो प्रामाणिक अस्तित्वलाई प्राप्त गर्न अग्रसरता देखाउनु जरूरी छ भन्ने उनको आशय रहेको छ ।

महिला के हो ? के ऊ एउटा गर्भाशय मात्र हो ? किन मानवसमाजमा आजसम्म पनि पुरूष भन्नासाथ त्यसले सिङ्गो मानवप्राणीको प्रतिनिधित्व गर्छ तर महिला भन्नाले केवल महिला मात्र भन्ने अर्थ बुझिन्छ ? किन महिला दोस्रो दर्जाको मान्छे ठानिई ? उसलाई त्यो दर्जा कसले दियो ? यदि पुरूषले महिलालाई त्यो दर्जा दिएको हो भने उसले आखिर किन त्यसो गऱ्यो ? अनि महिला किन त्यो परिभाषाको थान्कोमा रहन अभ्यस्त भई ? किन उसले विरोध गरिन ? किन उसले विरोध गर्न सकिन ? किन पुरूषले चाहे जसरी उसले सधैं नै आफ्नो अस्तित्वको अर्थलाई पुरूष अस्तित्वसित जोडरै मात्र हेरिरही ? किन आफ्नो अस्तित्वको पृथकतालाई उसले बोध गरिन अथवा बोध गर्न सकिन ? के महिलाका बारेमा समाजमा प्रचारित गरिएका यावत् धारणाहरू अकाट्य सत्य हुन् ? सिमोनको द सेकेण्ड सेक्स पुस्तकले पाठकलाई नारी-पुरूष सम्बन्धका बारेमा यी र यस्तै अनेक प्रश्नहरूप्रति चिन्तनशील बन्न प्रशस्त मात्रामा प्रेरित गर्दछ । वास्तवमा सिमोनले पुस्तकभित्र यिनै प्रश्नहरूका बीचबाट एउटा सत्यलाई वाणी दिएकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्– 'महिला जन्मिन्न, बरू उसलाई महिला बनाइन्छ ।'

सुरूमा जब एउटा शिशु जन्मन्छ, त्यो एउटा मानव शरीरमात्र हुन्छ । तर पछि त्यो शरीर भाले मानवको हो या पोथी मानवको त्यसको आधारमा उसप्रति भिन्न व्यवहार गर्न सुरू गरिन्छ । शिशुको सामाजिकीकरणका क्रममा त्यसरी लैङ्गिक विभेदपूर्ण प्रचलनहरू तिनमा हावी हुँदै जानाले अन्ततः स्वतन्त्र मानवअस्तित्वको परिचय खोसिएर समाजमा ऊ कि पुरूष बनेर देखिन पुग्छ कि महिला बनेर देखिन पुग्छ र त्यही परिचयलाई नै सत्य ठान्दै ऊ एउटा सामुहिक जीवनमा हराएर बाँच्न अभ्यस्त हुन्छ । यो यथार्थलाई पुस्तकमा छर्लङ्ग पारेकी छन्, सिमोनले ।

मानव समाजमा पितृसत्ताको अभ्युदयसँगँगै महिला पुरूषको आश्रिताका रूपमा परिभाषित हुन पुगेकी हो । त्यही समयबाट पुरूषले महिलाको स्वतन्त्र अस्तित्वलाई नकार्दै उसलाई आफ्नो आवश्यकताको एउटा अर्को प्राणी (दोस्रो दर्जाको प्राणी) को रूपमा चिन्न र चिनाउन सुरू गरेको हो र निरन्तर रूपमा त्यही भावले व्यवहार गरिनुले गर्दा महिलाहरूमा हीन मनोग्रन्थीको विकास हुन गई अन्ततः स्वयं महिलाहरूले परिवार-समाजमा आफूहरूलाई दोस्रो दर्जाको थान्कोमा राख्न अभ्यस्त भए, यो तथ्य छर्लग्याइएको छ सिमोनको यस पुस्तकमा । स्मरणीय कुरा के छ भने सिमोन यस पुस्तकभित्र पितृसत्ताको प्रभुत्वमा कुँजिइन पुगेका महिलाको अवस्थाबारे विश्लेषणगर्दा पुरूषप्रति पूर्वाग्रही देखिएकी छैनन्, बरू उनले स्वयं पुरूषले पनि पितृसत्ताको जालोमालोमा फस्न पुगी जीवनमा सधैं एउटा तनावको अवस्थामा गुज्रन बाध्य हुनुपरिरहेको छ भन्ने कुरा खुलाइदिएकी छन् ।

विश्वका कतिपय ठूला ठूला दार्शनिक र साहित्यकार एवं मनोवैज्ञानिकहरूको चिन्तन पनि पितृसत्ताको प्रभुत्वबाट डामिन नछुटेको तथ्य पनि यसभित्र उनले उजागर गरिदिएकी छन् । आधुनिक मनोविज्ञानका प्रवर्तक सिग्मण्ड फ्रायडले महिलालाई अपूर्ण मान्छे ठान्नु, प्लटोले आफू महिला नभई पुरूषका रूपमा जन्मन पाएकोमा ईश्वरप्रति कृतज्ञता जाहेर गर्नु, अरिस्टोटलजस्ता महान् दार्शनिकले समेत प्रजनन् प्रक्रियाका सन्दर्भमा महिलालाई निष्कृय पदार्थ मान्नु र पुरूष शक्ति गति र जीवन हो भनी ठान्नु ठूलै विडम्बनाको कुरा हो । पुस्तकभित्र उनले यी सन्दर्भहरू समेत उठाउँदै महिलाका बारेमा समाज मनोविज्ञानमा गडेर बसेका तमाम मिथ्या प्रचारहरू अवैज्ञानिक धारणा भएको तथ्य वस्तुनिष्ठ ढङ्गबाट पुष्टि गर्ने प्रयासगरेकी छन् । पुस्तकभित्र उनले प्रत्येक परिस्थितिमा मानव जीवनमा विकासको अपरिमित क्षमता निहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छ, कसैको पनि सम्भावनामा बाहिरबाट अरू कसैले सीमा लगाउन सक्दैन वा मिल्दैन भन्ने आफ्नो दृष्टि पस्केकी छन् ।

पाश्चात्य समाजिक-सांस्कृतिक धरातलमा उभिएर महिलाको ऐतिहासिक अवस्थाको निरीक्षण गर्नुका साथसाथै मूलतः जीव वैज्ञानिक वस्तुतथ्यका आधारमा महिला र पुरूष एकका लागि अर्को बढी वा कम केही पनि नभई अनिवार्य घटकका रूपमा दुवै एक अर्काका लागि अपरिहार्य हुन् भन्ने सत्यलाई वाणी दिइएको यस पुस्कतभित्र सिमोनले अन्य महिलावादीहरू, साहित्यकारहरू, दार्शनिकहरूका भनाइहरू पनि प्रशस्त मात्रामा उद्धृत् गर्न छोडेकी छैनन् र पुस्तकलाई दार्शनिकता र साहित्यिकताको मिठासले सिंगार्न पनि बाँकी राखेकी छैनन् । तर त्यति हुँदाहुँदै पनि यो पुस्तकमा उनले चूरोमा महिला विषयलाई जसरी हेरेकी छन् त्यो कतै पनि मनोगत लाग्दैन, पूरै वस्तुगत यथार्थलाई प्रकाशित गर्दछ त्यसले ।

पुस्तकभित्र उनले महिलाले जीवनमा स्वतन्त्र मानव प्राणीको हैसियतले आफ्नै रोजाइमा समाजमा परम्परागत रूपमा महिलाहरूले गर्दै आएका काम भन्दा भिन्न किसिमको काम गर्न खोज्दा उसलाई पुरुषजस्तो बन्न खोजेको भनी बुझिदिने चलन रहँदै आएको यथार्थमा प्रकाश पार्दै त्यस्तो सोच पाल्नु मनोवैज्ञानिक त्रुटि हो भन्ने कुरा दर्शाएकी छन् । वास्तवमा कुनै पनि काम कोही पनि व्यक्तिले कोही अरूसँगै जीता बन्नका लागि होइन, आफूलाई आफै जस्तो बनाउने प्रेरणाले प्रेरित भएर नै गर्ने हो । यो कुरा सिमोनले प्रस्ट पार्न खोजेकी छन् ।

महिलाको शरीरमाथिको अधिकार उसैमा हुनुपर्छ भन्छिन्- सिमोन । महिलालाई उसको आस्तित्विक यथार्थ भन्दा पर घचेट्न खोज्दै रहस्यमयी प्राणी जस्तो बुझाउन खोज्ने र त्यसो गरी पुरूषले उसलाई सधैं यो वा त्यो नाममा आफ्नो स्वार्थसिद्ध गर्न उपयोग गर्ने प्रचलनप्रति सिमोनले औंला उठाएकी छन् र महिलालाई देवी वा दासी केही पनि नबनाइ उसलाई स्वतन्त्र मानव प्राणीका रूपमा बुझिदिन आग्रह गरेकी छन् ।

पुस्तकभित्र सिमोनले महिलाको आर्थिक सवलीकरण हुनुपर्ने कुरा महत्वका साथ उठाएकी छन् । आर्थिक रूपमा आत्मनिर्भर हुनासाथ महिलाहरूले आफ्नो खास शक्ति पहिचान गर्न सक्नेछन् । पराधीनताबाट तिनीहरू मुक्त हुनेछन् र स्वतन्त्रताको बाटो तर्फ अघि बढ्ने छन् । सिमोनले पुस्तकभित्र महिला स्वतन्त्र हुनु भनेको महिला मात्र स्वतन्त्र हुनु होइन, सँगसँगै पुरूष पनि स्वतन्त्र हुनु हो भन्ने तथ्य पनि बुझाउन छुटाएकी छैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकभित्र अन्तिम परिच्छेदमा सिमोनले स्वाधीन महिलाको बारेमा विशेष चर्चा गरेकी छन् । जमाना फेरिँदै गइरहेको छ । संसारमा अब स्वाधीन महिला जन्मीसकेकी छ । त्यसैले यदि अब पनि महिलामाथि पहिला पहिलाको जस्तै गरी दमन गरिरहने धृष्टता गरिन्छ भने त्यसको परिणाम भयानक पनि हुन सक्छ । सिमोनले यो सम्भावनाको समेत सङ्केत गर्दै तर त्यस्तो नहोस् भन्ने कामनाका साथ पुस्तकको अन्त्यमा सिङ्गो मानवताको हितका लागि पनि अब महिलाले स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्छ भन्ने बोली बोलेकी छन् ।

७. अन्त्यमा, निष्कर्ष

परिवर्तन लामो प्रक्रिया हो तर त्यसको सुरूवात हरेकले आफैबाट थाल्नुपर्छ भन्ने सिमोन द बोदवाँको मान्यता समाजका महिला तथा पुरूष दुवैका लागि एउटा ठूलो प्रेरणात्मक सन्देश बन्न सक्छ, यदि तिनले नारी पुरूषबीचको असन्तुलित शक्ति सम्बन्धमा परिवर्तन ल्याउन हृदयतः प्रयास गर्न खोजेका हुन् भने । महिलाअधिकारको सुनिश्चितताका लागि तथा महिलापुरूष समविकासका लागि महिला सशक्तीकरण तत्कालको आवश्यकता हो भन्ने बोध गर्दै त्यसका लागि समाजलाई जागरूक पार्न लागिपरिरहेका आजका तमाम महिलावादीहरू तथा समानतावादीहरूका लागि सिमोनको जीवनी आफैमा एउटा ठूलो पाठ सिद्ध हुनसक्छ । सिमोनले जीवनलाई नितान्तः आफ्नै प्रयासको बलमा आफ्नो रोजाइअनुरूपको स्वरूपमा प्राप्त गरिन् । आफ्नो स्वतन्त्रताको पूरापूर उपयोग गरी उनले आफूमा अन्तर्निहीत क्षमताको प्रकटीकरणमा पूरै सफलता हासिल गर्न सकिन् ।

सिमोनले उतिबेला लेखेको 'द सेकेण्ड सेक्स' पुस्तक आजको समयमा पनि उत्तिकै सान्दर्भिक, उत्तिकै पठनीय र मननीय छ । यस पुस्तकभित्र सिमोनले महिला र पुरूषको बीचमा शारीरिक भिन्नता बाहेक अरू कुनै स्थायी भिन्नता नभएको तथ्यलाई छर्लङ्ग्याउन बेस्सरी प्रयास गरेकी छन् । महिला वा पुरूष भन्नासाथ तिनमा साधारणतया समाजले जुन किसिमको स्वभाव अपेक्षा गर्छ त्यो तिनमाथि समाजको दमन हो । यथार्थमा कसैका बारेमा पनि अरूले परिभाषा बनाउन मिल्दैन, हरेक व्यक्तिले आफ्नो परिभाषा आफै नै बनाउने हो । व्यक्तिलाई आफ्नो स्वतन्त्र कर्मले आफ्नो परिभाषा आफै बनाउने हक छ, अधिकार छ । पुस्तकभित्र सिमोनले अस्तित्ववादी यस अवधारणाका आधारमा महिला स्वतन्त्रताको वकालत गरेकी छन् । उनको यो पुस्तकले महिला स्वतन्त्रताको वकालत गर्ने सन्दर्भमा एकातिर समाजको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षपाती प्रचलनलाई निकै गहिरोसित उधिनेको छ भने अर्कोतिर प्रत्येक महिलाले समाजले बनाएको पुरातन परिभाषाको सङ्कुचनबाट बाहिर निक्ली जीवनमा स्वतन्त्र परियोजनाहरू बनाइ सोही अनुरूप कर्ममा प्रतिबद्ध भई आफूमा प्रामाणिक अस्तित्व प्राप्त गर्न प्रयास गर्नुपर्छ भन्ने सन्देश पनि उस्तै महत्वका साथ सम्प्रेषित गरेको छ ।

सन्दर्भसामग्री

१. Cazamian, L. 1955. A History of French Literature, London: Clarendon Press Oxford.

२. Devine, Elizabeth (ed.). 1987 Thinkers of 20th Century, New Delhi: Himalayan Books.

३. Simon de Beauvoir. A.D. 1953. The Second Sex (Translated and edited by H.M. Parshley) New York: Knopf.

४. पाण्डे, ज्ञानू. वि.सं. २०६२. विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद, काठमाडौंः नेपाली आख्यान समाज

५ http://en.wikipedia.org/wiki/Simone_de_Beauvoir [accessed 05/18/2011)



हार्दिक श्रद्धाञ्जलि !

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका सल्लाहकार एवं वरिष्ठ साहित्यकार **राजेश्वर देवकोटाको** असामयिक निधनप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, नयाँबजार, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोज

प्राचीन चीनमा नेपाली बौद्ध विद्वान्

डा. विजयकुमार मानन्धर

नेपाल र चीनबीच लामो ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सम्बन्ध रहिआएको छ । ईशाको पाँचौ शताब्दीमा दुई मुलुक बीच सांस्कृतिक प्रतिनिधिमण्डलहरूको आदान-प्रदान भएको थियो । नेपाल र चीन बीचको पहिलो औपचारिक सम्बन्ध भने ईशाको सातौं शताब्दीको मध्यतिरबाट सुरू भएको हो । बुद्ध धर्मद्वारा नेपाल-चीन सांस्कृतिक सम्बन्धहरू जोडिएका छन्, जुन बौद्धिक तथा आध्यात्मिक चाहनाको साझा आधार बनेको थियो र नेपाल चीन बीचको सम्बन्ध तथा आपसी क्रियाकलापको आधार भएको थियो । नेपाल र चीन बीचको सम्बन्धलाई अमर तुल्याउने केही प्रमुख व्यक्तिहरू हुन्– फाहीयान, ह्वेनशाङ, बुद्धभद्र, भृकुटी र अरनिको । तिनीहरूमध्ये नेपाली बौद्ध विद्वान् बुद्धभद्रले चिनियाँ बुद्धधर्ममा प्रशस्त योगदान गरेका छन् ।

इ. सन् ६७ मा चीनमा बुद्धधर्मको प्रवेश नेपाली-चीन सांस्कृतिक सम्बन्धको इतिहासमा एउटा महत्वपूर्ण घटना थियो । चौथो शताब्दीमा शासन सत्ता आफ्नो हातमा आएपछि छिङ बंशले गुम्बाहरू निर्माण गराएर बुद्धधर्मको विकास गर्ने काम गऱ्यो । नेपाली र चीनियाँ बौद्ध विद्वान् भिक्षुहरूले बुद्धधर्मको विकासका निम्ति चालेका क्रियाकलापहरूले बताइरहेका छन् कि नेपाल-चीन सांस्कृतिक सम्बन्धको इतिहासमा पाँचौं शताब्दी पनि महत्वपूर्ण समयावधि थियो । यहाँनिर के कुरा उल्लेख गर्नु पर्दछ भने चीनमा बुद्ध धर्मको प्रवेशपछि चीनका बौद्ध समुदायहरूले अनेकौं समस्याहरू झेल्नु परेको थियो- (क) धेरै प्राविधिक शब्दावली सहितका बौद्ध ग्रन्थहरूको अनुवाद गर्ने कार्य (ख) धेरै बौद्धग्रन्थहरूको गलत अनुवादले भ्रम पैदा गर्नु, (ग) बौद्धदर्शनको शूक्ष्म र रहस्यमय विचारहरूको भ्रमपूर्ण समझदारी, (घ) गुम्बामा बस्नेहरूका लागि अनुशासनको आचारसंहिता । परिणामस्वरूप चिनियाँ विद्वान् भिक्षुहरू आफ्नो मातृभूमिमा बौद्ध साहित्यको भण्डार भर्नका निमित्त बौद्ध धर्मावलम्बीहरूको पवित्र भूमि नेपाल र भारतको कठिनतम् यात्रा गरेर पूर्ण र मौलिक स्रोतग्रन्थहरूको संलन गर्न उत्प्रेरित भए । नेपाल र भारतमा मौलिक ग्रन्थहरू र वास्तविक सिद्धान्तहरूको खोजी गर्नुका साथै प्रसिद्ध बौद्ध तीर्थहरूको यात्रा गर्न प्रख्यात बौद्ध विद्वान्हरू फाहियान र ह्वेनशाङले नेपाल र भारतको यात्रा गरे ।

नेपाल र चीन दुवै मुलुकका निःस्वार्थ बौद्ध विद्वान् भिक्षुहरूले जोडेका दुवै देश नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्धहरूका केही विशेषताहरूमध्ये दुःख पाएका मानव जातिको मुक्तिका लागि बुद्धले प्रतिपादन गरेको मैत्री र करूणाको सन्देशलाई व्यापक तुल्याउने कार्य मुख्य हुन् । दुवै देश बीच सांस्कृतिक सम्बन्ध स्थापना गर्ने कार्यमा विशेषगरी चिनियाँहरूको अग्रसरता थियो । चीनमा बुद्ध धर्मको प्रचार-प्रसार गर्ने कार्यमा प्रमुख नेपाली बौद्ध विद्वान्हरूले गरेका अमूल्य सेवाहरूलाई पनि बिर्सन सकिन्न । पाँचौं शताब्दीमा चीनको

त्रि.वि.मा इतिहास विभाग प्रमुख रहिसक्नुभएका प्रा.डा. मानन्धर इतिहास विषयका अनुसन्धाता एवं लेखक हुनुहुन्छ। –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रमण गर्ने पहिलो नेपाली बौद्ध विद्वान् बुद्धभद्र हुन् । उनी बाहेक अरू दुई जना बौद्ध विद्वान्हरू विमोक्षासेन छैटौं शताब्दीमा र शुभाकार सिंह आठौं शताब्दीमा चीन गएका थिए । बौद्ध ग्रन्थहरूको चिनियाँ भाषामा अनुवाद गरेर चीनमा बुद्धधर्म प्रसार गर्ने कार्यमा योगदान गरेका थिए । दुर्भाग्यवश बुद्धधर्म प्रसार गर्ने शुध्द भावना लिएर चीन गएका नेपालीहरूले प्रसिद्ध बौद्ध विद्वान् बुद्धभद्र र अरूहरूले गरेका महान् कार्यहरूको कुनै पनि अभिलेख राखेको पाइँदैन । तिनीहरूको नाउँ चीनको बुद्धधर्मको इतिहासमा जोडिएको छ । नेपाल बाहिर नेपाली सभ्यताको प्रकाश फैलाउने पहिलो व्यक्ति बुद्धभद्र हुन् । महत्वपूर्ण कुरा त के हो भने चिनियाँहरूले यी नेपाली बौद्ध विद्वान्को नाउँ मात्र सुरक्षित राखेको नभई नेपाल भ्रमण गर्ने चिनियाँ बौद्ध विद्वान्हरू फाहियान, ह्वेनशाङ, शेङ चाइ र अरूहरूका अभिलेख पनि सुरक्षित राखेका छन् । छिङ बंशका भिक्षु (२६५-४२० ई.सं.) सेङ चाइले नेपालको भ्रमण गर्नुका साथै उनले ऊ को शी (विदेशी अधिराज्यहरू) बारेका सामग्री पनि लेखेका छन् । वाटर क्लासिक बारे लेखिएका टिप्पणी (Commentary on the water classic) स्वी चङ्ग च्मा समावेश भएको उनका लेखहरूको केही खण्डबाहेक युयान-छेन-लेइ-हान (सन् १७१० को छिङ विश्वकोशमा समावेश) केही उदाहरणहरू पनि छन् । उनको कृतिमा बुद्धको जन्मभूमि लुम्बिनीको भौगोलिक विवरणको महत्वपूर्ण स्रोतका साथै कपिलवस्तुको रमणीय वर्णन पाइन्छ । शेङ चाइको विवरण फाहियानको विवरण भन्दा पहिलेको हो ।

चीनको क्याङ्सु प्रान्तमा नानकिङ नजिकै याङ-चाउमा ब्ल्याक ड्रागोन स्प्रिङ भनिने चारवटा स्मारकहरू पत्ता लगेपछि के भेट्टाइएको छ भने नेपाली बौद्ध विद्वान् बुद्धभद्र शाक्य (बुद्ध बातम) ले.ई.सं. पाँचौ शताब्दीमा चीन भ्रमण गरेका रहेछन् । वास्तवमा बुद्धभद्र शाक्य जसको नाउँको अर्थ हो "विवेकपूर्ण मानिस" चीन भ्रमण गर्ने र चिनियाँ जनताको सेवामा सम्पूर्ण जीवन नै अर्पण गर्ने पहिलो नेपाली मात्र नभई काश्मिर र चीनमा बुद्धधर्म फैलाउने नेपालका ठूला-ठूला बौद्ध विद्वान्हरूमध्ये पनि एक हन् । चिनियाँ भाषामा उनको नाउँ फो-तो-पो-तो-लो (FO-tto-Po-T0-L0) र छेब्सेनको नामले अनुवाद गरिएको छ । उनको परिवार सुरूमा बुद्धको गृहनगर नेपालको पश्चिमी भाग कपिलवस्तुबाट आएको भए तापनि तिनीहरू नगरहारा (अफगानिस्तानको आधुनिक जलालावाद) मा बसाई सरेका थिए जहाँ ई.सं. ३५८ मा बुद्धभद्रको जन्म भएको थियो । एउटा परम्परा अनुसार बुद्धको काका अमृतोदनको सन्तति शाक्य परिवारमा उनको जन्म भएको हो भनिएको छ । बुद्धभद्र पाँच वर्षको हुँदा उनका माता-पिता दुवै परलोक भएपछि उनका बाजेहरूसँगै नगरहाराबाट कपिलवस्तु फर्किए तर त्यसपछि बाजे बज्यैहरू पनि चाँडै नै परलोक भए । सानै उमेरमा टुहुरा भएकोले कुनै दयालु मानिसले बुद्धभद्रको पालन पोषण गरेर बौद्धआश्रममा राखिदिए । बाल्यकालदेखि नै उनको बुद्ध धर्ममा विशेष अभिरूचि रह्यो । सत्र वर्षको उमेरमा आफ्नो अध्ययन पूरा गर्दा उनले बुद्ध धर्मको गहन ज्ञान प्राप्त गरिसकेका थिए । सानै उमेरमा उनले विभिन्न ग्रन्थहरूका हजारौं शब्दहरू पढिसकेका थिए । एकपल्ट उनका सहपाठी विद्यार्थी सङ्घदत्त ध्यानमग्न हुँदा एकाएक बुद्धभद्र देखा परे र कहिले आएको हो भनी सोधे । बुद्धभद्रले भने–'मैत्रेयलाई भेट्न तुषिता भवनमा गएको थिएँ र गुरूले पनि बुद्ध धर्मको राम्रो र विस्तृत ज्ञान दिए' बुद्धभद्र धेरै नै प्रतिभावान् र बुद्ध धर्मको ज्ञाता विद्वान् थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र बौद्ध स्थलहरू र विहारहरूको भ्रमण गर्दा उनी धेरै बौद्ध आश्रम पुगे । उनी कश्मिरको मौथ्यानथोलो विहारमा पनि पुगे । विहार प्रमुखको अनुरोधमा बुद्धभद्र केही समय त्यहीँ बसे र बौद्ध गुम्बामा बसेका भिक्षु समुदायलाई धर्मदेशना गर्न लागे । उनी प्रतिभाशाली बौद्ध विद्वान् प्रमाणित भए । त्यस अवधिमा बुद्धको जन्मभूमिका रूपमा नेपालको व्यापक ख्याति थियो र त्यसले चिनियाँ आगन्तुकहरूलाई आकर्षित गरेको थियो । चिनियाँ भिक्षु फाहियान (फा-शेन) ले ६५ वर्षको बृद्धावस्थामा पनि अरू चार जना भिक्षुहरूसँग मिलेर इ.सं ३९९-४१४ सम्म १५ वर्षसम्म बुद्धधर्मको गहन अध्ययन गर्नुका साथै विहार विनय (अनुशासन) का प्रामाणिक ग्रन्थहरू प्राप्त गरे । फाहिपानले बुद्ध धर्मका ज्ञाता बौद्ध विद्वान्हरू खोजी चीनमा लैजानका निमित्त भारतमा डेढ दशक बिताएका थिए । उनले बुद्धभद्रको चीन भ्रमण सफल तुल्याउन निकै मद्दत गरे । फाहियानले बुद्धभद्रसँगको सहकार्यमा धेरै प्रामाणिक बौद्धग्रन्थहरू चिनियाँ भाषामा अनुवाद गर्ने काम सम्पन्न गरिएको कुरा चिनियाँ ग्रन्थमा बताईएको छ ।

फाहियानको भारत भ्रमणकै बेलामा उनीभन्दा अलग्गै चीनबाट अर्को बौद्ध समूहले भारत भ्रमण गरेको थियो । तिनीहरू पनि अध्ययनका लागि प्रख्यात बौद्धकेन्द्र काश्मिर आएका थिए । चिनियाँ प्रतिनिधि मण्डलले ख्याति प्राप्त बौद्ध विद्वान्लाई आफूहरूसँगै चीन पठाई दिन त्यहाँका बौद्ध समुदायसँग अनुरोध गरे । विहार प्रमुखले बुद्धभद्रलाई बुद्धकै सन्तति हुन् भनी जोडदाररूपमा सिफारिस गरे र उनी बुद्धधर्मका ठूला विद्वान् भएको बताए । उक्त चिनियाँ प्रतिनिधि मण्डलले आफूहरूसँगै चीन जानलाई बुद्धभद्रसँग अनुरोध गरे । सुरूमा चीन अति नै टाढा र नयाँ ठाउँ भएकोले नेपाली विद्वान् बुद्धभद्र उनीहरूसँग जान अनिच्छुक भए । तर पछि चिनियाँहरूको अनुरोध मान्नुका साथै बुद्धभद्रले टाढाको मुलुक भए पनि चीनमा गएर बुद्धधर्मको प्रचार-प्रसार गर्ने निर्णय गरे र ई.सं. ४०६ मा चिनियाँ भिक्षुहरूका साथ महाचीन प्रस्थान गरे । भारतबाट चीन जान भूमियात्रा गर्दा तिनीहरूले विभिन्न देशहरू पार गरेर, अनेकौं कष्ट सहेर म्यानमार हुँदै भियतनाम पुगे । त्यहाँबाट तिनीहरूले समुद्री यात्रा जारी राखे । चीन पुग्नु अघि आफूहरूको समुद्री यात्रामा अनौठो घटना घट्ने भविष्यवाणी गरेर बुद्धभद्रले आफ्ना सहयात्रीहरूलाई प्रभाव पारेका थिए । अन्तमा ई.सं. ४०९ मा तिनीहरू शान्तोङ्गको चिनियाँ प्रान्तको छिङ्चाइ बन्दरगाहमा आइपुगे । त्यहाँबाट तिनीहरू चीनको तत्कालीन राजधानी चाङआन (शेन्सी प्रान्तको आधुनिक सियान) गए । चीनको राजधानी आइपुगेपछि चीनका बादशाह र जनताले तिनीहरूको भव्य स्वागत गरे र बौद्ध विहारमा लगे । चाङआनमा आइपुग्ने बित्तिकै सर्वास्तिवादका अनुयायी बुद्धभद्रले बुद्धधर्मबारे प्रवचन दिन थाले । चिनियाँ भिक्षुहरूले बुद्धधर्मबारे उठाएका धेरै रहस्यात्मक प्रश्नहरूको उनले समाधान गरिदिए तथा उनको उत्तरबाट तिनीहरू धेरै नै प्रभावित भए ।

बुद्धभद्रले चिनियाँ बुद्धधर्ममा ठूलो प्रभाव पारे । उनले सूत्र पाठ गर्नमाभन्दा विषयबोध गराउनमा जोड दिएका थिए । त्यसबेला कुमारजीवका अनुयायीहरू र ध्यान भावनामा जोड दिने बुद्धभद्रका अनुयायीहरूको बीचमा विवाद उठिरहन्थ्यो । केही समयपछि सैद्धान्तिक मतभेदले गर्दा उनको र कुमारजीवको बीचमा मतभेद भयो । कुमारजीवका अनुयायीहरूले बुद्धभद्रलाई भए नभएको आरोप लगाए । बुद्धभद्रको विद्वता र लोकप्रियताप्रति साह्रै ईर्ष्यालु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेका केही मानिसहरूले भए नभएको आरोपहरू लगाएर उनलाई बद्नाम गर्न खोजे तर पछिबाट सत्यता प्रकट भएपछि तिनीहरूले पश्चाताप गरे । विवादकै कारण बुद्धभद्रलाई चाङआनबाट निष्काशित गरियो । ई.सं. ४१० मा आफ्ना लगभग चालीस जना शिष्यहरूसहित बुद्धभद्र लुशानमा आइपुगे, जहाँ प्रसिध्द चिनियाँ विद्वान् भिक्षु हुई-यानले ध्यान गुरूको रूपमा ख्याती पाएका नेपाली बौद्ध विद्वान्लाई न्यानो स्वागत गरे । पछि आफ्ना शिष्यहरू सहित बुद्धभद्र नानकिङ गए ।

ई.सं. ४१४ मा फाहियान चीन आइपुग्दा बुद्धभद्र र कुमारजीव बीच भएको विवादले रनभुल्लमा परे । त्यसैले बुद्धभद्रलाई शान्त पारेर चाङआन फर्काउन उनी नानकिङ गए । नेपाली विद्वान्लाई राजधानी चाङआनमा फर्कन राजी गराउन फाहीयान सफल भए । राजधानीमा बादशाहले बुद्धभद्रलाई हार्दिक स्वागत गरे । चाङआनमा केही समय बसीसकेपछि फाहियानसँगै बुद्धभद्र फेरि एक प्रमुख अनुवादक बने र उनले बौद्ध ग्रन्थहरू चिनियाँ भाषामा अनुवाद गर्न संलग्न रहेका सयभन्दा बढी भिक्षुहरूलई निर्देशन गरे । यो विहार चीनमा यस्ता ग्रन्थहरू भएको प्रमुख केन्द्र थियो । नानकिङमा रहँदा फाहियानसँग सहकार्य गर्दै कतिपय प्रसिद्ध बौद्ध ग्रन्थहरूलाई संस्कृत भाषाबाट चिनियाँ भाषामा अनुवाद तथा सम्पादन गर्ने योजना सुरू गरे । यहाँ के कुरा उल्लेख गर्नु आवश्यक छ भने फाहियानले भारतबाट धेरै नै मूल बौद्धग्रन्थहरू ल्याएका थिए । त्यतिबेलासम्ममा बुद्धभद्रले पनि चिनियाँ भाषाको गहिरो ज्ञान प्राप्त गरिसकेका थिए । ई.सं. ४२० मा फाहियानको मृत्युपछि पनि बुद्धभद्र अनुवाद योजनाहरूमा व्यस्त रहे । नेपाली विद्वान्ले ई.सं. ४२९ मा आफ्नो एकहत्तरौं वर्षको उमेरमा भएको मृत्यु पर्यन्तसम्म आफ्नो क्रियाकलाप चालु राखे । आदरणीय बुद्धभद्रको चिहान चीनमा पत्ता लागेको छ । बुद्धभद्रले अनुवाद गरेका पन्ध्र वटा ग्रन्थहरू हाल चीनमा सुरक्षित छ । तिनमा सबभन्दा विस्तृत ग्रन्थ पचास परिच्छेदहरूमा विभक्त अवताम्सक-सूत्र (मालाको बारेमा धर्मदेशना) हो । यो ग्रन्थ ई.सं. ४२० मा समाप्त गरिसकिएको थियो । यो धेरै नै रहस्यात्मक छ र यसले महायान विचारको उच्च तहको प्रतिनिधित्व गर्दछ । ई.सं. ४१६ मा फाहियानसँग मिलेर बुद्धभद्रले चालीस खण्डको महासाङ्घिक-विनयको अनुवाद गरेका थिए । फाहियानसँगको सहकार्यमा बुद्धभद्रले चिनियाँ भाषामा अनुवाद गरेका छ खण्डको महत्वपूर्ण ग्रन्थ हो- महापरिनिर्वाण-सूत्र (महापरिनिर्वाण बारेको धर्मदेशना) अरू ग्रन्थहरूमा चौंतीस परिच्छेदमा विभाजित महासाङ्घीय मतको विनय पिटक (विहारको अनुशासन), चौंतीस परिच्छेदको बुद्धवाताम्शक महाविपुल्य सूत्र, बुद्धानुस्मृति समाधि, (बुद्धको चिन्तन बारे प्रवचन), गर्भ-सूत्र, ज्ञान-सूत्र, समाधि-सूत्र, विपुल्य-सूत्र र प्रतिज्ञाको मञ्जुश्री सूत्र पर्दछन् । यी ग्रन्थहरूका साथै उनले अरू कतिपय बौद्धग्रन्थहरू पनि अनुवाद गरेका थिए जसमध्ये अनन्तमुख साधकारिणी ई.सं. ४१९, क्वान फो सान मेइ हाइ चिङ ई.सं. ४२०-४२३, तथागत गर्भ ई.सं. ४२०, पूर्वी चीन बंशको लुङ-आन प्रवासको दोस्रो वर्षमा योगाचार भूमि र भद्राचार्य प्रणिधान । बुद्धभद्रको अनुवाद योजनमा कार्यरत रहने फाहियान बाहेक व्ही-युआन, फा-येन र अरू धेरै भिक्षुहरू थिए । स्यामुयल विलको चिनियाँ त्रिपिटकको ग्रन्थ सूचीमा बुद्धभद्रका धेरै ग्रन्थहरूको उल्लेख पाइन्छ ।

बौद्ध संस्कृतिहरूबीच आपसी विनियमको इतिहासमा बुद्धभद्रका प्रयत्नहरूमा गौरवमय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद समावेश भएको हामी देख्न सक्छौं । चीनमा बौद्धग्रन्थहरूको प्रादुर्भाव गराउने महत्वपूर्ण ग्रन्थकारहरूमध्ये उनी एक हुन् । उनले आफ्नो अनुवाद कृतिहरूद्वारा चीनमा बुद्धधर्म प्रसार गरेर विशिष्ट योगदान दिएका छन् । चीनका ठूला विहारहरूमा बस्नका लागि आमन्त्रित प्रमुख विद्वान्‌हरूमध्ये उनी एक थिए । निश्चय नै उनले अद्वितीय प्रतिष्ठा प्राप्त गरेका थिए । उनको जीवन यात्रा उदाहरणीय थियो । उनको ध्यानशिक्षा गुरू बुद्धसेनप्रति समर्पित 'चान' (ध्यान) पन्थीहरू र उनको प्रयासले गर्दा याङ्चे नदीको दक्षिणी प्रदेशभरि फैलिएको कुरा उल्लेखित छ । प्रसिद्ध जेन गुरू बुद्धभद्रले ई.सं. ४१३ मा चीनमा पहिलोपल्ट ध्यानसूत्रको बारेमा धर्मदेशना दिएका थिए र उनको धर्मदेशनाद्वारा धेरै नै स्थानीय बासिन्दाहरू ध्यानी बनेका थिए । अतिशयोक्ति नगरी भन्ने हो भने उनको अनुवाद धर्मावतार सूत्र र अमताम्शक सूत्रले ध्यानको जग हालेको हो भन्न सकिन्छ । चिनियाँ भिक्षुहरूलाई एक हात निकालेर चीवर लगाउन, साह्रो-गाह्रो जमिनमा बस्न, मध्यान्ह अघि एक छाक मात्र खान सिकाउने श्रेय बुद्धभद्रलाई पनि जान्छ । यस बाहेक पनि उनले भद्रसर्वसिद्धान्तलाई व्यापक बनाए । यसरी चिनियाँ बुद्धिजीवीहरू र सर्वसाधारण उपासकहरूमा बुद्धधर्मको प्रचार अथकढङ्गले गरे । उनलाई चिनियाँ बुद्धिजीवीहरूले सक्रियरूपमा समर्थन गरे । यसरी, चीनमा एक्काइस वर्ष बिताएर बुद्धको शान्ति सन्देश फैलाउन सुदृढ जग हाले ।

नेपाल र चीन बीचको मैत्री सम्बन्ध बुद्धभद्र र फाहीयान जस्ता बौद्ध विद्वानका सहकार्यको प्रत्यक्ष फल हो । यसकारण चीनसँग नेपालको सांस्कृतिक सम्बन्धको जग हाल्ने कार्यमा एक महत्वपूर्ण नेपाली विद्वान्‌का रूपमा स्वर्णाक्षरले लेखिएको बुद्धभद्रको नाउँ हालसम्म पनि चीनमा उल्लेखनीय छ । हामीले यस परिदृश्यलाई नयाँ आध्यात्मिक सम्प्रदाय सिर्जना गर्ने चिनियाँ र नेपाली विद्वान्‌हरूको संयुक्तप्रयास भनी अवलोकन गर्न सक्छौं । नेपाल र चीनबीच सांस्कृतिक आदान-प्रदानहरूको महत्वपूर्ण माध्यमका रूपमा बुद्धधर्मले ठूलो भूमिका निर्वाह गरेको छ भन्ने कुरा अविस्मरणीय छ । दुवै मुलुकबीच मैत्री सम्बन्धमा नेपाल र चिनियाँ विद्वान् भिक्षुहरूले महत्वपूर्ण योगदान दिएका छन् । प्राचीन नेपालको अध्ययन गर्नमा बौद्ध इतिहासकारहरूले फाहीयान र ह्वेनसाङको वृत्तान्तलाई सदैव उच्च मूल्याङ्कन गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचना

नेपाली नाटक साहित्य

गोविन्द भट्ट

नेपाली साहित्यमा सबभन्दा बढी हरिया-भरिया फाँट कविता र नाटक नै हुन् तापनि यता कविताबारे हाम्रा पत्रपत्रिका र विचार गोष्ठीहरूमा जति छलफल, चर्चा र वाद-विवाद भएका छन् त्यति नाटकतर्फ हुन सकेको देखिन्न । नाटक साहित्य शास्त्रीय दृष्टिकोणबाट जति महत्वपूर्ण र प्राचीन छ, उत्तिकै सर्व-साधारणहरूका जीवन, चाल-चलन, बोली-व्यवहार, कुराकानी, हाउभाउ, मनोदशा, संवेदना आदिसित सम्बन्धित एउटा अनौठो विषय भएकाले, बौद्धिक र व्यावहारिक दुवै दृष्टिकोणबाट यसको महत्व निर्विवाद छ । त्यसैले यसलाई 'बहुमुखी कला' र सबै काव्यहरूमा नाटक राम्रो भनिएको हो । त्यसो हुनाले कुनै नाटकको समीक्षा गर्दा वा नाटककारबारे बोल्दा हामीले तिनका विभिन्न पक्षहरू पट्टि ध्यान पुऱ्याउनु पर्दो रहेछ । यो ज्यादै असजिलो काम हो । नाटक बहुमुखी कला मानिएझैं यसको विषयमा राम्ररी बोल्न वा लेख्नका लागि पनि बहुमुखी प्रतिभा नै चाहिएकोले यसको विवेचना गर्ने काम गाह्रो भएको हो । साहित्य वा कलाका अन्य क्षेत्रहरूले पनि कुनै न कुनै रूपमा जीवनलाई छर्लङ्ग्याउन खोजे तापनि जुन किसिमबाट नाटकले त्यो सोझै र स्पष्ट रूपमा गर्छ त्यो अरूबाट हुन सक्ने देखिन्न । त्यसैले यस्तो महत्वपूर्ण र खँदिलो विषयमा चियोचर्चा गर्नु जति गाह्रो काम हो, उत्तिकै यो उपयोगी र आवश्यक पनि । त्रिभुवन विश्व-विद्यालयको आठौं दीक्षान्त समारोहको अवसरमा "नेपाली नाटक" विषयमा नेपाली साहित्य परिषद्ले जुन गोष्ठीको आयोजना गरेको छ त्यो यस दृष्टिबाट साँच्चिनै उपयोगी काम हो । यस गोष्ठीले नेपाली नाटक र यसका केही नामी नाटककारहरूका विषयमा जुन छलफल वा विचार गर्नेछ, त्यसबाट सामान्य शिक्षित वर्गमा हाम्रो नाटक साहित्यबारे अलि कति चाख र रहर बढ्ने छ र यसका अरू पक्षहरूको खोजी नीति गर्ने काम तर्फ अभिरूचि बढ्ने छ भन्ने आशा गर्न सकिन्छ । साहित्य खालि भावुकता र सौन्दर्यानुभूतिको विषय मात्र नभएर चिन्तन-मनन र छलफलको विषय पनि हो । यसका विभिन्न पक्षहरू बारे जति छलफल र विचार-विर्मश भयो, जति आलोचना र प्रत्यालोचना भए, जति सैद्धान्तिक सङ्घर्ष भए, उत्तिनै साहित्यको विकास र शिक्षित जन समुदायको रूचि र हेराई परिस्कृत हुनेछन् भन्ने कुरामा पनि कुनै विवाद उठ्ने छैन । लेख्नासाथै कुनै पनि रचना मनोगत संसारबाट हटेर वस्तुगत संसारको अंश हुन पुग्दछ र समाजमा त्यसको क्रिया-प्रतिक्रियाहरूको सृजनालाई प्रभावित गर्न थाल्दछ । त्यसैले आफ्नै नियम अनुसार चलेर समाजलाई प्रभावित गर्न लाग्छ । त्यसैले समाजका अरू विचारशील व्यक्तिहरू त्यसबारे छलफल चलाउन थाल्छन् र त्यसका राम्रा-नराम्रा, असल-कमसल, पूर्ण-अपूर्ण, उचित-अनुचित, सत्य-असत्य, सुन्दर-असुन्दर, प्रभावहरूको विवेचना सुरू हुन्छ । समाज विभिन्न दृष्टिकोण र स्वार्थका व्यक्तिहरूमा बाँडिएकोले साहित्यलाई हेर्ने दृष्टिकोण र स्वार्थ

लेखक प्रगतिशील समालोचक तथा चिन्तक हुनुहुन्थ्यो । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि बेग्ला बेग्लै हुन्छन् र त्यसै अनुसार मनोगत संसारबाट जन्मेको साहित्यको प्रभाव वस्तुगत संसारमा पर्न जानु स्वाभाविक हुन जान्छ । आलोचना पनि त्यस्तै खालको एउटा प्रतिक्रिया हो ।

कुनै पनि साहित्य वा साहित्यकारबारे विवेचना र मूल्याङ्कन गर्न बस्दा हामी जानी नजानी जस्तो किसिमको दृष्टिकोण वा कसी प्रयोग गर्छौं र त्यसलाई सफल-असफल वा ठूलो र सानोको श्रेणीमा विभाजित गर्छौं त्यो दृष्टिकोण वा कसी नै ठीक छ वा बेठीक छ भन्ने कुरातर्फ पहिले जानु वैज्ञानिक तरिका हुनेछ नत्र कुनै कसी नै आफैमा अपूर्ण छ भने, त्यसबाट जाँचिएका कुराहरू पनि भरपर्दा हुन सक्दैनन् जस्तै बिग्रेको डिग्रीले नापेर हामीले कसैको जिउको तापमानबारे ठोकुवा गर्न गाह्रो पर्छ । त्यसैले मलाई दिइएको विषयबारे विवेचना गर्दा मैले प्रयोग गरेको कसीको कुरा उठाउनु यहाँ आवश्यक हुन गएको हो । मेरो विचारमा, कुनै साहित्यक कृतिको सबभन्दा महत्वपूर्ण र वजनदार अंश त्यसमार्फत प्रकट र प्रसारित गर्न खोजिएको सिद्धान्त वा विचारधारा नै हुन्छ । शैलीको पनि कम महत्व हुँदैन ता पनि त्यो विचारधारालाई सिंगार्ने एउटा गहना वा त्यसलाई राम्ररी छर्लङ्ग्याउने र प्रभावकारी तुल्याउने माध्यम मात्र हो । अर्को कुरा विचारधारा पनि निरपेक्ष र सनातन नभएकाले तिनको सत्यता वा असत्यताको प्रश्न फेरि खडा हुन आउँछ । यसमा हामीले अर्को कसीको प्रयोग गर्नु पर्नेछ । त्यो वास्तविक व्यवहार र मानव समाजका बहुसङ्ख्यक शोषित र पीडितहरूको निम्ति सहायक बन्न सक्ने सामर्थ्य शक्ति । जुन साहित्य व्यवहारको कसीमा असफल हुन्छ, त्यसलाई बोक्रे, खोक्रे, फुस्रे, आकासे, बतासे साहित्य भनि दिए पनि हुन्छ । त्यसै गरी जुन साहित्यले समाजका बहुसङ्ख्यक शोषित र पीडितहरूको मुक्तिको बाटो देखाउँदैन र तिनको यथार्थ स्थितिलाई लुकाई बङ्ग्याई पाठकहरूको आँखामा छारो हाल्छ भने, त्यसलाई पनि हामी सच्चा साहित्य भन्न सक्दैनौं । त्यसलाई जाली, फटाहा र विखालु साहित्य भनी दिए पनि हुन्छ । व्यवहारमा पनि देखिने र समाजका वास्तविक पीडितहरूको पनि वास्ता न राख्ने साहित्य हाम्रो दृष्टिमा वाहियात गफ र गन्थन मात्र हुन् । मानवता र शान्तिका महान् आदर्शहरू फलाकेर मात्र कुनै साहित्य महान् हुन सक्दैन । त्यसमा माथि भनिएका दुई कुरा हुनै पर्छ- व्यवहारिक र शोषित वर्गको मुक्तिको सन्देश । आधुनिक साहित्य भन्नेबित्तिकै हाम्रा सामु यिनै आधुनिकताका कसी (मापदण्ड) पनि स्वतः आइ हाल्छन् । मेक्सिम गोर्कीले यसै तथ्यलाई क्रान्तिकारी स्वछन्दतावाद Revolutianary Romanticism भन्नु भएको छ ।

साहित्य विवेचनाका यी कसीहरूको उल्लेख गर्नु यहाँ आवश्यक थियो । कुन विषयको विवेचना गरिएको हो भन्नुभन्दा पनि कुन दृष्टिकोणबाट कुन विषयको विवेचना गरिएको हो भन्ने प्रश्न बढी महत्वपूर्ण भएकोले आफ्नो विषयमा जानुभन्दा अघि मैले साहित्य मीमांसाका यी दार्शनिक सवालहरूलाई उप्काउन आवश्यक सम्झेको हुँ । अब म नाटकबाट श्री विजय मल्लका कृतिहरूको खोत्ल्याइँ, नाप जोख र मूल्याङ्कन तर्फ लाग्छु । यहाँनिर म, श्री मल्लका कृतिहरूको विचारपक्ष र त्यसको अध्ययन पक्षपट्टि नै बढी ध्यान दिनेछु ।

साहित्यमा आधुनिक युगलाई बुद्धिवादी युग भनिन्छ र के गुनासो पनि पोखेको पाइन्छ भने आधुनिक युगमा संवेदना र भावना भन्दा बढी महत्व तर्क र बौद्धिकतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिइन्छ । आधुनिक साहित्यमा यथार्थवादको अर्थ पनि कल्पना वा आदर्श प्रधान नभइ वस्तुस्थिति प्रधान हुनु हो । यस कुरा तर्फ औंल्याउँदै एक जना पाश्चात्य समीक्षक, श्री W.B.Worsfold ले यसलाई यसरी लेखेका छन्- "नाटकहरूमा एकतर्फ कवित्व घट्दै गएको छ भने अर्को तर्फ समन्वित कलाको प्रतिनिधिका रूपमा आफै नै त्यसको महत्व बढेको पनि छ । बौद्धिक युगमा त्यसको विकास क्रममा बौद्धिक यथार्थवादको समावेश भएको छ ।" इब्सेनले पनि यथार्थवादी फ्रान्सेली आधुनिक नाटकहरू तर्फ औंल्याउँदै यही कुरा भनेका थिए । यसै अर्थमा सिद्धान्तहरूको आधारमा आपस्तका सङ्घर्षहरूलाई बीसौं शताब्दीका नाटकहरूले छर्लङ्ग्याउनै पर्छ भनेर बर्नार्ड शाले पनि भने- "सङ्घर्ष छैन भने नाटक नै छैन भने पनि हुन्छ ।" यो सङ्घर्ष आर्थिक, राजनैतिक साँस्कृतिक र सैद्धान्तिक सबै क्षेत्रहरूमा छ र यसले हाम्रो गुणलाई नै टुप्पीदेखि पैतालासम्म ढाकेको छ । हामी र हाम्रो चिन्तन एवं भावनाको परिवेश यसबाट बेस्सरी र सर्वाङ्गीण रूपमा ग्रसित छ । आजको यथार्थ यही हो । एकतर्फ अधिनायकवादीहरूबाट जनताको स्वतन्त्रता अपहरण र शोषण, अर्कोतर्फ त्यसबाट उत्पन्न भएको व्यक्तिवादी अस्तित्ववाद-व्यक्तिको सङ्घर्ष । यस अधिनायकवादी जनविरोधी शक्तिसित बढ्दै गइरहेको जनसङ्ख्या, सम्राज्यवादी युद्धहरू, आणविक अस्त्र शस्त्रबाट अरूलाई तर्साएर-हप्काएर आफ्नो रजाइँ कायम राख्न खोज्ने नाजीवादी-फासिस्टवादी शक्तिहरू र त्यसबाट आएको व्यापक असुरक्षा र निराशाको भावना, औद्योगिक क्रान्तिपछि आएको यूरोपेली हेरफेर, अनेकन सामाजिक समस्याहरू र त्यसको प्रभाव आदि आदि कुराहरूले युरोपमा साहित्यका विभिन्न धाराहरूलाई जन्मायो । नाटकको क्षेत्रमा त्यसको शक्तिशाली प्रतिनिधित्व इब्सेनले गरे (समस्या-प्रधान नाटक लेखी) बेलायतका बर्नाड शा मार्फत त्यो अरू ठाउँमा सऱ्यो । फ्रान्सका मोपांसा, बाल्जाक र जोला, बेलायतका बर्नाड शा, शेरिडन, गाल्सवर्दी, अक्टोबर क्रान्तिपछि गोर्की र चेखभ, भारतका प्रेमचन्द्र, राहुल, नेपालका हृदयचन्द्र सिंह प्रधान, गोपालप्रसाद रिमाल आदि, त्यसै हेरफेरका छोरा नातिहरू हुन् ।

अब आऔं नेपालको परिप्रेक्षमा, १०४ वर्षसम्म जहानियाँ शासनको अन्धकार दुलोमा गुँडुल्किएर कीरा फट्याङ्ग्राझैं नेपाली जनजीवन कुँजिएर बस्यो । उता ब्रिटिस साम्राज्यवादसित आत्मसमर्पण गरेर अनि यता भोटसित सन्धि गरी बसेकोले राणाकालीन नेपालमा एउटा स्थिरता, जडता र मुर्दापन थियो । त्यसबखत नेपाली साहित्य बढी मनोरञ्जनवादी-श्रृङ्गारवादी थियो र धार्मिक सांस्कृतिक पौराणिक नाचगानबाहेक यसमा जीवनोन्मुखी दृष्टिकोणको अभाव हुनु स्वाभाविकै थियो । यस्तो बखतमा मोतीरामले नेपाली नाटक साहित्यमा एउटा खँदिलो काम गरे- नेपालीमा नाटकहरू लेखेर । नेपालमा छापाखाना आएकोले त्यस बेला राणाहरूबाट प्रश्रय पाएको उर्दू फारसी रङ्ग मञ्चीय नाटकको ठाउँमा नेपाली मौलिक नाटकको पनि कदर सम्भावना बढ्न थाल्यो । त्यसैताक निस्केको पहलमान सिंह स्वाँरको अटल बहादुर (वि.सं. १९६३) लाई नै हामीले आधुनिक नाटक क्षेत्रमा अगुवा मान्नु पर्दछ । परम्परावादी बाटोलाई छोडेर, समाजका शासक वर्गका आपस्तका अन्तर्विरोधहरू र हानथापलाई छर्लङ्ग पारेर त्यसले नेपाली नाटक जगतमा एउटा नौलो गोरेटो औंल्यायो । इतिहास शिरोमणि बाबुराम आचार्य र अरू समालोचक विद्वान्हरूको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि बेग्ला बेग्लै हुन्छन् र त्यसै अनुसार मनोगत संसारबाट जन्मेको साहित्यको प्रभाव वस्तुगत संसारमा पर्न जानु स्वाभाविक हुन जान्छ । आलोचना पनि त्यस्तै खालको एउटा प्रतिक्रिया हो ।

कुनै पनि साहित्य वा साहित्यकारबारे विवेचना र मूल्याङ्कन गर्न बस्दा हामी जानी नजानी जस्तो किसिमको दृष्टिकोण वा कसी प्रयोग गर्छौं र त्यसलाई सफल-असफल वा ठूलो र सानोको श्रेणीमा विभाजित गर्छौं त्यो दृष्टिकोण वा कसी नै ठीक छ वा बेठीक छ भन्ने कुरातर्फ पहिले जानु वैज्ञानिक तरिका हुनेछ नत्र कुनै कसी नै आफैमा अपूर्ण छ भने, त्यसबाट जाँचिएका कुराहरू पनि भरपर्दा हुन सक्दैनन् जस्तै बिग्रेको डिग्रीले नापेर हामीले कसैको जिउको तापमानबारे ठोकुवा गर्न गाह्रो पर्छ । त्यसैले मलाई दिइएको विषयबारे विवेचना गर्दा मैले प्रयोग गरेको कसीको कुरा उठाउनु यहाँ आवश्यक हुन गएको हो । मेरो विचारमा, कुनै साहित्यक कृतिको सबभन्दा महत्वपूर्ण र वजनदार अंश त्यसमार्फत प्रकट र प्रसारित गर्न खोजिएको सिद्धान्त वा विचारधारा नै हुन्छ । शैलीको पनि कम महत्व हुँदैन ता पनि त्यो विचारधारालाई सिंगार्ने एउटा गहना वा त्यसलाई राम्ररी छर्लङ्ग्याउने र प्रभावकारी तुल्याउने माध्यम मात्र हो । अर्को कुरा विचारधारा पनि निरपेक्ष र सनातन नभएकाले तिनको सत्यता वा असत्यताको प्रश्न फेरि खडा हुन आउँछ । यसमा हामीले अर्को कसीको प्रयोग गर्नु पर्नेछ । त्यो वास्तविक व्यवहार र मानव समाजका बहुसङ्ख्यक शोषित र पीडितहरूको निम्ति सहायक बन्न सक्ने सामर्थ्य शक्ति । जुन साहित्य व्यवहारको कसीमा असफल हुन्छ, त्यसलाई बोक्रे, खोक्रे, फुस्रे, आकासे, बतासे साहित्य भनि दिए पनि हुन्छ । त्यसै गरी जुन साहित्यले समाजका बहुसङ्ख्यक शोषित र पीडितहरूको मुक्तिको बाटो देखाउँदैन र तिनको यथार्थ स्थितिलाई लुकाई बङ्ग्याई पाठकहरूको आँखामा छारो हाल्छ भने, त्यसलाई पनि हामी सच्चा साहित्य भन्न सक्दैनौं । त्यसलाई जाली, फटाहा र विखालु साहित्य भनी दिए पनि हुन्छ । व्यवहारमा पनि देखिने र समाजका वास्तविक पीडितहरूको पनि वास्ता न राख्ने साहित्य हाम्रो दृष्टिमा वाहियात गफ र गन्थन मात्र हुन् । मानवता र शान्तिका महान् आदर्शहरू फलाकेर मात्र कुनै साहित्य महान् हुन सक्दैन । त्यसमा माथि भनिएका दुई कुरा हुनै पर्छ– व्यवहारिक र शोषित वर्गको मुक्तिको सन्देश । आधुनिक साहित्य भन्नेबित्तिकै हाम्रा सामु यिनै आधुनिकताका कसी (मापदण्ड) पनि स्वतः आइ हाल्छन् । मेक्सिम गोर्कीले यसै तथ्यलाई क्रान्तिकारी स्वछन्दतावाद Revolutianary Romanticism भन्नु भएको छ ।

साहित्य विवेचनाका यी कसीहरूको उल्लेख गर्नु यहाँ आवश्यक थियो । कुन विषयको विवेचना गरिएको हो भन्नुभन्दा पनि कुन दृष्टिकोणबाट कुन विषयको विवेचना गरिएको हो भन्ने प्रश्न बढी महत्वपूर्ण भएकोले आफ्नो विषयमा जानुभन्दा अघि मैले साहित्य मीमांसाका यी दार्शनिक सवालहरूलाई उप्काउन आवश्यक सम्झेको हुँ । अब म नाटकबाट श्री विजय मल्लका कृतिहरूको खोतल्याइँ, नाप जोख र मूल्याङ्कन तर्फ लाग्छु । यहाँनिर म, श्री मल्लका कृतिहरूको विचारपक्ष र त्यसको अध्ययन पक्षपट्टि नै बढी ध्यान दिनेछु ।

साहित्यमा आधुनिक युगलाई बुद्धिवादी युग भनिन्छ र के गुनासो पनि पोखेको पाइन्छ भने आधुनिक युगमा संवेदना र भावना भन्दा बढी महत्व तर्क र बौद्धिकतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिइन्छ । आधुनिक साहित्यमा यथार्थवादको अर्थ पनि कल्पना वा आदर्श प्रधान नभइ वस्तुस्थिति प्रधान हुनु हो । यस कुरा तर्फ औंल्याउँदै एक जना पाश्चात्य समीक्षक, श्री W.B.Worsfold ले यसलाई यसरी लेखेका छन्- "नाटकहरूमा एकतर्फ कवित्व घट्दै गएको छ भने अर्को तर्फ समन्वित कलाको प्रतिनिधिका रूपमा आफै नै त्यसको महत्व बढेको पनि छ । बौद्धिक युगमा त्यसको विकास क्रममा बौद्धिक यथार्थवादको समावेश भएको छ ।" इब्सेनले पनि यथार्थवादी फ्रान्सेली आधुनिक नाटकहरू तर्फ औंल्याउँदै यही कुरा भनेका थिए । यसै अर्थमा सिद्धान्तहरूको आधारमा आपस्तका सङ्घर्षहरूलाई बीसौं शताब्दीका नाटकहरूले छर्लङ्ग्याउने पर्छ भनेर बर्नार्ड शाले पनि भने- "सङ्घर्ष छैन भने नाटक नै छैन भने पनि हुन्छ ।" यो सङ्घर्ष आर्थिक, राजनैतिक साँस्कृतिक र सैद्धान्तिक सबै क्षेत्रहरूमा छ र यसले हाम्रो गुणलाई नै टुप्पीदेखि पैतालासम्म ढाकेको छ । हामी र हाम्रो चिन्तन एवं भावनाको परिवेश यसबाट बेस्सरी र सर्वाङ्गीण रूपमा ग्रसित छ । आजको यथार्थ यही हो । एकतर्फ अधिनायकवादीहरूबाट जनताको स्वतन्त्रता अपहरण र शोषण, अर्कोतर्फ त्यसबाट उत्पन्न भएको व्यक्तिवादी अस्तित्ववाद-व्यक्तिको सङ्घर्ष । यस अधिनायकवादी जनविरोधी शक्तिसित बढ्दै गइरहेको जनसङ्ख्या, सम्राज्यवादी युद्धहरू, आणविक अस्त्र शस्त्रबाट अरूलाई तर्साएर-हप्काएर आफ्नो रजाइँ कायम राख्न खोज्ने नाजीवादी-फासिस्टवादी शक्तिहरू र त्यसबाट आएको व्यापक असुरक्षा र निराशाको भावना, औद्योगिक क्रान्तिपछि आएको यूरोपेली हेरफेर, अनेकन सामाजिक समस्याहरू र त्यसको प्रभाव आदि आदि कुराहरूले युरोपमा साहित्यका विभिन्न धाराहरूलाई जन्मायो । नाटकको क्षेत्रमा त्यसको शक्तिशाली प्रतिनिधित्व इब्सेनले गरे (समस्या-प्रधान नाटक लेखी) बेलायतका बर्नाड शा मार्फत त्यो अरू ठाउँमा सऱ्यो । फ्रान्सका मोपांसा, बाल्जाक र जोला, बेलायतका बर्नाड शा, शेरिडन, गाल्सवर्दी, अक्टोबर क्रान्तिपछि गोर्की र चेखभ, भारतका प्रेमचन्द्र, राहुल, नेपालका हृदयचन्द्र सिंह प्रधान, गोपालप्रसाद रिमाल आदि, त्यसै हेरफेरका छोरा नातिहरू हुन् ।

अब आऔं नेपालको परिप्रेक्षमा, १०४ वर्षसम्म जहानियाँ शासनको अन्धकार दुलोमा गुँडुल्किएर कीरा फट्याङ्ग्राझैं नेपाली जनजीवन कुँजिएर बस्यो । उता ब्रिटिस साम्राज्यवादसित आत्मसमर्पण गरेर अनि यता भोटसित सन्धि गरी बसेकोले राणाकालीन नेपालमा एउटा स्थिरता, जडता र मुर्दापन थियो । त्यसबखत नेपाली साहित्य बढी मनोरञ्जनवादी-श्रृङ्गारवादी थियो र धार्मिक सांस्कृतिक पौराणिक नाचगानबाहेक यसमा जीवनोन्मुखी दृष्टिकोणको अभाव हुनु स्वाभाविकै थियो । यस्तो बखतमा मोतीरामले नेपाली नाटक साहित्यमा एउटा खँदिलो काम गरे- नेपालीमा नाटकहरू लेखेर । नेपालमा छापाखाना आएकोले त्यस बेला राणाहरूबाट प्रश्रय पाएको उर्दू फारसी रङ्ग मञ्चीय नाटकको ठाउँमा नेपाली मौलिक नाटकको पनि कदर सम्भावना बढ्न थाल्यो । त्यसैताक निस्केको पहलमान सिंह स्वाँरको अटल बहादुर (वि.सं. १९६३) लाई नै हामीले आधुनिक नाटक क्षेत्रमा अगुवा मान्नु पर्दछ । परम्परावादी बाटोलाई छोडेर, समाजका शासक वर्गका आपस्तका अन्तर्विरोधहरू र हानथापलाई छर्लङ्ग पारेर त्यसले नेपाली नाटक जगतमा एउटा नौलो गोरेटो औंल्यायो । इतिहास शिरोमणि बाबुराम आचार्य र अरू समालोचक विद्वान्हरूको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मानेर यसलाई शेक्सपियरको हेम्लेटको भावानुवाद नै भन्ने हो भने पनि यो नेपाली आधुनिक नाटकहरूमा अगुवा हो भन्ने कुरा पुष्टिन्छ । त्यसपछि लेखनाथ, लक्ष्मीप्रसाद, भीमनिधि आदिका सुधारवादी सामाजिक शिक्षाप्रद नाटकहरूको पनि आफ्नो प्रकारको योगदान छ, जस्लाई हामीले बिर्सनु हुन्न ।

मुख्य रूपमा नेपाली नाटकको चर्चा गर्दा श्री बालकृष्ण सम एउटा विशेष व्यक्तित्वका रूपमा आउँछन् जसको महान् देनबारे दुई मत हुन सक्तैन । उहाँको मुटुको व्यथा (वि.सं. १९८६) को महत्व आफ्नै किसिमको छ । अरू नाटकहरूमा पनि नौला-नौला प्रयोगहरू भएका छन् तापनि सिङ्गै रूपमा हेर्दा श्रीसम अझै शास्त्रीयताबाट फुक्का हुन पाउनु भएको छैन । उहाँमा यथार्थताको अभाव र दुरूह अस्वाभाविकता अनि कलाको निम्ति कला भन्ने दृष्टिकोणको मोह नगएको पाइन्छ । उहाँका नाटकहरूमा प्रष्ट जीवन दर्शनको, वैज्ञानिकताको अभाव पाइन्छ । आदर्श कल्पना र अन्तरविरोधहरू अनि कृत्रिमता पनि प्रशस्त छन् । तर 'प्रह्लाद', 'अमर सिंह', 'मुटुको व्यथा', 'प्रेमपिण्ड' आदि रचनाहरू नेपाली नाट्य साहित्यलाई उहाँका अमर देन हुन् । उहाँको एउटा आफ्नै परम्परा छ र उहाँ आफैमा एउटा पूर्ण व्यक्तित्व हुनुहुन्छ । बौद्धिक दुरूहता र भनाइको बठ्याइँ श्री समका यस्ता विशेषता हुन् जसलाई उहाँको सबलता र दुर्वलता दुवै भन्न सकिन्छ । उहाँले पाश्चात्त्य दर्शन र प्राचीन आदर्शलाई समन्वय गर्न खोज्नु भयो र दुई परस्पर विरोधी कुराहरूलाई बलजफ्ती समन्वय गर्न खोज्ने सबै समन्वयवादी आखिरमा अलमलिएर जिल्लिएझैं श्री सम पनि अझसम्म अलमलिनु नै भएको छ । उहाँ नत पूर्णत नास्तिक हुनसक्नुभयो, न पूर्णत आस्तिक नै । यो उहाँको र उहाँका साहित्य पढ्ने हामी सबैको असजिलो हो भन्नु पर्दछ ।

तर आधुनिकताको जुन अर्थ र सन्दर्भमा हामी (सामाजिक यथार्थवाद, फ्रायडवाद, मार्क्सवाद, अस्तित्ववाद, आदि आदि) यहाँ छलफल गर्न लागेका छौं, त्यस अर्थमा लिँदा विशेषगरी हामीले विजयबहादुर मल्लभन्दा अघि श्री हृदयचन्द्र सिंह प्रधान, गोपालप्रसाद रिमाल, गोविन्द गोठालेका विषयमा पनि चर्चा गर्नै पर्नेछ । श्री प्रधानले समाजको यथार्थ र मार्मिक चित्रण गर्नुभयो र यसलाई फेर्नका निम्ति उहाँले सवभन्दा पहिले आर्थिक सुप्रबन्धको व्यवस्था गरी कसैलाई राक्षसै बन्ने बाध्यता नपर्ने वास्तविक क्रान्तिकारी बाटोलाई औंल्याउनु भयो । यो विचार नेपाली साहित्यका लागि एउटा ज्यादै महत्वपूर्ण विचार हो । श्री बालकृष्ण समपछि समभन्दा सशक्त र महान् क्रान्तिकारी नाटककार हुन्- श्री गोपालप्रसाद रिमाल । रिमाललाई नयाँ कविताका गुरू भनेझैं यथार्थवादी नाटकका पनि गुरू भनिदिएहुन्छ । श्री रिमाल विद्रोही, लेखक हुन् । उनले आफ्नै गोरेटो खनेका छन् । सशक्तता ओज प्रष्टता र समाजको स्वाङ्ग्वाङ्गमाथि प्रवल प्रहार, भाषाको ओजका साथै भनाइको निर्भीकता उहाँका खुबी हुन् । 'मसान' र 'यो प्रेम' मा उनले नारी विद्रोह र नारी मुक्तिको जुन सशक्त विगुल फुकेका छन् त्यो एउटा नयाँ अध्यायको शुभारम्भ हो । श्री गोविन्द गोठालेमा पनि कम बौद्धिकता तर बढी सामाजिकता र मनोवैज्ञानिक द्वन्द्व देखिन्छ र 'भूसको आगोमा' उर्मिलाको स्वतन्त्र निर्णय देखाइएको छ हाम्रो जस्तो सम्पत्तिवादी समाजमा पनि सम्पत्तिभन्दा स्नेह ठूलो र मानवीय कुरा हो भन्ने तथ्यलाई च्यातिएको पर्दामा देखाइएको छ । यी सबै कुराहरूको पृष्ठभूमिमा म अब श्री विजय मल्लका पुस्तक आकारमा प्रकाशित दुई महत्वपूर्ण कृतिहरू र केही एकाङ्की नाटकहरूको चर्चा र मूल्याङ्कन गर्नेछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'कोही किन बरबाद होस्' भन्ने तीन अङ्क नाटक शिक्षा, बालमनोविज्ञान र हाम्रो समाजमा लोग्ने-स्वास्नीको झगडा जस्ता समस्याहरूबाट लिएर बनेको नाटक हो । यसमा केटाकेटीले नजानीकन बोलेको बेचैनी र असन्तुष्टिको भाषालाई प्याच्च 'बदमासी' भन्ने कुरा तर्फ औंल्याइएको छ र भनिएको छ- "त्यो बुझ्दैनौं, हामी बुझ्ने चेष्टा पनि गर्दैनौं र एउटा होनहार जिन्दगी त्यसै बर्वाद हुन्छ ।" (पृ.८) अर्को ठाउँमा नोकरको रक्सी पिउने पुरानो बानीको उल्लेख गर्दै 'बदल्ने कसरी त्यस्तालाई ? समस्या' (पृ.२२) र हाम्रो समाजमा शिक्षकहरूप्रति गरिएको हेलत्त्व र खेलाँचीको व्यवहार प्रति उचित गुनासो गर्दै मास्टर सुन्दरलाल भन्छन्- "हामी टिचरहरूलाई सबैले व्यवसायी मात्र सम्झन्छन् । हाम्रो काम कोही देख्दैनन् । (पाता ३३) अनि स्कूलको वास्तविक महत्व दर्शाउँदै उनी भन्दछन्- "स्कूल केवल पढाउने ठाऊँ मात्र हैन, यी सबै कुरा ख्याल गर्नु पनि त पर्दछ ।" मास्टरनी कमला त्याग, माया र आफ्नो कर्तव्यप्रति सचेत छिन् र मानवता कि प्रतीक भन्दै सुधारवादी दृष्टिकोण तेर्स्याइएको छ । नाटकको अन्त्य ध्रुवको चरित्र सुधारको सुखान्तबाट भएको छ र बीच बीचमा Suspences र हाँस्यमय स्थितिहरूबाट नाटक रमाइलो बनेको छ । समस्या र त्यसको समाधान गरी पाठक श्रोताहरूलाई शिक्षित पार्ने प्रयास गरिएको छ । कतै कतै शिक्षा दिइएको जस्तो पनि भान पर्छ र अलि कति अस्वाभाविकताको गन्ध पनि आउँछ, तापनि भन्न खोजेको कुरामा लेखक प्रष्ट छन् । हाम्रो शिक्षा व्यवस्था बढी मनोवैज्ञानिक र बैज्ञानिक ढाँचामा ढालिनु र सपारिनु पर्छ भन्ने लेखकको आग्रह छ, जुन हाम्रो थोत्रो शिक्षा व्यवस्थामा सुधार हुनुपर्छ भन्ने माग र चेतनासित मेल खान्छ । तर नाटकमा कमलाको चरित्रबाट अलि नाटकीयताको छाप पर्दछ । लेखकले 'मानवीय गुण' को आडमा व्यक्तिवादी मनोविज्ञान माथि जोड दिएका छन् । वातावरण र सामाजिक व्यवस्थाको निर्णायक भूमिका चरित्र निर्माणमा कति ठूलो हुन्छ भन्ने सामाजिक यथार्थ तथ्य प्रति उनको ध्यान गएको पाइन्न । यसरी हृदय परिवर्तन र गान्धीवादी दृष्टिकोणको प्रचार यसबाट भएको छ । स्कूलमा खेलाउन लेखिएकाले यो त्यही स्तर सुहाउँदो छ ।

श्री मल्लको अर्को नाटक छ- 'ज्यूँदो लास', जुन पहिलोभन्दा हरेक दृष्टिबाट सफल, उत्कृष्ट र प्रभावकारी भएको छ । प्रतीक, चरित्र-चित्रण, मनोविज्ञान, बौद्धिकता, सङ्घर्ष र समस्या रखाइ यी सबै पक्षमा यो नाटक तुलनात्मक दृष्टिबाट हेर्दा आधुनिक नाटक भन्न सुहाउँदो छ । यसको मुख्य विशेषता हाम्रो नेपाली मध्यम वर्गीय शिक्षित परिवारमा भेटाइने विभिन्न अन्तरविरोधी विचारधाराहरू र तिनका अवस्थाका तानातानलाई छर्लङ्ग्याई दिनु हो । पहिलो नाटकले झैं यसले कुनै समाधान देखाउन सकेको छैन । खाली समस्याहरूलाई मात्र अघि सारी दिएको छ, तर ज्यादै राम्रो र मार्मिक ढाँचामा । उर्मिला मानसिक रोगी हो, उसको लोग्ने परदेशिएको छ । उ एउटा ठूलो समस्या हुन पुगेकी छ र सारा नाटक एक किसिमले उसकै वरिपरी घुमेको छ । उसको मन साह्रै रोगी छ, किनभने रोग जन्माउने सामाजिक व्यवस्थाको उ सिकार हुन पुगेकी छ । फोहोरको चोकको प्रतीकबाट ज्यादै चित्त बुझ्ने पारामा लेखकले हाम्रो समाजको फोहोरी व्यवस्थालाई प्रष्ट पार्नु भएको छ । दुनियाँलाई राम्ररी बुझेको र उर्मिलाको रोगको असली ओखती थाहा पाइसकेको कृष्णमान भन्छ- "मलाई थाहा छ, फोहोर मैलाले रोग ल्याउँछ, त्यसैले म सफा गर्न चाहन्छु । बस् निकास खोल्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहन्छु ।" (पृ.१४) त्यसपछि त्यसै विषयमा लेखकले तीन चरित्रहरूको मद्दतबाट तीन किसिमका विचारधाराको अभिव्यक्ति दिएका छन् । ललित एउटा ज्यादै व्यक्तिवादी चरित्र हो, जो देश र समाजको स्थितिबाट वाक्क र निराश भएर हाम्रा सामाजिक दुर्व्यवस्थाको समाधान कहिले आत्मसमर्पणवादमा र कहिले बलजफ्तीवादमा खोज्छ । उ एउटा व्यक्ति नभएर प्रतीक हो । उ समाजलाई दुःखी र पीडित देख्छ । लेखक शङ्करमानलाई उ भन्छ- "तिमीलाई मार्मिक प्लट खोज्न यस दुनियाँबाट धेरै टाढा जानु पर्दैन । ट्रेजेडीको निम्ति सामाग्री हरेक कुना कुनामा प्रचुर मात्रामा छन् ।" (पृ.२८) एक अर्को ठाउँमा ऊ कति मार्मिक ढाँचाले भन्छ- "तिमीले हामीले बाँच्न जानेका छौं, परम्पराले मानेर गएको, परम्पराले मानेर गएको जीवनलाई हामी आफ्नो जीवन मान्छौ चाहे त्यो जीवन जीवन होस् या मृत्यु । हाम्रो कुनै अर्थै छैन । त्यसैले तिमीलाई मैले भनेको हाम्रो सेकेण्डह्याण्ड जिन्दगी भनेर- सब रोगाहा (पृ.२८) हामी आफूलाई कसरी छल्न सक्छौं समस्या एउटा हुन्छ, समाधान खोज्न संसारै घुम्छौं, रित्तो हात लिएर फर्कन्छौं, तै पनि केही पाएँ भन्छौं (पृ. २९) ऊ शङ्करलाई भन्छ । उसले उर्मिलालाई प्रष्टगरी तथ्य कुरा भनिदेओस्- यथार्थलाई त्यही रूपमा ग्रहण गर्नु नै यथार्थसित जुध्ने सबैभन्दा प्रभावकारी बाटो हो- "लासलाई तिमी पूजा गर्न सक्छौ, बोकेर हिंड्न सक्दैनौ । (पृ.२९) उ व्यङ्ग्य गर्छ रत्नदास प्रति- "तिम्रो यो हिम्मत भन्दा ठूलो तिम्रो बाको इज्जत र ताकत छ, तिमी टाउको जुधाउन सक्छौ, तर टाउको फुट्छ, । यसो किन गर्दैनौ ? तिमी नालमा नुहाएर किन बस्दैनौ ?" (पृ.३०) यो सामाजिक व्यवस्थाको पहाडलाई एक दुई जना रत्नदासहरू जस्ता व्यक्तिहरूले हल्लाउन सक्दैनन् । यो रत्नभन्दा सामाजिक शक्ति भयानक छ । म किन एक जनालाई पत्याई रहुँ ? मैले पत्याउन छोडिसकें । (पृ.३१) नेपाली समाजको जडताबाट उ कति वाक्कछ भने, यहाँ केही गर्नु फजुल छ । यो ठाउँ मलाई मसानै-मसान जस्तो लाग्छ । तिमी केही गर्न खोज, निन्दाले तिमीलाई बहिरो तुल्याउँछ, तिमी एक पाइला अगाडि बढाउन खोज, तिम्रो खुट्टा तान्नेको सङ्ख्या कति हुन्छ । यस्तो ठाउँमा केही हुने आशा गर्छौ, व्यर्थ हो । (पृ.१३) ऊ सित्तैंमा कपाल दुखाएर अरूको भलो हुने काम गर्नु व्यर्थ ठान्दछ, र कोही मरे मरोस् भन्ने उसको विचार छ । यो ठाउँमा केही गराउँछौ भने घाँटी समातेर गराऊ, मलाई यो देशमा केही होला जस्तो लाग्दैन । उ समाजमा स्वतन्त्रताको अर्थ लुट मार, अधिकारको अर्थ व्यक्तिगत लाभ लगाएकोमा र लूटको सम्पत्तिले कानूनको आँखामा छारो हाल्न सकिन्छ भन्ने देखेर (पृ.४०) दिक्क छ र एउटा वैचारिक क्रान्तिको आवश्यकता महसुश गर्छ । उ प्रतिभालाई भन्छ- "त्यो (नालीको) निकास खोलेर मात्रै निको हुँदैन बुझ्यौ प्रतिमा । दुषित विचार, ईच्छा, सबको निकास बन्दछ, खोई निकास खालेको ?" (पृ.३५) त्यसै गरी सत्यलाई खुशी पार्ने उदारवादी विचारका कृष्णमानलाई ललितले भनिदिन्छ- "तिमीले निकास पनि खोल्न चाहन्छौ, आपत्ति आइ पऱ्यो भने छेक्न पनि कोशिस गर्छौ, त्यसैले तिमी केहीमा पनि पार पाउन्नौ ।" (पृ.३८) रत्नदास जस्तो सुधारवादी पनि पछि आएर महसुश गर्छ, म कृष्ण दाइको सिद्धान्तमा विश्वास गर्दिन । जबर्जस्ती नगरिकन यहाँ केही पनि हुँदैन बुझ्नुभयो ? हात उठाउनुहोस्, सबैले तपाईंको कुरा सुन्छन्, सम्झाउन खोज्नुहोस् कसैले पनि तपाईंको कुरालाई सुन्दैनन् ।" (पृ.४३) प्रतिमा विधवा भएर दिनकाटी रहिछे, उर्मिला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोग्ने विदेशिएकोले विधुवी पनि भइन तर सधवी पनि छैन । यसरी कृष्णमानको घर एउटा मसान जस्तो भएको छ र ऊ स्वीकार गर्छ । मलाई थाहा छ, मेरा दुवै बहिनीहरू यही कमजोरीका प्रतीक हुन् (पृ.१३) ललितले नेपालको अपरिवर्तनवादी समाजलाई कति राम्ररी बुझेको छ- "यो नेपालमा जुन सुकै विचार पनि नौलो हुन्छ, नौलो भनेपछि यस ठाउँमा प्राय कहिल्यै सम्भव हुँदैन ।" (पृ.११) हरेक घरमा बिरामी छन्, कसैलाई के रोग लागेको छ, कसैलाई के; यो समाज मसान हो, हामी सबै जिउँदा लास हौं ।

ललित दुःखी छ । ऊ चाहन्छ कि यो सब व्यवस्थालाई नै चकनाचूर पारूँ । कहिले काहीं पलायनवादी भएर उ यहाँ जन्मनु नै गल्ती ठान्छ, हामी सब मूर्दा हौं भन्छ, कृष्णमानको सज्जनतालाई नै उर्मिलाको रोगको कारण बताउँछ ।

हाम्रो समाजमा व्यक्तिगत सम्पत्तिका निम्ति चाहे त्यो ढलनाल फोहोर-मैला नै किन नहोस्, कुन व्यक्तिले ज्यानको बाजी लगाउँदैन । उ भन्छ- उसको सिद्धान्त छ, यहाँ टालटुलले केही काम चल्दैन, बढार्ने हो भने राम्ररी नै बढार्नु पर्छ, नत्र यसको केही उपयोगिता नै छैन । पुरानो परम्परा र नयाँ विचारको सङ्घर्ष प्रष्ट पार्दै ललित भन्छ- "बाबु जन्माउने बाबु मार्न होइन, परम्पराको श्रृङ्खला पनि हो र त्यसको रक्षक पनि हो । (पृ.४५) सुगतदास घोर व्यक्तिवादी छ र उसको छोरा रत्नदास घोर परिवर्तनवादी छ दुवैको सङ्र्घष नयाँ र पुराना माझको सङ्घर्ष हो । उ भन्छ- "बुझ्नु भो लुछ्लाछ गरेर सबै ध्वंश गरेको भए कसैको पनि यसो गर्ने हिम्मत हुन्थेन ।"

यसरी ज्यूँदोलास विचारहरूको सङ्घर्षले भरिएको हुन्छ र ज्यादै सुन्दर ढाँचाबाट ती विचारहरू राखिएका छन् ता पनि नाटकको अन्त्य अन्योलमा पार्ने किसिमको छ र ती विचारको ठाकठुकहरू त्यसै अर्थहीन लाग्दछन् । एकपछि अर्को पागल हुँदै जान्छन् र हामी सबै बुद्धि- जीवीहरू यही हौं भनेर मात्र असन्तोषलाई टुङ्ग्याइएको छ । फेरि सुगतदासले एकातर्फ ढल खोल्ने कुरामा आफ्नो छोराको टाउको फोर्न लगाउन पनि बेर मान्दैन र त्यसबाट हुने नोक्सानी मानेको छ तर अर्को तर्फ "व्यवहारमा बसेपछि के गर्नु यस्तै हुन्छ" भनेर अनि "सानो कुरामा इज्जतमा धक्का लाग्यो भने गल्लीका कुकुरले पनि भुक्छन्," भन्ने घोर व्यक्तिवादी विचार लिएर ऊ आखिरमा 'फोहोर मैला त रहने नै भो,' भनेर आफ्नो कुरा माथि पार्छ । उसले उर्मिलाको बिरामीमा ओठे सहानुभूति देखाए पछि ललितले व्यङ्ग्य मात्र गर्छ । यसरी आखिरमा यसमा पनि लेखकले नौलो पुस्ता पुरानोबाट पराजित भएको देखाएका छन् । त्यसैगरी अन्त्यमा उर्मिलाको मृत्यु हुन्छ, त्यही अन्योल र रोगमै । यसरी अन्यौलकै वातावरणमा आएर यो नाटक टुङ्गिन्छ र यसले राणाकालीन नेपालको निरङ्कुश सामन्ती शासनबाट उत्पन्न नेपाली मध्यम वर्गीय मुर्दा मनस्थितिको ज्यादै राम्रो चित्रण गरेता पनि जस्तो सकरात्मक पाराबाट यसलाई लेखकले टुङ्ग्याउन सक्थे, त्यो गरेका छैनन् । शङ्करमानको उपयोगितावादी मानवतावाद- "म संसारको कुनै नियमलाई कुल्चन अपराध सम्झिन्न यदि त्यसले मनुष्य मात्रको बाँच्ने अधिकारलाई सुरक्षित राख्छ भने" भनेको भए पनि आखिर काम लाग्दैन सब असहाय देखाइएका छन् ।

यसरी जीउँदो लासको अन्त्य नाटकीय ढङ्गबाट भएको छ ता पनि जति बौद्धिक ढाँचाबाट यो चलेको थियो, अन्त्य त्यस रूपबाट हुन सकेन । यो खालि विभिन्न विचारहरूको खिचडी मात्र रह्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब उहाँका बेला बेलामा छापिएका एकाङ्कीहरू पट्टि आऔं । २०१८ सालको शारदामा छापिएको 'अपराध' शीर्षकको एकाङ्कीमा लेखकले मनोविज्ञानवादी सुधारवादको आधारमा एउटा बरालिएको केटाको हृदय परिवर्तन बाबुले आफ्नो विगत जीवन सुनाएपछि कसरी हुन्छ भनेर देखाएका छन् । धर्म एउटा बरालिएको केटो हो, ऊ जुवा खेल्ने, रन्डीसँग जाने र पैसा चोर्ने कुलतमा लागेको छ र सबै हैरान छन् । एक दिन उसको बाबु गोपालले प्रष्ट गरी र नाटकीय चमत्कारितासित आफ्नो पुरानो जीवनको एक एक बदमाशी बारे खोल्दछ, किन भने सत्य कुरा सुनाउनै पर्छ, भन्ने उसको विचार छ । अर्को उसको के पनि मत छ भने छोरामा बाबुको रगत मात्र होइन संस्कार पनि जाँदो रहेछ र छोराको कुलत र अपराधी स्वभावलाई आफ्नो पुरानो जन्मको पापको फल भनेझैं मेरो अपराधको फल म भोग्दैछु, मलाई पो यिनीहरूले माफ दिनुपर्छ, भन्दछ र आखिरमा छोरालाई कतिसम्म छुट दिन्छ भने तँलाई त्यही आइमाई ल्याउन मन छ भने लिएर आ, म तेरो सुखलाई हरण गर्दिन । अनि त्यस्तो लामे हात गर्ने कुलत भएको मुखबाट धर्मको अचानक पश्चाताप गराएर अब म पुरानो काम गर्दिन भनी लेखकले भन्न लगाएका छन् । यसरी अस्वाभाविकता अति आदर्शवाद र मनोवैज्ञानिक चमत्कारबाट यो ग्रसित छ र संस्कार जस्तो गहिरो चीज कसरी एउटा भाषण सुनेर फेरिन्छ बुझ्न सकिन्न ।

शरदा २०१८ मा प्रकाशित भएको उहाँको 'मनको बन्धन' भन्ने अर्को एकाङ्कीमा पनि उही सुधारवादी चमत्कार देखाइएको छ । लोग्ने मान्छेको अत्याचार स्वास्नी मानिसमा कति हदसम्म हुन्छ भने अबला बुहारीलाई कतै कतै ता लोग्नेले मात्रै होइन सासु ससुराले पनि कुट्छन् । बाबा दिदी त्यस्ती एउटा सोझी केटी हो । भीमनिधिको सहनशीला शुसिलालाई पनि माथ गर्ने । उसको लोग्ने रामकृष्ण ज्यादै निठुरी, आइमाई खोजुवा र छाडा मानिस छ र उसले पिटेका नीलडामबाट बाबा दिदीको जिउनै थिलथिलो भएको छ । उ बेलाबेलामा अर्को स्वास्नी ल्याउने धम्की दिन्छ । तर एक दिन बाबा दिदीको घरबाट आएकी कमलाले त्यस्तो ठाउँमा बस्नु भन्दा पारपाचुके गर्नु राम्रो भन्ने सुझाव ल्याउँछिन् र त्यो कुरा रामकृष्णले पनि सुन्दछ । पछि कमला र रामकृष्णमा भयानक बाझाबाझ हुन्छ र कमलाले रामकृष्णलाई निडर भएर उसलाई आइमाई माथि अत्याचार गरेको दोष लगाउँछिन् । कमलाको चरित्र राम्ररी राखिएको छ तर उसको हाँकलाई त्यसैगरी जवाफ दिने रामकृष्णबाट लेखकले अचानक पश्चाताप गर्न लगाई- "म अबदेखि तिमीलाई कुट्दिन, म खराब मानिस हुँ, म राक्षस हुँ" भनेर भन्न लगाएका छन् । यो ज्यादै आदर्शवादी र अस्वाभाविक कुरा लाग्दछ । सबैलाई थिचेर हिंड्ने छाडा लोग्ने मान्छेको प्रतीक रामकृष्ण एउटा आइमाईसित बाझेर अनि पारपत्रको कुरा सुनेर कसरी अकस्मात दैत्यबाट देवता हुन पुग्छ, बुझ्न सकिन्न । त्यसैले यो एकाङ्की पनि उही आदर्शवादी अस्वाभाविकताबाट ग्रसित छ । तर बीच-बीचमा यसमा केही ज्यादै राम्रा कुरा पनि लेखकले औंल्याएका छन्, जस्तै युगौंदेखि थिचिंदा-थिचिंदा कसरी आइमाईहरूको आत्मा विदीर्ण भैसकेका छन्, कि लोग्नेले दिएको लात र नील डामलाई नै आफ्नो जीवनको अमूल्य कुरा सम्झन्छन् । लोग्ने मान्छेहरूको छाडा प्रवृत्तिका लागि आइमाईहरूको मानसिकता पनि जिम्मेवार छ । अर्को तर्फ आइमाईहरूको दयनीय स्थितिको मूल कारण आर्थिक हो भन्ने वास्तविकता औंल्याएर लेखले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई ज्यादै खाँदिलो पारिदिएका छन्- "भाउज्यूको बुहार्तन सहनु भन्दा त लोग्नेको लात सहनु नै बेश" भन्नेहरू धेरै छन् । सबै समस्या आर्थिक प्रश्नमा छ । त्यसैले आर्थिक दासत्वबाट मुक्त नभइकन, पैसा कमाउन नसकिकन, कोही स्वतन्त्र हुँदैन ।" कविताको प्रेम र वास्तविक प्रेममा फरक छ । प्रेम बराबरी हुन्छ, भन्ने अर्को यथार्थ कुरा पनि लेखकले प्रकट गराएका छन् । तर एउटा दुईटा यस्ता समस्या हल गरेर यस्ता अनगिन्ती समस्याहरू निखिन्नन् भन्ने कुरा बुझेका लेखकबाट अपराध र दुर्व्यवहारका पछाडि रहेका मूलभूत वस्तुगत कारणको चर्चा नै नगरी अचानक खराब चरित्रहरूलाई असल भएको देखाउनु अन्तरविरोधी र अव्यवहारिक कुरा हो ।

२०२१ मा मुकुटमा छापिएको 'के हुन सक्दैन' भन्ने एकाङ्की लेखकको यस्तै अव्यवहारिक र आदर्शवादी दृष्टिकोणको अर्को नमूना हो । यसले पनि नारी समस्यालाई छोएको छ । भरत र गौरी प्रसादका माझ आइमाईको सुधार र शिक्षा बारे कुरा चल्छ । गाउँकी केटी अहिल्या शहरमा गएर पढी लेखी आफूलाई सुशिक्षित पार्न चाहन्छे । उसका घरका मान्छे त्यसमा तगारो हुन्छन्, तर भरत र गौरीप्रसाद दुवै त्यसका लागि सकभर सङ्घर्ष गर्ने आश्वासन, अहिल्यालाई दिन्छन्, अहिल्याको भनाइ- "म गाउँलेनी मेरो कुनै इच्छा नै छैन" ज्यादै ठीक भनाई हो । कोही किन बर्बाद होस्का आदर्श शिक्षक सुन्दरलालझैं यसमा भरतलाल पनि आफ्नो कर्तव्य बताउँदै शिक्षकले क्लासमा मात्र सिमित नरही समाजलाई पनि नेतृत्व दिनु पर्छ भन्ने नौलो दृष्टि राख्दछन् । भरतलाल आफ्नो जहानलाई ज्यादै माया गर्छन् र उनकै विषयमा कुराकानी गर्ने, उनैको चिन्तनमा आफूलाई डुबाई राख्ने कुरामा उसलाई असीम आनन्द आउँछ र उनको चिठी र तस्वीरलाई बारम्बार हेर्दै पढ्दै गर्छन् । एक दिन अघिसम्म ज्यादै भावुक, रसिक र रोमान्टिक भरतलाललाई एक्कासी कठोर तर्कशील र यथार्थवादी देखाइएको छ- ज्यादै अस्वाभाविक ढङ्गमा । त्यस्ती जहानको फोटो र चिठी एकछिन् अघि मात्र पाएको भरतलालले हृदय रोगले उनकी उषाको मृत्यु भएको कुसमाचार पाउँछन् । तर उदेक लाग्ने कुरा त के भने उही बेलै ज्यादै अस्वाभाविक ढाँचामा- "बिर्सनसिवाय मर्नेलाई बाँच्नेले अरू के गर्न सक्छ ।" भन्दै क्लासमा पढाउन जान्छन् । मानौं उनले त्यो खबर सुनेकै छैनन् । व्यक्तिगत अपसोचमा कर्तव्य रोकिन्न भन्दै सामान्य ढङ्गबाट क्लासमा भारत गएको देख्ता लेखकले बलजफ्ती शिक्षा दिन खोजेको र कर्तव्यको पाठ पाठकलाई पढाएको बुझिन्छ । भरतलाल जस्ता दुई चार व्यक्तिहरू भए यहाँ जे पनि हुन सक्छ कि हुन सक्दैन ? भनेर लेखकले यसको शीर्षकको औचित्य प्रमाणित गरेका छन् । तर भरतलालबाट प्रभावित हुनु भन्दा (जुन लेखकको लक्ष्य हो) पाठक आश्चर्य चकित नै हुन्छन् ।

२०१३ सालको शारदामा छापिएको ऐतिहासिक एकाङ्की 'भीमसेनको मुद्दा'मा हाम्रो देशको व्यक्तिगत स्वार्थ र सामुहिक स्वार्थ माझको अन्तरविरोध बारे ऐतिहासिक तथ्यको आधारमा व्याख्या गरिएको छ । दुई चार जना षडयन्त्रकारी स्वार्थी व्यक्तिवादीहरूको हातमा नै देशको राजनीति बन्द भएकाले देशको सार्वभौमिकता र स्वतन्त्रताका निम्ति मरिमेट्नेहरूको दुर्गतिलाई लेखकले खूब राम्ररी देखाएका छन् । राष्ट्रियता स्वतन्त्रता र सार्वभौमिकताको रक्षा र बाहिरी साम्राज्यवादी शक्तिहरूको हस्तक्षेपबाट हाम्रो राष्ट्रिय स्वतन्त्रताको सुरक्षा गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै सुरूदेखि राष्ट्रवादी देशप्रेमी नेपाली छोराहरूको सामान्य ठूलो कर्तव्य र उत्तरदायित्व रहेको छ रहने छ । ब्रिटिश साम्राज्यवादसित अनवरत जुझ्दै नेपाललाई सँधै स्वतन्त्र र सार्वभौम राख्न मरिमेट्ने महान् नेपाली वीर भीमसेन थापा हाम्रा सँधै प्रेरणाका मुहान हुन् र रहने छन् । लेखकले आफ्नो तर्फबाट केही नभनी त्यति बेला देशका भ्रष्ट र आमा बेचुवा तत्वहरूको हातबाट कसरी उनलाई लुछियो भकुण्ड्याइयो र निर्ममतापूर्वक खतम गरियो, त्यसको छर्लङ्ग बयान यसमा भएको छ । हाम्रो देशको विदेशी हस्तक्षेप विरोधी गौरवमय सङ्घर्षहरूको उज्यालो परम्परालाई ताजा राख्दै राष्ट्रिय स्वतन्त्रतामाथि बराबर आइरहने आपत्तिहरूसित सङ्घर्ष गर्न हौस्याउने यस्ता रचनाको विशेष महत्व हुन्छ र यसतर्फ बढीभन्दा बढी कलम चलाउनु आवश्यक छ । यस सन्दर्भमा श्री बालकृष्ण समको अमर सिंह र रूद्रराज पाण्डेका केही एकाङ्कीहरूलाई हामीले सम्झनै पर्छ । व्यक्तिगत, रिस, इबी र स्वार्थको आधारमा देशलाई लुट्ने र रजाइँ गर्ने र त्यसका विपरीत सच्चा राष्ट्रवादीहरूलाई षडयन्त्र गरेर हटाउने परम्परलाई तोड्ने सङ्केत यस नाटकले दिएको छ । भीमसेन थापा भन्दछन्,- "हो मेरो केही कलङ्क छ भने, अङ्ग्रेजलाई जितेर धपाउन सकिन, सुगौलीमा सन्धि गर्नु पऱ्यो । तर पनि त्यस कलङ्कलाई मैले कति चोटी धुने कोशिस गरें, मैले यो बेइज्जती पखाल्न सकिन । अझ उल्टो मलाई अङ्ग्रेजसँग मिल्यो भन्ने हिम्मत... सरकार । यिनै फिरङ्गीहरू अझै षडयन्त्र गरेर मलाई मार्न चाहन्छन् र मुलुकलाई हत्याउन चाहन्छन् । मुलुक डुबाउन चाहन्छन् ।" उनी रणजङ्गलाई भन्छन् । खुब हर्ष बढाइँ गर, तर थाहा छ कसरी ? आफूलाई फिरङ्गीको हातमा बेचेर । यी शब्दहरू अझै नेपाली राष्ट्रवादीहरूको कानमा घन्की रहेछन् ।

त्यसै गरी एउटा अर्को राजनैतिक एकाङ्की अन्तर्द्वन्द्वमा (शारदामा छापिएको) श्री मल्लले २००७ सालपछि देशमा जन्मेको प्रगति विरोधी गोरखा परिषद्, यसमा लाग्ने तत्वहरूको चरित्र र तिनका मनस्थितिको राम्रो र छर्लङ्ग तस्वीर कोरेका छन् । त्यसको एउटा व्यक्तिवादी चरित्रले त्याग तपस्या गर्ने देशप्रेमीहरूलाई 'मूर्ख' भन्दछ । आफ्नो कप्तानी पद राणासँग हिंडिसकेपछि, उ आफ्नो इज्जेत बचाउन, आफ्नो अंश र व्यक्तिवादी अस्तित्व कायम राख्न खुकुरी दलमा सामेल हुन्छ, श्यामसुन्दर जस्तो देश प्रेमी र आफ्नै मित्रलाई षड्यन्त्र गरी झ्यालखानामा थुनाई दिन्छ । कसैको दृष्टिमा बेइमान र राष्ट्रदोह्री भएपनि उसलाई पर्वाह छैन । यसरी एउटा प्रतिक्रियावादी चरित्रको ढुलमुलपना र व्यक्तिगत प्रेमको निम्ति राष्ट्रविरोधी काम गर्न पनि पछि न हट्ने चरित्रको राम्रो विश्लेषण उहाँले गर्नु भएको छ । यसको अन्त्यमा लेखकबाट कुनै पक्ष लिएको नदेखाइएता पनि, नाटकीयतासाथ यसको अन्त्य गरे तापनि त्यस बेलाको देशको राजनैतिक स्थितिबारे यसले अलिकति ज्ञान हामीलाई दिन्छ । लेखक स्वयं पनि एकताका राजनीतिमा लागेकोले र राणा विरोधी सङ्घर्षमा अनुभव पाएकोले, उनका रचनाहरूमा यस्ता विचारहरू पोखिनु स्वभाविक हो र त्यो हुनु आवश्यक पनि छ ।

२००७ सालपछिको क्रान्तिबाट हाम्रो देशका सामन्ती परिवारहरूमा के कस्तो परिवर्तन आयो र बाहिरको संसार आफ्नो हातबाट खोसिनासाथ उनको भित्रिया संसार पनि कसरी खल्बलियो र भताभुङ्ग भयो, त्यसको एउटा ज्यादै सजीव र मार्मिक चित्र श्री मल्लले,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो एउटा अर्को रचना २०२२ को मुकुटमा छापिएको शीलाको बंगला भन्ने एकाङ्कीमा कोर्नु भएको छ । शीला राणाको बडेमाको महल पुरानो भएर भत्किएर एउटा डर लाग्दो तर्साउने खण्डहर जस्तो भएको छ । मोहनले के यो भुइँचालोमा भत्किएको हो ? भनेर सोध्दा शीलाले दिएको प्रतीकात्मक उत्तर मार्मिक छ, उनको विषादपूर्ण जवाफ थियो- अँ, हो भुइँचालो जस्तैमा, तर ९० सालको भुँइचालोमा हैन नी, सात सालको भुइँचालोमा ।

२००७ सालपछि सेता महलहरूमा मैमत्त भएर बसेकाहरूले पनि बाध्य भएर दुनियाँहरूसित हिंड्नु पऱ्यो । त्यसै मनस्थितिलाई शीलाले राम्ररी व्यक्त गरेकी छिन्- "मेरो मुमालाई के लाग्छ थाहा छ ? बाहिरको दुनियाँ कस्तो छ कस्तो छ, उहाँलाई शङ्का छ, त्रास छ । मलाई खाई दिन्छ कि, मेरो हत्या कसैले गरिदिन्छ कि, म बाटैमा हराउँछु कि, उहाँलाई बाहिरको लोकमाथि नै आशङ्का छ, विश्वास छैन । मुमालाई लागेको छ, बाहिरको दुनियाँ नीच हुन्छन् । ठग्छन्, चोर्छन्, बेइमानी गर्छन्, तल्लो जातका- तल्लो श्रेणीका मानिसहरूसँग उठ बस गरेको उहाँलाई मरे तुल्य हुन्छ, म त्यस्तै तल्ला मानिसहरूसित हिंड्छु, डुल्छु, पढ्छु, यही उहाँलाई फिक्री छ, बुझ्नु भो । उहाँको लोकै भिन्न छ । ...हामी केबाट के भइ सक्यौं । त्यसै गरी यस एकाङ्कीको अर्को पात्र विनोद समशेर पनि आफूलाई यस नयाँ प्रजातन्त्रको समाजमा अस्तित्वहीन अनुभव गर्छ । उ भन्छ सालिक झिक्न लागिरहेको थियो धीर शमशेरको । म हेरेर बसिरहेको थिएँ । क्रेनले बिस्तारै घाँटी निरै समाएर त्यो सालिकलाई उठायो । मलाई त अचानक मलाई नै उठाएको जस्तो पो लाग्यो ।" यसरी उ आफूलाई ज्यूँदो मानिस हैन, उही पुरानो समाजको सालिक नै भन्ठान्छ । जुन मनोवैज्ञानिक सूक्ष्मता साथ श्री मल्लले पुरानो समाजको यस मनस्थितिलाई यहाँ निर छर्लङ्ग्याउनु भएको छ, त्यो यथार्थ हुनाका साथै ज्यादै मार्मिक पाराको पनि छ र उहाँको प्रतिभालाई प्रकट गर्दछ ।

अस्तित्ववादी दर्शनको छाप पनि श्री मल्लका रचनाहरूमा प्रशस्त परेको पाइन्छ । कतै त उहाँले त्यसलाई कलाको निम्ति कला र अस्तित्ववादी चेतनाको प्रयोगका निम्ति नै लेख्नु भएको छ भने कतै उहाँले नेपाली स्थितिको पृष्ठभूमिमा त्यसलाई प्रयोग गर्नु भएको छ । जुन बढी प्रभावकारी र यथार्थवादी बन्न पुगेको छ । यसै सन्दर्भमा आणविक विश्व युद्धको आशङ्का, त्यसबाट आएको अनुशरणको भावना र हाम्रो अस्तित्वलाई नै धूलोपिठो पार्ने त्रासबाट जन्मेको अस्तित्वहिनता र मुर्दापना र मानसिक अशान्ति, भविष्य प्रति अनास्था र अराजकतावादी, मोज मज्जावादी दर्शनको प्रादुर्भाव आदि उहाँका चरित्रहरूमा भेटाइन्छ । जस्तै, उही शिलाको बंगलामा शीला नौलो प्रजातान्त्रिक परिस्थितिसित मेल स्थापित गर्न नसकेर आफूलाई हराएकी, ठगिएकीझैं अनुभव गर्छे र त्यसबाट वाक्क भएर ऊ जिउँदो हुन आफैं जस्तो हुन, आफ्नो स्वत्व फिर्ता पाउन चाहन्छे । ऊ लथालिङ्ग पुरानो कन्थालाई बोकेर हिंड्न चाहन्न । त्यसबाट फुक्का र मुक्त भएर टकटकिन चाहन्छे । ऊ अलपत्र परेर मर्न चाहन्न । तर उसमा आत्म विश्वास पनि छ । ऊ लडाइँ भएर सब कुरा फुस्स बाफ भै भएर जानेछ भन्ने कुरामा पत्यार गर्दिन । यस अर्थमा आफ्नो दाजु विनोदको तुलनामा उसको चरित्र बढी सकारात्मक र प्रभावकारी देखिन्छ । त्यसै गरी जीउँदो लासमा पनि अनिश्चिताको स्थितिबाट वाक्क भएर कुनै कमिन्टमेन्ट तर्फ लाग्नै पर्छ । अर्थपूर्ण जीवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाँच्ने भन्ने सार्त्रको सकारात्मक अस्तित्ववादलाई प्रकट गर्दै ललितले भनेको कुरा यहाँ उद्धृत गर्न सकिन्छ- "तिम्रो दिदीको रोग त्यही हो, अनिश्चिता । तर प्रतिमा भन्छे, त्यसरी जिन्दगी काट्नु एक किसिमले सुखमय छैन त ? चाहे त्यो सुख भ्रमबाटै किन नहोस, एउटा उद्देश्य त जिउनुको । लेखक शङ्करमानको पनि यही विचार छ तर जीवनको मुक्ति ललित यस्ता भ्रमहरूलाई चकनाचूर पारेर यथार्थ र कठोर जीवन जिउनुमा नै देख्छ । जिउँदो लासमा प्रतिमा र यहाँ शीलाको चरित्रको सकारात्मकता एउटै स्वस्थ्य दृष्टिकोणको परिचायक हो ।

२०२१ को रचनामा छापिएको कोसँग जुधौं ? भन्ने लेखमा अलि कति यस्तै दृष्टिकोण व्यक्त गरिएता पनि श्री मल्लको अस्तित्ववादी दृष्टिकोणले यहाँ नकारात्मक रूप लिएको छ । यो स्वाभाविक र यथार्थभन्दा बढी, फुस्लो काल्पनिक र कलावादी मात्र भएको छ । विक्रम मृत्यु प्रति बढी सचेत र भावुक छ । आफू मर्छु भन्ने कुरा थाहा पाएपछि ऊ एक दुई दिन बढी बाँच्नु के अर्थ छ, निरर्थक । भनेर भन्छ । अनि मेरो यात्रा कता तिर ? भन्ने रहस्यवादी र भावुक सवालले ऊ रन्थनिएर छट्पटाउँछ । उसको भनाई रित्तो शून्यमा मेरो यस्तो सजीव चेतना लक्ष्यहीन भएर हामफाल्ने छ, निरर्थक भएर शून्यमा शेष हुनेछ । ...शून्यको जवाफ छैन, मृत्युको जवाफ छैन । उ अनास्थावादको शिकार भएको छ- "मलाई मुक्तिमा विश्वास छैन, मलाई केहीमा पनि विश्वास छैन, सब शून्य छ ।" र ऊ शून्य महाशून्य भन्दै पछारिन्छ र मर्छ । यसरी नाटको अन्त्य नाटकीय ढाँचाबाट हुन्छ र पाठक या श्रोताको मनमा एउटा अनास्थावादी रहस्यवादी र शून्यवादी छाप पर्दछ । हुन त सुरेन्द्रले विक्रमलाई विश्वासै नभए पनि आत्मसन्तोषको खातिर केहीमा विश्वास गर । भनेर भन्छ तर लेखकको पक्ष सुरेन्द्र भन्दा बढी विक्रमतिर ढल्केको बुझिन्छ । यो रचना यस अर्थमा ज्यादै नकारात्मक भएको छ ।

रूपरेखा, २०२१ म छापिएको सत्ताको खोजमा भन्ने अर्को एकाङ्की पनि अस्तित्ववाद बाटै प्रभावित रचना हो र यसमा एउटी आइमाईको आत्मसङ्घर्ष देखाउने प्रयास गरिएको छ । कानुन र व्यवस्थाले घाँटी अँट्ठयाएकी एउटी नारी- "खै मेरो आफ्नो आत्मसम्मान !" भनेर आफ्नो सत्ताको कदर गरिएको देख्न चाहन्छे र आखिरमा जीवनको सबभन्दा ठूलो अधिकार इच्छा मरण भनौं मर्ने अधिकार, जो मेरो हो, जस्लाई कोही खोस्न सक्तैनन्, उपयोग गरेर म मरिदिन सक्छु, ...म त्यसरी आफ्नो स्वतन्त्रता र हक दाबी गर्न सक्छु," भन्दै मर्ने अधिकारद्वारा यो समाजलाई लत्याई दिन्छे, समाजसँग विद्रोह गर्छे, र आत्महत्या गर्छे । यो कस्तो विद्रोह हो बुझ्न सकिएन । यो त पलायन हो । आत्महत्याको यत्रो बखान गर्नु र त्यसलाई जीतको रूपमा देखाउन खोज्नु श्री मल्ल जस्ता तन्नेरी लेखकलाई नसुहाउने कुरा हो । यसै एकाङ्कीमा अर्को तर्फ तिलकले समाजमाथि आफ्नो सारा कुकर्मको दोष थोपरेर र मुक्त हुँदै आफ्नो मनपरीपना र छाडाप्रवृत्तिलाई उचित ठहऱ्याउन खोज्नु पनि सही कुरा हैन । ऊ आफ्नो दोष स्वीकार गर्दैन । यसरी यो रचना पनि नकारात्मक र अराजकतावादी भै दिएको छ र उहाँका अन्य रचनाहरूमा व्यक्त गरिएका चरित्रहरू र तिनका स्वस्थ दृष्टिकोणसँग बाभिन पुगेको छ । फेरि बढी चमत्कारिता र संशय उत्पन्न गर्नाका लागि नाटकमा जस्तो स्थितिको विधान गरिएको छ, त्यो हेर्दा यसलाई स्वस्थ कृति मान्न सकिन्न ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०२२ सालको रचनामा छापिएको भोली के हुन्छ, २०२० सालमा भानुमा छापिएको लाइफ इन्स्योरेन्स र त्यसैगरी माथि उल्लेख गरिएको शीलाको बंगलामा आणविक महायुद्धको भयत्रास र त्यसबाट आएको विकृति र अव्यवस्थित मानसिकताको राम्रो चित्रण भएको छ। भोलि के हुन्छ मा विभिन्न प्रतीक चरित्रहरूको सृजना गरेर शक्तिद्वन्द्व र शान्तिलाई त्यसबाट खतरा, सह अस्तित्वको आवश्यकता, शक्ति अहंमन्यता, आदिको विवेचना भएको छ। तर ठाउँ-ठाउँमा ज्यादै अस्पष्टता छ। मानवतावाद वा शान्ति निरपेक्ष हुँदैन। शान्तिका द्रोही वास्तवमा कुन तत्व हुन्, मानवता भनेको के हो र त्यसको हत्या कुन पक्षबाट हुँदैछ, त्यसको कुनै लेखाजोखा नै नगरी ज्यादै अस्पष्ट ढङ्गमा मेरो युगै अपराधी, म अपराधी भनिएको छ। युध्द भन्दैमा सबै खराब हुँदैनन्। आक्रमणकारीले थोपरेको युद्ध र आफ्नो स्वतन्त्रता र इज्जेतको रक्षा गर्न गरिएको युध्दमा फरक हुन्छ। पहिलो अन्यायपूर्ण युद्ध हो, दोस्रो न्यायपूर्ण। फेरि आमालाई मानवताको प्रतीक बनाएर सन्तानको दुराचारलाई पनि सहन र अझै तिनीहरूको रक्षा गर्ने, दुष्ट र असलको भेद नगरी सबैलाई एउटै तराजुबाट तौली प्रेमको बखान गर्ने यस रचनाले शान्ति र युद्धको प्रश्नलाई रहस्यमय नै पारिदिएको छ। त्यसले पाठकलाई आखिरमा अन्योलमै पार्छन्। यसको अन्त्य सकारात्मक ढङ्गबाट गरिएको छ। मानवताको मुखबाट- "जीवन यहाँ कहिल्यै हार्दैन जेठा, तिमीमा जीवन रहुञ्जेल बाँच, र आखिरमा मरेको विश्वास जगाउन शङ्ख फुक्दै आएको छु भन्दै, भविष्य प्रति खबरदारीको सन्देश गुञ्जित पार्दै नाटकको अन्त्य हुन्छ। तर शत्रु र मित्र को हुन् ध्वँसकारी र निर्माणकारी तत्व कुन कुन र को को हुन् भन्ने कुरा बारे लेखकले प्रष्ट केही नभनी दिएकोले यसको जे पनि अर्थ लाग्छ र यसको सन्देश भावुकतापूर्ण कविताको गुञ्जन मात्र हुन पुगेको छ।

त्यसै गरी अनिश्चित भय, दुर्घटनाहरू र पृथ्वी नै रहँदैन भन्ने आशङ्का प्रकट गर्दै पृथ्वीको नै ग्यारेन्टी दिने माग लाइफइन्सुरेन्स भन्ने एकाङ्की (भानु २०२०) मा गरिएको छ र शीलाको बङ्गलामा लडाइँ र विश्वयुद्ध हुने निश्चय झैं भएकोले त्यस खुशियालीमा रक्सी पिउने फुस्स बाफ भएर जानुमा मज्जा मान्ने विनोद शमसेरको विकृत चरित्रको वर्णन गरिएको छ। आफ्ना हातबाट सत्ता खोसिएपछि मरेपछि डुमै राजा भन्ने उखान चरितार्थ गर्ने व्यक्तिवादी राणा शासक वर्गको प्रतीक विनोद शमसेर अब २००७ सालपछि चारैतिर नासै-नास देख्न चाहन्छ, उ भन्छ- "रूस र अमेरिकाले बम पड्काएर सिध्याइदिउन्, मेरो के हुन्छ, म मरिसकेको राणाको के नापिन्छ, म मर्छु।" यसरी आफ्नो पनि हार हुन थालेपछि अधिनायकवादीहरू कसरी बाँदरले आफ्नो घर भन्दैन अरूको पनि राख्दैन भनेझैं सबलाई खत्तम पार्न चाहन्छन्, त्यसको यो राम्रो प्रतीक हो।

श्री मल्लका एकाङ्कीमध्ये सबभन्दा प्रभावकारी क्रान्तिकारी र सफल रचना 'बहुला काजीको सपना' नै हो जुन लेखकले अघिदेखिनै लेखिराख्नु भए तापनि २०२३ सालमा मात्रै रूपरेखामा छापिन पुग्यो। यहाँ गरीबको आत्मसम्मान र एउटा क्रान्तिद्रष्टाको सपना ओजदार किसिमबाट अभिव्यक्ति भएको छ। भक्ते भरीयाले छोरो वीरेलाई भीख मागेकोमा कुट्छ- "यसको बाबुले यसलाई कमाएर खुवाउनै सकेन छ, यसको बाबुले यसलाई पाल्नै सकेनछ", काजीका चार सिद्धान्त छन्- काम नगरी कसैको क्यै न खानू, ईश्वरसित पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हात फैलाएर क्यै न माग्नु, आमा बाबुसित पनि आफूले क्यै नगरी क्यै नलिनु । भगवानलाई कहिल्यै घूस खुवाएर पुकारा नगर्नु । अब म मन्दिर-सन्दिर धाउन्न ।

यसरी श्री विजय मल्लले विभिन्न पक्षहरूलाई लिएर नाटकहरू रच्नु भएको छ र नेपाली नाटक साहित्यलाई ठूलो योगदान गर्नु भएको छ । मनोवैज्ञानिक समस्या, ०७ सालको क्रान्तिपछि नेपाली मध्यम वर्गीय समाजमा आएको विश्रृंखलता र खल्बली, आइमाईहरूको स्थिति, नौला र पुराना मान्यताहरूका माझको तानातान र हानथाप, आधुनिक युगमा अणुबम र विश्वयुध्दका संभावनाबाट आएको शङ्का-उपशङ्का आदि उहाँका रचनाका सामान्य विषय भएका छन् ।

मनोवैज्ञानिकता, बौद्धिकता, सुधारवाद, काव्यात्मक आदर्शवाद, प्रतिकात्मकता उहाँका रचनाहरूका विशेषता हुन् । उहाँ स्वयं कवि पनि हुनुहुन्छ । भाषा सम्बन्धी भुल-चुकहरू ठाउँ ठाउँमा देखिन्छन् । उहाँमा अस्पष्टता र रहस्यात्मकता प्रशस्त छ र अन्तरविरोध पनि । लेखक धेरै जसो ठाउँमा आफै अनिश्चितता र अन्योलको सिकार हुनु भएको छ, त्यसैले रात भरि करायो दक्षिणा हरायो, भनेझैं उहाँका रचनाहरू पढिसकेपछि बौद्धिक पाठकले कुनै ठोस निर्णय भेट्टाउन सक्तैन । आधुनिक बौद्धिक नाटककारले हाम्रो युगका अनेक समस्याहरूलाई उठाउँदै छाड्दै मात्र गर्नु हुन्न । तिनका विषयमा सकारात्मक दृष्टिकोण लिएर पाठकलाई पनि उचित पक्ष तर्फ तान्नु पर्छ । नत्र साहित्य पनि यता न उताको हुन्छ । समस्याहरू मात्र उठाउने लेखकले त जिउँदो लासको शङ्करदासझैं आफैलाई ठग्ने अनुभूतिबाट पीडित हुनुपर्छ । शङ्करका यी भनाईहरू कति सार्थक छन्- "कथा ! कस्तो निरर्थक । कस्तो हास्यास्पद । उर्मिला यहाँ कष्ट भोगेर मुक्ति पाईरहेकी छैन, म उसको विषयमा कथा सोच्दछु, उसको दु:खलाई लिपिबद्ध गर्ने चेष्टामा आफूलाई जोत्न चाहन्छु । मूर्खता । उर्मिला यता तड्फडाई रहेकी हुन्छे, म उता पल्टेर कल्पना गर्छु । मेरो कल्पना छ, कसैको जिन्दगी मेरो खेल छ, कसैको कथा । यस्तो ठट्टा गर्न थालि रहेकोछु । मैले आफूलाई लेखाइसम्म सीमित राखेर के ठगिन ? म कालो पोतेर के यी घटनाहरूलाई निर्मूल पार्न सक्छु ?"

लेखक शङ्करदासका यी इमान्दारी र अन्य चेतनाबाट निस्केका सवालहरू हामी सबैका सवाल हुन् र श्री मल्लसित उहाँका रचनाहरू पढेपछि सोध्ने मेरो पनि सवाल हो । श्री मल्लका नाटकहरूमा विभिन्न खालका पात्रहरू छन् र सामाजिक पृष्ठभूमिमा उभिएर पनि उहाँले अन्तमा व्यक्तिवादलाई नै अँगाल्नु भएको छ । उहाँमा पाइने अन्योल, अस्पष्टता र अन्तरविरोधहरूको कारण पनि यही नै हो । तर नेपाली समाजको मध्यम वर्गीय र शिक्षित संसारको ज्यादै सजीव चित्र उहाँका पात्रहरूमा देख्न पाइन्छ । रिमालको परम्परालाई हुर्काउने सबभन्दा ठूलो श्रेय उहाँलाई नै छ । सामाजिक र आर्थिक दुर्व्यवहारले जन्माएको रोग, विकृति र अस्वस्थतालाई सामूहिक, वैज्ञानिकता र सामाजिक दृष्टिबाटै हटाउन सकिन्छ, व्यक्तिगत चेतना आदर्श वा कल्पनाले हैन । बतासे मानवतावादी जादूबाट यो संसार अलिकति पनि फेरिन्न । शक्तिशाली र सप्राण साहित्य त्यही हो जसले जीवनको व्याख्या मात्र गर्दैन बरू त्यसलाई फेरेर पहिले भन्दा विकसित र राम्रो ढाँचामा ढाल्नका लागि युगानुकुल पात्रहरू र चरित्रहरूको निर्माण गरेर व्यवहारिक पाइला पनि सार्छ । त्यसो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने लेखक नै आज काम लाग्ने छन् र नेपाली जनतालाई त्यस्तै लेखकहरूको खाँचो पनि छ । आफ्नै विकृतिमा रूमलिएर संसारलाई विकृतै-विकृत देख्ने अनि पलायन, रहस्य र चमत्कारलाई नै साहित्यक शिल्प भन्ठान्ने, त्यसको रमझममा अल्मलिने लेखकहरूको कुनै भविष्य छैन । नौला नौला सिपहरूको प्रयोगका साथै यथार्थ र क्रान्तिकारी दृष्टिकोण फिँजाउने साहित्य नै आज काम लाग्ने छ र यस कामका लागि नाटक नै सबभन्दा बढी सक्रिय र प्रभावकारी माध्यम हो ।

श्री मल्ल तन्नेरी नै हुनुहुन्छ । वहाँबाट अझै हामीले निकै राम्रा-राम्रा स्पष्ट, सकारात्मक रचनाहरूको आशा राखेका छौं र आजसम्म रहेका अन्तरविरोध, अस्पष्टता र भावुक बौद्धिकतालाई छाडी उहाँले यथार्थवादी र क्रान्तिकारी नाटकहरू नेपाली समाजलाई दिनुहुनेछ, जसको अझैं हामीलाई ठूलो खाँचो छ । विजय मल्लमा नाटककारको प्रशस्त प्रतिभा छ र विचारधारात्मक ढाँचाबाट बढी खारिँदै जानु भएमा उहाँबाट हामीले एउटा महान् नाटककार भेटाउनेछौं भन्ने कुरामा हामी आशा गर्न सक्छौं ।

(नोटः यो रचना नेपाली साहित्य परिषद्को तत्त्वावधानमा त्रिभुवन विश्वविद्यालयमा आयोजित 'नेपाली नाटक साहित्य' भन्ने विचार गोष्ठीमा पढिएको थियो । सम्पा.)



हार्दिक श्रद्धाञ्जली !

यस केन्द्रको स्थापनाका निम्ति आयोजित प्रथम भेला २०६२ का सभापति, वरिष्ठ शिक्षाविद् **मोहननारायण श्रेष्ठको** दुखद् निधन भएकोमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र
नयाँबजार, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निवन्ध

विज्ञान र ईश्वर

मानिसले अनेक विचित्र वैज्ञानिक आविष्कार गरे भन्दैमा आफै महान्, आफै सबभन्दा बलियो र आफै सृष्टिको मालिक भनेर घमण्ड गरी ठूलो हुनुमा ठूलो पना र बुद्धिमानी छैन । त्यो त अहंभाव हो । वैज्ञानिकमा अहंभाव आयो भने उसले सत्य पत्ता लगाउन सक्ने छैन । अहंको अल्भाउने, अस्पष्ट तथा मूढ विकारमा छेकिएर मानिस अघि जान सक्तैन । वैज्ञानिकले कहिले पनि ज्ञानको तुजुक देखाउँदैन । ऊ, केटाकेटीदेखि कपाल फुलुन्जेलसम्म ज्ञानकै विद्यार्थी रहन्छ । वैज्ञानिक सधै नम्र र केही जान्दिन भन्छ र त्यसै असन्तोषमा केही जान्न खोज्दै जान्छ । श्री न्यूटनले भन्नु भयो- यदि मैले केही परसम्म देख्न सकेंछु भने तपाईले मेरो आँखाको तेजको प्रशंसा गर्नु पर्दैन । मैले आफूभन्दा अघि आएका ज्ञानी र वैज्ञानिकहरूको काँधमा चढेर नै अलि टाढा देख्न पाएको हुँ । म त डर लाग्दो फराकिलो समुन्द्रको किनारमा केही स-साना ढुङ्गाका टुक्रा टिप्न खोजी रहेको छु । सुकरातको सुप्रसिध्द वाक्य- 'म केही पनि जान्दिन; म खालि यै जान्दछु' ले ज्ञानको असीमितता झल्काउँछ । विचार गर्ने मस्तिष्क सीमित र अपूर्ण छ ।

सत्य पत्ता लगाउन मान्छेले एक जीवन भरि पनि सक्ने छैन । यसलाई कति वर्ष लाग्ला यो गन्न टाउको दुखाउनु केटाकेटीपना होला । त्यो एक युगले केही खोजेर छोड्छ र त्यसपछि अर्को युगले त्यसभन्दा अलि बढ्ता खोजेर जोड्छ, त्यसै गरी बिस्तारै-बिस्तारै मानिस सत्यतिर अघि बढिरहेको देखिन्छ । बीसौं शताब्दीमा धेरै थाहा नपाइएका कुरा एक्काइसौं शताब्दीमा हाम्रा छोरा नातिले थाहा पाउलान् । एक युगले एकै पल्ट न सत्य खोज्न सक्छ, न त स्वतन्त्र भएर मैले खोजेको कुरा नै सत्य छ भनेर तोक्न सक्छ । भूल र साँचोको तर्क द्वन्दबाट मथिएर केही उपसंहार निस्कन्छ । अनि पछि आउने प्रयोग र प्रमाणले अहिलेका हाम्रा कुरा काट्छन् । हाम्रो आँखाबाट लुकेको कति नयाँ कुरा खनेर निकाल्नेछन् । तर हाम्रो युगले यस अन्तर्द्वन्द्वमा परेर आफ्नो युगका विचार र प्रवृत्तिमा शङ्का उठाउन ठीक हुने छैन; किन भने हामीले आफ्नो प्रयोगद्वारा जति थाहा पाउन सक्यौं हामी रहुञ्जेल त्यही सत्य हो ।

धेरै जसो मानिसको आफूले विचार गर्ने झञ्झट नउठाई त्यसै अर्काको लहै-लहैमा लाग्ने बानी हुन्छ । हो होइन भनेर ओल्टाउने पल्टाउने थोरै साधारण मानिसहरू सबै कुरा मान्दछन्-असाधारणहरू त्यसमा आवश्यकता र तर्कको अनुकूल केही काँट-छाँट गर्ने गर्छन् । आज ईश्वर विरोधी भावनाको प्रचार जतातते सुनिन्छ । मानिसहरू विज्ञानको आश्रय लिएर मानिसलाई सर्वशक्तिमान भन्छन् अनि आजसम्म मानिसभन्दा ठूलो कहलाईएका ईश्वरलाई हेंला गर्छन् । मानिस यति ठूलो छैन जति मानिसहरूले आफूलाई मै ठूलो छु भन्छन् । यौटा केटाको प्रशंसा त्यसभन्दा ठूलो मानिसले गरेकोमा हामीले विश्वास गर्नेछौं; तर केटोको प्रशंसा केटोले नै गरेकोमा म त्यसलाई परिपक्क भन्ठान्दिन । सबै प्राणीहरूभन्दा बढ्ता सम्य-ज्ञानी, विचारवान् भनेर हामी गम्म परेकाछौं । तर साँच्ची नै मानिस कति ठूलो छ, कति सानो छ, यो हेर्ने सयमा एक पाइन गाह्रो छ । मनुष्य जातिबाट औंलामा गन्न सकिने केही गान्धी, ईसा, आइन्स्टाइन, बुध्द, अरस्तु आदिलाई हामीले झिक्यौ भने बाँकी-दुई खुट्टे जन्तु, जन्मने र मर्ने स्वभावका, खाने र खाएको मिल्काउने आफैं चलिरहेका कलपुर्जे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मशीन देखिनेछन् । ती दुई चार महाज्ञानीहरू पनि पूर्ण छैनन् । तब हामीहरूसित घमण्ड गर्न लायक कुरो के छ ? हिङ नभए पनि हिङ बाँधेको टालो बुध्द या आइन्स्टाइन नभए पनि सबै जातिको मानिस भनेर गर्व गर्न सिवाय अरू के महानता छ ? यो तीतो सत्य हो, यसमा प्रगतिशीलहरूले निराशावादी भनेर हाँस्ने छन् । मैले मानिसलाई तुच्छ भनेको छैन । उ अमर र ज्योतिर्मय छ तर पूर्ण र आफै ठूलो छैन । साँचो विज्ञानले ईश्वरको विरोध कहिल्यै गरेको छैन । विज्ञान र दर्शनको ध्येय नै त्यस्को प्रमाण दिन प्रयोग गर्नु हो । विज्ञानले पाखण्ड, अन्धविश्वास, स्वार्थ, झुटा कुरा, अधर्म आदिको अवश्य विरोध गरेको छ । अधर्म र अन्धविश्वासलाई धर्म र सत्य मान्ने मानिसको निमित्त अवश्य नै विज्ञान घातक र नास्तिक होला । विज्ञानले धर्मको महत्ता स्वीकार गरेको छ अनि त्यो धर्म र आदर्शको गारोलाई झन् बलियो पार्ने चेष्टा गरी रहेको छ । आइन्स्टाइनले वैज्ञानिक पछि गएर दार्शनिक हुन्छ भन्नु भएकोलाई म अक्षरशः सत्य ठान्छु ।

मनिसले विज्ञानको बढ्ता उन्नति गरेकोमा मलाई खुब खुशी छ, कम आश्चर्य र थोरै घमण्ड, खुशी हामी सत्यतिर बढिरहेको मा । हामीले आफ्नो आँखाले विज्ञानको यत्रो लडाइँ र धुमचक्र खोजको परिणाम आखिरी सत्य देख्न पाउने छैनौ । तर सत्य बाटोतिर जान अघि सर्ने हुनाले एउटा बटुवाको रूपमा नै हामीले खुशी हुनुपर्छ । तीर्थयात्री बद्रीनाथसम्म पुगेर दर्शन गर्न पाए महान् खुशी तर बीचैमा मरे पनि सन्तोष र सुख मानेझैं हामीले पनि मान्नु पर्नेछ । मलाई आश्चर्य र घमण्ड छैन किनभने मानिसले आफूलाई सबभन्दा ज्ञानी र बुद्धिमानी हुने दावा गरेको छ भने त्यसको स्वाभाविक प्रवृत्तिको सत्य ज्ञान हुनुपर्दछ । यौटा केटाले आश्चर्यसित बहस गरे केटालाई स्याबाशी दिनुपर्छ । त्यसमाथि आश्चर्य र घमण्ड गरे पनि होला । तर सब जन्तुहरूमध्ये तेज बुद्धिवाला मानिसले बिरालो, कुखुरा, कमिला, कसैले नगर्ने काम विचार गर्‍यो र आफूलाई अनि अरूलाई जान्ने प्रयत्न गरेको छ भने किन आश्चर्य ? तपाईले नै म वैज्ञानिक हुँ भनेर घमण्ड नर्गुहोला । ऊ त्यो वैज्ञानिक हो भनेर बर्त्ता आश्चर्य नदेखाउनुहोला । यसले तपाईमा ज्ञानको कमी बुझाउँछ । त्यसो हुनाले विज्ञानलाई एक चौथाई यो पनि गल्ती बुझ्ने अर्धविद्वान् महाशयहरूले वैज्ञानिकलाई ईश्वरको प्रतिद्वन्दी माने भने एक छिन राम्ररी विचार गरेर हाँस्नू पर्ला । यदि यौटा ज्ञानीले त्यसै लहडमा आएर ईश्वर छ भनेको भए विज्ञानले खोजेर, आँखाले हेरेर ईश्वर छ भनी बताउन लागेको छ । वैज्ञानिकले गरेको केही बढ्ता आश्चर्य चकित र उस्तै घमण्ड गर्न लायक कुरा कमसेकम म त देख्दिन । सबभन्दा ठूलो सत्य ईश्वर (चार हात भएका विष्णु अथवा तीन टाउके त्रिमूर्ति होइनन्) को स्पष्टीकरणको सतत प्रयास विज्ञानको लक्ष्य हो यदि सत्य खोज्नु विज्ञानको लक्ष्य हैन भने, यो बिना ध्येयको, हुन जानेछ । यदि हामी दिशालाई पहिलेदेखि नै त्यो सत्यको हेंला गर्न लागेको देख्यौं भने तत्त्व हामी सोध्नेछौं विज्ञानको के लक्ष्य हो ? विज्ञानको प्रयोग र प्रयत्न कतातिर लागि रहेका छन् ?

अहिले विज्ञान अपरिपक्क छ थोरै छ । भर्खरै विकास भएर मान्छेको मगज केही सत्यतिर आँखा उठाउन थालेको छ । अहिलेसम्म मानिस बढेर हुर्केको केटाकेटी नै छ; र केटाकेटी मानिसको ज्ञान पिपासा प्रशंसनीय भन्नुपर्छ । यसको विकास भएको अन्दाजी यही अढाई तीन वर्ष भयो होला । वैज्ञानिकहरूले पृथ्वीको आयु अब बाह्र सय हजार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाख वर्ष अर्थात यही भूत जीवनको एक हजार वर्ष गुना बढ्ता छ भनी भनेका छन् । यो सूर्यको उष्णता सिद्धिँदै गएको हिसाब लगाएर अन्दाज गरिएको हो ! अझ उसले करौडौं वर्ष खोजेर पनि पूर्ण सत्य पाउन गाह्रो होला । विज्ञान आफ्नो निश्चित तर ढिलो चालमा हिंडिरहेको छ; यस दौरानको सुरू मै हामीले के-केन जान्यौ भनेर ईश्वरलाई अस्तित्वहीन भन्नु हाम्रो थोरै ज्ञान भूटा र डरलाग्दो हुन्छ, भन्ने उखान यहाँ ठीक्क मिल्न आउँछ । विज्ञानले ईश्वरलाई खोजी रहेको छ; उसलाई छोडेर पर भागिरहेको छ भन्ने कुरा अन्ध-विश्वासी पण्डित-पुरेतबाज्येहरू मात्रै भन्ने छन् । विशाल ज्ञानका विद्यार्थी सच्चा विज्ञानबेत्ता त आफ्नो सीमित ज्ञानको अघि असीम रहस्यदेखि लाटो भएको छ, हरेक मानिस अर्धज्ञानीको अवस्थामा नै मर्छ । मर्ने बेलामा आइन्स्टाइनले खै के हो ? (Nothing) भनेर रहस्यमाथि आफ्नु अर्धज्ञान प्रकट गर्नु भएको थियो रे भन्ने सुनिन्छ ।

यहाँ केही सवालहरू छन्- (१) वैज्ञानिकले ऋण र धन दुवै तार जोडेर विद्युत झिक्यो । ऋणतार र धनतारको गुण प्रकृतिमा पहिलेदेखि नै थियो । के ती स्वाभाविक प्राकृतिक गुण लुकेको त्यै प्रकृतिका नियमको उब्जनी र त्यै प्रकृतिका प्रभावले काट-छाँट गरेर बनाइएको- मानिसले बनाएको होइन ? के बिजुली निकाल्ने वैज्ञानिकले आफैले जन्मेपछि आफू चुम्बकत्वको निर्माण गरेका हुन् ? अनेक मशीन कलपुर्जा र वैज्ञानिक अविष्कारका प्रत्यक्ष वस्तु रेल, तार, रेडियो आदि वैज्ञानिकले बनाए । वैज्ञानिकले तिनीहरूलाई चलाउन आवश्यक पानी, प्रकाशको क्रियाशक्ति, वायु, आवश्यक कोइला, फलाम, पीतल, काठ आफै बनाएको हो ? विद्युत र अनेक विद्युत सम्बन्धी अविष्कारका सञ्चित मूल शक्तिको मुख्य स्रोत सूर्यलाई के वैज्ञानिकले बनाएर आकाशमा झुण्डाए को हो ? माथि आकाशमा देखिने ग्रह-मण्डलहरूलाई सिर्जने मानिसै हो ? सबभन्दा पहिलो वैज्ञानिक भन्दा पहिले के यी पाइँदैनथे ? (२) विज्ञान कै नियम छ- मानिसले कुनै वस्तु बनाउन सक्दैन, (हाम्रो साधारण प्रयोग-सार्कीले जुत्ता बनायो, कुम्हालेले घ्याम्पो बनायो अशुद्ध छन्) ऊ केवल रूप परिवर्तन मात्र गर्न सक्छ । वैज्ञानिकले आफ्नो हातले बनाएको छैन; उसले प्राकृतिक वस्तुहरूको रूप परिवर्तन मात्र गरेको छ । प्राकृतिक साधनका लयशक्तिबाट उसले कलपुर्जा चलाएको छ । उसले उति ठूलो काम गर्न सकेको छैन; जति तपाई हामी संझन्छौ । उसको प्रयोग र मेहेनतले सब जोडेर एउटा नयाँ पदार्थ बनाएकोमा हामी खुशी हुनुपर्छ, उसलाई अवश्य आभार, धन्यवाद टक्र्याउनु पर्छ । उसले सारा वस्तुहरू ल्याएर अघि सारेपछि आफ्नो मिहिनेत र कलाले एउटा या विभिन्न लाभदायक पदार्थ बनाई दियो । ती टक्र्याएका सामाग्रीहरू उसले आफ्नै मगजबाट निकालेको होइन । विज्ञानले ईश्वरको अवहेलना कसरी गर्न सक्ला । यसका सिध्दान्त तथा नियमहरू- प्रकृतिमा रहेको स्वचालित शक्ति, हामीले देख्न नसकेका क्रियाहरूको स्पष्टीकरण हो । वैज्ञानिकले प्रकृतिमा यी अनेक क्रियाकलापको अन्वेषण र निरीक्षण गरेर आफ्नु भाषाद्वारा ती सबैलाई नियमबद्ध गर्छ । त्यो स्वचालित शक्तिमा वैज्ञानिकको केही हात छैन । यसको अनेक प्रयोगात्मक अविष्कार रेल, तार, मशीन आदि पनि त्यै नियमबाट परिचालित छन्, अनि यिनको भौतिक स्वरूप (काठ, फलाम आदि ठोसाकार) पनि प्रकृतिको उब्जनी हो । (३) वैज्ञानिकको विज्ञान केबल संसारलाई चलाउने नियम र संसारलाई बनाउने भौतिकको पदार्थ व्याख्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र हो । (४) वैज्ञानिकले अरू अविष्कार आफूपछि नै बनायो होला । वैज्ञानिकलाई कसले बनायो ? उसलाई पनि त्यै प्राकृतिक साधन शक्ति अनेक अणुसहस्र तथा प्राण शक्तिको क्रियात्मक तत्त्व (संवेग) ले बनायो । प्रकृतिलाई सिर्जने क्षमता वैज्ञानिकसँग पनि छैन । आफूले बनाएका कलपुर्जा मै वैज्ञानिक आफै एक दिन भत्केर फालिने छ र बिलाउनेछ । (५) विज्ञान स्वयं लक्ष्य अर्थात सत्य हैन, विज्ञानको किताब लेखिनुभन्दा अघि अथवा विज्ञानको विचार गर्ने वैज्ञानिक भन्दा पहिलेदेखि नै विज्ञान थियो । सत्यलाई खोज्ने विज्ञान साधन हो यसलाई साध्य मान्न निरर्थक छ । विज्ञानले सत्यको प्रवचन दिन्छ । तसर्थ वैज्ञानिक पूर्ण, सत्य अनि सर्वशक्तिमान छैन । (६) बाहिर संसारमा देखिने विभिन्न वस्तु आधुनिकदेखि प्राचीन सभ्यताका सामाग्रीका अनेक रूप आकार, रंग पूर्ण र सत्य हैनन् । एक बास्तविक तत्व रूपी सत्यका अनेक बनावटी रूप एक सूर्यका अनेक प्रतिबिम्ब भैं हुन् । वैज्ञानिकले एक हिलोको डल्लालाई भाँचेर अनेकौं सामग्री बनाएको छ । ती समाग्री फेरि भाँचेर एकै ठाउँमा मिलाए फेरि उस्तै हुन्छन् । विज्ञान स्वयं हिलो होइन । त्यो हिलो अनेकौं खेलौना बनाउने कला हो । अथवा त्यो स्पष्टीकरण र ठोस गुण पत्ता लगाउने बुद्धि हो । विचरा वैज्ञानिकले मानिसलाई किन र कसरी बूढो हुन्छ भनी कारण सम्झाउँछ अनि स्वयं एक दिन त्यही कारण प्रभावको शिकार हुन्छ । डाक्टरले रोग पत्तो लगाउँछ, तर आफै मर्छ, विज्ञान कसरी उत्तर दिन अघि सर्छ ? यी सब किन नी ? भन्दा निरूत्तर हुन्छ । वैज्ञानिकलाई मानिसले सबैभन्दा बलियो र शक्तिशाली भन्छन् । तर वैज्ञानिकको जन्म र मृत्युः- विज्ञानको विचार गर्न ती कलपुर्जा, उसले भाषण गर्ने माध्यम वाक्य, कुनै अर्कै बढ्ता शक्ति र ठूलो नियमको कब्जामा छन् । आफूले बनाएको बलियो मशीन तथा विद्युत शक्तिभन्दा बढ्ता प्रकृतिमा लुकेको शक्ति श्रोत अवश्य स्वीकार गर्ने छ । नजानिएको कुरा जानिएका कुराभन्दा निकै धेरै छ । त्यसलाई नाप्ने तराजू र गन्ने सङ्ख्या कत्रो कत्रो कुरा बनाउने वैज्ञानिकले मरे पनि अविष्कार गर्न सक्ने छैन । त्यसो हुनाले विज्ञानलाई बढ्ता ठूलो देख्नु हाम्रो अविकसित विचार भनिनेछ । "The description of mind made any science of yours must be always inadequate description of the mind rich can make that science" भन्ने भनाईलाई आजका भौतिक वैज्ञानिकले स्वीकार गरेका छन् ।

ईश्वरलाई जो अनेकौं पुराना धर्मशास्त्र तथा मुख्य ग्रन्थहरूले मानिसमा स्वरूपको व्यक्त भाव भन्छन् । त्यो केवल अपढ भक्त र गाउँलेहरूको मात्र हो । हामी पुराणको विष्णुको अर्थ मा नगएर शान्ताकार भुजगशयनं पद्मनाभं सूर्यशमं भन्ने स्वरूप खै भनेर संसारमा खोज्न चाहन्छौं । तर कतै पनि नपाउँदा हैरान भएर विष्णु छँदै छैनन्; धर्म गल्ती हो भन्ने व्यर्थको उपसंहारमा पुग्छौं । अप्रत्यक्षलाई संझाउन प्रत्यक्षको उदाहरण अघि सारिएको हो भन्ने मूल अर्थ बिर्सन्छौ । उपनिषद्का नबुझिने कठिन तत्वज्ञानको अर्थ प्रष्ट पार्न पुराण कथा लेखिएका हुन् । उपनिषद्को एक सत्य जसलाई हरेक धर्म, दर्शन र विज्ञानले मान्दछ, र जसको अविजित शक्तिको प्रभाव सृष्टिमा परिरहेको छ, लाई प्रत्यक्ष पार्न अनेक पाँच टाउके चार हाते देवताहरूको प्रारम्भ भएको हो । पाँच वर्षको बालकलाई सम्झाउन काइँयो क, निहुरेमुन्टी न, अनि छोरी बोक्यो फ को चित्रात्मक प्रतिरूपझैं देवताहरू कल्पित भए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

औ तिनको पूजाको चलन आयो । शून्यमा भन्दा काठ अथवा ढुङ्गाको प्रतिमामा मानिसको चञ्चल मन केन्द्रित हुन सजिलो पर्छ । चञ्चल मनले गम्भीर रहस्य जान्न सक्दैन । त्यसको अनुभूति भएपछि पौराणिक कथाहरू योगीको निमित्त मात्र छैन विद्वान् पनि ईश्वर छ छेन भन्ने प्रश्न नै व्यक्तिलाई निरर्थक हुन जाने छ । यो मान्न पर्छ, पुराना तथा धार्मिक कथा-कुथनीहरूले मानिसलाई अन्धविश्वासी, सङ्कीर्ण, बुद्धिमान र अतार्किक बनाए; वास्तविक एउटा शक्तिलाई नदेखेर राम र कृष्णका दुई दलका संविधान बने; तर यो ता मूर्खहरूको भूल हो । मुहम्मद साहेब र विष्णु दुवैमा झगडा छैन; दुवै अभिन्न मित्र हुन् तर तिनका लाटा शिष्यहरूमा मार काट छ । यसमा केवल भाषाको खेल छ । इङ्गलैण्डमा जन्मिने एक व्यक्तिले एक जन्तुलाई डग भन्छ, नेपालीमा कुकुर भन्छ; भारतीयले कुत्ता भन्छ । तर तीन जनाले तीनतिरबाट औंला उठाए भने एकैतिर सान गर्लान् । तर डग, कुत्ता र कुकुर तीन जन्तुका नाम हुन् भनेर दाबा कस्तो ठूलो असत्य हो । यो मौलिक एकत्र विज्ञान र दर्शनको प्रयोग र निरीक्षणको देन हो । भाषाको जस्तै विभिन्नतामा अवैज्ञानिक, आदार्शनिक, अज्ञानी र अतार्किक व्यक्तिहरू मात्रै लाग्छन् । वैज्ञानिक त त्यो एक जन्तुको तस्वीर मात्र जान्दछ यसरी एकै सत्यतिर धर्म र विज्ञान गैरहेका छन् । विज्ञानले जुन रहस्यमय ज्ञानको अन्तिम लक्ष्यको खोज गरी रहेको छ; त्यसैलाई धर्मले ईश्वर भनेर खोजी रहेको छ । विज्ञानले अघि बढेर कार्य कारण पत्ता लगाउँदा आखिरी कारण जसरी अव्यक्त नै रहन्छ र त्यसपछि विज्ञानको उत्सुकता र अविराम यत्न प्रशंसनीय छ । धर्मले पनि आफ्नु तरिकाले यस्तो आश्चर्यजनक संसार बनाउने शक्ति खोज्ने चेष्टामा छ । धर्मको ईश्वर सम्बन्धी परिभाषा-सर्वशक्तिमान, सर्वज्ञ, अन्तर्यामी, सर्वव्याप्त, अजर, अमर, स्वतन्त्र, निर्दोष एकदम वैज्ञानिक छ । विज्ञानले यो स्वीकार गर्नै पर्छ । विज्ञान अझ प्रारम्भरिक नै छ । यसले पूर्णता प्राप्त गरेको छैन । तब यै पूर्ण र सत्य भनेर यौटा अर्को शक्तलाई जसको प्रभाव स्वयं वैज्ञानिक र विज्ञानले मान्छ, छैन भन्नू एक तर्फे दृष्टिकोण र अवैज्ञानिक होला । विज्ञान र दर्शनलाई छुट्याउन गाह्रो छ । वैज्ञानिक र दार्शनिक दुवै मानिस हुन् उसै गरी जन्मेका, पालिएका र संसारका सबै प्राकृतिक नियमका दास दुवैको एकै समस्या छ- वास्तविक सत्यको रहस्योद्‌घाटन ।

आजकल मार्क्सको 'धर्म अफीम हो' भन्ने वाक्य सबै तरूणादेखि बूढासम्मको मुखबाट सुनिन्छ । उनीहरू इतिहासबाट यसतर्फ पुष्टिका उदाहरण दिन्छन् । तर मेरो चित्त बुझेको छैन । विज्ञानका नियम सत्य छन् । धर्म सत्य हो, तसर्थ विज्ञान र धर्म एक हुन् । धर्म कहिल्यै अफीम हैन, धर्म भनेर गरिएका अनेक अत्याचार र अनैतिक अधर्म-कार्य अफीम हुन् । धर्मको यसमा केही दोष छैन; धर्मलाई लुकाएर अधर्म गर्ने मानिसहरूको दोष छ । माक्स जस्ता वैज्ञानिक मगजदार विचारले धर्मलाई अफीम कहिल्यै भनेनन् किनभने धर्म नियम हो, यसको सम्बन्ध प्राकृतिक कार्यसँग अविभाजित छ । नियम भएन भने प्रकृतिमा अव्यस्थित दशा आउँछ र मनुष्यको जीवन बाँच्न गाह्रो हुन्छ; त्यसैगरी धर्म भएन भने मनुष्य समाजमा संहार हुन्छ । मार्क्सको भनाई धर्मको नाउँ लिएर शासकहरूले रैतीमाथि अन्याय गरेर मानिसलाई दबाए त भन्ने हो । यहाँ अधर्म अफीम हो; जसले मानिसलाई सत्यदेखि पर सार्छ । रैतीमा अन्याय र शोषण भएको कारण अधर्मले गर्दा हो; नत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाको धर्म त प्रजाको पालन हो । धर्मले मानिसको बाहिरी र भित्री दुवै आँखा खोल्छ । बाहिरी आँखाको धर्म ढुङ्गा र खाडलबाट बचाउनु भित्री आँखाको धर्म सत्य, असत्य, ठीक-बेठीकको विवेकलाई खोल्नु । धर्मलाई बदनाम गरिएको छ । आज धर्मको अर्थलाई घृणास्पद, हास्यपद, अन्धविश्वासको पर्यायवाची र अनावश्यक भन्ठान्छन् । बाज्येको देखावटी रूपलाई मूर्ख आदर गर्छन् आजका बुद्धिवादीहरू वैज्ञानिकलाई धर्मात्मा (सत्यवादी) भन्ने छन् ।

बिहान उठ्नु, स्नान गर्नु, उपबास बस्नु विज्ञानले सिखाउँछ । स्नान गर्नाले रोमकूप सफा हुन्छ र शरीरमा रहेको विकार बाहिर ल्याउँछ । सूर्योदयभन्दा पहिले उठ्नाले वातावरणमा एक प्रकारको जीवनदायिनी रश्मि पाइन्छ । विज्ञानले यो खोज गरेको छ । वैदिक भाषामा त्यसलाई सविता भनिन्छ । यसले हाम्रो श्वास प्रक्रियालाई दीर्घ र मुटुलाई बलियो बनाउँछ । उपबास बस्नाले शरीर फूर्तिलो हुन्छ र पेट सफा हुन्छ । तसर्थ यी सबै हाम्रा धर्म हुन् । दश बजे उठ्नु र ननुहाएर खाटैमा चिया बिस्कुट खानु अधर्म हो । किनभने विज्ञानले यसलाई अहितकार भन्छ । यहाँ विज्ञान र धर्म दुवैको समन्वय पाइन्छ । यौटा आचारशास्त्रीले जुन एउटा निश्चित आचारलाई धर्म भनेर आवश्यक तथा हरेक नागरिकको निमित्त अनिवार्य बताउँछ, एक सफल वैज्ञानिकलाई पनि त्यो नभई हुँदैन । भोजनको व्यवस्थामा के खाने के नखाने भन्ने कुरामा भिटामिन अत्यावश्यक छ । बासी भोजन खानाले जात जान्छ भन्ने अन्धविश्वास लिने होइन, स्वास्थ्य बिग्रन्छ भनेर अधर्म भनेको हो । जपतप गर्नु धर्म हो; किनभने यसले हाम्रो मनलाई एकाग्र बनाउँछ । खाने बेलामा लुगा फेरेर गोडा धोएर खानु धर्म हो; किनभने यसो नगर्नाले फोहोर खुट्टा र लुगाबाट रोग कीराहरू खाने कुरामा बस्न सक्छन् । यसरी मनुको आचारशास्त्रमा कुनै पनि धर्मको नाम दिइएको भनिएका आचार अवैज्ञानिक छैनन् । खाने, पिउने, सुत्ने, उठ्नेदेखि लिएर पढ्ने विचार गर्ने समय तोकिएको छ । सत्य प्राप्त गर्न ती आचारको व्यवहार गर्नुपर्छ । दार्शनिक वैज्ञानिक दुवैले संयमी नियमी तथा सुस्वथ्य हुनु दुवैको धर्म हो । यो जीवन संसारको परिभाषा मात्र दिएर चुप लाग्छ । मानवलाई परिभाषा मात्र चाहिएको छैन । दुनियाँ चाहे विज्ञानवादी होस् नहोस् क्रमशः अणु-परमाणुको क्रियात्मक संघर्षबाट विकासशील भएको होस् अथवा कुनै आकस्मिक घटनाद्वारा, यसको प्रयोजन र लक्ष्य के हो ? समयसँगै र उर्लंदो खोलामा हामी, हाम्रो हाम्रो युग पातझैं बगिरहेकाछौं ? यो जगत कता गइरहेको छ ? विज्ञानले यसको जवाफ नदिनाले यसको मान कम हुँदैन । यस विश्वपछि पनि अर्को अनेक हामीले थाहा नपाएका जगत् छन् भन्ने कुरा अनुमान गरिएको छ । ती सबै पूर्ण ज्ञान अहिले छैन, धेरै पछि होला । तर यदि विज्ञानले यै हामी बस्ने भौतिक जगत्को ज्ञानको आखिरी सिमानासम्म पनि बताइदिए त्यहाँबाट अर्को (अझसम्म नदेखिएको) अनुमानित जगतलाई हेर्न हामीलाई सजिलो पर्ने थियो । मानिसको जीवविज्ञानले भन्छ– मानिसको शरिरमा रगत चल्छ र ऊ बाँच्छ । यी अनेकौं नाडीहरूद्वारा हाम्रो मगजमा अनुभव विचारको रूपमा पुग्छन् भनेर मनोवैज्ञानिकहरूले भन्छन् आफ्ना-आफ्ना शरीरका पूर्जा स्वयं चलिरहेका छन् । तर के विज्ञानवादी मानिसलाई केबल खाने र खाएको बाहिर फाल्ने स्वचालित पुर्जा मात्रै भनेर छोडिदिन सकिन्छ ? मानिसको आफ्नो कुनै चेतना र प्रयोजन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
छैन ? केही अघि बढ्ने बाटो छैन ? यो त्यसै आफै जन्मदै मर्दै गर्ने कीरा फट्याङ्ग्रा हो ? तबत कुनैपनि धर्म, राजनीतिक आदर्श हाम्रो कर्तव्य अधिकार हाम्रो प्रयत्नको महत्व नै रहेन । हामीले मरे पनि भयो । हामीले गरेको कमसल कामलाई देखाई दिने हामी जस्तै स्वचालित यन्त्र, त्यो न्यायधीशको के काम ? दुनियाँमा शान्ति कायम गर्न ? जब दुनियाँको कुनै ध्येय छैन, यो जता पायो त्यतै, अनियमित, अव्यवस्थित रूपले घुमी रहेको छ भने मानिसको पुर्जा पनि एक दिन आफै बन्द हुन्छ, नियम र संविधान किन चाहियो ? किन सिसेरोले भने- 'हामीले स्वतन्त्र हुन नियमको परतन्त्र हुनु पर्दछ, अन्यथा हामीले जे गरे पनि भयो ।' भौतिकवाद केही अंशसम्म ठीक छ तर सम्पूर्ण सत्य छैन । जीवन र भौतिक द्रव्य दुवैको समन्वयनबाट हामी बस्ने संसार बनेको छ । खाली एउटा मात्रै बुझेर अर्को बुझ्न सकिँदैन । दुवैलाई बेग्लाबेग्लै गर्नु मुनासिब छैन । आजकल जीवनको मूल्य र आदर्शमा अनि विज्ञानको भौतिक यन्त्रिक दर्शन दुवैमा चलेको मारकाट र तँ तँ, म म असल र सन्तोषप्रद हैन । हार्डबार्डका सुप्रसिध्द आधुनिक अङ्ग्रेजी वैज्ञानिक प्रोफेसर हाइटहेडले यही कुरा भन्नु भएको छ- हाम्रो जगत आफै पूर्ण छैन, यो आधा सत्य हो । किनभने यसपछि पनि अरू जगत छन् । मानिस बाँचुञ्जेल र मरेपछि दुवै मिलाएर हाम्रो विचारको विजय होस् । मानिस नमर्ने भए केबल बाँच्ने अवस्था मात्रै सत्य भन्न सकिन्थ्यो, तसर्थ मानिसको मरेपछिको अवस्था पनि छ । दर्शनले दुवै हेर्नुपर्छ ।

यस विषयमा मैले महान् व्यङ्ग्यकार फ्रान्सिसी लेखक वाल्टेयरको कथाका एक पात्र, एक दार्शनिकको सम्झना गर्दछु जो अरूलाई दुख परेको बेलामा फुलाउँथे, आफ्नु मरेको सम्बन्धी देख्दा चित्त दुखाउनु हुँदैन भन्दथे, तर आफ्नु छोरा मर्दा ढोका थुनेर निकै दिनसम्म रोए अनि समयलाई "दुख खप्न सक्ने ताकत दिने" भनेर केही दिनपछि आँखा भरि आँशु लिएर स्यावासी दिए । मानिसको जीवनमा आदर्श, न्याय, प्रेम र अनेक सुख, दुख, आशा, निराशाका स्थान छन् जसबाट शरीर प्राप्त वैज्ञानिक मुक्त हुन सक्दैन । तब पो अनेक भावनाहरूको अर्थ विज्ञानले बताउँदै जाला । सेन्सरी नर्भ र मोटेरी नर्भबाट मानिस अनेक अनुभव प्राप्त गर्छ भनेर मात्र हाम्रो चित्त बुझ्दैन । कुनै रून लागेको माथि दया किन गर्ने, आँखाबाट आँशु ता यस कारणले आउँछ भनेर वैज्ञानिकले मानिसलाई यौटा कल बनाई दिएको छ । तर यति मात्र होइन । बिना कुनै कारणले कुनै वस्तुको उत्पत्ति हुँदैन । मनुष्यको उत्पति पनि कुनै ध्येयले भएको छ र मानिसले त्यस ध्येयलाई प्राप्त गर्नुछ । यहाँका सुख-दुख, न्याय- अन्यायसँग बीरता पर्वूक लडेर -सत्य र राम्रो पनतिर लाग्नु छ । हाम्रो आफ्नो अपार व्यक्तित्वलाई अक्षुण्य र बलियो पार्नु छ । "हर्क्यूलसको चमत्कारपूर्ण बलमा मख्ख परेर उसलाई नै ईश्वरभन्दा पनि बलियो सम्फिनु हाम्रो बुद्धिको ठूलो कसुर होला"- दार्शनिक लुक्रेटसले भनेका थिए । मानिसले जत्ति घमण्ड गरे पनि ऊ दुर्बल गरीब, अज्ञानी, रोग र मृत्युको कमारो छ । प्रकृतिको सर्वव्यापकता र विशालता अघि मानिस कमिला छ । तर यौटा अमर अक्षय तत्वको एक अंश भएकोले उ पनि अमर र अक्षय छ । भूत र शक्ति दुवैको नाश हुन सक्दैन जुन दुवै मानिसमा मिसिएको छ । उ एक महान् अक्षय शक्तिको एक टुक्रा मात्र हो, टुक्रा या भाग एक सम्पूर्णको बराबर हुन सक्दैन जो त्यस सम्पूर्णमा टासिएको छ उसले प्रकृतिमाथि बनावटी रूपले विजय प्राप्त गरे पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढोका लगाएर दोलाई ओढेर लुक्नाले मृत्युको दृष्टिबाट बँच्न सकिँदैन । आफ्नु सीमाको ख्याल नराखी अहंले भरिएर ऊ आफूलाई मै हुँ भन्छ । तर विचारको मूर्खतामाथि हाँस्न र उसको असफलतामा रून छोडेर हामी के गर्न सक्छौ ? ईश्वर भन्ने कुरा मानिसले मान्नै पर्ने छ, चाहे कुनै भाषामा होस् चाहे चुपचाप । आफ्नो अपूर्णता थाहा पाउनु, आफ्नो नाश र अभावको पूर्णताका निम्ति उसले पूर्ण, अमर्त्य र सर्वशक्तिवान् ईश्वरलाई सम्झिनै पर्छ । जब चारैतिरबाट निराश र लात पाउँछौ तब हामीलाई ईश्वरले प्रेरणा दिन्छन् । अन्यायको फल नराम्रो र न्यायको फल अवश्य राम्रो आउँछ; यो अकाटय नियम हो । ईश्वर प्रार्थना र लोभले फुल्याउने र घुर्की, शक्ति देखाएर डराउने बस्तु हैन । ऊ अटल न्यायधिश हो जसले न्याय मात्र जान्दछ । जो छ, त्यो छ, जो छैन, त्यो छैन, जो हुने हो अवश्य हुन्छ, न हुने कहिल्यै हुँदैन । यै अकाटय परिणाम ईश्वरको अस्तित्व हो । ईश्वरलाई मान्दिन भन्नेले प्रकृतिको सत्य नियमलाई मान्दिन भन्ने मूर्खता देखाउँछ । ईश्वरलाई मान्नाले हाम्रो इज्जत र मान घट्दैन, झन् सत्यको अनुभव हुन्छ । सच्चा वैज्ञानिकले ईश्वरलाई मानेर उसमा प्रयोग र अन्वेषण गर्दछ । महान भौतिकवादी वैज्ञानिक अलबर्ट आईन्स्टाइनले, सच्चा वैज्ञानिकको कारण अवश्य होला भन्ने विचार प्रकट गर्दै आफ्नो एक पुस्तक "दुनियाँ मेरो आँखामा (The world as I see it) मा जर्मनीका सुप्रसिध्द विचारक शोपेनहावर को उक्ति -"ए मैन केन डू व्हार्ट वील बट ही केन नोट डु व्हार्ट ही वील" लाई मैले जीवन प्रयत्न श्रद्धासहित मानेको छु भनेर स्वीकार गर्नु भएको छ । यदि मानिस शक्तिशाली र वूलो भइसकेको छ भने ऊ किन रून्छ, किन पछुतो गर्छ, किन मर्छ, किन ऊ एउटा काम गर्न चाहन्छ तर परिस्थितिले उसलाई अर्को काम गर्नु पर्ने बनाई दिन्छ ।

यो भौतिक जगतभन्दा माथिको मूल प्रेरणा शक्ति सत्य अथवा ईश्वरको स्थान उच्च छ । दर्शन व्यवहार तथा अनुशासनको निमित्त पनि अत्यावश्यक पहिलो विचार भन्दा पछिल्लो कलात्कम हुन गएको मानिस बुद्धिवादी भएकोले झन् डर लाग्दो र भ्रष्ट भई विग्रन गएको छ । ऊ अनुशासनहीन भएर विद्रोही, मूर्ख बीसौं शताब्दीको 'असम्य, सम्य' तथा 'जङ्गल संस्कृति' हुन गएको छ । संसारमा आज फैलिएको युध्दको डर, अत्याचार विवेकहीनता, लोभ, उपनिवेशवादी आकांक्षा र अशान्तिले कराई रहेको मनुष्य आत्माको हाहाकार धर्महीनताको कारणले नै हो । मनुष्यको डरले मनुष्य लुकी रहेको छ । प्राकृतिक अवस्थामाझैं ज्यानमालको शङ्का छ । पहिले पहिले मनुष्यको क्रोधले एकको ज्यान लिन सक्थ्यो आज एक वौलाहा राजनीतिज्ञ रिसायो भने सारा संसारका मानिसको ज्यान जाने डर छ । यसको कारण हो आजको नास्तिकता ।

बीसौं शताब्दीमा आएर सबभन्दा बढ्ता धर्मको महत्व बढेको छ । आज धर्म सिद्धिरहेको छैन बरू यसको आवश्यकता सबै तर्फबाट निराश भएका मानिसलाई थाहा हुन लागेको छ । आफ्नु दुर्बलतादेखि सजग हुन हामीले अहं छोड्नु पर्छ । संशयवादी मनुष्यको मस्तिष्क तर्कले बाँधिएको छ । उसले माथि उठेर ईश्वर हेर्न सकेको छैन तर जति युग अगाडि बढ्दै जाने छ, सम्य हुँदै जाने मानिसले ईश्वरलाई उति नै चिन्दै जानेछ ।

स्रोतः छात्र (पत्रिका) बनारसबाट प्रकाशित वर्ष ११ अङ्क ५, वि.सं. २०१३ बाट साभार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्ख्याको अस्तित्वको सवालः एक दार्शनिक विवेचना

प्रा.डा. मीनबहादुर श्रेष्ठ

सार

सङ्ख्या गणितको आधारभूत धारणा हो र यसको विकास प्राचीन कालदेखि नै व्यापक विस्तार भइसकेको छ । पाश्चात्य एवं पूर्वीय गणितको विकासमा यसको भूमिका प्रधान महत्त्वको देखिन्छ । हिन्दू गणितमा गणित शब्द सङ्ख्याको गणनाबाट विकास भएको उल्लेख गरिएको छ । हिन्दू गणितमा प्राचीन कालदेखि नै धेरै ठूला सङ्ख्याको विकास भएको देखिन्छ । यसको मुख्य कारण दशमलव सङ्ख्या सङ्केत प्रणालीको विकास एवं धार्मिक, दार्शनिक चिन्तनको विकासलाई मान्न सकिन्छ । गणित एवं गणितीय चिन्तनमा दक्षिण एसियाको गणित विकासमा गणित र यसको उपयोगको दिशा अगाडि देखिन्छ । गणित शास्त्रहरूमा सर्वश्रेष्ठ मानिए तापनि गणितीय तथ्य पाश्चात्य गणितमा जस्तो निरपेक्ष सत्य मानिएन । गणित वेदको अङ्ग हुनाले पनि गणित विषयको प्रयोग प्रधान भएको हुन सक्दछ । सङ्ख्याको अस्तित्वको सवाल पाश्चात्य गणितमा विशेष चर्चित छ । सङ्ख्या पूजाको क्रम पाश्चात्य गणित एवं गणितीय चिन्तनका पितामह पाइथागोरसले सुरू गरे, तापनि गणितीय चिन्तनको सुरूआत प्लेटोदेखि व्यवस्थित भएको मानिन्छ । प्लेटोका अनुसार सङ्ख्या मानवीय एवं भौतिक गतिविधिबाट स्वतन्त्र निरपेक्ष अस्तित्व भएका वास्तविक वस्तु हुन्, जो भौतिक संसार व्यवस्थापनमा प्रयोग हुन्छ । प्लेटोको यस्तो चिन्तन विभिन्न रूपमा अगस्टाइन, अकुइनस, देकार्ट, कान्ट, फ्रेज एवं रसेल मार्फत अगाडि बढेको बारे चर्चा गरिएको छ । पछिल्लो चिन्तनका आधारमा भन्दा सङ्ख्या निरपेक्ष सत्य नभएर निर्मित सत्य हो । सङ्ख्याको वास्तविक अस्तित्व छैन भन्ने कल्पनावादी चिन्तन (Fictionalism) पनि आइसकेको छ ।[1] यस्ता चिन्तनहरूमा आ-आफ्नो तर्क छ, तापनि सङ्ख्याको अस्तित्वको सवालमा मुख्य चिन्तन निरपेक्षवादी चिन्तन र यसको प्रबल विरोधी चिन्तन सामाजिक निर्माणवाद हो । यसमा मुख्य अन्तरविरोध- सङ्ख्या सामाजिक निर्माणको वस्तु हो कि सङ्ख्याले सामाजिक निर्माणलाई व्यवस्थित गर्दछ भन्ने हो । यस लेखमा सङ्ख्याको अस्तित्वको सवालमा विभिन्न चिन्तन एवं दृष्टिकोणको विवेचनात्मक प्रस्तुति गर्ने प्रयास गरिएको छ । निष्कर्षमा भन्नुपर्दा सङ्ख्याको सत्यता निर्मित सत्यता हो, जसलाई वस्तुगत एवं सामाजिक विकासको प्रतिबिम्बका रूपमा हेर्न सकिन्छ ।

लेखक शिक्षा शास्त्र केन्द्रीय विभाग त्रि.वि.मा कार्यरत हुनुहुन्छ। –सम्पा.

१. जर्मन दार्शनिक हान्स भाइङ्गरको धारणा के छ भने गणितीय धारणा फगत कल्पना हो। मानौं कि भन्ने तर्काश्रित यस मतलाई विकल्पवाद पनि भनेको पाईन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू (Key words): अस्तित्व, निरपेक्ष सत्य, सापेक्ष सत्य, तर्कवाद, औपचारिकवाद, सामाजिक निर्माणवाद, कल्पनावाद, गणना आदि ।

परिचय

सङ्ख्या गणितको एक मौलिक धारणा हो, जसको उत्पत्ति परापूर्व कालदेखि हुन गई शताब्दीऔंको अन्तरालमा विकास एवं विस्तार हुन गएको छ । सङ्ख्याको महत्त्व एवं भूमिका यति धेरै देखिन्छ कि धेरै मानिसहरूका लागि सङ्ख्या गणितको पर्यायवाची शब्द जस्तै बनेको छ । संस्कृत (हिन्दू गणित) मा गणितको अर्थ सङ्ख्या एवं गणनाको विज्ञान (दत्त एवं सिंह, १९३५) भएकाले पनि गणितमा सङ्ख्याको अद्वितीय भूमिका देखिन्छ । सङ्ख्या गणितको एक महत्त्वपूर्ण आधारभूत धारणा हो । सङ्ख्याबाहेक गणितका आधारभूत धारणाहरूमा आकार एवं नाप (Shape and measurement) हुन् । त्यसैले पहिले गणितलाई सङ्ख्या, आकार एवं नापको अध्ययनका रूपमा लिइन्थ्यो । कतिपय अङ्ग्रेजी शब्दकोशमा गणितलाई सङ्ख्या एवं परिमाणको विज्ञानका रूपमा परिभाषित गरिएको छ । यस्तो परिभाषालाई आजको सन्दर्भमा पूर्ण मान्न सकिँदैन, तापनि यसले गणितको उत्पत्तिलाई सङ्केत गर्दछ (बोयर, १९६८:१)।

आजको गणित यति विशाल एवं जटिल विषयका रूपमा रहेको छ कि यसका दर्जनौं प्रशाखाहरू छन्, तापनि यसको प्राचीन विकास गणना, आकारहरूको निर्माण एवं वर्गीकरण र नाप सम्बन्धी क्रियाकलापबाट विकास भएका हुन् (कुक, १९९९:५)। सङ्ख्याबाट अङ्क गणितको विकास भयो भने आकार सम्बन्धी धारणाबाट ज्यामिति एवं यी दुवैको संयुक्त प्रयोगबाट नापको विकास भयो । गणितको आधुनिक विकासमा सङ्ख्या एवं आकारको संयुक्त प्रयोगका रूपमा विकास भएको नापको विकासको ठूलो महत्त्व रहेको छ । गणितको विकासमा मौलिक विषयहरू (अङ्क गणित, ज्यामिति) मा पनि दुबैलाई समान मानिएन, सङ्ख्यालाई सर्वोच्च (Number as supreme) मानियो (कुक, १९९९:६)। सङ्ख्याको यस्तो अहम् महत्त्व भौतिक जगत्को नाप एवं तुलनामा यसको प्रयोगका कारणले हुन गएको देखिन्छ । सङ्ख्याको महत्त्वका सम्बन्धमा दक्षिण एसियाली क्षेत्रमा विकास भएको हिन्दू गणितको ऐतिहासिक विकासले बढी प्रष्ट्याएको देखिन्छ । यस सम्बन्धमा गणित युक्तिभाषा (Ganit Yuktibhasa, 2008) मा उल्लेख गरिएको छ कि ग्रह गतिको हिसाब गर्न, जोड (सङ्कलित) आदि क्रियाहरूको आवश्यक पर्दछ, जुन गणितको क्रियामूलक कार्य हो । यहाँ उल्लेख गरिएको छ कि गणित शास्त्रका रूपमा विशेष विश्लेषण (परामर्श विशेष) लाई लिइन्छ, जसमा सङ्ख्या र त्यससँग सम्बन्धित वस्तुहरूको आकलन गरिन्छ ।

माथिको विश्लेषणमा गणितमा सङ्ख्याको महत्त्व दर्शाइएको छ, सङ्ख्या, सङ्ख्या सम्बन्धी क्रिया र यसको वस्तुसँगको सम्बन्ध नै गणितको मूल विषयका रूपमा लिइएको छ । सङ्ख्या र सङ्ख्या जनाउने वस्तुहरूको सम्बन्धको अध्ययनमा गणितीय ज्योतिषको विषय पनि पर्दछ । बीजगणितको विकास पनि मूलतः सङ्ख्या सम्बन्धी सवालको समाधान गर्ने क्रममा भएको देखिन्छ । यद्यपि आजको बीजगणित बीजहरूको प्रयोगबाट सङ्ख्याहरूको अध्ययनमा मात्र सीमित छैन, तापनि बीजगणितको विकास अज्ञात निश्चित सङ्ख्याहरू पत्ता लगाउने समस्याबाट भएको देखिन्छ । हिन्दू गणितको विकासमा सङ्ख्या विकासको महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अत्यन्त ठूलो देखिन्छ । दशमलव सङ्ख्या सङ्केत प्रणाली जुन आज विश्वव्यापीकरण भइसकेको छ, यो यति सजिलो, छोटो एवं वैज्ञानिक छ कि यसका कारणले आजको गणित यति धेरै विकास भएको हो भन्नुमा अत्युक्ति नहोला । यस क्षेत्रमा पौराणिक समयदेखि नै अति ठूला सङ्ख्याको विकास भएको मुख्य कारण नै दशमलव सङ्ख्या सङ्केत प्रणालीको विकास हुनु हो । सङ्ख्याको विकास नै अङ्क गणितको विकासको मुख्य आधार हो । दशमलव सङ्ख्या सङ्केत प्रणालीको विकासले नै हिन्दू गणितको विकासमा अङ्क गणितको क्रिया (जोड, घटाउ, गुणन, भाग, दशमलव आदि) को चरम विकास भई आजको विश्व गणितको विकासमा ठूलो योगदान पुऱ्याएको कुरा निर्विवाद जस्तै मानिन्छ । पाश्चात्य महान् गणितज्ञ लापलस (Laplace) ले दशमलव सङ्ख्या सङ्केतको अद्वितीय गणितीय योगदानको सम्बन्धमा उल्लेख गरेका छन् । उनको भनाइ यस प्रकार छ –

"...The idea of expressing all quantities by nine figures whereby is imparted to them both an absolute value and one by position is so simple that this very simplicity is the very reason for our not being sufficiently aware how much admiration it deserves"(As cited by Pearce p. 23)

शुद्ध गणित (Pure Mathematics) का अत्यन्त ठूला हस्ती मानिने आधुनिक गणितज्ञ फ्रेडरिक गस (Fredrick Gauss) ले गणितलाई सबै विज्ञानको रानी एवं अङ्क गणित भित्रको सङ्ख्या सिद्धान्त (Number Theory) लाई गणितको पनि रानीका रूपमा लिएबाट सङ्ख्याको महत्त्व स्पष्ट हुन्छ । गणितमा सङ्ख्याको उत्पत्ति, यसको भूमिका, यसको महत्त्व एवं विकासको विषय गणित विकासको सिङ्गो इतिहाससँग सम्बद्ध छ । यस्तो परिचर्चा इतिहासको लामो कालखण्डसँग सम्बद्ध हुन्छ । यस लेखमा यस्तो परिचर्चा गर्न खोजिएको होइन । यस लेखको मुख्य उद्देश्य सङ्ख्याको अस्तित्व सम्बन्धमा चर्चा गर्न खोजिएको हो । सङ्ख्याको अस्तित्वका सम्बन्धमा विवेचना गर्ने क्रममा गणितमा सङ्ख्याको भूमिका, महत्त्व एवं स्थितिको परिचर्चा गरिएको हो । यस्तो परिचर्चाको उद्देश्य गणितमा सङ्ख्याको भूमिका एवं महत्त्वको विवेचना गरी सङ्ख्याको अस्तित्वका सम्बन्धमा दार्शनिक दृष्टिकोणको विवेचनातिर डोऱ्याउनु हो । सङ्ख्याको अस्तित्वको सवाल भन्नाले सङ्ख्या वास्तवमा के हुन् ? कहाँबाट आए ? वा कहाँ छन् ? भन्ने सवाल दर्शन शास्त्रका शास्त्रीय कालदेखिका सवाल हुन् । सङ्ख्यासम्बन्धी यस्ता सवाल दार्शनिक दृष्टिले यति महत्त्वपूर्ण छन् कि यसैका आधारमा गणितीय ज्ञानको वास्तविकताको सवाल निर्धारण गरिन्छ । गणितको विकास सबै महान् सभ्यताहरूमा भएझैं सङ्ख्याको विकास पनि संसारभरि नै भएको पाइन्छ । दशमलव सङ्ख्या सङ्केत प्रणालीको विकास एवं यसको विश्वव्यापी प्रसारणले सङ्ख्या विकासको क्रमलाई विश्वव्यापीकरण गरेको पाइन्छ । अरबी विद्वान्हरूले हिन्दू गणितका अन्य प्राप्तिका साथै दशमलव सङ्ख्या सङ्केत प्रणाली युरोपमा प्रसारण गरेको सम्बन्धमा अल्मेडा एवं जोसेफ (२००९, १७१-१८३) र पायर्स (मिति उल्लेख नभएको, पृ २४) ले उल्लेख गरेका छन् । युरोपेली ज्ञान एवं विज्ञानको सोह्रौं-सत्रौं शताब्दीदेखिका विश्वव्यापीकरणका क्रममा गणितमा दशमलव सङ्ख्या सङ्केत प्रणालीको व्यापक रूपमा प्रसारण भएको देखिन्छ । गणितको विकासजस्तै सङ्ख्याको विकासको पनि आ-आफ्नै पृष्ठभूमि हुनु स्वाभाविक छ । दक्षिण एसियाको हिन्दू गणितको प्रवृत्ति पाश्चात्य (युरोपेली) गणितको भन्दा मौलिक रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नै भिन्न हुनाका साथै सङ्ख्या विकासका दृष्टिले विशेष छ । हिन्दू गणित वैदिक गणितबाट विकास भई सुल्भसूत्र एवं सिद्धान्तको विकासबाट अगाडि बढ्दै गयो । हिन्दू गणितको विकासमा आर्यभट्ट (जन्मः सन् ४७६), ब्रम्हगुप्त (जन्मः सन् ५९८) एवं भाष्कराचार्य (जन्मः सन् १११४) को अति ठूलो भूमिका उल्लेख गरिएको छ । त्यसपछि केरलाका माधवको नेतृत्वमा भएको गणित विकासले आधुनिक गणितमा ठूलो योगदान पुऱ्याएको पुष्टि गरिएको छ । दक्षिण एसियाको गणित विकासमा सङ्ख्या सम्बन्धी सवालको अति ठूलो भूमिका रहेको छ ।

पाश्चात्य गणित विकासको क्रममा सङ्ख्या सम्बन्धी धारणाको विकास हिन्दू गणितको भन्दा कुनै पक्षमा अलग एवं भिन्न प्रकृतिको छ । युरोपमा आधुनिक कालको दौरानमा विज्ञान एवं गणितको विकास बढी हुन गयो । गणितको दार्शनिक विकासको क्रम पनि निरन्तर अगाडि बढ्दै गयो । यस्तो चिन्तनको विश्वव्यापीकरणले दार्शनिक चिन्तनको संसारमा एकाधिकार जस्तो देखियो । यति मात्र होइन युरोपबाहेकका गणितीय प्राप्ति मौलिक एवं प्रथम दर्जाका गणितीय सिर्जनामा गनिएनन् । हिन्दू गणितको विकासलाई गणितभन्दा पनि गणितको क्रियाक्रममा सीमित, क्षेत्रमितीय एवं विशेष विधिमा सीमित, औपचारिक तार्किक संरचना विनाको गणितका रूपमा चरितार्थ गरेका छन् (जोसेफ, १९९४: १९४, अर्नेस्ट, २००९:१९७-१९९)।

हिन्दू गणितज्ञहरूलाई ठूला ठूला सङ्ख्यामा रमाउनेका रूपमा पनि चरितार्थ गरिएको पाइन्छ । लामो समयसम्म यस्तै खाले विश्लेषणका आधारमा दक्षिण एसियाली एवं हिन्दू गणितको विकासलाई कम मौलिक देखाउने ऐतिहासिक विश्लेषण हाबी रहे पनि बीसौं शताब्दीको पछिल्लो दशकदेखि विकास भएको नवीन दार्शनिक सांस्कृतिक विश्लेषणका आधारमा यसको पुनर्मूल्याङ्कन हुन गएको छ । यसका आधारमा पाइथागोरस, प्लेटो, युक्लिड, कान्ट, देकार्त लगायतका पाश्चात्य विद्वान्हरूले विकास गरेको दार्शनिक गणितीय चिन्तनको जगमा अडिएको पाश्चात्य गणितको विकास (जुन वैधानिक रूपमा स्थापित छ) दक्षिण एसियाली एवं अन्य गणितसँग मूलभूत रूपमा नै भिन्न छ । दक्षिण एसियाको गणित विकास युरोपेली गणित विकासभन्दा निम्न कोटिको नभएर भिन्न कोटिको हो । यी दुवै विभिन्न ऐतिहासिक, सांस्कृतिक विकासका उपजहरू हुन् । त्यसैले यिनीहरूको वैधतालाई आआफ्नै सन्दर्भमा मूल्याङ्कन गरिनु पर्दछ र यी दुबैको गणित विकासमा अहम् भूमिका छ भन्ने जस्ता चिन्तनका आधारमा गणितीय ज्ञानको पुनर्विश्लेषण भएका छन् । गणितीय दार्शनिक चिन्तनमा व्यापक विश्लेषण भई नयाँ नयाँ चिन्तनको प्रादुर्भाव समेत भइ सकेका छन् ।

गणितलाई निरपेक्ष सत्य ज्ञानको विषयका रूपमा विकसित दुई हजार वर्षभन्दा पुरानो प्लेटोवादी चिन्तनमा ठूलो प्रश्न उत्पन्न भएको छ । नयाँ सवालले नयाँ दार्शनिक चिन्तनको विकास हुन गएको छ, जस अनुसार गणितीय ज्ञान निरपेक्ष छैनन्, यी सामाजिक, सांस्कृतिक, ऐतिहासिक निर्माण भएकाले सापेक्षिक छन् भन्ने हो । नयाँ चिन्तनको पराकाष्ठाका रूपमा यस्ता चिन्तन पनि विकास भएका छन्, जस अनुसार सङ्ख्या जस्ता गणितीय वस्तु पूर्ण रूपमा निर्मित सत्य हुन् (Number are fictions)। यस लेखमा गणितको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक मौलिक धारणा सङ्ख्याको अस्तित्वबारे विश्लेषण गरिएको छ । यसको मुख्य उद्देश्य सङ्ख्याको अस्तित्वको सम्बन्धमा विभिन्न दार्शनिक दृष्टिले विवेचना गर्नु हो । गणितको मौलिक धारणा सङ्ख्याको बारेको अध्ययन गणितभन्दा पनि गणित दर्शनको विषय भएकाले यहाँ दार्शनिक विश्लेषणलाई बढी जोड दिइएको छ । यसरी विश्लेषण गर्दा दर्शन शास्त्रका मुख्य दुई सवालः १. सङ्ख्याको अस्तित्वको सवाल (Ontology) र २. प्रामाणिकता एवं विकासको सवाल (Epistemology) मध्ये पहिलो सवाललाई केन्द्रमा राखिएको छ । पहिले नै उल्लेख गरिएको छ कि सङ्ख्याको वास्तविकताको सवाल सङ्ख्याको अस्तित्वको सवालसँग सम्बद्ध छ । सङ्ख्याको अस्तित्वको सवाल भन्नाले सङ्ख्याको अस्तित्व कहाँ छ ? कहाँबाट आए ? भन्ने हो । सङ्ख्याको वास्तविकतासँग जोडिएको अर्को सवाल विभिन्न सङ्ख्याको अस्तित्वको प्रामाणिकता हो । यो दोस्रो सवाल दार्शनिक हिसाबले ज्ञानशास्त्र (Epistemology) सँग सम्बद्ध छ भने पहिलो अस्तित्वको सवाल तत्त्वशास्त्र (Ontology) सँग सम्बन्धित छ । यस लेखमा पहिलो सवाललाई आधार मानी विवेचना गरिएको छ । गणितको दार्शनिक चिन्तनमा भएको परिवर्तनले युगौंदेखि स्थापित गणितीय सत्यतामाथि ठूलो प्रश्न चिन्ह खडा गरेको छ । यसले गणितीय तथ्य जस्तै सङ्ख्याको सर्वसत्य अस्तित्वमाथि नै प्रश्न गरी नयाँ दृष्टिकोण अगाडि सारेको छ । सङ्ख्याको अस्तित्व गणितको प्रामाणिकतासँग सम्बद्ध भएकाले यसको दार्शनिक महत्त्व अति ठूलो छ । त्यसैले यस लेखलाई सङ्ख्याको अस्तित्वको सवालको सेरोफेरोमा सीमित गरिएको छ ।

प्रस्तुत लेखलाई सरल एवं क्रमबद्ध रूपमा सङ्गठन गर्ने उद्देश्यले चिन्तनको विकासको ऐतिहासिक क्रमको आधारलाई अपनाइएको छ । यसो गर्दा पुरातन प्लेटोवादी चिन्तन र त्यसमा आधारित निरपेक्षवादी चिन्तन, त्यसपछि सामाजिक निर्माणवाद चिन्तन हुँदै कल्पनावाद (Fictionalism) को आधारमा सङ्ख्याको अस्तित्व सम्बन्धमा विवेचना गरिएको छ । यसरी विवेचना गर्दा दक्षिण एसियाली एवं हिन्दू गणितको प्रसङ्ग पनि उल्लेख गरिएको छ । मूलतः गणित विकासको दार्शनिक चिन्तनका क्रममा युरोपमा आधुनिक कालमा नै धेरै विवेचना भएकाले विवेचनाको मूल आधार तिनै अध्ययनलाई लिइएको छ ।

प्लेटोवादी चिन्तनमा सङ्ख्याको अस्तित्व

पहिले नै उल्लेख गरिएको छ कि गणितको विकासमा सङ्ख्यालाई अद्वितीय स्थान दिइएको छ । हिन्दू गणितमा गणितलाई सङ्ख्या एवं गणनाको विज्ञानका रूपमा परिभाषित गरी गणितमा सङ्ख्याको सर्वोच्चता इङ्कित गरिएको छ । हिन्दू गणितको विकासमा प्राचीन समयदेखि नै धेरै ठूला सङ्ख्याहरूको प्रयोग भएको भन्ने सम्बन्धमा हिन्दू गणितको इतिहास (दत्त एवं सिंह, १९३५:३) मा नारद एवं अश्विनिकुमारको वार्ता उल्लेख गरिएको छ । गणितका पाश्चात्य गणित इतिहासकार बि.सी. बोयरका अनुसार धेरैजसो प्राचीन सभ्यताहरूमा सङ्ख्याको विकास सम्बन्धमा धेरै पक्षमा समानता पाइने भए तापनि पाइथागोरस सम्बद्ध सम्प्रदायले सङ्ख्या पूजालाई चरम सीमामा पुऱ्याए (Pythagorean carried number worship to the extreme) (बोयर, १९६८:५३)। उनीहरूले सङ्ख्याको भौतिक अर्थ लगाउनु भन्दा पनि अभौतिक एवं पारमार्थिक (Cosmological/Metaphysical) अर्थ लगाए, जस्तैः सङ्ख्या एकलाई सर्जक (Generator) एवं तर्कको सङ्ख्या, सङ्ख्या दुईलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो जोर सङ्ख्या वा स्त्रीवाचक सङ्ख्या वा विचारको सङ्ख्याका रूपमा लिए भने सङ्ख्या तिनलाई पुरुष सङ्ख्या वा एकता (एक) र अनेकता (दुई) को मिलन (सन्तुलन Harmony) का रूपमा चित्रण गरे । त्यस्तै गरेर सङ्ख्या चारलाई न्यायबोधक सङ्ख्या, पाँचलाई वास्तविक प्रथम स्त्री एवं पुरुषको सङ्गम सङ्ख्या, छलाई सिर्जनाको सङ्ख्या एवं सङ्ख्या दसलाई सबभन्दा पवित्र सङ्ख्याका रूपमा लिइयो किनभने यो सङ्ख्या एक, दुई, तिन एवं चारको योगका रूपमा ब्रह्माण्डको प्रतिनिधित्व गर्दथ्यो ।

पाइथागोरसको अवधि इसापूर्व छैटौं शताब्दी मानिन्छ । पाइथागोरस पाश्चात्य गणित दर्शनका एवं पाश्चात्य चिन्तनका पितामह मानिन्छन् । यिनको सम्प्रदायको गणितीय चिन्तन एवं विकासमा ठूलो प्रभाव छ । यिनीहरूका लागि गणितीय सङ्ख्या सामान्य वस्तुको गणनासँग मात्र सीमित छैन । यिनीहरूका लागि गणितीय सङ्ख्या ईश्वरीय सिर्जनाका आधारभूत अवयव हुन् (Number were key to the divine creation wisdom) (हर्स, १९९९: ९३)। सङ्ख्याको वास्तविक अस्तित्वको प्लेटोवादी चिन्तनको जरो पाइथागोरसको चिन्तनमा छ भन्ने विश्लेषण आजका गणित दार्शनिक हर्सले गरेका छन् । हर्सको विश्लेषण छ कि प्लेटो लगायत प्लेटोवादी चिन्तकहरूले सङ्ख्याको अस्तित्वको सम्बन्धमा स्पष्ट धारणा राखे । प्लेटोका लागि गणितीय वस्तु (जस्तै सङ्ख्या) को वास्तविक एवं वस्तुगत अस्तित्व छ र त्यस्तो अस्तित्व भौतिक होइन आदर्शमय अस्तित्व हो (अर्नेस्ट, १९९१: २९): "For Plato, mathematical objects (e.g. numbers) have real, objective existence is some ideal realm."

प्लेटोको सङ्ख्या सम्बन्धी धारणा बुझ्न सरल छैन । प्लेटोका लागि भौतिक संसारले सङ्ख्या निर्धारण गर्दैन बरू सङ्ख्या भौतिक संसारको दृष्टिगोचर हुन् । प्लेटोको गणितीय चिन्तन यति प्रभावशाली बन्यो कि गणितको निरपेक्ष सत्यताको दर्शन मूलतः यसैमा आधारित रहेर विगत दुई हजार वर्षदेखि प्रभावशाली रह्यो । बीसौं शताब्दीको उत्तरार्धदेखि मात्र यसमा विमतिपूर्ण चिन्तनहरूले पकड लिन थाले । प्लेटोको यस्तो दूरगामी चिन्तन-तर्कको आधारको पनि व्यापक विश्लेषण भएको छ । गणितको सन्दर्भमा रिउबेन हर्स (१९९७) को पुस्तक What is Mathematics really ? बढी उपयोगी देखिन्छ । हर्स गणितको निरपेक्ष सत्यताको चर्को बर्खिलाप गर्दछन् । यसो गर्दा ज्यादै तर्कपूर्ण रूपमा विश्लेषण गर्दछन् । उनको विश्लेषण सामाजिक निर्माणवाद, भाषिक परम्परावाद (Linguistic Conventionalism), मानवतावादी चिन्तन (Humanstic/maverick) मा आधारित छन् । प्लेटोको गणितीय चिन्तनको विश्लेषणका क्रममा हर्सले आफ्नो पुस्तकमा आर टर्नास (R. Turnas, 2010) को पङ्क्तिलाई यसरी उल्लेख गरेका छन्, "प्लेटोको चिन्तनका युगीन उदाहरणहरू गणितका थिए । उनी सबभन्दा नजिक भएको पाइथागोरस सम्प्रदायको चिन्तनलाई पछ्याउँदै प्लेटोले देखे कि यस भौतिक ब्रम्हाण्डलाई गणितका सङ्ख्या एवं ज्यामितीय धारणाबाट सङ्गठित गर्न सकिन्छ । यी धारणाहरू अदृश्य छन्, त्यसलाई बुद्धिमान्ले मात्र देख्न सक्दछ र तब पनि तिनीहरूलाई बाहिर देखिने (अनुभव गरिने) वस्तु एवं प्रक्रियाको कारक एवं सञ्चालकका रूपमा रहेको कुरा पत्ता लगाउन सकिन्छ ।"

प्लेटोका अनुसार, सङ्ख्या एवं ज्यमितीय आकृतिहरू गणितज्ञहरूको सिर्जना होइनन्, तिनीहरू पहिले नै विद्यमान छन्, गणितज्ञको काम तिनीहरूको सिर्जना गर्ने नभएर केवल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्ता लगाउने मात्र हो (अर्नेस्ट, १९९१:२९)। यस्तो चिन्तनको प्रभाव यति छ कि बिसौं शताब्दीका बेलायती गणितज्ञ जि.एच. हार्डी (१८७७-१९४७) का अनुसार गणितज्ञहरूले गणितीय धारणा निर्माण गर्दैनन् बरू तिनीहरूलाई पत्ता लगाउँदछन् । यस्तो चिन्तनको मुख्य आशय गणितीय वस्तु, जस्तै सङ्ख्याको अस्तित्व पहिले नै विद्यमान छ भन्ने हो । त्यसैले गणितज्ञको' कार्य सिर्जना होइन, विद्यमान वस्तुलाई बुद्धिमता दृष्टिले चिन्नु वा खोज्नु हो । प्रकारान्तले प्लेटोवादी यस्तो चिन्तन नै गणितीय सत्यहरू निरपेक्ष रूपमा नै सत्य छन् भन्ने दार्शनिक चिन्तनको आधार हो भन्ने विश्लेषण सामाजिक निर्माणवादीहरूले गरेका छन् । यस्तो चिन्तन ठूला ठूला दार्शनिकहरू देकार्ट (१५९६-१६५०), कान्ट (१७२४-१८०४), फ्रेज (१८४८-१९२५), रसेल (१८७२-१९७०) एवं गोडेल (१९०६-१९७८) को कार्य मार्फत विभिन्न रूपमा स्थानान्तरण हुँदै आए । यस बारेमा यस पछिको खण्डमा पनि विवेचना गरिनेछ । यस खण्डमा प्लेटोवादी चिन्तनको सङ्ख्याको अस्तित्व सम्बन्धमा विवेचना गरियो । तत्कालीन समयमा दक्षिण एसियामा बौद्धिक धार्मिक चिन्तनको रूपमा वेद एवं वेदाङ्गको विकास भई गणित विभिन्न वेदाङ्गका रूपमा स्थापित भइसकेको वा हुँदै गरेको विभिन्न अध्ययनले पुष्टि गरेका छन् । त्यसैले यस पछिको खण्डमा तत्कालीन अवधिमा हिन्दू गणितमा सङ्ख्याको अस्तित्व सम्बन्धमा छोटो विवेचना गरिएको छ ।

हिन्दू गणितमा सङ्ख्याको अस्तित्व

सङ्ख्याको अस्तित्वको दार्शनिक चिन्तनमा हिन्दू गणितको धारणा कस्तो छ भन्ने सम्बन्धमा विवेचना गर्ने क्रममा पाश्चात्य ठूला विद्वान् रसेलको टिप्पणीबाट सुरू गरौं । पाइथागोरसबाट सुरू भएको गणित एवं धर्मको समायोजनबाट बनेको पाश्चात्य दर्शनको एसियाली चिन्तनसँगको भिन्नता देखाउँदै नोबेल पुरस्कार विजेता विद्वान् लेख्दछन्,- "गणित एवं धर्मको समायोजनबाट पाइथागोरसदेखि सुरू भएको ग्रिसेली दर्शन मध्ययुग हुँदै आधुनिक युगका कान्टसम्म आइपुग्यो तर प्लेटो, सेन्ट अगस्टाइन, थोमस एकुइनस, देकार्ट, इस्पिनोजा एवं कान्टको चिन्तनमा धर्म र तर्कको समायोजन, नैतिक उत्कण्ठा एवं तर्कपूर्ण अभिव्यक्ति समायोजन छ, जुन कुरा सर्वकालीन छन्, जो पाइथागोरसदेखि आयो र यस्तो युरोपेली बौद्धिक धर्मशास्त्रीय चिन्तन नै एसियाको चमत्कारपूर्ण रहस्यमयी चिन्तन (Mysticism of Asia) देखि अलग छ" (पृ. ३७)।

रसेलको यो अभिव्यक्ति उनको संसार प्रसिद्ध पुस्तक History of Western Phyloshophy बाट लिइएको हो । यस अभिव्यक्तिले पूर्वलाई हेर्ने पश्चिमको दृष्टिकोण बुझ्न मद्दत गर्ने भएकाले यहाँ उल्लेख गरिएको हो । यस्तो खाले चिन्तनको विवेचना भारतीय विद्वान् राधाकृष्णनले आफ्नो पुस्तक Indian Philoshophy मा गरेका छन् । अमेरिकामा अध्ययन गर्ने मध्य पूर्व मूलका प्राध्यापक एडवार्ड सैदले यस्ता चिन्तनलाई पश्चिमले बनाएको पूर्वलाई हेर्ने नियोजित देष्टिकोण भनेका छन् । सैदको यस्तो विश्लेषण जे. जे. क्लार्कको Oriental Enlightment नामक पुस्तक (सन् १९९७) मा उल्लेख गरिएको छ । पछिल्ला समयमा गरिएका अध्ययनले एसियाको यस्ता चिन्तनको दार्शनिक ऐतिहासिक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक विश्लेषण गरेका छन्, जसले गर्दा यसको उचित व्याख्या गर्न मद्दत पुगेको मानिन्छ । पाश्चात्य गणितको विकासमा अति धेरै महत्त्व दिइएको निगमन तर्क

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रणाली (Deductive Logic) लाई अपनाउनमा पछि परेको भन्ने सम्बन्धमा भारतीय गणित इतिहासको शोधकर्ता सरस्वती अम्माले आफ्नो पुस्तक Geometry in Ancient and Medieval India (1999) मा उल्लेख गरेकी छन् । प्रमाण पद्धतिको अभाव नै ठूलो दोष एवं कमी रहेको बारे उनले लेखेकी छन् । पाश्चात्य गणित विकासको जननी ग्रिसेली गणितीय चिन्तन विकासलाई लिइन्छ (पायर्स) । गणितीय चिन्तनको पाश्चात्य दर्शनमा परेको प्रभावको सम्बन्धमा रसेलको विश्लेषणले उल्लेख गरेको छ । यस्तो चिन्तन पाइथागोरस एवं प्लेटो हुँदै आधुनिक युगमा आयो । पाइथागोरस एवं प्लेटोको समय लगभग बुद्ध एवं जैन धर्म दर्शनको नजिक देखिन्छ । दुबै धर्मशास्त्रले सङ्ख्यालाई धेरै नै महत्त्व दिएका भए तापनि जैनहरूले गणितको विकासमा ठूलो योगदान दिएको कुरा पुष्टि भइसकेको छ । जैन विद्यामध्ये सङ्ख्या-योग एक प्रधान विद्या हो । सङ्ख्याको सम्बन्धमा जैन गणितज्ञहरूले निश्चित सङ्ख्या (Finite Number) को विवेचना मात्र गरेनन् कि अनिश्चित अनन्त ठूला सङ्ख्या (Infinite Numbers) को अस्तित्वका सम्बन्धमा उल्लेख गरेका छन्, जुन धारणा आधुनिक पाश्चात्य गणितमा धेरै पछि आएर मात्र चर्चा गरियो ।

बुद्धको बुद्धत्वलाई इङ्गित गर्न यति ठूला सङ्ख्या प्रयोग गरियो कि त्यसलाई यति उति भनेर गन्न सकिँदैन । रेस्टिभो एवं कोलिन (२०१०) ले आफ्नो लेखमा यस्ता ठूला सङ्ख्याको प्रयोगलाई गणितीय प्रकारले भन्दा पनि धार्मिक आध्यात्मिक एवं रहस्यमय धार्मिक प्रभावका लागि भएको उल्लेख गरेका छन् । यजुर्वेद संहितामा एक, दस, सत, सहस्र, अयुत (१०,०००), नियुत (१००,०००), प्रयुत (१,०००,०००), अर्बुद (१०,०००,०००), न्यर्बुद (१००,०००,०००), समुद्र (१,०००,०००,०००), मध्य (१०,०००,०००,०००), अन्त (१००,०००,०००,०००), परार्ध (१,०००,०००,०००,०००) सम्मको उल्लेख गरिएको छ (दत्त एवं सिंह, १९३५:२७)। यस सम्बन्धमा पाश्चात्य लेखिका किम प्लोफलर (Kim Plofkar, 2012) लेख्दछिन् कि, मध्य वैदिक युगभन्दा अगाडि नै दशमलव सङ्ख्याहरूलाई नाम समेत कममा पनि दश खरब (परार्धः Trillion) सम्म विस्तार गरियो । यस्ता उदाहरणबाट के देखिन्छ भने दक्षिण एसियाको गणितको ऐतिहासिक विकासमा सानादेखि धेरै ठूला सङ्ख्याको अस्तित्व वैदिक कालदेखि नै स्विकारियो । यसका धेरै कारण हुन सक्दछन् । दशमलव सङ्ख्या सङ्केत प्रणालीको संयन्त्र एवं धेरै ठूला राशीको कल्पना नै हिन्दू गणितको विकासमा तुलनात्मक रूपमा धेरै ठूला सङ्ख्याको अस्तित्व कायम गरिएको देखिन्छ । ग्रिसेली चिन्तन विकासमा गणित एवं धर्मको समायोजन भए जस्तै दक्षिण एसियाको वैदिक गणितमा आधारित गणित विकासमा अति ठूला सङ्ख्याको प्राचीन विकास दशमलव सङ्ख्या सङ्केत पद्धति एवं वैदिक धर्म दर्शनका समायोजन हुन सक्ने देखिन्छ ।

सङ्ख्याको अस्तित्व हुनु र स्वीकार्नु एउटै कुरा होइन भन्ने उदाहरणहरू धेरै छन् । पाश्चात्य दर्शनका ठुला हस्ती अरस्तु (ई.पू. ३८४-३२२) ले अनन्त ठूलो सङ्ख्यालाई स्वीकारेनन् । यसका लागि उनको आफ्नै तर्क छ । युरोपमा सत्रौं शताब्दीमा आएर मात्र ऋण सङ्ख्यालाई व्यापक रूपमा स्वीकारियो (ग्राहोम, १९७५:१४३) । शून्यले भाग गर्दा भागफलको अस्तित्व कायम हुन्छ भनेर गणितको दूरदृष्टि सातौं शताब्दीका हिन्दू गणित एवं ज्योतिष शास्त्री ब्रम्हगुप्तले देखाए, यद्यपि कि यसको ठिक विश्लेषण आउनका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाष्कराचार्यको विश्लेषणसम्म कुर्न पर्‍यो । कुनै सङ्ख्यालाई शून्यले भाग गर्ने (जस्तै, १/०, ०/०) धारणा गणितका क्लिष्ट धारणा भएकाले यसको अस्तित्व स्वीकार गर्ने गरी विश्लेषणको विकास पाश्चात्य गणितमा धेरै पछि मात्र आयो । पाइथागोरस सम्प्रदायले आनुपातिक सङ्ख्या (कुनै पनि पूर्ण सङ्ख्याको अनुपात) ले नै ब्रम्हाण्डको प्रतिनिधित्व गर्दछ भन्ने धारणा अँगालेकाले पाइथागोरस साध्यको रूपमा चिनिने समकोण त्रिभुजका भुजाहरूको सम्बन्धको सूत्र (कर्णको वर्ग बराबर लम्ब एवं आधारको वर्गहरूको योगफल हुन्छ) को प्रयोगबाट उत्पन्न अनानुपातिक सङ्ख्या (जस्तै 2 को अस्तित्वलाई स्वीकार्न कठिन भयो । विद्यमान मान्यताको बर्खिलाप हुने भएकाले यसलाई स्वीकार्न समय लाग्यो । आधुनिक गणितज्ञ जर्ज कान्टरको अनिश्चित अनन्त ठूलो सङ्ख्या (Transfinite Number) सम्बन्धी सम्बन्धको अस्तित्व विवादित छ ।

सङ्ख्याको अस्तित्वको विवेचना सम्बन्धी दृष्टिकोण पाश्चात्य एवं पूर्वीय गणित विकासको चिन्तनमा फरक देखिन्छ । ग्रिसेली गणितीय ज्ञानको निरपेक्ष सत्यको धारणाबाट निर्देशित पाश्चात्य गणितमा सङ्ख्याको सर्वकालीन निरपेक्ष अस्तित्वको स्वीकारोक्ति देखिन्छ भने वैदिक गणितमा आधारित हिन्दू गणितमा निरपेक्ष सत्यतको धारणा देखिँदैन । हिन्दू चिन्तनमा गणित भन्नाले सङ्ख्या सम्बन्धी क्रियाकलाप हो र गणितको स्थान सबै शास्त्रहरूमा मूर्धन्य छ तर गणितलाई निरपेक्ष सत्य ज्ञानका रूपमा लिइएको छैन । निरपेक्ष सत्यता (सर्वकालीन सत्यता) यस्ता ज्ञानभन्दा माथि ब्रम्हज्ञानमा छन् भन्ने चिन्तनका आधारमा यसो भएको हुन सक्छ । यसैकारणले पनि गणित विकासमा पाश्चात्य गणित विकासमा जस्तै निरपेक्षताको सवालभन्दा गणित औजारका रूपमा विकास भएको देखिन्छ । पूर्वीय सभ्यता अन्तर्गत विकास भएको दक्षिण एसियाको वैदिक गणितमा आधारित हिन्दू गणितको यस्तो प्रवृत्ति पछिल्लो समयमा आएर ठूलो विवेचनाको विषय बनेको छ । यस्तो विवेचनाका आधारमा हिन्दू गणितको विकासको मौलिक परम्पराको गणितीय महत्त्व स्थापित हुँदै गएको देखिन्छ । गणित विकासको यस्तो चिन्तन निरपेक्षवादी स्वरूपको भन्दा पनि सापेक्ष प्रयोगवादी चिन्तनसँग नजिक देखिन्छ । त्यसैले पनि हुन सक्छ सङ्ख्याको प्रयोग एवं विस्तारमा धेरै ध्यान गएको । सङ्ख्याको प्रयोगकर्ता वैज्ञानिक एवं अर्थशास्त्रीहरूलाई सङ्ख्याको सम्बन्धमा भएका दार्शनिक विवाद बढी चासोको विषय नदेखिए जस्तै प्राचीन हिन्दू गणितज्ञलाई पनि सङ्ख्याको स्वभावभन्दा सङ्ख्याको उपयोगतिर ध्यान केन्द्रित भएको हुनुपर्छ । ठूला ठूला सङ्ख्याको अस्तित्वको पहिचान एवं विविध प्रकारको सङ्ख्याको विस्तार तथा प्रयोग यसैको कारणले हुनु पर्दछ । सङ्ख्याको अस्तित्वमा निरपेक्षताको सवाल पाश्चात्य गणितको प्रवृत्ति हुन गएकाले बाँकी खण्डमा यसै बारेमा चर्चा केन्द्रित गरिएको छ ।

निरपेक्ष गणित दर्शनमा सङ्ख्याको अस्तित्व

निरपेक्ष गणित दर्शनको विकासको मुख्य कार्य गणितीय ज्ञानलाई सबै परिस्थिति एवं परिवेशमा सर्वकालीन सत्य ज्ञानका रूपमा विकास गर्नु हो । परापूर्व कालदेखि गणितीय ज्ञानको सर्वमान्य तथ्यका रूपमा स्वीकार्ने चिन्तन यसैको उपज देखिन्छ । निरपेक्ष गणितीय सत्यको सन्दर्भलाई उल्लेख गर्ने क्रममा पाश्चात्य दार्शनिक अगस्टाइन (३५४-४३०) को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिलाई हर्स (१९९९:१०३) ले उल्लेख गरेका छन्, जसमा अगस्टाइन भन्दछन् कि ७ र ३ को योगफल १० नै हुन्छ । यो पहिले पनि सत्य थियो, अहिले पनि सत्य छ र भविष्यमा पनि सत्य नै हुनेछ ।

"Seven and three are ten, not only now but always; nor was there ever a time when seven and three were not ten, nor will ever be ...."

निरपेक्ष गणितीय चिन्तनको यस्तो परम्पराको इतिहास धेरै लामो छ । बीसौं शताब्दीको सुरुबाट यस्तो चिन्तनमा केही ठूला समस्या देखिए, जसले गर्दा गणितीय ज्ञान निरपेक्ष रूपमा नै सत्य छन् भन्ने मान्यतामा केही ठूला सवाल उत्पन्न भयो । गणितीय सत्यतामा केही असामञ्जस्यता (Inconsistency) देखिन गयो । खास गरेर गणितमा विकास भएको नयाँ शाखा समूह सिद्धान्त (Set Theory) का कारणले पनि यस्तो असामञ्जस्यता देखियो । निरपेक्ष गणितमा यस्ता असामञ्जस्यता स्वीकार्य नहुने भएकाले यसको समाधान खोज्ने प्रयास स्वरूप निरपेक्ष गणितीय दार्शनिक चिन्तनमा तीन वटा चिन्तन धार– तर्कवाद, औपचारिकवाद एवं निर्माणवादको विकास भयो । यी तीन वटा दार्शनिक चिन्तन धारको विश्लेषण मूलभूत रूपमा नै भिन्दा भिन्दै भएकाले गणितीय सत्यताको विवेचना पनि अलग अलग हुन गयो, जसका कारणले गणितीय धारणाप्रति हेर्ने दृष्टिकोण पनि फरक फरक हुन गयो । यसका आधारमा सङ्ख्या लगायतका धारणाको अस्तित्वको सवाल पनि फरक पर्न गयो । त्यसैले सङ्ख्याको अस्तित्वको विवेचना यी चिन्तन धारको परिप्रेक्ष्यमा गरिएको छ ।

तर्कवादमा सङ्ख्याको अस्तित्व

तर्कवादका अनुसार शुद्ध गणित (जसमा प्रायोगिक गणित पर्दैन) तर्कको एक शाखा हो र गणितीय सत्यता तार्किक अभिव्यक्ति हो भन्ने चिन्तन हो । यसका प्रमुख प्रणेता लाइब्निज (१६४६-१७१६), फ्रेज (१८४८-१९२५), रसेल (१८७२-१९७०), ह्वाइटहेड एवं कार्नाप हुन् (अर्नेस्ट, १९९१:८-९)। सङ्ख्याको अस्तित्वको सवालका सम्बन्धमा दार्शनिक फ्रेजको विश्लेषणले नै अति महत्त्वपूर्ण मानिन्छ । प्लेटो देकार्ट, लाइब्निज एवं कान्टको चिन्तन परम्परालाई अँगाल्दै फ्रेजले गणित दर्शनको मूल प्रवाहका रूपमा निरपेक्ष गणितको दर्शनलाई अगाडि बढाए । उनको योगदानका कारणले उनलाई निरपेक्ष गणित दर्शनको पितामह एवं गणितका पूर्णकालीन दार्शनिकका रूपमा लिइयो (हर्स, १९९९:१४१)। उनको सबभन्दा महत्त्वपूर्ण कृति Grundlagen der Arithmetic अर्थात् Foundation of Arithmetic हो, जसमा उनले तर्कको आधारमा प्राकृतिक सङ्ख्या (गणनाको सङ्ख्या) को निर्माण गरे । सङ्ख्या के हुन् ? भन्ने सवाल गणितको एक आधारभूत सवाल हो । यो एकदम पेचिलो एवं जटिल सवाल पनि हो । गणित दार्शनिक रसेल तर्कवादका शिखर पुरुष मानिन्छन् । उनको अध्ययनका कारणले फ्रेजको कार्य प्रकाशमा आएको हो । आफ्नो कृति Introduction to Mathematical Philoshopy मा सङ्ख्या के हो ? भन्ने प्रश्नको ठिक उत्तर दिने पहिलो दार्शनिकका रूपमा फ्रेजलाई उल्लेख गरेका छन् । उनको भनाइ यस प्रकार छ,- "सङ्ख्या के हो भन्ने सवाल पटकपटक गरिएको छ तर यसको ठिक उत्तर हाम्रो यस समयमा प्राप्त भएको छ । यो उत्तर फ्रेजले १८८४ मा आफ्नो कृति लेखेका थिए । यद्यपि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो किताब निकै छोटो छ, तर कठिन छैन र अति महत्त्वपूर्ण छ, तापनि यस लेखकले १९०१ मा पुनर्खोज नगरेसम्म यसमा कसैको ध्यान गएन र यसमा उल्लेखित सङ्ख्याको परिभाषा वास्तवमा अनभिज्ञ नै रह्यो ।"

"The question "What is a number? Is one which has been often asked, but has only been correctly answered in our own time? The answer was given by Frege in 1884, in his Grundlagen der Arithmetic Although this book is quite short, not difficult, and of the very highest importance, it attracted almost no attention, and the definition of number which it contains remained practically unknown until it was rediscovered by the present author in 1901" -p. 11_=

फ्रेजको सङ्ख्याको परिभाषामा के त्यस्तो बिलकुल नयाँ धारणा छ, जसले गर्दा रसेलले यति धेरै महत्त्व दिए ? भन्ने प्रश्न आउँदछ । सङ्ख्याको अस्तित्वको सवाल दार्शनिक दृष्टिले धेरै महत्त्वपूर्ण छ, किनकि यसले सङ्ख्या के हो भन्ने प्रश्नको उचित तार्किक विश्लेषण गर्दछ । फ्रेजभन्दा पहिले सङ्ख्याको परिभाषा खोजिएन त ? भन्ने प्रश्न उत्पन्न हुन्छ । फ्रेजभन्दा पहिले जोहन स्टुअर्ट मिलले सङ्ख्यालाई भौतिक संसारका वस्तुहरूको रूपमा परिभाषित गरे । यस्तो परिभाषा अनुभववाद (Empiricism) मा आधारित छ । त्यस्तै इतिहासवादीहरूले सङ्ख्या विकास भई रहन्छ (Number evolve) भने र मनोविज्ञानवादी (Psychologism) का दृष्टिमा सङ्ख्या हाम्रो मस्तिष्कमा रहेको धारणा हो । हर्सले उल्लेख गरेका छन् कि फ्रेजले यी सबै परिभाषाहरूलाई इन्कार गरेका छन् । हर्सको भाषामा फ्रेजले यी परिभाषाको अवमूल्यन गरेका छन् । फ्रेजको विश्लेषणलाई उल्लेख गर्दै हर्स लेख्दछन् कि सङ्ख्या कसैको दिमागको विचार हुन सक्दैन किनभने त्यसो हुने भए संसारमा धेरै वटा दुईको सङ्ख्या हुन्थे होला, तर त्यस्तो छैन दुई एउटा मात्र छ । फ्रेजले यस्तो विश्लेषणका आधारमा सबै परिभाषालाई इन्कार गरी आफ्नो परिभाषा दिएका छन् । सङ्ख्याको तार्किक व्याख्या गर्ने क्रममा फ्रेजले वस्तुहरूको जमातलाई Collection का रूपमा लिए, जसलाई पछि रसेलले सेट (Set) वा वर्ग (Class) को रूपमा लिए । फ्रेजका अनुसार जोडा वस्तुहरू (Pairs) को साझा गुण नै सङ्ख्या दुई हो, त्यस्तै हाम्रो प्रत्यक हात वा खुट्टामा भएका औंलाहरूको जमातको साझा गुण नै सङ्ख्या पाँच हो । यस्तै धारणाको आधारमा एक एक जोडा मिलाउने क्रिया (One one correspondence) को प्रयोगबाट दुई वटा समूहको समरूपता परिभाषित गरी सङ्ख्याको परिभाषा दिएका छन् (रसेल, १९२०:१८-१९)। फ्रेजको सङ्ख्याको परिभाषालाई आधुनिक गणितको भाषामा यसरी लेख्न सकिन्छ, कुनै समूहको सङ्ख्या भन्नाले त्यससँग समरूप हुने समूहहरू बीचको साझा गुण हो । फ्रेजको यस्तो धारणाको अर्थ दुई भनेको जोडाहरूको वर्ग हो भने तीन भनेको तीन वटा सदस्य भएको समूहको वर्ग हो । यस्ता परिभाषाको आशय स्पष्ट छ, यो बिलकुल नयाँ धारणा हो, तापनि यो पूर्ण रूपमा स्पष्ट देखिँदैन । यस्तो परिभाषाले सङ्ख्यालाई पूर्ण एवं स्पष्ट परिभाषित गर्दैन, किनभने सङ्ख्या कुनै वर्ग (समूह) को गुण हो (Number is a property of a class) भन्ने कुरा स्पष्ट छैन भन्ने सम्बन्धमा फ्रस्कोलाले विटजेन्स्टेनको गणितको दर्शनमा उल्लेख गरेका छन् (Frascolla, 1994:48)। फ्रेजको यस्तो परिभाषामा अति महत्त्वपूर्ण धारणाको आविष्कार देखिन्छ, तापनि यो परिभाषा पूर्ण रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्पष्ट देखिँदैन र त्यस्तो पूर्ण रूपको परिभाषा सम्भव पनि देखिँदैन । किनभने सबै गणितीय धारणालाई परिभाषित गर्न मिल्दैन भन्ने गणितज्ञ एवं गणित दार्शनिकको पछिल्लो निष्कर्ष हो । फ्रेजको दार्शनिक चिन्तनको प्रभाव गणितको मूल प्रवाह मानिने निरपेक्ष गणितको दर्शनमा अति वूलो छ । सङ्ख्याको प्रकृतिको सम्बन्धमा एवं अस्तित्व सम्बन्धमा फ्रेजको विश्लेषण आज भोलि चर्को विश्लेषण (यार्को समालोचना)को विषय बनेको छ । फ्रेजले पहिले भनेझैं अरू सङ्ख्या अमूर्त वस्तुका रूपमा हुन्छ, जुन वस्तु न त भौतिक हुन् न त मानसिक, तर ती अमूर्त रूपमा सत्य रहन्छ । "Numbers are abstract objects which are neither physical nor mental, but real in an abstract sence" (as cited by Hersh, 1999: 141).

सङ्ख्याको परिभाषा जसमा सङ्ख्याको वास्तविक अस्तित्व छ, तर यो भौतिक एवं मानसिक दुबै होइन भन्ने धारणा प्लेटोको सङ्ख्याको धारणासँग धेरै नजिक देखिन्छ । दार्शनिक रूपमा यस्तो परिभाषाको उद्देश्य सङ्ख्यालाई निरपेक्ष सत्य अस्तित्व भएको गणितीय वस्तुका रूपमा लिई निरपेक्ष गणितीय सत्यताको आधार तयार गर्नु देखिन्छ । सङ्ख्या मात्र होइन यसका आधारमा अन्य गणितीय वस्तुको अस्तित्वलाई पनि यस्तै रूपमा स्थापित गर्नु हो । गणितको यस्तै सत्य स्थापनार्थ बीसौं शताब्दीका ठूला गणितज्ञ एवं दार्शनिक डेबिड हिलबर्टले अलि बेग्लै बाटो लिए, जसको छोटो टिप्पणी तल गरिएको छ ।

औपचारिकवादमा सङ्ख्याको अस्तित्व

औपचारिकवादका चर्चित प्रणेता हिलबर्ट हुन् । भोन न्युम्यान (Von Newman) एवं एच. करी (H. Curry) पनि मुख्य प्रणेतामा पर्दछन् । हिलबर्टको गणितलाई अर्थविहीन औपचारिक खेलको रूपमा लिने परिभाषाका आधारमा सङ्ख्या जस्ता गणितीय वस्तु अर्थविहीन सङ्केतहरू हुन्, जसको शुद्ध गणितमा अर्थ हुँदैन र भौतिक समस्या समाधानमा गएर मात्र यसको अर्थपूर्ण व्याख्या हुन्छ । उनका अनुसार जस्तो चेसको खेलमा चेसका विभिन्न गोटीले काम गर्छन्, त्यस्तै ज्यामितिमा विन्दु, रेखा, त्रिभुज आदिले र अङ्क गणितमा अङ्क वा सङ्ख्याले । यी सबै नियमका खेलहरू हुन् । औपचारिकवादीहरूको अङ्कको गणित (अङ्कगणित) प्रति हेर्ने दृष्टिलाई उल्लेख गर्ने क्रममा फ्रस्कोलाले थोमाए (Thomae) को पङ्क्ति उद्धृत गरेका छन् । यसका आधारमा औपचारिकवादका लागि अङ्क गणित चिन्हहरूको खेल हो, जसमा विषयवस्तु छैन, जस्तो कि क्यालकुलेट गर्ने क्यालकुलेटरमा विषय होइन कुनै नियम सञ्चालित हुन्छ । यसका आधारमा यो चेसको खेल जस्तै हो ।

"For the formalist, arithmetic is a game with signs, which are called empty. That means they have no other content (in the calculating game) than they are assigned by their behavior with respect to certain rules of combination (rules of the game). The chess player makes similar use of his pieces; he assigns them certain properties determining their behavior in the game, and the pieces are only the external signs of this behavior." (Frascolla, 1994: 54)

औपचारिकवादको यस्तो दृष्टिकोण सम्बन्धमा कोलिभान (Colyvan, 2011:14) भन्दछन् कि, औपचारिकवादका लागि गणितीय वस्तु चेसका अर्थविहीन गोटीहरू जस्तै हुन्, ती काठका हुन् कि धातुका हुन् वा अरू जेसुकैका हुन्, नियमबाट सञ्चालित खेल हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

औपचारिकवादको यस्तो विवेचनाबाट सङ्ख्याको अस्तित्व सम्बन्धमा के निष्कर्ष निस्कन्छ त ? भन्ने जस्ता सवाल स्वाभाविक छ । गणितको अर्थलाई छाडेर गणितको विविध नियमबद्ध संरचनाका बारेमा सोच्यौं भने गणित नियमको खेल र यस खेलका गोटीहरू (जस्तै सङ्ख्याहरू) खेलका पत्र जस्ता देखिन्छन् । हाम्रा विद्यार्थीलाई गणित नियमै नियमको विधान जस्तो लाग्नुमा यस्तै कारण रहेको हुन सक्छ । गणित विशेष तरिकाको व्यवस्थापनको खेल (Mathematics as the games of tricks/techniques) को विषय जस्तो लाग्नुको कारण पनि यस्तै हुन सक्दछ । हिलबर्टको यस्तो कार्यको मुख्य उद्देश्य गणितलाई अर्थविहीन औपचारिक प्रणाली (uninterpreted formal system) का रूपमा स्थापित गरी गणितको निरपेक्ष सत्यताको स्थापना गर्नु हो । रसेल जस्ता ठूला गणितज्ञ एवं दार्शनिकलाई राम्ररी थाहा थियो कि गतिका वस्तु जस्तो सङ्ख्या, वास्तवमा वास्तविक वस्तुबारे हुन् र गणितका कथनले वास्तविक वस्तुसँगको सम्बन्ध दर्शाउँछन । हर्स भन्दछन् कि उनको अर्थविहीन धारणाको मुख्य उद्देश्य केवल गणितीय ज्ञानको निरपेक्ष सत्यता स्थापनाप्रति उद्यत हुनु हो (हर्स, १९९९:१६०)। उनको यस्तो विश्लेषणका सम्बन्धमा हिलबर्टको निम्न कथन हर्सले उल्लेख गरेका छन्,- "मेरो सिद्धान्तको ध्येय गणितको सर्वसत्य विधिको स्थापना हो । हालको गणितमा देखिएको विरोधाभासको अवस्था असह्य छ । सोच्नुहोस् त प्रत्येकले सिक्ने सिकाउने गणितका परिभाषा एवं निगमन विधि र गणितका सत्यताले असामञ्जस्ताको स्थितितिर पुऱ्यायो भने ? यदि गणित नै दोषपूर्ण भयो भने ? सत्यता र निश्चितता हामीले कहाँ खोज्ने होला ?"

The goal of my theory is to establish once and for all the certitude of mathematical methods. The present state of affairs where we run up against the paradoxes is intolerable. Just think, the definitions and deductive methods which everyone learns, teaches and uses in mathematics, the paragon of truth and certitude, lead to absurdities! If mathematical thinking is defective, where are we to find truth and certitude?"

माथिको विश्लेषणका आधारमा के देखिन्छ भने औपचारिकवादको विकासमा हिलबर्टले सङ्ख्या जस्ता गणितीय धारणालाई नियमित रूपमा नैं अर्थविहीन चिन्हका रूपमा लिए । हिलबर्टको यस्तो चिन्तनले पनि गणितको निरपेक्ष सत्यतालाई पूर्ण रूपमा स्थापना गर्न सकेन तापनि यो कार्य बिलकुल नयाँ एवं महत्त्वपूर्ण मानिन्छ । औपचारिक गणितको विभिन्न प्रशाखाको विकासमा यसको ठूलो भूमिका छ । कतिपय गणितको विकास (जस्तै, Group Theory Pj+ Non Euclidean Geometry) मा संरचनागत विकासपछि मात्र यसको प्रयोगको क्षेत्रको विकास भयो । गणितको निरपेक्ष सत्यतालाई स्थापना गर्न तर्कवादी एवं औपचारिकवादीको प्रयासका साथै अर्को प्रयास निर्माणवादीहरूले पनि गरे । यसका आधारमा सङ्ख्याको अस्तित्व वारे निर्माणवादी विवेचना छोटकरीमा गरौं ।

निर्माणवादमा सङ्ख्याको अस्तित्व

आधुनिक निर्माणवादी दर्शनको विकासमा कान्ट (Kant) एवं कोनेकर (Kronecker) को भूमिका छ । बीसौं शताब्दीका मुख्य निर्माणवादी चिन्तक ब्राउवोर (L. E. J. Brouwer), हेटिङ (A. Heyting) एवं बिसप (E. Bishop) मूलतः अन्तर्दृष्टिवादी (Intuitionist) हुन् । निर्माणवादीहरूले गणितीय धारणाको निर्माणमा जोड दिन्छन् । यिनीहरूको विमति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

औपचारिकवादको गणितको धारणा एवं प्रमाणको विधिसँग बढी देखिन्छ । गणितीय धारणा एवं गणितीय सत्यको स्थापना गर्ने हिलबर्टको तरिकाले गणित निरर्थक हुन्छ र त्यस्तो चिन्तनले गणितलाई सुरक्षित गर्न सक्दैन भन्ने धारणा यसका चिन्तकहरूको हो । सङ्ख्या लगायत गणितका धारणालाई अर्थपूर्ण तरिकाले निर्माण गरी विरोधाभासको विधि (Methods of Contradiction) बाट जोगाउनु यिनीहरूको एक मूख्य उद्देश्य हो । निर्माणवादीमध्ये एक प्रमुख ब्राउवोर एक ठूला टोपोलोजिस्ट (Topologist) हुन्, जसले हिलबर्टको चिन्तनको चर्को विरोध गर्दथे । उनले अठारौं शताब्दीका महान् दार्शनिक कान्टको चिन्तनलाई अँगाले, जस अनुसार गन्ती सङ्ख्या (१, २, ३, ...) को विकास हाम्रो समयको चालबाट भएको हो (Natural numbers are given by the fundamental intuition of time)। यसका आधारमा समयको अन्तरालको ज्ञान हाम्रो मानवीय चेतनाको नैसर्गिक गुण (प्रवृत्ति) भएकाले सङ्ख्या (जस्तैः पूर्ण सङ्ख्याहरू) को अस्तित्व नैसर्गिक रूप (तर्क वा भौतिक गतिविद्धिखि स्वतन्त्र) मा विद्यमान छ (Exitence of numbers, such as integers, exist already as synthetic a priory independent of reasoning or physical phenomena)। यस्तो चिन्तनले प्रकारान्तमा सङ्ख्याको अस्तित्वलाई प्लेटावादी चिन्तनतिर लैजान्छ ।

ब्राउवोरका अनुसार गन्ती सङ्ख्याको निर्माण नैसर्गिक चेतनाका आधारमा हुने भएकाले सबै गणित यसैका आधारमा रचनात्मक तवरले विकास गरिनु पर्दछ भन्ने हो । यस्ता चिन्तन एवं यसमा आधारित विधिले गणितलाई अर्थपूर्ण रूपमा विकास गर्न मद्दत पुग्यो र यस्तो चिन्तन व्यवहारले गर्दा पनि गणितको सामाजिक निर्माणवादी चिन्तनको विकासलाई टेवा पुऱ्याएको देखिन्छ । गणितमा निर्माणवादी विधिको प्रयोग हुन गएको छ । निर्माणवादीहरूमा धेरै फराकिलो घेरो देखिन्छ । यहाँ कोनेकर जस्ता गणितज्ञ छन्, जसले सङ्ख्या ईश्वरको सिर्जना हो भनेका छन् । ब्राउवोर जस्ता गणितज्ञ एवं दार्शनिक छन्, जसले आजको महत्त्वपूर्ण गणितको वैधानिकतामा प्रश्न उठाएका छन् । वास्तविक सङ्ख्या (Real Numbers) र यसको गुण एवं क्रिया आजको गणितको मुख्य आधार हो । रियल नम्बर (Real Number) को समूहमा सङ्ख्याहरूको निरन्तरता छ (जस्तो कुनै पनि दुई वटा यस्ता सङ्ख्याको बीचमा अर्को त्यस्तै सङ्ख्या छ भन्ने गुण) यसको एक मुख्य गुण हो । यस्ता सङ्ख्याहरू असङ्ख्य (uncountable) छन् भन्ने यसको अर्को धारणा हो । निर्माणवादीहरू यसलाई मान्दैनन्, जसले गर्दा यसको उपयोगितामा कमी भयो ।

यी माथिका विश्लेषणका आधारमा के देखिन्छ भने एकदम वास्तविक मानिएका वास्तविक सङ्ख्याका समूहको अस्तित्वमाथि पनि तार्किक सवालहरू छन्, जसलाई बिलकुल इन्कार गर्न मिल्ने देखिँदैन, कम से कम तार्किक हिसाबले पनि यस्तो विश्लेषण पछिल्लो दार्शनिक चिन्तनको विषय बनेको छ । यसको बारेमा तेस्रो वा अन्तिम खण्डमा चर्चा गरिएको छ ।

नवीन सापेक्षवादी गणितीय चिन्तनमा सङ्ख्याको अस्तित्व

सापेक्षवादी (अनिरपेक्षवादी) गणितीय चिन्तन भन्नाले गणितीय सत्यता निरपेक्ष छैनन्, यी पनि सामाजिक निर्माण भएकाले कालजयी या निरपेक्ष छैनन् भन्ने हो । यस्तो चिन्तनका आधारमा सङ्ख्या एवं अन्य गणितीय धारणाहरू प्लेटोले भने जस्तै पहिले नै विद्यमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
वास्तविक वस्तुहरू होइनन्, जो न त भौतिक हुन् न त मानसिक । यिनीहरूले फ्रेजको सङ्ख्याको परिभाषालाई प्रकारान्तले प्लेटो एवं कान्टको चिन्तनलाई पछ्याएको भन्दछन् । यस्तो चिन्तनको स्वरूप यति फराकिलो छ कि यिनीहरूको बीचमा विरोधाभास छ । यस्तो चिन्तनअन्तर्गत सपेक्षतावादी चिन्तन, मानवतावादी चिन्तन, सामाजिक निर्माणवादी चिन्तन एवं कल्पनावादी चिन्तन पर्दछन् । पाउल अर्नेस्ट (१९९१) ले यसलाई सामाजिक निर्माणवादका रूपमा गणितको नयाँ दर्शन प्रस्तुत गरेका छन् । अझ उनले यसलाई गणितको सामाजिक निर्माणवादी दर्शनका रूपमा (१९९७) विस्तार गरेका छन् । यिनको आधारमा गणितीय सत्यता सामाजिक निर्माण भएकाले सत्यताको वैधता निर्धारक अन्तर सामाजिक प्रक्रिया हो । यसका आधारमा सङ्ख्या लगायत गणितका अवयवहरूको अस्तित्वको वास्तविक आधार सामाजिक हो र वस्तुगत सत्यता पनि सामाजिक हुन्छ । अर्को शब्दमा भन्दा सङ्ख्याको अस्तित्व एवं सत्यता सामाजिक अन्तरक्रियामा आधारित स्वीकारोक्ति हो । सङ्ख्या लगायत गणितीय सत्यताको विश्वव्यापी अस्तित्वको आधार के सामाजिक अन्तरक्रिया मात्र हो त ? त्यसो भए कुनै दुई जना कविले एउटै कविता नलेख्ने तर कहिले भेट नभएका गणितज्ञले एकै खाले गणितको विकास कसरी गरे होलान् ? भन्ने जस्ता प्रश्नलाई कसरी हल गर्ने ? रेनीद्वारा लिखित सुकरातका गणितको वार्तामा उल्लेखित प्रसङ्गको अर्थ के लगाउने ? गणितीय सत्यताको विकासमा सामाजिक निर्माणको आधार वस्तुगत सत्यताको अस्तित्व नै हो । यस बारे पछि उल्लेख गरिएको छ ।

गणितका नवीन चिन्तकहरूमध्ये रिउबेन हर्स पनि एक हुन् । उनको कृति What is Mathematics Really ? यस सम्बन्धमा नयाँ कृति हो । सङ्ख्याको अस्तित्व एवं वास्तविकता सम्बन्धमा विवेचना गर्ने क्रममा उनले फ्रेजको सङ्ख्याको परिभाषालाई विश्लेषण गरेका छन् । सङ्ख्याको आफ्नो परिभाषालाई स्थापित गर्न फ्रेजले मनोविज्ञानवादी, इतिहासवादी एवं अनुभववादी (Empiricist) को परिभाषालाई जस्तो प्रकारले अवमूल्यन गरेका छन् त्यसको पुनर्मूल्याङ्कन गर्दै फ्रेजको परिभाषामाथि टिप्पणी गरेका छन्, जुन महत्त्वपूर्ण छ (हर्स, १९९९: १४२-१४५)। सङ्ख्या न त दर्शनीय छन्, न त भौतिक छन्, तिनीहरू ढुङ्गाको थुप्रो जस्तो मात्र होइन, न त कसैका दिमागका विचार हुन्, तर ती अचेतन एवं वास्तविक छन् भन्ने जस्ता फ्रेजको विवेचनाको बर्खिलाप गर्दै हर्स भन्दछन्,- फ्रेजले कसैको व्यक्तिगत धारणाको कुरा गरेका छन्, तर धारणालाई धेरैका बीचमा साझेदारी गर्न सकिन्छ, दसौं लाखका बीचमा पनि साझेदारी गर्न सकिन्छ । सार्वजनिक धारणा समाज, इतिहास, संस्कृति एवं संस्थाहरूको विकासले यो कुरा प्रमाणित हुन्छ कि मानिसहरूका बीच कहिलेकाहिँ एउटै विचार हुन्छ (पृ. १४५)। हर्सको यस्तो विश्लेषण अर्नेस्टको सामाजिक निर्माणवादी दर्शनसँग मेल खान्छ । मानवतावादी सामाजिक निर्माणवादी चिन्तकका रूपमा हर्सले सङ्ख्याको अस्तित्व एवं विकासको विवेचना गरेका छन्, जस अनुसार सङ्ख्या सामाजिक, सांस्कृतिक, ऐतिहासिक निर्माण (Social-Cultural-Historical artifact) हो । उनका आधारमा सङ्ख्याको अस्तित्वको विकासलाई मुद्रा (जस्तै डलर) को अस्तित्वको विकाससँग तुलना गर्न सकिन्छ, जसको ऐतिहासिक विकास सामाजिक आवश्यकता पूर्तिका लागि भयो । यस्तो व्याख्याले सङ्ख्याको प्लेटोवादी चिन्तनलाई पुरै इन्कार गर्दछ । यस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तकहरूमध्ये कसैले त प्लेटोवादी एवं निरपेक्षवादी चिन्तनलाई ठूलो भुलभुलैया भनेका छन् ।

निरपेक्षवादी चिन्तनलाई संरक्षण गर्ने प्रयास भइरहेकै छ । यस चिन्तनका पछिल्ला प्रभावशाली दार्शनिकमा कुइनको नाम अग्र पङ्क्तिमा छ । उनी भन्दछन् कि, सङ्ख्या लगायतका गणितका धारणाहरू सामाजिक ऐतिहासिक निर्माण मात्र होइनन्, यी वास्तविक रूपमा नै विद्यमान छन्, शुद्ध अङ्कगणित शुद्ध सङ्ख्याको शुद्ध विज्ञान हो । उनी भन्छन्,- शुद्ध सङ्ख्याले भौतिक शास्त्र एवं अर्थशास्त्रमा भाग लिन्छ । जब हामी प्रकाशले प्रति सेकेन्ड ३००,००० किलोमिटर पार गर्दछ भन्दछौं त्यति बेला शुद्ध सङ्ख्या ३००,००० एवं प्रकाशको तरङ्ग बीच सम्बन्ध निश्चित गर्दछौं । यस्तोमा प्रकाशको वेगको एकाइले सङ्ख्यालाई बिगार्दैन तर केवल सम्बन्धको स्थापना गर्दछ (कुइन, १९८७:६५)। कुइनका अनुसार वास्तविक सङ्ख्या (Real Number) गणितीय दृष्टिले मात्र होइन दार्शनिक रूपमा नै कायम हुन्छन् भन्ने हो । गणितलाई भौतिक विज्ञानको एकीकृत अङ्का रूपमा लिने क्रममा उनले समूह सिद्धान्त, तर्क, सङ्ख्या सिद्धान्त, रियल नम्बर एवं कम्प्लेक्स नम्बर सम्बन्धी बीज गणित (Algebra of real and complex numbers), क्यालकुलस आदिलाई लिएका छन् । कुइनको सङ्ख्याको अस्तित्व सम्बन्धी धारणालाई उल्लेख गर्दै हर्स भन्दछन् कि, भौतिक विज्ञान सङ्ख्यामा अन्तरनिहीत छ र सङ्ख्याको अस्तित्व विना भौतिक विज्ञानको धारणा बनाउन असम्भव छ (Physics is inextricably interwoven with real numbers, and it is impossible to make sence of physics without believing real numbers exist)। हर्सका अनुसार कुइनको सङ्ख्याको अस्तित्वको व्याख्या प्लेटोवादी चिन्तनको मौलिक विवेचना हो । हर्स लेख्दछन् फ्रेजले जस्तै कुइनले पनि सङ्ख्यालाई वर्ग (Class) का रूपमा व्यक्त गर्न सकिन्छ । प्रकारान्तले कुइनले सङ्ख्याको अस्तित्व भौतिक नापमा आधारित गरेको देखिन्छ, जुन व्याख्या प्लेटोवादी चिन्तनभन्दा मौलिक रूपमा भिन्न पनि देखिन्छ ।

कुइनको सङ्ख्याको अस्तित्व सम्बन्धमा हर्सको विवेचना के छ भने सङ्ख्याहरूको प्रयोग जसरी भौतिक उद्देश्यका लागि गरेका छौं, त्यो हाम्रो आफ्नो सजिलो परम्परा र बानीका कारणले हो । उनका अनुसार वास्तविक सङ्ख्या (Real Numbers) का कारणले क्यालकुलसलाई सजिलो पारेको छ तर भौतिक शास्त्रको प्रयोगमा सङ्ख्याको निरन्तरता एवं अनन्त फैलावटको प्रयोग हुने होइन, त्यसको सट्टा निश्चित सङ्ख्या एवं गणनीय प्रक्रियाको प्रयोग हुन्छ । यसको मतलव शुद्ध गणितका कतिपय धारणा गणितको संसार निर्माण गर्न आवश्यक भए पनि भौतिक मापनका लागि होइन । त्यसैले भौतिक विज्ञानमा सङ्ख्याको प्रयोगले सबै सङ्ख्याको अस्तित्व प्रमाणित गर्दैन । यहाँ विचार गर्नुपर्ने कुरा के छ भने हर्सले भौतिक पदार्थको (भौतिक विज्ञान) को सन्दर्भमा सङ्ख्याको अस्तित्व अस्वीकार गरेका छैनन् । उनले भौतिक विज्ञानका लागि सङ्ख्याको निरन्तरता (Continuity) एवं अनन्तता (Infinity) अनिवार्य छैन भनेका हुन् । कुइनको सङ्ख्याको अस्तित्व भौतिकवादी व्याख्याको सन्दर्भमा नवीन चिन्तनका दार्शनिक टिमोचेको विश्लेषण महत्त्वपूर्ण छ । उनले आफ्नो लेख "...Structurism and Post- Modernism in the Phylosophy of Mathematics" मा कुइनको गणितको वास्तविकता सम्बन्धमा उल्लेख गरेका छन् कि जस्तो भौतिक शास्त्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिण्ड एवं बल (Force) को अस्तित्व छ त्यस्तै गणितमा सङ्ख्या, फलन एवं डेरिभेटिभ (Derivatives) को अस्तित्व छ, उनले भन्दछन् कि कुइनको संरचनावादी चिन्तनले के सङ्ख्या जस्ता गणितीय अवयवको वास्तविक अस्तित्व छ ? भन्ने जस्ता प्रश्नको जवाफ दिन सक्ने देखिन्छ । उनी भन्छन्- कुइनको विश्लेषणले जवाफ त दिएको छ तर यो जवाफ हामीले आशा गरे जस्तो होइन, यो बेग्लै खाले छ । उनका अनुसार कुइनको सङ्ख्याको भौतिक शास्त्रीय व्याख्याले यस्ता गणितीय वस्तुको नयाँ व्याख्या गरेको छ, जसले कोजाइ इम्पिरिसिस्ट (Quasi- empiricist approach) को बाटोतिर इङ्गित गर्दछ । कुइनको सङ्ख्याको अस्तित्वको विवेचनामा धेरै प्रश्न उठ्न सक्छ, किनभने उनलाई प्लेटोवादी चिन्तनका हिमायती मानिन्छ । यस अर्थमा पनि उनको व्याख्या देखेर हर्स लगायतका नवीन चिन्तकहरू सशङ्कित भए जस्तो देखिन्छ तर कुइनको भौतिक शास्त्रीय व्याख्या कुनै न कुनै अर्थमा सङ्ख्या लगायत गणितीय धारणाको आधारभूमि देखिन्छ, जसलाई पूर्ण रूपमा इन्कार गर्न सम्भव देखिँदैन ।

सङ्ख्याको अस्तित्वको सवाल सम्बन्धमा सबभन्दा उग्र नवीन चिन्तनका रूपमा कल्पनावादी (Fictionalists) हरू देखिए । चार्ल्स चिहरा (Charles Chihara), हार्टिफिल्ड (Harty Field) एवं चार्ल्स कास्टनजुय (Charls Castonguay) यस्ता केही मुख्य नामहरू हुन्, जसका आधारमा वास्तविक सङ्ख्या (Real Number) को वास्तविक अस्तित्व छैन र यी निर्मित वस्तु हुन् (Real numbers do not exist and they are fictions) । यस्ता चिन्तनले नित्से (Nietzche) एवं फुको (Foucault) को ज्ञान एवं वास्तविकताको बीच पूर्ण समन्वय छैन (Perfect harmony cannot be established between knowledge and reality that knowledge is about) भन्ने जस्ता चिन्तनभन्दा अझ पर गई सङ्ख्या जस्ता गणितीय ज्ञानलाई बिलकुल सिर्जित धारणाको रूपमा लिए । नित्सेले गणितीय निर्माण हाम्रो वास्तविकताको निर्माणको अंश हो र गणितमा प्रयोग भएका विभिन्न रूपहरू यस्तो वास्तविकता पनि हो (स्कोम्समोस, २०१०) । कल्पनावादी (Fictionalists) का चिन्तनलाई हर्सले पनि मान्दैनन् । यस सन्दर्भमा हर्स भन्दछन् प्लेटोवादी चिन्तनलाई इन्कार गर्ने हदसम्म उनी आफूलाई कल्पनावादी (Fictionalists) भन्छन् तर सङ्ख्या लगायत गणितीय धारणालाई निर्मित धारणा मान्ने चिन्तनलाई हर्स मान्दैनन् । हर्स भन्दछन् कि सङ्ख्या भौतिक वस्तु होइनन्, यद्यपि ती हाम्रो व्यतिगत चेतना भन्दा बाहिर छन् र तिनलाई हामीले बाह्रय सत्यताको रूपमा ग्रहण गर्दछौं । उनी भन्दछन् कि सङ्ख्याहरू विद्यार्थीले प्राप्त गर्ने गृहकार्यको श्रेणी जस्तै सत्य छन्, तिनीहरू सामाजिक सांस्कृतिक निर्माणका रूपमा सत्य छन् ।

सङ्ख्याको अस्तित्वको सम्बन्धमा पाउल अर्नेष्टको Philosophy of Mathematics Education मा प्रकाशित विभिन्न लेख महत्वपूर्ण छन् । त्यस मध्ये २०१४ को Certainty in Mathematics यस सन्दर्भमा महत्त्वपूर्ण देखिन्छ । यसमा उनी भन्दछन् कि गणनाको प्रक्रिया जो हाम्रो लागि अति स्वाभाविक एवं सरल देखिन्छ त्यो स्वाभाविक भन्दा पनि ऐतिहासिक रूपमा विकसित अभ्यास हो । उनले गणितको ऐतिहासिक विकासले कसरी गणितीय तथ्यको वस्तुवादिता एवं निश्चित सत्यताको विकास हुन्छ भनेर विवेचना गरेका छन् । सामाजिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माणवादको गणित दर्शनको प्रस्तावक चिन्तकको रूपमा उनले सङ्ख्याको गणना एवं क्रियाहरूको वस्तुगत सत्यता एवं निश्चितताको विकास सामाजिक उद्देश्यको निश्चितता एवं विश्वासनियता एवं प्रमाणिकताको क्रममा भएको उल्लेख गरेका छन् ।

प्लेटोवादी चिन्तनले सङ्ख्या जस्ता गणितीय वस्तुहरूको अस्तित्वलाई स्वतन्त्र रूपमा विद्यमान वास्तविक तर अभौतिक रूपमा लियो भने सामाजिक निर्माणवादी चिन्तनले सङ्ख्याको अस्तित्वलाई सामाजिक ऐतिहासिक रूपमा विकसित गणितीय सत्यको रूपमा लिएको छ । गणितका सत्यता पनि पूर्ण रूपमा निर्मित हुन् र वास्तविक सङ्ख्याको कुनै वास्तविक अस्तित्व छैन भन्ने कल्पनावादी (Fictionalists) को चिन्तन गणितको दर्शनमा खासै प्रभाव देखिँदैन । अझै पनि सबभन्दा प्रभावशाली दर्शनका रूपमा निरपेक्ष गणित दर्शन भएर होला हर्सले यसलाई दर्शनको मूल प्रवाह भनेका छन्, जब कि उनले यस्तो चिन्तनलाई व्यापक रूपमा प्रतिवाद गरेका छन् ।

निष्कर्ष

यस लेखको परिचयात्मक खण्डमा उल्लेख गरिएको छ कि यसको मुख्य उद्देश्य सङ्ख्याको अस्तित्वको सम्बन्धमा आउने सवालहरू (सङ्ख्या के हो ? सङ्ख्या कहाँ छन् र कहाँबाट आए ?) को विवेचना गर्नु हो । यसरी विवेचना गर्ने क्रममा विभिन्न दार्शनिक चिन्तनको आधारमा सङ्ख्याको अस्तित्व सम्बन्धी मुख्य सवालको चर्चा गर्ने प्रयास गरिएको छ । गणितको पाश्चात्य एवं पूर्वीय ऐतिहासिक विकासमा सङ्ख्याको भूमिका एवं अस्तित्वको ठूलो भूमिका देखिन्छ । गणितका विभिन्न धारणामा सङ्ख्यालाई प्रमुखता दिइएको पाइन्छ । हिन्दू गणितको सन्दर्भमा गणित भन्ने शब्द गणनाको विज्ञानको रूपमा आएबाट गणितमा सङ्ख्याको अहम् महत्त्व स्पष्ट हुन्छ । पाश्चात्य गणितमा पाइथागोरसको सङ्ख्या पूजाले यसको धार्मिक एवं दार्शनिक महत्त्व दर्शाउँछ । दक्षिण एसियाको वैदिक गणितमा आधारित हिन्दू गणितको विकासमा दशमलव सङ्ख्या सङ्केत प्रणालीको विकासले सङ्ख्याहरूको विकास एवं सङ्ख्याका विकासका कारणले गणितको समुच्च विकासमा ठूलो भूमिका देखिन्छ । गणित एवं ज्योतिष वेदको अङ्गको रूपमा विकास हुनाले पनि गणित मूलतः प्रयोगवादी दिशामा गएको देखिन्छ । यस्तो प्रवृत्ति गणितको विकासको एक प्रमुख प्रवृत्ति देखिन्छ । पाश्चात्य गणितको विकासमा निरपेक्ष गणितीय धारणाको विकासका कारणले पनि गणितको सैद्धान्तिक पक्ष एवं दार्शनिक पक्षमा बढी विवेचना हुन गएको देखिन्छ । त्यसैका कारणले सङ्ख्याको अस्तित्वको सवालमा पाश्चात्य गणितमा बढी विवेचना गरिएको देखिन्छ । पाश्चात्य गणितीय चिन्तनमा प्लेटोवादी चिन्तन नै मूल प्रवाहको रूपमा देखिन्छ । गणितको निरपेक्षवादी चिन्तनको मूल कडीका रूपमा रहेको प्लेटोवादी चिन्तनको प्रभावको निन्तरताले लामो ऐतिहासिक काल खण्ड पार गरिसकेको छ । प्लेटोवादी चिन्तनका आधारमा सङ्ख्या जस्ता गणितीय धारणाहरू मानवीय भौतिक अस्तित्व एवं क्रियाकलापबाट स्वतन्त्र छन् । उनका आधारमा यस भौतिक संसारलाई व्यवस्थापन एवं व्याख्या गर्न सङ्ख्याको प्रयोग भए पनि तिनीहरूको अस्तित्व स्वतन्त्र छ । यस्तै चिन्तनलाई पछ्याउँदै अठारौं शताब्दीका महान् दार्शनिक कान्टले सङ्ख्यालाई समयको अन्तरालसँग सम्बन्धित हाम्रो मस्तिष्कको नैसर्गिक उपजका रूपमा लिए । गणित दर्शनका महान् हस्ती फ्रेजले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सङ्ख्यालाई न त भौतिक न त मानसिक तर ती वास्तविक अनि भावात्मक छन् भन्दछन् । यस्तो प्रकारको फ्रेजको चिन्तनलाई प्लेटोको नयाँ संस्करणका रूपमा लिइन्छ । फ्रेजको यस्तो चिन्तनलाई चिनाउने ठूला तर्कवादी दार्शनिक रसेल हुन्, जसका अनुसार 'सङ्ख्या के हो ?' भन्ने प्रश्नको ठिक उत्तर दिने पहिलो दार्शनिक फ्रेज हुन् । सङ्ख्यालाई वर्ग (class) का रूपमा व्यक्त गरेर फ्रेजले सङ्ख्याको नयाँ एवं मौलिक व्याख्या गरे यद्यपि आजको विश्लेषणमा यसमा कमी कमजोरी देखिएका छन् ।

सङ्ख्याको अस्तित्वको सवालमा प्लेटोदेखि रूपान्तरण हुँदै फ्रेजसम्म आइपुग्दा पनि मूलभूत रूपमा प्लेटोको पदचिन्हलाई नै पछ्याएको कुरा हर्स लगायत नवीनतम चिन्तकहरूको दृष्टिकोण हो,- जसले सङ्ख्याको निरपेक्ष सत्य अस्तित्वलाई मान्दैनन् । यिनीहरूले सङ्ख्या लगायतका गणितका धारणालाई सामाजिक ऐतिहासिक निर्माण मान्दछन्, जसमा गणितीय सत्यताको निर्माण एवं वैधता सामाजिक प्रक्रियाबाट कायम गरिन्छ । सङ्ख्याको अस्तित्वको अपरिवर्तनीयताको ऐतिहासिक निरन्तरता माथि टिप्पणी गर्दै अर्नेष्ट लेख्दछन् कि गणनाको पद्धति जुन हामीलाई यति स्वाभाविक लाग्दछ, त्यो स्वाभाविक नभएर सामाजिक ऐतिहासिक रूपमा विकसित अभ्यास हो । यसको मतलब भाषा एवं अन्य चलन जस्तै यो पनि स्वाभाविक नभएर विकसित हो । नवीन चिन्तकहरूमा यस्तो चिन्तनधार पनि छ, जसले सङ्ख्याको वास्तविक अस्तित्व छैन भन्दछन्, जसको बारेमा पहिले नै उल्लेख गरिएको छ । सङ्ख्याको अस्तित्व अस्वीकार गर्दा सङ्ख्या सम्बद्ध परिवेशमा पनि अस्तित्वको सवाल आउने हुनाले यस्ता चिन्तनको विरोध हर्स जस्ता निर्माणवादीहरूले पनि गरेका छन् । गणितीय सत्यतामा सामाजिक-आर्थिक-वैज्ञानिक गतिविधिमा आधारित भएकाले व्यवहारमा कुइनको चिन्तन हाबी भएको देखिन्छ । कुइन भन्दछन्- यदि तिमी सङ्ख्यालाई काल्पनिक भन्दछौ भने तिमी गलत विश्वासका हिमायती हौ ।

"....you are guilty of bad faith if you say the real numbers are fictions"

सङ्ख्याको अस्तित्वको निष्कर्ष अन्तर्गत माथिको अनुच्छेदमा विविध चिन्तनका आधारमा सङ्ख्याको अस्तित्वको समीक्षा गर्न खोजिएको छ । यस सन्दर्भमा विवेचना गर्ने क्रममा आधुनिक गणितज्ञ अल्फ्रेड रेनीद्वारा लिखित सुकरातको वार्ता (A Socratic Diologue in Mathematics) नामक कृतिको विषय अति उपयोगी साबित भएकाले यहाँ यसैलाई आधार बनाइएको छ । त्यस्तो विवेचनाका आधारमा सङ्ख्या जस्तो गणितीय विषय न त कविले रचना गरेको कविता हो, न मानवीय एवं भौतिक गतिविधिबाट स्वतन्त्र वास्तविक सत्य । सङ्ख्याहरूको अस्तित्व फ्रेजले भनेजस्ते मानवीय एवं भौतिक जगत्भन्दा स्वतन्त्र देखिँदैन, किनभने सङ्ख्याको अस्तित्व एवं आवश्यकता मानवीय चेतनाकै विकासको उपज देखिन्छ । ऋणात्मक सङ्ख्याको वैधताको स्वीकारोक्ति पाश्चात्य गणित विकासमा धेरै पछि मात्र भएको मानिन्छ । हिन्दू गणितको विकासमा ठूला सङ्ख्याको विकास धेरै पहिले भयो, तर सङ्ख्या लगायतका गणितीय विषयमा निरपेक्षताको धारणाको विकास भएको देखिँदैन । गणित विकासको इतिहासको अध्ययनका आधारमा गणित सामाजिक, ऐतिहासिक विकासको प्रतिफल मानिन्छ । त्यसैले सङ्ख्याको अस्तित्वको सवाललाई सामाजिक, ऐतिहासिक प्रतिबिम्बका रूपमा हेर्न सकिन्छ । यसरी हेर्दा सङ्ख्याको विकासको सत्यता निर्मित सत्यता हो, जुन वस्तुगत अस्तित्वको प्रतिबिम्ब वा छायाका रूपमा देखिन्छ, जस्तो कि पहाड वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूखको प्रतिबिम्ब तलाउमा देखिन्छ । तलाउ वा ऐनामा देखिने प्रतिबिम्बले वस्तुलाई कति हदसम्म ठिक प्रकारले प्रतिनिधित्व गर्दछ भन्ने कुरा धेरै कुरामा भर पर्दछ । हाम्रो अनुहार ऐनामा लगभग ठिक देखिन्छ तर कहिलेकाहिँ प्रतिबिम्बका आधारमा वस्तु चिन्न गाह्रो पर्न सक्छ । प्रतिबिम्बले मात्र होइन छायाले पनि वस्तुको स्वरूपलाई व्यक्त गर्दछ, जस्तो रूखको छायाले रूखको आकार प्रकारलाई । त्यस्तै प्रकारले सङ्ख्याको अस्तित्वलाई पनि यसका जन्मदाता भौतिक एवं सामाजिक विकासको प्रतिबिम्बका रूपमा लिन सकिन्छ । जर्ज कान्टरको अनन्त ठूलो सङ्ख्याको अस्तित्व एवं क्यालकुलसमा प्रयोग हुने अनन्त सानो अंशको अस्तित्वको व्याख्या भौतिक अवलोकन एवं प्रतिबिम्बबाट भन्दा पनि मानसिक, दार्शनिक चिन्तनका आधारमा स्थापित भएको देखिन्छ । हिन्दू गणितज्ञहरूले युरोपमा अन्धकार युगकै समयमा गरेको सङ्ख्याको उच्च कोटिको विकास एवं प्रयोगको विश्लेषणले सङ्ख्या सम्बन्धी यस्ता चिन्तनका बारेमा बढी प्रकाश पार्न सक्दछ ।

सन्दर्भ सामग्री

दत्त, बिभूति भूषण र सिंह, अवधेश नारायण (सन् १९३५), हिन्दू गणित शास्त्रका इतिहास (द्वितीय संस्क. १९७४) बाराणसीः हिन्दी समिति ।

.... (२०३९), प्राचीन गणित र नवीन गणितको तुलना, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

.... (२०४०), त्रिकोणमिति (ज्योत्पत्ति), काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, मीनबहादुर (२०६७), गणितको ऐतिहासिक र दार्शनिक विवेचना ज्ञानविन्दु (वर्ष ४, पूर्णाङ्क ४), १६-२५ ।

..........(२०६८), गणित दर्शनमा परिवर्तनः एक विवेचना ज्ञानविन्दु (वर्ष ५, पूर्णाङ्क ५), ३७-५९ ।

.... (२०७०), गणित दर्शन, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

Almaida, D.F. and Joseph, G.G. (2009). Kerala Mathematics and its Possible Transmission to Europe. In Ernest, P., Green, B and Sriraman, B. (Eds.), Critical Issues in Mathematics Education (p. 171-188), Information Age Publishing, Inc.

Amma, T.A.S. (1999) Geometry in Ancient and Medieval India, Delhi: Motilal Banarsidass Publishers.

Bell, F. H(1978). Teaching and Learning Mathematics, Wm. C.Brown Company Publishers, USA

Boyer, C. B. (1968). A History of Mathematics, New York: John Wiley & Sons.

Capra, F. (1975). The Tao of Physics. Shambala Publication, Colorado.

Colyvan, M (2011). An Introduction to Philosophy of Mathematics. Sydney: University of Sydney.

Cooke, R. (1997). The History of Mathematics. New York: Oxford University Press.

Data, B.B. and Singh, A.N. (1938). History of Hindu Mathematics. Nagari Publication, Varanasi.

D'ambrosio, U. (2006). Ethnomathematics, Sense Publisher, Rotterdam, Netherlands.

Doll, W. E. (1993). A Post Modern Perspective on Curriculum. Teachers College, Columbia University, New York and London.

Ernest, P. (1991). The philosophy of Mathematics Education. London: The Flamer Press.

Ernest, P. (1994). The Dialogical Nature of Mathematics. In Ernest, P. (Ed.), Mathematics,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Education and Philosophy (pp.33-48), London: The Falmer Press.
Ernest, P. (1998). Social Constructivism as a Philosophy of Mathematics. State University, New York.
Ernest, P. (2006).Nominalism and Conventionalism in Social Constructivism. In Ernest, P. (Ed.), Philosophy of Mathematics Education Journal (online), Number 19, December.
Ernest, P. (2009). The Philosophy of Mathematics, Values and Keralese Mathematics. In Ernest, P., Green, B and Sriraman, B. (Eds.), Critical Issues in Mathematics Education (p. 189-204), Information Age Publishing, Inc.
Ernest, P. (2010). The Scope and Limits of Critical Mathematics Education. In Ernest, P. (Ed.), Philosophy of Mathematics Education Journal (online), Number 25, October.
Ernest, P. (2014). Certainty in Mathematics: Is there a problem. In Ernest, P. (Ed.), Philosophy of Mathematics Education Journal (online), Number 28, October.
Frascolla, P. (1994). Wittgenstein's Philosophy of Mathematics. Rutledge, London.
Heijenoort, J. V. (1967). From Frege to Godel (A source Book in Mathematical Logic, 1879-1931). Harvard University Press, Cambridge Massachusetts.
Hersh, R. (1997). What is Mathematics Really? New York: Oxford University Press.
Joseph, G. G. (1994). Different Ways of Knowing: Contrasting Styles of Argument in India and Greek Mathematical Traditions. In Ernest, P. (Ed.), Mathematics, Education and Philosophy (pp. 194-204), London: The Falmer Press.
Kelly, P. J. and Ladd, N.E. (1986). Fundamental Mathematical Structures, New Delhi: Eurasia Publishing House.
Pearce, I. G. (undated). Indian Mathematics: Redressing the balance, a web material consulted on 18 November

"भूकम्पीय सुरक्षाको बलियो आधार
भूइँचालो थेग्ने घर र भौतिक पूर्वाधार"

"भवन निर्माण आचारसंहिता पूर्ण रूपमा पालना गरौं !
भूकम्प प्रतिरोधि घर र भवन बनाऔं !"

सहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, लमजुङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल–चीन सम्बन्धको ऐतिहासिकता र वर्तमान

डा. सुरेन्द्र के.सी.

विषय प्रवेश

गत फागुन ७–१२ र चैत्र ७–१४, २०७२ सम्म तत्कालीन केपी शर्मा ओलीद्वारा क्रमशः भारत र चीनको भ्रमणपछि पुनः नेपाल-भारत-चीन सम्बन्धको पृष्ठभूमि, परिवेश, समस्या, सम्भावना र चुनौति लगायतका विषयमा पुनरावलोकन र खोजीनीतिले तीव्रता पायो । इतिहासवेत्ता, समीक्षक र विश्लेषकहरूले विभिन्न जोडकोणबाट यस प्रश्नको उठान र समीक्षा आदि थाले । दुर्भाग्य ! नेपाल र नेपालीको यो चाहना र आकाङ्क्षा छिमेकी भारतलाई मान्य नहुँदा अन्ततः देशका प्रधानमन्त्रीले नै सत्ताबाट बाहिरिनु पऱ्यो । प्रस्तुत आलेख उक्त परिवेश र पृष्ठभूमिमा नेपाल-चीन सम्बन्धको सङ्क्षिप्त विवेचना प्रस्तुत गर्नु रहेको छ । जो शीर्षकअनुसार नै हाम्रा दुई देश बीचको विगत, वर्तमान र पछिल्लो स्थिति मै केन्द्रित रहने छ ।

विषय विस्तार

नेपाल आफ्नो जन्मकालदेखि नै भारत र चीनको बीचमा रहिआएको स्वतः सिद्ध नै छ । यो नै यसको भौगोलिक अवस्थिति पनि हो । साथै, आफ्नो यस भूराजनीतिक स्थितिको सामरिकतालाई कसरी आफू अनुकूल पारी देशको भूअखण्डता एवं सार्वभौमसत्तालाई चिरस्थायी पार्ने ? यो नै हाम्रो देशको विदेशनीति तथा कुटनीतिको चुनौति पनि हो । विगतकालमा यि दुई विषयलाई साकार पार्ने क्रममा नै हाम्रो देशले दुबै छिमेकीहरूसँग वार्ता, मनोमालिन्य, विवाद, तनाव, मित्रता, कटुतता र युद्ध जस्ता सम्पूर्ण चरणसँगै गुज्रनु परेको इतिहास पनि हामीसँगै छ । जहाँ एकातिर हामीले कपिलवस्तु, विदेह कोलीय र सिम्रौनगढ जस्ता प्राचीनतम राज्यहरूको अस्तित्व गुमायौं त्यहीं उक्त राज्यहरूकै गर्भबाट वर्तमान नेपाल राज्यको जगपनि बस्न सक्यो । अर्कोतर्फ, यिनै पृष्ठभूमिमा देशले ब्रिटिश-भारतसँग मात्र होइन तिब्बत-चीनसँग पनि डरलाग्दा युद्धहरू व्यहोर्नु पऱ्यो । खाशा सन्धि, वेत्रावती सन्धि र थापाथली सन्धि तीनै युद्धप्रति हस्ताक्षरित लिखतहरू थिए । त्यसैगरी सुगौली सन्धिदेखि नेपाल-ब्रिटेन मैत्री सन्धि (ई.१९२३) र नेपाल-भारत मैत्री सन्धि (ई.१९५०) लगायतका सन्धिहरू पनि यही क्रममा सम्पन्न भए । यि सन्धिहरू अपमान र असमानपूर्ण रहे-भए तापनि यि सन्धिहरू नै यस्ता हुन् जसले हाम्रो देशको पहिचान, सार्वभौमसत्ता र अस्तित्वलाई यहाँसम्म ल्याईपुऱ्याएका छन् । अब हाम्रो काँधमा यस अस्तित्वलाई कसरी अफ सुदृढ र सुनिश्चित पार्दै भोलीको पिंढिमा हस्तान्तरण गर्ने ? जिम्मेवारी विद्यमान छ । प्रस्तुत लेखपनि सोही जिम्मेवारीको एकांश समेत हो ।

प्राध्यापक त्रि.वि., इतिहासविद् एवं दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार २०६९ द्वारा सम्मानित प्रतिभा । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्षकअनुसार नै लेखका ३ पाटाहरू छन्- (१) नेपाल-चीन सम्बन्धको विगत (२) नेपाल-चीन सम्बन्धको वर्तमान (३) नेपाल-चीन सम्बन्धमा आएको तरङ्ग ।

(१) नेपाल-चीन सम्बन्धको विगत

विगत हेर्दा नेपाल-चीन सम्बन्ध अति प्राचीन मात्र होइन यस देशको सभ्यताको जगनै चीनसँग जोडेर हेर्ने नेपाली इतिहास लेखनको प्रवृति छ । जसअनुसार तिनीहरू भन्छन्- "चीनबाट आएका मन्जुश्रीले आदिकालमा काठमाडौं उपत्यकाको वस्ती बसालिदिएपछि नै नेपाली सभ्यताको प्रादुर्भाव भएको हो ।" निश्चयनै यो भनाई सत्य छैन किनभने कुनै अर्को देशबाट आएको कुनै महान् व्यक्तिले दोस्रो देशको वस्ती वा सभ्यता बसाई दिन किमार्थ सम्भव छैन तापनि यसलाई प्रतिकात्मक रूपमा कसरी बुझ्नुपर्छ भने हाम्रो देशमा प्राचीनकालदेखि नै छिमेकीहरूको आवागमन थियो । त्यस्तो आवागमन उत्तरतर्फबाट मात्र होइन दक्षिणतर्फबाट पनि त्यतिकै हुनेगर्दथ्यो । किनभने जुन किम्बदन्ति मन्जुश्रीका सम्बन्धमा छ त्यस्तै किम्बदन्ति भारततर्फ पनि छ । जसअनुसार के भनिन्छ भने- "महाभारतकालमा भारतबाट आएका श्रीकृष्णको खड्ग प्रहारले चोभारको डाँडो काटी उपत्यकाको जलनिकास गरेपछि काठमाडौं उपत्यका बस्ती योग्य भएको हो ।" अघिल्लो जतिकै यो भनाइपनि भ्रमपूर्ण र त्रुटियुक्त छ । तथापि यिनले के चाहिँ अवश्यपनि सङ्केत गर्छन् भने हाम्रो देशमा प्राचीन समयदेखिनै उत्तर तथा दक्षिण दुबै तर्फका मानिसहरूको त्यत्तिकै आवतजावत हुन्थ्यो र हाम्रो देशमा बहुजातीय, बहुभाषिक र बहुसंस्कृति निर्माण हुनुको पछाडिपनि यही तत्त्व कारणका रूपमा विद्यमान रह्यो ।

उक्त प्रकार पौराणिक युगमा चीनबाट नेपाल उपत्यका आएका महामन्जुश्रीले चोभारबाट पानीको निकास खोली उपत्यकालाई बस्ती योग्य बनाएको पौराणिक व्याख्यालाई छोड्दा पनि नेपाल-चीनको सुसम्बन्धको कडी जोड्नेहरूमा धार्मिक प्रवृत्तिकै व्यक्तिहरू देखा पर्दछन् । जसअनुसार चौथो शताब्दिताका चीन पुगी बुद्धधर्म प्रचार गर्ने नेपाली सन्त बुद्धभद्र र सातौं शताब्दिमा चीनबाट भारतको बाटो नेपालको कपिलवस्तुसम्म आइपुगेका फाहियान र हुयनसाङ जस्ता प्राचीनतम व्यक्तित्वहरूले हाम्रो त्रिदेशबीचका पुराना आवागमनहरूलाई यथेष्ट मात्रामा पुष्टि गर्दछन् । धार्मिक-सांस्कृतिक पछि हाम्रो तीन देशबीच सु-सम्बन्धको अर्को माध्यम चाहिँ व्यापार देखिन्छ किनभने धर्म र सभ्यता पछि व्यापार पनि मानव जाति बीच सम्बन्ध सेतुको कायम गर्ने एक महत्वपूर्ण माध्यमका रूपमा रहने गरेको जीवन्ततथ्य हाम्राबीच विद्यमान नै छ । जसअनुसार नेपाल जुन भौगोलिक अवस्थितिमा रह्यो त्यसले गर्दा हाम्रो देश भारत र तिब्बतबीचको व्यापारिक बिन्दुका रूपमा हुर्किँदै गयो । क्रमशः शासकहरूले यसमा साँस्कृतिक, वैवाहिक तथा राजनीतिक रूप पनि थप्दै गए । प्रामाणिक रूपमा चाहिँ लिच्छवि राजा अंशुवर्मा (ई.६०५-६२१) का पालादेखि मात्र नेपाल-चीन सम्बन्धबारे ठोस उल्लेख फेला पर्छ । यिनैका पालामा पहिलो पटक नेपाल र तिब्बतबीच दौत्यसम्बन्ध कायम भएको देखा पर्छ । यस लगत्तै तिब्बतका अमात्य थोन मि नेतृत्वको १६ सदस्यीय शैक्षिक टोली नेपालको बाटो भारत पुगी यही बाटो स्वदेश फर्किएसँगै औपचारिक रूपमा नेपाल-तिब्बतको बाटो सुरू भएको मानिन्छ । अन्यथा चीन-भारत आवागमन हिन्दकुशको बाटो अफगानिस्तानतर्फबाट हुने र पाँचौ शताब्दिमा लुम्बिनीसम्म आउने चिनीयाँ यात्रीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही बाटो भारत आएको देखा पर्दछ । अंशुवर्माका पालामा तिब्बती राजा स्रङ्चङ्गम्पो निकै नै शक्तिशाली पनि देखिन्छन् । सायद यसै शक्तिको प्रतापले होला यीनकी पुत्री भृकुटीको विवाह पनि उक्त राजासँग सम्पन्न हुन पुग्यो । शक्तिको प्रतापले होस् वा भृकुटिको वास्तविकता मै रहेको विवादले रहोस्, एउटा कुरा के चाहिँ स्थापित छ भने यिनैका पालाबाट नेपाल-तिब्बत र भारतबीच अनेक प्रकारको आवागमन सघन बन्दै गयो र त्यसले हाम्रा तीनै देशबीच विविध लेनदेनहरू बढेर गए ।

१ (क) नेपाल-चीन औपचारिक सम्बन्ध र सौगात परम्पराको थालनी

अंशुवर्मा पछिका राजा उदयदेव (ई.६२१-६२३) २ वर्षपछि नै गद्दीच्यूत भई राजनीतिक शरणार्थीका रूपमा तिब्बत पुग्नु अनि तिब्बतकै सहयोगमा त्यसको झण्डै २० वर्षपछि निजका छोरा नरेन्द्रदेव ई. ६४० तिर आफ्ना पिताको गुमेको सम्पूर्ण शक्ति प्राप्त गर्न सक्षम हुनु लगायतका घटनाले त्यसबेला नेपाल-तिब्बत सम्बन्ध र दुबै देशबीचको उठबस एवं आदान प्रदान झल्काउने थप प्रमाणका रूपमा देखाउन सकिन्छ किनभने यसै बिन्दुबाट नेपाल-चीन सम्बन्धको पनि ढोका खुलेको देखा पर्दछ र उक्त ढोका खोल्ने प्रसङ्ग थियो-तिब्बत, नेपाल र चीनको संयुक्त फौजले ई. ६४८/४९ तिर कन्नौजका मन्त्री अरूणाश्व विरूद्ध गरेको सैनिक कार्वाही । जो त्यहाँका राजा हर्षवर्द्धनप्रति सम्मान व्यक्त गर्न जाने क्रममा राजाको निधनबाट फाइदा लिई बौद्धधर्मप्रति वैरभाव राख्ने निजका मन्त्रीका रूपमा रहेका अरूणाश्वले दुर्व्यवहार गरेको विरूद्ध चिनीयाँ कार्यवाहीका रूपमा प्रकट भएको थियो । यताबाट तिनताका नेपाल र तिब्बतबीचको आवागमन सहज रहेको मात्र पुष्टि हुँदैन, बरू सँग सँगै हाम्रा तीन देशबीचको निकटता र सैनिकस्तरको गठबन्धनलाई पनि पुष्टि गर्दछ । इतिहासवेत्ताहरू के मान्दछन् भने- नेपालको चीनसँग मैत्री सम्बन्ध जोड्ने पहिलो राजा पनि यिनै नरेन्द्रदेव थिए । यिनैले सर्वप्रथम ई.६४७ तिर पहिलो पटक एउटा सौगात-प्रमण्डल चिनीयाँ सम्राटको दरबार पठाए । यो नै नेपाल-चीनबीच राजकीय सम्बन्धको सूत्रपात गर्ने पहिलो घटना पनि थियो । तर तिब्बतको बाटो भएर नेपाल आउने प्रथम चिनीयाँ दूतमण्डल चाहिँ लि पियाओको नेतृत्वमा भारत हिँडेको प्रमण्डल नै थियो जो ई.६२७ तिर तिब्बतको केरूङ घाटी पार गरी काठमाडौंको बाटो भारत पुगेको थियो । अन्यथा चिनीयाँहरू अफगानिस्तानको बाटो भारत आउँथे र यही बाटो आएका हुयनसाङ कपिलवस्तु राज्यको लुम्बिनीसम्म आइपुगेको सम्बन्धमा माथि नै उल्लेख पनि गरियो । साथै, यो पनि उल्लेख गरियो तिनताका तिब्बत पनि एक शक्ति राष्ट्रकै रूपमा थियो र चिनियाँ दरबारसम्म आफ्नो हैशियत प्रदर्शन गर्ने गर्थ्यो ।

उक्त पृष्ठभूमिमा ई.६४७ मा नेपालबाट चीन पठाएको पहिलो सौगात प्रमण्डलले चार वर्षपछि राजा नरेन्द्रदेवले अर्को सौगात मिशन पठाएको प्रति तिब्बतको असन्तुष्टि देखिएकोले त्यसपछिका ७०० वर्षसम्म नेपालको चीनसँग कुनै प्रत्यक्ष सम्पर्क रहेन । कुनै प्रकारका कुटनीतिक तथा अन्य आदान-प्रदानहरू पनि रहेनन् । पछि चीनमा युआन वंशको उदय (ई.१२७१-१३६८) ताका, जुनबेला तिब्बतमा चीनको प्रभूत्व निकै बढेको थियो, पनि हाम्रो चीनसँग कुनै सोझो सम्पर्क-सम्बन्ध रहन सकेन । बरू मिङ काल (१३६८-१६४४ ई.) मा अल्पसमय बनेपालाई स्वतन्त्र देशको रूपमा शासन गर्ने नेपालको मल्लकालमा त्यहाँको 'राम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बनेपा राज्यबीच सोझो सम्पर्क
वंश' भनिने शक्तिसिंह राम राजाको पालामा बरू चीन र उक्त बनेपा राज्यबीच सोझो सम्पर्क कायम भई ५-७ पटकसम्म सौगात मिशनहरूको आदान-प्रदान भएको देखा पर्दछ । जो दुबै देशबीचका आत्मीय सम्बन्धका प्रतीकका रूपमा आदान-प्रदान हुने गर्दथ्यो । चाखलाग्दो पक्ष के छ भने नेपाल र तिब्बतबीचको राजनीतिक सम्बन्धमा गतिरोध आएकै अवस्थामा पनि दुबै देशबीच धार्मिक, सांस्कृतिक र व्यापारिक सम्बन्धहरू भने कमोवेश जारी नै रहे। तथापि आठौं शताब्दीपछिका एक हज्जार वर्ष हाम्रा तीनै देश बीचका सुसम्बन्धहरू के कसरी गुज्रिए भन्ने प्रसङ्गहरू प्रशस्त सामग्रीको अभावमा अनुत्तरित प्रायः रहेको इतिहासवेत्ताहरूको निष्कर्ष रहने गरेको पाइन्छ । यहाँसम्म आइरहँदा १२६० मा ल्हासा पुगी आफ्नो कलाकारिता स्थापित गराउन सक्षम अरनिको त्यसको २ वर्षपछि चीनसम्म पुगेको घटना पनि ज्ञातव्य नै छ ।

१. (ख) तिब्बतमाथि नेपालको बढ्दो प्रभुत्व

उता जब नेपाल-तिब्बत सम्बन्धमाथि प्रकाश पार्ने सामग्रीहरू उपलब्ध हुन थाल्छन् त्यसपछि भने हाम्रा दुई देशबीचका सम्बन्धहरूमा पुनः उतार चढावहरू फेला पर्न थाल्छन् । खाशगरी ई.१६०० तिर जब तिब्बत र बौद्ध धर्मका २ सम्प्रदायबीच सङ्घर्ष सुरू भयो त्यसपछि भने तिब्बतको आन्तरिक मामिलामा पनि नेपाल हावी हुँदै गयो । गोर्खाका राजा रामशाहले पनि आफ्नो शासनको उत्तरार्द्ध (ई.१६२५-१६३०) तिर तिब्बतमाथि आक्रमण नै गरिदिए । यही कुरा कान्तिपुरका राजा प्रताप मल्लद्वारा पनि गरियो । तिनको निर्देशकत्वमा त्यहाँका काजी भीममल्ल (ई.१६४५-१६५०) ले पनि तिब्बत माथि ठूलो विजय हासिल गरी एक ८ सूत्रीय व्यापारिक सन्धिमा पनि हस्ताक्षर गराए । महत्वपूर्ण पक्ष यी नेपाली राज्यहरूले नै तिब्बतका लागि मुद्रा छाप्ने अधिकार पाएबाट नेपाललाई तिब्बतबाट व्यापारको अतिरिक्त पनि ठूलो आर्थिकलाभ हुन थाल्यो । सँगसँगै मुद्रा छपाईका प्रसङ्गहरू दुबै देशको सुसम्बन्धमा व्यवधान बन्न पुगेका घटनाहरू पनि दुई देशको इतिहासमा बारम्बार प्रकट हुने गर्दछन् । तथापि गोर्खाका राजा पृथ्वीनारायण शाहले ई.१७६८/६९ मा काठमाडौं उपत्यकाका तिनै मल्ल राज्यहरूमाथि विजय प्राप्तिको लगत्तै तिब्बतसँगको मुद्रा सम्बन्धी कचिंगल सल्ट्याउने प्रयाश थालेबाट उनी आरम्भबाट नै यस प्रश्नमा सचेत रहेको पनि देखिन्छ तर ई.१७७५ जनवरी ११ मा उनको असामयिक निधन भएबाट उनैको जीवनकालमा यस सदाशयताले व्यवहारिक रूप लिन नपाए तापनि उनका उत्तराधिकारी प्रतापसिंह शाहले आफू गद्दसिन हुनासाथ रूपनारायण कार्कीको नेतृत्वमा एक प्रमण्डल ल्हासा पठाई ई.१७७६ सेप्टेम्बरमा एक ६ सूत्रीय खाशा सन्धि गरी दुबै देशबीचको मुद्रा र व्यापारसम्बन्धी विषयवस्तु सल्ट्याउनेतर्फ सामान्य सफलता पाएको देखापर्दछ । दुबै देशबीचको मुद्रा समस्या निकैनै कचल्टिइसकेको हुँदा अन्ततः ई.१७८९ मा दुई देशबीच युद्धकै स्थिति आयो, जसको परिणाम थियो-१७८९, २ जुनको केरूङ सन्धि ।

१. (ग) तिब्बतमाथि चीनको बढ्दो प्रभुत्व

नेपाल र तिब्बत बीच केरूङ सन्धि भई उत्पन्न समस्यामा थोरै मल्हम लाउने काम भए तापनि त्यसले दुबै देशबीचको शान्तिलाई ३ वर्ष पनि थाम्न सकेन, ई.१७९१ मै पुनः दुबै देश अर्को नेपाल-तिब्बत युद्धको मैदानमा खडा भए । यस युद्धको महत्वपूर्ण विशेषता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के रह्यो भने यसमा चीन प्रत्यक्षतः तिब्बतको पक्षमा युद्ध मैदानमा उत्रिंदा शक्ति सन्तुलन नेपालको बिरूध्दमा हुन गई युद्धमा नेपालले ठूलो पराजय व्यहोरी असमान वेत्रावति-सन्धिमा हस्ताक्षर गर्नु पऱ्यो । यस सन्धिको मूलभूत विशेषता भन्नु नै उप्रान्त नेपाल तिब्बतको प्रश्नमा चिनीयाँ मध्यस्थतालाई दुबै देशले मान्नु र नेपालले चीनप्रति सम्मान जनाउन प्रत्येक ५ वर्षमा शिष्टमण्डल बेइजिङ्ग पठाउनु हुन पुगे । आखिर यही शिष्टमण्डलको बीउबाट तेस्रो नेपाल-तिब्बत युद्ध उत्पन्न हुन गई जङ्गबहादुर राणाका पालामा ई.१८५५-५६ मा दुबै देशबीच तेस्रो तेपाल-तिब्बत युद्ध हुन पुग्यो यसबेलासम्म नेपालको आन्तरिक राजनीति निकै व्यवस्थित अनि चीनको आन्तरिक राजनीति निकैनै अस्तव्यस्त बनिसकेको पृष्ठभूमिमा उक्त युद्ध सल्ट्याउन मार्च २४, १८५६ मा हस्ताक्षरित १० सूत्रिय थापाथली सन्धि' ले अधिल्ला २ सन्धिहरूको तुलनामा नेपाललाई तुलनात्मक रूपमा बढी लाभ दिएको समेत देखापर्छ । ई.१९४९-१९५१ ताका चीन र नेपालमा देखा परेका राजनीतिक परिवर्तन अधिसम्म हाम्रा तिनै देशबीच यही थापाथलीको सन्धिले उत्तरतर्फको दुईपक्षीय सम्बन्धलाई दिग्दर्शन गरेको देखापर्दछ । यो नै हाम्रा तिनै देशबीचको सम्बन्धको विगत देखिन्छ जो उतारचढाव र गतिरोध पूर्ण देखिए तापनि अन्ततः यसको अवतरण सुःखद र अनुकरणीयनै रहेको देखा पर्दछ । जहाँ एउटा लामो अन्तरालमा नेपालले तिब्बतलाई चीनको अभिन्न अङ्ग स्वीकार गर्न तत्पर देखिन्छ भने चीन पनि नेपालको सार्वभौमसत्तासहितको स्वतन्त्र राष्ट्रको दृढ समर्थक हुन आइपुगेको देखिन्छ ।

२. नेपाल-चीनसम्बन्धको गतिशिलता

नेपाल-चीनसम्बन्धको वर्तमान कडी २०१२ साल साउन १७ गते तदानुसार ई.१९५५ अगष्ट १ का दिन दुबै देशबीच कायम दौत्यसम्बन्धको पुनः स्थापनासँगै सूत्रपात भएको देखापर्दछ । यस क्रममा २०१२ वैशाख ५ गते दुबै देशका प्रतिनिधिहरू बीच इन्डोनेशियाको वाङ्डुङ्मा भएको अफ्रो-एशियाली राष्ट्रहरूको सम्मेलनमा सहभागी हुन भेला भएको मन्चमा नै भएको र अन्ततः त्यो साउन १७ को दौत्यसम्बन्धमा रूपान्तरित भएको देखापर्दछ । सम्झौताअनुसार भारतका लागि चीन र नेपालका राजदूतहरूले नै एक अर्को देशको राजदुतका रूपमा कार्य गर्ने पनि सहमति भयो । त्यस यता ६० वर्ष वितिसकेका छन् र हाम्रा २ देशबीच सम्बन्ध पुनः स्थापित भएको यस वर्ष ६१ औं वार्षिककोत्सव पनि परेको छ । यि ६ दशकले दुई विपरित विचारधारामा आबद्ध मुलुकहरूबीच पनि पवित्र शदाशयता राखेको खण्डमा तिनले अवलम्बन गर्ने विदेशनीति र दुई देशबीचको सम्बन्ध कति दिगो अनि पवित्र हुन सक्दछ भन्ने दृष्टान्तनै बन्न पुगेको छ भन्दा कुनैपनि नेपालीको छाति निश्चयनै गर्वले फुल्ने छ । किनभने २ भीमकाय शक्ति राष्ट्रबीच चेपिएर रहेको हाम्रो देश सदाकाल छिमेकीहरूको थिचोमिचो खप्दै यहाँसम्म आउँदा दक्षिणको तुलनामा उत्तरी छिमेकीको यस राष्ट्रले सदैव भरपर्दो स्नेह र सरसहयोग मात्रै पाएको छैन उसको बलियो ढाडस कै कारण हाम्रो देशको भूअखण्डता र सार्वभौमसत्तापनि सुनिश्चित रहँदै आएको छ । वस्तुतः उसको बाह्यसमर्थन र हाम्रो भौगोलिक अवस्थिति पनि हाम्रो देशको स्थायित्व र सुनिश्चिताको महत्वपूर्ण बाह्य कारण रहँदै आएको छ । अतः हेरौं हाम्रा दुई देशबीच जारी यस्तो पवित्र सम्बन्धका कारकतत्वहरू के हुन् ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. नेपाल-चीन सम्बन्धको वर्तमान

नेपाल-चीन वर्तमान सम्बन्धको पूर्व सीमा २०१२ सालको दौत्यसम्बन्ध सूत्रपात भएको घटना हो भने उत्तर सीमागत चैत्र ७ देखि १४ सम्म निवर्तमान प्रधानमन्त्री केपी ओलिको सप्ताहाव्यापी चीन भ्रमणले उत्पन्न गरेको तरङ्ग हो । जसलाई नेपाली सञ्चार र बौद्धिकदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय जगतले उल्लेख्य महत्वमात्र दिएनन् सँगसँगै यसलाई 'युगान्तकारी' नयाँ आयामका साथै देशको आर्थिक भुगोल नै परिवर्तन गरेको र हाम्रो आत्मविश्वासको तह पनि बढाएको आदि रूपमा पनि चित्रित गर्ने काम भयो । निश्चयनै यसले भोलीको नेपाल-चीनसम्बन्धतर्फको सम्भावनातर्फ पनि सङ्केत गर्दछ किनभने ओलीको उक्त भ्रमणले त्यसतर्फको सम्भावनाको ढोकालाई खोलिमात्र दिए पनि त्यस भित्रका अनेक सम्भावनातर्फपनि त्यतिकै चर्चा भए । ती चर्चा यति व्यापक बने कि सबैले सर्वत्र चीनमात्र देखे, चीनमय पाए । जसलाई दक्षिणी छिमेकीले यति अस्वाभाविक रूपमा लियो कि अब उ ओली सरकार ढाल्नै पर्ने निष्कर्षमा पुग्यो पृष्ठभूमि हेर्दा पनि नेपालको चीनसँगको निकटता बाँकी विश्वका लागि कहिले पनि सुःखद रहेन । खाशगरी युरो-अमेरिकन र भारतले यसलाई त्यस रूपमा लियो । त्यसैको पराष्ठाका रूपमा वि.सं. २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको सपरिवार हत्या भएको हो भन्ने एउटा बलियो अभिमत पनि रहेको पाइयो । हुनपनि वीरेन्द्र नै हुनन् जसले ११ पटकसम्म चीनको राजकीय भ्रमण गरेबाट दुई देशको सम्बन्ध उच्च तहमै उक्लिन पुग्यो ।

फलतः नेपाल-चीन सुसम्बन्धको डोरो कहिलेपनि धुमिल बनेन । २०५९ आश्विन १८ र २०६१ माघ १९ गते देशको यो शासनभार आफ्नो हातमा लिने तत्कालीन राजा ज्ञानेन्द्रदेखि भारतवेष्ठित भई 'सशस्त्र युद्ध' र दोस्रो जनआन्दोलन गर्ने राजनीतिक दलहरूसम्म पनि कहिँ न कहिँ चीनलाई सम्झँदै रहे । उता नेपालका सम्पूर्ण राजनीतिक शक्तिहरू अविश्वसनीय एवं अवसरवादी हुन् भन्ने जान्दा जान्दै पनि चीनले यिनको अर्थ र महत्वलाई कहिले अवमूल्यन गरेन, औपचारिकता निर्वाह गर्दै रह्यो । आफ्नो राष्ट्रिय सुरक्षामा नेपालको सामरिक महत्त्व नै उसले यस्तो नीति अवलम्बन गर्नुको वास्तविक कारण थियो । यो अर्कै पक्ष भयो । अन्यथा गत आश्विन सातदेखि माघ २२ सम्म दक्षिणी छिमेकी भारतले वैशाख १२ (२०७२) को विनाशकारी भूकम्पले थिल्थिलो भएको नेपाल र नेपाली विरूद्ध आर्थिक नाकावन्दी जस्तो क्रुर अस्त्र प्रयोग गर्दा चीन जसरी अन्तरहृदयबाट नेपाल र नेपालीको पक्षमा उभियो त्यसलाई हामीले कसरी विर्सन सक्छौं र ?

यस वास्तविकतालाई फागुन ७-१४ सम्मको भारत भ्रमण ताका तत्कालीन प्रधानमन्त्री केपी ओलीप्रति भारतीय संस्थापनले गरेको ज्यादै रूखो र कुटिल व्यवहारले पनि नराम्रोसँग पुनपुष्टि गऱ्यो । जसले भ्रमणको अन्त्यमा संयुक्त विज्ञप्ति जारी गर्ने परम्परा मात्र उपेक्षा गरेन सँगसँगै नाकाबन्दीको धङ्धडी पनि यथावत् राख्यो भन्ने तथ्यलाई उसका पछिल्ला व्यवहारहरूले घातक ढङ्गबाट नङ्ग्याउदै पनि ल्याए । तद्नुरूप यही मंसिरमा हुने भनिएको चिनीयाँ राष्ट्रपति सी.जिङपिङलाई कुनै पनि हालतमा रोक्ने र यसका लागि जस्तोसुकै हस्तक्षेप पनि गर्ने निष्कर्षमा भारत पुगीसक्दा पनि तत्कालीन प्रधानमन्त्री अविचलित र टसकोमस नभएकै परिप्रेक्षमा हाम्रा दुई देशबीच एक युगान्तकारी अध्यायको प्रारम्भ भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ । खाशगरी भारतले जसरी नेपालसँगको सम्बन्ध 'विशेष' र अनुपम रहेको बहानामा नेपालमाथि आर्थिक, राजनीतिक, सांस्कृतिक र व्यापारिक एकाधिकारको मानसिकता लादी आएको पृष्ठभूमि थियो । ओलीले हिम्मतका साथ चीनसँग व्यापार मात्र होइन यातायात र पारवहन खोल्ने गरी जुन हिम्मतिलो निर्णयका साथ चीनसँग १० बुँदे सम्झौता र १५ बुँदे संयुक्त विज्ञप्ति जारी गरे त्यसलाई भारत वेष्ठित नेपाललाई साँचो अर्थमा भूपरिवेष्ठित हैसियतमा पुऱ्याएको र ओलीले त्यस्तो भूपरिवेष्ठित राष्ट्रको अधिकार प्रयोग गर्दै चीनलाई पनि वैकल्पिक पारवहन मार्ग दिन सहमत गराएबाट दुबै देशलाई दीर्घकालमा ठूलो प्रतिफल दिने द्वार खोलेको रूपमा कुटनीतिक वृत्तमा विश्वास गरियो । त्यतिमात्र होइन रेल्वे र सडक सञ्जाल र विस्तारीकरणले स्वयम् भारतलाई पनि त्यतिकै व्यापारिक प्रतिफल दिने हुँदा ओलीको कसैले पनि खुलेर विरोध गर्न नसकेको उल्टै यसलाई 'ओली सिद्धान्त' का रूपमा चित्रण गर्दै क्षेत्रको 'आर्थिक भूगोल' मा अन्तर आएको रूपमा व्याख्या गरियो ।

४. नेपाल–चीनसम्बन्धमा तगारो

विगत हेर्दा नेपालले फरक देशसँग फरक सन्धि सम्झौता र सहमति गर्ने अनि त्यसलाई व्यवहारमा ल्याउन उदासिनता देखाउने अनेकौं दृष्टान्तहरू छन् चाहे त्यो महाकाली-अरूण-३ सन्धिहरू होउन् वा भारतसँग भएका विभिन्न सम्झौताहरू नै किन नहोउन् । तिनीहरू या त व्यवहारमा आएनन् होइन भने चरम राजनीतिक अस्थिरताले गर्दा सरकारहरू त्यसमा प्रतिवद्ध रहन नसक्दा तिनको अविच्छिन्नता कायम रहन सकेन । अन्यथा ओलीले जुन हिम्मतका साथ चीनसँग संयुक्त विज्ञप्तिमार्फत् १५ बुँदे संयुक्त विज्ञप्ति र १० वटा सन्धिहरूमा हस्ताक्षर गरे तिनलाई किमार्थ सामान्य उपलब्धि मानिने छैन । जहाँ प्रायः सिङ्गो देशको बौद्धिक जमात र नेतृत्ववर्ग पनि प्रायः एकमत देखियो, जो नेपालको बौद्धिक इतिहासमै यस खालको पहिलो घटना थियो । जे होस्, ओलीले एउटा ऐतिहासिक हिम्मत गरेकै हुन् जहाँ सम्पन्न १५ बुँदे संयुक्त विज्ञप्ति र १० वटा सम्झौताहरूमा पर्न सकेका यि बुँदाहरू निश्चयनै चानचुने थिएनन् जसले नेपाल र नेपालीलाई ठूलो ढाडस पनि दिए- १. यातायात तथा पारवहन २. पोखरा विमानस्थल निर्माण ३. इन्धन सम्झौता ४. अरूण- जलविद्युत् परियोजना ५. अन्तरदेशीय विद्युत् प्रसारण लाइन ६. चीन-नेपाल रेल्वे ७. चिनीयाँ बैंकको स्थापना ८. सुविधायुक्त ऋण ९. हुम्ला-हिल्सा पूल निर्माण तथा मर्मत सम्भार सम्झौता १०. बौद्धिक सम्पत्ति संरक्षण सवलीकरण ।

नेपालका लागि उक्त विषयवस्तु जीवनदायिनी त छँदै थिए, खाशगरी चीनले नेपालका लागि पेट्रोलियम पदार्थ अन्वेषण, रेल्वे संजाल, इन्धन भण्डारण र सबैभन्दा महत्त्वपूर्ण वैकल्पिक पारवाहन स्वीकृति दिनु भनेको निश्चयनै 'युगान्तकारी' थियो किनभने अर्को छिमेकीले 'विशेष सम्बन्ध' को नाममा महाकाली सन्धि वा माथिल्लो कर्णाली जसरी ओगटि मात्र राख्ने अर्को पक्षलाई आउन नदिने गरेर जो नेपाल र नेपालीको भाग्य र भविष्यमाथि विर्को लाउने घात गरी आएको छ त्यस परिप्रेक्षमा चीनले पारवहनको वैकल्पिक ढोका खोलिदिने र चीनतर्फका १६ नाका खोल्ने र रेल्वे संजाल विस्तार गर्ने लगायतका प्राप्तिहरू निश्चयनै युगान्तकारी थिए । अन्यथा भारतले नेपालमा चार लेनभन्दा माथिका सडक संजाल बन्न नदिने, पेट्रोलियम र खानी अन्वेषण हुन नदिने अनि उसलाई चित्त नबुझ्नासाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नाकावन्दीको चावुकमार्ने जस्तो जुन अन्तर्राष्ट्रिय कानुन विपरित र एउटा असल छिमेकीका लागि अशोभनीय व्यवहार गर्नाको परिणाम मुलुक लामो समयदेखि व्यहोरदैं आइरहेछ। त्यसको विकल्पमा यस देशले ढिलो चाँडो जानैपर्थ्यो तर विरालोको घाँटीमा कसले घण्टी झुण्ड्याउने ? अहम् प्रश्न यस देशको नेतृत्वलाई खतराको घण्टीका रूपमा विद्यमान थियो किनभने त्यो गर्नासाथ उसले आफ्नो सत्ता गुमाउन विवश हुनु पर्थ्यो। पञ्चायत त्यस्तैमा ढल्यो, प्रचण्ड र झलनाथहरूका सरकार यस्तैमा ढले। अब पालो ओलीको थियो। उनीपनि यसरी नै ढले किनभने भारत उनीद्वारा सम्पन्न युगान्तकारी सन्धिलाई कुनै मूल्यमा पनि नरोकि सक्दैनथ्यो। अन्ततः गरियो यही। जसअनुसार ओली सरकार प्रतिस्थापन गर्न नौमहिनापछिनै २०७३ साउन १९ गते प्रचण्डलाई प्रधानमन्त्री बनाइयो, भारत भ्रमण गराइयो र २५ बुँदे संयुक्त विज्ञप्ति जारी गरियो। यस २५ बुँदेमा अन्य विषयका अतिरिक्त नेपाल-भारत विदेशनीतिमा समन्वय गरिने, संयुक्त राष्ट्र सङ्घमा नेपालले भारतलाई साथ दिने र उसको सुरक्षा चासोप्रति सम्वेदनशील हुने लगायतका पूर्णतः नेपालको स्वाभिमान र असंलग्न विदेशनीति प्रतिकूल बुँदाहरू अन्तरनीहित पाइए। जो नेपालको असंलग्ननीति आदर्शको प्रतिकूल मात्र भएन सँगसँगै उत्तरी छिमेकी चीनप्रतिको नेपाली समदूरीभावको विरूद्ध पनि लक्ष्यित देखियो।

५. निष्कर्ष

नेपालको वर्तमान अस्तित्व कायम रहनामा यस देशको भूराजनीतिको पनि त्यस्तै भूमिका छ, जसलाई तत्कालीन ब्रिटिश-भारतले तिब्बत-चीन र भारतका बीच 'बफर राज्य' का रूपमा राख्नुमै आफ्नो कल्याण देख्यो। पछिबाट राजाहरूले यसलाई नेपाल र नेपालीको बृहत्तर हित र सार्वभौमिकताको रक्षाहेतु तद्नुरूपका चालबाजी र कुटनीतिहरू अपनाउनाले त्यो भूराजनीति हाम्रा लागि त्यतिकै लाभप्रद बन्दै रह्यो। राजा महेन्द्र र वीरेन्द्रले त्यसलाई 'चिनीयाँपत्ति' का रूपमा खेलेबाट भारत बढिनै रिसायो, किनभने ऊ नेपाललाई सदैव आफ्नो विशेषप्रभावको राष्ट्र ठान्थ्यो। अझ आफ्नै अभिन्न अङ्ग झैं मान्थ्यो। तर राजाहरूले उसको त्यस अभिष्टलाई कहिले पूरा हुन नदिँदा अन्ततः नेपालबाट राजतन्त्र मात्र फालिएन, राजवंशकै पनि अन्त्य भयो। पछिल्लो पटक ओलीले लगभग त्यही विचारशैली र नीति अघि बढाएको प्रतिफल उनको सरकारले पनि व्यहोर्नु पर्‍यो। त्यो पनि सत्ताच्युत भयो।

ओली सरकारले चीनसँग गरेका १० वटा सन्धिहरू निस्फल पार्न र चिनीयाँ राष्ट्रपति सिको भ्रमण रोकी नेपाललाई भारतको एकलौटी प्रभाव क्षेत्र राख्ने ध्येयबाट नै वर्तमान प्रचण्ड सरकार बनेको आम नेपालीहरूको विश्वास छ भने यसै मार्फत् उसले नेपालको चीनसँगको वैकल्पिक व्यापार विकास र सह-अस्तित्व निर्माण गर्ने आकाङ्क्षामा कुठाराघात गर्ने कृतसंकल्प बोकेको आभाष हुन्छ। जुन सत्यलाई स्वयम् चिनीयाँ राष्ट्रपतिको तहबाट पनि व्यक्त भइ नै सकेको अवस्था छ। अर्कोतर्फ, देशको आन्तरिक राजनीति पनि यति विषाक्त हुँदै गइरहेको छ कि संविधान कार्यान्वयन, संघियता र समूहहरूका असन्तुष्टिहरूले उत्पन्न गरेको रिक्तता र तिक्तताले यस देशको अस्तित्व नै समाप्त हुने सम्भावनालाई पनि अबचाहिँ अस्वीकार गर्ने स्थिति देखिन्न किनभने यी विषय नै यसै ध्येयले उठान गरिएको आभाष अब विश्वासमा परिणत हुँदै गइरहेको देखिन्छ। दुर्भाग्य। ओली सरकारले भारतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विकल्पमा प्रस्तुत गरेको राष्ट्रिय आकाङ्क्षाले नै देशलाई यसतर्फ धकेलेको हो कि भन्ने दिग्भ्रम ल्याउन पनि नेपाल र नेपाल विरोधीहरू प्रायः सफल बन्दै गएको अनुभूति हुन थालेको छ । किनभने नेपाल भूपरिवेष्ठित मुलुक भनिए पनि वस्तुतः यो भारतवेष्ठि रहँदै आयो । यसलाई तीनतिरबाट भारतले घेरी रहेको अवस्था छ भने उसले नेपालको त्यसै स्थितिलाई दुरूपयोग गर्दै नेपाललाई अन्तर्राष्ट्रिय कानुन निर्दिष्ट भूपरिवेष्ठित मुलुकले पाउने अधिकार पनि कहिल्यै सुनिश्चित हुन दिएन । यस्तोमा नेपालले आफ्नो त्यस अनिश्चयलाई तोड्न यस दिशामा केही निर्णायक कार्य गर्नु अपेक्षित रहँदै आएको आम जनआङ्काक्षा मात्र होइन राष्ट्रिय आकाङ्क्षाकै रूपमा रहँदै आइरहेको अवस्था थियो ?

यस आकाङ्क्षालाई बुझेर हो वा संयोगले मात्र हो त्यो यसै भन्न नसकिएता पनि तत्कालीन प्रधानमन्त्री केपी ओलीले त्यसै मनोआकाङ्क्षालाई प्रतिनिधित्व गर्दै नेपाललाई चीनियाँ बन्दरगाह मार्फत् यसको समुद्रपारको पहुँच खोल्ने जुन हिम्मत गरे त्यसको जनमानसकमा व्यापक र गहिरो प्रभाव पर्न पुग्यो । विश्लेषणहरूले यसलाई "अब सही अर्थमा नेपाल भूपरिवेष्ठित मुलुक बनेको अन्यथा भारतवेष्ठित रूप्मै रहिआएको" रूपमा निष्कर्ष निकाल्न पुगे । उता नेपाली मात्रको यस आकाङ्क्षालाई "नेपाल आफ्नो मुठ्ठीको राष्ट्र" मान्दै आएको भारतले ज्यादैनै नराम्रो र भारतीय सुरक्षाको समेत प्रतिकूल ठहर गरी यस्तो कार्यदिशाका बाहक बनेका तत्कालीन ओली सरकारलाई कुनैपनि मूल्यमा विस्थापित गर्ने र आफू अनुकूलको वैकल्पिक सरकार गठन गर्ने कृतसंकल्पकै व्यवहारिक रूप्म वर्तमान प्रचण्ड सरकार हुन पुगेको स्पष्टै छ । जसको मुख्य ध्येयनै ओली सरकारले नेपालको वैकल्पिक पारवहन पहुँचका लागि गरेका १० ओटा सन्धिहरूको विघटन र नेपालमा प्रवेश गर्नै लागेको पूर्वाधार र संरचनाका क्षेत्रमा चीनियाँ लगानी र उसको आर्थिक-राजनीतिको विस्थापन भएको तथ्य पनि वर्तमान सरकारका नीति र सोंचहरू मूलतः भारतमुखी बन्दै गएको र तद्नुरूप्म चीनतर्फ भएका सन्धि सम्झौता र समझदारीहरू क्रमशः निस्तेज हुँदै जाने अनि भारतीय गतिविधिहरू तीब्र बन्दै गएबाट नै स्वतःसिद्ध हुँदै गइरहेको स्पष्टै छ ।

सन्दर्भ सामग्री

क) नेपालीः (१) सुरेन्द्र के.सी. नेपालको कुटनीतिक इतिहास, २०६१ (२) बुद्धिनारायण श्रेष्ठ, नेपालको सीमाना, २०७१ ३) निरञ्जन भट्टराई, नेपाल-चीनसम्बन्ध, २०५८ (४) ज्ञानमणि नेपाल, नेपाल-भोट चीनसम्बन्धका केही सांस्कृतिक पक्ष, २०४५ (५) वाङ्चुङ, नेपालको राष्ट्रिय सुरक्षात्मक रणनीति तथा नेपाल चीनसम्बन्ध, ई.२०५५ (६) सुरेश कार्की, नेपाल-चीनसम्बन्ध, ऐतिहासिक विवेचना, २०६९ (७) पुष्पलाल, छानिएका रचनाहरू भाग-१, २०५३

ख) अङ्ग्रेजीः (1) Leo E. Rose, Nepal Strategy for Surview, 1971 (2) Jagadish Sharma, Nepal Strategy for existence, 2006 (3) JP Cross, The call of Nepal, 1998 (4) RK Yadev, Mission R and AW, 2014 (5) Hiranya lal Shrestha, Sixty years of Dyhamic Parthership, 2015

ग) पत्रपत्रिकाः (१) अन्तर्राष्ट्रिय मञ्च (मासिक) २०७२ चैत्र अङ्क, (२) २०७३ असोज अङ्क, (३) २०७३ कात्तिक अङ्क

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आलेख

अत्रृप्त त्रृष्णा – सुखको खोजी

रमेशनाथ पाण्डे

श्रृष्टिको सबैभन्दा श्रेष्ठ मानिएको मानिसको जीवन सुखद छैन । आफ्नो जन्ममा उसको अधिकार छैन, मृत्युमा पनि छनौट छैन । जन्म लिने परिवार, स्थान र समयमा पनि उसको छनौट हुँदैन, मृत्युको समय र कारणमा पनि उसको इच्छाको गुञ्जायस हुँदैन । बाँचुन्जेल सुखको खोजीमा लाग्छ, सुखको त्रृष्णा त्रृप्त हुन नपाउँदै मर्छ । श्रृष्टिको प्रारम्भदेखि मानिसको कथा यही हो, श्रृष्टिको अन्त नभएसम्म यही रहनेछ । अभिप्रेरण त्रृष्णा रहन्छ अनि अन्त अत्रृप्त भएर आएको निराशा । तर सुख के हो ? कसरी सुख प्राप्त हुन्छ ? यो कस्तो त्रृष्णा हो, जसमा मानिसको पुरै इतिहास खर्च भएको छ र अब लेखिने इतिहास पनि यही खोजीमा केन्द्रीत रहनेछ ।

चार बेदको अस्तित्व श्रृष्टिको प्रारम्भसँगै सुरू भएको मानिन्छ । श्रृष्टिकर्ता ब्रह्माले कठोर तपस्याबाट प्रसन्न भएर विश्वामित्र ऋषिलाई दिएको गायत्री मन्त्र ऋग्वेदमा उल्लेख छ । यसको पहिलो पङ्क्ती "ओम" अर्थात् उर्जाबाट सुरू हुन्छ । सम्पूर्ण ब्रह्माण्डमा फैलिएको, सबैमा सबैतिर रहेको उर्जालाई स्मरण गरेर "प्रचोदयात" अर्थात सही दिशामा प्रेरित गर भनेर पूर्ण हुन्छ । यस्को अर्थ जीवन उर्जा हो, यसलाई सही दिशामा प्रेरित गर्नुपर्छ । तर के सही दिशामा अभिप्रेरित उर्जाले नै मानिसलाई सुखी बनाउँछ ? हो भने ऋषिमुनिहरूले किन एउटा तपस्याको सफलतापछि सुखी नभएर बारम्बार तपस्या गरी रहेको चर्चा धार्मिक ग्रन्थहरूमा छ ? सुखको अनुभूति दिल र दिमागले गर्नुपर्छ । दिमाग असाधारण छ । यसमा टाँसिएपछि मानिस चिन्तन वा चाहनाको अन्तहिन यात्रामा निस्कन्छ । मानिसको लागि अत्यन्त चैनको स्थान दिल हो । दिल र दिमागको सम्बन्ध बिचित्रको छ । दिल निर्दोष हुन्छ, भावुक र सम्बेदनशील हुन्छ । प्रेम गरेपछि प्रेम पाइन्छ भन्ने ठान्छ अनि नपाएपछि मुर्छित हुन्छ । दिमाग सधै सक्रृय रहन्छ, सोच्छ, शङ्का गर्छ, बिश्लेषण गर्छ । दिल अर्ध चेतन हुन्छ, दिमाग पूर्णरूपमा सचेत । दिल कोमल हुन्छ, दिमाग कठोर । दिल अनुभूत गर्छ, दिमाग ब्याख्या गर्छ । दिल र दिमागको निष्कर्षमा सामञ्जस्यता कायम गर्न सके उत्तम तर सजिलो हुँदैन । दिलले मानेको सत्यलाई दिमागले भावावेश र दिमागको ठहरलाई दिलले लेनदेन ठान्छ । अन्त्यमा जित दिलको हुन्छ । दिल र दिमागबीच सन्तुलन कायम गरेर मात्रै सन्तुष्टि हासिल हुन्छ । सन्तुष्टि सुख प्राप्तीको भऱ्याङ्ग हो । दिलले अनुभूत गर्ने सुख सच्चा हुन्छ । तर सुख के हो ? सन्तुष्टि हो अथवा आनन्द हो ? अथवा सफलताबाट प्राप्त सन्तुष्टिको अभिव्यक्ति नै सुख हो ?

सुखलाई मानव जीवनको उच्चतम त्रृष्णा मानिएको छ । सफलताबाट हुने प्रसन्नतामा हुने अनुभूतिलाई सुख मानिन्छ । सुख अनुभूत गर्ने प्रसन्नताको श्रोत के हो ? अथाह पैसाबाट, इच्छा लागू गर्ने शक्तिबाट अथवा सुन्दर युवतीको प्रेमबाट ? तर अर्बपति वा

लेखक पूर्व परराष्ट्र मन्त्री एवं कुटनीतिक ज्ञाता हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
खर्बपति सुखी हुँदैनन् । अथवा पैसासँग मानसिक र शारीरिक पिडा पनि आउँछ । शरीरिक दूर्वलता अथवा प्रतिस्पर्धी प्रतिको इर्ष्या अथवा ज्ञात अज्ञात पेशागत भयले जीवन कष्टकर हुन्छ । इच्छा लागू गर्ने शक्तिको छेउ भए पनि टुप्पा हुँदैन । छेकबारहरूले असन्तोष, क्रोध र पिडा ल्याउँछन् अनि जीवन असन्तोषको बोझा बन्छ । सुन्दर युवतीको ओठको मुस्कान, आँखाको चमक अनि त्यसमा आफु प्रति अनुभूत हुने प्रेममा अपार आनन्द महशुस हुन्छ । तर सुन्दरता स्थायी हुँदैन, यौवन दिर्घजीवी हुँदैन । अनि जीवन कसरी सुखद हुन्छ ? सुख महशुस गराउने यी तीनवटै तत्त्वहरू सँगसँगै हासिल गर्न सकिन्छ ? हुनसक्छ । तर यस्तो सुखको अनुभूति पनि अल्पआयुको हुन्छ । यसो भएं के मानिसले सुखको खोजीमा जुनिजुनिसम्म भौतारिएर नै बस्नु पर्छ ?

विद्वता, पराक्रम र सफलता, अपार शक्ति र अथाह सम्पती भएको रावण जीवनमा कहिल्यै सुखी भएन, अन्त दुखदायी भयो । राजा बली नम्रता, दया, दान र ज्ञानको उदाहरण थिए । तर यिनै गुणहरूको कारण उनले सम्पूर्ण सामर्थ्य गुमाएर पातालमा जानु पर्‍यो । जीवनमा प्रत्येक मानिस आफ्नै कुरुक्षेत्रको युद्धमा ब्यस्त रहन्छ, जित्छ हार्छ, घाइते हुन्छ घाइते तुल्याउँछ । यसक्रममा नियतीसँग पटक पटक साक्षात्कार पनि हुन्छ तर आत्मकेन्द्रित सोचको कारण वर्तमानमा नै अलमलिन्छ । नियतीद्वारा परिणाम पूर्बनिर्धारित हुन्छ । मानिसले त कर्म गरेर त्यस्मा भागीदार हुने मात्र हो । प्रत्येक घटनाको बिउ मानिसले आफैले अथवा आफनै सामुन्ने रोपिएको देख्छ । तर सुक्ष्म हेराइको अभावले हेक्का राख्दैन । अनि परिणाम आएपछि सम्झन्छ, बिउ कसरी र कहीले रोपिएको थियो । कर्मलाई निर्देशित गर्ने नियतीको उपस्थितिलाई बुझ्न सकियो भने आश्चर्य घट्छ । सानासाना घटनाहरू कसरी बिकसित हुँदै ठुलो घटना बन्छन् भन्ने बुझिन्छ । अनि विस्मयको ताप कम हुन्छ । साना घटना हुँदा नै सतर्क भएर बाटो वा बानी फेरेको भए ठुलो घटना हुदो रहेनछ भन्ने कुरा घटनाको आघात खपे पछि मात्रै झल्याँस्स हुनु नियतीको खेल हो अथवा दिल र दिमागबीच सामञ्जस्यताको कमी । जीवनलाई सम्पूर्णतामा हेर्ने बानी मानिसले बसालेको छैन ।

एउटा बिचारोत्प्रेरक कथा छ- मानिसको श्रृष्टि गरेपछि श्रृष्टिकर्ता ब्रह्माले सोच्नु भयो "मैले मानिस बनाएर गल्ती गरें । छिनछिनमा मानिस कराइ रहन्छ, इश्वर किन तिमीले यसो गर्‍यौ, किन त्यसो गरेनौ भन्छ ।" मानिसको गुनासोले आजित भएर ब्रह्मा बिष्णु र महादेवलाई गुहार्न जानुभयो । ब्रह्माको कुरा सुनेपछि बिष्णुले भन्नुभएछ अबदेखि हामी सबै भगवान मानिसको दिलमा बसौ । गुनासोहरू लिएर मानिस सर्वत्र हामीलाई खोजी रहनेछ, तर हामीलाई आफ्नै दिलमा भने हेर्नेछैन । अनि इश्वर छ कि छैनको शास्त्रार्थमा ब्यस्त हुनेछ । सारांश यहि हो, मानिसको जिवनको प्रारम्भ र अन्त सास बाट हुन्छ । पहिलो पटक सास फेरेर जीवनको सुरुवात हुन्छ अनि अन्तिम पटक सास फेरेपछि अन्त हुन्छ । यसबीच सुख प्राप्ती दिलको आवाज सुनेर हुन्छ । तर मानिस सर्वत्र दौडिन्छ, आफ्नै दिलमा भने हेर्दैन, जहाँ इश्वरको बास हुन्छ । अत्रृप्त तृष्णा मेटाउन जिवन खर्च गर्छ, त्रृप्त हुन नसकेर मर्छ अनि अर्को जन्म लिन्छ । सुखको खोजी चलिरहेको छ, चलिरहनेछ । ऋगबेदमा भनिएको छ "ज्ञानको संरचना चेतनामा बनेको हुन्छ ।" चेतनामा सुखको वाश हुन्छ । त्रृष्णा चेतनाबाट त्रृप्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक चिहान उपन्यासमा प्रजाति, क्षण र पर्यावरण

ईश्वर चौहान

१. विषय परिचय

हृदयचन्द्रसिंह प्रधान (वि.सं. १९७२-२०१६) नेपाली उपन्यास परम्पराका सु-प्रसिद्ध उपन्यासकार हुन् । उनका स्वास्नीमान्छे (२०११) र एकचिहान (२०१७) गरी दुईवटा मात्र उपन्यास प्रकाशन छन् । आलोचनात्मक यथार्थवादी प्रवृत्ति अङ्गिकार गर्ने प्रधानका कृतिमा प्रगतिवादी चिन्तन प्रवाहित भएको उनको एकचिहान उपन्यास काठमाडौं भित्रको कुरिया गाउँको निम्नवर्गीय किसान परिवारलाई आधार बनाई रचना गरिएको छ । नेपाली समाजमा २००७ सालको परिवेशमा निहीत आर्थिक, सामाजिक, धार्मिक, संस्कृतिक क्षेत्रका कुरीति, अन्धविश्वास, शोषण, दमन तथा जातीय सङ्कीर्णतालाई आलोचनात्मक यथार्थतामा प्रस्तुतगरी क्रान्तिकारी परिवर्तनको चाहना अभिव्यक्त गरेका छन् । यसै पृष्ठभूमिका रही समग्र उपन्यासलाई समाजशास्त्रीय विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा साहित्यको समाजशास्त्रीय व्याख्याता तेनको मान्यतालाई आधार बनाइ विश्लेषण गरिएको छ । तेनले समाज र साहित्यको सम्बन्धबारे व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन गरी साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल श्रोत मान्दछन् । उनी प्रजाति, क्षण र पर्यावरणका आधारमा समाजको विश्लेषण गर्दछन् । यसै तीन पक्षमा केन्द्रित भई अध्ययनलाई पूर्णता दिएको छ ।

२ साहित्यको समाजशास्त्र र हिप्पोलाइट एडल्फ तेनको मान्यता

समाजशास्त्रीय समालोचनाको प्रारम्भ र विकास पश्चिमेली समालोचकहरूबाट नै भएको पाइन्छ । फ्रान्सेली समालोचक एवं साहित्यिक समाजशास्त्री हिप्पोलाइट एडल्फ तेनलाई साहित्यको समाजशास्त्रका प्रवर्तक मानिन्छ । तेनभन्दा पहिला फ्रान्सेली महिला विचारक मेडम डे स्डालले साहित्यमा मानवका उदार भावना एवं हावापानीको प्रभाव पर्छ भन्ने कुरा उल्लेख गरेर साहित्यमा वातावरणको भूमिका बारेमा चर्चा गरेकी छन् (क्षेत्री, २०६४:१७) । साहित्यमा समाजको धर्म नैतिकता, कानूनी व्यवस्था आदिको प्रभाव रहन्छ भन्ने मान्यताको सुरूवात गर्ने यिनै विचारकबाट पश्चिममा समाजपरक समालोचनाको सूत्रपात हुन गएको भए पनि साहित्यको समाजशास्त्रीय चिन्तन परम्पराको व्यवस्थित र व्यापक सैद्धान्तिक प्रस्फुटन भने हिप्पोलाइट एडल्फ तेन (१८२८-१८९३) बाटै भएको मानिन्छ ।

तेनले समाज र साहित्यको सम्बन्धबारे व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन गरी साहित्यलाई समाज़का बारेमा थाहा पाउने मूल स्रोत मानेका छन् । उनी प्रजाति, क्षण र पर्यावरणका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्छन् तसर्थ उनी सामाजिक समालोचनाको प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता हुन् (त्रिपाठी, २०६५:११४)। साहित्यको समाजशास्त्रीय चिन्तनको परम्पराको व्यवस्थित सुरूवात भने इपिली तेनको अङ्ग्रेजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यको इतिहास (१८६३) कृति [illegible] भएको हो (पाण्डेय, सन् १९८९:११९) तेनले अङ्ग्रेजी 'साहित्यको इतिहास', 'कलाको दर्शन', 'इटालीका यात्रा' जस्ता पुस्तकमा साहित्यको समाजशास्त्रीय अवधारणा व्यक्त गरेका छन् । उनले साहित्यलाई समाजको दर्पणका रूपमा व्याख्या गर्दै प्रत्यक्षवादी विधेयवादी सिद्धान्तको स्थापना गरेको देखिन्छ । यस सिद्धान्तले सामाजिक परिवेशले व्यक्तिको व्यक्तित्व निर्माण गर्छ, कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार भित्र उसको सामाजिक परिवेश विद्यमान हुन्छ भन्ने कुरा प्रतिपादन गरेको छ । तेनले प्रतिपादन गरेका साहित्यको समाजशास्त्रीय विश्लेषणका तीन पर्याधारहरूमा क्षण, प्रजाति र पर्यावरण रहेका छन् । तेनका अनुसार प्रजाति, क्षण र पर्यावरण यी तिनैको प्रभाव कृतिमा पर्ने हुँदा कृतिको मूल सम्बन्ध लेखकले भोगेको समाजसित हुन्छ । मेनेजर पाण्डेयको मतअनुसार साहित्यको समाजशास्त्रले कृतिको सामाजिक तत्त्वको विश्लेषण गर्दछ (दाहाल, २०५८:१९-२०) । साहित्य अन्तर्गत साहित्यकारले बाँचेको परिवेश र प्रजातिको प्रतिविम्व पाइने र सफल र अनुमती साहित्यकारले पूर्णरूपमा समाजका प्रजाति क्षण र परिवेशको अभिव्यक्ति दिन सक्छ भन्ने तेनको मत छ (छेत्री, २०६४:१७) । तेनको प्रजाति क्षण र पर्यावरणसम्बन्धी छोटो परिचय तल दिइएको छ ।

३.१ प्रजाति

समाजशास्त्रमा प्रजाति शब्दले विभिन्न जातजाति तिनका प्रतिभा, स्वभाव, विशेषता एवं शारीरिक संरचना भन्ने बुझिन्छ । तेनका मतमा साहित्य समाजका प्रजातिको आधार हो । प्रजाति अन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना आदि पर्दछन् (पाण्डेय, सन् १९८९:१२४) । तेनले जातजातिका स्वभाव, प्रतिभा, विशेषता, एवं शारीरिक संरचना, आवास, संस्कार वर्गीय, जातीय, क्षेत्रीय सङ्घर्षहरू खानपान विधि व्यवहार, आवेश, उन्माद, आचरणका कुरा उठाउँदै लेखकमा उनका वंशको वंशानुगत लक्षण हुने कुरा बताएका छन् । वंशानुगत गुण भन्नाले एउटा प्रजातिमा अघिदेखि रहँदै आएको विशेषता भन्ने बुझिन्छ । यही वंशानुगत गुणका कारण प्राणी गोरा, काला, पहेँला र विभिन्न प्रकारका कपाल भएका हुन्छन् । तेन साहित्यिक कृति आकाशबाट अवतरित भएको नहुने हुनाले त्यो कृति कुनै समयका प्रजातिहरूको छाया र खोलजस्तो हुन्छ, यी कृति प्राचीन अवशेष सरह निर्जीव हुन्छन्, तिनैको अध्ययनबाट जीवित मानव अस्तित्वको अध्ययन गर्न सकिन्छ भन्ने मान्यता राख्छन् । तेनले प्रजातिलाई समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा लिएका छन् । कुनै प्रजाति विश्वमा फैलिँदै जाँदा पारम्परिक वंशज र पैतृक गुणहरू गुमाइसकेको अवस्थमा पनि मौलिक विशेषता र चिन्हगत लक्षण कायमै रहने कुरा एलन स्विङ्उडले व्यक्त गरेका छन् (दाहाल, २०५८:३१) । उसमा देश कालको दृष्टिबाट टाढा भए पनि केही सामाजिक विशेषता मिल्न जान्छ । तेनले प्रजातिलाई छुट्याउने अर्को आधार शारीरिक वनावट अन्तर्गत मान्छेको उचाइ, मोटाइ र आकार प्रकारलाई आधार मानेका छन् । साथै शारीरिक कदको सम्बन्ध वंशानुगत मात्र नभै पौष्टिक भोजन तथा जलवायुसँग पनि सम्बन्धित हुने कुरा बताउँछन् । कुनै सर्जकले आफ्नो कृतिमा वर्ग, जाति, पेशा, मनोवैज्ञानिक स्वर, उसको सांस्कृतिक ऐतिहासिक परम्परा, मान्यता र आदर्श आदिको प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि साहित्यिक कृति कुनै समयका प्रजातिको छवि बनेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.२ क्षण

तेनले प्रतिपादन गरेको साहित्यिको समाजशास्त्रीय अध्ययनको दोस्रो आधार क्षण वा काल हो । कुनै पनि साहित्यकार तथा कलाकारले आफूले भोगेको तथा बाँचेको युगको प्रतिविम्बलाई साहित्यमा अभिव्यक्त गरेको हुन्छ । तेनका अनुसार कलाकार वा साहित्यकारहरू युगको वास्तविकतालाई साक्षात्कार गराउने मध्यस्थकर्ता हुन् (क्षेत्री, २०६४ :२३) । कुनै निश्चित युगको विचारको बौद्धिक साँचोले समाजको औसत चेतनालाई प्रभावित गर्दछ र यस युगमा लिखित कृतिमा उक्त चेतनाको असर रहन्छ (दाहाल, २०५८: ३२) । एक युगमा केही मुख्य विचार हुने र त्यसले समाजको सम्पूर्ण चिन्तनलाई प्रभावित पार्ने हुनाले हरेक युगमा मनुष्यका एउटा परिकल्पना वा अवधारणा हुन्छ । मनुष्यको यही परिकल्पनाले नै आदर्शको रूप धारण गर्दछ (पाण्डेय, सन् १९८९:१२४) ।

त्यस्तै तेनको मतलाई स्वीकार्दै मैनेजर पाण्डेले हरेक युगमा लामो समयको अन्तरालपछि यस्ता विचारतर्फ विस्तारै ह्रास हुँदै जाने र केही नयाँ–नयाँ विचार विकसित भएर पुनः प्रधान विचार बन्दछन् भनेका छन् । तेनले लेखक तथा कलाकारले आफ्नै प्रजाति समाज तथा राष्ट्रको भावना तथा आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एउटा युगको दस्तावेज वा अभिलेख हो (क्षेत्री, २०६४:२४) भनेका छन् । यसरी तेनले क्षणलाई साहित्यकारलाई साहित्यिक रचनाका लागि, उत्प्रेरित गर्ने प्रेरक तत्त्वका रूपमा लिएका छन् । कुनै पनि साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययन विश्लेषणमा त्यस कृतिभित्र अभिव्यक्त समय/क्षण युगको पनि खोजी र विश्लेषण गर्नु पर्छ भन्ने मान्यता राख्छन् ।

उनका अनुसार मानवको प्रतिविम्व दर्पणमा देखिभैँ युग तथा समयको प्रतिबिम्ब साहित्यमा प्रस्तुत भएको हुन्छ । तसर्थ साहित्यमा अभिव्यक्त समाजको प्रवृत्ति, परम्परा र त्यसको विशेषता, विचार सर्जकको चेतनाबाट साहित्यभित्र अभिव्यक्त समाजको युग क्षणको अध्ययन विश्लेषण गर्न सकिन्छ भन्ने मान्यता तेनको रहेको छ । साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजीलाई तेनले समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेका छन् ।

३.३ पर्यावरण

कुनै पनि सामाजिक प्राणीमा वातावरणको प्रभाव पर्दछ । वातावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । संसारमा व्यक्ति एक्लै नभै चारैतिर प्रकृति र समाजबाट घेरिएको हुन्छ । समाजको भौगोलिक संरचना, हावापानी, संस्कृतिको प्रत्यक्ष प्रभाव व्यक्तिमा परेको हुन्छ र त्यसको प्रभाव उसको चेतनामा परेको हुन्छ । तसर्थ मानवीय अस्तित्व र पर्यावरणका विविध पक्षहरू बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । तेनले साहित्य सिर्जनाको मूल कारण परिवेशलाई मान्दै साहित्यमा लेखकले आफू बाँचेको वातावरणलई उतारेको हुन्छ भन्छन् । तेनका मतमा साहित्य कार्य हो भने परिवेश साहित्य सिर्जनाको कारण हो । किनभने भौगोलिक संरचना तथा हावापानी अनुकूल भए साहित्यकारले त्यसै अनुरूपको प्रभावित मानसिकता कृतिमा अभिव्यक्त गरेको हुन्छ । जसले गर्दा कृतिभित्रको समाजमा सुख, शान्ति, खुशी र हर्षोल्लासको अभिव्यक्ति पाइन्छ । भने प्रतिकूल वातावरणबाट प्रभावित साहित्यकारको कृतिमा दुःख, कष्ट, पीडाको अभिव्यक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ । तसर्थ तेनका अनुसार वातावरण भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ (क्षेत्री २०६४:२४) । तेनले सामाजिक पात्रमा वातावरणको प्रभाव पर्ने कुरा व्यक्त गर्दै पर्यावरण वरपरको मानसिकता वरपर बस्ने मानिसका विचारबाट बन्दछ भन्ने मत राख्दछन् । मानिसको स्वभावमा वर्षा, शीत, जाडो, गर्मी भोजन, जलवायु आदिले प्रभाव पारेको हुन्छ । यस्तो परिवेशगत विविधताले गर्दा मानवीय स्वभाव र संवेगमा समेत भिन्नता देखिने हुँदा साहित्यिक कृतिमा लेखकमा परेको पर्यावरणीय प्रभाव अनुरूप भिन्न किसिमका अनुकूल र प्रतिकूल वातावरणसँग सम्बन्धित साहित्यिक कृतिको रचना हुन्छ भन्ने मान्यता तेनको रहेको छ । यसरी बाहिरी परिवेशले साहित्यकारको मानसिकतामा प्रभाव पारेको हुन्छ त्यसैले साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा रहेको हुन्छ र साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति पर्यावरणलाई विषय मानी विश्लेषण गर्नुपर्ने मत तेनको रहेको छ । कलाले जन्मनका लागि कुनै क्षणमा एउटा मानसिक अवस्था प्राप्त गर्दछ । तेन त्यहीँ अवस्थाको सिर्जनाको हेतु पत्ता लगाउन प्रजाति, क्षण र पर्यावरण जस्ता आधारको अवलम्वन गरी साहित्यिक कृतिको विश्लेषण गर्नु पर्ने धारणा राख्दछन् । यसरी तेनको समाजशास्त्रीय सिद्धान्तअनुसार साहित्यको समाजशास्त्रीय अध्ययनबाट कृतिभित्रको समाजको अध्ययन गर्न सकिन्छ ।

४ एकचिहान उपन्यासको विश्लेषण

४.१ उपन्यास रचनाको कथानक सन्दर्भ/सामाजिक पृष्ठभूमि

एकचिहान उपन्यास काठमाडौंभित्र कुरिया गाउँको निम्नवर्गीय किसान परिवार सम्बद्ध कथानकमा आधारित छ । जसले नेपाली समाजको आर्थिक अवस्थाको प्रतिनिधित्व गर्नुका साथै ग्रामीण समाज र त्यहाँको अर्थ व्यवस्था कृषिमा आधारित भएको यथार्थता प्रस्तुत छ । ग्रामीण घरेलु उद्योग, पशुपालन, खेतिपाती नै मुख्य आयआर्जनका स्रोतहरू हुन् । उपन्यासमा यस्तै निम्न आर्थिक अवस्था भएको समाजको चर्चा छ ।

कथावस्तु सामाजिक यथार्थकै रूपमा अगाडि बढेको छ । यस भित्र गरिब अष्टनाराको परिवारसँग सम्बन्धित दुःख कष्ट वा करूणालाई मूल कथा र गोदत्तप्रसाद र नानीथकुंका प्रेम प्रसङ्ग उपकथाका रूपमा समेटिएको छ । विशेषगरी प्रजातन्त्र आगमन पछाडि सामाजिक, सस्कृतिक, आर्थिक तथा राजनैतिक स्थितिमा अपेक्षाकृत सुधार नहुँदा स्थितिको थिचाइको परिणामको प्रतिक्रिया व्यक्त छ । उपन्यसमा गरिबी कै कारण उत्पीडनमा परेका मानिसहरूको यथार्थता प्रस्तुत छ । प्रधानले निम्नवर्ग र शोषक वर्गका बीच द्वन्द्व सिर्जना गरेका छन् । खासगरी उच्च वर्गको शोषण, दमन, अन्याय, अत्याचार, चिन्तन, व्यवहार प्रस्तुत गरेको पाइन्छ । अर्कोतर्फ निम्न वर्गका मानिसहरू आर्थिक रूपमा विपन्न भएता पनि बैचारिक पक्ष प्रगतिवादी छ । उनीहरू भौतिक वा मानसिक रूपमा समेत सत पक्षमा सङ्घर्ष गर्न तयार छन् । आर्थिक अवस्थाको असमान वितरणले एकचिहान उपन्यासको प्रगतिवादी चिन्तन र वर्गसङ्घर्षको स्थिति चित्रण छ ।

उपन्यासको कथानकलाई निरूपण गर्दा गरिबी र अभावकै कारण जीर्ण घर मर्मत गर्न नसक्नु, उपचार अभावमा मृत्युवरण गर्नु, काजकिरिया र कोत्रो किन्ने समेत पैसा अभाव हुनु तथा सोही ज्याप परिवारलाई नै प्राकृतिक प्रकोपले एकचिहाने हुन पुगेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
दुःखद घटजनाक्रम पाइन्छ । उपन्यासमा वर्णित परिवार मरणोपरान्त अन्यायका विरूद्धमा लडिरहने हिम्मत गर्दछ । वैचारिक दृष्टिकोणमा रूढिवाढी धार्मिक संस्कृति परम्परा र आर्थिक शोषणको विरोध गर्नु, लैङ्गिक समानताको खोजी गर्नु, साम्प्रदायिक भावनाको अन्त्य गर्नु तथा एउटा विशिष्ट प्रगतिशील समाजको स्थापना गर्ने मूल कथानक सन्दर्भ उपन्यास केन्द्रित छ ।

४.२ एक चिहान उपन्यासमा प्रजाति पहिचान

तिनले प्रजातिलाई वंशानुगत गुण, शारीरिक बनावट तथा मानिसको स्वभाव, विशेषता एवं आपसी सम्बन्धका आधारमा हेरेका छन् । खासगरी जलवायु बसोबास, माटो र उनीहरूको इतिहासबाट प्रजातिको निर्माण हुने तर्क गर्दछन् । प्रस्तुत उपन्यासमा काठमाडौंको कुरिया गाउँको निम्नवर्गीय ज्यापू किसान परिवारको प्रजातिगत उपस्थिति पाइन्छ । त्यसैगरी गोदत्त प्रसाद, लतमाया (पर्वले महिला), माहिला तामाङ, रामखेलावन आदिजस्ता फरक प्रजातिगत पृष्ठभूमिका पात्रको उपस्थिति पाइन्छ । उपन्यासमा आर्थिक आधारमा, चेतनाका आधारमा, साँस्कृतिक आधारमा पेशा-व्यवसायका आधारमा फरक फरक प्रजातिको भूमिका निर्माण गरिएको छ । आनुवंशिक रूपमा नेवार समुदाय, ब्राहमण समुदाय खास पर्वते समुदाय, मधेसी र मङ्गोल प्राजातिका प्रवृत्तिलाई संयोजन गरिएको छ । प्रजाति सम्बन्धी प्रतिनिधि दृष्टान्हरू :

- शिवनाराको जातिमा 'देव' नामको एउटै कात्रोबाट सारा गुठियारू मर्दा काम चलाइन्थ्यो । ...... भोलिपल्ट बिहान देखि बिचाः आउने मानिसहरूको ताँती लाग्न थाल्यो (१३६-४१)
- रञ्जनादेवी प्रोफेसर निरञ्जनराजकी छोरी हुनाले एक त रगतको नाताले नै चलाख र शिक्षित भएकाले गोदत्त प्रसादसँग घकमान्नुपर्ने केही छैन (पृ. १०७)
- मस्तसित जाँडरक्सी खाई नाचगान गरी रोपाइँ गर्दै आफ्नो व्यथा बिर्साइ.... पानसुपारी खुवाउन आएका डा. गोदत्तप्रसादलाई देखेर नानीथंकुको निदाउन खोजिसकेको व्यथा एकचोटी फेरी जागेर आयो (पृ. १४८) ।
- ए तामाङकी छोरी ? झन वेस तिम्रा बा पनि यस्तै दुई जात, दुई समुदायमा सम्बन्ध राख्न चाहने (पृ. १८१)
- नेवार पर्वतले- मदिसे यी तीन जाति र संस्कृतिको समन्वय वा सम्बन्धलाई शिवनाराले गङ्गा- युमना- सरस्वतीको समन्वय भएर महातीर्थ बनिरहेको त्रिवेणीलाई झैं पवित्र सम्झन्थे (पृ. २१८)

प्रस्तुत प्रतिनिधि दृष्टानहरूलाई समेत आधार बनाइ एक चिहान उपन्यासको प्रजाति पहिचान गर्दा नेवार समुदायको संस्कार संस्कृतिका रूढिगत मान्यता रहेको प्रजातिको सङ्केत पाइन्छ । अर्कोतर्फ शिक्षा पेशा र आर्थिक आधारका फरक दुई वर्गव्यवहारको प्रजातिगत भिन्नता पाइन्छ । विभिन्न घटनाक्रमका आधारमा कथामा व्यक्त समाज जातिपाती, धर्म, संस्कारमा आदि रूढिमान्यताबाट माथि उठ्न चाहेको समाज छ । गोदत्तप्रसाद, सुब्बा सुरमान तथा सहहरू गरिबीको फाइदा उठाएर स्वाथ्यपूर्ति गर्ने सामन्ती संस्कार भएका जातिको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । अष्टनाराको परिवार महिला तामाङको परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामखेलावन राउत आदि तत्कालीन ग्रामीण परिवेशमा बस्ने उत्पीडित निम्न वर्गीय नेपाली जातिको स्वभावलाई प्रतिनिधित्व गरेको छ ।

४.३ एकचिहान उपन्यासमा क्षण पहिचान

तेनका अनुसार मानवको प्रतिबिम्ब दर्पणमा देखिए झैं युग तथा समयको प्रतिबिम्ब साहित्यमा प्रस्तुत भएको हुन्छ । त्यसैले साहित्यमा अभिव्यक्त समाजको प्रवृत्ति, परम्परा र त्यसको विशेषता विचार सर्जकको चेतनाबाट साहित्यभित्र अभिव्यक्त समाजको युग/क्षणको अध्ययन गर्न सकिन्छ भन्ने मान्यता राख्दछन् । एकचिहान उपन्यासमा २००७ सालपछि लगभग एक वर्षको समयावधि सम्पूर्ण कथानकविघटन भएको छ । तथापि कथानकमा २०१५ सालको जनविद्रोह र २०११ सालको बाढीको चपेटामा परी अष्टनाराको सपरिवारको मृत्यु भएको कालिक सन्दर्भमा सङ्गति पाइदैन । अष्टनारा विरामी भएको अवस्थाबाट सुरुभएको उपन्यासमा उनको मृत्यु, गोदत्तप्रसाद र नानीथंकुको प्रेमप्रसङ्ग नानीथंकु गर्भवती भएकी, उनलाई रामलेखनले विवाह गरेको, सुरमानका षड्यन्त्रहरू र शिवनारासँगको भनाभने र कुराकुट साथै वर्षातको कारणले घरखेत बगाएर लगेर सबै सदस्यको मृत्यु भएको करिब एकवर्षको युगगत घेरामा उपन्यास सम्पन्न भएको छ । युग सम्बन्धी उपन्यासमा निहीत प्रतिनिधि दृष्टान्तहरू निम्न छन् ।

- महिला तामाङ्ले नेवार- पर्वले यी दुई जातिका सम्बन्ध जोड्ने भावना र प्रेरणा पाएका २०१५ सालमा काठमाडौंमा भएका जनविद्रोह र आन्दोलन देखेर हो (पृ. १८९) ।
- २०११ सालमा भयाङ्कर बाढीको चपेटामा परी शिवनारा र उनका सबै परिवारको मृत्यु भई इतिहासको पानामा समेत उनीहरूको नाम रहेन (पृ. २३१)

प्रस्तुत उपन्यासमा तत्कालिन समाजमा धार्मिक विश्वास, परम्परागत मान्यता, कुरीति व्यप्त छ । त्यसैगरी जातीय भावना, वैवाहिक प्रचलन, शोषणगत पराकाष्टा देखिन्छ । किसान वा निम्नवर्गीय समाज शोषकका पञ्जामा परेर दयनिय जीवन बिताउनु परेको तथ्यलाई अगाडि सारिएको छ । तथापि तल्लो वर्ग चेतनशील हुँदैगएको कुरा शिवनाराले सरमान र रामबहादुरलाई पिटेर लखेटेको तथ्यले पुष्टिगर्दछ । उपन्यासमा दुई वर्गको फरक-फरक जीवनपद्धतिले विचारधारामा समेत पृथकता प्रदान गरेको छ । निम्नवर्गीय किसान परिवार वा तत्कालीन ग्रामीण समाजमा आर्थिक असमानता र अनेकौ विकृति विसङ्गति थिए । सामान्य वर्गका मानिसहरूप्रति प्रभुत्वशाली व्यक्तिहरूको षड्यन्त्रले उनीहरूलाई दीनहीन बनाउँदै लगेको र स-परिवार एकचिहान हुन पुगेको सन्दर्भको क्षण उपन्यासमा जीवन्त बनेर आएका छन् ।

४.४ एकचिहान उपन्यासमा परिवेश पहिचान

तिनले मुख्यरूपले प्रकृति र प्राकृतिक परिवेशलाई महत्त्व दिएका छन् । त्यस अन्तर्गत भूगोल, जलवायु, सामाजिक आर्थिक पक्ष परिवेशका रूपमा आएका हुन्छन् । प्रस्तुत उपन्यासमा २००७ सालको राजनैतिक परिवर्तन पछिको सामाजिक, संस्कृतिक तथा मानसिक परिवेश स्पष्टरूपमा अङ्कन गरिएको छ । कथानकको मूल कार्यस्थल काठमाडौंको कुरिया गाउँको हो । त्यसैगरी अष्टनाराको परिवारको जीर्ण घर, खेत, खोला, गोदत्तप्रसादको घर, बिरामी जाँच्ने कोठा, कालिका स्थान छेउको घर, तान बुन्ने स्थान, टुडिखेल, असन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि नै मुख्य भौगोलिक परिवेश हुन । सामाजिक संस्कृतिक परिवेश अन्तर्गत अष्टनाराको वृद्धाअवस्था तथा संस्कारगत मान्यता शिवनाराको कृषिप्रणाली, नानीथंकुको गोदत्तप्रसाद सँगको प्रेमप्रसङ्ग, पुतली र नानीथंकुको अर्न्तजातीय विवाहका नवीन प्रयोग आदि आएको छ । उपन्यासमा निहीत प्रतिनिधि दृष्टान्तहरू-

- बाबुको त्यही इच्छा र परम्पराअनुसार आज शिवनाराले पनि दुई चार रूपयाको वास्ता नगरी जाँडरक्सी र खाजा खर्च गरेर रोपाई रमाइलो तुल्याइ रहेका छन् (पृ. १४७)।
- कपडा ठोसीराखेको हुनाले उनको मुखबाट आवाज निस्किन सकेन तर उनका दुवै आँखाबाट गंगा जमुना बगिरहेको छ । तरपनि दुष्ट डाक्टरले नानिथंकुलाई छडिदिने दया गरेन (पृ. ३०८) ।

सामन्त वर्गीको निम्नवर्गप्रति षड्यन्त्र गर्न, ऋण दिएर प्रलोभमा फसाउने, नारीहरूलाई वासनापूर्तिको साधन ठान्ने प्रवृत्तिले अधिनस्थ वर्गको मनोद्वन्द्वगत उत्पीडन मानसिक परिवेशको रूपमा आएका छन् । काठमाडौं भित्रकै निम्नवर्गीय किसान परिवारलाई आधार बनाइएको कथानकभएको एकचिहान उपन्यासमा प्रगतिवादी जागरणको उपयुक्त परिवेश निर्माण गरिएको छ ।

५ निष्कर्ष

एकचिहान उपन्यासको समाजशास्त्रीय विश्लेषण गर्ने क्रममा तिनको मान्यतालाई आधार बनाई प्रजाति, क्षण र पर्यवरणको निरूपण गरिएको छ । उपन्यासमा काठमाडौंको करिया गाउँको निम्नवर्गीय किसान परिवार सम्बद्ध सामाजिक पृष्ठभूमि नै मूल कथानकको रूपमा आएको छ । विशेषतः प्रजातन्त्रको आगमन पछाडि सामाजिक, साँस्कृतिक,आर्थिक तथा राजनैतिक स्थितिमा अपेक्षाकृत सुधार नहुँदा स्थितिको थिचाइको परिणामको प्रतिक्रिया व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा आर्थिक, साँस्कृतिक, चेतना, पेशा व्यवसाय आदिका आधारमा फरक फरक प्रजातिको भूमिका रहेको छ । आनुवांशिक रूपमा नेवार, ब्राहमण, खसपर्वते, मधेसी र मङ्गोल समुदायको प्रजातिगत प्रवृत्तिको सयोजान पाइन्छ । २००७ साल, पछिको लगभग एकवर्षको समयावधि र वर्गीय उत्पीडनका सन्दर्भहरू प्रमुख क्षणका रूपमा प्रस्तुत छन् । उपन्यासमा प्रयुक्त प्रजाति, क्षणलाई संयोजन गर्न सक्ने भौगोलिक, सामाजिक-साँस्कृतिक तथा मनोद्वन्द्वका जागरणयुक्त उचित परिवेश निर्माण छ ।

सन्दर्भ सूची

- क्षेत्री, उदय, समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानात्मक कृतिहरूको अध्ययन, अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, मानबिकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर, २०६४ ।
- जैन, निर्मल, साहित्यका समाजशास्त्रीय चिन्तन, (द्वि.सं.) दिल्लीः विश्वविद्यालय, सन् १९९२ ।
- पाण्डेय, मेनेजर, साहित्यको समाजशास्त्रकी भूमिका, हरियाणाः साहित्य अकादमी, सन् २००६ ।
- प्रधान, हृदयचन्द्रसिंह, एकचिहान, काठमाडौंः साझा प्रकाशन, २०१७ ।
- बराल, ऋषिराज, साहित्य र समाज, ललितपुरः साझा प्रकाशन, २०६४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख

धार्मिक स्वतन्त्रता र हामी नेपाली

राजु नेपाल

कसैले तिमी को हौ भनेर सोध्यो भने मैले धर्म जोडेर आफ्नो परिचय दिन्न । कुन धर्म मान्छौ भन्ने प्रश्नमा म छाती फुलाएर भन्न सक्छु- हिन्दू । म हिन्दू हुँ त्यसकारण हाम्रो धर्मले र शास्त्रले सिकाएका कुरा सम्भव भएसम्म पालना गर्छु । धर्मका नाममा यो किन गरिरहेको छु भन्ने प्रश्न पनि मेरो मनमा आउँदैन । 'शास्त्रमा लेखिएका कुरा किन भनेर नसोधी पालना गर्नु' भन्ने भनाई छ, म त्यसै गर्छु । मलाई मेरो धार्मिक स्वतन्त्रता चाहिन्छ, म मेरो देशमा बसेर आफ्नो शास्त्र र पुर्वजले सिकाए अनुसारका सबै धार्मिक काम गर्दा कसैको बाधा बन्देज मलाई स्वीकार्य छैन । धर्मका नाममा हुने/गरिने हस्तक्षेप म ठाडै स्वीकार गर्छु । अरूका धर्म र उनीहरूको धर्मले सिकाएका संस्कृतिका बारे म टिकाटिप्पणी गर्न चाहन्न ।

एक कट्टर हिन्दू ब्राह्मण परिवारमा जन्मिएको नेपाली हुँ, धार्मिक अनुशासन पालना गर्न दुनियाँको कुनै पनि ताकतले मलाई रोक्न सक्दैन । तर धार्मिक विभेद गर्दिन । अरूका धर्मको सम्मान र आफ्नो धर्म पालना गर्नुपर्छ भन्ने कुरा पनि मलाई मानवीय धर्मले सिकाएको हो । म प्रत्येक देवी देवताका मन्दिरमा गएर टाउको ठोक्काउँछु, पवित्र नदीहरूमा गएर पुसको जाडोमा विभिन्न मन्त्र पाठ गर्दै स्नान गर्छु । प्रत्येक मन्दिरका घण्टी बजाउँछु र आफू पुगेका मन्दिरका पुजारीको हातबाटै टीका ग्रहण गर्छु, आर्शीवाद लिन्छु । धर्मका नामका 'वाद'हरू मलाई अस्वीकार्य छन् । मलाई मगर पुजारी भएको मनकामना होस् या भुमा पुजारी भएको मुक्तिनाथ, चौधरी पुजारी भएको गढीमाई होस् वा नेवार पुजारी भएको मैतिदेवी, मधेशी सम्प्रदायका पुजारी भएको छिन्नमस्ता होस् वा पहाडिया पुजारी भएको उग्रतारा सबै मन्दिरप्रति बराबर श्रद्धा लाग्छ । जब ती मन्दिरहरूमा जान्छु हाम्रो धर्म संस्कारले सबैलाई बराबर देखेकोमा गर्व पनि लाग्छ । आफैलाई कोट्याउछु र सोध्छु के हाम्रो धर्मले जात र लिङ्गका आधारमा विभेद गर्दो रहेछ त ? त्यसो त जुनजुन क्षेत्रमा जुन जातिको बाहुल्यता ती क्षेत्रका मन्दिरहरूमा अधिकाशं पुजारी तीनै जातिका हुन्छन् । उदाहरण नै दिन खोजियो भने लामो सूची बन्न सक्छ ।

हिन्दू धर्मावलम्वीभित्रै जातपातका कुरा हुन्छन, महिला पुरूषका कुरा उठ्छन् । विभेद भएका कुराहरू आउँछन । तर हिन्दू धर्मले कहिल्यै पनि यस्ता कुरामा भेदभाव गरेको छैन । म प्रष्ट छु यी सब कुरा हाम्रो धर्म होइन, संस्कारभित्र पर्छन । धर्म र संस्कार त फरक कुरा हुन् । हामीले आजसम्म किन कुरा बुझ्न सकेनौ र धर्ममाथि प्रहार गरिरह्यौ ? हिन्दू धर्मले महिला पुरुषमा विभेद गर्ने भए हाम्रो धर्ममा शक्तिका भगवानहरू किन महिलामात्रै छन ? हामीले कहिल्यै पनि सोचेनौ र धर्मलाई आक्षेपमात्रै लगाइरह्यौ । कतिले धर्म परिवर्तनको कारक नै यिनै कुराहरूलाई मान्ने गरेका छन् । यो सरासर गलत कुरा हो । धर्मले जातपात, महिला पुरुष र धनी गरिब कहाँ छुट्याएको छ ? हाम्रै धर्ममा कृष्णसुदामाको मित्रता बलियो छ, धन, शिक्षा र वलका देवीहरू महिलालाई नै मानिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ अनि मन्दिरमन्दिरमा जातजातका पुजारी छन्, महिला र पुरुषहरू छन् । यति हुँदा हुँदै पनि धर्ममा विभेद देख्छौ भने हाम्रो दृष्टिमै दोष छ, खोट छ ।

नेवार समुदायले धेरै मान्ने जीवित देवी कुमारीको खुट्टामा मैले ढोगेको देखेर मलाई मेरा धेरै साथीहरूले सोधे-किन ? मेरो जवाफ प्रष्ट छ पहिलो कुरा त उनी जीवित देवी हुन् दोस्रो कुरा बच्चा हुन र तेस्रो उनी छोरी हुन् । जीवित देवी हुनु उनको पृथकता हो, हाम्रो धर्मले बच्चालाई भगवानको रूपमा लिन्छ र छोरीलाई पुज्ने हाम्रो चलन नै छ । त्यसैले उनको खुट्टामा टाउको ठोक्नु मेरो धर्म हो । एकचोटी दक्षिण भारतको एकजना साथीलाई सोधेँ- तिमी कुन धर्म मान्छौ ? उनको जवाफ थियो 'म प्राक्टिसिंङ हिन्दू हुँ, हिन्दू धर्मको अभ्यास गर्छु ।' उनको जवाफमा तर्कहरू थिए । हो, धर्म मान्ने होइन, अभ्यास गर्ने हो अभ्यासका क्रममा आफसेआफ मानिन्छ ।

गत बर्ष मेलाको अवसर पारेर म बारा पुगेको थिएँ, गढीमाई मन्दिरमा दर्शन गर्न । म जानु अघि र पछिपनि गढीमाईमा दिइने र दिइएको पशुबली बारे चर्को मिडियाबाजी भइरहेको थियो । पशुअधिकारको कुरा गर्नेहरू र धर्मसंस्कृतिको रक्षा गर्नुपर्छ भन्नेहरूबीच निकै ठूलो मतभेद थियो । बलि चढाइएका पशु व्यस्थापनको कुरा अर्कोतिर उठिरहेको थियो । अनेक कोणबाट बिरोध गरिएको थियो गढीमाईमा दिइएको पशुवलिबारे । तर मैले त्यो बिरोध के कुराको थियो छुट्याउन सकिन भने के पशुपंक्षीको हत्या हिन्दू धर्ममा मात्रै हुन्छ र त्यो पनि गढीमाईमा मात्रै ? हाम्रा त देवीका प्रत्येक मन्दिरहरूमा भाकल हुन्छन् र बलि चढाइन्छन । यतिमात्रै होइन हाम्रा कतिपय भैरव र गणेशका मन्दिरमा समेत बलि दिइन्छ । अनि, बलि दिने बिधिको आलोचना गरिएको हो भने त्यतिधेरै दर्शनार्थी आउने र हजारौंको सङ्ख्यामा बलि चढाएको मन्दिर साँच्चिकै व्यवस्थित थियो । बरू त्यति व्यवस्थित हुँदा हुँदै पनि बाहिर गलत प्रचार भएको भन्दै मन्दिर व्यवस्थापन र सुरक्षाकर्मीसँग भेट भएका बेला उनीहरूले गुनासो गरेका थिए । त्यो विरोध पम्पराको हो कि, पशुबलिको हो कि, विधि प्रकृयाको हो आजसम्म चित्तबुझ्दो जवाफ पाउन सकेको छैन । यसै पनि बलि प्रथा विस्तारै कम हुँदै गएको छ, पशुपंक्षीमा ठाउँमा नरिवल र फलफूलहरू प्रयोग गर्न थालिएको छ । चेतनास्तर बढ्दै जाँदा मान्छे आफै परिवर्तन हुन्छ, कसैले जबर्जस्ती गर्नुपर्छ र ? हाम्रो धर्ममा मात्रै नभई अरू धर्ममा पनि धर्म र संस्कृतिको नाममा पशु मारिन्छन्, जस्को कुनै चर्चा र लेखाजोखा कहिं कतै पाइन्न र विरोध पनि । अनि किन हाम्रोमा मात्रै विरोध र त्यो पनि गढीमाईमा मात्रै ?

धर्मका विरूद्धमा ठूला ठूला दुष्प्रचारहरू भएका छन् । हामी नेपालीलाई पनि उक्साइएको छ । धर्म नै विभेदको कारक हो भन्न लगाइएको छ । साँच्चै धर्मका नाममा भयानक खेती भइरहेको छ । जनचेतनाका नाममा गाउँ पसेर धार्मिक आस्थाका विरूद्ध भडकाउनेहरू सलबलाई रहेका छन् । यस्तो बेलामा हामी पनि तिनै कुराहरूको पछि लाग्ने कि सचेत हुने ? विश्वका ठूला ठूला युद्ध धर्मकै कारण भएका छन् । त्यस्तो परिस्थिति हाम्रो देशमा पनि नआओस्, धर्मका विरूद्धमा सोभा जनतालाई नभड्काइयोस् । धर्मलाई राजनीतिको अखडा बनाएर मानवीय संवेदनामाथि खेल्ने काम कहीँ कतैबाट पनि हुनुहुँदैन । धर्म हाम्रो आस्था हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनाई नै छ, खोला, माया र आस्थाको गति कहिल्यै पनि रोकिन्न, कहिल्यै बदलिन्न । 'कसैले आस्था बदल्यो' त्यो कुरामाथि म कदापि विश्वास गर्दिन । त्यहाँ आस्था परिवर्तन भएको कसले देख्यो ? धर्म परिवर्तन भएको कसले देख्यो ? यस्ता घटनामा मैले केवल स्वार्थ बदलिएको देख्छु । त्यसैले म धर्म परिवर्तनको बिरोधी हुँ । आफ्नो स्वार्थ सिद्ध गरेर मैले धर्म परिवर्तन गरेँ भन्ने हक कसैलाई पनि छैन । धर्म परिवर्तन गरेको भोलिपल्टैदेखि अर्को धर्म मान्नेहरूको स्वाभिमानमा आँच आउने किसिमको कुरा गर्ने छुट पनि कसैलाई हुँदैन । वर्षौंदेखि, पुर्खौंदेखि चलिआएको धार्मिक आस्था कसरी परिवर्तन गर्न सकिन्छ हँ ? तर्क गर्नेहरू भन्छन् 'धर्म परिर्वतनको अधिकार दिनुपर्छ ।' उनीहरूलाई सोध्न चाहन्छु धर्म कसरी परिवर्तन हुन्छ र स्वार्थ परिवर्तनलाई के आधारमा धर्म परिर्वतनको नाम दिने ? कसैले चित्त बुझ्दो जवाफ दिएछन् भने स्वीकार गर्न मलाई कुनै आपत्ति छैन ।

हिन्दू धर्मका धेरै कुरा पालन गर्ने भएकाले आफूलाई कट्टर हिन्दू हुँ भन्न नै रूचाउँछु म । त्यसैले हिन्दू धर्मको धेरै उदाहरण दिएँ । यसको मतलब हिन्दू धर्ममा मात्रै स्वतन्त्रता हुनुपर्छ भन्ने मेरो आशय होइन । मेरो धर्ममा जस्तै स्वतन्त्रता अरूको धर्ममा पनि हुनुपर्छ । चैत्य, बिहार, चर्च र मस्जिद जहाँ जान मन लाग्छ कसैको रोकतोक बिनानै जान पाउनुपर्छ आफ्नो भगवान मान्न पाउनुपर्छ । नेपालमा बस्ने मुस्लिम र पाकिस्तानमा बस्ने हिन्दूले धर्मका कारण ममाथि विभेद भयो भन्ने महसुस गर्ने वातावरण बन्नु हुँदैन । युरोपका बुद्धिष्ट र जापानका इसाइहरूले कहिल्यै पनि उपेक्षित भएको महसुस गर्ने दिन आउनु हुँदैन । अहिले त्यस्तो भइरहेको छ भने बरू अन्त्यका लागि आवाज उठाउँने आँट गर्नुपर्छ । बस् यही हो धार्मिक स्वतन्त्रता ।

तर अहिले धार्मिक स्वतन्त्रतालाई सापेक्षतासँग जोडेर राजनीति गर्नेहरूको जमात बढेको छ । २०६३ साल अघि नेपाल हिन्दू राज्य नै थियो । संविधानले देशलाई धर्म निरपेक्ष घोषणा गरेपछि धेरै पक्ष त्यसमा सहमत पनि देखिएका छन् । त्यसो त देशलाई धर्म निरपेक्ष बनाउनु हुँदैन भने आवाज त्यतिबेलै पनि नउठेको भने होइन । तर जब पहिलो संविधानसभा असफल भएर दोस्रोपटक चुनाव भयो, धर्मका नाममा राजनीति असाध्यै धेरै भएर आयो । धार्मिक सङ्गठनहरू सक्रिय हुन थाले, देशलाई हिन्दू राज्य नै बनाउनुपर्छ भन्ने माग गर्दै विभिन्न पक्षहरूबाट विभिन्न खाले कार्यक्रमहरू पनि हुने गरेका छन् ।

लोकतन्त्र भन्नु नै बहुमतले निर्णय गर्ने र अल्पमतको कदर गर्ने संस्कृति हो । लोकतन्त्रलाई स्वीकारेको हाम्रो देशले यस्तै मागहरूको संवोधन गर्न हिन्दू धर्मलाई मात्रै लाद्ने काम गऱ्यो भने परिणाम के होला ? हिन्दू राज्यलाई मुसलमान वा बुद्ध धर्मवालम्बीहरूले कसरी आफ्नो भन्ने ? यहाँ कसरी सुरक्षित महसुस गर्ने ? के हाम्रो धर्मले यस्तै अधिनायकबादी बन्न सिकाएको हो त ? होइन भने धर्मको राजनीतिमा देशलाई कहिलेसम्म बन्धक बनाउने ? अहिले फेरि संविधान संसोधनको नाममा हिन्दू धर्म भन्नेहरू सल्बलाउन थालेका देखिन्छन् र भेटिन्छन् त्यो पनि विदेशीको आडमा ।

जबसम्म म डोलेश्वरमा गएर निर्धक्क रूद्री गर्न पाउँछु, कार्यविनायकको मन्दिरमा गएर लड्डु चढाउन पाउँछु, कुनै पनि देवीका मन्दिरमा गएर मेरो परम्परा र आस्था अनुसार पूजा गर्न पाउँछु, जबसम्म बुद्ध धर्म मान्ने मेरो साथीलाई स्वयम्भूमा वा गुम्बामा गएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यान गर्न कुनै रोकतोक हुँदैन, जबसम्म मेरो मुस्लिम साथी जामे मस्जिदमा प्रार्थना गर्न कोहीसँग डराउनुपर्दैन, हामीलाई देश धर्म निरपेक्ष भएर के अप्ठ्यारो पर्छ ? आफ्नो धर्मप्रति कटिबद्ध हुनेलाई देश धर्म सापेक्ष र निरपेक्ष हुनुको कुनै अर्थ हुन्छ जस्तो मलाई लाग्दैन । तर बारम्बार स्वार्थ परिवर्तन गर्न चाहनेहरूलाई जुन कुनै पनि वाद र व्यवस्थाले रोक्न सक्दैन । धर्मका नाममा राजनीति गर्नेहरूले यति कुरा त पक्कै पनि बुझेका होलान् । र पनि, उनीहरू धर्मको ढाडमा टेकेर राजनीति गरिरहेका छन् भने कसैका लागि राम्रो परिणाम निस्किँदैन । यो उनीहरू स्वयंका लागि पनि घातक हो । त्यसैले अरूको धर्मको सम्मान गरौं र आफ्नो धर्म पालना गरौं । हाम्रो देश धर्म निरपेक्ष भएकैमा हामीले गर्व गर्नुपर्ने धेरै कारण छन् ।

धर्मका नाममा राजनीति गर्न र अनेकखाले प्रचारबाजी गर्न धार्मिक स्वतन्त्रता र धर्म सापेक्षतालाई एउटै टोकरीमा हाल्न मिल्छ ? पक्कै पनि यी दुई फरक कुरा हुन् । त्यसैले एक कट्टर हिन्दू भएर मैले भन्छु– मलाई धार्मिक स्वतन्त्रता चाहिन्छ, देश धर्मनिरपेक्ष भएर केही फरक पर्दैन ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन-चङ्गा कवितामा पूर्वीय दर्शन

बद्रीप्रसाद ढकाल

विषय परिचयः

दर्शन भन्नाले प्रकृति, ईश्वर ज्ञानविज्ञान, वस्तु जीवन, चेतना, आदि बारे विवेचना र विश्लेषण गर्ने शास्त्र भन्ने बुझिन्छ । पृथ्वीको पूर्वी गोलार्द्धको एसिया महादेश अन्तर्गत भारत र नेपालबाट विकसित दर्शनलाई पूर्वीय दर्शनको रूपमा चिनिन्छ । पूर्वीय दर्शन अन्तर्गत सांख्य, योग, वैशेषिक, न्याय, मिमांसा वेदान्त, वौद्ध, जैन र चार्वाक दर्शन र यिनका सम्प्रदायहरू पर्दछन् । यी पूर्वीय दर्शनलाई पनि आस्तिक र नास्तिक गरी दुई प्रकारका मानिएको छ । वेदलाई प्रमाण मान्ने र ईश्वर र आत्माको अस्तित्व स्वीकार गर्ने सांख्य, योग, वैशेषिक, न्याय, मिमांशा र वेदान्त दर्शन आस्तिक दर्शन हुन् भने वेदलाई प्रमाण नमान्ने तथा ईश्वर र आत्माको अस्तित्व स्वीकार नगर्ने बुद्ध, जैन र चार्वाक दर्शन नास्तिक दर्शन हुन् भनेर चिनिने यी आस्तिक दर्शन मध्ये महर्षी (कपिलको) सांख्य दर्शन, महर्षी पतञ्जलीले योग दर्शन, महर्षी गौतमले न्याय दर्शन, महर्षी कणादले वैशेषिक दर्शन, महर्षी जैमिनीले मिमांशा दर्शन र महर्षी वादरायणले वेदान्त दर्शनको प्रतिपादन गरेको मानिन्छ । यी दर्शनहरूले ब्रह्म, जीव, आत्मा, माया नक्षत्रगत ज्ञान, कर्म, वैराग्य जन्म, मृत्यु, स्वर्ग, नर्क, बन्धन, मोक्ष, पाप-पुण्य, इहलोक-परलोक, जन्म-पुनर्जन्म, विधि-भाग्य, आदि बारे गहन चिन्तन प्रस्तुत गरेका छन् । दर्शनका मान्यताहरू हुबहु उस्तै नभए पनि मूलभूत प्रस्तापनहरू प्रायः समान छन् । वेदबाट उपनिषद ब्रह्मसूत्र भाष्य र टीका हुँदै विस्तारित भएर पूर्वीयहरूका जीवन पद्धति र जीवनदृष्टि बन्न पुगेको षड्दर्शनहरूको प्रभाव प्रत्यक्ष वा परोक्ष रूपमा नेपाली साहित्यमा पाइन्छ ।

कवि लेखनाथ पौड्याल (१९४१-२०२२) नेपाली साहित्यमा परिष्कारवादी शास्त्रीयतावादी कविका रूपमा प्रख्यात छन् । जीवन-चङ्गा उनीद्वारा लेखिएको प्रख्यात कविता हो । परिष्कारवादी कवि पौड्यालको कवितामा पूर्वीय दर्शनको अत्याधिक प्रभाव रहेको पाइन्छ त्यसैले उनका कवितामा दार्शनिक पक्षको चित्रण तथा विशिष्ट प्रयोग भएको छ । नेपाली साहित्यमा थुप्रै काव्य कृतिका रचना गरेका पौड्यालका ऋतुविचार, सूक्ति सिन्धु, बुद्धिविनोद, सत्यकलि संवाद, सत्यस्मृति, तरूण तपसी, तथा मेरो राम आदि कृतिहरू प्रकाशित छन् । लेखनको आरम्भमा श्रृङ्गारिक प्रवृत्तिका कवितामा सामाजिक सुधार, साँस्कृतिक चेतना, जागरण र नैतीक औपदेशिक स्वर आदि पाइन्छ । कवि पौड्याल आध्यात्मवादी मानवतावादी दृष्टिकोण तथा भावलाई आफ्ना रचनामा विषयका रूपमा प्रस्तुत गरेका छन् । आर्य सस्कृति हिन्दू धर्म तथा वेदान्त दर्शनमा लेखनाथको कवित्व केन्द्रित छ ।

जीवन-चङ्गा कवितामा पूर्वीय दर्शनको प्रभाव

जीवन-चङ्गा कविता लेखनाथ पौड्यालले रचना गरेको कविता हो । कवितामा कविले जीवनलाई चङ्गाको सादृश्य वस्तुको रूपमा प्रस्तुत गरेका छन् । यो चङ्गा रूपी जीवनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उडाउने कार्य गर्ने तत्वका रूपमा ईश्वरको चिन्तन प्रस्तुत गरिएको छ । जीवनको चङ्गा रूपी भाव कवितामा यसरी व्यक्त गरिएको छः

ममतासहित अहन्ता ग्रन्थि परेका रम्य ।
सुख दुखका कका छन् खूबमिलेका दुबै टम्म ॥

माथिको श्लोकमा कविले मानव जीवनलाई ममतासहितको ग्रन्थिका रूपमा चित्रण गरेका छन् । विभिन्न ग्रन्थि मिलेर बनेको मानव शरीर अर्थात् देह सांसारिक माया, मोह र ममतामा अल्झिएको कुरालाई चङ्गाका कका अर्थात् अवयव र सुखदुखका समान भनेका छन् । चङ्गा ककाको सहायताले उडे जस्तै जसविन सुखदुखको आरोह अवरोहमा चलेको छ भन्ने सत्यलाई कविले दार्शनिक विचारका माध्यमबाट प्रस्तुत गरेका छन् । ईश्वरको चाहनामा जीवन चलेको छ भन्ने दार्शनिक चिन्तनलाई कवि यसरी यहाँ प्रस्तुत गर्दछन् :

मनमय घुम्छ लटाइ फनफन फन्का पलापला मारी ।
अतिशय दुर्लभ तर त्यो रसिक लटाइ लिने चमत्कारी ॥

माथि प्रस्तुत गरिएका श्लोकमा ईश्वरको चिन्तन गरिएको छ । मनको चञ्चलतालाई प्रस्ट रूपमा तृष्णारूपी आवश्यकता प्राप्तिका निम्ति हिडिरहन्छ । आवश्यकता र चाहनारूपी इच्छाले मानवलाई बत्ताइरहेको चङ्गा झैं कहिले माथि, कहिले तल झारेको प्रसङ्ग कवितामा प्रस्तुत गरिएको छ । चङ्गामा संकल्पको धागोद्वारा कर्मभोगतर्फ लालायित हुन्छ भन्दै कविले यस्तो विचार अभिव्यक्त गरेका छन् :

सङ्कल्पको छ धागो छुटी रहेको लगातार ।
गर्दछ जसका भरमा जीवन चङ्गा विचित्र संसार ॥

माथिको श्लोकद्वारा कविले मानिसको निरन्तरको चाहना इच्छा, आकाङ्क्षा चङ्गा सरी जीवनका रूपमा चलायमान छ भनेका छन् । मानिसका अनेक इच्छा चाहना भएपनि आरोह अवरोह भएपनि त्यसलाई उडाउने चमत्कारी शक्तिका रूपमा अदृश्य ईश्वरको उपस्थिति रहेका विचार अभिव्यक्त गरेका छन् । कविले चमत्कारी भनेर ईश्वरको अस्तित्वलाई स्वीकारेका छन् । चङ्गारूपी जीवनको उतार चढावलाई सन्तुलन राख्न सुखदुखादि साम्य वैषम्यका दार्शनिक विचार कवितामा प्रस्तुत गर्दै कविले संयम, सुविचार आदिको अपरिहार्यता यसरी स्वीकारेका छन्:

वैषम्य भै ककामा अलिकति गतिमा घुस्यो भने दोष ।
ग्वाँख मिलाउनलाई संयम, सुविचार, शान्ति, सन्तोष ॥
यस्तो अद्भूत चङ्गा तयार पारी बडो चमत्कारी ।
नभमा कौतुक गर्ने कुन होला धीर अविकारी ॥

कवितामा कवि पौड्यालले जीवनको सन्तुलनको कुरा गर्दै ईश्वरको रूपमा चमत्कारी अविकारी, धीर तत्वको चिन्तन गरेका छन् । जीवनरूपी चङ्गाका निर्माता चमत्कारी ईश्वरबाटै भएको कुरालाई कवितामा प्रस्तुत गरेका छन् । ईश्वरलाई सर्वशक्तिमान् परमपुरूषको संज्ञा दिंदै यस्तो विचित्र कलाकारिताका प्रणेता, धीर पुरुष चैतन्य आत्माका रूपमा अविकारी तत० मानेका छन् । जीवनको अनिश्चिततालाई मान्दै कविले मानव चोलाको क्षणभङ्गुर पक्षको यस्तो चित्रण गरेका छन्:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेदेखि उडेथ्यो ? अब उड्ने हो कि कति बेर ।
आखिर चङ्गा ठहर्‍यो चुडिनालाई छ के बेर ॥
जति दिन यो उड्ने हो उति दिन उड्न्यै छ बिचमा अडि ।
तर त्यो देखिनु परने अद्‌भूत चङ्गा उडाउने लहडी ॥

माथिको प्रसङ्गमा कविले मानव जीवनको आदि, मध्ये र अन्त्यको कुनै निश्चितता नभएको प्रसङ्ग प्रस्तुत गर्दै कहिले जन्मने र कहिले मर्ने ज्ञान नभएको धारणालाई ब्यक्त गरेको छन् । जसरी कुनै पनि बेला चङ्गा चुडिन सक्छ, च्यातिन सक्छ त्यसैगरी मानव चोलाबाट बिमुख हुन सक्ने कुरालाई जन्म पुनर्जन्म वा रूपमा अभिब्यक्त भएका छन् । जन्म र मृत्युका माध्यमबाट सृष्टि प्रक्रियाले निरन्तर चलेको कुरा यहाँ आएको छ । जन्म र मृत्युको हरहिसाव तोकिएर पठाएको मानव चोला जिन्दगीलाई चङ्गाको चुडिन सक्ने अथवा चेट हुन सक्ने स्थितिसँग तुलना गरिएको छ । जन्म पछि मृत्यु निश्चित छ, चङ्गा उडेपछि खस्छ भने जस्तै तर चङ्गा उडाउने ईश्वर, परमेश्वर, आत्मा, परमात्मा, ब्रह्मा चेतन तत्त्व नदेखिएको शक्तिलाई भन्न खोजेका छन् । चङ्गा उड्ने र उडाउने क्रिया निरन्तर चलिरहे पनि चङ्गा उडाउने ईश्वर नदेखिएको र नभेटिएको विचारलाई अभिव्यक्त गरिएको छ । जीवनको समय समय कति दिन लिएर जन्मेको हो त्यसको भोग गरेपछि चङ्गा झैं उडेर झर्नु पर्छ र त्यो चङ्गा उडाउने ईश्वर नै भएको अदृश्य वस्तुलाई कवितामा चिन्तन गरिएको छः

जय जगदीश्वर । देखें विश्वव्यापी प्रकाश त्यो खास ।
सूक्ष्म लटाइभित्रै रहेछ प्रभुको निवास वा भास ॥

कविले जीवनको रहस्यमय तत्त्वको चिन्तन गर्दै आफूभित्र चैतन्यरूपी ईश्वर भेटेको कुरा अभिव्यक्त गरेको छन् । संसारलाई चलाउने उज्यालो रूप, प्रकाश रूपका बिम्वमा ईश्वर, आत्मा, चैतन्य, ब्रह्मको साक्षात्कार गरेको कुरा ब्यक्त गरेका छन् । चङ्गाको अस्तित्त्व वा मूल्य लटाइको चलायमान सिथितिमा रहेको ज्ञान कविलाई भएकोले सानो लटाइभित्रै ईश्वरको निवास रहेको कुरालाई कवितामा व्यक्त गरएको छ । सूक्ष्म लटाइलाई चलाउने सर्वशक्तिमान सर्वव्यापी परमे तत्त्वका रूपमा ईश्वरलाई मान्दै प्रभुलाई जीवन चङ्गाका संरक्षक कर्ताका रूपमा चिनाउन चाहेको छन् ।

काव्यात्मक रूपले जीवन-चध कविताको विश्लेषण

जीवन-चङ्गा कविताका जीवनलाई चङ्गाका माध्यमबाट दर्शनलाई प्रस्तुत गरिएको छ । कविताका आन्तरिक तत्त्व तथा रस, ध्वनि, रूपक, अलङ्कारको माध्यमबाट ईश्वरले मानिसको जीवन चलाएको प्रसङ्ग उद्‌घाटित गरिएको छ । मानव जीवन र चङ्गाको उडानलाई तुलना गर्दै चङ्गामा प्रयोग भएका अवयव र मानिसका सुख, दुःख, तृष्णाा, तिर्सना, आकाङ्क्षा, चाहनालाई तादाम्य राख्न खोजिएको छ । मानिसको जीवनको सञ्चालक तत्त्व अथवा चङ्गा उडाउने कार्यमा भूमिका निर्वाह गर्ने चमत्कारी शक्ति ईश्वर नै हो । त्यसैले मानव जीवनरूपी चङ्गा निश्चित समयमा झर्ने विचार वा दर्शनलाई अभिब्यक्त गर्दै कवितामा ईश्वरको अस्तित्त्वलाई मानिएको छ ।

यस्तो अद्‌भूत चङ्गा गर्दै तयार पारी बडो चमत्कारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभमा कौतुक गर्ने कुन होला धीर अविकारी ?

कविताको श्लोकमा मानव जीवनलाई अद्‌भूत अनौठो चङ्गासँग तुलना गर्दै रूपक अलङ्कारको प्रयोग गरिएको छ । नभमा कौतुक गर्ने शक्तिमान अदृश्य पुरूष जो धीर अविकारी छ त्यो ईश्वर नै हो भन्ने तर्कलाई पुष्टिका निमित्त कविले ज्ञानको माध्यमबाट त्यो प्रकाश उज्यालो देखेको कुरालाई काव्यात्मक तहबाट यसरी प्रस्तुत गरेको छन्ः

जय जगदीश्वर । देखें विश्वव्यापी प्रकाश त्यो खास ।
सूक्ष्म लटाइभित्रै रहेछ प्रभुको निवास वा भास ॥

स्तुत्य पद्यका रूपमा प्रस्तुत माथिको श्लोकले जगतका ईश्वरलाई अनुभूत गर्दै मन र विचारको तहमा ईश्वरको अस्तित्वलाई काव्यात्मका रूपमा स्वीकारेका छन् । आत्मज्ञानको माध्यमबाट विश्वव्यापी उज्यालो प्राप्त गरेको र जीवन चङ्गाको लटाइमा ईश्वरकै निवास रहेको भाव अभिव्यक्त गरेको छन् । कवितामा ईश्वरीय चिन्तनलाई भावको गहिरो तहमा पुऱ्याउँदै कुशल शब्द संयोजन गरिएको छ । शार्दूल विक्रिडित छन्दको प्रयोग गरी लेखिएको प्रस्तुत कवितामा दर्शनलाई सोझो अभिधार्थक अर्थ सापेक्षमा प्रस्तुत नगरी लाक्षाणिक सौन्दर्यलाई उपयोग गरेका छन् । अनुप्रासको कुशल संयोजनमा अन्यानुप्रास र बृत्यानुप्रासको प्रयोग कवितामा भएका छन् । जीवनरूपी चङ्गा रूपक अलङ्कार नभमा कौतुक गर्ने, धीर अविकारी जस्ता उत्प्रेक्षा अलङ्कार कवितामा देखिन्छन् भने सुकोमल लालित्ययुक्त पद पदावलीका रूपमा प्रभुको निवास, नीला दहमा सफारी माछो, संयम, सुविचार विचित्र संसार जस्ता शब्दको प्रयोग गरिएको छ । श्रुतिमाधुर्यको हिसावले मिठासपूर्ण अभिव्यक्ति कवितामा पाइन्छ । करूण रसको प्रवलता रहेको प्रस्तुत कवितामा दार्शनिक विचारको तहमा जीवनवादी देखिएता पनि जीवनलाई चङ्गाको रूपमा तुलना गर्दै दर्शनको काव्यात्मक दृष्टिले विधागत सचेततापूर्ण कविता हो भन्न सकिन्छ । कविताले दर्शनलाई काव्य सुललित बनाएको छ । मूल्यका हिसाबले कविता दर्शन भन्दा श्रेष्ठ देखिन्छ । दर्शनको अभिव्यक्त भएको जीवन-चङ्गा उत्कृष्ट कविता हो ।

सन्दर्भ सामग्रीः

- गिरी, रामानन्द. जनक दर्शन. अनु.रामहरि तिमिल्सिना. भक्तपुरः जनक शिक्षा सामग्री केन्द्र २०५५ ।
- पराजुली, ठाकुरप्रसाद. नेपाली साहित्यको परिक्रमा. ललितपुरःसाझा प्रकाशन.दो.स. २०५६ ।
- पारसमणि र पौडेल र माधवप्रसाद पौडेल. नेपाली कविता र काव्य. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०६६ ।
- पौड्याल लेखनाथ लेखनाथका कविता. सम्पा. वासुदेव त्रिपाठी ललितपुरः साझा प्रकाशन. ते.स. २०६३ ।
- त्रिपाठी वासुदेव लेखनाथ पौड्यालको खण्काव्यकारिता र मूल्यांकन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय २०३२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डकाव्य सिद्धान्त

पशुपति सापकोटा

१. विषय प्रवेश

काव्यको विभिन्न रूपहरूमध्ये मझौला रूपलाई खण्डकाव्य भनिन्छ । यसलाई प्रबन्ध काव्यको लघु रूप मान्ने गरिएको छ । यसको विभिन्न नाम दिइए पनि सर्वाधिक प्रचलनमा रहेको नाम खण्डकाव्य नै हो । 'खण्ड' र 'काव्य' दुई शब्दको मेलबाट खण्डकाव्य शब्दको निर्माण भएको हो । कुनै पनि काव्यको अंश वा खण्डका रूपमा खण्डकाव्यलाई अर्थ्याउने गरिन्छ । यसलाई कविता विधाको मध्यम वा मझौला रूप पनि भन्ने गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तमा महाकाव्यको झैं विशेष चर्चा खण्डकाव्यको पाइदैन । पूर्वीय साहित्यको तुलनामा पाश्चात्य साहित्यमा खण्डकाव्यको चर्चा ज्यादै कम भएको पाइन्छ । संस्कृत साहित्यका प्रारम्भकालीन विद्वानहरूले खण्डकाव्यको खासै चर्चा नगरे पनि पछिल्ला चरणका विद्वान आचार्य रूद्रटले चर्चा गरेका छन् (ढुङ्गेल र दाहाल, २०६७:१६३) । रूद्रटले महाकाव्य र खण्डकाव्यलाई क्रमशः महान काव्य र लघु काव्यका रूपमा उल्लेख गरेका छन् । कविताका मध्यम रूप अँगाल्ने रचनाहरू शोककाव्य, गीतिकाव्य, गाथाकाव्य जस्ता शब्दहरू पनि खण्डकाव्यकै निकटवर्ती छन् । नेपाली लोकपरम्परालाई नियाल्दा नाट्यगाथामा निहित लयतत्त्व र आख्यानतत्त्वको भूमिकाले गर्दा बरू 'भणाग' वा भारत तथा 'बालुन' आदि नाट्यगाथामा नाटकीयकतासहित खण्डकाव्यात्मक आयाम फिँजारिएको देखिन्छ (त्रिपाठी र अन्य, २०४६:५४) ।

पाश्चात्य साहित्यको अध्ययन गर्दा प्राचीन ग्रीसपछि प्राचीन रोमदेखि आधुनिक युरोपसम्मका परम्परामा गाथाकाव्य, शोककाव्य, पत्रकाव्य, गीतिकाव्य, गोपकव्य वा ग्रामकाव्य, व्यङ्ग्य काव्य, चरितकाव्य, आख्यानकाव्य, रोमाञ्चकाव्य, नाट्यकाव्य आदिका रूपमा सृजना भएका काव्यहरू खण्डकव्य समकक्षी भए पनि कुनै एकमुष्ट पारिभाषिक संज्ञा भने त्यस परम्परामा उपलब्ध छैन (त्रिपाठी र अन्य, २०४६:५४) । उत्तरवर्ती संस्कृत साहित्यविद् विश्वनाथले पनि खण्डकाव्यलाई पाँचौ सन्धिको समग्रताबाट केही न्यून र भाषा विभाषामा प्रचलित काव्यका एकदेशका रूपमा चिनाएकै छन् र यसबाट काव्यको सर्वदेश महाकाव्य र एकदेश खण्डकाव्य हो भन्ने बुझिएकै छ । जीवन जगत्को समग्रता वा सर्वदेश अनि चारै पुरूषार्थ र सर्वरसका साथै पञ्च सन्धी अनि अनिवार्य सर्गबन्ध महाकाव्यले लिने र खण्डकाव्यले चाहिँ जीवन जगत्को एक भाग एक देश, खण्ड वा एकांशलाई मात्र वा एक पुरूषार्थ वा एक रसलाई अँगाल्ने र सर्गबन्धको वैकल्पिकता समेत लिने सङ्केत पनि यसबाट र अरू साक्ष्यबाट टिप्न सकिन्छ । मोटामोटी संस्कृत परम्पराले लघुकाव्य, खण्डकाव्य वा सानो काव्यको पहिचान मुख्यतः सर्गरहित वा एकार्थ प्रणव र सन्धि समग्रता बर्जित हुने कुरा औंल्याएको छ । संस्कृत परम्परामा कविताका बृहत् रूपका निम्ति महिले सर्ग बन्ध शब्दको प्रयोग हुने गरेको छ र पछि यसका निम्ति महाकाव्य संज्ञा चल्न लागेको परिप्रेक्षमा चाहिँ काव्य शब्द खण्डकाव्यकै निम्ति पनि यदाकदा प्रयोग हुने गरेको पाइन्छ । जे होस् संस्कृत परम्परामा पद्य वा कविता विधाका मध्यम रूपका निम्ति खण्डकाव्यका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त लघु काव्य र काव्य शब्द पनि प्रयोगमा आएको देखिन्छ । ध्वनिवादी संस्कृत साहित्यशास्त्री आनन्दवर्धन र अभिनवगुप्तले देखाएका कविताका उत्तरोत्तर विकासशील दस श्रेणीमध्ये कुलक पछिका पर्यायबन्धको छैटौं श्रेणी कोषकाव्य र मुक्तकाव्यको नजिक रहेको अनि परिकथा र खण्डकाव्यका सातौं र आठौं श्रेणी खण्डकाव्यकै निकट रहेको अनुमान गर्न सकिन्छ । यसमा श्लोक परिमाणका दृष्टिले त्रिदशमिक श्लोक सङ्ख्या मानक सरह रहेको बुझिन्छ (त्रिपाठी र अन्य, २०४६:५४) ।

निचोडमा खण्डकाव्यमा आइपुग्दा कविताका लघु रूपका तुलनामा विषय क्षेत्र वा अनुभूति क्षेत्र बढ्न जाने हुँदा आख्यान र कविताको हातेमालो कविता निम्ति लाभप्रद हुन पुग्छ र आख्यानीकरणका विकल्पका रूपमा कविको भाव प्रवाह र संरचना कौशलले नै ती वर्णन तथा भाव प्रवाहलाई व्यवस्थित राख्न सकेमा चाहिँ आख्यानीकरण कविताका मध्यम रूपमा उति अनिवार्य रहँदैन । वस्तुतः लोकगाथाहरूले पनि गीत र कथाको योगबाट यात्रा थालेका हुन् र खण्डकाव्यले पनि पुष्ट वा बीज रूप आख्यान वा अन्तराख्यान अँगाली कवितालाई उकासेको पाइन्छ तर लयबद्ध आख्यानले नै कवितालाई जितेमा चाहिँ माध्यमिक कालका अधिकांश पद्याख्यानको नियति देखा पर्छ र यस्ता पद्याख्यानमा खण्डकाव्यत्व दुर्बल हुन पुग्दछ (त्रिपाठी र अन्य, २०४६:५५) । यसरी विभिन्न सिद्धान्तलाई आधार मन्दा कवित्व, आख्यानात्मक वा आख्यान निरपेक्ष रूप ढाँचामा गरिने जीवन जगत्को एक भाग/खण्ड/प्रदेश/अंशको अन्वितिपूर्ण कथनसँग सम्बन्धित विषयवस्तु एवं त्यसको मझौला आयामको संरचना जस्ता कुरा खण्डकाव्यका मुख्य पक्षका रूपमा देखा पर्छन् । उक्त आख्यानात्मक वा आख्यान निरपेक्ष खण्डकाव्य संरचनाका पूर्वोक्त तीन मुख्य ढाँचा वा उपवर्ग छँदै छन् ।

नेपाली खण्डकव्य परम्परामा दुई खालका खण्डकाव्य देखिन्छ, पुष्ट आख्यानमा आधारित खण्डकाव्य अपुष्ट क्षीण आख्यानमा आधारित खण्डकाव्य । लक्ष्मीप्रसाद विरचित खण्डकव्य मुनामदन पुष्ट आख्यानमा आधारित खण्डकाव्य हो भने माधवप्रसाद घिमिरे विरचित गौरी खण्डकाव्य क्षीण आख्यानसूत्र भएको खण्डकाव्य हो । नेपाली साहित्यमा खण्डकाव्य समकक्षी लामो कविता पनि प्रशस्त देखा परेको छ । नेपाली काव्य परम्परामा प्रयोगवादको सुरुवातसँगै लामो कविता लेखनको सुरू भएको हो । लामो कविता लेखनको नेतृत्व कवि मोहन कोइरालाले गरेका हुन् ।

२. खण्डकाव्यको परिभाषा

खण्डकाव्यलाई विभिन्न पूर्वीय, पाश्चात्य तथा नेपाली साहित्यकारहरूले आआफ्नै मतअनुसार परिभाषित गरेका छन् । विश्वनाथ भन्छन्- "काव्यको एकदेशीय रूप नै खण्डकाव्य हो ।" (विश्वनाथ, सन् २०१३:२२४) सोमनाथ सिग्द्याल भन्छन्- "काव्यको एक टुक्रा जस्तो छोटो कथानकलाई लिएर शृङ्खलित रूपमा बीचबाटै उठी बीचमै टुङ्गिएको र सर्ग बन्धन तथा सन्धि बन्धन नभएको छोटो काव्यलाई खण्डकाव्य भनिन्छ ।" (सिग्द्याल, २०१६:२०९) डा. श्यामसुन्दर दास भन्छन्- "दण्डकाव्यमा कुनै प्रसिद्ध अप्रसिद्ध कथानक खण्डलाई मुख्य कथानक बनाएर वर्णन गर्न सकिन्छ, यसको आधार काल्पनिक घटना पनि हुन सक्छ र त्यसको उद्देश्य पनि साधारण हुन सक्छ ।" (ढुङ्गेल र दाहाल, २०६७:१६४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली बृहत् शब्दकोश भन्छ- "कुनै एक विषयको वर्णन भएको सर्ग भएको वा नभएको प्रबन्धात्मक लघु काव्य नै खण्डकाव्य हो ।" (पोखरेल, २०६७:२६७) हिमांशु थापा भन्छन्- "खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ र एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थको विश्लेषण हुन्छ । ...खण्ड रूपमा भए पनि खण्डित हुँदैन । यो आफैँमा पूर्ण हुन्छ ।" (थापा, २०५०:५०) प्रयोगात्मक नेपाली शब्दकोश भन्छ- "फुटकर कविताभन्दा ठूलो, महाकाव्यभन्दा सानो एक प्रकारको प्रवन्धकाव्य, लघुकाव्य नै खण्डकाव्य हो ।" (अधिकारी र भट्टराई, २०६३:२०७) भानुभक्त पोखेल भन्छन्- "कविताहरूमा पूर्वापरसम्बन्ध, एकान्विति अथवा काव्यात्मकता भए पनि खण्डकाव्य एकरसात्मक, द्रुतगामी, सानो काव्यकृति हो ।" (पोखरेल, २०५९:१५१) डा. केशवप्रसाद उपाध्याय भन्छन्- "खण्डकाव्यमा जीवनको एक अङ्ग विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्ड वा अल्पावधीमा भटित एउटै घटना चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ । उसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित हुन्छ ।" (उपाध्याय, २०४९:१२१) वासुदेव त्रिपाठी भन्छन्- "खण्डकाव्यलाई कविता विधाको यस्तो मझौला आयामको उपविधागत भेद भन्न सकिन्छ, जसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ ।" (त्रिपाठी र अन्य, २०४६:५२)

उल्लिखित विभिन्न विद्वानहरूका फरक फरक अभिव्यक्तिले खण्डकाव्यलाई अलग अलग कोणबाट परिभाषित गर्न खोजिएको छ । उपर्युक्त परिभाषाका आधारमा खण्डकाव्य जीवनको एक भागको पूर्ण शृङ्खलाबद्ध, लयात्मक भाषिक अभिव्यक्ति हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

३. खण्डकाव्यसम्बन्धी पूर्वीय चिन्तन

कविताको प्रबन्धात्मक उपभेदका रूपमा खण्डकाव्यलाई लिने गरिन्छ । संस्कृत साहित्यका आचार्य विश्वनाथले इसाको चौधौं शताब्दीमा सर्वप्रथम खण्डकाव्यलाई प्रबन्ध काव्यको उपभेदका रूपमा परिभाषित गरेका थिए । खण्डकाव्यसबन्धी सैद्धान्तिक चिन्तनको मूल स्रोत संस्कृत साहित्यशास्त्र नै हो (अवस्थी, २०६४:४३) । अभिनव गुप्तले काव्यलाई दस भागमा वर्गीकरण गर्ने सन्दर्भमा 'खण्डकथा' शब्दको प्रयोग गरेको पाइन्छ (ढुङ्गाना र दाहाल, २०५७:४) । यही वर्गीकरणको सन्दर्भमा आएको उल्लेख गरेको खण्डकथा शब्दले अहिलेको खण्डकाव्यात्मक स्वरूपलाई सङ्केत गरेको प्रस्ट हुन्छ । पूर्वीय साहित्यशास्त्रमा खण्डकाव्यभन्दा महाकाव्यकै चर्चा बढी रहेको देखिन्छ । आचार्य आनन्दवर्धनले नवौं शताब्दीमा पद्य काव्यलाई मुक्तक र प्रबन्धकाव्य गरी विभाजन गरी यसलाई पाँच श्रेणी पर्यायबन्ध, खण्डकथा, सकलकथा र सर्गबन्ध राख्दै सर्गबन्धलाई महाकाव्य र खण्डकथाले खण्डकाव्यतिर सङ्केत गरेको तथ्य प्रस्ट पारेको अनुभव हुन्छ (गैरे, २०६७:१५७) । रूद्रटले प्रबन्धकाव्यलाई लघुकाव्य र बृहत्काव्य भनी दुई प्रकारमा विभाज गरेका छन् । उनको विभाजनमा देखिएको लघुकाव्यले खण्डकाव्यको लक्षणलाई प्रस्ट पारेको छ । आकारका दृष्टिले महाकाव्यको व्यतिरेकमा उनले प्रयोग गरेको लघुकाव्य सार्थक देखिन्छ (अवस्थी, २०६४:४३) ।

पूर्वीय साहित्य शास्त्रमा विभिन्न विद्वानहरूले विभिन्न ढङ्गले परिभाषित गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि च अर्थात् खण्डकाव्य भनेको महाकाव्यको एक अंशजस्तै हो (पोखरेल, २०५९:१५१) । यसका आधारमा के भन्न सकिन्छ भने खण्डकाव्य भनेको मानिसको जीवनको एक अंशको वर्णन हो । खण्डकाव्य एउटामात्र छन्दको प्रयोग भएको काव्यको उपभेद हो । आख्यानविहीन ऋतु, हिमालय आदिको वर्णन गरिएको काव्य पनि खण्डकाव्य हुन सक्छ । विश्वनाथका दृष्टिमा काव्य प्रबन्धात्मक पद्यकाव्य हो जुन संस्कृत भाषाका अतिरिक्त प्राकृत र अपभ्रंशजस्ता भाषाहरूमा पनि लेखिन्छ (अवस्थी, २०६४:४४) । पूर्वीय साहित्य सिद्धान्तको अध्ययन गर्दा विभिन्न आचार्यहरूले काव्यलाई विभिन्न वर्गीकरण गरेका छन् (गैरे, २०६७:१५७) । खण्डकाव्य सर्गयुक्त वा सर्गरहित, समग्र सन्धिवर्जित र एकान्वितिपूर्ण आख्यानात्मक वा वर्ण्य विषयका दृष्टिले नै क्रमबद्ध पद्यहरूद्वारा संरचित हुन्छ (अवस्थी, २०६४:४४) । चोधौं शताब्दीका विश्वनाथले खण्डकाव्यकै उल्लेख गरेपछि त्यसपछिका विद्वानहरूले उनकै अनुसरणमा खण्डकाव्यको मान्यतालाई अगाडि सार्दै आएका छन् भट्टराई, २०६६:८) । विश्वनाथको यही मत नै खण्डकाव्यसम्बन्धी खास पूर्वीय चिन्तन हो ।

पूर्वीय साहित्यशास्त्रको खण्डकाव्यसम्बन्धी विभिन्न धारणाहरूलाई अध्ययन गरी निष्कर्षमा के भन्न सकिन्छ भने सर्गरहित वा सर्गसहित, पुरूषार्थ चतुष्टयमध्ये कुनै एकको प्रयोग भएको, कुनै एक छन्दलाई प्रयोग गरिएको, कुनै एक रसलाई अङ्गी रस बनाएको, समग्रसन्धिको अपेक्षा नगरिएको, जीवनको कुनै एक कालखण्डको चर्चा गरिएको, एकमात्र उद्देश्य प्राप्तिको अपेक्षा गरिएको लघुकाव्य फुटकर कविताभन्दा ठूलो तथा महाकाव्यभन्दा सानो काव्यविशेष नै खण्डकाव्य हो ।

४. खण्डकाव्य सम्बन्धी पाश्चात्य चिन्तन

खण्डकाव्य पाश्चात्य साहित्यमा प्राचीनकालदेखि नै प्रचलनमा आएको विधा होइन । सैद्धान्तिक चिन्तनको रूपमा पाश्चात्य साहित्यले खासै मुख खोलेको देखिँदैन । खण्डकाव्य नामको कविताको कुनै छुट्टै उपविधा नभएकै कारण पाश्चात्य साहित्यमा यसको खासै चर्चा नभएको हुन सक्छ (गैरे, २०६७:१६४) । पाश्चात्य साहित्यको मध्यकाल साहित्यिक उन्नतिका दृष्टिले अन्धकारमय रहेको देखिन्छ । क्रिस्चियन कलासाहित्यको मात्र प्रभावले साहित्य किचिएको थियो । क्रिस्चियन सभ्यताको जग्जगी भएको त्यस समयमा लोकगाथाहरू उपेक्षित नै भएका थिए (गैरे, २०६७:१६५) । पाश्चात्य साहित्यमा त्यतिबेला नै प्रचलित शोककाव्य, गाथाकाव्य, रोमाञ्चकाव्य, पद्यनाट्यगाथा, पत्रकाव्य, व्यङ्ग्यकाव्य, चरित्र काव्य, ऋतुकाव्य/गोपकाव्य, लामो कविता आदि खण्डकाव्यसँग सादृश्य राख्ने काव्यहरू हुन् (अवस्थी, २०६४:४४) । कुनै आत्मीय जनको मृत्युमा शोकभाव व्यक्त गरी लयमा लेखिने भावपरक रचना शोककाव्य हो । शोकको अभिव्यक्तिले कविताको मझौला रूपसम्मको आकार लिएपछि यो शोककाव्य बन्दछ । गीतमा कथालाई आबद्ध गराएर रचना गरिएको लोककाव्य नै गाथाकाव्य हो । कहिलेकाहीँ लयमा आबद्ध कवितात्मक अभिव्यक्ति पनि गाथामा हुने गर्दछ (गैरे, २०६७:१६६) ।

काल्पनिक र ऐतिहासिक वीर योद्धा र जननायकका जीवनी एवं लोकप्रिय प्रेमाख्यान सम्बन्धी जनश्रुतिमा आधारित भएर कविताभन्दा आख्यानलाई जोड दिई लयबद्ध रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीरताको अद्भुत तथा रोमाञ्चक वर्णन गरी पाश्चात्य जगत्को मध्यकालीन समयमा रचिएको तथा त्यसैको अनुसरण गरी आधुनिक कालमा समेत रचिएको काव्यलाई रोमाञ्चकाव्य भनिन्छ (अवस्थी, २०६४:४९) । यस्तो रचना छन्दोबद्ध हुँदाहुँदै पनि खण्डकाव्यको दाँजोमा आख्यानात्मकताको मात्र अधिक रहन्छ । थोरै मात्रामा पात्रको प्रयोग र सङ्क्षिप्त कथानकमा आधारित भएर पद्य वा कवितात्मक भावमा रचिने, संवादात्मक वा नाट्यात्मक काव्यविशेष नै पद्यनाट्यकाव्य हो । मझौला आकारमा आख्यानलाई भावमय बनाई त्यसलाई नाटकीकृत गरिएको हुन्छ (अवस्थी, २०६४:५०) । पत्रात्मक ढाँचा अँगालिएको पाश्चात्य साहित्यको परम्परागत कविताको लामो रूप नै पत्रकाव्य हो । पत्र लेखनको शैली यसमा अँगालिएको हुन्छ । हास्यव्यङ्ग्यको भावलाई अँगाली सूक्ष्म कथानक तथा पात्रको प्रयोग गरिएको काव्य व्यङ्ग्यकाव्य हो (अवस्थी, २०६४:४९) ।

निकृष्ट विषयवस्तुको उच्च अभिव्यक्ति गरिएको काव्य विशेषलाई गोपकाव्य भनिन्छ । प्रकृतिको सुन्दर वर्णन गर्नु, कथा तत्त्वभन्दा काव्यतत्त्वको प्रबलता देखाउनु यसको मुख्य विशेषता हो (गैरे, २०६७:१६७) । यसमा गोठालो र प्राकृतिक ऋतुचक्रका सुन्दर वर्णन पनि पाइन्छ । हाल प्रचलनमा नरहेको चरित्र चित्रणलाई विशेष महत्त्व दिइएको परम्परित लामो कविता चरित्र काव्य हो (अवस्थी, २०६४:४९) । पाश्चात्य काव्य जगत्को आधुनिक कालमा मझौला आकारमा महत्त्वपूर्ण उपलब्धी हासिल गरी देखा परेको लामो कविता खण्डकाव्यकै समकक्षी विधा मानिन्छ । विसौं शताब्दीको प्रथम विश्वयुद्धपछि प्रयोगवादी कविताक्षेत्रमा प्रचलित र प्रतिष्ठित हुन पुगेको खण्डकाव्य नजिकको काव्यको अर्को रूप हो लामो कविता (अवस्थी, २०६४:५०) । प्रतीकवादी अभिव्यक्ति प्रणालीबाट थालिएर अतियथार्थवाद, विसङ्गतिवाद र अस्तित्ववाद समेत्लाई आत्मसात गर्दै पाश्चात्य कलासाहित्यमा देखापरेको नयाँनयाँ प्रयोगशीलता नै प्रयोगवाद हो र यसको एक उपलब्धी लामो कविता हो ।

यिनै आधारहरूको अध्ययन गर्दा पाश्चात्य साहित्यको पूर्वकालमा खण्डकाव्यको विस्तृत चर्चा नभए पनि विभिन्न काव्य तथा गाथाका नाममा चर्चा भएको देखिन्छ । दीर्घकाव्य तथा लघुकाव्य समेतका निकट तात्पर्यमा पाश्चात्य जगत्मा आख्यानात्मक, आख्यानरहित प्रयोगवादी लामो कविता देखिन आउँछ । फुटकर वा छोटो कविताभन्दा लामो मध्यम रूपमा देखा पर्ने शोककाव्य, गाथाकाव्य, रोमाञ्चकाव्य, पद्यनाट्यगाथा, पत्रकाव्य, व्यङ्ग्यकाव्य, चरित्र काव्य, ऋतुकाव्य/गोपकाव्य, लामो कविता जो दीर्घ कविता वा कलात्मक महाकाव्य भन्दा छोटो कवितारूप नै खण्डकाव्य वा पाश्चात्य साहित्यमा प्रचलित लामो कविता हो भन्न सकिन्छ ।

५. खण्डकाव्य सम्बन्धी नेपाली साहित्यशास्त्रीय चिन्तन

नेपाली साहित्यको विकासको आजसम्मको अध्ययन गर्दा मुख्यतः संस्कृत साहित्यकै देन हो भन्न सकिन्छ । नेपाली साहित्यको विकास धेरै पछि मात्र भएको हो । पूर्वको कोषकाव्य तथा पश्चिमको लामो कविताको विकासपछि नेपाली खण्डकाव्यको विकास भएको देखिन्छ । नेपाली साहित्यशास्त्रमा खण्डकाव्य सम्बन्धी चिन्तन सर्वप्रथम सोमनाथ सिग्द्यालको साहित्य प्रदीपमा भेटिन्छ । उनले नेपाली कविता साहित्यलाई फुटकर पद्यकाव्य र ग्रन्थात्मक पद्यकाव्य गरी दुई भागमा वर्गीकरण गरेका छन् । त्यसमध्ये प्रबन्धात्मक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्यकाव्यको उपभेदमा महाकाव्य, खण्डकाव्य र कोषकाव्य रहेका छन् (अवस्थी, २०६४:४६) । सोमनाथ सिग्द्यालले संस्कृत साहित्यशास्त्री विश्वनाथको परिभाषालाई आधार मानी 'काव्यको टुक्रा' भनी खण्डकाव्यलाई चिनाएका छन् । आनन्दवर्धन तथा अभिनवगुप्तको खण्डकथाको मान्यताअनुसार उनले खण्डकाव्यलाई छोटो कथानक लिने तथा बीचबाट उठी बीचैमा टुङ्गिने भनेका छन् (अवस्थी, २०६४:४६) ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेले कविताको विभिन्न रूपलाई निर्झर, खोला, नदी तथा सागर आदि विभिन्न नामले सङ्केत गरेका छन् (अवस्थी, २०६४:४६) । यस आधारमा हेर्दा निर्झर भनेको फुटकर कविता, नदी भनेको ललित महाकाव्य, सागर भनेको बृहदाकार महाकाव्य र यसै बीचमा रहेको खोलाचाहिँ खण्डकाव्य हो भन्ने प्रस्ट हुन्छ । यसरी हेर्दा खण्डकाव्य फुटकर कविताभन्दा लामो र महाकाव्य भन्दा छोटो हुन्छ भन्ने बुझिन्छ । अर्का साहित्यकार वासुदेव त्रिपाठीले आजसम्म देखिएका काव्य साहित्यको विभिन्न उपभेदको आकारगत स्वरूपलाई चिनाएका छन् । उनले काव्य साहित्यलाई आकार प्रकार वा आयामका आधारमा लघुत्तम, लघु, मध्यम, बृहत् र बृहत्तर वा बृहत्तम गरी पाँच उपभेदमा वर्गीकरण गरेका छन् (अवस्थी, २०६४:४६) । यस आधारमा हेर्दा कविताको लघुत्तम र लघु क्रमशः मुक्तक र फुटकर तथा बृहत् र बृहत्तर वा बृहत्तम क्रमशः कलात्मक महाकाव्य र विकासशील महाकाव्य हुने भएकाले यी दुई बीचको मध्यम रूप नै खण्डकाव्य हो भन्ने प्रस्ट हुन्छ । खण्डकाव्य कविताको त्यो प्रबन्धात्मक रूप हो, जो सर्गरहित वा सर्गसहित हुन सक्छ, जसले पञ्चसन्धिको अपेक्षा गर्दैन जो आख्यानात्मक वा आख्यानरहित अनि अन्वितिपूर्ण पद्यहरूद्वारा संरचित हुन्छन्, जसमा एकै उद्देश्य प्राप्तिमा प्रवृत्त जीवनखण्डको वा जीवनगत कालखण्डको र कुनै एक पुरुषार्थ वा मानवार्थको र रस विशेषको अभिव्यक्ति हुन्छ (भट्टराई, २०६६:१०) भनी महादेव अवस्थीले भनेका छन् ।

निष्कर्षमा भन्नुपर्दा नेपाली कविता साहित्यको आयामका दृष्टिले संस्कृत तथा अङ्ग्रेजी लगायत विभिन्न भाषामा अनेक नामले चिनिएको मझौला तथा मध्यम आकारका रचनालाई खण्डकाव्य भन्ने गरिएको छ । यसले मानवीय जीवन जगत्को कुनै एक पक्ष वा एक अंशको मात्र चर्चा परिचर्चा गर्दछ । आख्यानको प्रयोग गर्न पनि सकिने वा नगर्न पनि सकिने कविता विधाको मझौला आयामको समग्र रचना नै खण्डकाव्य हो भन्न सकिन्छ ।

६. खण्डकाव्यका तत्त्वहरू

तत्त्व भनेको अङ्ग हो । मानव शरीर विभिन्न अङ्गहरूको मेलबाट बनेजस्तै साहित्यका संरचनाहरू पनि विभिन्न अङ्गहरूको संयोजनबाट बनेको हुन्छ । खण्डकाव्यको तत्त्व भन्नाले खण्डकाव्य निर्माण हुनका लागि चाहिने साहित्यिक अङ्गहरू भन्ने बुझिन्छ । खण्डकाव्य कविता विधाभित्रकै एउटा उपविधा हो । यसो भए पनि यो कविताको मझौला रूप वा प्रबन्ध काव्य भएकाले यसका केही फरक किसिमका तत्त्वहरू रहेका छन् । समयको विभिन्न कालखण्डका विद्वानहरूले खण्डकाव्यका तत्त्वहरूलाई आ-आफ्नै किसिमले निर्धारण गरेका छन् । विद्वानहरूमा पनि खण्डकाव्यका तत्त्वका विषयमा मतैक्य छैन । धेरैको धेरै मत भए पनि धेरैजसोको मिल्दोजुल्दो मतलाई लिएर खण्डकाव्यका आधारभूत तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.१ शीर्षक

कृतिको महत्त्वपूर्ण अङ्ग शीर्षक हो । यसले कृतिको समग्र भावको प्रतिनिधित्व गर्दछ । शीर्षक कृतिको नामकरण मात्र नभई कृतिको महत्त्वपूर्ण भावको सूचक, साङ्केतिक वा उद्घाटक पनि हो (त्रिपाठी, २०५३:१७) । कृति कति सफल वा असफल भयो भन्ने कुरा पनि शीर्षकमै केन्द्रित हुन्छ । खण्डकाव्यको शीर्षक प्रमुख पात्रको नामबाट, मुख्य कथानक वा भावसँग सम्बन्धित तथा प्रतीकात्मक पनि हुने गर्दछ (भट्टराई, २०६६:११) । खण्डकाव्यको शीर्षक चयन काव्यको मूल मर्म, सारवस्तु वा त्यसलाई पर्गेल्ने पात्र, वातावरण, परिस्थिति आदिसँग सामञ्जस्यपूर्ण हुनु चौचित्यपूर्ण मानिन्छ (खत्री, २०६७:४६) । कृतिको शीर्षक प्राणीको शिर जस्तै महत्त्वपूर्ण हुन्छ । शीर्षक कृतिको समग्र अभिव्यक्ति तथा निचोड पनि हो ।

६.२ कथावस्तु

खण्डकाव्यलाई फुटकर कविताबाट अलग बनाउने तत्त्व नै कथानक हो । खण्डकाव्यलाई प्रबन्ध काव्यको लघु रूप मानिन्छ । प्रबन्ध काव्यकै एक रूप भएकाले यसमा कथानकको आवश्यकता रहन्छ (भण्डारी र पौड्याल, २०७०:१६९) । सामान्यतः खण्डकाव्यमा एउटै मात्र विषयवस्तु हुन्छ । खण्डकाव्यमा जीवनको कुनै एक पक्षको वर्णन हुन्छ । यसमा कथानकको विकास द्रुत गतिमा हुन्छ (ढुङ्गेल र दाहाल, २०६७:१६६) । खण्डकाव्यको कथावस्तु सामाजिक, पौराणिक, ऐतिहासिक, लोकप्रसिद्ध वा विभिन्न दर्शनसँग सम्बन्धित हुन्छ । जे जस्तो विषयमा खण्डकाव्य रचना गरिए पनि त्यो छोटो र एकादेशीय हुनुपर्दछ ।

कथानकहीन खण्डकाव्यको रचना पनि गर्न सकिन्छ । परम्परागत खण्डकाव्य लेखनमा शृङ्खलाबद्ध कथावस्तुभित्र बाँधिएको हुनुपर्दछ भन्ने मान्यता थियो भने आधुनिक कालमा यसको पालना गरिएको पादइँदैन । पछिल्लो चरणमा खण्डकाव्यको कथावस्तु झिनो, मसिनो, क्रमबद्ध, क्रमहीन, शृङ्खलाबद्ध वा विशृङ्खलित जस्तोसुकै किसिमको पनि हुन सक्छ (भण्डारी र पौड्याल, २०७०:१६९) । कृतिकारले कथानकको विन्यास शृङ्खलित रूपमा गरेको हुन्छ । काव्यको वीज घटनाको माध्यमबाट विकसित हुँदै चरमोत्कर्षमा पुगी अन्त्य हुन्छ । यसैलाई कथानकको बीजभाग, विकास भाग र फलभाग भनिन्छ (ढुङ्गाना र दाहाल, २०५७:६) । खण्डकाव्यको कथावस्तुले कलात्मक सिर्जना गरी जीवनको एक देशीय यथार्थलाई अभिव्यञ्जित गर्न सक्नुपर्दछ ।

६.३ पात्र वा चरित्र

पात्र वा चरित्र खण्डकाव्यको प्रमुख तत्त्व हो । आख्यानात्मक खण्डकाव्यमा पात्रको विशेष भूमिका रहेको हुन्छ । खण्डकाव्यको आख्यानलाई अगाडि बढाउन पात्रको आवश्यकता पर्दछ । खण्डकाव्यको कथावस्तुलाई प्रभावात्मक, कलात्मक तथा सौन्दर्यात्मक बनाउन पात्रले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुभूति वा आख्यानमय काव्यतत्त्वलाई निजी व्यक्तित्वको प्रकाशको आलोकमा सशक्त र जीवन्त एवं संवेद्य तुल्याउने, कथावस्तुलाई गतिशील बनाउने कार्य खण्डकाव्यको पात्रले गरेको हुन्छ (गैरे, २०६७:१८०) । खण्डकाव्यमा महाकाव्यमा जस्तो धेरै पात्रको प्रयोग गर्नु राम्रो मानिदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डकाव्यको विषयअनुसार पात्रको चयन गरिन्छ । खण्डकाव्यको नायक उदात्त गुणले युक्त क्षेत्रीय कूलको, सुशील, कर्तव्यनिष्ठ, आदर्शवान वा यथार्थवादी र चेतनशील हुनुपर्दछ भन्ने पूर्वीय शास्त्रीय मान्यता रहेको छ । त्यस्तै परम्परागत मान्यतामा खण्डकाव्यकी नायिका सङ्घर्षशील, कुशल गृहिणी, आदर्श महिला, पति परायणा हुनुपर्छ भन्ने रहेको छ (ढुङ्गेल र दाहाल, २०६७:१६६) । वर्तमान सन्दर्भअनुसार शास्त्रीय मान्यता अनुसारको पात्र नभएर अन्य सामान्य पात्र पनि हुन सक्छ भन्ने मान्यता रहेको छ । प्रमुख पात्र मान्छे नै हुनुपर्छ भन्ने पनि छैन । खण्डकाव्यकारले जीवनको वास्तविकता प्रस्तुत गर्न मानव वा मानवेतर पात्रको पनि प्रयोग गर्न सक्छ । जस्तोसुकै पात्रको प्रयोग गरे पनि खण्डकाव्यको कथावस्तु तथा उद्देश्य पुर्ति गर्ने खालको हुनुपर्दछ (भण्डारी र पौडेल, २०७०:१६९) ।

६.४ परिवेश

खण्डकाव्यको विभिन्न तत्त्वहरूमध्ये परिवेश पनि एक हो । यसलाई देशकाल वातावरण पनि भनिन्छ । खण्डकाव्यकारले कुनै न कुनै परिवेशमा आधारित भएर खण्डकाव्यको रचना गरेको हुन्छ । परिवेशले खण्डकव्यका पात्रद्वारा भोगिएका जीवनजगत्लाई दर्साउँछ (ढुङ्गेल र दाहाल, २०६७:१६६) । खण्डकाव्य कविताको अनुभूतिजन्य विधा भए पनि कथावस्तुको स्थान, समय र वातावरणलाई परिवेशले घटित घटनाका रूपमा कथातत्त्वलाई सशक्त, जीवन्त एवं स्वाभाविक र गतिशील बनाउँछ । परिवेशको सशक्त र जीवन्त प्रस्तुतिले खण्डकाव्य कलात्मक तथा प्रभावकारी बन्छ । खण्डकाव्यमा परिवेशको आवश्यक एवं स्वाभाविक चित्रण गरेर सम्वेद्य, सम्प्रेष्य एवं जीवन्त सिर्जना गर्नु आवश्यक ठानिन्छ (भण्डारी र पौडेल, २०७०:१७०) ।

खण्डकाव्यमा परिवेश आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । कथानकीय बाह्य घटना एवं बाह्य जीवन जगत्को सरोकार राख्ने देशकाल वा वातावरण बाह्य परिवेश हो भने कथानकको आन्तरिक घटनाअनुरूप जीवन जगत्को अन्तः पक्षसँग सरोकार राख्ने आन्तरिक मनोदशाको यथास्थितिलाई आन्तरिक परिवेश भनिन्छ (गैरे, २०६७:१८०) । खण्डकाव्यमा स्थानिक, कालिक, सामाजिक सांस्कृतिक एवं प्राकृतिक परिवेशको चित्रण पनि गरिन्छ (खत्री, २०७३:१५६) । परिवेशको यथार्थ, मार्मिक, कलात्मक चित्रणले खण्डकाव्य संवेद्य, प्रभावकारी तथा आकर्षक बन्न सक्दछ ।

६.५ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो तापनि त्यस मनोगुन्गुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो र यो स्थिति गद्यक्षेत्रको निबन्धसँग पनि तुलनीय छ (त्रिपाठी र अन्य, २०५३:१९) । कृतिको समग्र भाषा कथनपद्धतिमा आधारित हुने भएकोले खण्डकाव्यको तत्त्वका रूपमा यसको भूमिका विशिष्ट रहेको छ ।

खण्डकाव्य दुई किसिमका कथन पद्धतिबाट प्रस्तुत गर्ने प्रचलन रहेको छ, कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति । कवि स्वयम्ले आफ्ना भावना वा अभिव्यक्ति खण्डकाव्यका माध्यमबाट व्यक्त गरेमा त्यो कवि प्रौढोक्ति हुन्छ भने कविले काव्यमा अन्य पात्रको प्रयोग गरी आफ्ना भावना व्यक्त गरेमा कविनिबद्धवक्तृप्रौढोक्ति हुन्छ (ढुङ्गाना र दाहाल, २०५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

:६) । एउटै खण्डकाव्यमा काव्यकारले दुवै कथन पद्धतिको प्रयोग गर्न सक्दछ । दुवै कथनपद्धतिको प्रयोग गरिएको खण्डकाव्य मिश्रित कथन पद्धतिको खण्डकाव्य हो ।

६.६ भाषाशैली

खण्डकाव्यको अत्यावश्यक तत्त्वहरूमध्ये भाषाशैली पनि एक हो । खण्डकाव्यको भाषा सरल, सहज तथा सम्प्रेष्य हुनु जरूरी हुन्छ । काव्य भएको हुनाले अलङ्कृत भाषाशैलीको प्रयोग गरिन्छ । खण्डकाव्य बौद्धिक पाठकले मात्र नभएर सामान्य पाठकले पनि सजिलैसँग बुझ्ने खालको हुनुपर्दछ । खण्डकाव्य अनुभूतिप्रधान साहित्यिक विधा भएकाले भावसंवाहमय कवित्वपूर्ण भाषाको अपेक्षा गरिन्छ (गैरे, २०६७:१८५) । जटिल, कृत्रिम, नीरस एवं सम्प्रेषणहीन भाषाको प्रयोगले खण्डकाव्य कलात्मक मूल्यका दृष्टिले कमजोर सावित बन्न जान्छ ।

खण्डकाव्यको परिवेश र कथावस्तु सुहाउँदो भाषाको प्रयोग गर्नु जरूरी हुन्छ । खण्डकाव्यमा छन्दोबद्ध वा छन्दमुक्त दुवै शैलीको प्रयोग गर्न सकिन्छ । छन्दोबद्ध छ भने छन्दअनुसारको भाषाको प्रयोग गरिन्छ । शास्त्रीय छन्द, लोक छन्द वा छन्दमुक्त जुनसुकै शैलीमा पनि खण्डकाव्य रचना गर्न सकिन्छ (भण्डारी र पौडेल, २०७०:१७०) । खण्डकाव्यको प्रस्तुति गर्ने शैली वर्णनात्मक, विवरणात्मक, समाख्यानात्मक, नाटकीय आदि विभिन्न किसिमको हुन सक्छ (ढुङ्गेल र दाहाल, २०६७:१६७) । खण्डकाव्यमा तत्सम, तद्भव, आगन्तुक तथा झर्रा शब्दहरूको प्रयोग गर्न सकिन्छ । काव्यमा अभिधात्मकभन्दा लक्षणात्मक तथा व्यञ्जनात्मक भाषाशैलीको प्रयोग गरिन्छ । खण्डकाव्यमा आत्मपरक शैलीको पनि प्रयोग गर्न सकिन्छ । जेजस्तो भाषाशैलीको प्रयोग गरे पनि खण्डकाव्यको भाषा बोधगम्य, सरल, सुस्पष्ट, लयात्मक, माधुर्यपूर्ण हुनु अपेक्षा गरिन्छ ।

६.७ उद्देश्य

खण्डकाव्यकारले कृतिका माध्यमबाट पाठकसामु कुनै न कुनै मुख्य विचारलाई पस्किने प्रयास गरेको हुन्छ । कविले व्यक्त गर्ने मुख्य विचारलाई कृतिको केन्द्रीय कथ्य वा उद्देश्य भनिन्छ । कृतिकारको आफ्नो मुख्य विचारलाई कृतिभित्र पात्र र घटनाको शृङ्खलामा घोलेर प्रस्तुत गरेको हुन्छ । निरूद्देश्य कुनै पनि रचनाकारले रचना गर्दैन अनि उद्देश्य बिना कुनै काव्यको निर्माण पनि हुँदैन (ढुङ्गेल र दाहाल, २०५७:७) । कुनै पनि साहित्यकारले कुनै न कुनै उद्देश्य पूरा गर्नका लागि साहित्यको रचना गरेको हुन्छ । खण्डकाव्य पनि कुनै न कुनै उद्देश्य पूरा गर्नका लागि नै लेखिन्छ, त्यसैले उद्देश्य पनि खण्डकाव्यको प्रमुख तत्त्वहरूमध्ये एक महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको छ । सर्जकले कुनै उद्देश्य पूरा गर्नका लागि नै खण्डकाव्यको रचना गरेको हुन्छ ।

खण्डकाव्यका माध्यमबाट काव्यकारले जीवनसम्बन्धी दृष्टिकोण, विचार तथा धारणाहरू अभिव्यक्त गर्ने उद्देश्य राखेको हुन्छ । पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) मध्ये कुनै उद्देश्य हासिल गर्नका लागि पनि काव्यकारले आफ्ना वैचारिक भावनाहरूको मिश्रण गरेर अभिव्यक्ति दिएको हुन्छ (भण्डारी र पौडेल, २०७०:१७०) । मानव जीवनसँग सम्बन्धित आदर्श, यथार्थ, आध्यात्मिक, भौतिक, मानवतावादी, व्यक्तिवादी, राष्ट्रवादी आदि जस्तोसुकै किसिमको विचार पनि अभिव्यक्ति दिन सकिन्छ । एउटै खण्डकाव्यबाट धेरै उद्देश्य पूरा गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्य राखिएको हुँदैन (ढुङ्गेल र दाहाल, २०६७:१६८) । मानव जीवनको कुनै एक पक्षको उद्घाटन गर्नु पनि खण्डकाव्यको उद्देश्य रहेको हुन्छ । खण्डकाव्यमा जीवनको कुनै एक खण्डको समग्र रूपलाई एकै रसको समग्र व्याख्या र परिपाकसिद्धि भावको परिणाम प्राप्त हुन सक्छ (गैरे, २०६७:१८५) । यसरी प्राप्त परिणाम नै खण्डकाव्यको उद्देश्य हो ।

६.८ अलङ्कार प्रतीक

अलङ्कार तथा प्रतीक काव्यको गहना नै हो । काव्यात्मक भाषामा अलङ्कारको महत्त्पूर्ण स्थान रहेको हुन्छ । काव्य पनि आलङ्कारिक नै हुन्छ । खण्डकाव्यका विभिन्न तत्त्वहरूमध्ये अलङ्कार प्रतीक पनि एक हो । अलङ्कार दुई प्रकारका हुन्छन्, शब्दालङ्कार र अर्थालङ्कार । खण्डकाव्यमा दुवै अलङ्कारको प्रयोग गरिएको हुन्छ । काव्यलाई रोचक बनाउन शब्दालङ्कारको भन्दा अर्थालङ्कारको भूमिका महत्त्पूर्ण हुने गर्दछ ।

लालित्यपूर्ण, सौन्दर्यमय, चामत्कारिक तथा गम्भीर अभिव्यञ्जन सिद्धिका लागि अलङ्कार तथा प्रतीकको उत्कृष्ट प्रयोगले काव्यकारको काव्यकारितालाई माथिल्लो दर्जामा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (गैरे, २०६७:१८५) । काव्यलाई गम्भीर तथा रहस्यमय बनाउन अर्थालङ्कारको ज्यादै ठूलो भूमिका रहेको हुन्छ । प्रतीकको प्रयोगले खण्डकाव्यको मूल्य अभिवृद्धि हुन जान्छ (ढुङ्गेल र दाहाल, २०६७:१६७) ।

७. निष्कर्ष

कविता विधाको विभिन्न रूपहरूमध्ये मझौला रूपलाई खण्डकाव्य भनिन्छ । पूर्वीय तथा पाश्चात्य सिद्धान्तको अध्ययन गर्दा खण्डकाव्यको चर्चा धेरै पछि भएको देखिन्छ । पूर्वीय आचार्यहरूले खण्डकाव्यको खासै चर्चा नगरे पनि रूद्रटले महाकाव्यको एक अंश भनी चर्चा गरेका छन् । पश्चिममा पनि खण्डकाव्यको खासै चर्चा भएको देखिदैन । पाश्चात्य साहित्यमा पछिल्लो चरणमा देखा परेको लामो कविता (long poem) नै हाल प्रचलित खण्डकाव्यको समकक्षी काव्य साहित्य मानिन्छ । पाश्चात्य साहित्यमा प्रचलित शोककाव्य, गाथाकाव्य, रोमाञ्चकाव्य, पद्यनाट्यगाथा, पत्रकाव्य, व्यङ्ग्यकाव्य, चरित्र काव्य, ऋतुकाव्य/गोपकाव्य, लामो कविता आदि खण्डकाव्यसँग सादृश्य राख्ने काव्यहरू हुन् । नेपाली खण्डकाव्य संस्कृत साहित्यकै देन हो भन्ने गरिएको छ । नेपाली काव्य साहित्यमा पनि खण्डकाव्यका सुरुवात पछि नै भएको हो । पूर्वको कोषकाव्य तथा पश्चिमको लामो कविताको विकासपछि नेपाली खण्डकाव्यको विकास भएको देखिन्छ । नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाद्वारा विरचित मुनामदन नेपाली खण्डकाव्य इतिहासकै महत्त्वपूर्ण देन मानिन्छ । साहित्यका अन्य विधामा जस्तै खण्डकाव्यमा पनि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । कथावस्तु, पात्र वा चरित्र, परिवेश, कथनपद्धति, भाषाशैली, उद्देश्य, अलङ्कार प्रतीक आदि खण्डकाव्यका आवश्यक तत्त्वहरू हुन् ।

सन्दर्भ ग्रन्थ

१. अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रिविशाल (२०६३) प्रयोगात्मक नेपाली शब्दकोश, विद्यार्थी प्रकाशन कमलपोखरी, काठमाडौं, ।

२. अवस्थी, महादेव, (२०६४) आधुनिक नेपाली महाकाव्य खण्डकाव्यको विमर्श, इन्टलेक्चुअल्ज बुक प्यालेस, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. उपाध्याय, केशवप्रसाद, (२०४९) साहित्य-प्रकाश (पाँ. सं.) साझा प्रकाशन, ललितपुर ।
४. खत्री, विष्णुकुमार, (२०६७) माधव घिमिरेको खण्डकाव्यकारिता, शोधप्रबन्ध (अप्रकाशित) नेपाल संस्कृत विश्वविद्यालय, दाङ ...., (२०७२)
५. माधव घिमिरेको खण्डकाव्यकारिता विश्लेषण र मूल्याङ्कन, वृहस्पति पुस्तक प्रकाशन,
६. गैरे, ईश्वरीप्रसाद, (२०६७) आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. काठमाडौं ।
७. ढुङ्गाना, लावण्यप्रसाद र दाहाल, घनश्याम, (२०५७) खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य, भुँडीपुराण प्रकाशन, काठमाडौं ।
८. ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, (२०६७) नेपाली कविता र काव्य, एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, काठमाडौं ।
९. त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज, सुवेदी, केशव, (२०५३) नेपाली कविता भाग ४, साझा प्रकाशन, ललितपुर ।
१०. थापा, हिमांशु, (२०५०) साहित्यपरिचय (चौ.सं.) साझा प्रकाशन, ललितपुर ।
११. पोखरेल, बालकृष्ण र अन्य, (२०६७) नेपाली बृहत् शब्दकोश, सम्पा. (छैटौं सं.): नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
१२. पोखरेल, भानुभक्त, (२०५९) सिद्धान्त र साहित्य, साझा प्रकाशन, ललितपुर ।
१३. भण्डारी, पारसमणि, पौडेल, माधवप्रसाद, (२०७०) नेपाली कविता र काव्य, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।
१४. भट्टराई, नेत्रप्रसाद, (२०६६) सृजामाता खण्डकाव्यको कृतिपरक अध्ययन
१५. स्नातकोत्तर, शोधपत्र (अप्रकाशित) त्रि-चन्द्र बहुमुखी क्याम्पस, घण्टाघर, काठमाडौं ।
१६. सिग्द्याल, सोमनाथ, (२०१६) साहित्यप्रदीप, रोयल नेपाल एकेडेमी, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्वजहरूको सम्झनामा दुई शब्द

चेतेन्द्रजङ हिमाली

वर्तमान शाहवंशका राजाहरूको मगर तान्त्रिक पुजारीहरूले आलम देवीको मन्दिरमा तन्त्रसाधना गरेको राउटे जस्तै बनवासी कुसुन्डाहरूलाई साधना युक्त खड्ग दिएर जयन खाँड नामकरण गरी १५०४ मा ओइघा गाउँको राजा घोषित गरे । तिनै जयन खाँडले आफ्नो जीवन कालमा सतौं, दरौं र सिरूवारी तीन गाउँ थपेर ४ गाउँको राजा भए । उनको तेस्रो पुस्ताका दुई दाजुभाइले वर्तमानको स्याङ्जा पूरै आफ्नो राज्य कायम गरे । दुबै भाइले राज्य अंश गरी भिरकोट र स्याङ्जा नुवाकोटमा राजधानी कायम गरे।

नुवाकोट वालाका छोरा बिचित्र खाँड कास्की जिल्लामा प्रवेश गरेर १६ टाकुरे राजाहरूको उन्मूलन गरी एकीकरण राज्यको राजा भई कास्कीको सराङ्कोटमा राजधानी कायम गरे । पछि उनका नातिले आफ्नो खाँड थरलाई परित्याग गरी आफूलाई शाही घोषित गरे । उनको नाम थियो कुल मण्डल शाही, उनका साइला छोरा लमजङे दुराजातिका गुरूङहरू र कुशमाखर घिमिरे नामक विद्वान् ब्राह्मण गएर एसो ब्रह्म शाहीलाई राजा बनाए । उनका कान्छा छोरा द्रव्य शाही वि.सं. १६१६ मा गोरखाका राजा भए । त्यसै वंशका राम शाहीले आफूलाई शाहीबाट शाह घोषित गरे । द्रव्य शाहीको १०औं पुस्तामा पृथ्वीनारायण शाहको जन्म भयो । उनको वि.सं. १७७९ पुस २७ गते जन्म भयो । २० वर्षको उमेरमा उनी राजा भए । वि.सं. १८०१ मा उनले नुवाकोट लिन सफल भए र उनको त्यो क्रम जारी रह्यो । उनले दुई समूह सेना बनाए, रञ्जित कुँवर, रेवन्त कुँवर जस्ता योद्धाहरूको कमान्डमा सेनाको एउटा समूह नुवाकोटबाट पूर्वी पहाड एकीकरण गर्न लगाए । अभिमान सिंह बस्नेतको नेतृत्वमा मकवानपुरदेखि सुरू गरेर बागमती पारि सिन्धुली गढी प्रवेश गरेपछि काठमाडौंका जयप्रकाश मल्लले सहायतको लागि बोलाएको २७०० अङ्ग्रेजी सेना सिन्धुली आइसकेको थियो । त्यसबेला ६०० को सङ्ख्यामा रहेको गोरखाली सेनाले अङ्ग्रेज कमान्डर किनलकलाई हराएर धपाउन सफल भए । त्यस युद्धमा सिरहावासी स्वर्गीय सूर्यनाथ दासका पूर्वजहरूले गोरखाली सेनालाई ठूलो सहयोग गरेका थिए । पछि पृथ्वीनारायण शाहले ती यादबहरूलाई तिमीहरूलाई के चाहिन्छ? भनेर सोध्दा, हामीलाई ८४०० बिगाह जमिन भए पुग्छ भने र उनीहरूलाई उपलब्ध गराइयो, जुन उनका सन्तानहरूले आज पनि भोग गरिरहेका छन् । तराईका यादबहरूमध्ये त्यो वंश एक प्रकारले सुशिक्षित वंश मानिन्छ । त्यस पछि चौदण्डी बिजयपुर, मेचीपारि, दार्जिलिङ्ग, डुअर्स, टिस्टाद्वार, अलिपुरद्वार, बक्साद्वारसम्म पुन्याए अनि वि.सं. १८३१ मा त्रिशुली नदीको देवीघाटमा उनको देहावसान भयो ।

उनका छोरा सिंहप्रताप शाह राजा भए । तर उनमा राजकीय चरित्र बावुको जस्तो थिएन । उनी तान्त्रिक प्रवृतिका थिए । तान्त्रिकहरूको सङ्गत गर्थे, तन्त्र साधना गर्दा उमेर पुगेका कन्याहरूलाई बस्त्रहीन बनाई गुह्य साधना सुरू गर्न गुरुहरूले लगाउँथे, तर उनको

लेखक नेपाली इतिहास तथा समाजशास्त्रका ज्ञाता हुनुहुन्छ। –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
ध्यान त्यता जाँदैनथ्यो । आफ्नी विवाहित रानीबाट रणबहादुर शाह नामक पुत्र जन्माएर उनको २४ वर्षको उमेरमा देहावसान भयो । १९ महिनाका रणबहादुर शाहलाई राजा बनाई उनकी जेठी माहारानीले नायबी लिइ राजकाज सुरू गरिन् । चितवन, नवलपुर, तनहुँ, लमजुङ, कास्की र मनाङ्ग एकीकरण गरिन् । दाजुद्वारा देशनिकाला गरिएका पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाह मामाको बेतिया राज्यमा बसेका थिए । भाउजूले उनलाई बोलाई राजकाज चलाउने जिम्मा दिइन् । उनको कमान्डमा ९३ जना योद्धाहरूको नेतृत्वयुक्त ७५ हजार सेनाले आफ्नो जीवन अर्पण गरेर विशाल नेपालको निर्माण गरी भारतको उत्तराखण्ड, हिमाञ्चल प्रदेश र पाकिस्तान र हिन्दूस्तान छुट्याउँदा हाम्रो नेपालको राबी नदीलाई सिमाना कायम गरी उत्तरमा मानसरोवर कैलाशसम्म एकीकरण गरी १ लाख ४ हजार वर्ग माइलको विशाल नेपाल बनाएका थिए ।

रणबहादुर शाहको खराब चरित्रको कारणले तराईवासी विधवा बाहुनी झाकी छोरी र मिश्रको पत्नी पशुपतिनाथ दर्शन गर्न आएकी बिधवा थिइन् र उनलाई जबरजस्ती ल्याएर पत्नी बनाए । त्यसै क्रममा उनले पनि मबाट जन्मेको सन्तान राजा हुन पाउनुपर्छ भनिन् । उनले मौखिक रूपमा हुन्छ भन्दा पनि बिवाह गर्न मन्जुर भइनन् । आफ्नो विवाहिता रानी पट्टिको छोरालाई देखाएर उनी मन्जुर भइनन् । अन्त्यमा रणबहादुर शाहले आफ्नो जेठो छोरा रणेन्द्रको हत्या गराए । त्यसपछि कान्तिमतिले विवाह गरिन् । विधिवत बडामाहारानी घोषित भइन् । उनले छोरा जन्माइन् जस्को नाम थियो-गिर्वाणयुद्ध बिक्रम शाह । सुत्केरी अवस्थादेखि नै उनी बिफरको रोगले ग्रस्त भई कान्तिवति मरिन् । त्यो रोग लागेको बेला शितलामाईको पूजा गर्नुपर्छ तर रणबहादुर शाहले उपत्यकामा भएका सबै देउताको पूजा गराए तर उनलाई फाइदा भएन त्यसै रोगले उनी मरिन् । र त्यो बेला जन्मेका सहरभरिका सबै बच्चाहरू मार्ने आदेश जारी गरेका थिए । र अन्त्यमा यो चण्डाल नजन्मेको भए मेरी रानी मर्ने थिइन । उनी यतिसम्म गर्दथे कि, भारदारी सभामा बस्दा समेत रानीले लाउने गरेको साडी काखीमा च्यापेर बस्थे । उनको पागलपनको परिणाम छोरालाई पनि मारी दिनू भन्ने आदेश जारी गरे पछि भारदार सबै सजग भए र काजी दामोदर पाण्डे र जेठी रानीले बच्चा बोकेर नुवाकोट गई बसिन् । दुई नम्बरका काजी लछिमन रानाले भारदारी बैठक बसालेर रणबहादुर शाहलाई गद्दी त्याग गराए । त्यागपत्रमा लेखिएको छ म ४० वर्षको वृद्ध भएँ त्यसर्थ राजकाज चलाउन असमर्थ भएको छु । स्वामी भेष धारण गरी कासी बास गई बस्न चाहन्छु र नानी महाराजलाई राज गद्दी दिएको छु । त्यसरी उनलाई कासी बास पठाउदा भीमसेन थापालाई पनि सँगै पठाइएको थियो ।

उनको विवाहित दोस्रो पत्नी पनि सँगै गएकी थिइन् । तर उनको यौन कुकर्मका कारण रानी पछि फर्केर नेपाल आइन् । त्यतिबेला रणबहादुर शाहकालागि महिनामा ४० हजार रूपैया पठाउने गरिएको थियो । त्यसले नपुगेर साहु महाजनसँग ऋण लिएर खर्च गर्न थाले । दुई पटकसम्म त्यो ऋण पनि सरकारले तिरिदियो । बनारसमा भएका कुकर्मको लामो बृतान्त छ, त्यो सबै उल्लेख नगरौं । यसबारे स्व. सरदार भीमबहादुर पाण्डेले राष्ट्रभक्तिको झलक नामक पुस्तकमा उल्लेख गरिसकेका छन् । हामीले बाल्यकालमा पढन पाएको गोरखनाथको इतिहासमा राजा पृथ्वीनारायण शाहलाई १० पुस्ताको लागि यो राज्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएका छौं भनी गोरखनाथले पृथ्वीनारायण शाहलाई आशीर्वाद दिएका थिए । त्यसबेला हामीलाई कथा जस्तो लाग्थ्यो तर अहिले आएर दशौं पुस्ताका राजा वीरेन्द्र वीर बिक्रम शाहको सम्पूर्ण वंश नाश गरिएको हुनाले गोरखनाथको वाणी साँच्चै जस्तो लागेको छ ।

नेपालको इतिहास हेर्दा प्राचीन खसराजाहरूको विशाल नेपाल, किराँत राजवंशको ३२ पुस्ते लामो शासनकाल, लिच्छविवंशको विशाल नेपाल र काठमाडौंका राजा यक्षमल्लको विशाल नेपालको उल्लेख पाईन्छ । यक्षमल्लले नेपालको एकीकरण गर्दा पश्चिममा राप्ती नदी र पूर्वमा दार्जिलिङ्ग तथा सिल्लिगुडीको महानदीसम्म एकीकरण गरेका थिए । उनको मृत्यु पछि काठमाडौं उपत्यकालाई नै अंशबन्डा गरेर मल्लवंश उपत्यकामा मात्र सीमित हुन पुग्यो । काठमाडौं पश्चिम बाइसे र चौबिसे राज्यमा पश्चिम पहाड विभाजित भयो भने, माहाकाली नदी पारी १८ ठकुराई र १२ ठकुराई बने । पाल्पादेखि भुटानको सिमानासम्म ५ ओटा सेन राज्य समेत ८४ राज्यमा विभाजित भयो । जसलाई पृथ्वीनारायण शाह उनकी बुहारी राजेन्द्र लक्ष्मी र पृथ्वी नारायण शाहका कान्छा छोरा बहादुर शाह समेतको नेतृत्वमा यो ८४ टुक्रामा खण्डित नेपाल पुनः एकीकृत राष्ट्र हुन पुग्यो ।यो काम शाहवंशको नेतृत्वमा भएको थियो । कुमाउँ र कर्णालीबाट आएका नारायण अर्याल, श्रीपाली बस्नेत, गंगा राना, गणेश पाण्डे, सर्वेश्वर खनाल, खपतड्ी बस्नेत, भगीरथ पन्त, पार्थ भण्डारी, र बगाले थापाहरू पूर्ण सहयोगीको रूपमा दोस्रो तहका कमान्डर थिए भने, वास्तविक लडाकुहरू गुरुङ, मगरहरू र अन्य खसबंशी क्षेत्रीहरू थिए । नेपालीहरूमा देशप्रेम र पूर्ण मानव मूल्य चरित्र हुँदासम्म यो देश सुरक्षित रह्यो । दक्षिणमा ६६२ राज्यमा विभाजित बिभिन्न भारतीय राज्यहरू थिए र उनीहरूमा पनि राम्रो मेलमिलाप थियो । यवनहरूको प्रवेश र पछि मुगलहरूको प्रवेश भए पछि त्यो देशले आफ्नो सार्वभौमसत्ता गुमाउनु परेको थियो भने, १५औं शताब्दीको अन्त्यतिर फिरङ्गीहरूको प्रवेश भएपछि सिङ्गो भारत मात्र नभएर, फिलिपिन्स, इन्डोनेसिया आदिसमेत अधिनस्त पारेर २०० वर्ष साशन र शोषण गरे । त्यही प्रवेशले हाम्रो बीचमा अन्तरद्वन्द सृजना भएकै कारण ४८ प्रतिशत हाम्रो भूमि पनि खोसे । महाकाली पारि र मेचीपारि मात्र होइन दक्षिण तर्फका जमिनसमेत फिरङगीहरूले कब्जा गरे । त्यसकालको हाम्रो समाजमा पढेलेखेका मानिसहरूको सङ्ख्या हेर्दा सम्पूर्ण जनसङ्ख्याको २ वा ३ प्रतिशत मात्र भएको प्रतीत हुन्छ । आज हाम्रो सङ्ख्या ८० प्रतिशत पुगेको छ । त्यसबेला हाम्रा मानिसहरू पेटको भोका मात्र थिए मानसिक दरिद्र थिएनन् । आज हाम्रो समाजमा मानसिक दरिद्रहरू धेरै भए । तसर्थ समाजको बिभाजन पद र पैसामा डुब्न चाहनेहरूको सङ्ख्या अत्यधिक भएको कारणले आइलागेको छ ।

राजा द्रव्यशाहले गोरखा राज्य स्थापना गर्दा सहयोगीको रूपमा आइपुगेका थरघरहरू मध्येका विद्वान् नारायण अर्यालका वंशमा दण्डपाणि अर्याल नामक व्यक्ति पनि असल चरित्रका विद्वान् थिए । त्यस वंशका सन्ततिले उनको नाममा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र भन्ने संस्था बनाएका छन् । त्यसै संस्थाले बार्षिक रूपमा निकाल्ने ज्ञानबिन्दु नामक अनुसन्धानमूलक पत्रिका प्रकाशित गर्ने गर्छ । त्यसै संस्थाको उपाध्यक्षको आग्रहमा मैले यो लेखेको हु । आग्रह गर्नु हुने मित्रलाई धन्यवाद दिन चाहन्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख

नेपालको इतिहास र हाम्रो कर्तव्य

शङ्कर अर्याल

१. सङ्क्षिप्त परिचय

नेपाल विश्वको सबैभन्दा पुरानो मुलुकहरूमा पर्दछ । एशिया महादेशको दक्षिण दिशामा रहेको नेपालको दुई विशाल छिमेकी उत्तरमा चीन र दक्षिणमा भारत रहेको छ । २,००० वर्षभन्दा बढीको लिखित इतिहास भएको यो देश धर्म संस्कृति तथा जीवन्त इतिहासको धरोहर हो । नेपाल विविध जात जाति, भाषा भाषी, विविध संस्कृतिको सङ्गमको रूपमा रहेको छ । यहाँ परम्परागत रूपमा हिन्दूधर्मको प्रधानता रहेता पनि पछि गएर बुद्ध, इस्लाम तथा हाल आएर अन्यधर्मको पनि उपस्थिति रहेको छ । यस्तै आर्यन मङ्गोलियन लगायत विविध जातीय समूहहरूको अस्तित्व पम्परागत रूपमा नै रहँदै आएको छ ।

भौगोलिक रूपमा हिमाल, पहाड र तराइ, विभिन्न ठूलानदीहरू जस्तै कोशी गण्डकी कर्णाली तथा त्यसका उपनदी प्रणालीले देशलाई क्षेत्रिय रूपमा पृथक पहिचान दिएको छ । पूर्व तथा पश्चिम गरी करीब १,००० कि.मि. लामो लम्बाइ तथा उत्तर दक्षिण गरी सामान्यतया करीब २५० कि.मि. चौडाई रहेको नेपालमा साना दूरीमा नै विविध हावापानीको अवस्थिति रहेको भौगोलिक क्षेत्र रहनुले जलवायु र मौसमको दृष्टिकोणले विविधतापूर्ण रहेको छ ।

२. ऐतिहासिकक्रमः प्राचीनकाल र लिच्छवीकाल

ऐतिहासिकरूपमा हेर्दा नेपालमा प्राचीन कालमा गोपालवंशी, महिषपालवंशी, आभीर वंशी, राजाहरूले सुरु सुरुमा शासन गरेको पाइन्छ । प्राचीनकालमा पोखरीको रूपमा रहेको काठमाडौं उपत्यकालाई भगवान श्रीकृष्णले चक्र प्रहार गरी चोभारको गल्छीबाट पानीको उपत्यका बाहिर निष्काशन गरेपछि यो क्षेत्र वस्तीलायक भएको र सुरुमा श्री कृष्णका नै वंशज गोपाल वंशीहरूले शासन गरेको भन्ने इतिहास पाइन्छ । त्यसैगरी नेपाल नामको सम्बन्धमा इतिहासमा उल्लेखित भई आए अनुसार प्राचीन कालमा प्रसिद्ध ने मुनिद्वारा पालित, अनुप्राणित एवं उपदिष्ट यो क्षेत्रको नाम नै नेपाल भएको पाइन्छ । गोपालवंशी, महिषपालवंशी, तथा आभीर वंशी राजाहरू पश्चात् नेपालको शासन लामो समय किराँतवंशी राजाहरूले गरेको पाइन्छ । किराँतहरूको काठमाडौं उपत्यकामा उपस्थिति पशुपति क्षेत्रमा रहेका श्री किराँतेश्वर महादेवको अवस्थितिले पनि स्पष्ट पार्दछ । किराँतकालमा यलम्बर, थुम्को जस्ता प्रतापी राजाहरूले शासन र देशको क्षेत्र विस्तार गरेको पाइन्छ । किराँतकालपछि काठमाडौं उपत्यकामा भारतको वैशालीबाट लिच्छवीराजाहरूको आगमन भएको र उनीहरूले किराँतीहरूलाई पूर्वतिर धपाई शासन गरेको पाइन्छ । लिच्छवीराजाहरूको शासनकालमा धर्मसंस्कृति तथा कलाहरूको ठूलो विकास र उन्नति भएको पाइन्छ । यस कालमा मानदेव, शिवदेव, अंशुवर्मा जस्ता प्रतापी शासकहरू भएको तथा मानदेवले राज्यविस्तार गर्दै पश्चिम

लेखक नेपाल सरकारको मुद्रण विभागमा महानिर्देशक हुनुहुन्छ। –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गण्डकी तथा पूर्वमा कोशीपारि क्षेत्रहरूसम्म पनि राज्य विस्तार गरेको पाइन्छ । यसकालमा मानदेवले निर्माण गरेको मानगृह, अंशुवर्माले निर्माण गरेको कैलाशकूट भवन जस्ता विशाल र कला तथा स्थापत्यपूर्ण भवनहरूको वर्णन चिनियाँ तीर्थयात्री हुवेन साङ्ले समेत गरेको पाइन्छ । नेपालमा विद्या, कला तथा सभ्यताको दृष्टिकोणले उच्च विकास भएको तथा शासकीय प्रबन्ध कौशलता अत्यन्त राम्रो रहेको भनी उनले उल्लेख गरेको पाइन्छ । यी विविध कारणहरूले गर्दा नेपालमा लिच्छवी कालीन शासनको समयलाई स्वर्णयुग भन्ने समेत उल्लेख भएको छ ।

३. मल्लकाल

लिच्छिवी कालपछि नेपालमा मल्लकालको प्रारम्भ भएको पाइन्छ । मल्लकालमा सुरुमा यक्षमल्ल, जयस्थिति मल्लजस्ता प्रतापी राजाहरूले उपत्यकाभन्दा बाहिर पूर्वमा दोलखा तथा पश्चिममा नुवाकोट क्षेत्रहरूसम्म राज्य विस्तार गरेको पाइन्छ । जयस्थितिमल्लको समाज सुधार तथा कायम गरेका रीतिस्थितिको वर्णन इतिहासमा महत्वका साथ प्रशंसा गरिएको छ । काठमाडौं उपत्यकामा काठमाडौं, ललितपुर र भक्तपुरको रूपमा राज्य विभाजन पश्चात् काठमाडौंमा महेन्द्रमल्ल, प्रतापमल्ल ललितपुरमा सिद्धिनरसिंह मल्ल, श्री निवासमल्ल, त्यसै गरी भक्तपुरमा भूपतीन्द्रमल्ल तथा रणजितमल्ल जस्ता प्रतापी राजाहरू भएको इतिहास छ ।

मल्लकालमा पनि काठमाडौं, ललितपुर तथा भक्तपुरमा ऐतिहासिक दरबारहरू, काठमाडौंको रानीपोखरी जस्ता ऐतिहासिक र सांस्कृतिक धरोहरको निर्माण भएको थियो । त्यसैगरी साहित्य कला र संस्कृतिको विकास तथा इन्द्रजात्रा, मच्छिन्द्रनाथको भोटोजात्रा, जस्ता ठूला जात्राहरूको सुरुवात भएको पाइन्छ । नेपाल उत्तरतिरको भोट र दक्षिणतिर को भारतका विभिन्न राज्यहरू बिच व्यापारीक नाकाको रूपमा स्थापित भई वाणिज्य क्षेत्रमा पनि विकास भएको पाइन्छ । यसले गर्दा कृषिक्षेत्रको आत्मनिर्भरतामा व्यापारको विकासको कारणले समेत थप टेवा दिई समग्रतामा देश र जनताको संम्पन्नता बढेको इतिहासकारहरूले उल्लेखित गरेका छन् ।

४. शाहकाल

मल्लकालपछि नेपालमा शाहवंशको शासनकाल आरम्भ भएको पाइन्छ । गोरखाका राजा द्रव्य शाहबाट गोरखामा शाहवंशको शासन प्रारम्भ भएको थियो । राजा द्रव्यशाहले सुरुमा लिगलिग कब्जा गरी त्यहाँ १ वर्षजति शासन गरी घलेराजालाई पराजित गरी गोरखाराज्य कब्जा गरी गोरखामा शासन प्रारम्भ गरेको इतिहास छ । द्रव्यशाह लमजुङ्का राजा नरहरि शाहको कान्छा छोरा भएको र उनलाई लमजुङ्बाट गोरखा ल्याई राज्य गर्न सहयोग गर्ने क्रममा नारायणदास अर्याल तथा गणेश पाँडेको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यसका साथै छ थरघर जस्तै पाँडे, पन्थ, अर्याल, खनाल, भट्टराई, बोहरा आदिको पनि यसमा ठूलो योगदान भएको कारण गोरखाको शासकीय प्रबन्धमा पनि छ थरघरले पछिसम्म पनि अहंभूमिका निर्वाह गरेको पाइछ । गोरखाराज्य सम्बन्धी इतिहासविज्ञ आदरणीय दण्डपाणी अर्यालले पनि यस बारेमा आफ्ना विभिन्न कृतिहरूमा विस्तृत प्रकाश पार्नुभएको छ । द्रव्य शाहले स्थापना गरेको गोरखा राज्यमा पछि गएर राम शाह, पृथ्वी पति शाहजस्ता सुधारवादी र पराक्रमी राजाहरू भएको पाइन्छ । यसमा राजा रामशाहको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयमा गोरखा राज्यको सीमा विस्तार भई पूर्वमा नुवाकोट, पश्चिममा लमजुङ्ग, उत्तरमा भोटसम्म पुगेको थियो । राजा रामशाहले गरेको समाजसुधार, शासकीय, प्रबन्ध तथा न्याय व्यवस्थाको प्रसिद्ध त्यसबेला सबैतिर फैलिएकोले "न्याय नपाए गोर्खा जानू" भन्ने भनाइ नै उखानको रूपमा प्रचलित छ । राजा रामशाहको पालामा गोरखकाली मन्दिर सहितको गोरखादरबार एवं पृथ्वीपतिशाहको पालामा रामेश्वर महादेव मन्दिर, रानीपोखरी लगायत विविध मन्दिरहरूको निर्माण भएको थियो । यससन्दर्भमा पहाडी राज्य भएतापनि शासकीय प्रबन्ध तथा शिक्षा कलासंस्कृति तथा व्यापारमा ध्यान दिएको कारण गोरखा राज्यको स्तरवृद्धि भई शासकहरूको हैसियत समेत बढ्न गई गोरखा राज्यभन्दा बाहिर समग्र नेपालको स्थितिलाई समेत हेरी राज्य विस्तारको ऐतिहासिक आवश्यकतालाई महसूस गरी तदनुरुप कदम चाल्न सुरु गरेको पाइन्छ ।

५. शाहकालः नेपाल एकीकरण पूर्वार्ध

बडामहाराजा पृथ्वीनारायणशाहका बुबा राजा नरभूपालशाहको पालामा प्रारम्भभएको नुवाकोट तर्फको विजयको प्रयासलाई यसको उदाहरण रूपमा लिन सकिन्छ । जसलाई पछि गएर पृथ्वीनारायण शाहले साकार तुल्याए ।

यसक्रममा पृथ्वीनारायण शाहले विजय अभियान अघि बढाउनको लागि काठमाडौं उपत्यकाको भक्तपुरमा आई राजारणजित मल्लका छोरा वीरनरसिंहसँग मितेरी सम्बन्ध गाँसी केही महिना बसेर उपत्यकाको राजनैतिक स्थिति अध्ययन गरेका थिए । त्यसैगरी मकवानपुरका प्रभावशाली राजा हेमकर्ण सेनको छोरीसँग विवाह सम्पन्न गरी बलियो सम्बन्ध कायम गर्ने मनसुवा गरेका थिए । तर मकवानपुर राज्यसँग अनमेल भएपछि काशीगई काशीराजाकी राजकुमारीसँग विवाह गरी वैवाहिक सम्बन्ध गाँसी त्यहाँबाट फर्किदा आवश्यक युद्ध सामग्रीका साथै दक्ष कालिगडहरूसमेत लिई आएका थिए । यसैक्रममा त्यसबेलाका प्रभावशाली बाइसे चौबीसे राज्यहरू जस्तै पाल्पा, लमजुङ्ग, तनहुँ आदिसँग सम्बन्ध समेत सुधार गरी राम्रो पारी सबैतिर विश्वस्त भई पूर्वतिर को विजय अभियान अघि बढाएका थिए ।

राजा पृथ्वी नारायण शाहले नुवाकोटबाट विजय यात्रा प्रारम्भ गरी काठमाडौं उपत्यकाका कान्तिपुर, ललितपुर तथा भक्तपुर राज्यहरू कब्जागरी नेपाल एकीकरणलाई ठोस रूप दिए र पूर्वको टिष्टासम्म नेपालको सीमाना पुऱ्याइ आफ्नो समयमा नेपाल एकीकृत अभियान लाई नेतृत्व प्रदान गरेका थिए । पछि यसलाई उनका छोरा प्रतापसिंह शाह, बुहारी राजेन्द्रलक्ष्मी तथा कान्छा छोरा बहादुरशाहले अघि बढाई नेपालको सीमाना पश्चिम वाइसे चौवीसे लगायत राज्यहरूलाई विजय गर्दै पश्चिमको देहरादुनसम्म पुऱ्याइ रोकिएको थियो ।

६. नेपाल एकीकरण उत्तरार्ध र त्यसपछि

भारतमा अंग्रेजहरूको साम्राज्य विस्तारसँगै नेपालको शक्ति अंग्रेजको शक्तिसँग जुध्न पुग्यो । त्यसपश्चात् नेपालको सीमा विस्तार अभियान अघि बढ्न सकेन । नेपाल र भारतको अंग्रेजी उपनिवेश सत्ताको बिचको करिब २ वर्ष लामो सङ्घर्षपछि सुगौली सन्धि भए पश्चात् नेपालको आजको भौगोलिक स्वरूप निर्माण भएको हो । यसमा प्रधानमन्त्री जङ्गबहादुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राणाले ब्रिटिस भारतसरकारलाई रिझाई बाँके बर्दिया लगायत चार जिल्ला समेत थपेपछि आजको नेपाल पूर्ण रूपमा बनेको हो । शाहवंशका राजा पृथ्वीनारायण शाह नै नेपाल एकीकरणको परिकल्पनाकार प्रारम्भकर्ता त्यसलाई मूर्तरूप दिने एकीकृत नेपाली राष्ट्रको निर्माताका रूपमा प्रसिद्ध छन् । पृथ्वी नारायण शाहको दूर दृष्टि, शासकीय कौशल, रण कौशल, राज्यप्रबन्ध तथा अन्य देशहरूसँग राख्नुपर्ने सम्बन्धका बारेमा पृथ्वीनारायण शाहले आफ्नो जीवनको अन्तिम घडीमा व्यक्त गरेका दिव्योपदेशमा उल्लेख भएको छ । उक्त दिव्योपदेश आजपनि नेपालको लागि आवश्यक, सान्दर्भिक, अध्ययन योग्य तथा मननीय रूपमा रहेको छ । नेपाल एकीकरण क्रममा वीर बलभद्र कुँवर, काजी कालु पाँडे, भक्ति थापा, अमरसिंह थापा, दामोदर पाँडे, भीमसेन थापा, रामकृष्ण कुँवर, शूर प्रताप शाह, विराज वखेती मगर, झागल जुरुङ्ग, शूरप्रताप शाह र अभियान सिंह बस्नेत जस्ता शूरविर योद्धाहरू एवं वीरभद्र अर्याल, भानु अर्याल, शक्तिबल्लभ अर्याल, र कुलानन्द ढकाल, दुर्लभ लामिछाने जस्ता विद्वत्वर्गहरूको समेत ठूलो योगदान रहेको थियो । त्यसैगरि विसे नगर्ची लगायत समाजका विभिन्न क्षेत्रका व्यक्तित्वहरूको पनि आ-आफ्नो ठाउँबाट ठूलो योगदान भएर नेपाल एकीकृत भएको हो र आजको समग्र विशाल नेपाल बन्न पुगेको हो । शाहवंशीय कालमा नेपालमा ठुलाठुला परिवर्तनहरू भए । एकीकरणको कार्य टुङ्गिएपछि देशमा प्रायः जसो राजाहरू बाल्यकालमा नै राजा हुने परिस्थितिले गर्दा दरबारभित्र भाइभारदार बिचको महत्वाकाङ्क्षा वृद्धि र शक्ति सङ्घर्षको परिणाम स्वरूप बढेको अशान्ति र अस्थिरताको स्थितिले देश लामो समय अल्झियो । यस बीचमा मुख्तियार भीमसेन थापा, प्रधानमन्त्री माथवरसिंह थापा रङ्गनाथ शर्मा जस्ता व्यक्तित्वहरूले देशको शासनलाई स्थिरता दिने प्रयास गरे । भीमसेन थापाले शासकीय प्रबन्धमा विभिन्न सुधार गरे र ऐतिहासिक धरहराको निर्माण लगायत विभिन्न कार्य गरे । प्रधानमन्त्री जङ्गबहादुरले मौकाको फाइदा उठाउँदै राणाशासनको प्राम्रभ गरे जुन १०४ वर्षसम्म चल्यो । जङ्गबहादुर राणाकै शासनकालमा नेपालमा पहिलो मुलुकी ऐनको निर्माण भयो ।

साहित्य र संस्कृतिको क्षेत्रमा पनि शाहवंशीय कालमा नयाँ कुराहरूको सुरुवात भए । आदिकवि भानुभक्त आचार्यले रामायण लेखे । त्यसैगरी युवाकवि मोतिराम भट्टले भानुभक्तलाई नेपाली जनमानससँग परिचित गराए । गोरखापत्रको प्रकाशन प्राम्रभ देवशमशेरको शासनकालमा भयो । कविशिरोमणिलेखनाथ, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटककार बालकृष्ण सम, युगकवि सिद्धिचरण श्रेष्ठ, कवि माधव घिमिरे जस्ता कविहरूको उदय भयो । त्यसै पण्डित हेमराज पाण्डे, सोमनाथ सिग्देल आदिबाट नेपाली व्याकरणको क्षेत्रमा ठूला कार्य सम्पन्न भए ।

७. आधुनिककाल

यसैबिच राणाशासन हटाउन विभिन्न आन्दोलन भए जसमा धर्मराज, दशरथ चन्द, शुक्रराज शास्त्री, गङ्गालाल सहिद भए । २००७ सालको परिवर्तन पश्चात् नेपालमा प्रजातन्त्रको युग प्राम्रभ भयो । नेपालमा प्रजातन्त्रको युगल्याउनमा टङ्कप्रसाद आचार्य, मातृका प्रसाद कोइराला, विश्वेश्वर प्रसाद कोइराला तथा गणेश मानसिंह आदिको ठूलो भूमिका रह्यो । २०१५ सालमा प्रथम जननिर्वाचित सरकारको गठन भयो । जसको नेतृत्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाबाट भएको थियो । त्यसपछि २०१७ सालदेखि २०४६ सम्मको अवधिमा नेपालमा पञ्चायती व्यवस्था आयो । जसको प्रत्यक्ष नेतृत्व पहिले राजा महेन्द्रबाट र पछि राजा वीरेन्द्रबाट भयो । यसपछि २०४६ सालमा जनताको आन्दोलन पश्चात् पुनः बहुदलीय प्रजातान्त्रिक व्यवस्था आयो । जसको नेतृत्व वरिष्ठ काङ्ग्रेस नेता गणेशमान सिंहबाट भयो । यसमा काङ्ग्रेस नेताहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र वाममोर्चाका नेताहरूमा मनमोहन अधिकारी, मदन भण्डारी, निर्मल लामा आदि अंग्रपक्तिमा थिए । २०४६ सालमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको व्यवस्थाभए पछि प्रधानमन्त्री कृष्णप्रसाद भट्टराइको नेतृत्वमा अन्तरिम सरकार गठन भयो र नयाँ संविधान निर्माण भई निर्वाचनसमेत भयो । निर्वाचन पश्चात् प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भइ नयाँ प्रजातान्त्रिक उद्देश्यका साथ बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको युग प्रारम्भ भयो । २००७ सालपछिको यस अवधिमा नेपालमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदिक्षेत्रमा आधुनिकीकरण र विकास पनि केही अघि बढ्यो ।

८. लोकतान्त्रिक शासन व्यवस्थाको युग

यसबीचमा प्रधानमन्त्री मनमोहन अधिकारी लगायत विभीन्न नेताहरूको नेतृत्वमा विभिन्न सरकारहरू निर्माण भए । २०५२ सालमा माओवादी जनयुद्ध प्रारम्भ भयो । यही बीचमा २०५८/२/१९ मा नेपालमा राजदरबार हत्याकाण्ड भयो जसमा राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र लगायत राजपरिवारका अधिकांश सदस्यहरूको हत्या भयो । तत्पश्चात् नेपालमा ज्ञानेन्द्र शाह राजा भए । यसैबिचमा माओवादी आन्दोलनले चरमरूप लिएपछि नेपाली काङ्ग्रेस, नेकपा. एमाले लगायतका विभिन्न दलहरू मिली भारतमा बारबुँदे सम्झौता गरे पश्चात् २०६२/०६३ मा पुनः जन आन्दोलन भयो र पहिले विघटित प्रतिनिधिसभा पुनर्स्थापना भयो । पुनःस्थापना पश्चात् उक्त प्रतिनिधिसभाको बैठकले वि.सं. २०६५ मा नेपालमा राजतन्त्रको अन्त्य गरी गणतन्त्रको सुरुवात भएको घोषणा गऱ्यो ।

९. निष्कर्ष

यसरी आज हामी नेपालमा गणतन्त्रको युगमा आइपुगेका छौं । हाम्रो देश नेपालको इतिहास धेरै लामो र गौरवमय छ । हामीले आफ्नो इतिहासलाई अध्ययन गर्नुपर्छ र बुझ्नुपर्छ । हाम्रो यो देशको धर्म, संस्कृति र कलाको आफ्नो बेग्लै अस्तित्व, महत्व र मौलिकता छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न भूखण्डमा रहेका जात जाति, भाषा भाषी, धनी गरिब सबै नेपालीहरूले आ-आफ्नो इतिहास र पहिचानको राम्रो सँग अध्ययन गरेमा हाम्रो एकता प्राचीनकालदेखि चल्दै आएको धर्म संस्कृति र एकआपसको भाइचारा सम्बन्धको आधारमा स्वर्णिम इतिहासको रूपमा रहेको पाँउछौं । त्यसलाइ कायम राखी अघि बढेको खण्डमा हामीलाई आफ्नो देश विकास गर्न गाह्रो पर्दैन । हामी नेपाली साना तिना स्वार्थमा आपसमा झगडा गर्नु हुँदैन र फुट्नु पनि हुँदैन । हामीले आफ्नो वीर पुर्खाहरूप्रति र देशको इतिहास प्रति गर्व गर्नुपर्छ । हामीले आफ्नो मौलिकता र पहिचानको संरक्षण गर्दै एक आपसमा मिलेर रहनसकेमा हामी अघि बढ्न सक्छौं र विकास पनि सजिलै गर्न सक्छौं । यही नै वास्तविक लोकतन्त्रको मर्म पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियात्रा

बिर्सिन नसकिने सिक्किम यात्रा

दीपकबाबु अर्याल

रात्रीबस नचढेको धेरै वर्ष भएछ, यात्रा सम्झनेबित्तिकै दिक्क लाग्ने हुन थालेछ । आजको यात्राको प्रस्थान रात्री बस नै भएकोले मन त्यति उत्साहित थिएन । तर मैले यो मनोभावलाई आफ्नो विम्बमा कत्ति पनि देखाउँन मिल्दैन थियो किनकि मेरा साथमा श्रीमती गीता, छोरी गृष्मा लगायत अन्य आफन्त र मित्रहरू पनि थिए यात्राका सहयात्रीहरू । कमाण्डर त नभनौ तर परिस्थितिले मलाई यस यात्राको उप–कमाण्डर बनाउने निश्चित प्रायः थियो । उप–कमाण्डर नै विचलित भएपछि यात्रा कस्तो हुने ? त्यसैले पनि म संयमित थिए । कलङ्कीमा बसको प्रतीक्षामा बसुन्जेलसम्म सहयात्रीहरू एक से एक आँखामा भन्दा थाप्लोमा चस्मा सिउरिएर जम्मा हुन थाले । एकै छिनमा हाम्रो समूह जम्माजम्मी चौध जना, जसमध्ये बाह्र जना महिला र दुई जना पुरुष भयौं । यसपछि एकआपसमा छुट्टी हाल्ने हो भै गरेर कलङ्कीको व्यस्त सडक पेटीमा पोज दिई दिई केही स्नाप फोटाहरू खिची मात्र के सकिएको थियो अगाडिकै सिसामा ठूल्ठूला अक्षरले पशुपतिनगर, दार्जलिङ्ग लेखेको बस हाम्रै अगाडि आएर घ्याच्च रोकियो । सोध्नु खोज्नु केही नगरीकन हाम्रो समूह फटाफट बसभित्र चढिहाल्यो । धन्न हामी जाने नै बसे परेछ । बसमा अन्य यात्रीहरू अघिनै बसिसकेका थिए । हामीलाई छुट्याइएको सिटहरू पछाडिको लहरतिर रहेछ, अमिलिंदै ती सिटमा गएर बस्यौं, बस रमाना भइहाल्यो ।

बस गुडेको मात्र के थियो, दाँया बाँयाबाट प्लास्टिक बजेजस्तो आवाज निस्कन थाल्यो, यसो नियाल्दो भाको त अपुङ्गीले खानेकुराका डब्बाहरू फुटाइ रहेका । मेरा बाबै थानकोट पुग्दा नपुग्दै बस त हाम्रै समूहले कब्जामा लिइसकेका जस्तो पो देखिन्थ्यो । अन्य यात्रुहरू विवश थिए विचराहरू । उनीहरू हामीसँगै सहकार्य गर्न पनि नौला थिए, प्रतिवाद गर्न पनि असमर्थ थिए, उनीहरूको विवशता हामी सहजै अनुमान गर्न सक्दथ्यौं । बसभित्रको रमाइलोमा रमाउँदै झ्यालबाट बाहिर नियाल्न लागैं । जीवनका तीन दशक उकाली-ओराली गरेका भन्ज्याङ्गहरू आज मलाई विचित्र सुन्दर लाग्दै थियो, यसअघि यस्तो कहिल्यै भएन । सँधै गन्तव्य पुग्ने हतारोमा यी प्राकृतिक छटाहरूको रसास्वादन नै नगरेको रहेछु क्यारे मैले ।

कति सुन्दर छ हाम्रो देश, परपर क्षितिजसम्म आँखा तन्काउँदा पनि सुन्दरताको रसास्वादन गर्ने तृप्ति नै नमेटिने । क्यामरामा दृश्यहरू कैद गर्नको लागि जुनसुकै स्थान पनि परिपक्क । कालीगढले छाँटकाँट गरी निकै परिश्रमले कुँदेर चिटिक्क बनाएका मूर्तिका सुन्दरता जस्तै लाग्ने चटक्क काटेर मिलाइएका जस्ता खेतबारीका कान्लाहरू, कहिले खडेरी त कहिले अतिवृष्टिको मारले आहात भएका भीरपखेरा पनि भर्खर बिहानको सुवासमा ब्यूँतिएका जस्ता । कसरी वर्णन गरौं र खै ? मेरो देशको यी विशेषताहरूलाई ? यही सुन्दर प्राकृतिक छटाभित्रको मोहनीले त बाँधेको होला नि हामीलाई यही पाखो पखेरामा

लेखक स्मृतिकेन्द्रका सदस्य, सिटिइभिटीमा कार्यरत हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्घर्ष गर्नका लागि ! मन कल्पिन्छ यो सुन्दरतालाई पस्किन सक्ने दुरदर्शिता भएका केही सङ्ख्याका मात्र नेपालीलाई यस माटोमा अड्याउन सके विश्वको गन्तव्यस्थल बन्न सक्थ्यो होला मेरो देश । प्राकृतिक रसस्वादनसँगै कल्पनाको सागरमा डुब्दाडुब्दै सूर्यदेवले विश्राम लिने समय भएछ क्यारे, बाहिर केही नदेख्ने भयो । बसभित्र अघिकै रफ्तारमा नाचगान र हाँसीमजाक चलिरहेको छ, म भने ती सबै कुरालाई बेवास्ता गर्दै आँखा चिम्लिएर आराम गर्नतिर लागें ।

बेसरी उचालेर थेचारेपछि ब्यूँझिएछु, झकाएको रहेछु, । नराम्रोसँग आत्तिएँ, कतै अनिष्ट भइसकेछ कि जस्तो पनि लाग्यो ! तर केही भएको होइन रहेछ, हामी त नारायणगढ मुग्लिङ सडकखण्डमा प्रवेश गरेका रहेछौं । कसरी बयान गरौं र खै ? आकारमा अरू बसभन्दा लामो रात्रीबसको अन्तिम सिटका यात्री, अर्धनास्ती बनाइहाल्यो नि । मानौं नाङ्लोमा चामल राखेर फड्कारी रहेको छ बसले हामीलाई जस्तो लाग्न थाल्यो । मनलाई धैर्य बनाउने ठाँउ नै पाइएन । हामीहरू त पर्‍यौं आफ्ना रमाइलोको लागि घुम्नलाई निस्किएका यात्रीहरू, घुम्नलाई ननिस्किएको भए हामीले सायद यो सास्ती व्यहोर्नु पर्दैनथ्यो होला ? तर रात दिन कामको लागि ओहोरदोहोर गर्ने यात्रीहरूको कस्तो हाल भएको होला ? सम्झदा पनि दिक्क लाग्ने । स्वाधीन देशका जनता तर हामी कति धेरै पराधीन रहेछौं भन्ने कुराको अनुभव मुग्लिङ्ग नारायणगढ यात्राले छर्लङ्ग देखाइदियो । राज्यको अङ्गहरू कति धेरै निकम्बा, दैनिक सयौं सवारी साधनहरू र हजारौ यात्रुहरू ओहोर-दोहोर गर्ने मुख्य राजमार्गको त यस्तो हविगत छ भने अन्य सहायक मार्गहरूको कस्तो अवस्था होला ? तर हामी निरीह जनतासँग के नै विकल्प छ र ? केवल सहनु र व्यहोर्नुबाहेक । यस्तै कल्पदै उफ्रिदै थेचारिंदै अगाडि बढ्यौ । आजलाई त नारायणगढ पुगियो, फर्कने कसरी होला कुन्नि ?

बसको आफ्नै गतिमा उफार्दै थेचार्दै हेटौडाको नजिकै बस्तीपुरमा पुर्‍याएर जिब्रोमा नै अड्याउ जस्तो लाग्ने मीठो खाना ख्वाएर बस रन्काइ हाल्यो । मध्यरातमा फेरि बस रोकियो कहाँ होला भनी यसो बाहिर चिहाउँदा ढल्केवर रहेछ, म बाहिर निस्किहालें, गिलासको आधामात्र परिणाम तर कति मीठो चिया । अरू साथीहरूलाई पनि चियाको बखान गर्दै खानको लागि निम्ता दिए उहाँहरू सँगैं मैले पनि फेरि एककप थपेर खाइदिएँ । बस फेरि अघिकै रफ्तारमा गुडन थाल्यो, निदाँउँदै बिउझिंदै उफर्दै थेचारिंदै गर्दागर्दै बस घ्याच्च रोकियो, बाहिर ठूलठूला कलशको आकृति देखिन्छ, अन्य यात्रुहरू जिउ तन्काउँदै बाहिर झर्न थाले, हामीहरू पनि उनीहरूकै पछि लाग्यौं । सोधखोज गरेपछि थाहा भयो यो ठाउँ इलाम जिल्लाको 'जोर कलश' भन्ने ठाँउ रहेछ, यहाँ फ्रेस हुन र चिया नास्ताका लागि बस रोक्दो रहेछ । सामुन्ने कै जिल्ला विकास समिति इलामबाट निर्माण गरिदिएको भवनको जमिन तलामा हातमुख धुने र शौचालयको व्यवस्थापन, अहा ! कति सुन्दर व्यवस्थापन । चिसो र स्वच्छ वातावरणमा मज्जाले फ्रेस भई बिना हिचकिचाहट खोजीखोजी शुल्क तिरेर चियानास्ता गर्नतिर लाग्यौं । चिया खाँदै शहरबजारका शौचालयको व्यवस्थापन र यहाँको शौचालयको व्यवस्थापनको तुलना गर्न थाल्यौं, शहरबजारका शौचालयमा शुल्क तिर्न पनि लाज लाग्ने अवस्था छ भने यहाँ खोजीखोजी शुल्क तिर्न गएको सम्झदै फेरि एकपटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आफ्नै शहरलाई सम्झेर दिक्क भयौं ।

बसको हर्नसगै उक्लियौं बसभित्र । अब देख्न थालियो, यौवनले उन्मुत्त भएकी यौवनाको सुन्दरता जस्तै इलामको प्राकृतिक सुन्दरता र प्रकृतिका मनोरम छटाहरू । अहँ, कहीं कतै अलिकति पनि विश्राम गरेको छैन । यही प्राकृतिक सुन्दरताभित्र मानव निर्मित जस्ता देखिने स्काभेटरले काटेर मिलाइएका जस्ता लाग्ने डाँडाहरू साँच्चै फिल्मका लागि दृश्य कैद गर्न मिल्ने फिल्म नगरी जस्ता पहाडी कुनाकन्दराका स्थलमार्गहरू । बेलाबेलामा कञ्चनजङ्घाले पनि चिहाएर हामीलाई हेर्न थालेकी जस्तो पनि देखिंदै छ । सडकमा भन्दा बाहिरी संसारमा आँखा घुमाउँदा घुमाउँदै बस त फिक्कल पो आइसकेछ ।

फिक्कलको कन्याम चिया बगान, स्वर्गीय आनन्द । बेफ्रिक्रिसँग दौडिए हाम्रा दिदी बहिनीहरू चिया बगानको भित्रभित्रै चियाका बुटानसँग माया पिरती गाँसे जसरी चुम्बन गरीगरी अनगिन्ती सङ्ख्यामा फोटाहरू खिचे । अब के थियो र यो प्रकृतिले सिर्जित मानव निर्मित बगैचाभित्र निस्कन कोही खोज्दैनन् त ? एउटालाई निकाल्यो अर्कोभित्र अर्कोलाई निकाल्यो अर्कोभित्र । आफूलाई पनि यहाँबाट निस्कन कहाँ मन लागेको हो र ? बल्लबल्ल सडकमा के निस्किएका थियौं, घुमन्ते कुरेर बसेका घोडा हाम्रो समूहको आँखामा परिहाल्यो । अपुङ्गी घोडा चढेर फोटो खिच्न थालिहाले । हाम्रो आजको गन्तव्य दार्जलिङ्ग पुग्ने भएकोले अलिक हतारो नै थियो, कन्यामको प्राकृतिक सुन्दरताको रसस्वादन गर्नको लागि कसैको पनि धीत पुगेको थिएन । पुगोस पनि कसरी ? मनोरम दृश्यको भण्डार नै थियो कन्याम चियाबारी । तर समयले हामीलाई धकेलिरहेकोले आफ्नो मनलाई आँफैले थुमथुमाएर नमरी बाँचे तिमीसँग पिरती लाउनको लागि फेरि पनि आइन्छ है भन्दै निस्कियौ कन्यामबाट पशुपतिनगरतिर ।

नेपाल र हिन्दूस्तानको सिमाना पशुपतिनगरमा खाइपिइ गरी दाहिनेतर्फ मिरिक जाने बाटोलाई छोडेर बायाँतर्फको ओरालो बाटो लाग्दा भयौं दार्जलिङ्गतिर । साँघुरा नै बाटा भएपनि ठूला गाडीहरू नचल्ने भएका कारणबाट सानो मोटरको लागि बाटो मनग्गे पुग्ने थियो । अलिक अगाडि बढेपछि दायाँतिरको पारिलो डाँडाको कोखमा झुरूप्प परेको एउटा बस्ती देखियो, त्यो बस्ती के होला ? भन्न नपाउँदै गाडी गुरूजीले भनिहाले त्यो त खर्साङ्ग हो, त्यहाँ पुग्न यहाँबाट त्यस्तै डेढ घण्टा लाग्छ । हामी जाने त्यताबाट होइन त्यसैले यहीबाट मज्जाले खर्साङ्गलाई हेर्नु भनेर गलल्ल हाँसे उनी । बाल्यकालको सम्झना आयो मलाई फालिएका ब्याट्रीहरू जोडजाड गरेर थोत्रा रेडियोको मिटरलाई घुमाउँदै जाँदा मिठो नेपाली लवजमा यो खर्साङ्ग रेडियो हो भन्ने आवाज कानैमा गुञ्जिए जस्तो लाग्यो । खर्साङ्ग कहाँ पर्छ कति टाढा पर्छ भन्ने कुराको ज्ञान नभएतापनि ठाउँको नामसँग बालककालदेखि नै परिचित भएकोले अलिक धेरै मोह पलायो मलाई । त्यतैबाट जाउँ न गुरूजी मैले आग्रह गरे । काशी जाने कुतीको बाटो फेरि गुरूजी गलल हाँसे । विइण्डो लुक गरिहाल्नुस उनी सम्झाउँदै थिए । खर्साङ्गलाई विइण्डो लुक गदै गुरूजीको भनाइलाई नै साथ दियौं । नेपाली मूलका गुरुजी मज्जाका रहेछन् ।

तत्कालीन अँग्रेजहरूले मन पराएको दार्जलिङ्ग किन नराम्रो हुँदो हो र ? बाटाका दायाँबाँया ठूलठूला धुपीका रूखहरूले वातावरणलाई नवीनता प्रदान गरिरहेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दायाँबाँयाको मनमोहक दृश्यहरूलाई दृश्यावलोकन गर्दै रमाउँदै अगाडि बढदै थियौं, मोटरको स्पिड अलिक धीमा हुन थाल्यो, सायद शहर प्रवेश गर्दै छौ क्यारे हामीहरू ? हो रहेछ त शहरभित्र भित्रीसकेका रहेछौं । साँघुरा बाटा त्यहाँभित्र धेरै यातायातका साधनहरू अनि किन जाम नपर्नु त नि ? छुकछुक गर्दै कोइलाबाट चल्ने रेल धुँवाको मुस्लो उडाउँदै त्यही गुडेको छ, मोटरका लावालस्कर छन् अनि त्यही साँगुरा पहाडी बाटोमा पैदल यात्रु पनि ओहोर-दोहोर गर्नै पर्‍यो । अब के चाहियो र मोटर एक पाइला बढछ घ्याच्च रोकिन्छ गर्दै-गर्दै पशुपतिनगरदेखि डेढ दुई घण्टाको बाटोलाई भिमिक्क साँझ पर्ने बेलामा मात्र पुऱ्याइदियो । अब के घुम्नु र । होटलमा गएर झोला बिसाउँदैमा ठिक्क भयो आजको दिन ।

'बिहान चार बजे नै जानु पर्छ है टाइगर हिलबाट सूर्योदय हेर्नको लागि नत्र जाम परेर भोलिको दिन पनि त्यसै खेर जान्छ' भनेर अर्थ्याउँदै थिए हाम्रो यात्राको चाँजापाँजो मिलाइ दिने 'घुम्नजाउँ डट कम'का भाइ नीर सारू । 'हुन्छ हुन्छ' भन्दै खाइपिइ गरेर लाग्यौं ओच्छ्यानतिर ।

बिहान सखारैदेखि हल्लाखल्ला हुन थालिहाल्यो । हामी पनि हतारिदै निस्कियौं । गाडी अलिक माथि के बढेको थियो जाममा परिहाल्यो, गाडीबाट उत्रिएर हिडन थाल्यौं । टाइगर हिल भनेको त्यही हो, भन्दै अन्य यात्रुहरू पनि उक्लदै थिए, मेरा बाबै मान्छेको जन्ती देख्दा नै अत्यास लाग्दो थियो । डाँडामा पुगियो । अरूको सिको गर्दै उनीहरूले जतातिर हेर्दै छन् हामी पनि त्यतै हेर्न थाल्यौं । एकछिन हेरेपछि केही देखिएन अनि नजिकै भएका भलाद्मीलाई सोधेँ, 'हामी यो के हेर्दैछौं महाशय ?' उनी पश्चिम बंगालबाट आएका यात्रु रहेछन् हाँस्दै बंगाल मिश्रित लबजमा मलाई नै उल्टो सोधे, 'तपाई अहिलेसम्म के हेर्दै हुनुहुन्थ्यो ?'

'त्यतैतिर हेरेको हो तर केही देखिएन अनि तपाईलाई सोधेको ।' उनी मज्जाले एक हलको मेलो हाँसे अनि भने, 'अब सूर्य उदाउने बेला भयो हामी त्यही सूर्य झुल्कने प्रतीक्षामा छौं, उ त्यता हेर्नुस त्यो कञ्चनजङ्घा हिमाल हो अब उघ्रन्छ होला ?' दार्जलिङ्गको टाइगर हिलमा सूर्य उदाएको हेर्न गएको म बबुरो कठै आफैदेखि आफैलाई माया लागेर आयो । आफ्नो देशको कैयौ ठाउँबाट नाङ्ला जत्रो आकारमा सूर्य उदाएको देख्न कति पाइन्छ कति । अनि हिमालको त के कुरा गर्नु म आँफै माउण्टेन ब्वाई । यो समयमा हाम्रा हिमालहरू कति सुन्दरसँग हाँसेका छन् जताबाट जसरी फर्केर हेरे पनि हाँसेको नै देखिन्छ । आफू भने टाइगर हिलबाट घुम्टो ओढेकी कञ्चनजङ्घाको घुम्टो खुल्ने प्रतीक्षा गरिरहेको छौं । धिक्कार लाग्यो आफ्नो नादानीलाई । समूहका अन्य सहयात्रीहरू के के हेर्दैथिए कुन्नि मैले चाहि त्यो हेर्ने खेलोलाई मनभित्रबाट नै फालिदिएँ र लागे चियावाल्नीसँग भलाकुसारी गर्न । टाइगर हिलमा आउने हजारौ पयर्टकलाई बिहानको चिया खुवाउनको लागि थर्मसमा चिया बोकेर प्रशस्तै केटीहरू आउँदा रहेछन् । यहाँको दृश्य देख्दा यस्तो लाग्थ्यो यिनीहरूलाई टाइगर हिलले राम्रै रोजगारी दिइरहेको छ । यसै त मीठो लबजमा बोल्नका लागि खप्पिस दार्जलिङ्गेहरू झन व्यापारी नै भए । उनीहरूको बोलीमा अत्यन्त मिठास र मोहनी झल्कन्थ्यो । मोहित पार्ने लवजमा, 'एक कप चिया खाइदिनुहोस् न दाज्यू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भन्दै अनुनय विनय गरेपछि कुन चाहि दाज्यूले नकार्न सक्थे होला र ? मलाई त्यहाँको सूर्य उदाउने र कञ्चनजङ्घा हिमालको घुम्टो खुल्ने दृश्यले कत्ति पनि आकर्षित गर्न सकेन बरू चियावालीले आकर्षित गरे जस्तो पो लाग्यो बा । उनको थर्मसको तातो चिया खाँदै उनीसँगै बसेर फोटो खिच्नको लागि जमर्को गर्दै थिएँ श्रीमती गीताजी उताबाट कर्के आँखा लगाउँदै म भएतिर आइन, मैले चियावालीसँग भलाकुसारी गर्ने आफ्नो तृष्णालाई बीचैमा रोके, कसो कसो फोटो चाहिँ खिच्न भ्याइसकेका रहेछौं यतिञ्जेलसम्म । दायाँबाँयाको टुरिष्टहरू लाखापाखा लाग्न थालिसकेका थिए । तिनीहरूले यहाँबाट केके देखे कुन्नि ? मैले चाहि मान्छेको भिड र भिडभित्र केटीहरू थर्मस हल्लाउँदै एककप चिया खाइदिनुहोस् न दाज्यू । खाइदिनुहोस न दिज्यू । भन्दै हिडेको मात्र देखें ?

टाइगर हिलबाट ओरालै ओरालो तुफान कुदाएर भ्यू प्वाइन्टमा (जहाँ गोरखा स्मारक पनि रहेछ) लगेर गाडी रोकिदियो, अलिकति उकालो चढनेबित्तिकै मैदान भएको स्थलमा प्रशस्त बाइनाकुलर राखिएका रहेछन् छोरीहरू गृष्मा र आँचलले बाइनाकुलरलाई झ्याप्पै आक्रमण गरिहाले पछि त्यसका ज्याला माग्दा पो उनीहरू अक्क न पक्क परे । दिदी बहिनीहरूको समूह चाँहि चिया टिप्दा लगाउने पोशाकलाई आफ्नो जिउमा टाँसेर सुहाउँछ कि सुहाउँदैन भनेर एक अर्कासँग प्रतिक्रिया लिंदै थिए । त्यहाँ भाडामा त्यस्ता पोशाकहरू पाइदोरहेछ, दिदी बहिनीहरूले अपुङ्गी पोशाक रोजेर डोको बोक्दै फोटो खिच्नका लागि तम्सिहाले, ससाना धुपीका बुट्यानलाई अँगालेर फटाफट फोटो खिचे । भ्यू प्वाइन्टको विशेषता यहाँबाट दार्जलिङ्गको धेरैजसो भागको भ्यू सहजै देख्न सकिने रहेछ, तर पर्यटकहरू यहाँ उभिएर दार्जलिङ्गको दृश्यावलोकन गर्ने भन्दा पनि फोटो खिच्नमा नै तल्लीन हुने रहेछन् ।

ढिला नगरि त्यहाँबाट पनि सुइकिई हाल्यौ । सेन्ट जोसेफ स्कूल अगाडि पो आइएछ । यहाँ हाम्रा देशका राजा महाराजहरू र हुने खानेले अध्ययन गर्न जान्छन रे भनेको सुनेका थियौं आज प्रत्यक्ष स्कूललाई नै देख्न पाइयो, भित्र के कस्तो छ होला भन्ने मनभरी कौतुहलता थियो, भित्र जान भने अनुमति पाइएन । कम्पाउण्डभित्र ठूलो धेरै कोठाहरू भएका जस्तो देखिने घर, बाहिर मैदानमा बास्केटबल खेल्ने कोर्टको दृश्य आँखामा कैद गरियो । एकदिनमा सवै कुरा अवलोकन गर्ने निर्धारण गरिएको समयअनुसार कहीं पनि धेरैबेर अडिने हामीसँग समय थिएन, त्यसैले यो स्कूललाई पनि यति मात्र हेरेर तृप्ति भएको अनुभव गर्दै फेरि लाग्यौं ओरालै ओरालो । बोटानिकल गार्डेनमा पुगेर मोटर रोकियो, ढोकामै प्रथम सगरमाथा आरोही तेन्जिङ शेर्पाले आरोहण गर्दाको स्मरण झल्किने गरी सामग्रीहरूका साथै तस्बिरहरू प्रदर्शित रहेछ । त्यसैकै सामुन्नेमा रहेको चिडियाखानाका वन्यजन्तुहरूको अवलोकन गऱ्यौं । रेडपाण्डा पनि देख्न पाइयो दार्जलिङ्गमा पुगेर । यतिबेलासम्म दिन धेरै बितिसकेको थियो खाना खाइवरी आजै सिक्किम (गान्तोक) हान्निनु पर्ने निर्धारित समयलाई पच्छयाउन हम्मेहम्मे पऱ्यो । सरर गुड्न पाउने भए पो भनेको ठाँउमा समयमा नै पुगेर अर्को ठाउँमा जान पाइन्थ्यो ? दार्जलिङ्गको ट्राफिक ! धन्य व्यवस्थापन गरेका रहेछन् यति साँगुरा सडकहरूमा पनि यातायातलाई । फर्कदा बाटोमा पर्ने चिया बगानमा पनि केही बेर गाडी रोक्यो, उत्रिएर चियाबारी हेर्न खोज्यौं तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
यहाँको चियाबारीले हामीलाई आकर्षित गर्न सकेन, फिक्कलको हराभरा चियाबारीको अगाडि यहाँको चियाबारी धेरै नै फिक्का लाग्यो, डिलमा बसेर मात्र हेऱ्यौं । कन्याममा चियापत्ती किन्न बिर्सिएका हामी सबैलाई सानो प्लाष्टिकको कपमा थोरै चिया राखेर चाख्न दिइदिई चियापत्ती किन्नलाई चाहिँ बाध्य बनाइ छाडे । सबैले अलिअलि चियापत्तिका झोला हातमा झुण्याउँदै फर्क्यौं त्यहाँबाट ।

अरू साथीहरू खाना खान बत्तिए, हामी भने यहाँ आएर पनि पितामह भानुभक्त आचार्यलाई नभेटी कसरी जाने भन्दै लाग्यौ भानु चौकतिर । आदिकवि भानुभक्त आचार्यज्यू ठिङ्ग उभिएर हाम्रै बाटो हेर्दै रहेछन् । कठै उनलाई नभेटी फर्किएको भए त साह्रै चित्त दुखाइ पो हुने रहेछ । हुन त कोसौ पर भएपनि मातृत्व पाएका थिए उनले, हामीले भन्दा प्रवासीहरूबाट मनग्गे । तर पनि न्यास्रो त उनलाई पनि लागेको थियो होला नि ? आफ्नो जन्मस्थल नजिकैका शुभचिन्तकहरूलाई भेटेर पक्कै पनि न्यास्रो मेटाउन खोजेका पो थिए कि ? हुन त पितामहको महिमा हामीले भन्दा प्रवासीहरूले नै धेरै गाएका सुनेका छौं । ठिङ्ग उभिएका आचार्यज्यूको मूर्तिलाई एक टकले हेरेर मनमनै अभिवादन टक्र्याएँ मैले, उनले पनि मन्द मुस्कुराएर यसो हात उठाएर आशिर्वाद दिए जस्तो लाग्यो मलाई, कताकता पहिलेको भन्दा चहकिलो भएजस्तो पो लाग्यो मलाई उनको अनुहार । उनका शालिक वरिपरि दायाँबायाँ सबै नियालें, दार्जलिङ्गको यत्रो कोकोहोलोमा पनि यहाँ कुनै गाडीको हर्नको आवाज थिएन, केबल मानिसको भिडमात्र थियो । सहजै अनुमान लगाई हालें यहाँ यातायात ल्याउनको लागि प्रतिबन्ध रहेछ । पितामहको व्यक्तित्वअनुसार नै यस क्षेत्रलाई प्राज्ञिकहरूको जमघट हुने स्थलको रूपमा विकास गरिएको पाउँदा, उहाँप्रति प्रवासी नेपालीहरूबाट यति धेरै माया, प्रेम र सम्मान दिइएकोमा मन नाङ्लो जत्रो भयो, । हुन पनि उनी नेपाली समाजका लागि चानचुने मानिस कहाँ थिए र ? समयलाई मैले अड्याउन सकिन, थोरै समय आँखा धेरैतिर डुलाउने अपेक्षाले पितामहसँग मनग्गे भलाकुसारी गर्न पाइन, उहाँले पनि मेरो हतारोलाई बुझिदिए जस्तो लाग्यो उहाँका हातहरूले जाउजाउ भन्दै बाईबाई गरिरहेको प्रतीत भयो । प्रतिमामा नतमस्तक भई शिर निहुराएर पुन अभिवादन टक्र्याउँदै फर्कियौ समूहका साथीहरू भएतिर कुददै ।

गान्तोक जानको लागि पाँचबजे भित्र राङ्पो छिरिसक्नु पर्ने तर दुईबजेसम्म दार्जलिङ्गमा नै छौं, गाँसमा गाँस हाल्दै तत्कालै तयार भइहाल्यौं । दार्जलिङ्गबाट ठाडै ओरालोतिर कुदायो मोटरले, बाटोमा अलि धेरै ओरालै रहेछ, ज्यानको मायाले होला त्यतिधेरै मच्चिएर रमाइलो गरेनौ मोटरभित्र हल्का हल्कै भयो । साँझ पर्ने बेलातिर एउटा कञ्चन पानी बगिरहेको नदी वरैबाट देखिन थाल्यो, 'त्यो पानी बगेको नदीलाई के भनिन्छ होला ?' कौतुहलता ओकल्न नपाउँदै गुरूजीले भनिहाले, 'त्यो टिस्टा हो हजुर ।' टिस्टा नामले म झस्किएँ कताकता मन भक्कानिए जस्तो भयो, केही पलमा नै गाडी टिस्टा पुल माथिबाट गुडन थाल्यो । मैले मन थाम्ने सकिनँ, एकपटक गाडी रोक्नका लागि अनुरोध गरे गुरूजीलाई किनकि मलाई बाहिर निस्किएर ठूलो स्वरमा चिच्चाएर पुर्खाहरूलाई बोलाउन मन थियो, उनीहरूको रगत पसिना कहाँ पोखिएका छन् त्यसलाई शिरमा स्पर्श गर्ने मन थियो मलाई अनि यस जमिनको माटोलाई छातीभित्र टाँस्न मन थियो । यो मेरा पुर्खाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आर्जेका सम्पत्ति थियो जसलाई छातीभित्र लपेटेन चाहन्थ्यें । तर समय ढिलो भइसक्यो भनेर गुरूजीले गाडीलाई निरन्तर गुडाइरहे टिस्टाको तीरैतीर । मेरो मन भने कत्ति पनि शान्त भएन । आफ्नो भूमि तर कतिखेर कुन्नि पराईको भयो ? पीडा नहुनु कसरी ? मेरो पुर्खाका वीरता सरर फिल्मको रिल सरी घुमिरहेछ मेरो मानसपटलमा ।

बाइसे-चौबिसे राज्यमा विभाजित गोर्खालाई एउटै राज्यमा रूपान्तरण गरी बृहत नेपाल बनाउने उद्देश्यका साथ बडामहाराजधिराज पृथ्वीनारायण शाहबाट एकीकरण अभियान प्रारम्भ भएको थियो । मकवानपुर, पाल्पा, नुवाकोट, कीर्तिपुर, पाटन हुँदै उपत्यका साथै अन्य साना ठूला राज्यहरूको एकीकरण पृथ्वीनारायण शाहकै पालामा भएको थियो । उहाँको देहावसानपछि बाँकी रहेको बृहत नेपाल विस्तारको कार्यलाई उहाँका माइला छोरा बहादुर शाहको नेतृत्वमा वि.सं. १८१० ताका प्रधानमन्त्री भीमसेन थापाको अगुवाईमा भएको थियो यस बेला नेपालको सीमाना पूर्वमा सिक्किम टिस्टा नदी र पश्चिममा सतलज नदीसम्म विस्तार भएको थियो । यी भू-भागको अपनत्व लिन नपाउँदै बृहत नेपालको स्वर्णिम सपनालाई सुगौली सन्धीले भताभुङ्ग बनाइदियो । नेपाल र इण्ट इण्डिया कम्पनीबीच भएको सन्धी हो सुगौली सन्धी, जसको कारणले नेपाल र अँग्रेज युद्ध समाप्त गरेको थियो । यस सन्धीबमोजिम नेपालले आफूद्वारा अधिनस्थ झण्डै दुई तिहाई भू-भाग गुमेको इतिहासका दस्तावेजहरूमा पढ्न पाइन्छ । नेपालको तर्फबाट राजगुरू गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा इष्ट-इण्डिया कम्पनीको तर्फबाट लेफ्टिनेन्ट कर्नेल प्यरिसले सन् १८१५ मा हस्ताक्षर गरी सन्धीलाई वैधता दिएका थिए । सन्धीमा नेपालले लडाईमा जितेको भूमि छोडनुपर्ने, ब्रिट्रिश प्रतिनिधि काठमाडौंमा बस्न पाउने र नेपालमा अमेरिकी तथा युरोपियन अधिकारीहरू राख्न नपाउने, बिट्रिश सेनामा गोर्खालाई भर्ती गरिने र तराई क्षेत्रका केही भागहरू नेपाललाई दिने कुराहरू रहेछन । सिक्किमका राजा छोग्यालले नेपाल–अँग्रेज युद्धमा अँग्रेजलाई सघाएका थिए; यसैको गुन स्वरूप सुगौली सन्धीमार्फत पूर्वका टिष्टासम्मका भू–भागहरू पुन सिक्किमलाई नै दिइएको रहेछ । यसरी गुमेको रहेछ हाम्रो भूभाग । मोटर जति अगाडि बढदै छ अन्धकारले आफ्नो साम्राज्य बढाउँदैछ । बाहिर सन्नाटा छाएपनि मेरो मनमा चाहिँ सन्नाटा छैन मन पोलिनै रह्यो ।

झमक्कै रातपरेपछि गाडी राङ्पो पुग्यो । गान्तोक छिर्ने प्रत्येक पर्यटकले स्वीकृत लिनपर्ने ठाउँ रहेछ यो । नेपालबाट जाँदैमा नागरिकता लिन चाहि नबिर्सनु होला भनेर सारू भाइले बारम्बार भनेको कुरा त यहाँ आइपुगेपछि बल्ल हो त रै छ भन्ने भयो । सबै पर्यटकहरूको वैयक्तिक विवरण लिएर मात्र प्रवेश दिने भएकोले सुरक्षाको हिसाबले ठीकै पनि लाग्यो । अन्य मोटरहरू पनि पालो पर्खिएर बसिरहेका थिए, हाम्रो पालो आउनलाई केही समय लाग्ने अनुमान गरी राङ्पो बजार घुम्न हिड्यौं । झिलिमिली सुन्दर बजार तर आश्चर्य चाहिँ अल्कोहलको पसल चाहिँ प्रशस्तै भेटिए । हिन्दूस्तानका अन्य शहरहरूमा 'अँग्रेजी सराबका दुकान' भनेर लेखेको साइनबोर्ड मनग्गै देखिन्थ्यो तर यहाँ डिउटी फ्रिमा जस्तै थरिथरिका अल्कोहलका परिकारहरू सजाएर राखेको देखियो । विकासको प्रतीक हो कि के हो ? सराबका दोकानले प्रश्रय पाएका कुन्नि ? झण्डै एक घण्टा राङ्पो घुमेर फर्कँदा अफिसियल काम भर्खर सकिएको रहेछ, फटाफट गाडी चढ्यौ र गान्तोकको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
रमाना भयौं । सानो तर सुन्दर बाटो ट्राफिकको त्यति धेरै भिडभाड पनि थिएन, बस्तीनजिक झिलिमिली देखिन्थ्यो । आफ्नो देशमा अधिकांश समय विद्युत बिना नै बसेकाले हो कि के हो ? मैले त जता हेरे पनि झिलिमिली मात्र देख्थे कहीकहीको झिलिमिलीले त आँखा नै तिरमिर बनाउँथ्यो । राङ्पोबाट त छिट्टै गान्तोक पुऱ्याई हाल्यो ।

तेह्रौ शताब्दीमा लिम्बु/सुब्बा, भोटिया बस्तीबाट सिक्किमको इतिहास शुरू भएको रहेछ । लिम्बु/सुब्बा भाषामा सुखिम (Sukhim) भनेको नयाँ ठाउँ भन्ने भएकोले सुखिम भन्दै सिक्किम भएको हो रहेछ, आजको यो सिक्किम । सिक्किमको राजधानी गान्तोकमा एक रात सुतिवरी बिहान तम्तयार भएर बाहिर निस्कियौं । आज उत्तरी सिक्किमको छङ्गो लेक घुम्न जाने तालिका भएकोले लाग्यौ मोटर स्टेशनतिर । चौध जनाको समूह तीनवटा साना गाडीमा बसेर लाग्दा भयौ उकालो । हैन हौ कति सारो मिजासिला हुन है यहाँका गुरूजी पनि पटक्कै झर्को नमान्ने सोधेका जिज्ञासाहरूको नम्रतापूर्वक जवाफ फर्काउने, कति मिठो उनीहरूको लवज, बोल्दा कति धेरै शिष्टता प्रकट गरेका कहिलेकाँहि त आँफैलाई असहज लाग्ने । फेरि गाडिभित्र कहींकतै हिन्दी गीत सुनेर कानलाई पवित्र गर्नै नपर्ने, नेपालमा सुन्न मेसो नपरेका नेपाली गीतहरू प्रशस्तै सुन्यौ यो यात्रामा 'छुकछुक चल्ने रेल' 'सुर्के थैली खै', 'शिरमा शिरबन्दी' आदि आदि । नेपाली गीत, नेपाली भाषा, नेपाली रहनसहन आदिले आफ्नै देशको पूर्वी भाग घुमेजस्तो लाग्दै थियो हामीलाई । नेपाली गीतको मनोरञ्जन लिंदै उच्च हिमाली क्षेत्रमा अवस्थित छङ्गो लेक पुगेको पत्तै भएन । एक्कासि याकको अघिल्तिर गाडी रोकिँदा पो झसङ्ग भइयो । समुन्द्री सतहबाट १२,८०० फिटमा अवस्थित छङ्गो लेक साँच्चि नै चिसो थियो । झोलामा भएका न्याना लुगाहरू लगायौं, सिगारिएर ल्याएका याकहरू तम्तयार थिए हाम्रा अघिल्तिर, तीस रूपैया तिरेर सबैले याकमाथि चढेर फोटो खिचायौं । २४.४७ हेक्टरमामा फैलिएको छङ्गो लेकलाई राम्रैसँग नियाल्यौं, विकासले यति उच्च हिमाली भागलाई पनि राम्रैसँग छोएको रहेछ । नजिकै केवलकारमा शयर गरिरहेका थिए पर्यटकहरू भने लेकको एक कुनामा हिन्दू धर्माम्वलीहरूका आस्थाका केन्द्र आराध्यदेव शिवको मन्दिर थियो त्यहाँ पनि भक्तजनहरूको भिडभाड नै थियो । तिब्बतसँगको सीमा नाका नजिकै भएर होला हिन्दूस्तान सैनिक क्याम्प पनि नजिकै थियो । वर्षको चार महिना हिउँले ढपक्क ढाक्ने छङ्गो लेक अहिले भने राम्रोसँग खुलेको थियो ।

सडक सिल्क रोड रहेछ, त्यसैलाई स्तरन्नोति भएको । तिब्बतसँग समेत जोडिएको यो सडक व्यापारिक हिसाबले समेत महत्वपूर्ण रहेछ । हालका दिनहरूमा दिल्ली–मानसरोवर यात्राको गन्तव्य पनि यही सडक नै रहेछ । छङ्गो लेक आसपास नै खाना खाने भएकाले धेरै समय नै दृश्यावलोकन गऱ्यौ । चिसो उच्च हिमाली भेगमा पेटभरी मज्जाले खाना खायौं, भोटेनी दिदीको पसलबाट केही माला छुर्पी किन्यौं अनि ओरालो झर्न थाल्यौं । मेरा बाबै जाँदा पत्तै पाइएन, फर्किंदा पो साँगुरा सडकहरूको घुम्तीहरूले सिरिङ सिरिङ बनायो, सानै उमेरका आत्माविश्वासी गुरूजीहरूको सीपलाई देखेर आश्चर्य अनि तारिफ गर्न पनि पछि परनौं । फर्किंदा उच्च हिमाली क्षेत्रबाट सिक्किमका सुन्दरतालाई राम्रैसँग नियाल्दै आइपुगियो गान्तोक ।

समूहकी जेष्ठ सदस्य कलावती दिदीको जन्मदिन मनाउने सोच बनाएको थियौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज । अबको बाँकी समय आ–आफ्नै किसिमले गान्तोक घुम्ने र साँझ बेलैमा होटलमा भेट हुने भनेर सबैजना छुट्टियौं, तर एकैछिनमा फेरि सबैजना एमजी रोडमा नै जम्मा भएछौं मज्जाले हाँस्यौं र फेरि लाखापाखा लाग्यौं । छोरी गृष्मा, आँचल र म चाहिँ एक समूह बनेर घुम्यौं । दिन धेरै ढल्किसकेको थियो जन्मदिनका लागि केक किन्यौं र अन्य आवश्यक सामग्रीहरू पनि लिएर होटलतिर जाँदै गर्दा बाटामा नै सम्भना भट्टराई, विमला लामिछाने, मिना माइज्यू, कल्पना दिदीसँग भेटियो, जन्मदिनका उपहारका सामग्रीहरू हातहातै एकअर्कालेे लिएर होटल गयौं । गीताजी र प्रभा बरालजी होटलको रिसेप्सनमा नै बसिरहनु भएको थियो उहाँहरूका पाहुना आउने भएकोले प्रतिक्षामा हुनुहुँदो रहेछ ।

जन्मदिनको तयारीमा लाग्दै थियौं समालोचक द्वय एवं नेपाली विभागका प्राध्यापक डा. पुष्प शर्मा, डा. कविता लामाजी आउदै हुनुहुन्छ, मिटिङ्मा तपाई पनि बस्नुस् न है गीताले भनिन् । हुन त उहाँहरू मेरा चिनजानका हुनुहुन्नथ्यो, गीताजी र प्रभाजीको चिनारू भएकाले म पनि मिटिङ्मा सहभागी भएँ । उहाँहरूबीच साहित्यका कुराहरू भए नेपाल सिक्किमका साहित्यिक गतिविधिका विवेचना पनि भयो । दुई प्रवासीहरूको नेपाली साहित्यप्रतिको लगाम मनन् योग्य थियो । वार्तालापको क्रममा उहाँहरूको शब्दमा यति धेरै आत्मीयता थियो खै कसरी वर्णन गरौं, शब्द शब्दमा आतिथ्यता झल्कन्थ्यो, बीच-बीचमा भन्दै हुनुहुन्थ्यो, 'हाम्रातिर नगई तपाईहरू कसरी फिर्न पाउनुहुन्छ ? एकछाक त सँगै बसेर खाना खाने अवसर त दिनुहोस् । कि त जाउँ न माथी एमजी रोडमा गएर केही खाऊँ !' उहाँहरूका स्नेहपूर्ण आग्रहलाई स्वीकार्न हामीसँग समय नै थिएन । एकछिन रमाइलो कुरा गऱ्यौं, हामीले सिक्किममा बिताएका रमाइला र स्मरणीय पलहरू उहाँहरूलाई सुनायौं र भन्यौ मेडम तपाईहरूको भाषाको मिठास, आतिथ्यता, इमान्दारिता आदि मनभित्र लिएर फर्कदै छौं । सके हामी पनि अनुसरण गर्ने छौं भन्दै रात पनि छिपिन लागेकोले उहाँहरूसँग फेरि काठमाडौंमा भेटने अनि अघाउञ्जेल वार्तालाप गर्ने है भन्दै बिदा भयौं ।

कलावती दिदीको बुढेसकालको जन्मदिन मनाउन अरू साथीहरू हामीहरूकै प्रतिक्षामा हुनुहुँदो रहेछ । वास्तवमा परदेशमा बनाएको उहाँको जन्म दिनमा हामी सबैले मज्जाले मनोरञ्जन लियौं र आ-आफ्नो बिस्तारातिर लाग्यौं ।

आज यात्राको पाचौ दिन कालिङ्पोङ्, सिलगढी हुँदै साँझ काँकडभिट्टा पुग्ने लामो यात्राको तालिका भएको कारणबाट बिहानै तयार भएर गान्तोकको होटलबाट चेक आउट भयौं, गाडी तयारी अवस्थामा नै भएकोले तुरून्तै हिंडी पनि हाल्यौं, गाडी सिँधै राङ्पोतिर लम्की हाल्यो । दक्षिणी सिकिम्मलाई अर्कोपटक आउँदा विचरण गर्ने भन्दै राङ्पोबाट बायाँ उकालो लाग्दै लगभग डाँडामा अवस्थित कालिङ्पोङ्को पार्क हुँदै सानो पहाडी बस्तीमा अवस्थित अब्बल शिक्षाका पर्याय कालिङ्पोङ्लाई विचरण गर्दै त्यहाँको क्याकटस पार्क हेर्दै सिलगढीतिर रमाना भयौं, फर्कदा उज्यालोमा छङ्छङ् निस्फ्रिक्री बगिरहेको टिस्टा नदीलाई मनभरि हेर्ने मौका मिल्यो, अस्तिको जस्तो बेचैनी चाहिँ भएन, मलाई टिस्टा नदी देखेर किनकि गान्तोकमा पाएको नेपालीपनले र नेपालीहरूको माया, प्रेम, स्नेहका साथै मातृप्रेमले द्रवित बनाई मलाई नेपालनै घुमेर फर्केको अनुभूति भइरहेको थियो ।

टिस्टा नदी सिक्किमेहरूको भाग्य विधाता नै रहेछ, नदीको प्रत्येक दश किलोमिटरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ड्याम बनाई बिजुली उत्पादन गरेको उदाहरणीय कार्य गरेको रहेछ सिक्किम सरकारले । त्यही भएर त जताततै झिलिमिली हुने रहेछ, झिलिमिली सिक्किममा मात्र नभएर यहाँका दैनिक उपभोगका साथै उद्योगधन्दा, कलकारखानालाई आवश्यक विद्युत खपत भएर बाँकी रहेको बिजुली पश्चिम बंगाललाई पनि बेच्दो रहेछ । टिस्टा नदीको किनारैकिनार गुडिरह्यौ निकै बेरसम्म, बीचमा आएर खाना खायौं त्यस्तै साँझको पाँचबजेतिर मेची पुलमा आएर बेस्सरी जाममा परियो, झण्डै एक घण्टाको जामको अवधिमा पुलको बीचमा गाडीमाथि बसेर सूर्यास्त भएको दृश्य हेर्दै त्यसलाई क्यामरामा कैद गर्न थाल्यौं । कति सुन्दर थियो यो दृश्य ! क्षितिजबाट विस्तारै सूर्य भगवानले आजका दिनका लागि विश्राम लिएको पल । सूर्यास्त हेर्दै कल्पिदो भएँ, प्रकृतिले हामीलाई के दिएकी छैनन र ? केवल इच्छा शक्तिमा कमी मात्र न हो । हामी सबैमा चेतना आएमा न सिक्किमको कृत्रिम वैभव हेर्न जानु पर्थ्यो । न त दार्जलिङ्गको टाइगर हिल नै चढ्न पर्थ्यो । कल्पिदा-कल्पिदै मेचीको जाम पनि खुल्यो, काँकडभिट्टा अघिनै देखि हामीलाई कुरेर रात्रीबस बसिरहेको थियो त्यसमा चढयौं, बस हर्न बजाउँदै कुद्न थालिहाल्यो । थाकेको शरीर फ्याट्टै निदाइहालिएछ, भारदहमा आएर खाना खानको लागि रोकिँदा पो ब्यूझिइयो । बाटोभरि उफ्रिदै थेचारिंदै अनि नारागणगढ मुग्लिनमा निफानिदै काठमाडौं फर्कियौ रमाइलो अनुभव सँगालेर समूहका सबैजना सकुशलै ।

कविता

मनहरू

सीता अर्याल

सम्झनाका तरेलीहरू
मनका मझेरीहरूमा सलबलाई रहन्छन्
शान्तिको सम्झना गाढा भएर आउँछ
तिमी सबैकी आत्मा थियौ
अन्जुली भरि भरि
अमृत बाँड्न तयार थियौ ।

आफ्ना पङ्ख फैलाएर
गोधुलीका शीतल मिठास बाडदै थियौ
मातृत्वधारा बगाउँदै
तृष्णा मेटाउन तयार थियौ ।

अविरल तिम्रा पाइलाहरू
अथक तिम्रा मनहरू
अझै पनि यथावतै छन्
तिमी थाकेकी छैनौं
दिक्क पनि भएकी छैनौं
धैर्यताकी प्रतिमूर्ति तिमी
आफ्ना करकमल उठाएर
आर्शिवचनको अभिषेक गर ।

तिम्रा पदचिन्ह पछ्याउँदै
तिम्रै सेवामा
शीतल ज्योतिपुञ्ज भई
तिमीमा नै समर्पित हुन सकूँ ।

म्याडिसन, अमेरिका

लेखक साहित्यकार हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राष्ट्र निर्माणप्रतिको लोकधारणा

– विष्णु प्रभात

विषय प्रवेश

इतिहासको व्याख्या गर्दा प्रायः जाति, वंश र विजेताको अतिरञ्जित उल्लेख गर्ने समस्या संसारभरि नै रहेको छ । तथ्यका आधारमा सत्यको निरूपण गर्ने आधुनिक वैज्ञानिक चिन्तन अँगाल्नेहरूले व्यक्तिको भूमिकालाई समष्टिसँग गाँसेर पूरा हुने विषयको रूपमा समाउँछन् र जातिको आवश्यकता अन्तरजातिय हितसँग समन्वित गरेर ठम्याउँछन् । हाम्रो देश नेपालमा भने केही मानिसले आ-आफ्नो जाति, वंश र वैभवको सन्दर्भमा अलि बढाई-चढाई गरेर बंशावली-वृत्तान्तहरू लेखे-लेखाएका छन् । ती ग्रन्थमा सत्यको मात्रा के कति छ त्यो केलाउने-बिन्ने काम छुट्टै अनुसन्धानको विषय हो, तर अहिले इतिहासको एउटा युगान्तकारी घटनाको सन्दर्भमा यहाँ कुरा उठाइँदै छ । खास गरेर वर्तमान नेपाल राष्ट्रको निर्माण र बडामहाराज पृथ्वीनारायण शाहको देन । यो निकै बृहत् र जटिल विषयवस्तु हो, तर यहाँ ज्यादै सङ्क्षिप्तमा केही धारणा प्रस्तुत गरिन्छ ।

नेपाल-राष्ट्र निर्माणको पृष्ठभूमि

नेपाल गोरखा राज्यको विस्तारबाट निर्मित राष्ट्र होइन न त यो केही जातीय सङ्कीर्णतामा डुबेका व्यक्तिहरूले आरोप लगाएझैं "गोरखाली साम्राज्यको नयाँ नाम" हो । नेपाल राष्ट्रको निर्माण र विकासमा हजारौं हजार नेपाली जनताको संलग्नता रहेको छ र त्यस्तो संलग्नता फगत् हतियारको बलमा लडिने युद्धको रूपमा छैन । दोलखा र मकवानपुर राज्यको केही भाग स्वेच्छाले नै सम्झौता गरेर एकीकृत भएका थिए । दुनियाँका कुनै पनि देशमा राजा एक्लैले शासन गरेका छैनन् न त वर्तमानका राष्ट्रपति, प्रधानमन्त्रीहरूले एक्लै शासन गर्दछन् । ती सबैले आफ्ना मुख्य सरसल्लाह गर्ने व्यक्तिहरू भाइ-भारदार, सल्लाहकार मण्डल, मन्त्रीपरिषद्, राज्य परिषद् वा संसद जस्ता निकायहरूसँगै कर्मचारी प्रशासन प्रहरी, सैनिकदस्ताका अतिरिक्त विश्वासिला दूतहरू, बुद्धिजीवी एवमं आर्थिक क्षेत्रका सहयोगीको आडमा नै राज्यसञ्चालन गर्ने गरेका छन् । नेपाल निर्माणको प्रारम्भिक चरणमा हाम्रो देश विभाजित थियो । पचासौं भुरे-टाकुरे राजा-रजौटाहरूले आ-आफ्नो हैकममा स्थानीय सत्ता-सञ्चालन गरेका थिए । समाजमा व्यवस्थित विधि व्यवस्था, ज्ञान-कौशल, वस्तु-विनियम र बजारको अभाव थियो । ओल्लो डाँडाबाट पल्लोमा जाँदा समेत कर-करदको झन्झट बेहोर्नु पर्थ्यो । आफ्नो मौद्रिक प्रणाली थिएन । ठूलो राजा बन्ने महत्त्वाकाङ्क्षा राखेकाहरूले पनि शेषपछि सन्तानलाई राज्य बाँड्ने, टुक्र्याउने परम्परा थियो । मल्ल वंशले उपत्यकालाई बाँडेको थियो भने सेनवंशले मकवानपुर, चौदण्डी र पाल्पाको विभाजन गरेको थियो । देश कुनै एउटा व्यक्ति वा जातिको निजी-सम्पत्ति सरह अंशबन्डा गर्ने वस्तु होइन भन्ने सोच

लेखक ज्ञानबिन्दुका सम्पादक तथा संस्कृतिविद् हुनुहुन्छ। –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापित थिएन । दक्षिणतर्फ अङ्ग्रेजी साम्राज्यवादले आफ्नो उपनिवेश कायम गरी भारतीय राजा-रजौटाहरूको मूलोच्छेदन गर्दै उत्तरतर्फ बढिरहेको थियो । हाम्रो भूखण्डका केही रजौटाहरूलाई हात लिएर नेपाल कब्जा गर्ने प्रयास पनि उनीहरूले गरेका थिए । त्यस्तो स्थितिमा नेपाली समाजले आफ्नो आर्थिक-सामाजिक उन्नतिका लागि सामन्ती पृथक्तावादको विरोध गर्नु स्वाभाविक थियो । एकीकृत, सबल राज्यको माग, जनताको चाहना र आकाङ्क्षा बनेको थियो । त्यही ऐतिहासिक परिस्थितिमा राजा पृथ्वीनारायण शाहको उदय भयो । उनीसँग देशभक्त भारदारहरूको एउटा पङ्क्ति नै खडा भयो, जसले मल्ल र सेनवंशले एक ढिक्का बनाएको नेपाल पुनःटुक्रिएर गएको घटनाबाट पाठ पढेको थियो । पृथ्वीनारायणलाई राजनीति, शिक्षा-दीक्षा र सैनिक रणकौशल पढाउने तत्कालीन गुरुहरूले पनि सानैदेखि देश प्रेम, लोकमर्यादा र न्यायिक व्यवहारको चेतनासँगै राजाले विधिपूर्वक शासन गर्नुपर्छ भन्ने ज्ञान दिएका थिए । विदेशी हस्तक्षेपका विरूद्ध सजग पारेका थिए । यी सबै कुराहरूको पृष्ठभूमिमा नै पृथ्वीनारायण शाहले युवावस्थामा नै अनेकौं पौरखी कामहरू गरेर आफ्नो राज्यव्यवस्था, आर्थिक नीति, न्यायप्रणाली (धर्मनीति) कुटनीति र युद्धनीतिलाई विकास गर्न पुगेका थिए । नेपालका सबै जाति-प्रजातिका जनतालाई साथ लिएर नेपाल राष्ट्रको निर्माण कार्यलाई अघि बढाएका थिए । उपत्यका विजयको एउटा निश्चित र निर्णायक विन्दुमा पुऱ्याएपछि नै तत्कालीन राजाहरूमा ठूला अर्थात् बडामहाराज भनी उनलाई सम्बोधन गर्न थालियो ।

बडामहाराज पृथ्वीनारायण शाहका सहयोगी र विरोधीहरू

प्रत्येक समयका शासकहरूको पक्ष र विपक्षमा केही न केही मानिसहरू रहेकै हुन्छन् । पृथ्वीनारायण शाहका पनि सहयोगी र विरोधीहरूको पङ्क्ति देखा पर्दछ । उनका सहयोगीहरू नेपाल एकीकरणमा महत्वपूर्ण योगदान गर्ने तत्कालीन गोर्खाली मात्र हैन अन्य रजौटाहरूका अधीनस्थ रहेका नेपालीहरू पनि छन् । पृथ्वीनारायण शाहका भाइहरू दलमर्दन, पृथ्वीपाल, सूरप्रताप, बृद्धकेशर र कीर्ती शाह आदिसँगै गोरखाली कौटिल्य भनिने भानु जोशी अर्ज्याल, विद्वान् साहित्यकार शक्तिबल्लभ, सेनापति कालु पाँडे, अमरसिंह थापा, अभिमानसिंह बस्नेत, शिवरामसिंह बस्नेत, पार्थ भण्डारी, सुरथसिंह राना, मानसिंह रोकाहा, वीरभद्र पाठक, भागल गुरूङ, वैकुण्ठ उपाध्याय, कालिदास खड्का मगर, प्रह्लाद गुरूङ, प्रतिमन रानामगर, ऋषिमान बान्तवा, दामोदर पाण्डे, रामकृष्ण कुवँर, विश्वामित्र उपाध्या, दीनानाथ पाध्या लगायत अनेकौं भारदारहरूको नाम इतिहासमा उल्लेख छ । कतिपय सहयोगीको उल्लेख एवमं प्रशंसा 'दिव्य उपदेश' मै पनि पाइन्छ । त्यस अतिरिक्त अन्य रजौटाहरूका अधीनमा रहेका दुनियाँदारले पनि पृथ्वीनारायण शाहलाई विभिन्न किसिमले सहयोग पुऱ्याएको देखिन्छ । उनका मामा, आमा र श्रीमतीको योगदान पनि महत्वपूर्ण छ । नरभूपाल शाहकै पालादेखि विश्वास पात्र रहेका भानु अर्ज्याल ज्योतिष मात्र थिएनन्, उनी गोरखा दरवारको हितमा सबै काम गर्दथे । डोला खोज्ने कामदेखि हतियारको प्रबन्ध गर्ने, राजदरबारका निम्ति आर्थिक चाँजोपाजो मिलाउने र भ्रमणमा साथसाथै रहने गर्दथे । मकवानपुर, काठमाडौं र काशी जाँदाको संलग्नताले यसको पुष्टि गर्दछ । शक्तिबल्लभले नुवाकोट र कीर्तिपुरको लडाइँपछि मात्र राजगुरू र पुरोहितको काम थालेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरका राजा रणजित मल्लका गुरू बनेका चक्रपाणि अर्ज्याल र विजयपुर चौदण्डीका राजा विक्रम सेन र कर्ण सेन दुवैका गुरू बनेका विश्वेश्वर अर्ज्याल पृथ्वीनारायण शाहकै राजदूत थिए । पठनपाठनमा संलग्न मोक्षेश्वर अर्ज्याल बेदगुरू मात्र थिएनन्, गणित र समाजशास्त्रका पनि गुरू थिए । कालु पाँडेका बारेमा धेरैलाई थाहा छ । अभिमानसिंह बस्नेत र भानु जोशी अर्ज्याल दिव्य उपदेश सम्पादन गर्ने दुई जना मुख्य व्यक्तित्व हुन् । धेरै सहयोगीहरूसँग सरसल्लाह गरी काम थाल्ने र पूर्वतिर पाइला चाल्दा पश्चिमतर्फको थिति विचार्ने कार्यशैलीले गर्दा पृथ्वीनारायण शाह सहयोगीहरूको मन जित्न सफल हुन्थे । त्यसैको फलस्वरूप एकीकरण कार्यमा धनजनको क्षति अत्यन्तै न्युन भएको पाइन्छ । कहिलेकाहीँ युवासुलभ त्वरितपन र हठ लिँदा सङ्घर्षमा पराजय र क्षति बेहोर्नु परेका घटनाहरू पनि छन् तर त्यसैलाई मूल कार्यशैली मान्न सकिँदैन । जनताबाट सिक्ने कुरामा रहेको चाख लोकश्रुतिको विषय मात्र मान्न सकिँदैन । मुकुन्द सेनले राज्य थाम्न नसकेको कुरा र गोर्खालीले खीर खान नजानेको घटनाबाट पृथ्वीनारायण शाहले दुई ओटा नीति निर्धारण गरेका थिए । पहिलो नीतिको प्रभाव एकीकरणपछि भक्तपुर राज्य माग्ने भाइलाई राजकाजबाटै हटाएको घटनामा प्रकट भएको छ भने दोस्रोको प्रभाव उपत्यका विजय गर्ने कार्यशैलीमा व्यक्त हुन पुगेको छ । बीसे नगर्ची जस्ता सर्वसाधारणसँग पनि सरसल्लाह लिएर राज्य सञ्चाल गर्ने पृथ्वीनारायण शाह सामान्य जनतासित सोझै सम्पर्क राख्ने, कुराहरू सुन्ने र सबैको सहमतिमा काम गर्ने प्रजातान्त्रिक कार्यशैली अँगाल्ने गर्दथे भन्ने कुरा धेरैलाई थाहा छँदै छ । पृथ्वीनारायण शाहका विरोधीहरूमा काठमाडौंका राजा जयप्रकाश मुख्य थिए । उनले विजयपुर, मकवानपुर र पाल्पालाई भड्काउने प्रयास असफल भएपछि अङ्ग्रेजसँग सोझो सम्पर्क गरेर नेपाललाई ब्रिटिस साम्राज्य अन्तर्गत राख्न समेत मञ्जुर गरेका थिए । जयप्रकाशलाई सघाउन आएको फौजलाई समयमै पराजित नगरेको भए आजको नेपाल बन्ने थिएन । अङ्ग्रेज अधीनस्थ भारतमा उहिले नै गाभिइसक्ने थियो । पृथ्वीनाराण शाहको नेतृत्वमा निर्माण भइरहेको एकीकृत नेपालको अस्तित्वबाट अङ्ग्रेजी साम्राज्यवाद निकै त्रसित बन्दै गएको थियो । खासगरी मकवानपुर विजयपछि उनीहरू आक्रामक बनेका थिए र नेपाललाई आफ्नो नियन्त्रणमा राख्ने अनेक दाउपेच लगाइरहेका थिए । तर नेपालले आफ्नो रणनीतिक स्थिति पहिचान गरेर कुशलतापूर्वक पाइला चाल्दै रह्यो । नेपालमा आफ्नो औपनिवेशिक साम्राज्य कायम गर्ने योजना विफल भएपछि कतिपय अङ्ग्रेज इतिहासकारहरूले तथ्य बङ्ग्याएर पृथ्वीनारायण शाहप्रति दूराग्रह राख्दै केही अतिरञ्जित दोषारोपण गरेको पनि पाइन्छ, परन्तु तथ्यहरूले त्यस्ता आरोपहरू धेरै मात्रामा कपोलकल्पित रहेको कुरा छर्लङ्ग्याउँदै गएका छन् ।

एकीकरणकालको युद्ध र शान्तिको नीति

आर्थिक-सामाजिक विकासले गर्दा नेपाल सांस्कृतिक-भाषिक रूपमा पनि सत्रौं सताब्दीदेखि नै एउटा एकीकृत राज्यको आवश्यकतातर्फ बढिरहेको थियो । परन्तु भुरेटाकुरे राजा-रजौटाहरूको क्षुद्र स्वार्थले गर्दा राजनीतिक रूपमा एकीकृत भइरहन सकेको थिएन । त्यस स्थितिमा पृथ्वीनारायण शाहद्वारा नेतृत्व गरिएको पुनःएकीकरण यात्रा (१८०१-१८३१) युद्ध र शान्तिको अभियानका रूपमा सञ्चालित हुन पुग्यो । इतिहासकारहरूको विश्लेषण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं निष्कर्ष अनुसार एकातर्फ सामन्ती पृथकतावादबाट एकीकृत सामन्तवादको विकास, अर्कोतर्फ साम्रज्यवादको हस्तक्षेप र राष्ट्रिय-राज्यको निर्माण त्यस अवस्थाका विशेषता थिए। त्यसैले राष्ट्रियता र लोक सम्मतिलाई पृथ्वीनारायण शाहले आफ्नो युद्ध र शान्तिको नीति बनाउन पुगे । 'सकेसम्म सहमति अन्यथा सङ्घर्ष' भन्दै आन्तरिक पक्षमा अघि बढेको युद्धनीति बाह्यपक्षमा भने सुस्पष्टतासाथ अङ्ग्रेजी हुकुमको विरूध्द खडा भयो। त्यसैले गर्दा एकीकरण अभियान पृथक्तावाद र साम्राज्यवाद विरोधी चरित्रसाथ प्रकट हुन पुग्यो। नेपाली राष्ट्रवादको यही बिशेषता बुझेर अङ्ग्रेजहरूले नेपालका विरूध्द निरन्तर षड्यन्त्र थाले र पछि गएर युद्ध कै घोषणा गर्न पुगे। त्यही युद्धले थोपरेको सुगौली-सन्धिद्वारा नेपालको थुप्रै भूमि र नेपालीहरू अङ्ग्रेज अधीनस्थ भारतमा गाभिन पुगे। त्यहाँबाट अङ्ग्रेज हट्दा पनि नेपालले त्यो भूमि र ती जनतालाई आफूमा सम्मिलित गर्न सकेन। फलस्वरूप आज त्यो भूमि भारत र ती जनता भारतीय नेपालीको चिनारीमा छन्। 'जाइकटक नगर्नु, झिकिकटक गर्नू' भन्ने निति पनि शान्तिको सन्दर्भमा स्मरणीय छ। यो कुनै पनि अर्थमा आक्रामक नीति होइन। पृथ्वीनारायण शाह र तत्कालिक भारदारहरूले नेपालको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्थाबोध गरेका थिए। त्यसैले नेपाललाई दुई ढुङ्गा बीचको तरूलका रूपमा स्वीकारे। राज्यविस्तारको महत्वाकाङ्क्षा मात्रै पृथ्वीनारायण शाहको अभिप्रेरक सोच रहेको भए सायद त्यस प्रकारको अनुभूति स्वीकार गर्ने थिएनन्। दुई ढुङ्गा बीचको तरूल ज्यादा बढ्न-फैलन सक्दैन भन्ने तथ्यतर्फ सङ्केत गर्दै 'भएकोलाई जोगाउने-रक्षा गर्ने' शान्तिवादी सोच अघि सारिएको हुनुपर्छ। शान्ति सुशासनद्वारा स्थापना हुन्छ र सुशासन विधिसम्मत न्याय दिएर नै कायम गर्न सकिन्छ भन्ने सोचाई युद्धकालीन अवस्थामा समेत अँगालेको हुँदा नेपालको एकीकरण कार्यमा बहुजातीय एकताको ऐतिहासिक सन्दर्भ जोडिन्छ। 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, सबै जातिको फूलबारी हो' भन्ने चिन्तनको मियोमा के थियो ? सामुहिक बलबुद्धिमा भर पर्ने र फरक-फरक बान्कीकासाथ मिलेर बस्ने। न्यायशास्त्र बमोजिम अदालत चलाउनू भन्ने अभिव्यक्तिको आशयले के जनाउँछ ? विधिको शासन र भ्रष्टचारको विरोध। त्यसैले उनी घूस दिने र खाने दुवैलाई सजायका भागी बताउँछन्। यी विषयहरूपछि दिव्य उपदेशमा बोलिएका कुरा मात्र होइनन्, पृथ्वीनारायण शाहले युद्धकै समयमा समेत अँगालेका नीतिहरू हुन्। भक्तपुरका राजा रणजीत मल्ललाई गरिएको व्यवहार आदिले यसको पुष्टि गर्दछ। विजेताको अहङ्कार उब्जन नदिनु युद्ध र शान्तिको नीतिमा रहेको अर्को महत्वपूर्ण विषय हो। पृथ्वीनारायण शाहले आफूलाई गोर्खाली राजाका रूपमा भन्दा सिङ्गो नेपालको राजनेताका रूपमा प्रस्तुत गरेका छन्। बनारसका गुन्डालाई ठिक पार्ने घटनामा होस् वा चीनसँगको युद्धमा, गुर्गीन खाँलाई पराजित गर्ने काममा होस् वा कप्तान किनलोकको नेतृत्वमा आएको अङ्ग्रेजी पल्टनलाई भगाउने युद्धमा होस् उनले विजेताको दम्भ प्रदर्शन गरेको देखिँदैन। उपत्यका विजयपछि पनि त्यस प्रकारको अहङ्कार प्रकट भएको पाइँदैन, बरू आफ्नै गोरखा राज्यको इतिहासलाई नै नेपाल नामाकरणका साथ समाप्त पारिदिन्छन्। एकीकरण अभियानले उपत्यका बिजय गरेपछि गोरखाराज्य पनि एकीकृत हुन्छ र नेपाल राष्ट्रको निर्माण हुन्छ। यसबाट पृथ्वीनारायण शाहमा रहेको व्यापक सद्भाव र नेपाली राष्ट्रियताप्रतिको निष्ठा छर्लङ्गै देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिव्यउपदेश र निष्कर्ष

नेपालको एकीकरणलाई कसरी सम्पन्न गरियो भन्ने बारेमा केही साङ्केतिक झलक 'दिव्य उपदेश' बाट पनि पाइन्छ । परन्तु दिव्यउपदेशले प्रकाशमा ल्याउन नसकेका कतिपय कुराहरूको अलग-अलग अध्ययन ऐतिहासिक दस्तावेज, स्रोत-सामग्री र इतिहासकारहरूका विश्लेषणबाट बुझ्नु पर्ने स्थिति छ । सजिलोका लागि धेरैले दिव्य उपदेशका पृथक्-पृथक् प्रसङ्गलाई नीतिगत आधारमा व्याख्या गरेका छन् । निश्चय नै त्यो एउटा ऐतिहासिक एवं पत्यारिलो दस्तावेज हो । त्यसले नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक, सैनिक र परराष्ट्र नीतिलाई तात्कालिक परिस्थितिमा मात्र हैन दीर्घकालीन ढङ्गले नै दिग्दर्शन गर्ने सामर्थ्य राख्दछ । तीस वर्ष लामो सङ्घर्षबाट प्राप्त अनुभव र खारिएका भारदारहरूको सुझबुझ समेत समावेश गरी सम्भावित आन्तरिक तथा बाह्य विग्रह समेतलाई समाधान गर्न अँगाल्नु पर्ने नीति-विधि औंल्याएर दिव्य उपदेश तयार गरिएको छ । आफ्ना उत्तराधिकारीहरूलाई मार्गदर्शन गर्नु दिव्य उपदेशको मूल आशय रहेको हुँदा आज त्यो बडामहाराजले भनेको कुरा बनेको छ । भाषा, भावना र भनाई हेर्दा त्यसको बहुआयामिक विवेचना हुन सक्ने देखिन्छ । जे भए पनि अहिले त्यो दुई शताब्दी पार गरेको तत्कालीन पाका राजाको भनाइ हो । निष्कर्षभन्दा नेपालको पुनःएकीकरण न त प्रसियाको न जर्मनीको जस्तो छ । वस्तुतः त्यो नेपालकै जस्तो छ । चीनको जस्तो घरेलु साम्राज्यले वा भारतको जस्तो पराई साम्राज्यले बनाएको संरचना पनि नेपालको होइन । त्यसैले नेपाल पृथ्वीनारायण शाहको नेतृत्वमा पृथक्तावाद र साम्राज्यवादका विरूध्दमा लड्दै सबै जातिका नेपालीको बाहुबलले बहुजातीय, बहुसांस्कृतिक तर एकात्मक र केन्द्रीकृत राज्यका रूपमा निर्माण भयो र त्यही आधारभूमिमा विकसित एवं समृद्ध हुँदै आइरहेको छ । यस तथ्यलाई बिर्सौं भने नेपालको राष्ट्रिय्य एकीकरणको मर्म बुझ्न सकिँदैन र पृथ्वीनारायण शाहको यथोचित मूल्याङ्कन पनि गर्न सकिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

छोरीको बिदाईपछि

दयाराम अर्याल

छोरी ! थ्यौ मुटुकी पवित्र धमनी उर्जा बढाई दिने
शुद्धात्मा कति वाञ्छनीय मनले सोचेर पूरा दिने
ऐले यो मुटु धड्कियो विरहले तिम्रो विदाइ गरी
रोयौं वात्सलता घुसेर मनमा सम्झेर माया गरी
राखेरै दसमास ता उदरमा बोकेर जन्माइयो
जन्माई अति कष्टले अनि यहाँ पालेर हुर्काइयो
झाडा भो यदि पातलो मनमनै अत्यास लाग्ने तर
चर्को सोर रूवाइको हुनगए सम्झेर नाना थर
कोक्रोमा त सुताइ कामतिर पो जानै त बाध्यै थियो
केही हुन्छ कि त्रास मात्र मनमा जौ, तील पाक्ने थियो
यस्तै यो चलनै भएर सबले मानेको होला कि त
औधी प्यार गरी बढाइ, तर खै सुम्प्यौं पराईसित
आफू दुःख सहेर नै दिनदिनै तिम्रो गऱ्यौं पालन
शिक्षा अर्ति दिएर राख्न त सक्यौं राम्रो भयो जीवन
जस्ते प्यार भएर के हुन गयो सुम्पेर छाड्यौं पर
यस्तै हो नियमै समाज, घरको खुम्चेर बस्छौं वर
कोठा शून्य भयो उराठ घरमा जागेर आयो तर
सारा शून्य हुँदा तथापि हुन गो यी आत्ममा मञ्जुर ।
छैनौ आज तिमी त जन्म घरमा बस्छ्यौ पराई घर
हाम्रो यो मन रून्छ झट्ट अति नै सम्झेर पूर्णाक्षर
खानै जो मुखमा तयार रहँदा गासै कटाई दियौं
मीठो चीज कुनै मिल्यो त परमा सम्झेर राखी दियौं
यस्तो यो ममता गडेछ दिलमा भुल्ने कसोरी अब
यो हो बाध्य समाजको परिधिमा बुझ्नै त पर्ने सब
त्यस्तै रीत भयो भनेर अहिले यो चित्त खुम्च्याउँछौं
तिम्रो भाव सदा उँचो रहिरहोस् यै कामना गर्दछौं
मीठो बोल सधैं सबै जनहरू आफ्ना बनुन् बातले
छुच्ची यो कपटी, खुनी सरहका शब्दै हट्‌न् आँतले
आपस्मा झगडा नगर्नु दुइमा कस्तै परोस् ता पनि
चर्को एक भए सुशान्त बन है रोकेर शब्दै अनि
आमा बाबु भुलेर ढुक्क घरमा बिर्सी नबस्ने गर
आऊ भेट कुनै सुनाइ खबरै सञ्चार छर्ने गर
तत्कालै नसके प्रयोग गरनू त्यो दूरसञ्चारको
यीं आत्मा नरूवाउ सोच मनले यस्तै छ संसार यो
राख्नु मान त मान्यवर्ग जति छन् आत्मा प्रफुल्लै भई
सानामा अति प्यार, स्नेह गर है आत्माभिमानी भई ।

लेखक कवि एवं साहित्यकार हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमाहरूको देशमा घुम्दै जाँदा

अनुपमा रेग्मी

विषय प्रवेश

यात्रा साहित्य अब नियात्रामा सीमित रहेको छैन भन्दा अत्युक्ति नहोला । निबन्धसितको नाता केही हदसम्म यसभित्र कायम रहेको भए पनि धेरै मात्रामा यसले निबन्धबाट आफ्नो धरातललाई अन्तै मोडेको छ । यात्रा अनुभूति हो, यात्रा कर्म हो, यात्रा अवस्था हो । त्यस अवस्थामा व्यक्तिले गरेका अनुभवलाई कुन रूपमा कुन विधामा प्रस्तुत गर्छ, त्यो यात्रीकै कलममा, कलात्मकतामा, सिर्जनात्मकतामा भर पर्ने कुरा हो । यात्राका क्रममा सानो दुरीको होस् या लामो, नेपालभित्रको होस् या बाहिरको यात्रीको परिवेश, कार्य, सोचाइ, परिस्थिति अनुसारका भोगाइलाई शब्द चातुर्यले सजाउने कार्य सुरू भएको पनि एक शताब्दी भन्दा बढी भइसकेको छ । अझ अगाडि जाने हो भने त राजा गगनिराजको यात्रातिरै पुग्नुपर्ने हुन्छ । यस अवधिमा नेपाली साहित्यमा यात्रा साहित्य थुप्रै लेखिएको पाइन्छ । यात्राका चाक्षुष परिवेश, मानसिक अवस्था र व्यवहारिक सेरोफेरोको विवरण धेरै प्रस्तुत हुने भएकाले र त्यससम्बन्धी सोच र विचार पनि बलियोसित त्यसै लेखनमा आउने हुनाले यात्राको लेखनलाई निबन्धसित जोडेर नियात्रा भन्न थालिएको हुनुपर्छ तर त्यसै कुरालाई यात्रा कथामा यात्रोपन्यासमा, यात्राकविता वा कुनै विधाहीन सिर्जनामा ढाल्न नसकिने होइन साथै यात्रा साहित्यका विविध विधा नेपालीमा लेखिइसकेका छन् ।

घुम्ने अवसर र खर्च पाउनु नेपालीका लागि अहोभाग्य नै हो । त्यो अहोभाग्य प्राप्त हुने सबैको मनमा अलिखित यात्रासाहित्य गढेरै बसेको होता तापनि सिर्जनाशिल्पले मिलाउँदै शब्दलाई खेलाएर आलङ्कारिक प्रस्तुति दिने कार्य त्यति सहज छैन । सबैले गरेको यात्रा पढ्न पाईंदैन । त्यसैले सर्जकहरूको यात्रा केवल स्वयंका लागि मात्र हैन, पाठकका लागि पनि हो र श्रोताका लागि पनि । नेपालीमा यात्रा साहित्य धेरै नै लेखिएको छ भन्ने मान्नुपर्छ । त्यसमा धेरैजसो पुरुष यात्रीका भावना समेटिएका छन् अर्थात् पुरुष यात्रीका अनुभूतिले अक्षरारित हुने मौका पाएका छन् । नारी स्रष्टा यात्रीका थोरैजनाले मात्र यात्राका अनुभूतिलाई साहित्यिक रूप दिएको पाइन्छ ।

यात्रा साहित्य अन्य अवस्थाका अनुभूति पोखिएको साहित्यभन्दा फरक हुन्छ । यात्राकृतिमा यथार्थको प्रस्तुति इमान्दारिताको कसीमा घोटिंदा पनि खरो उत्रेको हुनुपर्छ । विवरण पनि हुनुपर्छ, स्थानको, क्रियाकलापको र अनुभूतिको तर त्यो विवरण खाली तथ्याङ्कको रूपमा मात्र भयो भने पाठकका लागि होइन कुनै तथ्याङ्क विभागका लागि मात्र काम लाग्ने हुन्छ । त्यसैले, यात्रासाहित्यले लेखकीय प्रतिभा मापन गर्छ । पाठकको मागअनुसार यात्राकारले आफू सँगसँगै पाठकलाई भ्रमणस्थलमा लैजान सक्छ कि सक्दैन

समालोचक पद्मकन्या बहुमुखी क्याम्पसका उपप्राध्यापक हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा पनि यात्रा साहित्यको सबल पक्ष हो । विधाहरू अन्तर्विधात्मक हुँदै गएको वर्तमान युगमा नियात्रा नै हुनुपर्छ भन्ने छैन तर पाठकको परीक्षामा उत्तीर्ण हुनुपर्छ भन्ने चाहिँ छ । यिनै आधारमा गीता रेग्मीको पश्चिमाहरूको देशमालाई आंकलन गर्ने कोशिश यस लेखमा गरिएको छ ।

विषय विस्तार

गीता रेग्मी यसअघि पुस्तककार रूपमा कथामार्फत् परिचित साहित्यकार हुन् । सन २०११ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)को निमन्त्रणामा युरोप गएपछि उनले आफ्ना यात्रानुभूतिलाई पश्चिमाहरूको देशमा समेटेकी छन् । जम्मा बीसवटा शीर्षकमा समेटिएको यस नियात्रामा छिर्नेबित्तिकैदेखि नेपालीहरूलाई विदेशको यात्रा किन गाह्रो भएको होला भन्ने प्रश्नको उत्तर पाइन्छ । त्यसअघि नै आफ्नै भूमिकामार्फत् उनले नेपाली यात्रा साहित्यको इतिहास सविस्तार चर्चा गरेकी छन् । उनले त्यस इतिहासमा आफ्नो उपस्थितिको दाबा गरेकी छन् । निश्चय नै यसलाई स्वागत गर्नैपर्छ । गरिब देशका गरिब बासिन्दा भएकाले हामीले स्वतन्त्र भ्रमणको अनुभूति सुन्न र पढ्न गाह्रो छ तापनि सोद्देश्य भ्रमणमा जानेले लेखेको यात्रा साहित्यमार्फत् नेपाली यात्रा साहित्य अगाडि बढेको छ । यस्तै छ लेखक गीता रेग्मीले यात्राको सेरोफेरोमा भोग्नुपरेका सामाजिक आर्थिक कठिनाइ पनि ।

प्रस्तुत नियात्रा कृतिमा गरिब देशबाट विकसित देशमा पुग्दा ती देशको भौतिक विकासले जन्माएको आश्चर्य, त्यहाँको सहनसहन र सांस्कृतिक बेग्ल्याइँले ल्याएको विचित्रता, विदेशमा बसेर पनि नेपाली भाषा साहित्य र संस्कृतिप्रति त्यहाँ बस्ने नेपालीले देखाएको चासो, कामका लागि उनीहरूबीच भएको एकता, डायस्पोरिक नेपालीको स्थिति, पारिवारिक माया मोह र त्यसले ल्याउने सहृदयता, परदेशिएपछि स्वदेशमा रहेका आफन्तप्रति आउने सम्झना जस्ता घटनाले वस्तुको रूप पाएका छन् । त्यस्तै लेखक पुगेका ठाउँ, बाटोघाटो, त्यहाँको वातावरण पनि यसले समेटेका विषय हुन् । लेखक साहित्यिक कार्यक्रममा गएकी र उनका साथमा अन्य लेखकहरू पनि सहभागी भएर गएकाले यस कृतिका निबन्धमा एक्लो हुनुको पीडाको प्रस्तुति कम छ तर कार्यक्रमपश्चात् विदेशका आआफ्ना आफन्तलाई भेट्न एकअर्काबाट छुट्टिएपछिको अवस्थाको भने रोचक प्रस्तुति भएको छ । लेखकले तानाशर्माले झैं त्यहीं लामो समय बसेर त्यहींको संस्कृतिलाई बुझेर लेख्ने अवसर पाएकी छैनन् भने दामोदर पुडासैनीका झैं युरोपमा एक्लो भएर होटलमा बस्नुपरेको पनि रहेनछ तैपनि यसमा सङ्कलित निबन्धमा छोराछोरी र श्रीमान्प्रतिको माया र विछोडका अनुभूति बेग्रल्ती टाँसिएका छन् ।

दोस्रो शीर्षकमा लेखकले खाना नखाइ जहाज चढ्दा भोकले छटपटाएको विषयको प्रस्तुति छ । विजिनेस क्लासमा भएको भौतिक आराम भोकका कारण मानसिक आराम बन्न नसकेको यथार्थ प्रस्तुत छ । जहाजमा कस्तो अवस्था आउँछ भन्ने पूर्वजानकारी लिएर आफूलाई तयार पार्नुपर्छ अथवा बढी फुर्केर आफ्नो ख्याल राख्न बिर्सन हुन्न भने झैं लाग्छ । बेलायतको समृद्धि र विकासको मात्र नभइ त्यहाँको अस्थिर मौसम, प्राकृतिक सुन्दरता, त्यहाँ बसेका आफन्तसितको पारिवारिक जमघट पहिलो बिहान बेलायतकोमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
प्रस्तुत गरिएको छ । त्यहाँको ट्राफिक व्यवस्था, विकास हेरेर लेखकले नेपालमा राजनीतिक अस्थिरताकै कारण विकास नभएको अव्यवस्था बढेको निष्कर्ष निकालेकी छन् । कार्यक्रमभित्र रूमल्लिँदामा कार्यक्रमस्थलतिर जाने बाटोघाटोको विवरणका साथै नेपालमा आफूले भोगेका कतिपय स्थितिसित त्यहाँको स्थितिको तुलना पनि गरिएको छ । साहित्यिक कार्यक्रममा विदेशमा बस्ने नेपालीले देखाएको प्रेम, साहित्यकारलाई देखाएको सद्‌भाव र कार्यक्रमका विवरण पनि यस खण्डमा प्रस्तुत गरिएको छ । लेखकले आफ्नो उत्सुकता, कल्पना र यथार्थलाई छ्याङ्ग हुने गरी पोखेकी छन् । कार्यक्रम सकेपछि जात्रा हेर्न जाँदा अर्धनग्न युवतीका छाती सुम्सुम्याएको दृश्य हेर्न लाज लागेको यथार्थमात्र होइन, बेलायतमा नारीहरूले प्रयोग गरेको स्वतन्त्रताको कुरालाई पनि जात्राभित्रको जात्राले समेटेको छ ।

साहित्यकारको यात्रा हुनाले शेक्सपियरलाई भेट्दा भएका गौरवशाली अनुभूतिलाई पनि उनले प्रस्तुत गरेका छन् साथै हाम्रा महाकवि र आदिकविका जन्मस्थल र उनीहरूले प्रयोग गरेका सामानलाई सङ्ग्रहालय बनाउन किन सकिएन भन्ने गुनासो र जवाफलाई पनि उनले प्रस्तुत गरेकी छन् । नेपालको तिज र विदेशमा नेपालीले मनाएको तीजको भिन्नता र नेपाली संस्कारको छाप घुमेर बितेको तीजमा प्रस्तुत गरिएको छ । हुन त नेपाली रीति र संस्कारको प्रभाव लेखकले अन्य खण्डमा पनि प्रस्तुत गरेकी छन् र विदेशमा आफू खुल्न नसकेको स्वीकार पनि गरेकी छन् । यो स्वीकारोक्ति यस नियात्राको अत्यन्त सबल पक्ष हो ।

बेलायतपछि प्यारिस जाँदाको मेसो आएको छ । तानशर्माले रङ्गैरङ्गमा प्यारिस गीता रेग्मीले फ्रान्सेली राज्यक्रान्तिको रगतमा डुबेको देखेकी छन् र नेपालका आन्दोलनको स्मरण र तुलना पनि ती क्रान्तिसित गरेकी छन् । आइफेल टावरसँग जम्काभेट हुँदा र अगाडि पनि इतिहासको विवरण बडो सूचनायुक्त बनेर आएको छ । सामान्य विषय र विवरणमा पनि लेखक रेग्मीका शब्दहरूमा आकर्षण मोहनी छ । लेखनको अलिक भिन्न शैली छ, साखेकर चर्चको चर्चामा होस् या कङ्कर्ददेखि नोट्रेड्यामसम्मको यात्रामा होस् नेपोलियन र लुई चौधौंदेखि सोह्रौंसम्मको इतिहास ललित तरिकाले वर्णित छ । त्यसमाथि पनि मोनालिसासित लेखकले गरेको साक्षात्कार कुराकानीको शैलीले पाठकलाई पनि पिरामिड म्युजियममै तान्छ । गीता रेग्मीको आफ्नो शैलीको सबलता यस खण्डमा अझै राम्ररी पोखिएको छ ।

क्रान्ति र युद्धको केन्द्रविन्दु भर्साइल दरबार शीर्षकमा पनि फ्रान्सेली इतिहासको सूचना आएको छ साथै तत्कालीन फ्रान्सको भयावहताको चित्रण । राजा लुई सोह्रौं र उनकी रानी लगायतकालाई जिलेटिनमा मारेको विवरणले आङै जिरिङ्ग हुन्छ । विदेशमा डायस्पोरिक नेपालीको व्यस्तताले आफूलाई गराएका अनुभूति विदेशमा साथीको खोजीमा प्रस्तुत भएको छ । निदरल्याण्डमा समुद्र हेरेपछि जीवनको गुनासै सिद्धिएका कुराले लेखक कतै बहकिएकी पो हुन् कि झैं लाग्छ । समुद्र देख्दा नेपालीमा हुने उत्सुकता, हेर्नका लागि हुने उद्वेलित क्षणको प्रस्तुतिले पाठकलाई उहीं पुगे झैं रोमाञ्चित बनाउँछ । जर्मनका सारा सहर हेर्न नपाएपनि जर्मन जाँदा बाटोको किनारमा स्याउ फलेको र गाडी रोकरै कसैसित नसोधी टिपेको क्षणको प्रस्तुति जर्मनको यात्रामा छ । जर्मन पुरै घुम्न नपाए पनि हिटलरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देश टेक्ने उनको अभिलाषा अचम्मलाग्दो देखिएको छ । फेरि बेल्जियमबाट मों जाँदा भाषा नजानेर आधा घण्टा घुम्ने समय खेर गएकोमा लेखक चुकचुकाएकी छन् । मों पुगेर समुद्रमा खेल्दाको खुशीको, उत्सुकताको अत्यन्तै सुन्दर पारामा समुद्रसँगको जम्काभेटमा प्रस्तुत गरिएको छ । मोंमा पनि गोर्खा र पनौती नामका ठाउँ देखेर स्वदेश प्रेममा भावुक बनेकी रेग्मीलाई एक हजार युरो बोकेर हिंड्दा डर पनि लागेको छ परदेशको ठाउँमा । परदेशमा पनि चोरीको घटना हुने गरेको बताएर विकसित देशमा पनि अपराध हुन्छन् । हामीले यहाँ सुनेजस्तो त युरोप पनि रहेनछ भन्ने देखाएकी छन् । त्यहाँबाट पूनः बेलायत पुगेर टावर ब्रिज, क्याम्ब्रिज विश्वविद्यालयको वर्णन गर्दै बेलायतका ठूला मन्दिरमा दर्शन गर्न पुगेकी रहिछन् । यसमा लेखकको आफ्नो धर्म, कला, संस्कृतिप्रतिको मोहभावलाई सफलतापूर्वक चित्रण गरिएको छ । अन्तिमतिर आफ्नो पूरा भएको सपना सुनाउँदै नेपालसम्म आइपुगेर नियात्रा टुङ्गिएको छ ।

युरोपको यात्रा गरेर लेखिएका थुप्रै कृति नेपाली साहित्यको बजारमा आएका भएपनि गीता रेग्मीको पश्चिमाहरूको देश अलग प्रकृतिको भएर आफ्नो मौलिकताका साथ पहिचान दिन समर्थ भएको छ । देशका वस्तु र इतिहासका पात्रसित सिधै संवाद गर्ने शैलीमात्र नभएर ठाउँ ठाउँमै नेपालमा भएका सम्भावनाको चित्रण गर्नुले मात्र यसलाई बेग्लै बनाएको होइन, विभिन्न स्थानलाई नेपालका स्थानसित तुलना गर्नाले आफ्नो स्मृत्याभासमा पसेर अतीतलाई वर्तमानसित जोडेर लेख्नाले ठाउँ ठाउँमै सुक्तिमय अभिव्यक्तिको प्रस्तुतिले पनि यस कृतिको सबलतालाई देखाएको छ ।

कृतिभित्र केही न केही कमजोरी पनि रहेका छन् । कृतिकार वर्णित विषयमा तटस्थ देखिएकी छन् । आफूसँग गएका साथीसँगको सम्बन्धबारे आफूप्रति उसले देखाएको व्यवहारबारे सकेसम्म सकारात्मक र नभए तटस्थ लेख्नुले उनको लेखनी गुम्सिएको र अझै कतिपय पाटा खुल्न नसकेको झैं देखिन्छ । त्यस्तै लेखकले नेपाली संस्कारका कारण विदेशी भूमिमा देखेका कुराबाट उब्जेका भावलाई खुला हृदयले उघारेकी छैनन् । पारिवारिक सम्बन्ध र वर्णनको जालोबाट थोरै मात्र मुक्त भए पनि भाषाको बहावले यसलाई रसिलो र पाठ्य बनाएको छ ।

निष्कर्ष

भट्टराई सरले भने झैं ऐतिहासिक महत्त्वको, धरावासीज्यूले भने झैं प्रत्येक वाक्य र शब्दमा पाठकलाई सँगै हिंडाउन सक्ने यो पुस्तक यात्राकथाको रूपमा आएको भए ज्यादै नवीन हुने थियो । कथात्मकताको गति र स्वभाव पक्रन सफल यो कृति निबन्धात्मक भएर पनि ज्ञानु पाण्डेले भने झैं अनौपचारिक शैलीको मिठासले उच्च भएको छ । लेखकले स्वभावविकताका लागि आमालाई मामु जस्ता शब्दलाई प्रयोग गरेकी छन् । भ्रमणमा भेट भएका पात्रले बोलेका र पारिवारिक सदस्यले बोलेका एवं आफूले बोल्नुपर्दा जसलाई जे भन्ने गरिन्छ, त्यही अनुरूप नै प्रस्तुत गरेकी छन्; जेठाजुलाई दाजु, जेठानीलाई दिदी जस्ता शब्द नै प्रयोग गरिएको छ । यसले लेखनमा भाषिक कृत्रिमता नदेखिई स्वाभाविकताको मार्ग प्रस्टिएको छ । नेपाली यात्रा साहित्यमा एउटा दह्रो इँटाको रूपमा प्रस्तुत कृति रहनेछ भन्नेमा शङ्का छैन । इति शुभम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तिनारायण श्रेष्ठका मुक्तकको अध्ययन

– असफल गौतम

१. स्रष्टा परिचय

माता मानकुमारी र पिता रूपनारायण श्रेष्ठको कोखबाट १९९६ साल भाद्र १७ गते शिवालय-६ पर्वतको कुश्मा बजारमा जन्मेका शान्तिनारायण श्रेष्ठ बाल्यकालदेखि नै सरल र मिहिनेती स्वभावका थिए । घरबाटै सामान्य अध्ययन सुरू गरेका उनले पाँच वर्षको उमेरमा बाबुलाई गुमाउन पुगे । दैवको लिला लेखेको मेटिदैन, देखेको भेटिदैन । जसलाई जे पर्‍यो-पर्‍यो । भनिन्छ जसको बाबु मरे उसैको छोरा टुहुरो भनेर, त्यसपछि उनका दु:खका दिन सुरू भए । जिन्दगीमा परेको बज्रपातकै कारण अध्ययनलाई अगाडि बढाउन सकेनन् । २००९ सालमा केही समय चित्रकलासमेत अध्ययन गर्न लागेका श्रेष्ठको औपचारिक शिक्षा कहिले भाषा पाठशाला, त कहिले चित्रकला हुँदै ढिसमिस् हुन पुग्यो । अन्तत् चित्रकलाको अध्ययनलाई पनि अगाडि बढाउन सकेनन् । २०११ सालमा उनी एकैचोटि तीन कक्षामा भर्ना भए । एक वर्ष अङ्ग्रेजी अध्ययन गरे त्यो अध्ययन पनि अलमलमा पर्‍यो । मानिसलाई समयले कता डोर्‍याउछ थाहा हुँदैन त्यस्तै भयो श्रेष्ठको जिन्दगीमा । तेजिलो दिमाखका विद्यार्थी हुँदाहुँदै पनि समय र परिस्थितिले मान्छेलाई दास बनाउछ भने झै उनी समयको दास बन्न पुगे ।

मलाई याद छ बूढापाकाले भनेको उखान टुहुराका दिन आउँछन् । जुन उखान श्रेष्ठको जीवनमा चरितार्थ हुन थाल्यो । तीन कक्षामा एक वर्ष अङ्ग्रेजी पढेकै आधारमा उनले भोलेन्टियर शिक्षकको रूपमा काम पाए । हामी २१ औं शताब्दीमा पनि हिजोका हाम्रा बाबुबाजेका कहानी आमाले घरधन्दा गर्ने बाबुले कमाएर ल्याएपछि चुलोमा आगो बल्ने संस्कारलाई अङ्गाल्दै आएका हौं । शान्तिनारायण पनि चौकोमा आगो जोर्नकै लागि तीन कक्षामा एक वर्ष स्कुल गएर पढेपछि स्वःअध्ययनलाई अगाडि बढाउँदै रोजगारीको माध्यम खोज्न थाले । २०२८ साल, जुन समय उनले जागिरको आवश्यकता महसुस गरेका थिए, त्यही बेला जीवनसङ्गीनीको पनि । वर्तमानमासमेत उनी रमाइला, हसिला र रसिला छन् भने जवानीका कुरा के गर्नु ? उनी विछट्टै प्रेमिल थिए अनुमान गर्न सकिन्छ । उनी २०२८ सालमा सुब्बाको जागिरमा प्रवेश गरे । सुब्बाको जागिर खाने सपना पूरा भएर छाड्यो । सामान्य शिक्षा हासिल गरेका श्रेष्ठ सुब्बा बनेर नेपाल सरकारको नुनपानीले जिन्दगीको रथ चलाउने भएपछि उनले थप शिक्षाको आवश्यकता महसुस गरे । उनका कोही सहयात्री आचार्य पास गरेका थिए त्यसैले अध्ययनलाई पुनः अगाडि बढाउने सोच गरे । त्यही बेला अध्ययन र जागिरको तालमेल मिलाउनका लागि साँझ बिहान चुलो चौको गर्ने मान्छेको खाँचो पर्‍यो । अन्तत प्रेमिकालाई जीवनसङ्गीनीका रूपमा २०२८ सालमै प्रेम विवाह गरेर

लेखक साहित्यकार हुनुहुन्छ। –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र्याए । जिन्दगीका पाइला नयाँ सपना सजाएर अगाडि बढ्दै गर्दा उनी दुई छोरा र एक छोरीका बाबा बने । २०१४ सालदेखि जागिरको खोजी गरेका उनले २०२८ सालमा सरकारी जागिरे भएपछि २०४९ सालमा पेन्सन निस्के, जुन बेलासम्म उनले अर्को विवाहसमेत गरी कान्छी श्रीमतीबाट पनि एक छोरी र एक छोरा जन्माएका थिए । जुन समय दुवैतर्फका तीन छोरा र दुई छोरीका बाबु बनेर जीवनयात्रा चलाउँदै आए ।

१.१ श्रेष्ठको साहित्यिक यात्रा

"१६ वर्षे उमेरमा मै पनि झिल्के हुँदो हुँ" पोखरा मात्रै नभएर राष्ट्रियस्तरमा चर्चामा रहेको गीत हो । श्रेष्ठको साहित्यिक यात्रा पनि यही गीत जत्तिकै लोकप्रिय भएर अगाडि बढ्दै आएको आकलन गर्न सकिन्छ । नेपाली वाङ्मयको उन्नयनका लागि पर्वतबाट उनले १६ वर्षकै उमेरमा आफूलाई होमेका हुन् । जुन समय उनले कस्ता सिर्जना गरे ? हामी अनुमान गर्छ सक्छौँ । मान्छे जिन्दगीमा एक पटक कवि बन्छ भन्छन् तर शान्तिनारायणको जीवनमा त्यो लागू भएन त्यसैले उनी गीतकार बने । उनको पहिलो लिखित रचना गीत र प्रकाशित रचना मुक्तक र कविता बन्न पुग्यो । उनी रमाइला प्रकृतिका छन् । त्यसैले १६ वर्षे उमेरमा कवि भएको हुनुपर्छ पङ्क्तिकारको ठम्याई हो । उनीसँग बसेर वर्तमानमा गरिएका कुराकानीका सन्दर्भले पनि त्यो पक्षलाई प्राथमिकतामा राख्छ । यस्तै उनको पहिलो प्रकाशित कृति भने गुप्तेश्वर खण्डकाव्य (२०२७) हो । जुन समय उनी जागिरको खोजीमा थिए । तापनि आफ्नो जन्मभूमि सबैलाई प्यारो लाग्छ त्यसैले आफू जन्मेर हुर्केको ठाउँ गुप्तेश्वर गुफाको आसपास भएकोले त्यसले छोयो । त्यहाँको प्राकृतिक, भौगोलिक, पर्यटकीय, सांस्कृतिक र धार्मिक पक्षलाई समेटेर वर्णनात्मक खण्डकाव्य लेखे । जुन नेपाली वाङ्मयका लागि उपहार नै चढाए । यसरी झिल्के उमेरबाट थालेको साहित्यिक यात्राबाटै आज उनी चर्चित स्रष्टा साधक बन्न पुगे । साधनामा लागेपछि उनको लेखनले कहिल्यै पछि फर्केर हेर्न परेन । निरन्तर अगाडि बढ्यो । यसरी अगाडि बढिरहदा आज यहाँ उनका मुक्तकका बारेमा यहाँ चर्चा गरिएको छ ।

श्रेष्ठले फुर्सद पाउने बित्तिकै लेख्ने गर्थे । तापनि २०२८ सालदेखि २०४९ सम्मको दौडान उनको दैनिकी दालचामलकै लागि बित्यो भन्दा हुन्छ । उनलाई कृति प्रकाशनका लागि धवलागिरिमा प्रेस नभएका कारण समस्या भयो । यो मात्रै होइन, उनलाई दुःख लागेको कुरा २०४६ सालमा बादलिएको दिन कथा सङ्ग्रह र प्रणयको अवषेश उपन्यास छाप्नका लागि चितवनको प्रेसमा छोडे । विडम्बना ती दुवै कृतिको पाण्डुलिपी प्रेसबाटै हरायो । जहाँ कम्प्युटरका काम गर्ने भाइ बनारसका थिए, उनी दसैंको वेला दसैं मनाउन घर गएपछि उनको त्यो पाण्डुलिपी नै हरायो । आफूले लेखेका आख्यान कृति नै हराएपछि चोट पर्‍यो त्यसपछि आख्यान भन्दा फुटकर विधालाई लिएर अगाडि बढे र सफलता बटुल्दै गए । वर्तमानमा उनका झण्डै तीन दर्जन कृति प्रकाशन भएका छन् । जसमा गुप्तेश्वर खण्डकाव्य (२०२७), झङ्कार गीत सङ्ग्रह (२०५६), स्पन्दन गीत सङ्ग्रह (२०५६), विसङ्गति मुक्तकसङ्ग्रह (२०५६), वैंसका सुसेलीहरू गीत सङ्ग्रह (२०५७), बाडुल्की गीत सङ्ग्रह (२०५७), अनुभूति गजल सङ्ग्रह (२०६०), स्मृतिका लहरहरू शोककाव्य (२०६०), अवतरण हाइकु सङ्ग्रह (२०६१), अनावरण ताङ्का सङ्ग्रह (२०६२), संस्मरण नियात्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२०६२), अजम्बरी माया गजल सङ्ग्रह (२०६३), अन्तर्ध्वनि चोका सङ्ग्रह (२०६४), खाटा बस्न नसकेका घाउहरू मुक्तकसङ्ग्रह (२०६६), अपेक्षा सेदोका सङ्ग्रह (२०६७), भावावेश मुक्तकसङ्ग्रह (२०६८) रहेका छन् । यस्तै पछिल्लो समय श्रेष्ठको नागरिक अभिनन्दनसहित शान्तिनारायण श्रेष्ठः स्रष्टा र सिर्जना (२०७२) नामक समीक्षा ग्रन्थ पनि प्रकाशित छ ।

१.२ श्रेष्ठको बहुआयामिकता

शान्तिनारायण श्रेष्ठ साहित्यिक मात्र हैनन्, बहुआयामिक व्यक्तित्व हुन् । उनी मानवअधिकारवादी, पर्यटकीय, सामाजिक तथा धार्मिक व्यक्तित्व पनि हुन् । उनले नेपाल रेडक्रस सोसाइटी, गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, गुप्तेश्वर धार्मिक तथा पर्यटकीय संस्था, निर्माण व्यवसायी सङ्घ, हेल्पिङ्ग ह्यण्ड्स नेपाल, ओमकला केन्द्र, नेवाः सि. गुठी, नेपाल मानवअधिकार सङ्गठन, नेपाल नेत्रज्याति सङ्घ, सुकमाया बाल प्रतिभा पुरस्कार गुठी, राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान पर्वत, नेवाः देय दवूः, नेपाल कमर्शियल आर्टिस्ट सङ्घ, धौलागिरी वाङ्मय समाज, नेपाल बाल सङ्गठन, धर्मोदय सभा, जिल्ला बाल कल्याण समिति, रत्न श्रेष्ठ पुरस्कार गुठी र जनमत प्रकाशन लगायतका झण्डै दुई दर्जन धौलागिरी अञ्चलका सङ्घसंस्थादेखि बनेपाका साहित्यिक सङ्घसंस्थामा रहेर कार्य सम्पादन गरेबापत उनको बहुआयामिकता प्रष्ट हुन्छ । उनी साहित्य सिर्जना र समाजसेवा मात्र हैन नेपालमा पर्यटनको वृद्धि र विकास गर्न सकियो भने मात्र प्रगति हुन्छ भनेर चिन्तित हुने व्यक्ति पनि हुन् । त्यसैले गुप्तेश्वर धार्मिक तथा पर्यटकीय क्षेत्र गुप्तेश्वर गुफाको वृत्तचित्र परिकल्पना, लेखन तथा निर्देशन (२०६५) गरेका छन् ।

यस्तै श्रेष्ठ कुशल सम्पादकीय व्यक्तित्व हुन् । २०१८ सालमा आँकुरो हस्तलिखित पत्रिकाको सम्पादन गरेबाट उनको साहित्य लेखनको रूचि प्रष्ट हुन्छ । पत्रिकाको सम्पादन त्यसमा पनि हस्तलिखित त्यो सानो हिम्मत र साहसले हुने कुरा हैन । हस्तलिखित पत्रिकाको सुरूवात गरेर अगाडि बढेका श्रेष्ठको यात्रालाई समयको विकासक्रमले अगाडि बढाउँदै लगेपछि प्रविधिको प्रयोग गरेर पत्रिकाको सम्पादन गर्न मन लाग्यो । फलस्वरूप उनले २०२१ सालमा पर्वत नामक मासिक बुलेटिन, २०२२ सालमा पर्वतमाला षडमासिक पत्रिका हुँदै २०५४ सालबाट सगुन साहित्यिक पत्रिकाको सम्पादन आजसम्म गरिरहेका छन् ।

श्रेष्ठ कुशल शब्द सङ्कलक र गायक पनि हुन् । उनका तीन गीति एल्बम सङ्गीतप्रेमी श्रोताले श्रृवण गर्न पाएका छन् । उनले आजै छ लगन (२०५४) पहिलो लोकदोहोरी एल्बम लोकका लागि अपर्ण गरे । सोही एल्बमले दिएको सफलताले अर्को गीति एल्बम निकाल्न हुटहुटी जगायो । पुनः हिले पानी गाउँ (२०५६) अर्को गीतिएल्बम निकाले । दुई एल्बम पछि लोक मात्र हैन सुगम सङ्गीतमा पनि मन जाग्न थाल्यो । उनले शिरमा तिम्रो २०६५) एल्बम निकालेर नेपाली सुगम सङ्गीतका लागि अर्पण गरे । उनी कस्ता गीत रचना गर्छन भन्ने कुरा २०४० सालमा दोस्रो राष्ट्रिय लोकदोहोरी गीत प्रतियोगितामा स्वर्ण पदक थापेबाट आम जनमानसलाई प्रष्ट हुन्छ । यहाँ बढी भनिरहनु आवश्यक छैन ।

यस्तै साहित्यका हाइकु, ताङ्का, सेदोका र चोका सङ्ग्रह प्रकाशन गरी व्यवहारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागु गर्नका लागि कम्मर कसेर लागेका छन् । उनलाई यी सङ्ग्रह प्रकाशनका लागि पाठकले दिएका पुस्तक नै प्रेरणाको स्रोत बनेको उनी बताउछन् । कसैले हाइकु सङ्ग्रह दिए हाइकु लेखे, चोका दिए चोका । उनी आँसु कवि हुन् । उनले चोकामा रहेको एक सन्दर्भलाई सुनाउँदै भनेः म बागलुङ जाँदा सानो बच्चा बोकेर गिटी कुटेकी महिला देखे त्यसपछि काली र गोरे पात्र बनाएर लेखे । उनी घटनाको आधारमा भन्दा पनि परिवेशको आधारमा साहित्य लेख्ने स्रर्जक हुन् । उनले कहिल्यै आफ्नो लेखनलाई पुनर्लेखन गरेनन् । वर्तमानमा पनि उनका विगतमा लेखिएका दशवटा पाण्डुलिपी छन् तर तिनलाई पुनर्लेखन भन्दा नयाँ लेख्न छिटो हुन्छ भन्छन् । यस्तै श्रेष्ठ साहित्य सिर्जना, समाजसेवा र साहित्यसेवाका साथै फुसर्दको समय मिल्यो भने घुम्न डुल्न पनि मन पराउछन् । उनले नेपाल, भारत, जापान र थाइल्याण्ड लगायतका देशको भ्रमण गरेर त्यहाँको साहित्यका बारेमा पनि राम्रैसँग बुझेका छन् ।

१.३ श्रेष्ठको साहित्यिक योगदानको मूल्याङ्कन

नेपाली वाङ्मयको उत्थानका लागि झण्डै ७७ औं वसन्त खर्चेका श्रेष्ठको सम्मानकाखातिर विभिन्न सङ्घसंस्थाबाट सम्मान पुरस्कारको ठेली लागेको छ । २०१२ सालबाट लेख्न लागेका श्रेष्ठलाई २०२३ सालदेखि सम्मान, अभिनन्दन तथा पुरस्कार हात लाग्न थालेको हो । वर्तमानसम्म आइपुग्दा साँढे दुई दर्जन सम्मान, पुरस्कार प्राप्त भएका छन् । जसमा जानपद सेवा पदक (२०२३), जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम पुरस्कार (२०३१), दोस्रो राष्ट्रिय दोहोरी गीत प्रतियोगितामा स्वर्ण पदक (२०४०), गुप्तेश्वर बहुमुखी क्याम्पस कुश्माबाट सम्मान (२०५८), नारायण मा.वि. कुश्माबाट सम्मान (२०६१), गुप्तेश्वरधाम कुश्माबाट सम्मान (२०६३), हिमालय उच्च मा.वि. कुश्माबाट सम्मान (२०६३), पर्वत महोत्सवबाट सम्मान (२०६४), राष्ट्रिय गजल प्रतियोगिता द्वितीय पुरस्कार (२०६४), घुम्टे प्रकाशन बागलुङबाट सम्मान (२०६४), पश्चिमाञ्चल क्षेत्रीय सम्मान (२०६६), स्याङ्जा साहित्य प्रतिष्ठानबाट सम्मान (२०६५), नेपाल घरेलु तथा साना उद्योग वाणिज्य महासङ्घबाट सम्मान (२०६६), प्रतिभा साहित्य सदन बाँकेबाट सम्मान तथा पुरस्कार (२०६५), रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (२०६१), ज्ञानेन्द्र प्राथमिक विद्यालय पर्वतबाट सम्मान, शान्ति दुत सम्मान (२०६६), नेपाल ललितकला मञ्च धौलागिरीबाट सम्मान (२०६६), पतञ्जली योग समाज पर्वतबाट सम्मान (२०६६), अन्तरङ्ग मुक्तक राष्ट्रिय सम्मान काठमाडौं (२०६८), त्रिमूर्ति सम्मान काठमाडौं (२०६९), पर्वत जेसीज, म्याग्दी उद्योग वाणिज्य सङ्घ, सामुदायिक रेडियो १०३.६ पर्वत, म्याग्दी महोत्सवबाट कदर-पत्र र प्रशंसा-पत्रलगायतका सम्मान उनले प्राप्त गरेका छन् । यस्तै उनको साहित्यिक यात्राको कदरस्वरूप साहित्यकार शान्तिनारायण श्रेष्ठको कृतित्व, व्यक्तित्व, जीवन, गजल, गीत र मुक्तकको अध्ययनलगायतका विषयमा चार जना स्नातक र स्नातकोत्तर तहका विद्यार्थीले शोधपत्र नै तयार पारेका छन् ।

२. श्रेष्ठको मुक्तक यात्रा

सुरूमा संस्कृत संरचना, केही स्वतन्त्र गद्य र पछिल्लो समय रूबाईयात संरचनाका मुक्तक लेख्ने पर्वतका मुक्तककार हुन् शान्तिनारायण श्रेष्ठ । उनले २०२३ सालको असारबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मुक्तक लेख्न सुरु गरेका हुन् । उनी भन्छन्: तालिमको सिलसिलामा काठमाडौं थिए । जुन वेला ४६ रूपैयामा जहाजले काठमाडौं लैजान्थ्यो । तालिममा जाने वेला मसँग ११ सय रूपैया र दुई जोर कपडा थियो । एक हप्ताको तालिमका लागि लिएको ११ सयले खर्च धान्न गाह्रो पर्न थाल्यो । तालिममा भत्ता पनि दिने रहेछ । उनी अगाडि थप्छन्: दिनको ७५ रूपैया भत्ता दिन्थ्यो त्यो के गर्ने ? त्यसपछि मैले काठमाडौंका बालपत्रिका, गोरखापत्र, युवा, नयाँ संसार र सिने मासिकले आफ्ना रचना दिएपछि पैसा दिन्छ भन्ने सुनेर त्यतै लागेपछि मुक्तक लेख्न सुरु गरे । उनको अभिव्यक्तिलाई आधार मानेर हेर्दा उनी सोही तालिमको क्रममा काठमाडौंमा रहदा मुक्तककार बनेर निस्केको देखिन्छ । उनी नयाँ संसार र सिने मासिकको कार्यालयमा पुगेको बताउँछन् र अगाडि रमाइलो पारामा कुरा गर्दै जान्छन्: तीन तला माथि भरेङ्ग चढेर पत्रिकाको कार्यालय पुगेर सोधे, नयाँ संसार सिने मासिकको कार्यालय यही हो भनेर, त्यसपछि हो भन्ने थाहा पाएँ । कहाँबाट आउनु भयो भनेर सोधेपछि पर्वतबाट भने । उनी पहिलो पटक आफ्ना रचनाको मूल्य खोज्न र काठमाडौंमा बिताउने एक हप्ताको समय सहज बनाउन सिने मासिक पत्रिकाको अफिसमा पुगेका थिए । जुन वेला उनको गोजीमा दुई गीत र चार कविता थिए । नरेन्द्रविलास पाण्डे सम्पादक रहेको उक्त पत्रिकाको सम्पादकको कुर्ची अगाडि आम्नेसाम्ने गरेर शान्तिनारायण बसेर कुरा गरे । उनले एउटा रचनाको कति पारिश्रमिक पाइन्छ भनेर सोधेछन् । सम्पादक पाण्डेले सामान्य गीत, कवितादेखि लिएर, निबन्ध, समीक्षा, फिल्मी खबरलाई १५ देखि ८० रूपैया दिन्छौं । भन्दै तपाईंसँग के छ ? कस्तो रचना ल्याउनु भएको छ भनेर मागेपछि श्रेष्ठले गोजीमा रहेका दुई कविता र चार गीतमध्ये दुई गीत र दुई कविता सम्पादकलाई दिएछन् । फेरि उनलाई अरू पनि छ भनेर सोधेपछि उनले छ भनेर पुनः दुई गीत दिएछन् । सबै रचना दिएर उनी फर्कर भरेङ्ग ओर्लेछन् । उनलाई रचना मन नपरेजस्तो अनुभव लाग्यो र मनपर्ने खालका लेख्छु भन्ने लागेर फेरि गएछन् उनैको कोठामा । किन आएको फेरि, अरू पनि छ ? सम्पादकले सोधेपछि उनले छैन, म लेख्छु भनेछन् । अगाडि बसेर कागज खोजी गर्दा गोश्वारा भौचरको एक टुक्रा भेटाएछन्, आम्नेसाम्ने भएर नै तीन मुक्तक लेखेर उनलाई दिए । सम्पादकले हेरेपछि कसैको हो भनेर सोध्न नपाउँदै उनले भने, म लेख्दैछु कसरी कसैको हुन्छ ? यसरी उनले श्रृङ्गारिक धारका तीन मुक्तक लेखे जुन पहिलो मुक्तक यस्तो थियो ।

श्रेष्ठ आफ्नो मुक्तक यात्राको कहानी अझै बताउँछन्, लेखेका तीनवटै मुक्तक तीन-तीन पटक वाचन गरेर सुनाउन लगाएपछि यस्तो लेख्ने मान्छेले किन त्यस्तो कविता लिएर आएको भन्दा श्रेष्ठले हाम्रो गाउँमा यस्तो लेखेको राम्रो मान्दैनन् भनेछन् । सम्पादकले लेखापाललाई ती मुक्तक दिएर चेक काटेर पैसा दिन भनेपछि लेखापालले भौचरसहित १५ रूपैयाको चेक काट्दा लेखापाललाई किन १५ रूपैयाको चेक काटेको भनेर सोधेपछि, लेखापालले यस्ता कवितालाई १५ दिने गरिएको थियो त्यही भएर भनेछन् । अगाडि बसेर आफ्ना सिर्जनाको मूल्य मापन गरिरहेका श्रेष्ठकै अगाडि सम्पादकले भनेछन् सबैभन्दा बढी कति दिने गरेका छौं ? त्यही रकमको चेक काटेर ल्याऊ । लेखापालले ८० रूपैयाको चेक श्रेष्ठलाई दिएछन् । सम्पादक पाण्डेले गाउँको मान्छे, चेक लिएर कता जाने, केही थाहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन होला, पैसा नै दिनु । श्रेष्ठलाई चेकको पछाडि हस्ताक्षर गर्न लगाएर नगद दिएछन् । उनले तत्काल लेखेर सुनाएको एक मुक्तकलाई पहिलो मुक्तकसङ्ग्रह विसङ्गतिमा समावेश गरेका छन्:

व्यर्थै किन हँ ? तिमी ठस्किएकी ?
कुरै नबुझीकन चस्किएकी ?
ख्याल-ख्याल गर्दा उसै झस्किएकी
छुदै नछोई किन मस्किएकी ?

यसरी सुरु भएको श्रेष्ठको मुक्तक यात्रा वर्तमानमा निकै मौलाएको छ । पोखरेली युवा सांस्कृतिक परिवारले सुरु गरेको टिकटमा मुक्तक कार्यक्रममा पनि उनने समय समयमा आएर मुक्तक वाचन गर्ने गरे । नेपालगञ्ज, काठमाडौं, बागलुङ बेनीजस्ता जिल्लामा मुक्तक सुनाउँदै आउँदा वर्तमानमा उनी तीन मुक्तक कृतिका सर्जक बन्न पुगे । यस आलेखमा उनका तिनै मुक्तकको बारेमा चर्चा गरिएको छ ।

२.१ श्रेष्ठका मुक्तकको अध्ययन

नेपाली वाङ्मयको क्षेत्रमा कलम चलाउने स्रष्टालाई समकालीन राजनीतिक परिवेशले प्रत्यक्ष प्रभाव पारेको छ । कोही पार्टीको झण्डा बोकेर त्यसको प्रभावमा साहित्य सिर्जना गर्छन । कतिपय राजनीतिप्रतिको विकार फाल्नका लागि साहित्यमा राजनैतिक विषयलाई ठाउँ दिन्छन् । शान्तिनारायण श्रेष्ठका मुक्तकका मुख्य विषयवस्तु पनि राजनैतिक, सांस्कृतिक, प्रशासनिक, आर्थिक र सामाजिक नै हुन् । कतै राजनीतिक घृणित खेल । कतै माओवादी द्वन्द्व । कतै स्वार्थी नेताको प्रवृत्ति । कतै दलीय चाकडी । कतै भनसुन, कतै मनसुन । कतै दादागिरी, कतै चम्चागिरी । कतै फुटाऊ र राज गर, कतै जुटाऊ र मोज गर । भोलिवाद जमाऊ र रमाऊँ । कतै अरूलाई खाल्टोमा हाल र आफू जाग जस्ता भावलाई उनले मुक्तकको संरचनामा ढालेका छन् । उनका मुक्तक संरचनाका हिसाबले पहिला स्वतन्त्र, संस्कृत संरचना हुँदै वर्तमानमा रूवाईयात शैलीमा रहेका छन् । वर्तमानमा चलनचल्तीमा रहेका तीनवटै संरचनामा श्रेष्ठले मुक्तक लेखेका छन् ।

आज सिंगो देश रद्दीको टोकरीमा परिणत भएको छ । किनकि जसले जसो गरे पनि भएको छ । देशको स्वाभिमान र प्रतिष्ठालाई एक बोत्तल सुरासँग साटे पनि भएको छ । दुई चार हजार र एक कप चियामा इमान बेच्नेहरूका कारण देशमा महङ्गी र भ्रष्टाचार बढेकोले त्यसको विरूद्धमा सम्पूर्ण जागरूक नेपाली लाग्नुपर्ने श्रेष्ठले मुक्तकका माध्यमबाट आव्हान गरेका छन् । वर्तमानमा देखिएकै कुरा हुन्, आफूसँगै जागिर खाएकाहरू करौडौका मालिक बने । लाखौंका कार चढेर हिंडे, आफू जस्ताको तस्तै । जतासुकै तस्करी, घुसखोरी, भनसुन र मनसुनकै कारण देश बर्बाद भएको छ । हामी बुझ्न सक्छौ शान्तिनारायण श्रेष्ठका मुक्तकका विषयले कसरी तिखो वाण प्रहार गरेका छन् भन्ने कुरा । उनले वर्तमान राजनीतिका कारण आफ्नो गाउँ समाज मात्र हैन सिङ्गो राष्ट्र नै अपाङ्ग भएको छ भन्ने भाव मुक्तकमा व्यक्त गरेका छन् । जता पनि चाकडी, भनसुन र मनसुनको वर्षा गराउनुपर्ने । इमान्दार मर्ने, चोरले पेट भर्ने संस्कारका विरूद्धमा श्रेष्ठले विद्रोही आवाज बुलन्द बारेका छन् आफ्ना तीनवटै मुक्तकसङ्ग्रहमा । यसर्थ उनी मुलतः यथार्थवादी र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आलोचनात्मक प्रगतिवादी मुक्तककार हुन् भन्न सकिन्छ । हेरौं उनले देशको विसङ्गतिलाई सङ्केत गरेर लेखिएको एक मुक्तक :

लिखित परीक्षामा प्रथम भएका
एक जना योग्य परीक्षार्थीलाई
मौखिक परीक्षामा फालियो रे ।
सुनिन्छ, परीक्षा नै नदिएकालाई कसैको फोर्सले
सफल परीक्षार्थीको लिस्टमा हालियो रे ।
नेतामुखी हाकिमहरूको यस्तो
क्रियाकलाप देख्दा र सुन्दा
निर्धा-निमुखा परीक्षार्थीहरू कहालिए रे (विसङ्गति) ।

श्रेष्ठका मुक्तक संरचनाका हिसाबले मात्र बहुआयामिक हैनन् । तिनले उठाएका विषयवस्तु त्यस्तै दमदार छन् । प्रयोग गर्ने भाषाशैली उस्तै मिठो छ । वर्तमानमा शिक्षा व्यापारको रूपमा फस्टाएर हिजो ढिडो खान नपाउनेहरू आज बोर्डिङ स्कुलका मालिक बनेर महङ्गा गाडी चढ्ने र ठूला बङ्गाला बनाउने बनेका छन् । पछिल्लो समय शिक्षामा सरकारले कर लगाउने निर्णय गरे पनि उल्टो अभिभावकको ढाड सेक्ने गरी कर उठाएका छन् । एउटा नर्सरी कक्षाको विद्यार्थीको फिस दुई हजार हाराहारीमा पुऱ्याएका छन् । उनीहरू शैक्षिक जनशक्ति उत्पादनका लागि हैन, व्यापारीका रूपमा काम गरेका छन् । व्यापार मात्र हैन विद्याथीलाई चर्को शुल्क तिरेपछि त राम्रोसँग अध्यापन गराए पनि हुने थियो । कक्षा कोठामा झारा टारेर उनका प्राइभेट कोचिङ र टिउसन सेन्टरमा आउनका लागि निम्तो दिएर हिँड्छन् । शिक्षकको प्रवृत्तिलाई उनले नजिकैबाट नियालेका र दिक्क परेका छन् । उता सरकारी विद्यालय पहिरोमुनिको धर्मशाला जस्तो भैसके । विद्यालयमा विद्यार्थी छैनन् । संरचना विकासका लागि सरकारले ध्यान दिनसकेको छैन । यता भत्केको, उता चुहेको छ । यी अनुदानका स्कुलको भविष्य अन्यौल भयो के गर्ने होला भनेर चिन्ता व्यक्त गरेका छन् सोही कारण उनी यथार्थवादी मुक्तककार हुन् । हेरौं उनको संस्कृत संरचनाको मुक्तकः

च्याउ झै उम्रिएका बोर्डिङ स्कुलहरू
आयस्रोतका मुख्य व्यवसाय नै भैसक्यो
सरकारी अनुदानबाट सञ्चालित विद्यालयहरू
पहिरोमुनिको धर्मशाला जस्तो भैसक्यो (विसङ्गति) ।

उनका मुक्तक संरचना र प्रस्तुत गर्ने शैलीमा सधैं आक्रोश छैन । पीडा, व्यथा, वितृष्णा र विकृति मात्र मुक्तकका विषयवस्तु छैनन् । घरी देशको चिन्तामा डुब्छन् । आफ्नै गाउँ बेसीका हुने खाने र हुँदा खाने बीचमा बसेर दुनियाँलाई नियाल्छन् र पनि कलम दौडाउछन् । भावनामा बग्दाबग्दै माया प्रेममा पनि डुब्छन् । ज्यान बुढो भए पनि मन हुँदैन भन्दै नवयौवना लक्का जवान देखे आँसु कवि झै मुक्तक लेख्छन् । उनलाई नेपालमा धेरै कुराको विकास भए पनि हिजोदेखिको सङ्कीर्ण सोचाइमा परिवर्तन नआएकोले कहिलेकाहीं पीर पारेको छ । यस्तै उनी कहिले देशप्रेम, प्रकृतिप्रेम, सौन्दर्य प्रेम र वासना प्रेममा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डुब्छन् । तापनि उनी वासना भन्दा आदर्श प्रेमीका रूपमा आफूलाई उम्याउछन् । यस्तै कहिले प्रकृतिको प्रेममा रमेर मुक्तक लेख्छन् । कहिले संस्कृतिको प्रेममा रमेर । कहिले नवयौवनाको यौवनको कल्पना गरेर । बालादिनका माया पिरतीका कुरा मात्र हैन उनले मन पराएकी मायालु रिसाएर हिंडेका, दुःखसुख सँगै बाँच्ने बाचाकसम खाए पनि बिछोडमा रूनु परेका कुरालाई पनि उनले मुक्तकका विषयवस्तु बनाएका छन् । विभिन्न विकसित राष्ट्रमा माया, प्रेम तथा यौवनका कुरालाई सहज रूपमा लिने गरिएको, रेड एरिया नै छुट्याएर राखिएको अवस्थामा नेपालमा त्यो हुन नसकेकोले आफूले माया गर्नेहरूलाई मनले भन्न खोजेका कुरा भन्न नपाएको चिन्ता व्यक्त गर्दछन् । कोही दिन नयनको इसाराले काम पूरा हुँदोरहेछ भनेर पनि रमाउछन् । चाहे त्यो गाडी चढ्दा होस्, चाहे पँधेरामा पानी लिन जाँदा । नजर परेपछि मनमा भावना फुरेर आउने र तीनै भावनामा साहित्यको जलप लगाउने श्रेष्ठले भेटिदा रमाएका र छुट्टिदा दिल दुखेका कुरालाई पनि मुक्तकको लाममा उनेका छन् । कोही दिन इसारा बुझेर एक अर्काको भावनालाई कदर गरेर चाहना पूरा गर्न पाएको भन्दै यसरी मुक्तक लेख्छन्:

छन् छन् बजेजस्तै ती हातका चुरा
नयन कै इशारामा हुन्छन् कति कुरा
एकअर्काको भावनालाई बुझ्न सके पनि
कतिपय चाहना त हुँदा रैछन् पूरा (भाववेष) ।

वर्तमानमा आफूलाई प्राज्ञ भन्नेदेखि वाक्क बनेका छन् । दुई चार अक्षर कोरे । कतै पार्टीको चाकडी । कतै नेताको भरिया बनेर हिंडे अनि प्राज्ञ बने । न उनमा कुशल स्रर्जकमा हुनुपर्ने ज्ञान, बुद्धि र विवेक छ । न इमान्दार लेखकप्रति दर्शाउने माया, सद्भाव र सहानुभूति छ । यस्तालाई के प्राज्ञ भन्नु भन्दै मुक्तक लेख्छन्:

सप्रिदैन मानिसको मति बिग्रेपछि
यात्रा हुन्न सवारीको गति बिग्रेपछि
मार्कसिट पाउँदैमा प्राज्ञ बनिदैन
प्राज्ञ हुने मस्तिष्क नै अति बिग्रेपछि (भाववेश) ।

हुन पनि हामीले आज अध्ययन गर्ने गरेका हिजोका वरिष्ठ र आफूलाई साहित्यको उपासक ठान्नेले कुनै दिन अर्काको चाकडी गरेननन् । निरन्तर साहित्य साधनमा लागे । कुनै दिन यो पुरस्कार मलाई देऊ भन्दै उनीहरूको चाडकी गर्दै हिंडेनन् । आजका मति बिग्रेका बुझुकहरू मार्कसिट बोकेर आफूलाई आफैले ठूलो ठानेर बसेका छन् । उनीहरूले बोकेको मार्कसिट र बिग्रेको गाडीको यात्रा उस्तै भएकोले प्राज्ञ भन्नेहरू अब त्यही मार्कसिट बोकेर ग्यारेजमा थन्किएर बस्नेछन् र त्यहाँ झिँगा भन्केर एकदिन महामारीको रोग फैलने छ । जसका कारण नेपाली वाङ्मयको क्षेत्र नै धरासायी बन्ने छ त्यसैले प्राज्ञको मार्कसिटका लागि नलाग, साधनामा लाग । तिम्रो भलो त्यसैमा हुने छ भन्ने भाव व्यक्त गरेका छन् । श्रेष्ठलाई वर्तमानका प्राज्ञसँग मात्र हैन । देशका स्वार्थी नेता, कार्यकर्ता र दलगत स्वार्थी प्रवृत्तिले गर्दा चिन्तामा पारेको छ । सत्ता र भत्ताका लागि जनताको रगत, पसिनाको शोषण गरेर हुँदा खानेहरूलाई नियम र कानुनको दायराले कसेर हुने खानेहरूलाई सधै दादागिरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बनाएर हिँडेको यो देशको नियम र कानुनदेखी वाक्क भएका छन् । गाउँ-गाउँमा विकास र जनतालाई निकास भनेर मुरी अन्न फल्ने खेतको बीचबाट डोजर जोतेर न बास रहे न मुरली भएको अवस्थामा पुऱ्याएकोमा सोझा साझा जनताका माझमा विकासवादी बन्न खोज्ने तर विनासवादी प्रवृत्ति बोकेर हिँड्ने । पाँच लाख खर्च गरेर ५० लाखको बिल पेस गर्ने दलालहरूप्रति सङ्केत गर्दै उनले मुक्तकका माध्यमबाट आक्रोस पोखेका छन् । एक घण्टाको पैदल बाटोलाई तीन घण्टाको बनाएर त्यसमा पनि डोजर जोतेर मात्र विकास हुने यो कस्तो संस्कार हो ? भनेर प्रश्न गरेका मात्र छैनन्, हिजो आज सिंगो खोला बेचेर झोलामा सुरा बोकेर हिँड्नेहरूले नेपाली जनतालाई हप्तामा सातै दिन अन्धकारबाहेक अरू केही पनि दिन सकेनन् भन्दै आक्रोस पोखेका छन् । आधुनिकताका नाममा पुराना संस्कार, धर्म र संस्कृतिप्रति धावा बोलेर धर्मको नाममा लासलाई पनि पोल्न नदिनेप्रतिको गुनासो पनि उस्तै रहेको छ । हेरौं उनको एक मुक्तकः

शान्तिप्रिय नेपालीको अशान्त यो चाला
यस्तै चाला भए देश भड्खालोमा जाला
खान्की भन्दा बान्की ठूलो हामी नेपालीको
कतिन्जेल तन्काउने सर्जरीले छाला (खाटा बस्न नसकेका घाउहरू) ।

जननी जन्मभूमिष्च स्वर्गादपी गरियसी भन्ने भाव बोकेर हिँड्ने देशप्रेमी मुक्तककार हुन् श्रेष्ठ । बुद्ध जन्मेको देश आज अशान्त छ । अब भडखालोमा जाकिने हो कि भनेर चिन्ता गरेका छन् । त्यस्तै देशको घाउमा खाटा बस्न सकेको छैन । अब झन् यो भाइ-भाइको युद्धले झन् डरलाग्दो अवस्थामा पुग्ने भयो भनेर पनि चिन्ता गरेका छन् । यसरी उनले आफ्ना मुक्तकमा वर्तमान युग जीवनको चित्रण गरेका छन् ।

२.२ काव्यप्रवृत्ति

शान्तिनारायण श्रेष्ठ बहुआयामिक व्यक्तित्व भएकै कारण गीत, गजल, मुक्तक, ताङ्का, सेदोका, चोका, हाइकु र खण्डकाव्य लगायतका विविध विधामा कलम चलाए । यहाँ अध्ययन गरिएका उनका तीनवटै मुक्तक कृतिको मूल भाव देशप्रेम हो । समाजमा विभिन्न बहानामा जनतालाई शोषण गर्दै थिचोमिचोमा पारिएकाहरूले न्याय पाउनुपर्छ । स्वतन्त्रता, समानता र आफ्नो हक अधिकारका लागि जागरूक भएर अगाडि बढ्नुपर्छ । शोषित र पीडितका पक्षमा आवाज बुलन्द पार्नुपर्छ । भोका र नाङ्गाप्रति सहानुभूति देखाउनुपर्छ । स्वार्थी व्यासाहरूलाई पाता कस्नुपर्छ । शोषकको दमनमा परेर अभावको जिन्दगी बाँच्न विवश भएकाहरू ससम्मान बाँच्न पाउनुपर्छ । गरिब जनताको आर्थिक अवस्था झन् नाजुक हुँदै गएको छ त्यसमा ध्यान दिनुपर्छ । बदमास कुकुरहरूको दिनचर्या दिन दुई गुना रात चार गुना प्रगति हुँदै गएकोमा सबै सचेत पाठकलाई विद्रोहका लागि जाग्न आग्रह गरिएको छ । जनचाहना र जनाधिकारलाई दबाउन खोजे पनि समय सधै एकनास नभए झै सामन्त विचार पतन भएरै जाने छ । उनका सिर्जनामा देखिने मूख्य प्रवृत्ति हुन् । विद्रोह र आक्रोस मात्र हैन सिर्जनाको बगैचामा फूलेका सुन्दर फूलहरूको मगमग बासना पनि अभिव्यक्त भएको छ । डाली डालीमा चराहरू चिरबिर गर्दै हिँडेको र प्रकृतिको रमणिय लिला देख्दा आफू पनि त्यसै गरेर हराएको भाव पनि उनले व्यक्त गरेका छन् । जवानीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केका फूलहरू गर्मी सँगसँगै ओइलाए झै मानव जीवन पनि ओइराई जाने फूलसँग दाँजेका छन् । क्षणभर मै आएको आँधीहुरी झै हराउन सक्ने मानव मन र प्रकृतिलाई एकैसाथ राखेर हेरेकासमेत छन् र भन्छन् :

सयपत्री फूललाई देखी कल्पिरहँै
कोही आई टिपी लग्दा फेरि तड्पिरहँै
के को लिनु भरोसा खै अल्प जिन्दगीमा
जीवन यो दुइदिने मेला सम्भिरहँै (खाटा बस्न नसकेका घाउहरू) ।

श्रेष्ठका सिर्जनामा तत्कालीन नेपाली जनजिब्रोमा प्रचलित भाषाको प्रयोग भएको पाइन्छ । श्रृङ्गार रसका सिर्जनामा बढी समय खर्च गरे तापनि उनले प्रयोग गरेको श्रृङ्गारमा अश्लिलता भेटिँदैन । शिष्ट, मर्यादित र कलात्मक श्रृङ्गारको प्रयोग पाइन्छ । कतै स्वच्छन्द, कतै बौद्धिक सुनियोजित, खदिलो तथा परिष्कृत अभिव्यक्ति र कतै शृङ्गारिक भावधारा बोकेर हिँड्छन् मुक्तकको माध्यमबाट । उनका तीन वटै सङ्ग्रहका मुक्तकको अध्ययन गर्दा उनलाई विसङ्गतिवादी मुक्तककारका रूपमा पनि देख्न सकिन्छ । कतै आलोचनात्मक यथार्थवादी । कोहीवेला उत्पीडनका विरूद्ध सङ्घर्षमय जीवन जिउँनुपर्छ । विदेशीको गुलाम बनेर हुँदैन । हामी आफैं छाति खोलेर मर्नुपर्छ भन्ने प्रगतिवादी मुक्तककारका रूपमा समेत उभिएका छन् । समाजमा जन्मेपछि र सामाजिक प्राणी भएपछि समाजकै लागि केही गर्नुपर्छ । विपन्न वर्गप्रति सहानुभूति व्यक्त गर्नुपर्छ । शोषणको विरोध गर्नुपर्छ । मौकामा चौका हान्नेहरूदेखि सजक रहनुपर्छ भन्ने सामाजिक यथार्थवादी मुक्तककारका रूपमा पनि देखिएका छन् । उनले आफ्ना मुक्तकमा नवरसको प्रयोग जसरी गरेका छन् त्यसरी नै विभिन्न प्रवृत्ति पनि प्रस्तुत गरेका छन् । सोही कारण उनको लेखनको मुल प्रवृत्ति यही हो भनेर भन्न सकिदैन ।

मुक्तकमा उपमा, उत्प्रेक्षा, रूपक, अर्थालङ्कार, अनुप्रास, विरोधाभास, अलङ्कार, उखान टुक्का, बिम्ब र प्रतिकको अत्याधिक प्रयोगले मुक्तकलाई सलल्ल बगाएको छ । शैलीगत रूपमा हेर्दा पनि उनी रस र अलङ्कारको प्रयोगमा सफल कतिपय मुक्तकमा तत्सम्, तद्भव, आगन्तुक र भर्रा शब्दको संयोजन गराए पनि त्यसको संयोजनले कही कतै कुनै अप्ठ्यारो महशुस हुँदैन । भाव खजमजिएको देखिदैन । भाषा शैली निकै सरल, सरस र सुबोध्य छ । उनी साहित्य भनेको समाजको दर्पण हो सबैले बुझ्ने खालको हुनुपर्छ भन्ने मान्यताका लेखक भएकाले पनि उनका मुक्तकमा दुबोध्यता भन्ने सन्दर्भले प्रवेश पाएको छैन ।

२.३ मुक्तक लेखनका सीमा

सम्पूर्ण व्यक्तिका सबल पक्ष मात्र हुँदैनन् । कमजोर पनि हुन्छन् । शान्तिनारायण श्रेष्ठका मुक्तक जति मिठा र चोपीला छन् त्यती नै मात्रमा कमजोर पक्ष नभए पनि केही कमजोर पक्षले उनलाई नोक्सान गराएको छ । उनी आफै स्विकार गर्छन र भन्छन् मैले पुनर्लेखन गर्नुभन्दा अर्को किताब लेख्न छिटो हुन्छ, त्यसैले एकपटक लेखेपछि त्यसलाई प्रकाशन गरिहाल्छु जस्तो प्रतिक्रिया पाउछु त्यस्तै सही । यही प्रवृतिले उनका मुक्तकमा केही कमी कमजोरी देखिएका छन् । उनी घटनाका आधारमा साहित्य सिजना गर्ने भन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि परिवेशका आधारमा सिर्जना गर्ने सर्जक हुन् । जसको सवल पक्ष भनेको सर्जकमा रहेको आँसु कवित्व क्षमताको तत्काल सदुपयोग हुन्छ भने अर्कोतर्फ परिवेश अनुकुल लेखेको सिर्जनाले सधैं त्यही परिवेशलाई प्रतिनिधित्व गर्न सक्दैन । कालान्तरमा अध्ययन गर्दा त्यसको स्वाद नुन नभएको तरकारी जस्तो बन्न पुग्छ । उनका मुक्तकको प्रमुख समस्या पनि यही हो । यो समस्या समाधानका लागि उनले त्यो परिवेशलाई नोट गरेर कृतिको पुछारमा राख्न आवश्यक देखिन्छ । त्यसो गर्न सके उनको मुक्तकले भन्न खोजेको सन्दर्भ जीवन्त रहने देखिन्छ ।

२.४ शीर्षक सार्थकता

उनका विसङ्गति, खाटा बस्न नसकेका घाउहरू र भावावेश तीनवटै कृतिको शीर्षक सार्थकता माथि प्रश्न उठाउने ठाउँ देखिदैन । विसङ्गति भनेको नमिल्दोपन, असङ्गति, विश्रृङ्खलता भनेर नेपाली शब्द सागरले परिभाषित गरेको छ । २०५६ सालमा लेखिएको उनको पहिलो मुक्तक सङ्ग्रह भित्रका सम्पूर्ण मुक्तक तत्कालीन समयमा देखिएका विविध राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक विकृति र विसङ्गतिका विरूद्ध तिखो वाण बनेर निस्केका छन् । जसलाई माथि उल्लेख गरिएका केही मुक्तकले थप प्रष्टयाई गरेका छन् । परीक्षामा नाम निकालेको विद्यार्थीको सट्टा अर्को विद्यार्थीलाई सोसफोर्सले अगाडि बढाइन्छ भने त्यो भन्दा अर्को विसङ्गति के हुन सक्छ ? यसलाई शीर्षक सार्थक छ छैन भनेर आम पाठकले नै मूल्याङ्कन गर्न सक्ने अवस्था छ । यो मात्र हैन, उनका सम्पूर्ण मुक्तक नै त्यस्तै विषयवस्तुमा केन्द्रित रहेका कारण शीर्षक सार्थक देखिन्छ । विसङ्गति मात्र हैन उनको खाटा बस्न नसकेका घाउहरूको शीर्षक सार्थकता पनि सान्दर्भीक रहेको छ । देशमा अराजकता, हत्या, हिंसाको विधिवत अन्त्य भए पनि हिजो लागेको घाउमा खाटा बस्न नसकेको विषयलाई केन्द्रित बनाएर लेखिएका छन् । कुनै परिस्थितिको उपज जन्मेको आवेगको स्थितीलाई उनले भावावेशमा उल्लेख गरेका छन् । देशमा लोकतन्त्र आयो, गणतन्त्र पनि आयो तर जनताले चाहे जस्तो विकास, उन्नति र प्रगति हुन सकेन भन्ने भावलाई उनले उल्लेख गरेका छन् । यसरी उनका तीनवटै मुक्तक सङ्ग्रहको शीर्षक सार्थक देखिन्छ ।

३. उपसंहार

१९९६ सालमा पर्वतको कुश्मामा जन्मेका शान्तिनारायण श्रेष्ठको बाल्यकाल गाउँमै बितेको हो । घरबाट अक्षराम्भ गरेका यिनले ढिलो भए पनि एस.एल.सी. पास गरे । २०२८ सालमा सुब्बाको जागिरमा प्रवेश गरेका उनले जागिरकै सिलसिलामा विभिन्न कुनाकन्दरा र देश विदेश समेत घुम्ने अवसर पाए । साहित्यका सबै विधामा कलम चलाउने धवलागिरि अञ्चलका प्रतिनिधि स्रष्टाको रूपमा शान्तिनारायण रहेका छन् । हालसम्म उनका १६ वटा विविध विधाका पुस्तक र दर्जनौं फुटकर कविता, लेखरचना प्रकाशित छन् । मूलतः आफूलाई मन पर्ने विधा गीत र मुक्तक भएकाले गीतकार वा मुक्तककारको रूपमा उभ्याउन चाहने श्रेष्ठ बहुमायामिक प्रतिभाका धनि व्यक्तित्व हुन् । उनी आफ्ना सिर्जनाको माध्यमबाट आफ्नै घर आँगन मात्र हैन विश्वक मानचित्रको वास्तविकतालाई उजागर गर्न खोज्ने सचेत सर्जक हुन् । साना अल्पविकसित र गरिब राष्ट्रमा विकासका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाममा विभिन्न अराजक गतिविधिहरू गरेर विनाशतर्फ अगाडि बढाएका कारण नकरात्मक असर परेको । सिंगो समुदाय त्रसित हुनुपरेको कुरा । प्रकृति र मावनबीचको अन्तर्सम्बन्ध वर्णन । प्राकृतिक सौन्दर्यलाई आत्मसाथ गर्दै जीवनलाई डोऱ्याउनुपर्ने मानवीय स्वभाव तथा प्राकृतिक परिवर्तनलाई वास्तविक मान्नुपर्ने भाव आफ्ना सिर्जनामा व्यक्त गरेका छन् । उनले मानव जीवनको विसङ्गत पक्षलाई केलाउँदै प्राकृतिक भावबिम्बका माध्यमबाट चोटिलो विधा मुक्तकमा प्रष्ट्याउन खोजेका छन् । मानिसका तमाम् महत्वकाङ्क्षा सहजै पूरा हुने स्थिति नभएकाले विद्यमान परिस्थितिलाई स्वीकार गर्दै जीवनलाई गति दिनुपर्ने खालका अभिव्यक्ति आफ्ना मुक्तकमार्फत व्यक्त गरेका छन् । साहित्यिक व्यक्तित्व सँगसँगै साहित्येतर व्यक्तित्वका रूपमा पनि उत्तिकै अगाडि बढेका यिनी कुशल लेखक, समाजसेवी र सम्पादक व्यक्तित्व हुन् । सामाजिक र आर्थिक विषयमा अन्वेषण गर्ने अन्वेषकका रूपमा पनि यिनको व्यक्तित्व परिचित देखिन्छ । वर्तमानमा उनले सरल, सहज र सुव्यवस्थित दिन बिताउँदै आएका छन् । जिन्दगीमा डरलाग्दा कठिनाई र अप्रत्याशित पारिवारिक पीडाको अनुभव नजिकैबाट बटुलेका उनलाई साना तिना दुःखले गलाउँदा पनि गलाउदैन । आफ्ना मुक्तकमा प्रकृति, समाज, आफ्नै जीवनका उकाली ओराली, अध्ययन र अन्य क्षेत्रमा काम गर्दा प्राप्त गरेका अनुभवलाई व्यक्त गरेका छन् । शिक्षादिक्षा र आफ्नो मातृभूमिको अथाह माया तथा विकृति विसङ्गतिप्रति विरोध ओकल्दै वर्तमानमा अगाडि बढेका श्रेष्ठको मुक्तक यात्राको जीवन सफल देखिन्छ । वर्तमानमा जसरी उनको कलम चलेको छ यसरी नै निरन्तर अगाडि बढोस् शुभकामना ।

ठूलाडिही-६, स्याङ्जा, ९८५६०३१२२८

सन्दर्भ सूची

१. अकिञ्चन, फडिन्द सम्पा. (२०६६), मुक्तक वर्षा, पोखराः पोखरा पाक्षिक पत्रिका ।
२. गौतम, असफल सम्पा. (२०६८), बिस्कुन, पोखराः सङ्घर्षमा कलम साहित्य समाज ।
३. नेपाल, वसन्त कुमार शर्म्मा (२०५८), नेपाली शब्द सागर, काठमाडौंः भाभा पुस्तक भण्डार ।
४. मरासिनी, नारायण र अन्य (२०६८), गण्डकी सङ्गम-९, पोखराः गण्डकी साहित्य सङ्गम ।
५. मियाँ, अलि (२०३८) अलि मियाँ सङ्ग्रह, प्रकाशनः श्रीमार्ग, पुलचोक ।
६. विकल्प, इन्द्र कुमार सम्पा. (२०६४), कालीको सुसेली (मुक्तक विशेषाङ्क), पर्वतः पर्वत साहित्य सङ्गम ।
७. शर्मा, गोविन्द प्रसाद सम्पा. (२०५०), अणु मासिक (मुक्तक विशेषाङ्क), पोखराः प्रयोग समूह ।
८. श्रेष्ठ, शान्ति ना. (२०५६), विसङ्गति, पर्वतःगुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा ।
९. खाटा बस्न नसकेका घाउहरू (२०६६), पर्वतःगुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा ।
१०. भावावेश (२०६८), पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा ।
११. पौड्याल, षडानन्द र अन्य (२०७२), शान्ति नारायण श्रेष्ठः स्रष्टा र सिर्जना, पर्वतः गुप्तेश्वर बहुमुखी पुस्तकालय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, N

CC-0. In Public Domain. Digitization by eGangotri

बेन्जु शर्माका कथाहरूमा विचार चेतना

ज्ञानु अधिकारी

१. परिचय

साहित्यकार बेन्जु शर्मा नेपाली साहित्यकी विशिष्ट स्रष्टा हुन् । आधुनिक नेपाली साहित्यमा प्रयोगवादी धारादेखि उत्तरवर्ती चरणको पछिल्लो समयसम्म उनको साहित्यिक सक्रियता रहेको देखिन्छ । कविता, आख्यान, नाटकजस्ता विधामा आफूलाई स्थापित बनाइसकेकी बेन्जुको साहित्यिक व्यक्तित्वको उचाइ भने कविता विधाले नै स्थापित गरेको देखिन्छ । यस बाहेक कथा विधामा पनि उनको सक्रियता रहेको छ । यस अघि विसङ्गत (२०४९) शीर्षकको कथासङ्ग्रह प्रकाशित गराएर कथाकारका रूपमा परिचय बनाइसकेकी बेन्जुको पछिल्लो समय बेन्जु शर्माका कथाहरू (२०७२) शीर्षकको कथासङ्ग्रह प्रकाशित भएको छ । यस कथासङ्ग्रहले उनको कथाकार व्यक्तित्वलाई पनि अझै उचाइमा लैजान्छ भन्ने विश्वास उनका कथा पढे पछि गर्न सकिन्छ । युगबोध, युगचेतना तथा विसङ्गत पक्षमाथि विद्रोहीभाव उनका कृतिमा पाइन्छ । उनका कवितामा जस्तै कथामा पनि विचारपक्ष कलात्मक बनेर आएका छन् ।

२. बेन्जु शर्माका कथाहरूमा वस्तुसन्दर्भ

पछिल्लो समय साहित्यिक प्रतिस्पर्धाको दौडादौडबाट केही पर बसेर सृजनाकर्मलाई निरन्तरता दिइरहेकी बेन्जुको बेन्जु शर्माका कथाहरू शीर्षकको प्रस्तुत कथासङ्ग्रहका कथामा उनका अतीतका संस्मरणहरू मुछिएका छन् । उनका यी कथाहरूमा अनुभव र भोगाइले खारिएर निस्किएका अभिव्यक्ति पाइन्छ । लामो समयसम्म कविता विधामा जमेर बसेकी बेन्जुको झन्डै दुई दशकपछि प्रकाशित यस कथासङ्ग्रहमा समावेश गरिएका कथाले सामाजिक यथार्थलाई नै अभिव्यञ्जित गरेका छन् । समाजकै विषयवस्तुलाई उठाएर लेखे पनि उनका कथामा मानवीय संवेदनाको प्रस्तुति तीव्र रूपमा भएको पाइन्छ । मध्यम आकारका जम्मा सोरओटा कथा प्रस्तुत कृतिमा अटाएका छन् । हल्का व्यङ्ग्य मिसिएका यस सङ्ग्रहका अधिकांश कथामा कथानकलाई बढाईचढाई लम्बेताना वर्णन नगरी प्रवाहमय र सटीक रूपमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा समेटिएका सोर ओटा कथाको वस्तुसन्दर्भ र त्यसको सारलाई तल क्रमैसँग चर्चा गरिन्छ:

'यहाँ किन आएको' यस सङ्ग्रहको पहिलो कथा हो । यस कथामा राजनीतिको विद्रूप रूप देखाइएको छ । व्यवस्था परिवर्तन भएसँगै संस्कार र संस्कृति परिवर्तन हुँदो रहेनछ भन्ने भाव बोकेको यस कथामा राजनीतिक जालझेल, षडयन्त्रका साथै सत्ता र शक्तिले अन्धो बनेका राजनीतिक दलका नेतालाई देखाइएको छ । आन्दोलनमा मारिएको आफ्नो छोरोलाई सहिद घोषणा गर्न अनुरोध गर्न पुगेको एक वृद्ध कार्यकर्तालाई नचिनेको अभिनय

लेखक प्राध्यापन पेशामा संलग्न हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको देखाएर आजका भ्रष्ट नेताहरूप्रति व्यङ्ग्य गरिएको छ । यसैगरी आज देशको शासनसत्ता मुट्ठीभर नेताको स्वार्थ र मनपरीबाट चलेको छ भन्ने यथार्थलाई यस कथामा देखाइएको छ । यसैगरी रोजा दोस्रो कथा हो । यस कथामा बालमनोविज्ञानलाई देखाइएको छ । एउटी **रोजा** नामकी बालिकामाथि गरिएको असामान्य व्यवहारलाई प्रस्तुत गरिएको यसमा एउटी नारी कसरी कमजोर मानसिकताको सिकार बन्छे भन्ने कुरा देखाइएको छ । अनिच्छित कुरालाई पनि अस्वीकार गर्न नपाउने र प्रश्नहरूमाथि ढकन लगाउने संस्कार र परम्परित मान्यताबाट हुर्किएकी बालिका जीवनभर निरीह र कमजोर बन्न पुगेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

एउटा यस्तो सहारा शीर्षकको कथा यौन कथाका रूपमा देखिन्छ । स्वास्नीले छोडेर अर्कैसँग गएपछि कुण्ठाग्रस्त मनस्थितिको सिकार भएको एउटा पुरूषको आवेग र उन्मादलाई यस कथामा प्रस्तुत गरिएको छ । यौनकुण्ठाले ग्रसित मान्छे सुखी र सन्तुष्ट हुन सक्दैन भन्ने आशय बोकेको यस कथामा ऊ पात्र र उसको घरमा काम गर्ने साहिँलीको यौनेच्छालाई चित्रण गरिएको छ । यसैगरी सङ्ग्रहको चौथो कथा **लोहारपट्टीवाली** हो । नारीपीडा र नारीमाथिको चरम शोषण यस कथामा देखाइएको छ । अशिक्षित र विपन्न वर्गका समुदायमा नारीले भोग्नुपरेको पाशविक जीवनलाई यस कथामा देखाइएको छ । प्रसव पीडामा नै ज्यान गुमाउन पुगेकी लोहारपट्टीवालीको लास घरमा सुताएर छोरो जन्मेको खुशीयालीमा बाजागाजासहित मिठाई बाड्ने परिवार र यी सब टुलुटुलु हेरेर बस्ने गाउँलेलाई देखाएर कथामा संवेदनाहीन मानवीय समाजलाई प्रस्तुत गरिएको छ ।

यस सङ्ग्रहको पाचौं कथा **दसी** शीर्षकको रहेको छ । झिनो कथावस्तु भएको यो कथा निबन्धात्मक शैलीको देखिन्छ । दसी अर्थात् प्रमाण लुकाएर अपराध गर्नेहरू खुलमखुल्ला मालिक बनेर हिंड्ने र निर्दोषमाथि आरोप लाउने अनि कमजोरहरूलाई फसाउने जुन परिपाटी छ, त्यसप्रति यस कथाले व्यङ्ग्य गरेको छ । एउटा निर्दोष आत्मामाथि लागेको आरोपका विरूद्धमा दसी देखाउन नसक्दा उसले अनुभूत गर्ने पीडालाई प्रवाहमय शैलीमा व्यक्त गरिएको छ भने छैटौं कथामा मान्छेका जीवनका आरोह अवरोहलाई देखाइएको छ । **गैंग्रीन** शीर्षकको यस कथामा योग्य शिक्षित भएर पनि पराधीन जीवन भोग्न बाध्य एउटी गृहिणी र रत्नपार्कमा माग्न बसेको अपाङ्ग पद्मबहादुरको नियतिलाई समीकरण गरेर प्रस्तुत गरिएको छ । उत्कर्षमा पुऱ्याएर अन्त्य गरिएको प्रस्तुत गरिएको यस कथा यस सङ्ग्रहको उत्कृष्ट कथामध्ये पर्दछ ।

एउटा यस्तो विसङ्गति राजनीति गर्ने एउटा नेताको विसङ्त र लाचार जीवनको चित्रण गरी लेखिएको कथा हो । यसमा राजनीतिमा आउने उतारचढाव र त्यसले जीवनमा पार्ने प्रभावहरूलाई देखाएको छ । यसैगरी **परिभाषित प्रेम** पनि जीवनमा आइपर्ने विसङ्गत पक्षमाथि लेखिएको कथा हो । छोरीको विवाहका लागि चिन्तित एउटी एकल महिला (आमा) लाई छोरी हेर्न आएको केटाले प्रेम प्रस्ताव राखेपछि उसमा देखिएको मनोदशालाई निकै प्रभावी रूपमा प्रस्तुत गरिएको छ भने **एउटा यस्तो प्रेमको पलायन** शीर्षकको अर्को कथामा विश्वास र अविश्वासको दोसाँधमा हुर्किने र टुट्ने नारीपुरुषको प्रेमलाई देखाइएको छ ।

यस कथासङ्ग्रहका कथामध्ये अर्को प्रभावकारी कथा **बदला** हो । पुरूषको शोषणबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पीडित एक नारीले प्रेमको नाटक गरेर पुरुषप्रति लिएकी बदलाभावलाई यस कथामा देखाइएको छ । पहिले प्रेमको नाममा पुरुषबाट लुटिएकी युवतीले पछि त्यसैगरी सहज रूपमा प्रेमकै बाहानामा प्रेमीहरूलाई लुटी बदला लिने गरेको यथार्थलाई यस कथामा देखाइएको छ । यसैगरी **नाङ्गो मान्छे, धुवाँ र धुलोको बवन्डर** जस्ता कथा प्रतीकात्मक शैलीमा लेखिएका कथा हुन् । यी कथामा पनि मानवीय जीवनको विसङ्गत पक्षमाथि घोर असन्तुष्टि व्यक्त गरिएको छ । स्वतन्त्र जीवनको चाहना राख्नु यी कथाका उद्देश्य हुन् । यसैगरी **जकडबन्द जरो** कथाले समाजको लैङ्गिक विभेदलाई देखाउदै यस्ता विभेद पहिले आफ्नै अभिभावकबाट हुने यथार्थलाई प्रस्तुत गरेको छ भने **अतृप्ति तृप्ति** कथाले पनि एक बृद्धाको तितो अनुभूतिलाई प्रकट गरेको छ । जीवनभर अभाव र अतृप्तिमा बाचिसके पछि बृद्धावस्थामा पाएको तृप्तिको कुनै अर्थ हुनेरहेनछ भन्ने कुरालाई यस कथामा देखाइएको छ । **टाउको ठोकिने पहाड** यस कृतिको अन्तिम कथा हो । केही फरक शैलीमा लेखिएको यस कथा प्रयोगशील कथाका रूपमा देखिन्छ । छ ओटा ऋतुहरूलाई प्रतीकात्मक रूपमा पात्र बनाई कथाकारले यस कथामा आफ्नो जीवनदृष्टि अभिव्यक्त गरको देखिन्छ । यसरी समग्रमा यस सङ्ग्रहका कथाहरू विविधतायुक्त र प्रभावी देखिन्छन् ।

३. बेन्जु शर्माका कथाहरूमा विचार चेतना

बेन्जु शर्माका कथाहरू मूलतः सामाजिक धरातललाई नै आधार बनाई लेखिएका छन् । आफूले भोगेका अनुभूति, देखेका दृश्य र सुनेका घटनालाई वर्णन गर्नु मात्र कथा होइन भन्ने कुरा बुझेकी कथाकार शर्माका यस सङ्ग्रहका कथामा विचार पक्षको सबल प्रस्तुति पनि पाइन्छ । सटीक तथा बिम्बात्मक भाषाको प्रयोग गर्न रूचाउने बेन्जुका यस सङ्ग्रहका केही कथामा कवितात्मक अभिव्यक्ति पनि पाइन्छ । कविता शिल्पको प्रयोग उनका कथाहरूमा पनि परेको देखिन्छ । विशेष गरी पचासको दशक यता लेखिएका यी कथाहरूमा वर्तमान समयकै स्पष्ट चित्र पाउन सकिन्छ । प्रस्तुत सङ्ग्रहका कथामध्ये अधिकांश कथाको मूल विषय वा कथानक आजको आधुनिक भनिएको समाजमा देखिएका लैङ्गिक विभेद र यसले उत्पन्न गरेका समस्याहरूमा केन्द्रित छ । केही कथामा राजनीतिक दल र दलका नेताहरूमा देखिएका चरम विसङ्गति र विषम परिस्थितिलाई देखाइएको छ । यस्ता कथाहरूमा यहाँ किन आएको, एउटा यस्तो विसङ्गति, नयाँ वर्ष ढोका भित्र ढोका बाहिर आदि पर्दछन् । नारीपुरूषका दाम्पत्य सम्बन्ध तथा अन्य सम्बन्धमा देखिएका उतार चढाव, द्वन्द्व, आक्रोश र विद्रोहजन्य अवस्थालाई प्रभावकारी रूपमा देखाएर कथाकार शर्माले समाज परिवर्तनका लागि अब हरेक मान्छेको सोच र धारणामा परिवर्तन आउनुपर्ने विचार व्यक्त गरेकी छिन् ।

यस सङ्ग्रहका यहाँ किन आएको, एउटा यस्तो सहारा ?, एउटा यस्तो विसङ्गति, एउटा यस्तो प्रेमको पलायन जस्ता कवितात्मक शीर्षक भएका कथाहरू झट्ट हेर्दा स्वच्छन्दतावादी जस्ता देखिए पनि विचार, चेतना, कथाको प्रस्तुति तथा कलात्मक अभिव्यक्तिले कथालाई बौद्धिक र सबल बनाएको छ । पाँच दशकभन्दा बढी समय साहित्यिक परिवेश र साहित्यकारहरूको सान्निध्यमा रहेकी बेन्जुको अध्ययन, अनुभवले यस सङ्ग्रहका कथामा निखार ल्याएका छन् । खासगरी मध्यम वर्गीय शिक्षित र सचेत नारीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवशतापूर्ण जीवन र उसले गर्नुपरेका सङ्घर्षलाई प्रस्तुत गरिएका यी कथामा समाजका विसङ्गत पक्षलाई हेर्ने नवीन दृष्टिकोण समेत पाइन्छ । मनोविज्ञान र दार्शनिक पक्ष कथामा झल्याकझलुक आए पनि कथाको केन्द्रीय पक्ष भनेको सामाजिक जीवन नै हो । कथाकार शर्माले यी कथाका माध्यमबाट दिन खोजेको मुख्य कुरो समाज रूपान्तरण र राजनीतिक स्वच्छताको प्राप्ति हो र यही नै यी कथामा व्यक्त विचार चेतना हो । साथै, आधुनिक भनिने र सभ्य मानिएको सहरी परिवेशमा पनि नारीले सहनुपरेको असमान व्यवहार र निरङ्कुशतालाई उदाङ्गो पारेर देखाउन सक्नु नै यी कथाका विशेषता हुन् ।

४. निष्कर्ष

बेन्जु शर्माको प्रस्तुत कथासङ्ग्रहमा रहेका सोरओटा कथाको अन्तर्वस्तुगत सन्दर्भले नेपाली समाजको विविध यथार्थलाई देखाएको छ । समाजका यिनै बिडम्बनायुक्त परिवेश, घटना, दृश्य र अनुभूतिहरू नै यी कथा लेखनका प्रमुख कारक र स्रोत बनेको देखिन्छ । राजनीतिक विसङ्गति, दाम्पत्य जीवनका कटुता, लैङ्गिक विभेद, मानवीय संवेदनामा आएको ऱ्हास, यौनकुण्ठा, मानिसका नियतिजस्ता विविध विषयसन्दर्भ अटाएका यी कथाहरूमा कथाकारले सबै किसिमका असङ्गत पक्षलाई देखाएर सङ्गतिको खोजी गरेकी छिन् । प्रस्तुतिगत सरलता यी कथाका विशेषता हुन् । यस कथाकृतिले कविका रूपमा विशिष्ट परिचय बनाएकी बेन्जु शर्मालाई समकालीन कथासाहित्यको सफल कथाकारका रूपमा उपस्थापन गरेको छ र समयले यस्तै निरन्तरताको अपेक्षा पनि गरेको छ ।

सन्दर्भसूची

१. अधिकारी, ज्ञानु, प्रायोगिक समालोचनाः केही प्रतिरूपः भुँडीपुराण प्रकाशन, २०६७ ।
२. गौतम, लक्ष्मण प्रसाद र अधिकारी ज्ञानु, नेपाली कथाको इतिहास, काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९
३. शर्मा, बेन्जु, बेन्जु शर्माका कथाहरूः भीमनिधि तिवारी साहित्य समिति, २०७२ ।
४. श्रेष्ठ, दयाराम, नेपाली कथा र कथाकार, काठमाडौंः नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"एउटा कथा भन्नु न हजुरआमा" बालकथा सङ्ग्रहभित्रको कथाहरूमा अभिप्राय

प्रभा बराल

१. विषय परिचय

कथा साहित्यको आख्यान विधाअन्तर्गत पर्ने एक प्रमुख उपविधा हो । यसलाई लोककथा र आधुनिक कथा गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । कथामा विशेष गरी सामाजिक, पौराणिक, ऐतिहासिक र काल्पनिक खालका विषय र घटनाहरू प्रस्तुत गरिएको हुन्छ, जसबाट पाठक वा श्रोताले मनोरञ्जन र ज्ञान दुवै प्राप्त गर्दछन् ।

लोककथामा आदिमकालदेखि नै लोक सामाजिक विश्वासका रूपमा रहेका अद्भुत घटना, अलौकिक शक्तिसम्पन्न चरित्रहरू, असाधारण कार्यहरू तथा असामान्य विचारहरूले मानव मस्तिष्कमा पारेका अपरिवर्तनीय प्रभावहरूको आधिक्यता पाइन्छ भने आधुनिक कथाहरूमा त्यसको न्यूनता रहेको देखिन्छ । यस्ता खालका सम्पूर्ण लोककथाका निर्माण तन्तुलाई अभिप्राय भनिन्छ । यो अंग्रेजी भाषामा प्रचलित मोटिफको पर्यायवाची शब्द हो । नेपाली र हिन्दी लोकसाहित्यमा मोटिफ शब्दलाई अभिप्राय भनी बुझिए पनि भारतीय लोकसाहित्यमा मोटिफको पर्यायको रूपमा कथानक रूढि, कल्पनातन्तु, कथाङ्कुर आदि शब्दहरू पनि प्रस्तावित छन् तर सर्वग्राहय शब्दका रूपमा अभिप्राय शब्दलाई नै मानिएको छ । अतः अभिप्राय र मोटिफ शब्द समानार्थी तथा पर्यायवाची शब्द हुन् । यसको अर्थ लक्ष्य, प्रयोजन, उद्देश्य, आशय कुनै परिच्छेदको परिलक्षित भाव सम्मति, विश्वास, सार मतलब, तात्पर्य आदि भए पनि यसले नेपाली तथा संस्कृत व्याकरणले दिएको मूल अर्थका सामिप्यमा रहेर सङ्गृहीत अवचेतनद्वारा सामुहिक रूपमा स्वीकार गरिएका लोककथा तथा लोककलामा प्रयोग हुने असाधारण चरित्र, कार्य, विश्वास तथा घटनाहरू जो कथामा पटक पटक दोहिरहन्छन् र परम्परित स्थिर रूढ तन्तुका रूपमा रहन्छन्, त्यस्ता बिम्ब, विश्वास, घटना तथा चरित्रका प्रभावकारी एवं रसात्मक पदपदावलीहरू अभिप्रायका रूपमा रहन्छन् । (पराजुली, १८२:१८३) यसरी लोकसाहित्यका विभिन्न विधामा अभिप्रायले अनिवार्य तत्वका रूपमा काम गरेको हुन्छ र ती विधालाई अभिप्रायले जीवन्त राखेको हुन्छ । अभिप्रायको उपस्थितिबिना लोककथा बन्न सक्दैन र लोककथाको प्रयोग नहुने हो भने अभिप्राय जीवन्त रहन सक्दैन । त्यसैले लोकसाहित्य र अभिप्रायको अन्तर्सम्बन्ध रहेको हुन्छ ।

कथाकार रमेश विकलद्वारा लिखित 'एउटा कथा भन्नु न हजुरआमा' बालकथा सङ्ग्रह विवेक सिर्जनशील प्रकाशनले २०६१ सालमा प्रकाशन गरेको हो । यस कृतिमा सरल, सरस र ज्ञानवर्द्धक खालका पन्ध्र वटा कथाहरू समावेश गरिएको छ । उक्त कथाहरू आधुनिक

लेखक यस स्मृतिकेन्द्रका सदस्य, साहित्यकार तथा प्राध्यापन पेशामा संलग्न हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढङ्गले बालबालिकाको मस्तिष्कमा सकरात्मक प्रभाव पार्ने सफल देखिन्छन् । लिखित साहित्यअन्तर्गत पर्ने यस कथासङ्ग्रहमा लोक सामजिक विश्वासमा आधारित अभिप्रायको सङ्कलन एवं वर्गीकरण गरी त्यसको तालिका प्रस्तुत गर्न तथा लोकसाहित्य इतर कृतिमा समेत अभिप्रायको खोजी हुन सक्दछ भन्ने मान्यताको स्थापना गर्नु नै प्रस्तुत अध्ययनको प्रमुख विषय रहेको छ ।

२. लोककथामा अभिप्रायको प्रयोग

लोक समाजमा प्रचलित विविध खाले घटना र विषयसँग सम्बन्धित लोकतत्वहरूको अध्ययन गर्ने पद्धतिहरू मध्ये अभिप्राय पनि एक प्रमुख पद्धति हो । सर्वप्रथम जर्मनका विद्धान थियोडोर बेन्फेले सन् १८५९ मा पञ्चतन्त्रको अंग्रेजी अनुवाद गर्ने क्रममा पञ्चतन्त्रका कथाहरूमा प्रयुक्त प्रमुख घटनाहरूलाई अभिप्रायको संज्ञा दिएका थिए । यसपछि क्रमशः अभिप्रायको सन्दर्भमा अंग्रेजी तथा हिन्दी लोकसाहित्य विद्हरूले गहन अध्ययन गरेता पनि नेपाली भाषामा यसको अध्ययनसम्बन्धी अध्ययन मध्ये कर्ण शाक्य र लिण्डा गीफ्थद्वारा लेखिएको 'टेल्स अफ काठमाडौं' (इ १९८०) तथा मोतीलाल पराजुलीले विद्यावारिधिका क्रममा प्रस्तुत गर्नु भएको शोध प्रबन्ध नेपाली लोककथाहरूका अभिप्रायहरूको अध्ययन (२०५४) महत्वपूर्ण मानिन्छन् । यसबाहेक पनि नेपालीमा अभिप्राय सम्बन्धी स-साना अध्ययन भएको पाइएता पनि लोकसाहित्य इतरका कृतिमा अभिप्रायसम्बन्धी अध्ययन भएको देखिदैन ।

३. सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनमा रमेश विकलका बालकथाहरूमा प्रयुक्त अभिप्रायहरूको पहिचान गर्ने अवधारणात्मक पर्याधार बनाइएको छ । त्यस्तो अवधारणात्मक पर्याधार 'मोटिफ इन्डेक्स अफ फोक लिट्रेचर' नामक पुस्तकमा उल्लेखित अभिप्रायनुक्रमणिका पद्धतिका आधारमा तयार पारिएको छ । लोककथा तथा लोककथाका निर्माण तन्तुका रूपमा रहेका समान धर्म, गुण वा स्वभाव भएका धेरै वस्तु, घटना तथा चरित्रको परम्परित रूपलाई अभिप्राय भनिन्छ । संस्कृत व्याकरण अनुसार अभि+प्र+इ+अच् (अभि+प्राय) व्युत्पत्ति भई अभिप्राय शब्द निर्मित हुन्छ । यसको अर्थ हो । लक्ष्य, प्रयोजन, उद्येश्य, आशय, सम्मति विश्वास आदि (आप्टे १९८७:७३) नेपाली बृहत शब्दकोशमा अभिप्रायको अर्थ भन्न खोजिएको कुराको सार आशय, मतलब, तात्पर्य आदि दिइएको छ । (पोखरेल, २०४२:६६) अभिप्राय अंग्रेजी भाषामा प्रचलित 'मोटिफ' को पर्यायवाची शब्द हो ।

लोकसाहित्यका विद्वानहरूले लोककथाका परम्परित एवं स्थिर रूढ तन्तुहरूलाई मोटिफ संज्ञा दिएका छन् । नेपाली तथा हिन्दी लोकसाहित्यमा मोटिफको पर्यायका रूपमा अभिप्राय शब्दलाई ग्रहण गरिएको छ । आधुनिक साहित्यमा समेत विभिन्न खालका विम्ब, प्रतीक, संकेत, विश्वास र चरित्रहरू अभिप्रायका रूपमा प्रयोग भएको पाइन्छ । अभिप्रायका मूलस्रोत अन्तर्गत पुराण तथा इतिहास, लोककथा तन्त्र तथा योग लोकरीतिरिवाजहरू एवं समाज र सामग्रीहरूको अध्ययनबाट प्राप्त मुलभूत निष्कर्षका आधारमा रमेश विकलका बालकथाहरूमा प्रयुक्त अभिप्रायहरूको संकलन तथा वर्गीकरण गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. रमेश विकलका बालकथाहरूमा प्रयुक्त अभिप्राय

यस अध्ययनमा विश्वभरिका मूल प्रचलित लोककथालाई आधार तयार पारिएको 'मोटिफ इन्डेक्स अफ फोक लिट्रेचर' नामक पुस्तकमा स्टिथ थम्प्सनले प्रयोग गरेका वैज्ञानिक अनुक्रमणिका पद्धतिको आधारमा रमेश विकलका बालकथाहरूमा प्रयुक्त अभिप्रायको संकलन तथा वर्गीकरण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । रमेश विकलका कथाहरूमा प्राप्त अभिप्रायहरू यसप्रकार रहेका छन् ।

क) पौराणिक अभिप्रायः

यस अन्तर्गत पुराण धार्मिक, देवीदेवता, सृष्टिसंहार, स्वर्ग-मर्त्य, पाताल, पृथ्वीको उत्पत्ति सम्बन्धी विषयहरू समावेश गरिएको छ ।

A	१३००	पातालपुरी देश	पृ. १७	एकादेशमा एउटा राजा
	४९९	इष्ट देवताहरू	पृ. १८	एकादेशमा एउटा राजा

(ख) पशुविषयक अभिप्राय

यस अन्तर्गत मानवेत्तर जीवहरू, पशुपक्षी, कीरा, माछा, सरीसृप तथा जनावरसम्बन्धी लोकसमाजमा प्रचलित विश्वासहरू एवं पशुका अनौठा क्रियाकलापहरू समावेश गरिएको छ ।

B	३००	राजकुमारीले सुगा पालेकी	पृ. १९	एकादेशमा एउटा राजा
	१००	वायुपङ्खी घोडा	पृ. २०	एकादेशमा एउटा राजा
	१००	एउटा बूढो र रोगी साँढे	पृ. १०४	एउटा बूढो साँढेको मृत्यु
	३९९	सेतो बिरालो हाम फाल्नु	पृ. २३	एकादेशमा एउटा राजा
	२९९	म्याउ म्याउ गर्दै बिरालो पछि लाग्नु	पृ. २७	गुण्टे र उसको बिरालो
	३००	बिरालो र मानिसको मित्रता	पृ. २८	गुण्टे र उसको बिरालो
	४००	कुकुर जागा बसेर मानिसलाई कीरा फट्यांग्राबाट बचाउनु	पृ. ३२	गुण्टे र उसको बिराला
	३००	दीपकले कुकुरको सानो छाउरालाई माया गर्नु	पृ. ४५	दीपु, पाङ्ग्रे र कागका भालेपोथी
	२००	काग र कुकुर मानिसजस्तै बोल्नु	पृ. ४९	दीपु,पाङ्ग्रे र कागका भालेपोथी
	३९९	भ्यागुता र कागको मितेरी	पृ. ५४	मितज्य मितज्य आऊ मलाई खाऊ
	३९९	चितुवा ब्वाँसो र स्यालले मितेरी लगाउनु	पृ. ६०	दुष्टको कुनै मित
	४००	जनावर र चराचुरूगी मिलेर बस्नु हुँदैन	पृ. ६५	लाटोकोसरो र कागको दुष्मनी
	८००	मानिसले जस्तै बोल्ने पशु	पृ. ७५	पशु वाक्य बोल्ने पशु
	८००	पशुवाक्य बुझ्ने गोठालो	पृ. ७५	पशु वाक्य बोल्ने पशु
	८९९	गाई र मानिसको मित्रता	पृ. ८३	बूढी आमैकी याङ्मा गाई
	२९९	पशुले मानिसले जस्तै बोल्नु	पृ. ८४	बूढी आमैकी याङ्मा गाई
	२९९	सानानानीहरूले बचेरालाई ढाडेको मुखबाट बचाउनु	पृ. ४४	चिरबिरे भँगेरी

(ग) निषेधविषयक अभिप्राय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अन्तर्गत शास्त्रीय रूपमा वा अन्धपरम्पराका रूपमा कुनै पनि काम गर्न रोक लगाइएको सन्दर्भलाई यसमा समावेश गरिएको छ।

C		पँधेरोमा पानी छोएको	पृ. २१	एकादेशमा एउटा राजा
		स्याउ टिप्न नदिनु	पृ. २१	एकादेशमा एउटा राजा

(घ) जादु तथा टुनामुना विषयक अभिप्राय

यस अन्तर्गत तन्त्र तथा योगसँग सम्बन्धित लोकविश्वास र धारणहरू एवं जादु तथा टुनामुना तथा योग सिद्धि जस्ता विषयहरू समावेश गरिएको छ।

D	१९९	जादुको कालो चमर	पृ. २२	एकादेशमा एउटा राजा
	१९९	जादुको सेतो चमर	पृ. २२	एकादेशमा एउटा राजा
	८००	दुर्जनसिंहले इन्द्रजाल फैलाउनु	पृ. २१	एकादेशमा एउटा राजा
	१४००	गलैचामा बसेर मनले चिताएको ठाउँमा पुग्नु	पृ. ९५	सबैमन्दा ठूलो पुरुषार्थ
	१४००	ढुङ्ग्राले संसारको कुनै पनि वस्तु हेर्न सक्नु	पृ. ९५	सबैमन्दा ठूलो पुरुषार्थ
	१४००	मर्न लागेकालाई बचाउन सक्ने स्याउ	पृ. ९५	सबैमन्दा ठूलो पुरुषार्थ
	१३००	फल टिपेर खाँदा ढुंगाको मूर्ति बन्नु	पृ. २३	एकादेशमा एउटा राजा
	९६	वायपुङ्खी घोडा	पृ. २२	एकादेशमा एउटा राजा

(ङ) आश्चर्य विषयक अभिप्राय

यस अन्तर्गत अप्सरा, विभिन्न अलौकिक लोकहरू, काल्पनिक सुन्दरीहरू, अति मानवीय शक्ति भएका विभिन्न प्राणीको मानिससँग सम्बन्ध जस्ता विषयहरू पर्दछन्।

F	७००	समुन्द्रभित्र ठूलो मैदान	पृ.२० पृ.२२	एकादेशमा एउटा राजा
	९००	सुन, हीरा जवाहारात बगरभरि ढुङ्गासरि छरिनु	पृ.२१ पृ.२२	एकादेशमा एउटा राजा
	८९९	पन्नाका पातहरू हीरामोती फुलेका	पृ.२० पृ.२२	एकादेशमा एउटा राजा
	५००	सुनको पलङ्मा रेशमी बाबरले भुलभित्र राजकुमारी सुत्नु	पृ. २२	एकादेशमा एउटा राजा
	९००	फल फुटेर बामपुड्के केटो निस्कनु	पृ. ८९	भविष्य बोल्ने लामा साङ्ग तार्पेग्
	९००	सिर्हिनी दुध खाएर बामपुड्के केटो हुर्कनु	पृ. ८९	भविष्य बोल्ने लामा साङ्ग तार्पेग
	१० ९९	मानिसको कानमा कमिलाले गुँड लाउनु	पृ. २५	पशुवाक्य बुझ्ने गोठालो
	१० ९९	लाम्ड्री गाई कहिल्यै गर्भिणी नहुनु	पृ. ८३	बुढी आमैकी याङ्मा गाई

(च) परीक्षाविषयक अभिप्राय

यस अन्तर्गत हाम्रो लोक समाजमा आदिम कालदेखि प्रचलनमा रहेका परीक्षासम्बन्धी सम्पूर्ण विषयहरू समावेश गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

H	६००	पशुको वाक्य बुझ्ने मानिस	पृ. ७४	पशु वाक्य बुझ्ने गोठालो
	६००	राजाले छोराको परीक्षा लिएका	पृ. ९५	सबैभन्दा ठूलो पुरुषार्थ
	१२००	हडबडे र अधीर स्वभावले कुवा खन्न नसकेको	पृ. ११७	अधैर्यका खोपिल्टाहरू
	९००	झल्लर ठटाएको सुनेर कमिलाहरूले वसन्त आएछ भन्ने ठान्नु	पृ. ७५	पशु वाक्य बुझ्ने गोठालो

(छ) धोका तथा छल

यस अन्तर्गत मानिसलाई झुक्याएर गरिने क्रियाकलाप लगायत छल कुरा गर्ने खालका विषयलाई समेटिएको छ ।

K	७००	झुक्याएर समुन्द्रभित्रको दरबारमा लगेर थुन्नु	पृ. २३	एकादेशमा एउटा राजा
	१७००	हावा खाएर बाँच्छु भनी छल कुरा गर्नु	पृ. ५५	मितज्यू, मितज्यू आऊ मलाई खाऊ ।

(ज) भविष्य निर्देशनसम्बन्धी अभिप्राय

यस अन्तर्गत विभिन्न भविष्यवाणी तथा वाचा गर्ने विषयका सन्दर्भहरू समेटिएका छन् ।

M	३६०	सात दिनका दिन आफू मर्ने भविष्यवाणी गर्नु	पृ. ८९	भविष्य बोल्ने लामा साङ् तार्पेग
	३००	श्रीमतीको अघि वाचा गर्नु	पृ. ९२	भविष्य बोल्ने लामा साङ् तार्पेग

(झ) अवसर तथा भाग्य

यस अन्तर्गत कनै विशेष अवसरले मानिसको जीवनमा ल्याउने ठूलो परिवर्तनजस्ता कुरालाई समेटिएका छन् ।

N	२००	दीपकले पुरस्कारको पैसाले पसल खोल्नु	पृ. ४६	दीपु, पाङ्ग्रे र कागका भालेपोथी
	२९९	दीपक इमान्दार बनेकोले पुरस्कार पाउनु	पृ. ४७	दीपु, पाङ्ग्रे र कागका भालेपोथी
	२९९	लाम्ड्रीको भाग्य फर्किएर गर्भिणी हुनु	पृ. ८४	बूढी आमैकी याङ्मा गाई
	६०	साहुको दयाले बालकलाई पुरस्कार दिनु ।	पृ. २७	गुण्टे र उसको बिरालो

(प) समाजविषयक अभिप्राय

यस अन्तर्गत राजकीय तथा अभिजात्य वर्ग, सामाजिक वर्ग, परिवार, सामाजिक सम्बन्ध जस्ता विषयलाई समेटिएका छन् ।

P	१००	खराब चरित्र भएकी साइली बज्यै	पृ. ११	रगत त सबैको रातै हुन्छ
	१९९	दयालु हजुराआमा	पृ. ७	रगत त सबैको रातै हुन्छ
	२९९	सानिमाको यातना खप्न नसक्नु	पृ. २७	गुण्टे र उसको बिरालो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	५००	इराक देशमा राजा	पृ. ९५	सबैभन्दा ठूलो पुरुषार्थ
	५००	अत्यन्त प्यारो बिरालोको बिछोडमा गुन्टे निराश र चिन्तित	पृ. २७	गुण्टे र उसको बिरालो

(फ) पुरस्कार तथा दण्ड

यस अन्तर्गत नेपाली लोक समुदायमा प्रचलित राम्रो गरेबापत पुरस्कार र खराब काम गरेबापत दण्डको व्यवस्था रहिरहेको विषयलाई समावेश गरिएको छ ।

Q	९९	राधा बज्यै र उनका बूढाले सामाजिक विभेद गरेकाले ५० रूपैया जरिवाना तिर्नु	पृ. १२	रगत त सबैको रातै हुन्छ
	१००	सन्चो बनाइदिएबापत प्रशस्त खेतबारी र भेडाहरू पाउनु	पृ. ८१	रगत त सबैको रातै हुन्छ

(ब) कैदी तथा पलायनसम्बन्धी अभिप्राय

विभिन्न परिस्थितिबाट कैद वा बन्धनमा परेका घटनाहरू एवं कैदमुक्त भएका घटनाहरूसँग सम्बन्धित अभिप्रायहरू यसमा पर्दछन् ।

R	१००	बाबुआमा सानैमा मरेकाले मामाघरको शरणमा बस्नु	पृ. ४५	दीपु, पाङ्ग्रे र कागका भाले पोथी
	९९	दुर्जनसिंहले हिमानीलाई पक्रेर कैद गर्नु	पृ. १८	एकादेशमा एउटा राजा

(भ) अप्राकृतिक क्रुरतासम्बन्धी अभिप्राय

यस अन्तर्गत कठोर क्रुर चरित्रद्वारा गरिएका बीभत्स घटनाहरू समावेश गरिएका छन्

S	९९	दुष्ट सानी आमाको यातना	पृ. २७	दीपु, पाङ्ग्रे र कागका भाले पोथी
	४००	घिटिकघिटिक हुने गरी स्याउँतेले बिरालोलाई कुट्नु	पृ. ३६	गुण्टे र उसको बिरालो

(म) यौन विषयक अभिप्राय

यस अन्तर्गत यौनजन्य अनुभूतिको सन्दर्भ उल्लेख गरिएको छ ।

T	५००	तिर्खाएको बेला असिनाको गेडा खाँदा गर्भ रहनु	पृ. ८९	भविष्य बोल्ने लामा साङ्ग तार्पेग्

(य) धर्मविषयक अभिप्राय

यस अन्तर्गत धर्म कर्म तीर्थ, व्रत, जप, दान, पाप, पुण्य र कर्तव्य सम्बन्धी विषयलाई समावेश गरिएको छ ।

V	९९	ज्ञानी साधु महात्माको देशदर्शन	पृ. ११६	अधैर्यका खोपिल्टाहरू
	९९	भलादमी धनी मान्छको दर्शन	पृ. ११७	अधैर्यका खोपिल्टाहरू
	२००	ज्यादै पवित्र भावना भएकी सुभद्रा	पृ. २९	गुण्टे र उसको बिरालो
	३००	देवतालाई चढाएर मात्र खानु	पृ. ७४	पशु वाक्य बुझ्ने गोठालो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	३९९	अन्तिम समयमा ईश्वरको प्रार्थना	पृ. ९३	भविष्य बोल्ने लामा साङ् तार्पेग

(र) चरित्रविषयक अभिप्राय

यस अन्तर्गत लोकसमाजले अनुकूल र प्रतिकूल भनी निर्धारण गरिएका चरित्रसम्बन्धी विषयहरू समावेश गरिएको छ ।

W	१००	असल बाबु र आज्ञाकारी छोराहरू	पृ. ९६	सबैभन्दा ठूलो पुरूषार्थ
	१००	डाडे स्वभावको स्याउते	पृ. ११	गुण्टे र उसको बिरालो
	१९९	सडकमा दैनिकी गुर्जाने बालबालिकाहरू	पृ. १२	गुण्टे र उसको बिरालो
	९९	दाजु वसन्त र बहिनी गुनकेशरीलाई असाध्यै माया गर्नु	पृ. ७५	पशु वाक्य बुझ्ने गोठालो
	९९	सीधा र सफा मन भएको भेडी गोठालो	पृ. ७४	पशु वाक्य बुझ्ने गोठालो
	१००	जिद्दी बालक	पृ. १६	गुण्टे र उसको बिराला

(ल) विविध विषयक अभिप्राय

Z	३००	साना नानीहरूले बचेरालाई ढाडेको मुखबाट बचाउनु	पृ. ४४	चिरबिरे भँगेरी

माथि उल्लेख गरिएका रमेश विकलका बालकथाहरूमा प्रयुक्त अभिप्रायलाई 'मोटिफ अफ इन्डेक्स अफ फ्रोक्लिटरेचर' पुस्तकका आधारमा निम्नानुसार तेइस खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

अक्षर सङ्केत	अभिप्रायको नाम	अभिप्राय सङ्ख्या
A	पौराणिक अभिप्राय	२
B	पशुविषयक	१६
C	निषेधविषयक	२
D	जादु टुनामना विषयक	१०
E	मृतक विषयक	०
F	आश्चर्य विषयक	११
G	दानव विषयक	०
H	परीक्षा विषयक	९
J	बुद्धिमान र मुर्ख विषयक	०
K	धोका तथा छल विषयक	२
L	भाग्य फर्कनु	५
M	भविष्य निर्देशन	३
N	अवसर तथा भाग्य	३
P	समाजविषयक	५
Q	पुरस्कार तथा दण्ड	२
R	कैदी र पलायन विषयक	२
S	अप्राकृतिक क्रुरता	५
T	यौन विषयक	१
U	जीवनको प्रकृति विषयक	०
V	धर्म विषयक	५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

W	चरित्र विषयक	७
X	हाँसोठट्टा विषयक	०
Z	विविध विषयक	१
	जम्मा अभिप्राय सङ्ख्या	९०

९. निष्कर्ष

अभिप्राय लोककथा तथा लोकसाहित्यमा प्रचलित परम्परित विश्वास हो । लोककथाको अध्ययनका विविध विधा र पद्धति मध्ये अभिप्राय पनि एक हो । आधुनिक साहित्यमा अभिप्रायको प्रयोग नै नहुने भने होइन तर त्यसको ज्यादै न्यून प्रयोग भएको पाइन्छ । रमेश विकल (वि.सं १९८५) पनि नेपाली साहित्यका आधुनिक कथाकार मानिन्छन् । उनले ज्यादै रमाइला र रोचक कथाहरू लेखेका छन् । यो अध्ययन अभिप्रायका दृष्टिले रमेश विकलका बालकथाहरूमा केन्द्रित रहेको छ । 'एउटा कथा भन्नु न हजुरआमा' बालकथा सङ्ग्रहभित्रका १५ वटा अभिप्रायको सूक्ष्म अध्ययन गर्दा ९० वटा अभिप्रायको संकलन गरिएको छ र उक्त अभिप्रायलाई स्टिथ थम्पसनको मोटिफ इन्डेक्सको वैज्ञानिक अध्ययन प्रणालीका आधारमा विभिन्न शीर्षक अन्तर्गत वर्गीकरण गरिएको छ ।

सन्दर्भग्रन्थ सूची

१. विकल, रमेश, एउटा कथा भन्नु न हजुरआमा, काठमाडौं: विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६१ ।

२. पराजुली, मोतीलाल, नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन, विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. काठमाडौं, २०५४ ।

३. शाक्य, कर्ण र लिण्डा ग्रीफ्थ, टेल्स अफ काठमाडौं, १९८० ई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

नियति चक्र उपन्यासमा नारी दमन र विद्रोह

डा. रजनी ढकाल

१. विषयप्रवेश

जलेश्वरी श्रेष्ठ (२००३) नेपाली साहित्यको आख्यान विधामा सशक्त नारी चेतनासहित अगाडि बढिरहेकी लेखक हुन् । उनका लाभाका वाफहरू र मौन विद्रोह जस्ता कथासङ्ग्रहहरू नारीवादी चिन्तनमा केन्द्रित छन् भने परीको घर, मेहनती गौरी, तिसाको जन्मदिन, सुनपरी, शान्ताका इच्छा जस्ता बालसाहित्यका आख्यानात्मक रचना पनि बालिकाकेन्द्री रहेका छन् । त्यसैगरी उनको पछिल्लो समयमा प्रकाशित उपन्यास नियति चक्र (२०६९) उपन्यासमा नेपाली समाजमा विद्यमान नारी दमनको अवस्था र नारीविद्रोहको आवाज मुखरित भएको छ । पितृसत्ता भित्रको परिवार, समाज तथा सामाजिक संरचनामा जेलिएकी नारीको अवस्था नारी दमन हो भने त्यस परिस्थितिमा आफ्नो अस्तित्व र स्वतन्त्रताका लागि एउटी नारीले गरेको लडाईं नारीवादी विद्रोह हो । जलेश्वरी श्रेष्ठको नियति चक्र उपन्यासमा पितृसत्ताले गाँजेको नेपाली सामाजिक संरचनाले नारीमाथि गर्ने गरेको दमन र त्यसका विरूद्ध एउटी महिलाको विद्रोही आवाजलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा एउटी युवतीले आफ्नो चाहना अनुरूपको पुरूष साथी रोज्न पाउनुपर्ने स्वतन्त्रतालाई उसैको परिवारले अवरोध गरिदिन्छ । आफूले मनपराएको व्यक्ति रमणसँग प्रेममा परेकी समीरालाई सम्बन्ध अघि बढाउन खोज्दा परिवारले बारम्बार अवरोध गर्नु, रमणलाई जीवनसाथीका रूपमा रोजेर आफ्नो जीवन बिताउने निर्णय गर्दा नगर्दै समीराकै बाबुको घमन्डका कारण षडयन्त्रपूर्ण ढङ्गले रमण मारिनु, समीरालाई उसको इच्छा र स्वतन्त्रतामा हिँड्न नदिएर विक्षिप्त पारिनु र अर्धबेहोसी अवस्थामा नै उसको शरीरको शोषण गरिनु, दिदी भिनाजुका लागि सन्तान जन्माउने साधन बनाइनु र केही रूपमा समीराले आफूलाई संयमित पारेपछि आफ्नो इच्छा अनुसार जीवनमा निर्णयहरू गर्दै विद्रोही नारी चेतना प्रदर्शन गर्दै आर्थिक रूपमा सबल र सक्षम बनेर स्थापित बनेको सन्दर्भ नै यस उपन्यासको मुख्य वस्तु हो । आफ्नो आत्मबल र निर्णयमा अगाडि बढेकी समीरा पुनः जीवनको उत्तरार्धमा बुद्धत्वको मार्गमा हिँडे पनि आफ्नो आत्मबल र चेतनालाई स्वअस्तित्वको पक्षमा देखाउनुले समीरामा स्वनिर्णयको स्वतन्त्रतामा जीवन जिउने नारीवादी चिन्तन प्रस्ट भएको छ । यहाँ पितृसत्ताले निर्माण गरेको दमन र नारीवादी विद्रोहका दृष्टिकोणबाट नियति चक्र उपन्यासको अध्ययन गरिएको छ ।

२. नारीवादः आन्दोलन र चिन्तन हुँदै नारीवादी समालोचनासम्म

साहित्यिक क्षेत्रमा नारीवाद भन्नाले नारीलाई केन्द्रमा राखेर नारीहरूको अधिकार र स्वतन्त्रतालाई ध्यानमा राखी साहित्यको समालोचना गर्ने पद्धति हो भने समाजको

समालोचक, त्रि.वि.मा उपप्राध्यापक हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापक क्षेत्रका सन्दर्भमा नारीवाद नारीमाथि हुने सामाजिक, आर्थिक, राजनीतिक, वैचारिक, सांस्कृतिक शोषणका विरूद्ध आवाज उठाउने चिन्तन हो । नारी मुक्ति आन्दोलनबाट सुरू भएर महत्त्वपूर्ण चिन्तनका रूपमा विकसित हुँदै गएको नारीवादले समाजमा महिलालाई पनि पुरूष सरह समान हक र अधिकार दिलाउने विचारधारा विकसित गरेको छ । यसले प्राचीन समयदेखि जरो गाडेर बसेको पितृसत्ताको सामाजिक संरचनाप्रति विद्रोह गर्छ । साहित्यमा पनि यसले पितृसतात्मक धारणाअनुरूप गरिने साहित्यको व्याख्याप्रति आपित्त जनाउँदै पुरूषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र मान्यताको विरोध गर्छ । यसको सम्बन्ध नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रताका लागि वर्तमान युगमा सञ्चालित राजनीतिक नारीवादी आन्दोलनसँग रहेको छ । नारीमाथि समाजमा हुने गरेका ज्यादतिका कारण यो चिन्तनको जन्म भएको हो र यो महिलाको जीवनकै आवश्यकताले जन्माएको हो भन्ने नारीवादी चिन्तकको अभिमत रहेको छ (त्रिपाठी, २०६९:२१०) । नारीहरूले आफूमाथि भएको अन्याय, दमन र शोषणका विरूद्ध साहित्यमार्फत् आवाज उठाएका छन् । नारीका तर्फबाट साहित्यलाई बुझ्ने र बुझाउने तथा नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, वैचारिक आदि पक्षमा स्वतन्त्र र आत्मनिर्भर बनाई पुरूषको एकाधिकारको अन्त्य गर्ने प्रयत्न नारीवादी समालोचनामा छ ।

पितृसत्ताको विरोध गरी नारी मुक्तिको प्रयास गर्नु, नारीका भिन्न अनुभव, विषय, शिल्पशैली, संरचना र रूपको खोजी गर्नु, नारी वा पुरूषद्वारा लेखिएका कृतिमा नारी पात्रको अवस्थाको वर्णन गर्नु, लैङ्गिक समालोचनासँगको सम्बद्धता आदि नारीवादी समालोचनाका महत्त्वपूर्ण उपलब्धिहरू रहेका छन् । नारी मुक्तिको आन्दोलनबाट पृष्ठभूमि निर्माण गरी अगाडि बढ्दै आएको नारीवादी चिन्तन आज साहित्यको समालोचनामा आइपुग्दा नारीपक्षीय आवाजलाई पर्गेल्ने महत्त्वपूर्ण माध्यम बनेको छ जुन नारी साहित्यमा रूचि राख्ने जोसुकैका लागि महत्त्वपूर्ण विषय हो ।

३. नियति चक्रमा नारीको दमन

समाजमा पितृसत्ताका कारण नारीप्रति नकारात्मक दृष्टिकोण राख्दै गरिएका भेदभावजन्य व्यवहारले महिलाहरूले विविध किसिमका दुःख, पीडा, सास्ती र हैरानी बेहोर्नुपरेको हुन्छ । समाजका जोसुकै व्यक्तिले नारी भएकै कारण विभेदकारी मान्यता निर्माण गरी गरिने अमानवीय र असमान व्यवहारलाई नारी दमनका रूपमा बुझ्न सकिन्छ ।

एउटै समाजमा समान महत्त्व राख्ने स्त्री र पुरूषका बीच दोहोरो नैतिक मापदण्ड राखिएको अन्यायपूर्ण वास्तविकतालाई नियति चक्रमा खुलेरै विरोध गरिएको छ भन्ने ध्रुवचन्द्र गौतमको विचार तथा पुरानो र नयाँ पुस्तका बीचका संस्कारगत विषमता, जातीयता र वर्गीयताका बीचका सांस्कृतिक विषयमता प्रस्तुत गर्ने उपन्यास भनी स्पष्ट अभिमत प्रकट गर्ने राजेन्द्र सुवेदीका शब्दबाट (उपन्यासको कभरपेजबाट) यो उपन्यासमा रहेको नारी दमन र नारीवादी विद्रोहको आवाजलाई सङ्केत गरिएको छ । यसका साथै उपन्यास पठनका क्रममा उपन्यासभित्रै प्राप्त साक्ष्यहरूले यस विचारलाई सशक्त रूपमा पुष्टि गर्दछन् ।

नियति चक्र उपन्याकी समीराको जीवन दुर्घटित अवस्थामा पुग्नुमा परिवार र समाजको नारीप्रतिको भेदभाव गर्ने परम्परागत सोच नै प्रमुख कारक हो । चौबीस खण्डमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
संरचित उपन्यासका बाह्र खण्डसम्म समीराप्रति गरिएका दमनका वर्णनहरू छन् । समीराको जीवनको यौवन चरम दमनको हिंसामा परेको छ । उपन्यासको तेह्रौं खण्डबाट समीरामा नारीविद्रोहको आवाज मुखरित भएको छ । यसबाट उपन्यासले समीराप्रति परिवार र समाजले गरेको दमन र तिनका विरूद्धमा उठेको उसको सचेत आवाजलाई सन्तुलित रूपमा प्रस्तुत गरेको देखिन्छ । तर समीरा आफ्नो जीवनमा सचेत र स्वतन्त्र हुँदाहुँदै पनि पटक पटक पुरूषबाट दमनमा परेको प्रसङ्ग रितेसको प्रसङ्गमा पनि दोहोरिएको छ । साथ दिएको बहानामा रितेसबाट लुटिएको थाहा पाएपछि समीरा फेरि अर्कोपल्ट नियतिको दुष्चक्रमा परेकी छ ।

यस उपन्यासले पितृसतात्मक सामाजिक संरचनाका कारण नारी कसरी दमनमा पुग्छे भन्ने कुरालाई अत्यन्त यथार्थपरक रूपमा प्रस्तुत गरेको छ । स्वेच्छाले विवाह गरिसकेको व्यक्ति रमणबाट छुटाएर पढ्ने र करियर बनाउने बहानामा आमाबाबुले समीरालाई घरमै राख्नाले उपन्यासको सुरूमै समीरा शोषणमा पर्ने सङ्केत देखाएको छ । रमण षडयन्त्रपूर्वक मारिएपछि लामो समय बेहोसी अवस्थामा रहेकी समीरालाई दिदी शकुन्तलाले व्यक्तिगत स्वार्थका लागि आफ्नो लोग्ने सुशीलसँग विवाह गराउनु र समीरालाई सन्तान जन्माउने मेसिन जस्तो बनाउनु नारी दमनको चरम रूप हो । त्यसैगरी यस उपन्यासले समाजमा रहेको वर्गीय र जातीय विभेदले गर्दा पनि नारी नै कसरी दोहोरो उत्पीडनमा परेका हुन्छन् भन्ने कुरालाई प्रस्ट पारेको छ । समीराको बाबुले आफ्नो वर्गीय हैसियत समान नभएकै कारण निम्न वर्गको मानिएको रमणलाई छोरीज्वाइँका रूपमा स्वीकार गर्न सक्दैन । समाजमा रहेको एकातिरको वर्गीय द्वन्द्व तथा बाबु नै सबै कुराको निर्णायक बन्ने पारिवारिक सामाजिक संरचनाले गर्दा समीरा पीडित बन्नु परेको छ । कानुनी विवाह गरेकी छोरीको इच्छालाई सम्मान गर्न नसक्नु समीराको बाबु कृष्णमानमा रहेको पितृसत्ताको जडता र उच्च वर्गीय अहम्ले निम्त्याएको दुष्ट्याइँ नै हो । जात्राका समयमा रमणलाई षडयन्त्रपूर्वक निर्मम हत्या गर्ने कृष्णमानको आवेगी निर्णयले समीराको जीवन नै बरबाद बन्न पुगेको छ । विवाह गरिसकेकी छोरीको इच्छाभन्दा आफ्नो वर्गीय इज्जत र जातीय प्रतिष्ठालाई महत्त्व दिने समीराका बाबु पितृसत्ताका प्रतिनिधि पुरूषपात्र हो जसले छोरीको स्वतन्त्रताको जस्तोसुकै अवस्थालाई पनि बिर्सिदिन र किचिमिचि पारिदिन सक्छः "अब त्यस्तो नोकरको छोरालाई कसरी ज्वाइँ भनेर भित्र्याउने । अब त्यो छोरी मेरालागि मरी । तिमीहरू कोही पनि त्योसँग बोल्न पाउँदैनौ" (श्रेष्ठ, २०६९:२६२७) । यस अभिव्यक्तिमा समीराको बाबु कृष्णमानको दम्भ र पितृसत्ताको शोषक आवाजले स्थान पाएको छ । समीराले जुनसुकै हालतमा पनि बाबुकै इच्छाअनुसार आफ्नो जीवन अघि बढाउनुपर्ने अवस्था सिर्जना हुन्छ भन्ने कुरा पनि उपन्यासमा यसबाट संकेत गरिएको छ ।

समीरालाई बेहोसीमै उसैको भिनाजु सुशीलसँग विवाह गराइनु, दिदी भिनाजुको सन्तान जन्माउने साधन बनाइनु समाजमा रहेको पितृसतात्मक सोचले बनाएका अवस्थाहरू हुन् जसले गर्दा समीरा एकपछि अर्को चर्को दमनमा पर्न पुगेकी छ । समीरालाई अरू त अरू आफ्नो शरीरमा समेत कत्ति पनि अधिकार नरहेको अवस्थामा पुऱ्याइएको छ । बेहोसी अवस्थामा विवाहका नाउँमा उसको यौन शोषण मात्रै भएको छैन उसको शरीरको उपयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी सन्तान जन्माउने निर्णय समेत अरूकै रहेको छ । समीराकी दिदी शकुन्तलासहित उसका परिवारका सबै सदस्यहरू यसको समर्थनमा देखिनुले समाजमा विद्यमान पितृसत्ताको जराको गहिराइलाई सजिलै आँकलन गर्न सकिन्छ । उपन्यासमा कुनै पनि महिलापात्रले समीराको अधिकारका लागि आवाज उठाएका छैनन् । सबैलाई समाजले एकाङ्गी रूपमा थोपरिदिएको आफ्नै प्रतिष्ठा र परम्पराको ख्याल छ । पतिकै सन्तान चाहने शकुन्तला पनि आफ्नो अधिकार र अस्मिता दमनमा राख्न बाध्य नारी हो । यस उपन्यासमा समीराकै परिवारका सबै सदस्यहरू समीराले पाएको ज्यादतीका भागीदार छन् । यसकुराको बोध गरेकी समीराले आफूमाथि गरिएको दमनको बोध भएपछि यस्तो अभिव्यक्ति दिएकी छः

म त ती छोराछोरी जन्माउने मेसिन मात्रै त हुँ । मलाई लाग्छ, म त फगत एउटा मलिलो माटो भरिएको गमला हुँ । मालीले राम्रा राम्रा सुगन्धित फूलको बीउ मलिलो मोटो भएको गमलामा राखी रोप्छ र पछि त्यसमा फुलेको फूलमा उसको नै हक लाग्छ । तर... मैले फुलाएका फूलहरू मबाट खोसेर लिएको कुरा कसले महसुस गर्न सकेको छ र ।... छोराछोरी जन्मिने बित्तिकै मेरी दिदीले हक जमाइहालिन् । उनले नै स्याहारसुसार गरिन् र मातृत्वको सुख प्राप्त गरिन् । म त दूध खुवाउने धाईआमा जस्तै मात्र भएँ । केटाकेटीले मलाई होइन उनलाई नै आमा ठान्छन्... आफ्नै हाड़मासुले सिंचेर जन्माएका मेरा सन्तानमाथि त मेरो हक छैन... (श्रेष्ठ, २०६९:८४) ।

समीराको जीवनका सबैजसो स्वतन्त्रताको अपहरण भएको छ । उसले आफूले छानेको केटासँग जीवन बिताउन पाएकी छैन, उसको यौन शोषण आफ्नै मान्छेहरूबाट भएको छ भने मातृत्वको अधिकार समेत खोसिएको छ । उपन्यासमा समीरामाथि भएको दमनका बारेमा बोध गर्ने एउटै पात्र छ उसको भिनाजु विकास । विकासले समीराका जीवनका इच्छाहरूलाई बुझेर नै समीराले सुशीललाई सम्बन्ध विच्छेद गर्ने इच्छाको समर्थनमा बोलेको छः "वास्तवमा हामी सबैले उसको जीवनमा धेरै खेलबाड गरेकै हौं । त्यसैले उसलाई यो घरबाट मुक्त गरिदिनु नै उत्तम हुन्छ" (श्रेष्ठ, २०६९:८६) ।

राजेशकी पत्नी मञ्जुले आफू बिरामी परेर पतिले अर्को विवाह गरोस् भन्ने चाह राख्नुमा जति पितृसत्ताले निर्माण गरेको मनोविज्ञान देखिन्छ पतिले अविवाहित र चरित्रवान् केटी नै ल्याओस् भन्ने तर्कमा पनि त्यस्तै पिछडिएको सोचको प्रभाव छ । मञ्जुमा रहेको सङ्कुचित सोचले नारीप्रतिको शोषक र दमनकारी धारणा समाजमा कतिसम्म विकराल छ भन्ने कुरा उपन्यासले देखाएको छः "पुरूषहरू जतिसुकै केटीहरूसँग लागे पनि विवाह त चरित्रवान् कुमारी केटीसँग गर्नुपर्छ भन्ने मलाई लाग्छ" (पृ. ९२) ।

समीराको जीवनमा एकपछि अर्को अकल्पनीय अवस्था आउनुमा उसले गरेका निर्णयहरू भन्दा पनि परिवारको हस्तक्षेप नै प्रमुख कारक देखिएको छ । सुशीलसँग बाध्यतामा परेर विवाह गरे पनि समीराले उसलाई आफ्नो जीवनसाथीका रूपमा स्वीकार नगर्नु, उनीहरूका बीचमा भावनात्मक सम्बन्ध हुन नसकेको अनुभूति समीरालाई हुनु समीरालाई परिवारले गरेको अति शोषणको परिणति हो । त्यसैगरी उपन्यासले समीराको जीवनको उत्तरार्धमा समेत धार्मिक चिन्तनका आडमा पनि नारीप्रति हुने दमनको अवस्थालाई देखाएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. नियति चक्रमा नारीवादी विद्रोह

नारीले परम्परागत सामाजिक संरचनाका विरूद्ध आफ्नो स्वतन्त्र अस्तित्वका लागि गरेको सचेत निर्णय र कदमलाई विद्रोहका रूपमा लिन सकिन्छ । नारीले आफ्नो खुसी र स्वतन्त्रताका लागि व्यक्ति, परिवार, समाज र राज्यका विरूद्ध चालेको कदम नै नारीवादी विद्रोह हो । नियति चक्र उपन्यासमा समीराले आफ्नो जीवन आफ्नो इच्छा अनुरूप भोग्नका लागि परिवार र समाजको मान्यताका विपरीत गएर निर्णय गरेकी छ, त्यसैलाई यहाँ नारीवादी विद्रोहका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको सुरूमा नै समीराले आफ्नो इच्छामा जीवनसाथी रोज्ने निर्णय गरेर आफ्नो अस्तित्वको लडाइँ सुरू गरेकी छ । आफ्नो परिवार र खानदानको वर्ग सुहाउँदो नभए पनि आफ्नो चाहनाअनुसारको रमणलाई रोज्नु उसको स्वतन्त्रता र अधिकार हो । रमणसँगको सम्बन्ध अघि नबढाउने परिवारको चेतावनी आएपछि उसले भनेकी छः "मैले ऊसँगै विवाह गर्ने निर्णय गरिसके । ऊसँग बाहेक अरूसँग विवाह गर्ने कल्पनासम्म गर्न सक्दिनँ" (श्रेष्ठ, २०६९:१४) । समीराले आफ्नो निर्णय नबदले भएपछि उसका आमाहरू केही रूपमा उसको सहयोगमा देखिन्छन् । समीराका बाबुले छोरीलाई थुन्ने आदेश दिँदादिँदै पनि आमाहरूको सहयोगमा समीरा घरबाट भाग्न सफल हुन्छे र रमणसँग भेटेर विवाह गर्छे । आफ्नै बुबा कृष्णमानको चर्को असहमतिका विरूद्ध समीराले रमणलाई अपनाउनु उसको स्वतन्त्रताको वरण हो । समीरा र रमणको सुनिश्चित भविष्यका लागि उनीहरूलाई विश्वस्त पारेर छुट्याई कृष्णमानले रमणको षडयन्त्रपूर्वक हत्या गरेपछि समीराको जीवन अस्तब्यस्त बनेपछि उसकै दिदी भिनाजु तथा परिवारले समीरालाई सुशीलसँग विवाह गराउनु, सन्तान जन्माउनु र उसका सबै अधिकारबाट वञ्चित गराउनुले समीराको चेतनशील बन्दै गएको मस्तिष्कमा विद्रोही चेतना भरिन्छ । ऊ आफ्नो स्वतन्त्रताका लागि आफ्नै अफिसको सहकर्मी राजेशसँग समबन्ध बढाउँछे र आफ्ना शारीरिक इच्छाहरू पूरा गर्छे । उसले राजेशमा रमणको झल्को प्राप्त गर्छे र राजेशसँगको मित्रतामा जीवन अघि बढाउने निर्णय पनि लिन्छे । ऊ राजेशसँग स्वतन्त्रतापूर्वक घुमफिर गर्न र आफ्ना शारीरिक चाहना पूरा गर्न कुनै सङ्कोच मान्दिन । त्यसैले उसले भनेकी छः "शनिबार एक दिन सबै झन्झट पन्छाएर एकान्तमा मनमिल्ने साथीसँग रिल्याक्स गर्न मन लाग्छ । त्यसैले म राजेशसँग कहिले कता, कहिले कता घुम्न गइरहेकी हुन्छु" (पृ. ८२) । समीरा आफ्नो पारिवारिक दायित्वबाट टाढिँदै गएको र उसका क्रियाकलाप परिवार र समाजका विरूद्ध रहेकाले उसको भिनाजु विकासले सम्झाउँदा उसले भनेकी छः "विकास भिनाजु । मलाई अन्याय पर्दाखेरि समाज र धर्मले के गरेको छ र म डराउने ?" समीरा आफ्नो अधिकारका लागि सचेत रूपमा नै अगाडि बढेकी छ । उसलाई आफू अन्यायमा परेको बोध भएको छ र त्यसैका विरूद्ध ऊ सचेत रूपमा अगाडि बढेकी छ । त्यसैले उसले भनेकी छः "अहिले म चेतनामा आइसकेकी छु । आफ्नो अस्तित्व आफै राख्न चाहन्छु.. म आफ्नो भाग्यरेखा आफै कोर्न चाहन्छु... अब म जिउन चाहन्छु" (पृ. ८५) । समीरालाई ऊ बाँचेको समाजमै आफ्नो अस्तित्व कायम राखेर देखाउने रहर छ । उसले यही समाजमा आफ्नो अधिकार स्थापित गर्न चाहन्छे । जुन समाजले आफूलाई चरम यातना दियो त्यही समाजका विरूद्ध सशक्त कदम चालेर ऊ केही बनेर देखिने आँट राख्छे । विवाह भएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिँजडामा कैद भएको घर उसलाई स्वीकार्य छैन । आफ्नो कर्ममा अगाडि बढ्ने अठोट समीरामा देखिन्छ । उसले विकासलाई भनेकी छ: "मलाई विश्वास छ म यही समाजमा सुरक्षित रूपमा बाँचेर बस्न सक्छु... अब आफ्नो खुसी आफै प्राप्त गर्न चाहन्छु" (पृ. ८७) । समीराले सुशीलसँग सम्बन्धविच्छेद मागेर आफ्नो स्वतन्त्र जीवन बाँच्ने रहर प्रकट गरेकी छ । सुशीलसँगको सम्बन्धविच्छेदपछि समीरामा झन् आत्विश्वास पलाएको छ ।

समीरा राजेशसँगको सम्बन्धमा रमाए पनि आफ्नो व्यापार व्यवसायमा दत्तचित्त भएर लागेकी छ । समीराकै कारणले उनीहरूको व्यापार निकै माथि उठेको छ । समीरा राजेशसँग सम्बन्ध राखे पनि राजेशकी पत्नी मन्जुको अधिकार भने खोस्न चाहन्न । राजेशले धर्म र समाजका आडमा समीराले आफूसँग विवाह गर्नुपर्ने तर्क राख्दा ऊ त्यसमाथि अविश्वास प्रकट गर्छे : "मलाई कुनै धर्म र समाजको वास्ता छैन । अहिलेसम्म यो समाजले मसँग लिनुबाहेक केही दिएको छैन । ...म बिनानामको सम्बन्धमै खुसी छु" (पृ. ९४) । सम्बन्धका नाउँमा बन्धन दिने, मायाका नाउँमा पिँजडामा कैद गर्ने तथा परिवारका नाउँमा शोषण गर्ने सामाजिक संरचनाप्रति नै समीरालाई वितृष्णा जागेको छ । बरू राजेशले साथ दिन नसक्ने भए उसलाई पनि मित्रताका लागि कर नगर्ने मानवतावादी तर्क समीराले गरेकी छ । समीरा वैयक्तिक स्वतन्त्रताको वकालत गर्छे अनि समाजले बनाएका रूढिग्रस्त मान्यताको चर्को विरोध गर्छे । साथ दिए पनि राजेशमा चाहिँ लोभ र स्वार्थ केही न केही रूपमा लुकेको छ । ऊ समीरालाई साथ लिएर उसकै क्षमताका आडमा आर्थिक लाभ लिन चाहन्छ । समीराले काठमाडौंबाट दिल्लीसम्म गार्मेन्टको व्यापार प्रबदर्धन गर्दै गएपछि समीरा दिल्लीमै बसेर आर्थिक क्षेत्रमा प्रगति गर्न थालेकी छ । आर्थिक रूपमा सक्षम बन्दै गएपछि समाज र परिवारको समीराप्रतिको दृष्टिकोण सकारात्मक बन्दै गएको छ । यस घटनाले उपन्यासमा समीराको आत्मबल र पौरखी कर्मलाई त पुष्टि गरेको छ नै साथै महिलालाई आर्थिक समुन्नतिले अधिकार सम्पन्न बनाउन सघाउँछ र ऊ स्वतन्त्र बन्न सक्छे भन्ने दृष्टिकोण पनि निर्माण गरेको छ । समाजमा महिलाको आर्थिक हैसियत राम्रो भएमा ऊप्रति गरिने भेदभाव पनि हट्दै जाने विचारले पनि यहाँ ठाउँ पाएको छ । सामाजिक संरचनामा असन्तुष्टि जनाएर विरोध गर्नुमा मात्रै होइन आफ्नो स्थान आफै निर्माण गरेर समाजमा हैसियतपूर्ण रूपमा बाँच्नु नारी विद्रोहको अर्को सशक्त पाटो हो भन्ने कुरा पनि उपन्यासले बुझाएको छ: "आर्थिक क्षेत्रमा ठूलो सफलता पाएपछि समिराप्रतिको मानिसहरूको पहिलाको धारणा बदलिँदै गयो । उनको इतिहासलाई भुलेर साथीभाइ, माइती सबैले उनलाई बिस्तारै अपनाउन थाले । उनले गुमाएको इज्जत पनि पाउन थालिन्" (श्रेष्ठ, २०६९:९५) । समीरा नारीप्रतिका रूढिग्रस्त मान्यतालाई बदल्न चाहने सचेत नारी हो । उसले जीवनमा आफ्नो अधिकारका लागि सचेत विद्रोह गरेकी छ भने समाजमा नारी पनि पुरुष सरह सबल र सक्षम मान्छे हो भन्ने विचार प्रवाहित गर्न सफल भएकी छ । उपन्यासको अन्त्यमा बुद्धको मार्ग अपनाएर उच्च बौद्धिक चिन्तनबाट समाजलाई हेर्ने दृष्टिकोणको पनि विकास गरेकी छ ।

५. निष्कर्ष

जलेश्वरी श्रेष्ठ नारी चेतना र नारीवादी विद्रोहलाई मुखरित गर्ने आख्यानकार हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनको नियति चक्र उपन्यासमा नारी विद्रोहको आवाज सशक्त रूपमा अगाडि बढेको छ । पितृसत्ताले गाँजेको नेपाली समाजमा आज पनि नारीहरू अनेक उत्पीडनमा परेका छन् । वर्गीय र जातीय भेदभावसँगै रूढिग्रस्त सामाजिक संरचनाको जालोले उनीहरूलाई दमनमा पारिरहेको छ । तर अबका चेतनशील महिलाहरू नारीवादी विद्रोहको आवाज लिएर सशक्त रूपमा अगाडि बढी आफ्नो अस्तित्वको लडाइँमा भिड्नुको कुनै विकल्प छैन भन्ने नारीवादी चिन्तन यस उपन्यासले प्रस्तुत गरेको छ । उपन्यासकी मूल पात्र समीरा परिवार र समाजको पितृसत्तात्मक नियतको कुचक्रमा परेर पनि आफ्नो अस्तित्वको लडाइँबाट विद्रोही आवाज उठाउन सफल भएकी छ । नियति चक्र उपन्यास पितृसतात्मक नारी दमनको चित्रण र त्यसकै आडमा विकसित नारीवादी विद्रोहको चिन्तनका दृष्टिले सशक्त छ । यस उपन्यासबाट जलेश्वरीको श्रेष्ठको नारी चेतनामुखी लेखन अझ बलियो बन्दै जाने आशा गर्न सकिन्छ ।

सन्दर्भ सामग्री सूची

१. त्रिपाठी, सुधा. २०६९. 'पाश्चात्य नारीवाद र त्यसको स्वरूप'. रत्न वृहत् समालोचना (सैद्धान्तिक खण्ड). सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौंः रत्न पुस्तक भण्डार ।

२. ..... २०६९. नारीवादी सौन्दर्य चिन्तन. काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन ।

३. ..... २०६८. 'पाश्चात्य नारीवादी समालोचना'. गरिमा. नारीः स्रष्टा र सृजना विशेषाङ्क. २९/७; ४९५३ ।

४. श्रेष्ठ, जलेश्वरी. २०६९. नियति चक्र. काठमाडौंः सहयोगी प्रकाशन ।

"राष्ट्र निर्माणमा हाम्रो सहभागिता
गुणस्तरीय निर्माण हाम्रो प्रतिबद्धता !"

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण उपभोक्ताहरुमा सुस्वास्थ्य, संवृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछौं ।

प्रो. हरिकुमार श्रेष्ठ
मोती कन्स्ट्रक्सन कन्स्ट्रक्सन
उदीपुर, लमजुङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछिल्लो दशकमा बैकिङ्ग क्षेत्रमा देखिएका प्रमुख परिवर्तनः एक विश्लेषण

राजनविक्रम थापा

कुनै पनि मुलुकमा बैकिङ्ग क्षेत्रलाई देशको आर्थिक विकासको मेरूदण्ड मानिन्छ । यस क्षेत्रको विकास र विस्तारबिना अर्थतन्त्रको विकास सम्भव छैन । नेपालको सन्दर्भमा बैकिङ्ग क्षेत्र र अर्थतन्त्रका वास्तविक क्षेत्र (उत्पादन, उपभोग लगानी वचत लगायतका चरहरू) बीचको सम्बन्ध र उपलब्ध परिणामलाई हर्ने हो भने स्थापित मान्यताभन्दा फरक अवस्था पनि देखिन सक्छ । हालसम्मको उपलब्ध तथ्याङ्क एवं घटनाक्रमलाई हेर्दा बैकिङ्ग क्षेत्रको विकास नहुँदाको अवस्था र यस क्षेत्रको उल्लेख्य विकास र विस्तार भएको अवस्थामा देशको अर्थतन्त्रमा देखिएको परिवर्तनका बीच सैद्धान्तिक रूपमा खासै तालमेल देखिदैन । नेपालको बैकिङ्ग क्षेत्रको करिव आठ दशक लामो ऐतिहासिक विकासक्रमलाई दृष्टिगत गर्दा, औपचारिक बैकिङ्ग सुरुवात पछिका दशकहरूमा बैकिङ्ग सेवाको आपूर्ति र मागको वीचमा निकै खाडल रहेको, वचत परिचालनको अवस्था निकै कमजोर रहेको, आयश्रोत कमजोर रहेको, आर्थिक विकासका पूर्वाधार कमजोर रहेको र विकासमुखी राजनैतिक व्यवस्था समेतको अभावमा बैकिङ्ग क्षेत्रबाट देशको आर्थिक विकासमा उल्लेख्य योगदान पुग्न सकेको देखिदैन । त्यस्तै पछिल्लो दशकमा अस्थिर राजनैतिक वातावरण, लगानी मैत्री वातावरणको अभाव, ऊर्जा सङ्कट, दक्ष जनशक्तिको अभाव लगायत दर्जनौं समस्याहरूका कारण देशको वास्तविक क्षेत्रको स्थिति उत्साहाप्रद नदेखिएता पनि बैकिङ्ग क्षेत्रको विकास, विस्तार एवं प्रतिफलको अवस्था भने उल्लेख्य रह्यो ।

केन्द्रीय बैंकको स्थापनापूर्व नै सरकारी स्वामित्वमा पहिलो बैंकको रूपमा वि.सं.१९९४ कार्तिक ३० गते नेपाल बैंक लिमिटेडको स्थापना पश्चात् अघि बढेको नेपालको बैकिङ्ग क्षेत्र विभिन्न आरोह अवारोह पार गर्दै आजको स्थितिमा आइपुगेको छ । वि.स. २०४० सम्ममा सरकारी स्वामित्वका दुई वटा वाणिज्य बैंक र दुईवटा वटा विकास बैंकको मात्र उपस्थिति रहेको तथा सुचना प्रविधि र दक्ष जनशक्तिको अभाव समेतका कारण आधुनिक बैकिङ्ग सुरुवात हुन नसकी सङ्कुचित दायरामा निक्षेप सङ्कलन र कर्जा प्रवाह जस्ता परम्परागत बैकिङ्ग सेवामा सीमित रहेको यस क्षेत्र पछिल्ला वर्षहरूमा मोवाईल बैकिङ्ग, इलेक्टोनिक, व्रान्चलेस बैकिङ्ग, भिसा, मास्टर कार्ड हुँदै अन्तराष्टिय बैकिङ्ग सञ्जालसम्म जोडिएको छ । अर्थतन्त्रका वास्तविक क्षेत्रका परिसूचकहरूमा उल्लेख्य सुधार नदेखिए पनि वित्तीय तथा सञ्चारका क्षेत्रमा भएको विस्मयकारी परिवर्तनको प्रत्यक्ष लाभ समग्र वित्तीय क्षेत्रले दोहन गर्न सकेको कारण यस क्षेत्रमा अनपेक्षित परिवर्तन देखिएको सहजै अनुभूति गर्न सक्छ । अतः प्रस्तुत लेखमा पछिल्लो दशकमा

लेखक ने.रा.बैंकका उप–निर्देशक तथा कथाकार हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बैकिङ्ग क्षेत्रमा देखिएका परिवर्तन एवं प्रवृत्तिका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

बैकिङ्ग क्षेत्रमा बदलिंदो प्रवृत्तिः

चालीसको दशकपछि देशले अङ्गीकार गरेको निजीकरण र आर्थिक उदारीकरणको नीति एवं पछिल्ला चरणमा विकसित राजनैतिक घटनाक्रमसँगै नेपालको बैकिङ्ग क्षेत्रमा निकै कम पुँजीगत क्षमताका फाइनान्स कम्पनीदेखि ठूला लगानीका बैंक तथा वित्तीय संस्थाहरू एकै साथ सञ्चालन हुने नीतिगत व्यवस्था गरियो । जसको फलस्वरुप वि.सं २०६८ आषाढमा नेपाल राष्ट बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको सङ्ख्या २७२ सम्म पनि पुग्यो । यसै अवधिमा फरक फरक ऐनबाट सञ्चालित वित्तीय संस्थाहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ ले एउटै ऐनको दायरामा ल्यायो । बैकिङ्ग क्षेत्रको विकास र विस्तार हुँदै गर्दा देशमा बढदो राजनैतिक अस्थिरता, घरजग्गा तथा सेयर जस्ता अनुत्पादनशील क्षेत्रमा गरेको अधिक लगानी, कमजोर संस्थागत सुशासन, लगायतका समस्याहरूका कारण तरलता सङ्कटको शिकार भई वित्तीय संस्थाहरू समस्याग्रस्त घोषित हुने र केन्द्रीय बैंकको कारवाहीको भागिदार हुन पुगे । बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्यात्मक वृद्धि भएता पनि सेवाको गुणस्तर तथा समग्र अर्थतन्त्रको विकासमा उल्लेख्य योगदान पुग्न सकेन । पछिल्लो समयमा केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घटाई थोरै सङ्ख्याका बलियो पुँजीगत आधार भएका वित्तीय संस्था बनाउने नीति लिए पश्चात् २०७३ असोज मसान्तसम्ममा कुल १२० वटा बैंक तथा वित्तीय संस्थाहरू (घ वर्गका सहित) मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएकोमा ७९ वटा संस्थाहरू एक आपसमा गाभिएर कुल ४१ संस्था कायम रहेको देखिन्छ । यसरी निकै कम समयको अन्तरालमा धेरै नै उतारचढाव बहोरेको नेपालको बैकिङ्ग क्षेत्रको पछिल्लो एक दशकमा भएको परिवर्तनलाई तथ्यगत रूपमा विश्लेषण गर्न देहायको प्रमुख तीन आयामबाट विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

क) बैकिङ्ग क्षेत्रको आकारमा परिवर्तन

पछिल्लो एक दशकको अवधिमा घ वर्गका वित्तीय संस्थाहरू बाहेकका वित्तीय संस्थाहरूको आकारलाई प्रतिविम्बित गर्ने केही परिसूचकहरूलाई देहायको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १

वित्तीय संस्थाका परिसूचकहरू रकम रू. करोडमा

क्र.सं	विवरण	२०६४ आषाढ	२०७३ आषाढ	परिवर्तन रकम	परिवर्तन अनुपात
१	बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या (क, ख, ग वर्गको)	१३२	१३७	५	-
२	पूंजीकोष	६९०	२१४८९	२०७९९	३०।१४
३	कूल निक्षेप	३९११५	२१०७५०	१७१६३५	४।३९
४	कूल कर्जा	२९१६०	१६६९२०	१३७७६०	४।७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५	लगानी	१०१८९	२३८६८	१३६७९	११३४
६	तरल सम्पत्ति	५८०६	३८५७५	३२७६९	५१६४
७	कूल सम्पत्ति तथा दायित्व	५८२४८	२६३९०९	२०५६६१	३१५३

स्रोत : नेपाल राष्ट्र बैंक

⅄ पछिल्लो दशकमा बैंक तथा वित्तीय संस्थाहरू खोल्ने बाढी नरोकिएपछि केन्द्रीय बैंकले घ वर्गका बाहेक अन्य वित्तीय संस्था खोल्न इजाजतपत्र प्रदान गर्ने कार्य स्थगित गरेको छ जसका कारण सङ्ख्यात्मक वृद्धि रोकिएको मात्र हैन एकआपसमा गाभिने कार्यले निकै प्रोत्साहन पाएका कारण वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको सङ्ख्या विगत दश वर्षको तुलनामा अझै ५ वटा घटेको देखिन्छ ।

⅄ यस अवधिमा वित्तीय पहुँच बढाउन तथा सीमान्तकृत वर्गलाई वित्तीय सेवा प्रदान गर्ने ध्येयका साथ घ वर्गका वित्तीय संस्थाहरूलाई इजाजतपत्र प्रदान गर्ने नीतिलाई निरन्तरता दिईएका कारण विगत दश वर्षको अवधिमा ३३ वटा लघु वित्त वित्तीय संस्था थप भई २०७३ असोजसम्म ४५ वटा पुगेको देखिन्छ भने १०० भन्दा बढी इजाजतपत्रको पखाईमा रहेको विवरण सार्वजनिक भैरहेको छ ।

⅄ यस अवधिमा बैकिङ्ग क्षेत्रको पुँजीकोषको अवस्थामा ३०.१४ गुणाले वृद्धि भएको देखिन्छ । विगतमा सरकारी स्वामित्वको पुँजीकोष ऋणात्मक रहेका कारण २०६४ आषाढमा क, ख र ग वर्गका वित्तीय क्षेत्रको कूल पुँजीकोष रू. ६ अर्ब ९० करोडमा सीमित रहेको देखिन्छ । यस अवधिमा वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंक समेतको पुँजीकोष केन्द्रीय बैंकको निर्देशनको दायराभित्र आईसकेको र केन्द्रीय बैंकले साविकको चुक्तापुँजीमा चार गुणाभन्दा बढी वृद्धि गरेको कारण २०७३ आषाढमा यस क्षेत्रको पुँजीकोष रू २१४ अर्ब ८९ करोड पुगेको देखिन्छ ।

⅄ पछिल्लो दशक अर्थात २०६४ आषाढदेखि ०७३ आषाढसम्मको अवधिमा बैकिङ्ग क्षेत्रको निक्षेपमा ४.३९ गुणाले वृद्धि भई रू. २१०७ अर्ब पुगेको देखिन्छ । बढ्दो वित्तीय पहुँच, अर्थतन्त्रको मौद्रिकीकरण, विप्रषेण आप्रवाहमा भएको उल्लेख्य वृद्धि, वित्तीय सचेतनामा वृद्धि लगायतका कारण बैकिङ्ग क्षेत्रमा रहेको निक्षेपको वृद्धिदर सन्तोषजनक मान्न सकिन्छ ।

⅄ पछिल्लो दशक अर्थात २०६४ आषाढदेखि ०७३ आषाढसम्मको अवधिमा बैकिङ्ग क्षेत्रको कर्जा पनि करिब निक्षेप कै अनुपातमा अर्थात ४.७२ प्रतिशतले वृद्धि भई रू. १३७८ अर्ब पुगेको देखिन्छ । कर्जाको वृद्धिदर सकारात्मक भएता पनि साको सकारात्मक प्रभाव उत्पादकत्वमा परेको भने देखिदैन् अर्थात् बैंक तथा वित्तीय क्षेत्रमा भएको विकासको तुलनामा मुलुकको कुल ग्राहस्थ उत्पादनमा यस क्षेत्रले पुऱ्याएको योगदान सन्तोषजनक मान्न सकिदैन । यस अवधिमा पनि कृषि तथा अन्य उत्पादन एवं रोजगारीमूलक क्षेत्र लगायत राष्ट्रिय महत्वकापरियोजनामा नगन्य मात्रामा मात्र लगानी भएकाले अर्थतन्त्रको विस्तार र विकासमा यस क्षेत्रको उल्लेख्य योगदान रह्यो भन्न सकिंदैन ।

⅄ पछिल्लो दशक अर्थात वि.सं. २०६४ आषाढदेखि ०७३ आषाढसम्मको अवधिमा बैकिङ्ग क्षेत्रको कुल सम्पत्ति तथा दायित्वको अवस्थामा पनि साँढे तीन गुणा भन्दाले बढिले वृद्धि भएको देखिन्छ । अतः अर्थतन्त्रका अन्य परिसूचकहरू त्यति सकारात्मक अवस्थामा नरहँदा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
राजनैतिक संक्रमणको अवस्थामा पनि यस क्षेत्रको यो तहको वृद्धिलाई सकारात्मक नै मान्न सकिन्छ ।

नगद प्रवाहमा आधारित कर्जाभन्दा धितोमुखी (घरजग्गा, शेयरधितो) कर्जामा भएको अधिकेन्द्रीकरण, निक्षेप र कर्जाको भुक्तानी अवधिमा सन्तुलन कायम हुन नसकेको लगायतका कारण बैकिङ्ग क्षेत्रमा छोटो समयअन्तरालमा तरलता उतार चढाव हुने गरेको देखिन्छ ।

एक दशकमा बैकिङ्ग क्षेत्रको तरलता चक्र

ब्याजदर एवं तरलतामा हुने उतारचढाव कुशल बैकिङ्ग प्रणलीका लागि प्रत्युत्पादक मान्ने गरिन्छ । नेपालको बैकिङ्ग प्रणालीमा निकै अल्पअवधिमा ब्याजदर एवं तरलतामा उतारचढाव हुने गरेको पाइन्छ । विगत एक दशकमा बैकिङ्ग क्षेत्रको तरलताको अवस्थालाई दृष्टिगत गर्दा वि.सं २०६४ आषाढमा बैकिङ्ग क्षेत्रमा तरलता निकै सहज अवस्थामा रहेको कारण ९१ दिने ट्रेजरी बिल र अन्तरबैंकको भारित औसत ब्याजदर क्रमशः २.४४ प्रतिशत र २.२६ प्रतिशत रहेकोमा २०६५ आषाढदेखि तरलतामा चाप पर्दै गई ०६६ आषाढमा पुग्दा उक्त ब्याजदर झण्डै दोब्बर भएको देखिन्छ । वि.सं २०६६ पौषमा पुग्दा अन्तर बैंक ब्याजदर १२.८३ र ९१ दिने ट्रेजरी विलको दर ८.२१ प्रतिशत पुगेको देखिन्छ । तत्कालीन अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूले घरजग्गा तथा शेयर जस्ता अनुत्पादक क्षेत्रमा गरेको अधिक कर्जा लगानी, बढदो निष्कृय कर्जा अनुपात, राजनैतिक अन्योलता, समस्याग्रस्त वित्तीय संस्थाका कारण सर्वसाधारणमा उत्पन्न त्रास, कमजोर वित्तीय पहुँच लगायतका कारण केही बर्षसम्म तरलता असहजताकै बीच नेपालको बैंकिड क्षेत्र गुज्रिरहयो । तत्पश्चात केन्द्रीय बैंकले अनुत्पादक क्षेत्रमा कर्जा नियन्त्रणको लागि लिएको नीति, विप्रेषण आयमा भएको वृद्धि, सरकारी खर्चमा भएको वृद्धि, बढदो वित्तीय पहुँच लगायतका कारण बैकिङ्ग क्षेत्रको तरलताको अवस्थामा सुधार हुँदै वि.सं. २०७० असोजमा आइपुग्दा पुनः अधिक तरलताको स्थितिमा नै फर्केको देखिन्छ । उक्त अवधिमा वाणिज्य बैंकहरूमा रहेको अतिरिक्त सुरक्षण रू १०० अर्वभन्दा पनि नाघेको र अन्तर बैंक ब्याजदर र ९१ दिने ट्रेजरी विलको दर लामो समयसम्म एकप्रतिशत भन्दा कम रहन पुगेको देखिन्छ । सो पछिका अवधिमा देशले बेहोरेको भुकम्पको असर, उत्पादनशील क्षेत्रमा लगानीको वातावरणमा देखिएको प्रतिकूलता र बैंक तथा वित्तीय संस्थाहरू समस्या समाधान र कर्जा असुलीमा केन्द्रीत रहेका कारण कर्जाको माग तथा आपुर्तिमा आएको सुस्तता समेतका कारण २०७३ आषाढसम्म बैकिङ्ग क्षेत्रमा अधिक तरलताको अवस्था देखियो ।

लामो समयसम्म अधिक तरलताको अवस्था रहेको बैकिङ्ग क्षेत्रमा गत आर्थिक बर्षको अन्तसँगै सरकारले पुँजीगत खर्च गर्न नसकी खातामा रू १९६ अर्बभन्दा बढि रकम थन्किएको, अघिल्लो आर्थिक वर्षको तीन महिनामा २४ प्रतिशतले वृद्धि भएको विप्रेषण आय यस अवधिमा मात्र ३.२ प्रतिशतले मात्र बढेको, अल्पकालीन ब्याजदरमा वृद्धि भएको, बैंकहरूले कर्जाको ब्याजदर वृद्धि गर्न थालेको तरलता संकुचन हुन थालेका संकेत देखिएको छ । तथ्य र कारणका आधारमा बैकिङ्ग क्षेत्रको तरलता क्रमशः कम हुँदै गएको मान्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख) कुल ग्राहस्थ उत्पादन र बैकिङ्ग क्षेत्रको प्रमुख परिसूचकहरूको अनुपातमा परिवर्तन

वि.सं. २०६४ आषाढदेखि ०७३ आषाढसम्मको अवधिमा देशको कुल ग्राहस्थ उत्पादन र बैकिङ्ग क्षेत्रका मुख्य परिसूचकहरूको परिवर्तनको स्थितिलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. २

कुल ग्राहस्थ उत्पादन र बैकिङ्ग क्षेत्र रकम रू. करोडमा

विवरण	२०६४ आषाढ	जडिपीसँगको अनुपात	२०७३ आषाढ	जिडिपीसँगको अनुपात
कूल ग्राहस्थ उत्पादन	७२७०९	–	२२४८६९	–
कूल निक्षेप	३९११५	५३।७९	२१०७५०	९३।७
कूल कर्जा	२९१६०	४०।१०५	१६६९२०	७९।२०
लगानी	१०१८९	१४।०१३	२३८६८	१४।२९

स्रोतः आर्थिक सर्वेक्षण २०७३ तथा नेपाल राष्ट्र बैंक

वि.सं २०६४ आषाढमा बैकिङ्ग क्षेत्रको निक्षेप सोही अवधिको कुल ग्राहस्थ उत्पादनको करिव ५४ प्रतिशत रहेकोमा दश वर्षको अवधिमा यस्तो अनुपात ९३.७ प्रतिशत रहन गएको देखिन्छ । दश वर्षको अवधिमा देशको औषत आर्थिक वृद्धिदर ४ प्रतिशतमा मात्र सीमित रहेको अवधिमा बैकिङ्ग क्षेत्रको निक्षेप तथा कर्जाको अनुपात अधिक देखिएको देखिन्छ । यस्ता पसिूचकहरूले अर्थतन्त्र क्रमशः मौद्रिकीकरण हुदै गरेको संकेत गरेतापनि बैकिङ्ग क्षेत्रको विकास र विस्तारले आर्थिक वृद्धिदरलाई उल्लेख्य रूपमा टेवा दिएको भन्न सकिंदैन ।

ग) वित्तीय पहुँच तथा वित्तीय सेवामा परिवर्तन

वि.सं. २०६४ आषाढदेखि ०७३ आषाढसम्मको अवधिमा वित्तीय पहुँच तथा वित्तीय सेवाको उपलब्धताको कोणबाट नेपालको बैकिङ्ग क्षेत्रमा उल्लेख्य विकास र विस्तार भएको देखिन्छ । तल तालिकामा प्रस्तुत गरिएका केहि तथ्य एवं विवरणहरूले यस कुरालाई पुष्टि गर्दछ ।

तालिका नं ३

बैंक तथा वित्तीय संस्थाको सेवा तथा पहुँचको अवस्था

क्र.सं.	विवरण	२०६९ आषाढ	२०७३ आषाढ	२०७३ असोज
१	बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या (सहकारी र गैरसरकारी संस्था बाहेक)	२७३	१७९	१७६
२	बैङ्क तथा वित्तीय संस्थाको शाखा (क, ख रग बर्गको मात्र)	२४०४	२८९६	२९०३
३	प्रति शाखा वाणिज्य बैंकले सेवा प्रदान गर्ने जनसङ्ख्या दर	५६२६०		१५२४०
४	वित्तीय संस्थाहरूका प्रति शाखाले सेवा प्रदान गर्ने जनसङ्ख्या दर	–	६५६२	६५६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५	निक्षेप खाताको सङ्ख्या (हजारमा)	-	१६८३६	१७५११
६	कर्जा खाताको सङ्ख्या(हजारमा)	-	१०९७	११०१
७	कूल एटिएमको सङ्ख्या	१३०९	१९०८	१९०८
८	इलेक्ट्रोनिक कार्य होल्डरहरूको सङ्ख्या (हजारमा)	२९९१	४७९२	४७९२
९	मोवाईल बैकिङ्गका ग्राहाक(हजारमा)	-	१७५४	१७५५
१०	इन्टरनेट बैकिङ्गका ग्राहाक(हजारमा)	-	५१५	५१५
११	शाखारहित बैकिङ्ग ग्राहाक(हजारमा)	-	२१३	२१३

स्रोत : नेपाल राष्ट्र बैंक

⅄ केन्द्रीय बैंकले कार्यान्वयनमा ल्याएको पुँजीवृद्धिको योजनाका साथै मर्जर र एक्विजिसनको लहर समेतका कारण बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्यामा कटौति भएतापनि यस अवधिमा शाखा सङ्ख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ । झण्डै सयवटा संस्था घटे तापनि यस अवधिमा ५०० भन्दा बढी शाखा थपिएको देखिन्छ । यस अघि सहरकेन्द्रीत प्रवृतिमा समेत सुधार आई नयाँ बजारको पहिचान गर्ने र शाखा विस्तार गर्ने नीतिलाई बैंक तथा वित्तीय संस्थाहरूले प्राथमिकता दिन थालेको देखिन्छ ।

⅄ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरेका वित्तीय संस्थाहरूको शाखा विस्तारका कारण यस अवधिमा प्रतिशाखा सेवाप्रदान गर्ने दरमा उल्लेख्य सुधार भएको देखिन्छ । वि.सं. २०६४ आषाढमा कायम रहेका वाणिज्य बैंकहरूको शाखा सङ्ख्याको आधारमा एक शाखाले ५६ हजारभन्दा बढी जनसङ्ख्यालाई वित्तीय सेवा प्रदान गर्नुपर्ने अवस्था रहेकोमा वि.सं. २०७३ आषाढमा उल्लेख्य सुधार भई त्यस्तो दर प्रतिशाखा १५ हजारमा झरेको देखिन्छ । इजाजतपत्र प्राप्त सबै संस्थाहरूको शाखा समेतलाई समावेश गर्दा वि.सं. २०७३ आश्विनमा प्रतिशाखा सेवा प्रदान गर्ने दर ६५६२ सम्म झरेको देखिन्छ । यही तथ्याकङ्को आधारमा सर्वसाधरणमा वित्तीय पहुँच पर्याप्त भएको आँकलन गर्न नसकिएता पनि सर्वसाधरणको वित्तीय पहुँच तुलनात्मक रूपमा अभिवृद्धि भएको पुष्टि हुन्छ । विश्व बैंकले सार्वजनिक गरेको तथ्याकङ्का अनुसार पनि सन् २००४ मा प्रति एक लाख जनसङ्ख्याका लागि २.४ शाखाले सेवा दिनुपर्ने अवस्था रहेकोमा (नेपालको वाणिज्य बैंकहरूको शाखा मात्र) सन् २०१५ मा आइपुग्दा प्रति एक लाख जनसङ्ख्याका लागि ८.९ शाखाले सेवा दिने अवस्था बनेको देखिन्छ । सोही प्रतिवेदन अनुसारसन् २०१५ मा यस्तो दर भारतको १३.४ भुटानको १५.४, चिनको र बङ्लादेशको ८.४ रहेको देखिएको हुँदा नेपालको अवस्था पनि सुधारोन्मुख र सन्तोषप्रद मान्नु पर्ने देखिन्छ । तथापि अझैपनि नेपालका दुर्गम क्षेत्रमा वित्तीय पहुँचको अवस्था निकै कमजोर रहेको (जस्तै बाजुरामा यस्तो अनुपात ७२,००० भन्दा माथि रहेको) देखिन्छ । विगत दश वर्षको अवधिमा वित्तीय सचेतना अभिवृद्धि तथा सहज पहुँच समेतका कारण बैंक खाता खोल्नेको सङ्ख्यामा उल्लेख्य सुधार भएको देखिन्छ । वि.सं. २०७३ आश्विनमा लघु वित्त वित्तीय संस्था बाहेकका वित्तीय संस्थाहरूमा निक्षेप खाताको सङ्ख्या १ करोड ७५ लाख पुगेको देखिन्छ । जसको तुलनामा कर्जा खाता भने ११ लाख मात्र रहेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

⅄ पछिल्लो दशकमा बैकिङ्ग क्षेत्रको तीव्र विस्तारसँगै सूचना प्रविधिको बढ्दो प्रयोग, विभिन्न प्रकारका वित्तीय उपकरणको विकास र वित्तीय सेवाको आधुनिकीकरण हुने क्रम बढ्दो छ । परम्परागत बैकिङ्गमा मात्र केन्द्रित हुँदा सञ्चालन खर्चमा अधिक वृद्धि भएका कारण बैंकहरू ईबैकिङ्गतर्फ बढी आकर्षित हुदै गएको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले वि.सं. २०७३ आश्विनसम्म १९०८ वटा एटिएम मेसिन मार्फत् सेवा प्रदान गर्दै आएको देखिन्छ ।

⅄ यसै अवधिमा शाखारहित बैकिङ्ग कारोवारको सुरूवात भै बैंकले कुनै पनि स्थानमा शाखा स्थापना नगरी अभिकर्ता मार्फत रकम जम्मा गर्ने र झिक्न सक्ने सुविधा ग्राहकहरूलाई प्रदान गरेको देखिन्छ । वि.स. २०७३ आश्विनसम्म यसरी सेवा प्रदान गर्ने केन्द्रहरूको सङ्ख्या ८०० भन्दा बढि रहेको देखिन्छ ।

⅄ केही वर्ष अधिसम्म मुख्यतः निक्षेप सङ्कलन र कर्जा प्रवाहमा केन्द्रित रही बैंकहरूले परम्परागत सेवा मात्र प्रदान गर्दै आएकोमा पछिल्ला वर्षहरूमा Automated Teller Machine (ATM), All Branch Banking Service (ABBS), Bill Payment System, Real Time Settlement, Master Card/Visa Card, Insurance Service, Locker लगायत विभिन्न किसिमका सेवा तथा सुविधामा बिस्तार एवं विकास गर्दै लगेको देखिन्छ ।

घ) अन्य विषयगत परिवर्तन

माथि उल्लिखित तथ्यगत विवरणका अतिरिक्त पछिल्लो दशकमा अन्य विषयगत परिवर्तन पनि बैकिङ्ग क्षेत्रमा देखिएका छन् ।

⅄ विगतमा समस्यामा रहेका सरकारी लगानीका बैंकहरूको वित्तीय अवस्थामा सुधार भएको, नेपाल बंगलादेश बैंक तत्कालीन किष्ट बैंक, ग्राण्ड बैंक लगायतका निजी क्षेत्रका बैंक पनि नियमनको दायराभित्र आइसकेता पनि साना पुँजीगत क्षामताका विकास बैंक र वित्त कम्पनीहरू विभिन्न समस्याका सिकार भई समस्याग्रस्त बन्दै गएको देखिन्छ । वि.सं. २०७३ आश्विनसम्ममा ११ वटा वित्तीय संस्थाहरू समस्याग्रस्त भई केन्द्रीय बैंकको सुक्ष्म निगरानीमा रहेको देखिन्छ ।

⅄ बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालन लागत पछिल्लो समयमा निकै आकासिएको देखिन्छ । कारोवारको प्रकृतिकै हिसाबले पनि मुख्य स्थान अर्थात सहरको केन्द्रबिन्दु Prime Location मा कार्यालय राख्नु पर्दा तिर्नु पर्ने महंगो घरभाडा, सूचना र प्रविधिको ब्यापक प्रयोग, बढ्दो लाडसेडिङ्गका लागि गर्नुपर्ने बैंकल्पिक व्यवस्था, निक्षेप विमा लगायतको खर्च, कर्मचारी खर्च तथा विविध व्यवस्थापकीय खर्चका कारण तुलनात्मक रूपमा लागत बढदै गएको देखिन्छ ।

⅄ सूचना प्रविधिको बढ्दो प्रयोग र केही सीमित कर्मचारीमाथि बढेको निर्भरताले सञ्चालन जोखिमको मात्रा बढ्दै जाने, नयाँ खाले वित्तीय अपराधका सम्भावना बढदै गएको देखिन्छ ।

⅄ नेपाल राष्ट्र बैंक ऐन २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन परिमार्जन भई बन्ने नयाँ नीतिगत व्यवस्थाका सम्बन्धमा पनि विभिन्न चर्चा / परिचर्चा चलिरहेको देखिन्छ ।

⅄ विगतमा नेपालको बैकिङ्ग क्षेत्रले भोगेको तरलता अभाव र अनुत्पादक क्षेत्रमा भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिक लगानीबाट बैंक तथा वित्तीय क्षेत्रले केही अनुभव हासिल गरेको महसुस गर्न सकिन्छ । यसै अवधिमा कृषि तथा उत्पादनमुलुक क्षेत्रमा बाध्यत्मक लगानी समेतको व्यवस्था गरिएकोले धितोमुखी लगानीबाट केही हदसम्म उत्पादनमूलक क्षेत्रमा कर्जा लगानीको प्रवृति विकास भएको देखिन्छ ।

उपसंहारः

नेपालमा औपचारिक बैकिङ्ग सुरुवात भएको आठ दशकको समयावधिमा बैकिङ्ग क्षेत्रमा विभिन्न खाले परिवर्तनहरू देखिएका छन् । पहिलो पाँच दशक पराम्परागत बैकिङ्गमा अल्मलिएको नेपालको बैकिङ्ग क्षेत्र विभिन्न कालखण्डमा पृथक किसिमका समस्या तथा उतारचढावको सामना गर्दै आजको अवस्थामा आइपुगेको देखिन्छ । वि.सं. २०५० को दशक पश्चात् सरकारी लगानीमा सञ्चालित ठूला बैंकहरूमा देखिएको वित्तीय सङ्कट, अधिक निष्कृय कर्जा, साना-ठूला बैंक तथा वित्तीय संस्था एउटै बजारमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था, राजनैतिक सङ्क्रमणले थला परेको अर्थव्यवस्थामा गर्नु परेको व्यवसाय विस्तार, लगानीमैत्री वातावरण तथा क्षेत्रको अभावमा गरिएको व्यवसाय विस्तार, संस्थागत सुशासनको अभाव लगायतका समस्याहरूबाट गुज्रदै पछिल्लो दशकदेखि क्रमशः सकारात्मक मोडतर्फ मोडिएको देखिन्छ । बैकिङ्ग क्षेत्रको पुँजीगत क्षामता अभिवृद्धिका लागि भएका नीतिगत व्यवस्था, मर्जर तथा एक्वीजिशनका कारण सङ्ख्यात्मक कटौति, सूचना प्रविधिको अधिकतम प्रयोग, केन्द्रीय बैंकको छाताभित्र समेटिएका बैंक तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्यामा वृद्धि, बढ्दो वित्तीय पहुँच, प्रतिस्पर्धी सेवा, लगानीकर्तालाई राम्रो प्रतिफल, बचत परिचालनको वातावरण, भौगोलिक कार्यक्षेत्र विस्तार, पुँजीगत तथा व्यवस्थापकीय क्षामतामा अभिवृद्धि, आदि पछिल्लो समयमा देखिएका सकारात्मक परिवर्तन हुन । बढ्दो सञ्चालन जोखिम, अस्थिर पुँजी बजार, छोटो समयअन्तरालमा तरलता एवं व्याजदरमा उतारचढाव, सम्पत्ति शुद्धीकरणको व्यवस्था पालनामा चुनौती, सङ्गठित वित्तीय अपराध, अस्थिर राजनैतिक अवस्था, कमजोर अर्थव्यवस्था, सुशासन कायम राख्ने चुनौती, कानुनी अव्यवस्था आदि पछिल्लो समयमा देखिएका नकारात्मक परिवर्तनहरू हुन् । नेपालमा प्राकृतिक स्रोत र साधनको प्रचुर सम्भावना हुँदाहुँदै पनि कमजोर वित्तीय व्यवस्थापनको शिकार भई आर्थिक विकास र वृद्धि दुवै सङ्कुचित हुँदै गइरहेको छ । वि.सं २०७२ साल विनासकारी भूकम्पको असरबाट समेत सुरक्षित रहन सफल नेपालको बैकिङ्ग क्षेत्रमा बाह्य वातावरणीय तत्वहरू (राजनैतिक अस्थिरता, लगानीमैत्री वातावरणको अभाव, कमजोर कानुनी संरचना आदि) सृजित चुनौतीहरूको सामना गर्दै सक्षम र दीगो वित्तीय प्रणालीको विकास गर्न बैकिङ्ग क्षेत्र क्रियाशील हुनु पर्दछ । यसका लागि उपलब्ध बैंकिङ्ग पहुँचमा अभिवृद्धि गर्दै समावेशी बैकिङ्ग प्रणालीमा जोड दिने वित्तीय श्रोतलाई उत्पादनमूलक, आयमूलक र रोजगारीमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, स्वस्थ प्रतिस्पर्धा मार्फत् सर्वसाधारणलाई गुणस्तरीय सेवा प्रदान गर्ने, सूचना प्रविधिको कारण आउन सक्ने जोखिम न्यूनीकरणमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

मन र शरीर

राजेन्द्रप्रसाद अर्याल

तल-माथि, दायाँ-बायाँ
यत्र-तत्र, चौतर्फ
सङ्कटकालीन सुरक्षा सैनिक झैं
खानतलासीको ढाँचामा
आफ्नै शरीर उपरको निरीक्षणमा
नयनहरू सलबलाइरहेछन् ।

किशोरावस्थाको मझेरीबाट
प्रत्येक अङ्ग प्रत्येङ्गहरू
बैंसमा अनुवाद हुन थालेछन्
शरीरका विविध अवयवहरू
बिरानो तथा नौला सावित भैरहेछन्
कता-कता लाग्न थाल्यो
असामान्य परिधानमा
स्वयं ऊ त सजिन थालिसकेछ ।

निरीक्षणमा निस्किएको
शिकारी नजर
स्वरूप केलाउन तम्सन्छ
शरीरले त काँचुली फेरिसकेछ
बैंसको माधुर्य सङ्गीतमा
छम्-छम् नाच्न थालिसकेछ
म त भ्रममा पो रहेछु
स्वयं म निरीक्षकमाथि
शरीरले नै पो निरीक्षण गर्दोरहेछ ।

लज्जा अनि कोमलतामा
उकुस-मुकुस अनि मीठो छटपटीमा
शरीर त पग्रिन थालिसकेछ
स्वाभाविक मादकताभित्र
काउकुतीले डसिसकेछ
तेजोमय मुहार
अनि लावण्यको जलपभित्र
विस्तारै प्रवेश गरिसकेछ
उसको अन्तस्करणमा
परमानन्दको महोत्सव
उद्घाटन हुन थालिसकेछ ।

डिसेम्वर १७, २०१३

म्याडिसन, अमेरिका

लेखक स्मृतिकेन्द्रका कोष-संस्थापक एवं साहित्यकार हुनुहुन्छ। -सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरस्कृत प्रतिभा जगमान गुरूङ



(संस्कृतिविद्)

जन्म/स्थान: वि.सं. २००३ माघ २१, याङ्जाकोट, कास्की, गण्डकी अञ्चल ।
माता/पिता: जोगमाया गुरूङ, शेरजङ्ग गुरूङ ।
शिक्षा: स्नातकोत्तर, (नेपाली इतिहास, संस्कृति र पुरातत्व), विद्यावारिधि-पश्चिमाञ्चलको गण्डकी प्रदेशका गुरूङहरूमा प्रचलित चिनियाँ-तिब्बती ज्योतिषशास्त्र) ।
सेवा: प्रशासन, प्राध्यापन, अनुसन्धान, सहप्राध्यापक (नेपाली संस्कृति)- नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. (२०५५), ने.रा.प्र.प्र. (सदस्य, प्राज्ञ-परिषद्, २०६१) । राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, ने.सं.वि. निर्देशक)
पहिलो रचना: लमजुङ जिल्लाको नामकरण: एक विवेचना (गण्डकी, वर्ष ६, अङ्क ३, २०२७) ।
कृति/सृजना: गुरूङ जाति तथा संस्कृति (२०३४), नेपालको एकीकरणमा गुरूङहरूको भूमिका (२०४१), बृलो (मुस्ताङ) को सांस्कृतिक सम्पदा (२०५७), नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रसवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन (२०६१), गण्डकी प्रसवण क्षेत्रको सांस्कृतिक सम्पदा (२०६७), नेपालको सांस्कृतिक दिग्दर्शन आदि ।
सम्पादन/अनुवाद: तमु पत्रिका (२०३९) ।
पुरस्कार/सम्मान: गोकुलचन्द स्वर्णपदक (२०३९), महेन्द्र विद्याभूषण स्वर्णपदक 'ख' (२०४२), श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव गद्दी आरोहरणको रजत महोत्सव पदक (२०५३), त्रिभुवन विश्वविद्यालय दीर्घसेवा पदक (२०५७), श्री ५ वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), ज्यो. हरिअभिनव संस्कृति पुरस्कार (२०६७) । सनातन धर्म सेवा समिति, नेपाल (२०५५), राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति (२०५६), बौद्ध अर्घौं सदन (२०५९), योगी नरहरि नाथ ट्रस्ट हाम्रो नेपाल (२०६०), तमु छोज धिँ, नेपाल (२०६१), नयराज पन्त शोध-सम्मान (२०६५) आदिका साथै आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार, इतिहास शिरोमणि बाबुराम आ. शोध सम्मान, नेपाल प्रज्ञा समाजशास्त्र दर्शन तथा संस्कृति पुरस्कार, ज्ञानमणि नेपाल शोध सम्मान, धनबज्र बज्राचार्य शोध सम्मान, तन्त्र भूषण सम्मान आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समन्वयको परिवेशमा विकसित नेपाली राष्ट्रियता

डा. जगमान गुरूङ

वर्तमान विश्वमा द्वन्द्वात्मक भौतिकवाद र समन्वयात्मक अध्यात्मवाद यी दुई चिन्तन प्रचलनमा रहेका छन् । द्वन्द्वात्मक भौतिकवाद पश्चिमेली चिन्तन हो । समन्वयात्मक अध्यात्मवाद प्राच्य दर्शन अर्थात् पूर्वीय चिन्तन हो । यही समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको संरचना र विकास भएको छ । समन्वयात्मक नेपाली संस्कृतिको धरातलमा नेपाल राष्ट्रको निर्माण एवं नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन र विकास भएको छ । राज्य एउटा भूमि हो भने राष्ट्र चाहिँ जनताको मानसिक सम्मिलन अर्थात् भावनात्मक एकता हो । त्यस भावनात्मक एकता प्रतिको प्रतिवद्धता र निरन्तरता राष्ट्रियता हो ।

एशिया महाद्वीपको मध्यभागमा पूर्वपश्चिम तेर्सिएर हिमालय पर्वत रहेको छ । हिमालयको दखिनमा भारतवर्ष र उत्तरमा चीन रहेको छ । वर्तमान राजनीतिक भारत भन्दा नेपाल पृथक् छ तर प्राचीन भारतवर्षसँग नेपालको साइनो गाँसिएको छ । भारतवर्षमा भारतीय सभ्यता तथा संस्कृति र चीनमा चिनियाँ सभ्यता तथा संस्कृतिको विकास भएको छ । नेपाली संस्कृतिमा भारतीय एवं चिनियाँ संस्कृतिको समन्वय पाइन्छ तापनि नेपालको आफ्नै मौलिक सांस्कृतिक वैशिष्ट्य र पहिचान छ ।

वेदाङ्ग ज्योतिष भारतीय ज्योतिषशास्त्रको एउटा विधा हो । वेदाङ्ग ज्योतिषशास्त्र अनुसार वैदिक संवत्सरको प्रवर्तन पौषशुक्लप्रतिपदामा हुन्छ । चिनियाँ-तिब्बती ज्योतिषशास्त्र अनुसार तोल लोसारको प्रवर्तन पनि पौषशुक्लप्रतिपदामा हुन्छ । यसरी पौषशुक्लप्रतिपदाले भारतीय संस्कृति र चिनियाँ संस्कृतिको मिलन गराएको छ ।

नेपालको हुम्लाका जाडहरू पौषशुक्लप्रतिपदाका दिन तोल लोसार मान्दछन् । खसानका खसहरू पौषशुक्लप्रतिपदाका दिन ठूलो भैली खेल्दछन् । जडानका जाडहरूको सेब्रुनृत्यको पदचालनको विधि तथा गीतको भाका र खसानका खसहरूको देउडानृत्यको पद चालनको विधि र गीतको भाका एउटै छ ।

मष्ट परम्परा खस संस्कृतिको प्रमुख विशेषता हो । मष्ट परम्परामा बाह्र भाइ मष्ट र नौ बहिनी भवानी छन् । नौ बहिनी भवानीमा ठिंग्याल्नी र पुंग्याल्नी जस्ता जाड भाषामा नाम रहेका देवीहरू पनि छन् । बाह्र भाइ मष्ट र नौ बहिनी भवानीका मामा लामा-विष्णु छन् । एउटै देवतालाई लामाको रूपमा पनि पूजिने र विष्णुको रूपमा पनि पूजिने हुनाले यस देवताको नामकरण लामा-विष्णु गरिएको हो । यस सन्दर्भमा लामा भन्नाले लामा बौद्ध धर्म अन्तर्गतको आर्यावलोकितेश्वर र विष्णु भन्नाले वैदिक भगवान् विष्णु हुन् । जुम्ला,

---

लेखक संस्कृतिविद् तथा नेपाल सांस्कृतिक अनुसन्धान केन्द्र ने.सं.वि.का निर्देशक हुनुहुन्छ ।– सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिँजाको लेकपर गाउँमा लामा-विष्णुको थान छ । त्यहाँ बूढाथरका क्षेत्री लामा-विष्णुका धामी छन् । लामा-विष्णुको धामी हुने बित्तिकै उनले आफ्नो टुपी फ्याँक्दछन् र लामाको भेषभूषा पहिरेर लामाकै भाषामा पतुर्दछ । लामा-विष्णुलाई खस र जाड दुवै समुदायले बडो सम्मानका साथ मान्दछन् । कर्णाली प्रदेशका जाड र खस दुवै समुदायमा घाँसओडार लामा, हौँडीखोली लामा, खोजेडी लामा र कल्याण लामा पूजनीय छन् । यस क्षेत्रका उपाध्याय ब्राह्मण पर्यन्तले आफ्नो घरमा आयोजना गरेको व्यक्तिगत पूजामा समेत उपरोक्त चार लामाको पूजा गरेर तिनका नाममा आहुति दिने प्रचलन छ । यस प्रचलनले कर्णाली प्रदेशका जनताको मानसिक सम्मिलन गराएर उनीहरूमा सामाजिक, धार्मिक एवं सांस्कृतिक सद्भाव र सहिष्णुताको भावना जगाएको छ ।

भुवो पर्व कर्णाली प्रदेशका चाडपर्वहरूमा एउटा मुख्य पर्व हो । यस पर्वमा विश्वकर्मा समुदायका व्यक्तिले काठको मुँढो सल्काएर धुनि जगाउँछ र विश्वकर्माले जगाएको धुनि तापेर ठकुरी र ब्राह्मण पर्यन्तले भुवो पर्व मनाउँदछन् । पश्चिम नेपालको धमारीनृत्य र भैलोमा कुनै छुवाछुतको भेदभाव हुँदैन । ब्राह्मणदेखि दलित पर्यन्त सबै हातेमालो गरेर सँगसँगै नाच्दछन् । यसरी भूगोलले भाषा र भेषभूषा अलग अलग बनाए तापनि जडान र खसानको धार्मिक आस्था एवं सांस्कृतिक अन्तर्वस्तु एउटै छ, जसमा कुनै उच-नीचको भावना पाइँदैन ।

गण्डकी प्रदेशमा आएपछि कर्णाली प्रदेशको लामा-विष्णुले मुक्तिनाथको रूप लिन्छ, जुन मुक्तिनाथ हिन्दू-बौद्ध दुवै समुदायबाट उपासित छन् । हिन्दू धर्मावलम्बीहरू मुक्तिनाथलाई भगवान् विष्णु र बौद्धहरू लोकेश्वर मान्दछन् । मुक्तिनाथको मन्दिरमा हिन्दू धर्मावलम्बी ब्राह्मण र बौद्ध धर्मावलम्बी झुमा दुवैथरी पूजारी छन् । मुण्डेशैलीका घर र गुम्बाहरू भएको हिमालीक्षेत्रमा तल्लेशैलीको मुक्तिनाथ मन्दिरको वास्तुशैलीले विशेष खालको पहिचान राख्दछ । गण्डकी प्रदेशका कोटहरूमा मगर पूजारी र ब्राह्मण पुरोहित छन् । बडादशैंको अवसरमा कालरात्रिको मध्यरातमा मगर पूजारीले कालीलाई भातिको जाँड चढाउँदछ र त्यसपछि ब्राह्मण पुरोहितले सङ्कल्प वाक्य भने पछि कालरात्रिको बलि दिइन्छ । यसरी गण्डकी संस्कृतिमा तागाधारी र मतवालीको विभेद पाइँदैन । समन्वयात्मक संस्कृतिको एउटा राम्रो नमुना गोरखाको मनकामना मन्दिर हो । मनकामनाको मन्दिरमा मगर पूजारीद्वारा नित्यपूजा र नैमित्तिक अर्थात् वर्षवन्धनपूजा चाहिँ वज्राचार्यद्वारा सम्पन्न गरिन्छ । मनकामनाको मन्दिर काठमाडौं उपत्यकाका कालिगडहरूले विकास गरेको तल्लेशैलीको छ । मनकामनाको मन्दिरमा हिन्दू-बौद्ध सबै मानिसहरू आ-आफ्नो मनोकामना पूरा गर्न जान्छन् । यसरी मुक्तिनाथ र मनकामनाको पूजारी परम्परा, मन्दिरको वास्तुशैली र त्यहाँ जाने भक्तजनहरूको मानसिकताले एक आपसमा सद्भाव बढाएको छ र यो आपसी सद्भाव नेपाली राष्ट्रियताको विकासका लागि सार्थक कारकतत्त्व बनेको छ ।

सांस्कृतिक समन्वयको अर्को राम्रो नमुना कुमारी प्रथा हो । काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा कुमारीहरू स्थापना गरिएका छन् तापनि हनुमानढोकाको कुमारीले विशेष महत्त्व राख्दछ । कुमारीको चयन बौद्ध धर्मावलम्बी शाक्य समुदायको कन्याबाट गर्दछन् । बज्राचार्यले बौद्धतन्त्रअनुसार र कर्माचार्यले शैवतन्त्रअनुसार कुमारीको पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ । हनुमान ढोकाको कुमारीलाई नेपालको राज्यलक्ष्मीका रूपमा मानिन्छ । त्यसकारण इन्द्रजात्राको समापनको अवसरमा अघि नेपालका गद्दीनसिन राजा र अहिले नेपालका राष्ट्रपतिले कुमारीको दर्शन गरेर नेपालको राज्यसत्ता थाम्ने प्रचलन रहिआएको छ । यसैगरी मत्स्यन्द्रनाथले अखण्ड शिव-बुद्ध समन्वयवादको राम्रो उदाहरण प्रस्तुत गर्दछ । काठमाडौं उपत्यकाका कतिपय शाक्तपीठहरूमा पोडे-पोडेनीहरू देवपालका रूपमा रहेका छन् । ललितपुर, लगनखेलको वटुकभैरवको मन्दिरमा देवपाल पोडेका छोराछोरीलाई वटुकभैरवको प्रतीक मानेर तिनलाई पैसा र पेडा दिने प्रचलन छ, जहाँ छुवाछुतको कुनै भेद रहेको छैन ।

खोटाङको हलेसीगुफा किरात, हिन्दू, बौद्ध र जैनको आस्थाको केन्द्र हो । हिन्दूहरू यस गुफामा महादेवले तपस्या गरेको मान्दछन् । पारूहाङ अर्थात् महादेव किरातहरूका आराध्यदेव हुन् । बौद्धहरू हलेसीगुफामा वज्रगुरु पद्मसम्भवले तपस्या गरेको विश्वास गर्दछन् । भारतमा अनिकाल पर्दा नेपालतिर पसेका जैनसाधु भद्रबाहुले पनि हलेसीगुफामा साधना गरेको मानिन्छ । नवलपरासीको दाउन्ने डाँडामा मदारनाथको समाधि अवस्थित छ । वास्तवमा यो मदारनाथ मजार अर्थात् सुफी सन्तको दरगाह अथवा समाधि हो । मदारनाथको यस स्थानमा हिन्दू, बौद्ध र इस्लामहरू सबै सँगसँगै मिलेर दर्शन पूजन गर्दछन् । मुसलमानको हातको चुरा, धागो, पोते र टीका लगाएर नेपालका हिन्दू महिलाहरू आफ्नो सधवापनको गौरव गर्दछन् । यसरी समन्वयात्मक नेपाली संस्कृतिले नेपालीहरूको मानसिकतालाई धर्मको घेराबाट बाहिर निकालेर उनीहरूका बीच उदात्तभावको विकास गरेको छ ।

बाराको गढीमाईको पाँचवर्षे पूजामा सबभन्दा पहिले बनारसका डोम राजाले चढाएको राँगाको बलि चढ्दछ । त्यस अवसरमा डोम समुदायको सिद्ध नृत्य प्रस्तुत गरिन्छ । यस नृत्यमा राजपूत र ब्राह्मण पर्यन्तका कोखबन्ध्या महिलाहरूले डोम नर्तकद्वारा उनको कुर्कुच्चाले उल्टो पट्टिबाट आफ्नो धोतीलाई थिचाएर आफ्नो कोख सफल पार्दछन् ।

नयाँ वर्षको उपलक्ष्यमा बैशाख १ गते भक्तपुरमा विस्केटजात्रा र नेपालको सुदूरपश्चिमाञ्चल क्षेत्रमा विषुपर्व मनाइन्छ, किनभने बैशाख १ गतेदेखि सूर्यले विषुवत्रेखा पार गरेर पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गर्दछ । नेवारहरू जनैपूर्णिमा र गाईजात्रामा क्वाटी खान्छन् भने सुदूरपश्चिमाञ्चलका बासिन्दाहरू विषुपर्वमा विरूडा खान्छन् । विभिन्न गेडागुडीहरू मिसाएर पकाएको परिकारलाई नेपाल भाषामा क्वाटी र सुदूरपश्चिमाञ्चलको भाषामा विरूडा भनिन्छ । यसरी विस्केटजात्रा, विषुपर्व, क्वाटी र विरूडाले नेपालमण्डल र सुदूरपश्चिमाञ्चललाई एकताको सूत्रमा बाँधेको छ । मान्छे टाढा भएपनि मन टाढा हुँदैन भनेको यही हो, किनभने मान्छे टाढा भएपनि मन मिलेपछि मेला हुन्छ र मान्छे नजिक भए पनि मन मिलेन भने ठेलमठेला हुन्छ । अहिले नेपालमा यही ठेलमठेलाको परिस्थिति सृजना भएको छ । नेपालमण्डल र सुदूरपश्चिमको सांस्कृतिक अन्तरसम्बन्ध एउटा प्रतिनिधि पात्र मात्र हो । नेपालमा यस्ता प्रशस्त उदाहरणहरू पाइन्छन् । डडेलधुराको चौलो, नेपालमण्डलको चालं र गुल्मी तथा अर्घाखाँचीको सरायँमा एकरूपता पाइन्छ । यसैगरी राप्ती अञ्चलका पहाडी जिल्लाहरूमा विविध समुदायका युवाहरू मिलेर नाच्ने सेरङ्गेनाच,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मधेशका थारूहरूको मजुरनाच र भक्तपुरका नेवार युवाहरूको लुसिप्याखँमा सामञ्जस्यता पाइन्छ । यो नै नेपालीहरू बीचको अपनत्व र समन्वयात्मक नेपाली संस्कृतिको विशेषता हो ।

यसैगरी प्रत्येक वर्ष नयाँ वर्षको उपलक्ष्यमा चैत मसान्तको मध्यरातमा सिराहको सलहेस फुलबारीको हारमको रूखमा मालाको आकारमा फूल फुल्दछ । बैशाख १ गते दिनभर उक्त फूल ताजा रहन्छ र बैशाख २ गतेदेखि फूल ओइलाउन थाल्दछ । बैशाख १ गते सलहेस फूलबारीमा र बैशाख २ गते मिथिलाक्षेत्रका सलहेस मन्दिरहरूमा मेला लाग्दछ । सलहेस फूलबारीमा दनुवार र अरू सलहेस मन्दिरहरूमा दुसाध पूजारी छन् । सलहेस फूलबारीमा फुलेको यो फूलको माला सलहेसका प्रेमिकाले उनलाई दिएको प्रेमोपहार हो तर यो केवल मायाप्रीतिको मात्र कुरा नभएर आपसी सद्भावको प्रतीक पनि हो । यसरी सलहेस फुलबारीको हारमको फूलले प्रत्येक वर्ष नयाँ वर्षको सुखद उपलक्ष्यमा हामीलाई प्रेम र आपसी सद्भावको सन्देश दिइरहेको छ । मानिस जातले ठूलो र सानो हुँदैन, उसको आफ्नो आदर्श र मर्यादाले उनलाई महान् बनाउँदछ । सलहेस स्वयं दुसाध समुदायका हुन् तर आफ्नो आदर्श र मर्यादाले उनी महाराज कहलाएका छन् । अतः सलहेस महाराजको आदर्श र मर्यादाको पालन गरेर एकआपसमा सद्भाव र सहिष्णुताको भावना बढाउनु आजको हाम्रो परम कर्तव्य र उत्तरदायित्त्व हो ।

नेपालको मधेशक्षेत्रमा चिडिमार समुदायको बसोबास पाइन्छ । नेपालगञ्जक्षेत्रका चिडिमारहरू हिन्दू धर्मावलम्बी छन् भने मिथिलाक्षेत्रका चिडिमारहरू इस्लाम धर्मावलम्बी छन् । इस्लाम धर्मावलम्बी भए तापनि मिथिलाक्षेत्रका चिडिमारहरूले हिन्दू देवी देवताका गाथा गाउँदछन् । मिथिलाक्षेत्रका राजपूत एवं ब्राह्मण पर्यन्तले विभिन्न पर्व पर्वणी एवं शुभ कार्यहरूमा ती इस्लाम चिडिमारहरूलाई आफ्नो घरमा बोलाएर हिन्दू देवी देवताको गाथा गाउन लगाउँदछन् । यसरी मैथिली समुदायमा जातीय दलन र धार्मिक अन्तरद्वन्द्वको भावना पाइँदैन ।

मङ्सिरेपूर्णिमाका दिनमा नेपालका नेवारहरू धान्यलक्ष्मीको पूजा गरेर योमरि खान्छन् । त्यही दिनदेखि लिम्बुहरूको धाननाचको शुभारम्भ हुन्छ । त्यही दिन बाहुन-क्षेत्री र गुरूङ-मगरले गोठमा गैडुपूजा गर्दछन् । बैशाख शुक्लपूर्णिमाका दिन गुरूङ र मगरहरूले चण्डीपूजा गरेर घाटुनाचको विसर्जन गर्दछन् र राईहरूको चण्डीनाचको शुभारम्भ चण्डीपूर्णिमा अर्थात् बैशाखशुक्लपूर्णिमा कै दिनदेखि हुन्छ । अघि बैशाखशुक्लपूर्णिमाका दिन देवी भगवतीले चण्डनामक दैत्यको वध गरेर चण्डी कहलाएकी थिइन् । त्यसैले बैशाखशुक्लपूर्णिमा चण्डीपूर्णिमाको नामबाट प्रख्यात भएको हो । अतः चण्डीपूर्णिमा अर्थात् बैशाखशुक्लपूर्णिमाका दिन कतिपय समुदायको देवालीपूजा पनि हुन्छ । बैशाखशुक्लपूर्णिमा कै दिन बुद्ध र गोरखनाथ जन्मेका हुन् र यी दुवै नेपालका धर्तीपुत्र हुन् ।

नेपालको पहाड खण्डमा मनाइने तीज, पश्चिम पहाडको गौरापर्व, मिथिलाक्षेत्रको मधुश्रावणी र थरूवानमा मनाइने जितिया पर्व महिलाहरूको सौभाग्य वृद्धिका लागि मनाइने पर्वहरू हुन् । महिलाहरूको भाग्य भनेको आफू र सौभाग्य भनेका श्रीमान् हुन् । अतः महिलाहरूको भाग्यभन्दा पनि सौभाग्य बलवान् हुनुपर्दछ भन्ने शास्त्रीय मान्यता रहिआएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
छ । यसरी यी तीनवटै पर्वमा नेपाली महिलाहरूको अन्तरवेदना र सम्वेदनशीलताको भावना अन्तर्निहित छ ।

हिमालको जल र पहाडको मलले हाम्रो मधेश उर्वर बनेको छ । त्यसैले पहाडमा दाइँ हाल्दा हिमालको सह लेऊ, माल मधेशको सह लेऊ वरद हो भनेर गोरू घुमाउने प्रचलन छ । कास्की, पोखरा, बाटुलेचौर र राप्ती अञ्चल सल्यान, खलङ्गा गाइनेटोलका गन्धर्वहरूले हिमालको डाँफे र मधेशको मुरली चरीको विवाह गराएर कर्खा रचेका छन् । रोल्पाली मगरहरूमा चाहिँ डाँफे र मजुरको कथा प्रचलित छ । अतः डाँफे र मुरलीको कर्खा हिमाल, पहाड र मधेशको भावनात्मक एकताको प्रतीक हो, किनभने धोति पनि हाम्रै हो, टोपी पनि हाम्रै हो । धोतिले हाम्रो लाज छोप्छ र टोपीले हाम्रो सान बढाउँदछ । धोति न टोपि भयो भने मान्छे कङ्गाल हुन्छ । त्यसैले आफू कङ्गाल हुने काम हामी कसैले पनि गर्न हुन्न । अहिले नेपाली संस्कृति कचपचिएको छ, नेपाली राष्ट्रियता धमिलिएको छ र नेपाल राष्ट्र विखण्डनको दिशातिर धकेलिएको छ । अहिले सबैलाई आ-आफ्नो जातीय पहिचान चाहिएको छ तर जातीयता भन्दा राष्ट्रियता ठूलो हुन्छ । जातीय स्वाभिमानभन्दा राष्ट्रको गौरव गरिमामय हुन्छ । प्रदेशभन्दा सिङ्गो र एकढिक्का राष्ट्रको महत्त्व बढी हुन्छ । हिमाल, पहाड, नेपालमण्डल र तराई मधेशका नेपालीहरू बीचको आपसी सद्भाव र सहिष्णुताबाट नेपाली राष्ट्रियता बलियो भएको छ । नेपाल अनेकतामा एकता भएको राष्ट्र हो । यिनै अनेकतामा एकता भएका विविध जातिको स्वच्छ हृदयको मधूर स्पन्दनको सङ्गम नै बृहत् नेपाल राष्ट्रको प्राण हो । अतः जातीय एवं साम्प्रदायिक धरातलबाट माथि उठेर नेपाल राष्ट्र एवं नेपाली राष्ट्रियता प्रति प्रतिबद्ध र समर्पित हुनु आजको परम आवश्यकता हो । नेपाल राष्ट्र हाम्रा पूर्खाहरूको धरोहर हो, किनभने हाम्रा पूर्खाहरूले बडो दुःखले नेपाल राष्ट्रको निर्माण गरेका थिए । अतः हाम्रा महान् पूर्खाहरूको धरोहर नेपाल राष्ट्रको अस्मितालाई हामी सबै मिलेर जोगाउनु पर्दछ । समन्वयात्मक नेपाली संस्कृतिले देखाएको समन्वयको बाटोमा हामी सबै नेपालीहरू सँगसँगै मिलेर अघि बढ्यौं भने नेपाल राष्ट्र सधैं अखण्डित र सुदृढ हुनेछ, किनभने समन्वयात्मक नेपाली संस्कृतिले नेपाल राष्ट्र र नेपाली राष्ट्रियतालाई जन्माएको छ ।

नेपाल पार्वतीले रचना गरेको शिवको देश तथा सीता र बुद्धको जन्मभूमि हो । यस्तो पवित्र धर्तीमा जन्म लिन पाउनु हाम्रो लागि ठूलो अहोभाग्य हो । टर्कीका राष्ट्रपति अहमदले नेपाललाई विश्वको आध्यात्मिक केन्द्र मानेका छन् तर हामीलाई त्यसको केही वास्ता छैन । अतः आजको सन्दर्भमा हामीले विदेहको दर्शन, सीताको आदर्श, रामको मर्यादा, बुद्धको अहिंसा, त्याग र सहिष्णुतालाई राम्ररी मनन गरेर तन्मे मनः शिव संकल्पमस्तुको भावनाबाट ओतप्रोत भई नेपाल राष्ट्रको सुदृढीकरण र नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन र विकासका लागि अघि बढ्न अत्यावश्यक छ । सरल नेपाली जीवनको प्रत्येक मुटुको ढुकढुकीले यही कुरा भनिरहेको छ । त्यसकारण हामी सबै मिलेर वाचा गरौं वयं राष्ट्रे जागृयाम पुरोहिताः (हामी राष्ट्रमा अग्रगामी भई जागौं) ।

(साभार- अन्नपूर्ण पोस्ट, वर्ष १४, अङ्क २५५, २०७२ माघ ७ गते बिहीवार, पृ.७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहको रौनक

गीता रेग्मी

हामी रङ्गुन पुगेकै दिन त्यहाँ कसैको विवाहको भोज रहेछ । हामी बसेका घरका टंकेश्वर दाइले हामीलाई पनि जानुपर्छ भन्नुभएको थियो । हामीले अप्ठ्यारो मान्दा मान्दै पनि यस अघिपनि अन्य विवाहमा सामेल भइसकेकाले बर्मेली संस्कृतिमा अब अप्ठ्यारो मान्न छाडिसकेका थियौं । अर्कोतर्फ विरोध जनाउनु भनेको असभ्यता प्रकट गर्नुजस्तै हुन्थ्यो क्यारे हामीले कुनै प्रतिक्रिया जनाएनौं । त्यही विवाहको भोजमा जानका लागि उहाँहरू विस्तारै हतारिनु भयो । हामी बाटोघाटोमा देखिएका चिज र वस्तुहरू हेर्दै घर आइपुग्यौं ।

हाम्रा लुगाफाटा नेपाली दूतावासका तारा आचार्यजीकोमा नै थियो । खै कसो, कसो लिन जान मेसो नै मिलेन । हामीसँग जेजस्ता लुगा थियो त्यही लगाएर विवाहमा जानका लागि तयार भयौं । नडाकिएको विवाहमा जाँदै गर्दा लाजले मुखबाट केही शब्द छुटेको होइन क्यारे टंकेश्वर दाजु भन्दै हुनुहुन्थ्यो यहाँ अन्तरजातीय विवाह एकदम न्यून छ भनेर । गाडीबाट झरेर हिंड्दै गर्दा कलावती दिदीलाई भन्यौं म्याडम तपाईं हाकिम, हामी त काम गर्ने मानिस भन्दै जिस्क्याउँदै गयौं किनकि उहाँले साडी लगाउनु भएको थियो । उहाँ चुपचुप भन्दै टंकेश्वर दाजु र कमला दिदीको पछि लाग्नुभयो । हामी उहाँका पछि लाग्यौं । भित्र छिर्दा हल भरिभराउ भैसकेको रहेछ, दुलाहा दुलही अगाडि स्टेजमा बसेका थिए । त्यस्तै पाँच छ जनाका हिसाबले प्रत्येक टेवलमा मानिसहरू बसेका थिए । विदेशी भूमिमा यति धेरै नेपाली एकैठाउँमा देख्दा कतिखेर अलमल हुन्थ्यो मन स्वदेशमा छौं कि विदेशमा भनेर ? प्रत्येक टेबलमा भेज र ननभेज भनेर लेखिएको थियो । कलावती दिदी जेठाजु स्वर्गीय भएको तेह्रदिन नभएकाले भेज टेबलतिर लाग्नुभयो, हामी ननभेज टेबलतिर लाग्यौं । बसेर हेर्‍यौ, टेबलमा त खानाको मेनु हुँदोरहेछ । खानको लागि के छ, अब के आउँछ भनेर लेखिएको । मैले यस्तो कहिं देखेको थिइँन । नेपालमा त कसैको भोजमा गयो भनेपनि जे अगाडि देखियो अर्डर यही होला भन्ने हाम्रो अन्दाज हुन्थ्यो । खानेकुरा ल्याउदै गरेको वेटर माथि यसरी धावा बोल्थे की मानिसहरू मानौं उनीहरू वर्षौंदेखि भोकै छन् । बल्ल बल्ल जम्काभेट हुँदै छ खानेकुरासँग । हतारो यस्तो रहन्थ्यो कि एकैछिन मात्र ढिला गर्‍यो भने त्यो खाना अर्कै देशमा पुग्छ र उनीहरू फेरि भोकै हुन्छन् । तर यहाँ त्यस्तो छैन एकदम शान्त थियो विवाहको भोज । खानेकुरा प्रत्येक टेबलमा एकै पटक आइरहेका थिए, खानाका नयाँ नयाँ परिकारहरू । हामी खाइरहेका थियौ मानौ कसैले देख्छ कि भनेझैं गरेर, बिस्तारै । यस्तैमा आयो सिङ्गो माछा, अग्लो फराकिलो भाँडोमा । अचम्म मान्यो मनले अपरिचित मान्छेहरूको माझमा आश्चर्य प्रकट गर्न पनि सकिनँ । चिनारू कलावती बहिनी र राधिकाजीहरू नजिकै भए पनि पराई जस्तै बन्नुभएको थियो । उहाँहरू हाँस्दै र जिस्कँदै हुनुहुन्थेन । झोलिलो पदार्थमा आराम फर्माईरहेको माछालाई चक्कुले काट्दै, काँटाले टिप्दै खान थाले मान्छेहरू ।

लेखक स्मृतिकेन्द्रका सचिव तथा कथाकार हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि दुलाही दुलहीलाई अभिवादन गर्न नेपाली दूतावासका प्रथम अधिकारी ताराजीलाई लगाइयो । उनले दुवैलाई फूलमाला लगाइदिए । भन्न त के के भने कुन्नि ? अरूहरूले पनि सुखद दाम्पत्य जीवनको कामना गर्दै शुभकामना दिए । त्यसपछि दुलाहा दुलही हात समातेर दर्शकदीर्घातिर झरे र प्रत्येक टेबलमा बसेका मानिसको सामुन्ने मुस्कुराउँदै गए । दुलही हिरा, पन्ना र रूबी जडित गहनाले झकिझकाउ थिइन् । हामीले पनि आशीर्वाद दियौं । सधैं खुशी रहनू भनेर । हामीले 'नुनको गुन तिर्नु यत्ति न थियो एन.आर.एन.का अध्यक्ष सागर घिमिरे पनि यहाँ भेटिए, उनीसँग मोगोकमा पनि भेट भएको थियो ।

शान्त एकदम शान्त थियो विवाहको भोजको उत्सव । न ठूलोठूलो आवाजको म्युजिक सिस्टम थियो न त नाचगान नै । न त मान्छेहरू झुम्मिदै थिए खाना ल्याउने वेटरमाथि । मानौं हामी कुनै धार्मिक कार्यक्रममा आएका हौं र सुन्दै छौ प्रवचन । तर होइन् हामी महसुस गर्दै थियौ मौनतालाई । अनुशासनलाई । ताराजी सगरजीहरूसंग फोटो खिच्यौ । जतासुकै सुनिंदै आएका नन्दरामलाई भेट्न पाएहुन्थ्यो भन्ने लालसा थियो मनमा तर उनी भेटिएनन् । केही गफिएर नौ बजेतिर हामी बिदा भएर निस्कियौं । एक प्रकारको उकुसमुकुसबाट मुक्त भए जस्तो भयो । निस्कदैं गर्दा कलावती बहिनीले भन्नुभयो 'कति राम्रा देखिनु भएको नि हजुरहरू त ?' 'थाहा छ मेरा साथीहरूले भनेका मैले राम्री बनाएर ल्याएकी रे नि हजुरहरूलाई ?' कसरी सेट मिलाइ दिइस् भन्दै थिए साथीहरू । कहाँ किन्नु भएको हो यी लुगाहरू हजुरहरूले ? उनले प्रतिप्रश्न गरिन् । सम्झना र म दुवै फुरुङ्गै पर्‍यौं । आउँदा खिन्न भएको मन फर्कदा कलावती बहिनीका कुराले बदलिएर शान्त भएको थियो । लुंगीप्रति उदासीन भएपनि हामीले लगाएका यी लुगा बजारसम्म आइपुगेकै थिएनन् । चन्द्रा खनाल बहिनीको याद आयो, उहाँसँगै होलसेल पसलमा गएर ल्याएका थियौं यी लुगाहरू । जाँदा घरमा काम गर्ने पनि ल्याएकी मैले त भन्नु है भन्दै कलावती दिदीलाई जिस्क्याउँदै र घुर्क्याउँदै गएका हामी त बजारमा आउँदै गरेका लुगाको विज्ञापन गर्न हिंडेका मोडलजस्तो पो देखिए छौ ? दङ्दास पर्‍यो मन । स-साना कुराले झिंझिने, उदास हुने, चिसिने र फुरुङ्ग पर्ने मनदेखि आफैं उदेक हुन्छु ।

घर आयौं । टंकेश्वर दाजुसंग यहाँको जनजीवनका विषयमा कुरा भए । यात्राको इतिहास खोतलिए भगवान् गौतम बुद्ध भारतको गया गएर ज्ञान प्राप्त गरे भन्ने पढेको थिएँ तर यहाँ थाहा पाएँ, बुद्ध त बर्मा पनि गएका रहेछन् । बर्मा बुद्ध कहिले गए एकिन तिथिमिति नभेटिए पनि बर्माको सुवर्णभूमि (तठौं) मा अएको जन विश्वास रहेको रहेछ । बेलायत पुग्ने पहिलो नेपाली जंगबहादुर, न्युजिल्याड पुग्ने पहिलो नेपाली सत्यमोहन जोशी भएजस्तो ठ्याक्कै बर्मा पुग्ने पहिलो नेपाली को थिए ? भनेर किटान साथ कसैले भन्न सक्दैनन् तरपनि नेपालका शाक्यवंशीहरू बर्मा गएर राजकाज गरेको इतिहास चाहिँ भेटिदो रहेछ । शाक्यहरूले वर्षौ राज्य गरेपछि तेत्तीसौं राजा चीनियाहरूसँग परास्त भएपछि शाक्यवंशीय शासनसत्ता हटेको रहेछ । त्यसपछि बुद्ध भगवान् बर्मा गएको कुरा गर्छन् त्यहाँका मानिसहरू । बुद्धका चिनो कपाललाई समेत जतनले राखेका थिए । अचम्म लाग्ने कुरा भारतको कुशीनगरमा देहत्याग गरेका बुद्धका दाँत श्रीलंकामा पाइने, कपाल बर्मामा हुने तर जहाँ बुद्ध जन्मे त्यहाँ बुद्धको चिनोको नामोनिशान केहि नहुने ?

नेपालबाट तेह्र सय नब्बे किलोमिटर टाढा र क्षेत्रफलको हिसाबले झण्डै ६ गुणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो बर्मामा नेपालीहरू पृथ्वीनारायण शाहले नेपाल राज्य एकीकरण गर्ने क्रमबाटै गएका रहेछन् । देशमा सधैं चलिरहेको लडाई र मारकाटबाट जोगिनका लागि विशेषत पूर्वी पहाडका मानिसहरू भारतको मनिपुर, कलकत्ताको गंगासागर हुँदै बर्मा पुगेका रहेछन् । यो क्रम राणाशासनकालमा पनि निरन्तर चलिरहेको रहेछ । नेपाल र अंग्रेज युद्धमा नेपालीले अंग्रेजलाई पराजित गरेबाट नेपालीहरूको वीरताको कदरको नाममा नेपालीहरूलाई ब्रिटिस सेनामा भर्ना गर्न थाल्यो । अंग्रेजले दोस्रो विश्वयुद्धमा नेपाली सेनाको एक बटालियनलाई बर्मा लगेर छोडिदियो । त्यसबेला सैनिकहरू मात्र नभएर भान्छे, सुसारेहरू जस्ता पनि लगिएछन्, युद्धको समाप्तिपश्चात् जे जति बाँचेका थिए तिनीहरू त्यतै बसे । सन् १९४३ मा जापानले बर्मामा बमबारी गरेको समयमा ज्यान जोगाउन कति नेपाली आफ्नो देश फर्कने प्रयास गरेका रहेछन् त्यसमध्ये कति बमको छर्रा लागेर मरे, कति रोगव्याधि र भोकले मरे । यसैले त लेखे होलान् ईन्द्रबहादुर राईले 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथा । कति बचेर सिमाना काटे । सीमा काट्नेहरू पनि धेरैजसो भारततिरै घरजम गरेर बसे । बर्मामा जापानिजको अत्याचार कायमै थियो मान्छे मरेर मलामी जाँदा पनि आफ्ना विरूद्ध मोर्चाबन्दी गर्दै पो हुन की भन्ने आशंकामा बम वर्षाउथ्यो । त्यसबेला बर्मेली, नेपालीहरू धेरै मरे जो बाँकी रहे तिनीहरू शिला खोज्नपर्ने अवस्थामा थिए । बाँच्नको लागि नेपालीहरूलाई एक गराएछ आफ्ना भाइवन्धु खोजे र सङ्गठन बनाएछन् । अहिले अखिल म्यान्मा देशीय गोर्खा हिन्दू धार्मिक संघले गाँउ, नगर र जिल्लाजिल्लामा संस्था गठन गरेर डेढ दुईलाख नेपालीहरूलाई एउटै मालामा उनेर राखेको छ भन्दै हुहुन्थ्यो टंकेश्वर दाजु ।

भन्ते अर्थात बुद्ध धर्ममा समर्पित भएर गुम्बामै बस्नेहरूका कुरा भए । उहाँ भन्दै हुनुहुन्थ्यो "बर्मामा आर्मी छ लाख छन् भन्तेहरू पाँच लाख छन्" भनेर । यिनको काम बुद्ध धर्मको प्रचारप्रसार गर्नु मात्र हो । नेपालमा पनि बौद्ध र स्वयम्भूतिर देखिन्छन भिक्षुहरू तर यति धेरै मात्रामा त छदै छैनन् मनमनै गम्छु म । फयाको मात्र होइन यत्रा विधि भिक्षु र भिक्षुणीहरूको लालनपालनको जिम्मा सबै त जनताको काँधमा छ ।

आराम गर्न कोठातर्फ लाग्यौ । इन्टरनेट थियो । आइफोनमा वाईफाई जोडियो । देश प्रदेश र आफन्तसँग टाढिएको मन जोडिन थाल्यो । दीपकजी आमाले छोडेर गएको बच्चा जस्तो हुनुहुन्छ म बाहिर जाँदा । नियास्रिएको हो वा खुन्सिएको हो मेलोमेसो पाउँदिन् म । कुराकानी एकमिनेट सम्म लम्बिएको आजसम्म थाहा छैन् । कलावती दिदी सिकाउँदै हुनुहुन्छ यसरी बोल्नुपर्छ भन्दै सम्फना र मलाई । उहाँको मान्छे रिफाउने कला पनि गजबकै छ नाम अनुसारको । यस्तो मानिस धन्न बर्माबाट भागेर सकुशल नेपाल पुगे । नत्र अरूहरूजस्तै कलावती दिदी पनि यो संसारबाट गुमनाम हुनुहुन्थ्यो । माया लाग्यो, गाला मुसारें । लागेको बानी, आ-आफ्नै तौरतरिका दिदीको क्षणिक सिकाइको अर्थ राख्दैन । यता टेकनाथ सर, सम्फनालाई छोडेर गएको भन्दै घुर्क्याउँदै हुनुहुन्छ । लगाउने कपडाहरू नभेटिएको गुनासो गर्नुहुन्छ । म सम्फन्छु खगेन्द्र संग्रौलाको छ महिना श्रीमती अमेरिका गएको बेलाको गथासोले भरिएको कान्तिपुरमा छापिएको लेख । सम्फन्छु फेरि घरकी मुर्गी दाल बराबर भन्ने गरेका लोग्नेमान्छेका भनाइ । आधा महिना सामाजिक सन्जालबाट बाहिर रहँदा साँच्चै मन आत्तिएछ कि, जसको म्यासेजमा पनि रिप्लाई दिन थाले । कोही चिनारू साहित्यकारको म्यासेज आयो । नमस्तेबाट सुरू भएको संवाद कति राम्री देखिनु भएकोमा टुङ्गिन्छ । म अलमल पर्छु प्रतिउत्तर दिन भन्दा संवाददातालाई फेसबुकको फ्रेन्ड लिस्टबाट फालिदिन हतार गर्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतको सान्दर्भिकता

तिलकप्रसाद लुइटेल

आमुख

जीवनको अत्यन्त उर्वर समयमा बाँचेको मानिस युवा हो । युवा शब्दले यस प्रसङ्गमा युवक र युवती दुवै थरीलाई सम्बोधन गर्दछ । कुनै पनि समाज वा देशको भविष्य हो युवा । युवालाई हेरेर देशको भविष्य कस्तो छ भन्ने ठम्याउन सकिन्छ । जुन देशमा सुशिक्षित बुद्धिबल र सुदृढ मनोबल भएका युवा हुन्छन्, त्यस देशको भविष्य ऊर्ध्वगामी हुन्छ भने जुन देशमा युवाको शक्ति मासियो पक्कै भोलि त्यो देश पतनको खाडलमा डुब्छ ।

"सुकुले योजयेत्कन्यां पुत्रं विद्यासु योजयेत् ।
व्यसने योजयेच्छत्रुं मित्रं धर्मे नियोजयेत्"- चाणक्य

यसको अर्थ "छोरीलाई कुलघरानमा दिऊँ, छोरालाई विद्यामा लगाऊँ, शत्रुलाई कुलतमा फसाऊँ र मित्रलाई धर्ममा लगाऊँ" भन्ने हो । यस अर्थले छोरीका लागि सम्पन्न घर खोज्नु भनेको शिक्षा नदिनु भन्ने होइन; युवाको शिक्षा र समृद्धिका लागि हाम्रो प्राचीन शिक्षा अत्यन्त सम्पन्न रहेको र यस कुरालाई पूर्वीय वाङ्मयका विद्वान्हरूले राम्ररी बुझेका थिए भन्न सकिन्छ । यसरी छोराछोरीको भविष्यका विषयमा चिन्तन गर्नु कुनै एक देशका मानिसका लागि मात्रै होइन, सबै देशका मानिसका लागि नै आवश्यक छ । संस्कृत वाङ्यममा भाषाको अभिव्यक्ति अथवा शब्दको उत्पत्तिका सम्बन्धमा क्रौञ्चपक्षी मारिएको देखेर वाल्मीकिले–

मा निषाद प्रतिष्ठा त्वमगम शाश्वती समाः ।
यत्क्रौञ्च मिथुनादेकमवधी काममोहितम् ॥

भन्ने अभिव्यक्ति दिएका थिए, त्यसैले यही श्लोक संस्कृतको प्रथम काव्य रचना हो । यसको अर्थ– "हे व्याधा । रतिक्रियामा संलग्न क्रौञ्चपक्षीका जोडीमध्ये एउटालाई मार्ने तैले यो संसार रहुन्जेलसम्म अलिकति पनि सम्मान पाउने छैनस्" भन्ने हो । आज आएर विज्ञानले आफ्ना शैलीमा सांसारिक चक्रप्रणालीमा सबै पशुप्राणीको महत्वपूर्ण भूमिका हुन्छ, कुनै पनि प्रजातिलाई मास्नु हुन्न भनेको छ र हामीलाई त्यसको विश्वास लाग्छ तर हाम्रा पुर्खाले उहिले नै भनेको "अहिंसा परमो धर्मः" लाई खास गन्दैनौं । आखिर माथिको श्लोकको भनाइ र आधुनिक विज्ञानको भाव त एउटै लाग्दछ ।

त्यसै गरी संस्कृत व्याकरणको चर्चा गर्दा पनि महादेवले डमरू बजाउँदा– अइउण् ऋलृक् एओङ् ऐऔच् हयवरट् लण् ञमङणनम् झभञ् घढधष् जबगडदश् खफछठथचटतव् कपय् शषसर् हल् । यी चौध सूत्र उत्पन्न भएको र यिनै सूत्रलाई आधार मानेर व्याकरणको रचना भएको मानिन्छ । डमरूको ध्वनिलाई सूत्रका रूपमा स्वीकार गरेर बनेको भनी मानिएको त्यही संस्कृतको व्याकरण विश्वमा आजसम्म सबैभन्दा सुव्यवस्थित व्याकरण हो ।

लेखक साहित्यकार तथा अनुवादक हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट संस्कृत साहित्यलाई प्रकृतिसँग घनिष्ठ सम्बन्ध भएको सिद्ध गर्दछ भने संस्कृत व्याकरणलाई निर्जीव ध्वनि वा नादलाई सजीव तुल्याउन सक्ने क्षमता भएको हो भन्न कठिनाइ हुँदैन । प्रकृति र प्राकृतिक सम्पदालाई सुरक्षा नगरेसम्म संसारको उन्नति हुनै सक्तैन । किनभने आजका वैज्ञानिक आविष्कारको पनि मूल सामग्री प्रकृतिबाट लिएर त्यसमा मानवीय चेतनाले नयाँ रूप प्रदान गरेको हो । कुनै पनि नयाँ वस्तुको आविष्कार मानिसले गर्दैन । प्रकृति र प्राकृतिक वस्तुको नयाँ संयोजनलाई नै नयाँ आविष्कार भन्ने गरिन्छ । त्यसैले संस्कृतलाई आदिभाषा मानेका छन् । संस्कृत भाषा दक्षिण एसियाको प्राचीन शास्त्रीय भाषा हो । यसलाई देववाणी अथवा सुरभारती पनि भनिन्छ । विश्वको सबैभन्दा पुरानो भाषामध्ये एक हो ।

नेपाली, उर्दु लगायत कश्मीरी, उडिया, बङ्गाला, मराठी, सिन्धी, पन्जाबी, आदि आधुनिक दक्षिण एसियाली भाषाहरू संस्कृतबाटै विकसित भाषा हुन् । अङ्ग्रेजको भाषा अङ्ग्रेजी, हिन्दूस्तानीको हिन्दी, बङ्गालको बङ्गाली जस्तै संसारका अन्य सबै भाषाहरू कुनै एक देश वा जातिसँग सम्बन्धित छन् तर संस्कृत यसरी कुनै एउटा देशसँग वा जातिसँग मात्रै सम्बन्धित छैन । यो सबैको भाषा हो र साझा भाषा हो । हिन्दू धर्मसँग सम्बन्धित मानिएका लगभग सबै धर्मग्रन्थ– वेद, पुराण, रामायण, महाभारत, गीता संस्कृतमा लेखिएका छन् । तर तिनै धर्मग्रन्थले निर्देश गरेका आचरण, नियम, विज्ञान, प्रविधि, कला सबैका लागि आवश्यक छन्, मिल्ने छन् र सबैले आआफ्ना तरिकाको नाम राखेर आफू सुहाउँदो भाषामा चलाएकै छन् । हिन्दू समाजमा मात्रै आज अधिकतम यज्ञ र पूजा संस्कृत भाषाका माध्यमबाट सम्पन्न हुने गरेका छन् । विश्वका बहुप्रचलित अधिकांश भाषाहरू अङ्ग्रेजी, रूसी, जर्मनेली, भाषामा संस्कृत भाषाको उच्च प्रभाव देखिन्छ । संस्कृत वाङ्मयबाट नै थालनी भएका ज्ञान, कर्म, पुराण इतिहासका घटनाहरूलाई परिवर्तित स्वरूप दिएर अन्य भाषाभाषी र वैदिक धर्म इतरका अनुयायीहरूले अवलम्बन गरेका छन् ।

संस्कृत भाषाप्रतिको हाम्रो बुझाइ

यस्तो भव्यतासम्पन्न संस्कृत शिक्षा हिजोआज मन्दिर छेउछाउबाट कटेर हिँड्दा या गुरुकुलका नजिक पुग्दा सुन्न पाउँछौं तर अर्थ नबुझीकन स्वर र ध्वनि सुनेर चित्त बुझाउँदै हिँड्छौं । कि त घरमा कुनै पूजाआजा हुँदा तपाईं हामी संस्कृतका श्लोक या मन्त्रहरू सुन्ने अवसर पाउँछौं । लोकव्यवहारको भाषा भिन्नै र पूजा आराधनाका कर्म जति संस्कृतमा हुँदै आएपछि संस्कृतलाई केवल पूजाआजाको भाषा हो भन्ने जनमानसमा पर्न गएको हो । संस्कृतमा रहेका ज्ञानगुनको सम्बन्धस्रोत आजका सबै मानिसमा हुनु आवश्यक छ । अझ युवा समाजमा यसको प्रचार बढी आवश्यक देखिन्छ । हाम्रा जीवनको अभिन्न अङ्गका रूपमा रहेका यस्ता मन्त्र र श्लोकहरूसँगको सम्बन्ध हामी धेरैले बालक कालमै छुटाइसकेका छौं तापनि आजसम्म यी श्लोक वा मन्त्रहरू सुन्दा कहिलेकाहीँ युवावर्ग आकृष्ट पक्कै हुन्छ । यसरी मानवीय मनलाई आकृष्ट गर्न सक्ने सामर्थ्य संस्कृतको जति सशक्त सायदै अरू कुनै भाषामा होला । यसरी आकृष्ट हुन सक्नु नै आजका युवाको हितको पक्षमा छ, समाजको हितमा र राष्ट्रको हितमा छ । किनभने देशको सुशिक्षा र संस्कृतिको उत्थान गर्ने कि पतन हुन दिने भनेर निर्णय गर्ने शक्ति नै युवा हो । युवा केवल अल्लारे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
ठिटाको जमात मात्रै होइन । युवा त त्यो शक्ति हो, जसले जोसका साथमा होस लिएर अग्रगति गरेको हुन्छ । समाजका परिचयभित्र आफ्नो परिचय देखेको र चाणक्यले भनेको– "छिन्ने मूले नैव शाखा न पत्रम्" अर्थात् जरो छिन्यो भने हाँगा र पात केही जोगिँदैन ।

देशका युवाले यति बुझेर आफ्ना पुर्खाको परिचयलाई विश्वसामु प्रचार गर्नमा तत्पर रहन्छ भने वास्तवमा युवा त्यही हो र देशको भविष्य पनि त्यही हो । विश्वको कुनै पनि देशको शिक्षा आफ्ना पुर्खाको इतिहासलाई उपेक्षा गरेर उन्नतिमा पुगेको छैन र हाम्रा पुर्खाको जति शक्तिशाली शिक्षा अन्य देशका पुर्खाले सायदै आर्जन गरेका होलान् तर हाम्रै देशमा पुर्खाको योगदानलाई खाडलमा हाल्ने प्रयास भइरहेको छ, संस्कृत शिक्षाको उत्थानमा जतिलाई चासो छ तिनमा साधारण व्यक्ति धेरै छन् तर त्यसभन्दा ठूलो सङ्ख्या र धेरै पहुँचवालाहरू यस विद्यालाई माटामा मिलाउने उद्देश्यले चिहान खन्न लागेका छन् । युवासँग जीवनप्रतिको आशा हुन्छ । उमेरले तन्नेरी भईकन पनि नयाँ जोस र उत्सुकता छैन भने त्यसलाई युवा भन्नु युवा जोसको उपहास हुनेछ ।

नेपाली युवासँग संस्कृतप्रति उदासीनता देखिनु आत्मघात हो, आफ्ना पुर्खाको उपहास हो । संस्कृतलाई केवल धर्मको भाषा मात्रै मान्दा आजको स्थिति देखिन आएको छ । यस पङ्क्तिमा धर्मको विषयलाई नछोईकन संस्कृत भाषाको सन्दर्भलाई अघि बढाउने प्रयास गरिएको हो । अझ संस्कृतको वैज्ञानिक पक्षलाई चर्चा गर्न खोजिएको हो र युवासँग संस्कृतको सम्बन्धलाई हेर्न खोजिएको हो ।

विज्ञानले कुनै पनि वस्तुलाई प्रयोगशालामा राखेर परीक्षण गर्दछ, परीक्षण गर्दा प्रमाणित भयो भने त्यसलाई स्वीकार गर्छ र परीक्षणमा प्रमाण असफल भयो भने अस्वीकार गर्दछ । युवा मस्तिष्कले त्यस प्रयोगशालामा प्रमाणित भएको विज्ञानलाई स्वीकार गर्दछन् । भाषाका दृष्टिले हेर्ने हो भने विश्वमा ज्ञान र शिक्षाको प्रचार गर्ने क्षेत्रमा संस्कृत अत्यन्तै प्राचीन भाषा हो र यसको केन्द्रीय थलो हिमालय पर्वतशृङ्खलाको छेउछाउ नै हो । त्यस हिसाबले यो क्षेत्र आजको नेपाल र भारतको उत्तरी भाग पर्दछ । त्यसो भए तापनि वर्तमानमा यिनै क्षेत्रबाट यो भाषा लोप गराउने प्रयास एक पक्षबाट जोडदार रूपमा भइरहेको छ । लामो समयसम्म जनभाषाका रूपमा रहे पनि समयान्तरमा जनभाषाका विविध रूप विकास हुँदै जानाले र धार्मिक कर्ममा संस्कृत भाषालाई प्रयोग गर्दै गएपछि सामाजिक जीवनका अन्य क्षेत्रमा प्रचलन कम हुन गयो र पूजाआजामा सीमित बन्यो ।

पूजाआजा संस्कृतकै माध्यमबाट गराइनाले बाहुनको पेसागत भाषा हो भन्ने भ्रम रह्यो । पूजाआजा गराउने ब्राह्मणहरूले पनि यो सबैको उपयोगी भाषा भनेर प्रचार गर्न आवश्यक ठानेनन् अरूले नै संस्कृतका पुस्तकहरूमा जीवन विज्ञानको कुरा पो केही छ कि भनेर चासो लिएर खोज्ने प्रयास गरे । संस्कृत नै लोकभाषा भएका मुलुकमा संस्कृत यसरी नै पछि पर्दै गयो । यसरी पछि पारिनुको साटो समाजको चलनलाई नै यसको परीक्षण मान्न सकिन्थ्यो भने अन्य भाषाको उदय भए पनि संस्कृत भाषाको महत्वलाई कम आकलन गरिने थिएन । अरू विकसित भाषासँग संस्कृतको निरन्तर तुलनात्मक अध्ययन नहुनु यसको वैज्ञानिकता बोध नहुनु एक मुख्य कारण हो । संस्कृत केवल बाहुनका लागि मात्रै उपयोगी र बुढेस कालमा पढ्ने भाषा हो भनेर बुझ्ने गरिएको पनि छ । तर वास्तविकता त्यस्तो हुँदै होइन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकातिर विश्वका अनेकौं मुलुकले संस्कृतको महिमा बुझेर संस्कृत सिक्न खोज्दै छन् र अनेकौं देशहरूले स्कुल, कलेज युनिभर्सिटीहरूको पाठ्यक्रममा संस्कृतलाई थप्तै लगेका छन् । यसको प्रमाण यसै लेखमा सन्दर्भ अनुसार तल दिइनेछ । ती युनिभर्सिटीमा अध्ययन गर्ने केवल बाहुनहरू र बुढापाका या जीवनको मोक्ष खोज्नका लागि थला बसेका मानिसहरू मात्रै पक्कै छैनन् । बोल्ने बोलिने भाषा मात्रै नभएर संस्कृत जीवन निर्वाहको विज्ञान हो भन्ने कुराको मनन हुनुपर्छ भन्ने आशयले यस लेखमा संस्कृतका विषयमा केही रोचक तथ्य बताउने प्रयास पनि गरिएको छ । राष्ट्रको गरिमा खोजी गर्न कुनै जाति, धर्म वा उमेरको पक्कै छेकवार हुँदैन । युवाले खोज्ने हो भन्ने अझ राम्रो हुन्छ । त्यसैले संस्कृतको अध्ययन युवाका लागि हितकारी हुनेछ । युवा वर्गका लागि संस्कृत शिक्षा कति उपयोगी छ वा छैन भन्ने निम्नलिखित केही विशेष कुराहरूको अध्ययन गरेर विचार गर्न सकिन्छः

१. धेरै भाषाहरूको जननी संस्कृत भाषा यदि पूजाआजाको भाषा मात्रै हो भने अन्य भाषाहरू उही भाषाबाट निस्केका कारण सबै भाषा पूजाकै हुन् भन्न नमिल्ला र ? संस्कृत पढ्नेहरू पूजा गर्ने हुन् भने उसै स्रोतका अन्य भाषा पनि त्यसै सरहका भए । संस्कृत बुढापाकाले पढ्ने भाषा हो भने संस्कृतकै स्रोतबाट विकसित भाषा सबै उस्तै होइनन् र ? संस्कृत हिमवत्खण्डको आधिकारिक भाषा हो, एउटा आधिकारिक भाषाबाट उत्पन्न अरू भाषाले माउ भाषाको सरह आधिकारिकता प्राप्त गर्न निकै लामो इतिहास पार गर्नुपर्छ र परीक्षणमा सफल हुँदै जानुपर्छ । आजसम्म संस्कृत समान सुव्यवस्थित हुन कुनै भाषाले सकेका छैनन् । संस्कृतको समकक्षमा आउन नसक्नु संस्कृत सरहको वैज्ञानिकता आर्जन गर्न नसक्नु हो । भारतमा फिरङ्गीहरूको हस्तक्षेपभन्दा पहिले संस्कृत हिमवत्खण्डको राष्ट्रभाषा थियो । "व्यसने योजयेच्छत्रुम्" भनेझैं आफ्नै देशलाई व्यसनमा पार्ने कुरा भाषाको विकृत रूपबाट सुरू भयो । भाषासँगै संस्कार र संस्कृतिमाथि हमला भयो । देशलाई व्यसन अर्थात् कुलत वा आपद्‌बाट उद्धार गर्नु युवाको दायित्व होइन र ? त्यसका लागि संस्कारको सुधार हुनुपर्‍यो र संस्कारको सुधारका लागि भाषाको सुधार चाहियो । भाषाको सुधार अनुशासनमा हुन्छ ।

२. आफ्नो भूगोल र देशको अवस्थिति अनुसारको अनुशासन यस भूमिमा उत्पन्न भाषामा बाहेक अन्य भाषामा पाइन्छ होला र ? प्रसिद्ध आधुनिक वैज्ञानिक संस्था नासा (NASA) का अनुसार संस्कृत धर्तीमा बोलिने सबभन्दा स्पष्ट, शुद्ध र वैज्ञानिक भाषा हो । संस्कृतमा संसारका जुनसुकै भाषाका भन्दा ज्यादा शब्द छन् र वर्तमानमा संस्कृतका शब्दकोषमा १०२ अरब ७८ करोड ५० लाख शब्द छन् भन्ने पाइएको छ । संस्कृत जुनसुकै विषयका लागि एक अद्‌भुत खजाना हो । जस्तै हात्तीलाई जनाउनका लागि नै संस्कृतमा १०० भन्दा धेरै शब्द छन् । (NASA) सँग संस्कृतमा लेखिएका ताडपत्रका ६०,००० पाण्डुलिपि छन् र नासा तिनीमाथि अनुसन्धान गर्दै छ भन्ने सुन्न पाइएको छ । फोबर्स मैगजिनले जुलाई, १९८७ मा संस्कृतलाई Computer Software का लागि सबैभन्दा उत्कृष्ट भाषा मानेको थियो । कुनै अन्य भाषाका तुलनामा संस्कृतमा सबैभन्दा कम शब्दमा वाक्य पूरा हुन सक्छ । संस्कृत दुनियाँको एकमात्र त्यस्तो भाषा हो जुन भाषामा बोल्दा ध्वनि अवयवका सबै मांसपेशी गतिशील हुन्छन् । अमेरिकन हिन्दू युनिवर्सिटीका अनुसार संस्कृतमा कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने मानिस रक्तचाप, मधुमेह, कोलेस्ट्रोल आदि रोगबाट मुक्त हुन्छ । संस्कृतमा कुरा गर्नाले मानव-शरीरका तन्त्रिका र तन्त्रहरू सक्रिय रहन्छन् । त्यसो भएपछि व्यक्तिको शरीर र मनमा सकारात्मक आवेश (Positive Charges) सक्रिय हुन्छ । स्पिच थेरेपीमा संस्कृत अति नै उपयोगी हुनाले यसले एकाग्रता बढाउँछ भन्ने अनुसन्धानले देखाएको छ । कर्नाटकका मुत्तुर गाउँका मानिसहरू संस्कृतमा मात्रै कुरा गर्छन् ।

३. सुधर्मा संस्कृतको पहिलो समाचार पत्र थियो र त्यो सन् १९७० मा सुरू भएको हो । आज पनि यसको अनलाइन संस्करण उपलब्ध छ । त्यसका अनुसार जर्मनीमा ठुलो सङ्ख्यामा संस्कृतभाषीहरूको माग छ । जर्मनीका १४ युनिभर्सिटीहरूमा संस्कृतको पढाइ हुने गरेको छ । नासाका वैज्ञानिकहरूका अनुसार उनीहरूले अन्तरिक्ष यात्रीलाई सन्देश पठाउँदा उनले लेखेका वाक्यहरू उल्टा हुने गर्दथे र सन्देशको अर्थ नै उल्टो लाग्ने गरेको थियो । त्यसलाई सुधार्न उनीहरूले कैयौं भाषाको प्रयोग गरे तर त्यही समस्या हरेक पटक दोहोरिइरह्यो । आखिरमा उनीहरूले संस्कृतमा सन्देश पठाए । संस्कृतका वाक्यमा शब्दहरू उल्टा ठाउँमा राखिए पनि अर्थमा परिवर्तन हुँदैन । गणितका सवालहरू हल गर्ने विधिहरू अर्थात् Algorithms लाई Computer ले संस्कृतमा बनाएको हो, अङ्ग्रेजीमा होइन भन्ने सुन्दा तपाईंलाई अचम्म लाग्न सक्छ तर साँचो कुरो यही हो । नासाका वैज्ञानिकहरूले बनाउँदै गरेको टतज र ठतज जेनरेसन Super Computers संस्कृत भाषामा आधारित हुनेछन् र तिनीहरू २०३४ सम्ममा बनेर तयार हुनेछन् ।

४. संस्कृत सिक्नाले मस्तिष्क तेज हुन्छ र कण्ठ गर्ने शक्ति बढ्छ । त्यसैले London र Irelandका कैयौं स्कुलहरूमा संस्कृतलाई अनिवार्य विषय (Compulsory Subject) बनाइएको छ । हिजोआज दुनियाका १७ भन्दा धेरै देशहरूका कमसेकम एक विश्वविद्यालयमा प्राविधिक शिक्षाका रूपमा संस्कृत पढाइने गर्दछ ।

आधुनिक ध्वनि विज्ञानले के भन्छ ?

आधुनिक ध्वनि विज्ञानले यी माथिका अतिरिक्त संस्कृत भाषाका अनेकौं विशेषताहरू ठम्याएको छ । यसका अतिरिक्त संस्कृतको ध्वनिविज्ञानमा अनेकौं विशेषताहरू रहेका छन् । यस्ता विभिन्न विशेषताहरूले गर्दा यो भाषा अन्य सबै भाषाभन्दा उत्कृष्ट र विशिष्ट बनेको छ । यहाँ निम्नलिखित चार विशेषताहरूको चर्चा गरिएको छः

१. अनुस्वार (अं) र विसर्ग (अः) संस्कृत भाषाका सबैभन्दा महत्वपूर्ण र लाभदायक व्यवस्था हुन् । स्वरान्त पुलिङ्गका अधिकांश शब्द विसर्गान्त हुन्छन्– जस्तै रामः बालकः हरिः भानुः आदि । त्यसै गरी नपुंसक लिङ्गका अधिकांश शब्द अनुस्वारान्त हुन्छन्– जस्तैः जलं वनं फलं पुष्पं आदि । अलिकति ध्यान दिएर हेर्ने हो भने विसर्गको उच्चारण र कपालभाति प्राणायाम दुवैमा श्वासलाई बाहिर फाल्ने प्रक्रिया एकै हो भन्ने थाहा पाइन्छ । अर्थात् जति पटक विसर्गको उच्चारण गरिन्छ उति पटक कपालभाति प्रणायाम अनायासै भइरहेको हुन्छ । कपालभाति प्रणायामले जस्तो लाभ हुन्छ, त्यो केवल संस्कृतको विसर्ग उच्चारण गर्दा नै प्राप्त भइरहेको हुन्छ । उसै गरी अनुस्वारको उच्चारण र भ्रामरी प्राणायामको एकै क्रिया हुन्छ । भ्रामरी प्राणायाममा श्वासलाई नासिकाबाट छोडदै भमराको जसरी नै गुञ्जन गर्नुपर्छ र अनुस्वारको उच्चारणमा पनि यही क्रिया हुन्छ । अतः जति पटक अनुस्वार उच्चारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ, उति नै पटक भ्रामरी प्राणायाम स्वतः हुन्छ ।

कपालभाति र भ्रामरी प्राणायामबाट के लाभ हुन्छ भन्ने बताउने आवश्यकता छैन । यस विषयमा स्वामी रामदेव जस्ता सन्तले सिद्ध गरेर सबैलाई बताइदिएका छन् । त्यसैले संस्कृत बोल्दा मात्रै पनि उक्त प्राणायाम आफै भइरहेका हुन्छन् । जस्तैः "रामले फल खान्छ" लाई संस्कृतमा "रामः फलं खादति" हुन्छ । राम फल खान्छ भन्दा पनि काम त चल्थ्यो तर रामः फलं खादति भन्दा आउने अनुस्वार र विसर्ग रूपी दुई प्राणायाम यसमा स्वतः भएका हुन्छन् । यही संस्कृत भाषाको रहस्य हो । संस्कृत भाषामा अनुस्वार र विसर्ग नभएका एक वाक्य पनि हुँदैनन् । अतः संस्कृत बोल्नु भनेको बोलचाल गर्दै योग साधना गर्नु पनि हो भन्न सकिन्छ ।

२. शब्दरूपः संस्कृतको दोस्रो विशेषता हो शब्दरूप । विश्वका सबै भाषाहरूमा एक शब्दको एकै रूप हुन्छ, जबकि संस्कृतमा प्रायः जसो प्रातिपदिक शब्दका २५ को हाराहारीमा रूपहरू हुन्छन् । जस्तैः राम शब्दका निम्नानुसार २५ रूप बन्दछन् । यथाः रम् (मूल धातु) रामः रामौ रामाः रामं रामौ रामान् रामेण रामाभ्यां रामैः रामाय रामाभ्यां रामेभ्यः रामात् रामाभ्यां रामेभ्यः रामस्य रामयोः रामाणां रामे रामयोः रामेषु हे राम । हे रामौ । हे रामाः । यी २५ रूपले साङ्ख्य दर्शनका २५ तत्वको प्रतिनिधित्व गर्दछन् । जुन प्रकारले पच्चीस तत्वहरूको ज्ञान भएपछि समस्त सृष्टिको ज्ञान प्राप्त हुन्छ । उसरी नै संस्कृतका पच्चीस रूपहरूको प्रयोग गर्नाले आत्मसाक्षात्कार नै हुन्छ । यिनै २५ तत्वहरूको शक्ति संस्कृतज्ञलाई प्राप्त हुने गर्दछ । साङ्ख्य दर्शनका ती २५ तत्वहरूमा आत्मा (पुरुष १), मन, बुद्धि, चित्त अहङ्कार (अन्तस्करण ४), नासिका जिह्वा नेत्र त्वचा कर्ण (ज्ञानेन्द्रिहरू ५), पाद हस्त उपस्थ पायु वाक् (कर्मेन्द्रिय ५), गन्ध रस रूप स्पर्श शब्द (तन्मात्रा ५), पृथ्वी जल अग्नि वायु आकाश (महाभूत ५) पर्दछन् ।

३. द्विवचनः संस्कृत भाषाको तेस्रो विशेषता हो द्विवचन । सबै भाषाहरूमा एक वचन र बहु वचन हुन्छ, जबकि संस्कृतमा द्विवचन अतिरिक्त रहेको छ । यस द्विवचनप्रति ध्यान दिने हो भने हामी द्विवचनलाई बहुत उपयोगी र लाभप्रद रहेको पाउँछौं । जस्तैः राम शब्दका द्विवचनमा निम्न रूप बनेका हुन्छन्ः रामौ, रामाभ्यां र रामयोः । यी तीनवटै शब्दको उच्चारण गर्नाले योगमा क्रमशः मूलबन्ध, उड्डियान बन्ध र जालन्धर बन्ध सिद्ध हुन्छन् र यी योगका अति महत्वपूर्ण क्रिया हुन् ।

४. सन्धिः संस्कृत भाषाको सबैभन्दा महत्वपूर्ण विशेषता हो- सन्धि । संस्कृतमा जब दुई शब्द निकट भएपछि त्यहाँ सन्धि हुनाले स्वरूप र उच्चारण बदलिन्छ । त्यसरी बदलिएका उच्चारणमा जिह्वा आदिले अलिक विशेष प्रयत्न गर्नुपर्छ । ती सबै प्रयत्न एक्युप्रेसर चिकित्सा पद्धतिका प्रयोग हुन् । "इति अहं जानामि" यस वाक्यलाई चार प्रकारले बोल्न सकिन्छ र हर प्रकारका उच्चारणमा ध्वनि अवयवहरूले विशेष प्रयत्न गर्नुपर्ने हुन्छ । जस्तैः (१) इत्यहं जानामि । (२) अहमिति जानामि । (३) जानाम्यहमिति । (४) जानामीत्यहम् । यी सबै उच्चारणमा विशेष गरी आभ्यन्तरीय प्रयत्न गर्नुपर्ने हुनाले सोझै एक्युप्रेसर चिकित्सा पद्धतिको सोझो प्रयोग अनायासै हुन पुग्छ । त्यसको फलस्वरूप मन बुद्धि सहित समस्त शरीर पूर्ण स्वस्थ एवं नीरोगी हुन्छ । यी समस्त तथ्यबाट संस्कृत भाषा केवल विचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आदान प्रदान गर्ने भाषा मात्रै होइन, अपितु मनुष्यका सम्पूर्ण विकासको कुञ्जी हो भन्ने सिद्ध हुन्छ ।

युरोपमा संस्कृत

संस्कृतका विशिष्ट विद्वान् लेखक श्री जनार्दन घिमिरेले युरोपमा संस्कृत शीर्षक राखेर फेसबुकमा पोस्ट गर्नुभएको सन्दर्भलाई जस्ताको तस्तै राख्ता– युरोपीय देशहरूमध्ये संस्कृतको ज्यादा पढाइ गर्ने देश जर्मनी हो । जर्मनीमा पनि संस्कृतलाई भारतीय अध्ययन, बुद्धिष्ट अध्ययन र इन्डोलोजी नामले त कतै प्राच्य अध्ययन का नामले पनि पढाइ सञ्चालन गरिएको छ । भारतीय अध्ययनको शीर्षक अन्तर्गत संस्कृत पढाइने विश्वविद्यालयहरूमा बर्लिन, बोन, गोटिन्गेन, ह्वयाम्वर्ग, हाइडेलवर्ग, टुविङ्गेन विश्वविद्यालयहरू पर्दछन् । इन्डोलोजी अन्तर्गत संस्कृत पढाउनेहरूमा ह्वयाल्ले, कोलिन, लिपजिग, मेन्ज, मावर्ग, मुन्खेन, मुन्स्टर, वुर्ज्बर्ग विश्वविद्यालयहरू रहेका छन् । प्राच्य विद्याका रूपमा संस्कृत फ्रेइबर्ग विश्वविद्यालयमा पढाइन्छ । अस्ट्रियामा रहेको भियना विश्वविद्यालयमा संस्कृति र बुद्धिज्म संस्थान अन्तर्गत संस्कृत पढाइन्छ । नेपालकी चेली अलका आत्रेय हाल यसै विश्वविद्यालयमा कार्यरत छिन् । डेनमार्कको कोपेनहेगेन विश्वविद्यालयमा एसियाली अध्ययनभित्र संस्कृतलाई समेटिएको छ । तर बेल्जियमको लोउभेन विश्वविद्यालयमा चाहिँ प्राच्य संस्थान भित्र संस्कृतलाई समेटिएको छ । फ्रान्समा ५ वटा विश्वविद्यालयहरू पेरिस, लिल्ले, प्रोभेन्स र हउटेस् एड्डुटेस्मा संस्कृत पढाइ हुने भए तापनि कहाँ र कुन विभाग अन्तर्गत भन्ने चाँहि स्पष्ट हुन सकेको छैन । बेलायतमा क्याम्ब्रिजमा प्राच्य अध्ययनका रूपमा, एडिन्वर्गमा एसियाली अध्ययनका रूपमा, लन्डनमा प्राच्य अध्ययनका रूपमा र अक्सफोर्ड विश्वविद्यालयमा पनि प्राच्य अध्ययनकै रूपमा संस्कृत पढाइन्छ । अक्सफोर्डमा हाल दिवाकर आचार्य प्राध्यापकका रूपमा कार्यरत छन् । इटालीमा बोलोग्ना र रोम विश्वविद्यालयमा प्राच्य अध्ययनको रूपमा संस्कृतलाई लिइएको छ । नेदरल्यान्ड्सका ग्रोनिन्गेन र लेइडेन विश्वविद्यालयमा भारतीय र तिब्बतीय अध्ययनको क्रममा संस्कृतलाई लिइएको छ । नर्वेको ओस्लो विश्वविद्यालयमा प्राच्य अध्ययनको रूपमा, रूसको मस्को स्टेट विश्वविद्यालयमा एसियाली अध्ययनको रूपमा, स्विडेनको स्टकहोम विश्वविद्यालयमा इन्डोलोजीको रूपमा र स्विट्जरल्यान्डको लउसन्ने र जुरिख विश्वविद्यालयहरूमा भारतीय अध्ययनका रूपमा संस्कृतलाई पढाइन्छ ।

निष्कर्ष

संस्कृत भाषा विश्वकै पहिलो भाषा मानिन्छ । यस भाषाका माध्यमबाट सबै प्रकारका कर्मकाण्डहरू गरिने भएकाले यसलाई संस्कृत भनिएको हो । यस भाषाको उच्चारण मात्रै गर्नाले व्यक्तिको कल्याण हुन सक्छ भन्ने मान्यताले यसलाई देवभाषा र अमृतवाणी भनिन्छ । यस भाषाको स्रोत वेद हुनाले वेदलाई विज्ञान भनिएको हो । हिमवत्खण्डको आधिकारिक भाषा मानिएको संस्कृत भाषा आधुनिक वैज्ञानिक संस्था नासाका अनुसार विश्वमा बोलिने सबैभन्दा स्पष्ट शुद्ध र वैज्ञानिक भाषा हो । संस्कृतका शब्दकोशका १०२ अरब, ७८ करोड ५० लाख शब्द रहेका छन् । संस्कृत भाषामा एउटै वस्तुलाई बुझाउनका लागि अनेकौं शब्द शब्दकोशमा रहेका छन् । आज हिमवत्खण्डमा सङ्कटमा परेको संस्कृत भाषा जर्मनीका १४ विश्वविद्यालयमा पठनपाठन गराइन्छ । युरोपियन देशमध्ये जर्मनी नै संस्कृतको ज्यादा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढाइ हुने मुलुक हो । डेनमार्कको कोपेनहेगन विश्वविद्यालयमा एसियाली अध्ययनभित्र संस्कृतलाई समेटिएको छ । लन्डनको अक्सफोर्ड विश्वविद्यलयमा पनि प्राच्य अध्ययनका रूपमा यस विषयको अध्यापन गराइने गरिएको छ । इटाली, रोम, स्विजरल्यान्डमा पनि भारतीय अध्ययनका रूपमा संस्कृत पढाइ हुने गरेको छ । आधुनिक विज्ञानको आधिकारिक संस्था नासा तथा आधुनिक ध्वनि विज्ञानको खोजले समेत सर्वसम्मत वैज्ञानिक मान्यता दिएको यस भाषाको अध्ययनले मस्तिष्क तेज हुने निष्कर्ष निकालेको छ । आधुनिक ध्वनि विज्ञानले विशिष्ट ठम्याएको यस भाषाको अनेकौं विशेषताहरूका कारण आज संसारका अन्य भाषाभन्दा उत्कृष्ट र विशिष्ट भाषा बन्न पुगेको छ । संस्कृत भाषा हाम्रो सांस्कृतिक उपज हो यसको उपेक्षा गरिँदा हामीलाई घाटा हुन्छ । हाम्रो जीवनलाई व्यावहारिक र मानवीय ढङ्गले अगाडि बढाउन संस्कृत भाषाबाट जति ज्ञान अन्य भाषाबाट प्राप्त गर्न सकिँदैन । तसर्थ संस्कृत भाषाको उपेक्षा होइन आवश्यकता बुझौं ।

आभारः

भारतकी विदुषी संस्कृता मिश्राले फेसबुकमा पोस्ट गरेको वेदज्ञा यज्ञोपवीतिनी तथा यज्ञकारिणी, विदुषी अनुजा सिल्की सेहरावतका हिन्दीको शोधलेख नेपालीमा अनुवाद एवं सम्पादन गरेर, संस्कृतका धुरन्धर विद्वान्, लेखक जनार्दन घिमिरेले फेसबुकमा नेपाली भाषामा पोस्ट गर्नुभएको लेख जस्ताको तस्तै कपी गरेर र विद्वान् मित्र रामचन्द्र अर्यालसँग च्याटमा हिन्दी भाषामा भएको कुराकानीलाई अनुवाद तथा सम्पादन गरेर यो लेख तयार गरिएको हो । - लुइँटेल

"राष्ट्र निर्माणमा हाम्रो सहभागिता
गुणस्तरीय निर्माण हाम्रो प्रतिबद्धता"

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण उपभोक्ताहरूमा सुस्वास्थ्य, संवृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछौं ।

प्रो. पंकज अधिकारी
अधिकारी कन्स्ट्रक्सन
सुन्दर बजार, लमजुङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डबली नवीनतम विश्वदृष्टियुक्त उपन्यास

डा. प्रभा कैनी

बहुमुखी प्रतिभाशाली राजेश्वर देवकोटाका हरेक किताबमा एक न एक विचारलाई नयाँनयाँ किसिमले अर्थ्याइएको पाइन्छ । उहाँका अधिकांश कृतिहरू विचार प्रधान सृजनाका रूपमा नेपाली समाजले पाएको छ । समकालीन समाजका धर्मको मर्म र यसको व्यवहारिक पक्षमा देखिएको विरोधाभाषपूर्ण चालचलनबारे उहाँको गहिरो चिन्तन 'डबली' र विश्वास नामक दुइ उपन्यासमा प्रकाश पार्न उहाँ निकै प्रयत्नशील देखिनुहुन्छ ।

शीर्षक किन डबली ?

प्राचीन समयदेखि रङ्गमञ्चका लागि प्रयोग हुने सार्वजनिक स्थान विशेषतः डबली जसको शाब्दिक अर्थ सहर बजारको बिच बिचको खुल्ला र धेरै बाटा जोडिने ठाउँ भनेर जानिएको छ । काठमाडौं उपत्यकाका तीनवटै शहरका अनेकौ डबलीमा बेला बेलामा मेला लाग्ने गर्दछ, मानिसहरू आफ्ना उत्पादनहरूको व्यापारका लागि यिनै डबलीको प्रयोग गर्ने गर्दछन् । यसका अतिरिक्त नाचगान गर्नका लागि अथवा नाटक प्रदर्शनका लागि पनि डबली उत्तम स्थानको रूपमा रोज्दै आएको देखिन्छ । डबली उपन्यासमा राजेश्वर देवकोटाले उक्त सार्वजनिक स्थल जहाँ मानिसले आफ्ना विचार राख्न र अरूको सुन्नका लागि सुगम ठान्दछन्, जहाँ शान्त वातावरण छ र सवै आगन्तुकका लागि खुला छ, त्यही स्थान विशेषको प्रतीकात्मकताको रूपमा स्थापित गर्नु भएको छ भने यही डबलीलाई तेस्रो सहस्राब्दीका लागि विचारको खुल्ला आदान प्रदान र प्रचार प्रसारका लागि प्रारम्भिक अभ्यासको थलोको रूपमा पनि चित्रण गर्नुभएको छ । लेखकले अबको समाज धार्किकरूपले सहिष्णु बनोस्, मानवता र लोकमङ्गलकारी भावनाले अभिप्ररित हुँदै उच्च मानवीय गुण प्रवर्धनका लागि विचारको यात्रा डबलीबाट थालियोस् भन्ने कामना गर्नुहुन्छ । उपन्यासले विगतका समयमा द्वेश, कलह, युद्ध, हिंसा र घृणाजस्ता असहिष्णुभावले गर्दा मानव समाज आक्रान्त रहेको कुरा उजागर गरेको छ एकातिर भने अर्कोतिर समता सहिष्णुभाव विस्तारित् गर्ने उद्धेश्यले प्रेरित धर्म नै यस्ता नकारात्मक धारणा फैलाउन अभ्यस्त रहे भन्ने परोक्ष उद्बोधन सहित अव आउँदो शताब्दीमा डबली जस्ता सार्वजनिक स्थलमा सबैका मत सम्मत, विचार, सोच, मान्यताहरू मन्थन होस् र सर्वसम्मत भावनाको अनुसरण गरून् भन्ने आसय प्रकट गरिएको छ । डबली कुन ठाउँ विशेषका बारेमा लेखिएको हो भन्ने निश्चित देखिंदैन तैपनि किताबमा वर्णन गरिएका पात्रहरूको नाम वातावरणको प्रसङ्ग हेर्दा नेपालभित्रकै कुनै भागको वर्णन जस्तो प्रतीत हुन्छ । यसले गर्दा लेखकको आशय आजसम्मको विश्वभरिको आतङ्कबादको हिंसा र मानव जीवनको अवमूल्यन शस्त्रास्त्रको होडबाजीले सिर्जना गरेको सन्त्रासबाट मुक्त हुन अबको सहस्राब्दीमा हाम्रै क्षेत्रबाट थालनी गर्नुपर्छ भन्ने हो कि जस्तो

लेखक समाजशास्त्री तथा साहित्यकार हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ । निष्कर्षमा भन्नुपर्दा डबली सवै धर्माबलम्वीहरूको एक साझा चौतारीको रूपमा प्रस्तुत भएको छ । त्यसैले डबली एक साङ्केतिक उपन्यास हो ।

धर्म के हो ?

धर्मको परिभाषा धेरै होलान् तरपनि सरल तरिकाले भन्नुपर्दा समाज व्यवस्थापनका लागि मानिसले बनाएका मूल्य, मान्यता आदर्श र नीतिनियमको एक समष्टिरूप हो धर्म । समाजमा बस्न, बाँच्न र जीवन चलाउनका लागि मानवले आफ्नै बाध्यतावश सृजना गरेको व्यवस्था नै धर्म हो भन्न सकिन्छ । कुनैबेला एक्लै जङ्गल चाहार्ने मानिसलाई कुनै नीति नियमले बाँधिन आवश्यक थिएन त्यसैले जिन्दगी केही स्वतन्त्र र स्वच्छन्दरूपले चल्न सक्थ्यो होला । जब मानिस एक्लै हिंडदा भन्दा समूहमा हिंडदा सुरक्षित अनुभव गर्न थाल्यो, जब जब मानिसको सङ्ख्या बढ्दै गयो, उतिउति खानाका लागि सङ्घर्ष भए होलान्, एकले अर्काको चाहना र आवश्यकता नबुझी हिंडदा झैझगडा बढ्यो होला । त्यसैबेला बनेका साधारण, मूल्य, मान्यता र नियमहरूलाई धर्मको प्रारम्भिक रूप मानिन्छ । जुनसुकै धर्म होस् ती सवै समाज व्यवस्थापनका उपज हुन भन्दा फरक पर्दैन । विश्वका विभिन्न स्थानमा छरिएर रहेको मानव समुदायले आ–आफ्नो परिवेश अनुसार आफ्नै आफ्नै किसिमका नीति नियम बनाए । त्यसैले एक समुदायले चलाएको चलन र मान्यता अर्को अर्कोसँग फरक देखिनु स्वाभाविकै थियो । तर एक समूहका लागि एकै मान्यता स्थापित गर्नु र सबैले तिनको अनुसरण गर्नु समूहको हितको लागि आवश्यक नै थियो । त्यसैले धर्म चाहे जुनसुकै भएपनि यसको उत्पत्ति समाज व्यवस्थापनको पवित्र उद्धेश्यले सुरु भएको मान्नुपर्दछ । समाज विकासको क्रममा क्राइस्ट, मुहम्मद, बुद्ध जस्ता अभियन्ताले तत्कालीक समाजमा विद्यमान अन्याय, अत्याचार र विभेदको खिलाफमा आ-आफ्ना विचार प्रतिपादन गरे । तर समय बित्दै जाँदा पवित्र उद्धेश्यले निर्माण भएका उनीहरूका आदर्शको स्वच्छता कायम हुन सकेन । यिनै अभियन्ताका शिष्य भनिनेहरूले आफ्नै पथप्रदर्शकका आदर्शहरूलाई तोडमोड गरेर आ–आफ्ना निहित इच्छापूर्ति गर्ने र स्वार्थपूर्तिका लागि प्रयोग गर्न थाले । हुँदा हुँदा सहिष्णु र परोपकारको उद्धेश्य बोक्ने धर्म त एकअर्काप्रति शत्रुता साँध्ने माध्यम र अहं तुष्टिको विषय बन्न पुग्यो । परोपकार र आस्थाको आशामा निमुखा र निर्दोषीहरू ठगिने र समाजका केही सीमित भुईफुट्टाले लाभ लिन थाले । फलतः धर्म चाहे जुनसुकै होस्, चाहे जतिसुकै महान आदर्श बोकेको भए पनि अत्यन्तः असहिष्णु र निहित स्वार्थ पूर्तिको साधन बन्न पुगेको देखिन्छ । धर्मको मूल आसयलाई पछ्याउनु र एक धर्मको मर्म अर्को धर्मका मानिसले बुझेर सहिष्णु बन्नु भन्दा टक्कर र अहंकारको विषय बन्दै गयो । भिन्न भिन्न धर्मका मानिसमात्र नभई हरेक धर्मभित्र अनेक गुट र सम्प्रदायहरू सृजना हुने र एक आपसमा भिडन्त गर्ने गरेका उदाहरणको लेखाजोखा गरी साध्य छैन । धर्मको नाममा क्रुसेड र जिहाद् मच्चिए । यो धर्म र उ धर्मको पक्ष र विपक्षमा लाखौं मरे, मारिए । वर्तमानमा उदाहरणका लागि धर्मको खिलाफमा गएका कारण देखाउँदै आफ्नो देशबाट भाग्न बाध्य पारिएका तसलिमा नसरिन, सल्मान रूस्दी र मलाला युसुफ ज्युँदा जाग्दा उदाहरण हुँदै हुन् । तालिवानले गरेको पाकिस्तानी बालको हत्या र बोको हरामले दुईसय भन्दा बढी बालिका र युवतीहरूलाई गरेको अपहरण जस्ता जघन्य आपराधिक क्रियाकलापका पछाडि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मरूपी भ्रमले बढवा पाई रहेकै छ । २००१ सेप्टेम्वर ११ मा अमेरिकाको टावरमा गरिएको हमला धर्मको नाउमा गरिएको प्रतिशोधको ज्वलन्त नमुना हो ।

अधिकांश धर्मका गुरुहरू मुल्ला, मौलवी, प्रिष्ट, पादरी वा आचार्य जे जे भने पनि, आफ्नो धर्मापरिवर्तनको छनक दिन चाहँदैनन किनकी मानिसको अज्ञानता र विवशतामा आफ्नो उन्नती देख्छन् यिनीहरूले । स्वर्ग र नरकको कल्पना र त्यसकै आधारमा निमुखाबाट सक्दो असुल्नु धार्मिक भनाउँदाहरूको कमाउने धन्दा बन्यो । लेखकले विश्वास नामक उहाँको सबैभन्दा पछिल्लो कृतिमा विश्वका महान् पुरुषहरू बुद्ध, इशा र मोहम्मद जस्ता व्यक्तिहरूले विशुद्ध मानवतावादी ध्येयले सुरू गेरका आदर्शहरू विस्तारै कसरी सम्प्रदायवादमा बदलिए अनि आफ्नो हित अनुसार विभाजित हुँदै र आपसी द्वन्दमा फँस्दै गए भन्ने कुरा स्पष्ट पार्नु भएको छ । धर्मलाई स्वार्थको हतियार बनाएर मानवीय सद्भाव खल्बल्याउने कार्य धार्मिक भन्नेहरूले नै गर्ने गरेका छन् । धर्मको नाउँमा जातिभेद, वर्ण भेद बढाएर एक आपसमा घृणा गर्न सिकाएर र छुवाछूतको भावना बढाएर त्यसैबाट एकाथरीले अर्काथरी मानवको शोषण गर्ने प्रवृतिको खिल्ली उडाएको छ किताबले ।

डबलीमा प्रस्तुत मूल्यदृष्टि

आज राजेश्वर देवकोटा हामी माझ हुनुहुन्न तर उहाँले डबली नामक पुस्तकद्वारा दिनु भएको सन्देश अनुसार ज्ञानीले अज्ञानीलाई ज्ञान दिने निहुँमा आफ्नै अनुयायी मात्र बनाए, उनीहरूकै मतको बन्धनमा बाँधे, कसैलाई पनि स्वतन्त्र बन्ने छुट दिएनन् त्यसको विरोधमा समाज अनेक मतमा विभाजित भयो । आफू जन्मदै मानिस यस कित्ताको वा उस कित्ताको भनेर दरियो जसबाट मानवीय भावनाको विकासमा नै अवरोध ल्याएको छ भन्ने कुरा स्पष्टसँग उजागर गरेको छ । कुनै धर्मप्रति आस्था राख्नु या कुनैप्रति पनि संलग्न नहुनु मानिसको वैयक्तिक अधिकारको विषय हुनुपर्ने थियो तर समाजमा आफ्नो भनिने धर्मका दीक्षाहरूबारे तर्क गर्नु, विचार विश्लेषण गर्नु अहिले पनि सजिलो छैन । किनकी हामीले देखेका छौं वेद वेदाङ्गका मन्त्रणहरू कुनै ईश्वरीय आप्त वाक्य होइनन भन्ने चार्वाक समाजबाट लखेटिएका थिए । त्यति परको कुरै छोडौं आफ्नो धर्मले अर्को धर्मलाई अन्याय गऱ्यो भनेर तर्क गर्ने तसलिमा नसरिनका विरूद्धमा धार्मिक मुल्लाहरूले फतवा जारी गरेर देश निकालेका थिए भने कुरानका आदर्शहरूमा विमति राखेबापत सल्मान रूस्दीको ज्यान खतरामा परेको कुरा इतिहासका दुर दिनका कुनै काल्पनिक किम्वदन्ती होइनन् न त राम मन्दिर र बाबरी मस्जिदका नाममा भएका भिडन्तका बारेमा आजका कोही अनभिज्ञ नै छ । कोही जिहाद छेडदैछन, कोही क्रुसेडका लागि ज्यान दिन्छन । येशू र पैगम्बर नपुगेको ठाउँमा उनीहरूको नाउँमा झैझगडा मच्चिन्छ । धर्मका यी प्रवर्तकहरू सारा मनुष्यको उद्धार गर्ने उद्धेश्य राख्थे भने उनीहरूका शिष्यले यी कुरा नबुझेर उनीहरूका चिन्तनलाई मानव उद्धार खातिर बढ्न नदिएर सम्प्रदायमा विभक्त गरेका छन् ।

बुद्ध जो स्वयं आजीवन मानवहितका पक्षमा तल्लीन बने, जसले मूर्ति पूजाको विरोध गरे । आज उनै बुद्धका अनेकौ आकार आयतनका मूर्ति बनेका छन् । बुद्धको कर्म र उपदेशको अनुशरण गर्ने भन्दा उनको वचनको अर्थ लगाउनेहरूको सङ्ख्या बढेको छ । उनका आदर्श र चिन्तनको उपेक्षा गरिएको छ, किन्तु उनको मूर्ति पुजनमा उनका शिष्यहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तल्लीन छन् । दुई हजार वर्षसम्म इशाईहरूले नै यशु खिष्टको हुर्मत लिईसकेका छन् । समस्त मानवकहाँ पुग्ने उहाँको सदिच्छालाई इशाईहरूले नै बार हालिदिएका छन् ।

उपन्यासकार देवकोटा मानिस आफ्नो स्वत्व विकासका लागि आँफै प्रयत्नशील हुनुपर्छ भन्ने वकालत गर्नुहुन्छ । अरूको दवावमा परेर होइन किन्तु हरेक मानिसले शाश्वत सत्य के हो आँफै पत्ता लगाउनु पर्ने कुरामा जोड दिनुहुन्छ । बुद्धको सन्देश झै उहाँ हरेक कुरामा सन्देह गर्न, परीक्षण गर्न र कुनै कुराको अनुशरण गर्नु अघि आँफै बुझ्न आवश्यक छ भन्ने कुरामा जोड दिनुहुन्छ । उहाँ भन्नुहुन्छ मान्छे एक्ले पूर्ण छ, एक भन्दा दुई बलियो होइन, एक भन्दा तिन पनि बलियो होइन, एक भन्दा सहस्र पनि बलियो होइन । सङ्गठन युनिफर्म त्याग तिमी एक्लो भन्दा अर्को बलवान छैन । स्वतन्त्र भएर विचरण गर, त्यसभन्दा गतिशील अर्को हुनै सक्दैन । (पृ.५८)

तर विगतमा मानिसले आफ्नो विवेकलाई बन्दकीमा राखेर अरूको पछि लागेकोमा लेखक चिन्ता प्रकट गर्नुहुन्छ । दुई एक भएर हिड्नुभन्दा हजारौलाई पछि लगाउन सजिलो हुने रहेछ, सँगै हिडनु भन्दा एक अर्काको पछि लाग्नु सजिलो रहेछ । अहिलेसम्म मानिस यही सजिलो बाटो हिडयो । तर अब नयाँ सहस्राब्दीलाई साक्षी राखेर हामीसँगै हिंडने प्रतिज्ञा गरौं । उपन्यासको नायक पवनद्वारा यी भावना पोख्नु हुन्छ- लेखक । (पृ.६७)

उपन्यासका प्रमुख पात्र पवन र उर्वी अद्बितीय मानवदृष्टिले अभिप्रेरित व्यक्तिहरू हुन् जो "डबली" मा बसेर नयाँनयाँ चिन्तनसहित आउने आगन्तुकसँग अन्तरक्रियामा दत्तचित्तले लागि परेका छन् । उनीहरूले कहिले इसाइसँग, कहिले इस्लाम भनिने धर्मावलम्वीहरूसँग त कहिले आफूलाई क्रान्तिकारी कम्युनिष्ट भन्नेहरूसँग तर्क वितर्क, छलफल र संवाद गरिरहन्छन् । अन्तर्राष्ट्रिय धार्मिक समूहहरू आ–आफ्ना धार्मिक विचार फैलाउनका लागि उद्यत देखिन्छन भने धर्मलाई अफिम ठान्ने कम्युनिष्टहरू पनि बलजफ्तीरूपमा आफ्ना मान्यतालाई समाजमा थोपर्न लागि परिरहन्छन् । डवलीमा यी सव परस्पर विराधी समूहरूबीच छलफल र वादविवाद चलिरहन्छ । वैचारिक सङ्घर्षका लागि सवैलाई डबलीमा आएर आफ्ना कुरा राख्न आब्हान गरिन्छ र यि सवै विचार दर्शनको समीक्षा गरेर आफू विशेष प्रवचन दिन्छ- पवन उपन्यासको प्रमुख पात्र । डबलीको शान्त माहोलमा विकास विज्ञ भनिनेहरू धर्म प्रचारकहरू, आतङ्कवाद विरोधी कार्यकर्ताहरू लगायत आम सचेत नागरिकहरू छलफलमा भाग लिन्छन् । विभिन्न शक्ति राष्ट्रहरूले फैलाएको शस्त्रास्त्रको होडबाजी र साना राष्ट्रहरूमा फैलिएको आतङ्क, अस्थिरता र अशान्ति जस्ता र यस्तैयस्तै विश्व परिस्थितिका कुरा जनसाधारणलाई बुझाउने र यसबाट शान्ति सौहार्द्रतामा खलल पुग्ने खतराबाट बच्न सवैले आ-आफ्नो विचार डबलीमा मन्थन गरिरहन्छन् ।

बुद्धको नितान्त मानवीय भावना र बुद्धिस्टको प्रचार, इसाको लोककल्याणकारी चिन्तन र इसाईहरूको धर्म प्रचार शैलीजस्तै मुहम्मदको आदर्शलाई इस्लामहरूले इश्लामीकरण गर्ने तौर तरिकाले गर्दा भगवान् स्वयं लुप्त भएका छन् भन्ने उहाँको भनाइ देखिन्छ । आस्थाको डबलीमा हरेक मनुष्यले हरेक यस्ता प्रेरणा पुरूषको आदर्श बुझ्न पाउनु पर्ने हो तर तत्तत् धर्मका अनुयायीले नै उनीहरूका आदर्शलाई खण्डित गरेका छन् जसले गर्दा सवै धर्ममा अन्तर्निहित मर्म सवै मानवका लागि उपयुक्त हुनबाट बञ्चित गरिएको छ भन्ने धारणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
ठाँउ ठाँउमा व्यक्त गर्नु भएको छ लेखकले । यहाँसमम कि आस्था र आदर्शका प्रतीक यी विभिन्न धर्म मात्रै होइन आवरणमा धर्मको विरोध गर्ने कम्युनिष्ट पनि कुनै धर्म भन्दा कम कट्टर देखिएन भन्दै लेखक भन्नुहुन्छ युक्तिपूर्ण पद्धतिबाट मनुष्यलाई बन्धनमा फँसाउने मार्क्सवादभन्दा बलवान् धर्मी त गएको शताब्दीमा अर्को कोही हुँदै भएन ।

राजेश्वर देवकोटा थोरै शब्दका माध्यमबाट धेरै कुरा अर्थ्याउन माहिर थोरै लेखक मध्ये एक हुनुहुन्छ । विगतको कुराबाट पाठ सिक्दै अब आउने समयमा मानव समाज आतङ्कमुक्त बनोस्, सवै अभियन्ताको आशयको सम्मान होस्, डबलीमा सवै विचारको मन्थन होस र सवै पूर्वनिर्देशित भावना परित्याग गदै मानवीय कल्याणका लागि समर्पित होऊन् भन्ने आषय व्यक्त गर्नुहुन्छ । यहाँ न गिर्जाघर छ न मस्जिद, न पादरी छ न मौलवी, न इशा छ न अल्लाह । मात्रै मनुष्य छ र पृथ्वी ।

आदिमकालदेखि नै बहुविचारित, बहुचर्चित विषय भएर पनि आजसम्म धर्मले जुटाउने भन्दा फुटाउने कार्यमा ख्याति कमाएको प्रति लक्षित गदै यसबाट मुक्त हुन आव्हानसहित उपन्यासकार भन्नुहुन्छ "सत्य र सौन्दर्यको स्थापनाका लागि समाजमा विभेद पैदा गर्ने धर्म र सम्प्रदायलाई नयाँ सहस्राब्दीमा कुनै स्थान रहनेछैनन् ।"

"डबली" नेपाली साहित्यको इतिहासमा विल्कुलै नयाँ चेतना लिएर आएको उपन्यास हो । डबलीका पात्रहरू विश्वको कुनै एक भूखण्डमा मात्र सीमित छैनन् । पवन, उर्वी, मौलवी, जर्ज, इस्माइल, गारी, काले, मिजार, अरबकुमारी जस्ता पात्रहरूको विशेष प्रतीकात्मक अर्थ छ र यिनीहरूको विचारलाई उपन्यासमा विशेष तरिकाले प्रयोग गरिएको छ । यी सवै आ–आफ्ना धार्मिक र सामाजिक मान्यता बोकेर आएका पात्रहरू हुन् जो पवन र उर्वीको समन्वयात्मक जीवनदृष्टि सहितको साझा चौतारी र मानवीय भावनाको समन्वयको प्रतीकको रूपमा स्थापित उपन्यास हो । मानवताबादी उदात्त भावनाले प्रेरित यस्ता कथ्य साहित्यमा विरले पाइन्छन् । लेखकले उपन्यासमा भन्नु भए झै उहाँको उच्चतम ध्येय साहित्यमा मात्रै सीमित नभई जीवनका हरेक प्रयोगमा लोक मङ्गलकारी सिद्ध होस् भन्ने कामना सहित उहाँको विहङ्गम दृष्टियुक्त भावनाबाट प्रेरित हुँदै समाज सु-संस्कृत बनोस् भन्ने आशा र अपेक्षा गर्दै लेखक राजेश्वर देवकोटामा हार्दिक श्रद्धाञ्जली टक्र्याउँछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

तिमी नारी

हरिहर अर्याल

यत्र नारी पूज्यन्ते तत्र रमन्ते देवता
नारी ! तिमी देवी, भागवती, लक्ष्मी,
पार्वती, सीता र भृकुटी
अनि माता सृष्टिदात्री
यस्तै यस्तै पौराणिक र वेदान्ती नामले
पूजनीय थियौ ॥

नारी ! तिमी देवी थियौ र वेदी पनि भयौ,
देवता भनाउँदाहरूको चक्रब्यूहमा फनफनी घुमाइयौं
अनि,
उनीहरूकै वेदी बनी आहुति लियौ,
तिमी सृष्टिकर्ता र भर्ता
आफ्नो बर्चश्व खोपीमा राखेर
कृष्णको गोपिनी र पाण्डबहरूको द्रोपदी भयौ
हो नारी ! अस्ति तिमी खोपीको देवी थियौ ॥

हो नारी !
तिमी भाग्यमानी कहलाएर
हिजो पनि पूजनीय थियौ,
तिमी सत्यवती सावित्री
तिमी प्रतिब्रता पार्वती
तिमी जन्म दिने आमा

माया दिने दिदी-बहिनी, छोरी र नातिनी,
अनि
तिमी पुरुषकी स्वास्नी र श्रीमती
जे जे नाता लगाऊ
नारी तिमी गृहलक्ष्मी
घर संसारको भित्राभित्र थुनिएकी गृहणी
झुत्रो थान सम्मानकी तिमी रित्तो लक्ष्मी
यथार्थमा ठगिएकी तिमी गृह बन्धनी ॥
हो नारी !
यी अस्ति र हिजोका कथा र व्यथा थिए,
आज अब अर्कै नयाँ विहानी छाएको छ
..... म घन्टी बजाई दिन्छु, तिमी ब्युँझ
तिमी उठ, म समाइदिन्छु,
प्राकृतिक विभेद तोड्न नसके पनि
हामीले सामाजिक विभेद फोर्न सक्नुपर्छ,
तिमी हिम्मत भिक नारी
म साहस थपिदिन्छु,
तिमी नारी म पुरुष
हामी एकै रथका दुई पाङ्ग्रा नै हौं
नारी समुन्नति नै समाजको उन्नति हो,
त्यसैले,
अरूलाई दोष लगाएर होइन
आफ्नै अन्तर-आत्मा
तिमी इच्छा शक्ति मात्र प्रकट गर
म आँट थपिदिन्छु,
तिमी तिम्रा पखेटाहरू फिँजाऊ
म त्यसमा प्वाँख भइदिन्छु ।
नारी !
तिमी सुन्दर समाजको बुट्टा कोर
म त्यसमाथि रङ्ग भरिदिन्छु,
आऊ नारी आज फेरि प्रतिज्ञा गरौं,
हामी हातेमालो गर्दै
हाम्रो घर समाज अझ सुन्दर बनाऔं
आऊ नारी हामी हातेमालो गर्दै केही गरौं
आऊ हामी केही गरौं ।

कवि स्मृतिकेन्द्रका कोष संस्थापक एवं फ्रेन्च भाषाविद् हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्ग्रेज गृहयुद्धले मच्चाएको रक्तपात

विकलचन्द आचार्य

सधै आफ्नो प्रभुत्व राख्न रमाउने मानिसको इतिहासदेखि हाल सम्ममा युद्ध, लडाइँ, झगडा आदिको दृष्टान्त नै प्रमुख रहदै आएको छ । चेतनाको अभिवृद्धि संगसगै वर्तमान सम्म आइपुग्दामा धेरै मानवका अधिकांश समय सत्ता, शक्ति र सम्पतिको प्राप्तिमा नै घुमिरहेको देख्न सकिन्छ । समयको कालखण्डमा जे जति रक्तपात हुँदै आएको छ, सबैको मुख्य उद्देश्य भनेको यी तीनै थोक हात पार्न खोज्नु हो भन्दा सायद फरक नपर्ला । पैसा, हतियार अनि धर्मको आडमा आफ्ना निहित स्वार्थ पूरा गर्न अनेक युद्धहरूको सामना गरेको मानव सभ्यताले हर समयमा हुने लडाइँको साक्षी हुँदै आइरहेको छ । यसै परिप्रेक्ष्यमा बेलायतको गृहयुद्धबाट भएको धनजनको क्षति तथा बेलायतमा ल्याएको परिवर्तनलाइ देख्न सकिन्छ ।

बेलायतमा बढ्दो व्यापार

सन् सोह्र सयको बिचतिर बेलायतमा क्रान्ति भयो । यहाँको पार्लियामेन्ट राजा चार्ल्स प्रथम विरूद्ध उत्रेपछि सशस्त्र गृहयुद्ध भयो जसबाट करिब दुईलाख मान्छेको ज्यान गयो र राजाको टाउको काटियो । यस युद्धपछि जनप्रतिनिधि निर्वाचनको प्रक्रियाबाट सरकार चलाउने क्रमको थालनी भयो । अमेरिका लगायतका अन्य मुलुकहरूले पनि यस्तो प्रणालीको अवलम्बन गर्न थाले । त्यसबेलामा जनप्रतिनिधि व्यापारी या भूमिपतिबाट छानिन्थे, साधारण जनताबाट होइन ।

त्यसबेलामा ब्लायतमा गृहयुद्ध हुनुको प्रमुख कारणमा लोभी राजसस्था, सम्भ्रान्त तथा व्यवसायी मध्यम बर्गको पहुच र धर्ममा क्याथोलिक विरूद्ध प्रोटुस्टनको उदय हुनुलाई मानिन्छ । राजसंस्थाले नयाँ व्यापारका अवसरहरूको नियन्त्रण गर्दथे । देशभित्र भन्दा बाहिरको ब्यापारमा हावी हुन सजिलो थियो । जसको परिणामले गर्दा सन् १५५२ मा कुल आम्दानीको ५।२५ जम्मा बिदेशी व्यापारको करबाट राजस्व उठ्यो भने गृहयुद्ध सुरू हुनु भन्दा पहिले सन् १६४२ मा ५२।५५ हुन पुग्यो । यसको प्रमुख कारणमा नयाँ संसारको आविष्कार, अंग्रेजी स्टक कम्पनीहरू जसले बिदेशमा व्यापार गर्न सुरुवात भयो अनि महाजनले बाहेक पनि व्यापार गतिविधिमा स्वामित्व लिन थाले ।

यस्ता स्टक कम्पनीहरूमा राजनीतिका हस्तीहरूले सेयर किन्न थाले । प्रसिद्ध इस्ट इन्डिया कम्पनीलाई रानी एलिजावेथ प्रथमले डिसेम्बर १६०० मा लालमोहर लगाएकी थिइन् । यही बेलामा सम्भ्रान्त वर्गहरूले अरू थुप्रै युरोपियन इस्ट इन्डिया कम्पनीहरू खोलेका थिए । सन् १५७५ देखि १६३० बीचको समयमा २३५ पार्लियामेन्टका सदस्यहरुले विदेशी संयुक्त स्टक कम्पनीमा लगानी गरे । यस्ता कम्पनीको स्वामित्व भएपछि राजसंस्था र राजनीतिज्ञबीच झगडाको कारण बन्न थाल्यो । जति राजाले कर उठाउन चाहन्थे, उति

लेखक बेलायतमा कार्यरत हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै आफ्नो लगानीको कमाइ कम हुन थालेपछि राजाको कदमलाई पार्लियामेन्टले अस्वीकार गर्ने कार्यको थालनी भयो ।

बेलायतमा राजसंस्था

केल्ट, स्याक्सन्, भाइकिंग वंशको राजा हुँदै आएको बेलायतमा सन् १०६६ मा हेस्टिङ्गको लडाइँ जितेर राजा हुने व्यक्ति विलियम कन्करण फ्रान्सको नर्मन्डी भन्ने ठाउँका थिए । त्यसैले यिनले सुरू गरेको वंशलाई नर्मन भनिन्छ । यसपछि प्ल्यान्टाजनिष्ट, ल्यान्कास्टर हुँदै टुडर वंशको शासन चलेको थियो । टुडर वंशका राजा हेनरी आठौले आफ्ना पुत्र नभएपछि आफ्नी श्रीमती क्याथिरन अफ अरीगनलाई छोडपत्र गरी अर्की बिहे गर्ने गरेको कदमलाई तत्कालीन पोपले मान्यता दिन अस्वीकार गरेपछि क्याथोलिक धर्मसंग सन् १५३४ मा सबै सम्बन्ध विच्छेद गरी प्रोटुस्टन धर्म ब्लायतमा सुरूवात गरे । त्यसबेलामा पारपाचुके गर्नुपर्दा शुल्कसहित पोप कहाँ निवेदन हाल्नुपर्ने थियो । प्रोटुस्टन भने क्याथोलिकबाट अलि परिवर्तित भएको दाबी गर्ने जर्मनीमा सुरू भएको थियो । यसले मुख्यतः पोपको सर्वमान्यतालाई अस्वीकार गर्दछ ।

छ वटी पत्नी भएका राजा हेनरी आठौंको यस कदमपछि शक्तिशाली क्याथोलिक धर्मसँग ब्लायतको सम्बन्ध राम्रो भएन । यिनको देहान्तपछि यिनको छोरा एडवर्ड चौथो र पछि जेन ग्रे थोरै समयको लागि सिंहासन्मा बसे । त्यसपछि सन् १५५३ मा क्याथिरन अफ आरोगनकी छोरी मेरी महारानी भइन् । आफ्ना बाबुले सुरूवात गरेको प्रोटुस्टन धर्मलाई तिलाञ्जली दिइ पुनः क्याथोलिक धर्म फर्काउन खोज्दा ठुलो रक्तपात मच्चाइन् । त्यसैले बेलायतको इतिहासमा पहिले रानी हुने यिनलाई "ब्लडी मेरी" को उपनामले पनि चिनिन्छ । पाँच बर्ष शासन गरी यिनको निधन भएपछि सन् १५५८ मा यिनकी बहिनी एलिजावेथ प्रथम बेलायतको महारानी भइन् ।

टुडर वंशको अन्तिम महारानी कुमारी एलिजावेथ प्रथमको निधन सन् १६०३ मा भएपछि बेलायत र आयरल्यान्डको राज्य सत्ता यिनको भतिजा जेम्स स्टुवार्डले पाए । तसर्थ स्कटल्यान्डका जेम्स छैटौं बेलायतका जेम्स प्रथम बने । यी तीनवटा छुट्टाछुट्टै अधिराज्यको राजा पहिलोपटक एउटा बने । यी तीनवट देश धेरै फरक थिए र एक आपसमा बिगतका लडाइँको तितो अनुभव विद्यमान थियो ।

बेलायतको सम्पति र इज्जतको लागि जेम्सले एलिजावेथको मृत्यु व्याकुलसँग कुरेर बसेका थिए । तर, यी तीन मुलुकलाई मिलाएर शासन गर्न भने ठूलो चुनौती थियो । यी तिनवटै देशहरूमा फरक फरक धर्म थियो । बहुसङ्ख्यक स्कटहरू काल्भेनिस्ट (परिष्कृत क्रिस्चियन) थिए, बहुसङ्ख्यक अङ्ग्रेज प्रोटुस्टन्ट थिए भने बहुसङ्ख्यक आइरिस भने क्याथोलिक थिए । यी तीनवटै देशहरूमा अरू शक्तिशाली अल्पसङ्ख्यक धार्मिक जनताहरू थिए । राजा जेम्सले बेलायतका क्याथोलिकहरूलाई रानी एलिजावेथले भन्दा राम्रो गर्छन् भन्ने तर्क गलत साबित भयो । धार्मिक विभाजनले अरू उग्र रूप लिन थाल्यो ।

राजा चार्ल्स प्रथम, गृहयुद्ध र गणतन्त्रको घोषणा

सन् १६२५ मा आफ्ना पिताको निधन भएपछि चार्ल्स प्रथम राजा भए । लगत्तै उनी क्याथोलिक शक्ति विरूद्ध लडाइँमा होमिए । तर, उनी सन् १६३० मा युरोपको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धबाट निस्किए । यी चार्ल्स प्रथम तानाशाही प्रवृत्तिका खुब घमण्डी राजा थिए । आफ्नो राज्यलाई 'भगवानको शक्ति र अधिकार' भएको भन्ने विश्वास गर्थे । जसको फलस्वरूप आउँदो बर्षसम्म आफ्नो धार्मिक नीति र पार्लियामेन्टबिना नै राज्य गर्ने दम्भका कारणले एक्लिदै जानथाले । केही डाहिला प्रोटेस्टन या पिउरिटन्सहरूले राजाले क्याथोलिक धर्मको स्थापनासंगै मानिसका स्वतन्त्रता नाश गर्न लागेको ठाने । यस्तै स्कटल्यान्डमा सन् १६३७ मा चर्चमा प्रार्थना गर्ने पुस्तिका राख्न खोज्दा धार्मिक त्रास बढ्यो । यस्ता घटना बढ्दै गएपछि राजा चार्ल्सले स्कटल्यान्डमा दमन गर्न गरेको प्रयास सफल भएन । यसपछि यी राजालाई स्पष्टीकरण माग्न अक्टोबर १६४० मा पार्लियामेन्ट बोलाउन बाध्य पारियो । सांसदहरूले यिनको नीतिको कडा आलोचना गरेका थिए ।

सुरूमा राजा एक्लो देखिएपनि प्युरेटिन (प्रोटेस्टन) सांसदहरूले चर्चको पूरा सुधार गर्न सुरू गरेपछि धार्मिक पुरातनवादीहरू सशङ्कित हुन थाले । यसैबीच सन् १६४१ मा आयरल्यान्डमा बसोबास गरिरहेका अङ्ग्रेज र स्कटिस प्रोटेस्टनहरूलाई त्यहाँका क्याथोलिकहरूले सशस्त्र बिद्रोह गरी सयौंलाई मार्न थाले । यस्तो विद्रोहले बेलायतमा खैलाबैला मच्चियो तर राजा चार्ल्स प्रथम र पार्लियामेन्ट बीचमा राजनीतिक सहमति हुन सकेन । सहमति नभएपछि राजा र संसदको बीच सेना विभाजन भयो ।

सन् १६४२ मा उत्तर र पश्चिममा राजाको र दक्षिण र पूर्वमा संसदवादीहरूबीच गृहयुद्ध सुरू भयो । राजा चार्ल्सलाई वयल्स र कोर्नवलबाट सैनिक सहयोग भएको थियो भने संसदवादीहरूलाई राजधानी लन्डन आफ्नो साथमा थियो ।

सन् १६४३ को मध्यमा भने राजाले जित्लान जस्तो थियो । तर, संसदवादीहरूले स्कटल्यान्डसंग सैनिक साथीत्व बनाउन सफल भए । यसरी शक्तिशाली स्कटिस सैनिकको सहयोग भएपछि सन् १६४४ मा मार्स्टन मुर भन्ने ठाउँमा राजाको सैन्यको हार भयो र उत्तरी बेलायतको नियन्त्रण गुम्यो । यसको पछिल्लो बर्ष नजबाई भन्ने ठाउँमा संसदवादीले जिते र यसबाट राजाको पतन सुरू भयो । संसदवादीहरूसंग आत्मसमर्पण गर्न अस्वीकार गरेपछि राजा स्कटहरू माफ स्वयं गए तर, स्कटहरूले आफ्ना सहयोद्धा संसदवादीहरू समक्ष नै राजालाई बुझाइदिए । बन्दी भइसकेपछि पनि राजाले कुनै सम्फौता गरेनन्, बरू अर्को विध्वंश मच्चाउन सफल भए जसलाई दोश्रो गृहयुद्ध भनेर बुझिन्छ ।

यसरी यी राजा छउन्जेल यस अधिराज्यमा कहिल्यै पनि शान्ति नहुने ठहर गरी केही उग्र सांसद तथा नयाँ सैनिकका अधिकृतहरूले राजा चार्ल्स प्रथमलाई देशद्रोहको मुद्दा लगाए । उक्त मुद्दामा राजा दोषी ठहरिए र सन् १६४९ को जनावरी महिनामा यिनको टाउको काटियो र बेलायतमा गणतन्त्र प्राप्त भयो ।

यस समयमा नेपाल

विशाल सिञ्जा साम्राज्यको पतन भएपछि ई.सं. १३८९ (वि.सं. १४४६) मा सान्नी, ई.सं. १३९६ मा दुल्लु र गोताम राज्य बने । यसपछि नेपालमा बाइसे र चौबीस राज्यमा अरू टुक्रिन थाल्यो । सबैभन्दा पछिल्लो टुक्रने ई.सं. १७३३ मा माल्नेटा राज्य बन्न पुग्यो । यसैगरी ई.सं. १५५३ मा तनहुँ, रिसिङ, दर्छा रामपुर र बुटवल राज्य स्थापना भए भने ई.सं. १५५९ (वि.सं. १६१६) मा गोरखा राज्यको स्थापना भएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्ग्रेज गृहयुद्धको केही वर्ष अगाडि गोरखा राज्यको प्रख्यात न्यायमूर्ति राजा राम शाह (शासन्काल ई.सं. १६०६-१६३६) को निधन भई कृष्ण शाह (ई.सं. १६४४-१६५०) गोरखाको राजगद्दीमा पुगेका थिए भने काठमाडौंमा राजा लक्ष्मी नरसिंह मल्ल र पछि यिनका छोरा प्रताप मल्ल (ई.सं. १६४१-१६७४) राजा भएका थिए ।

अङ्ग्रेज गृहयुद्ध पछि

बेलायतका नयाँ शासकहरूले आयरल्यान्डमा आफ्नो परम्परागत प्रभुत्व कायमै राख्ने निधो गरी सन् १६४९ मा ओलिभर क्रम्बलको नेतृत्वमा आयरल्यान्ड कब्जा गर्न सैन्य फौज पठाए । यसमा क्रम्बलले ठूलो रक्तपात मच्चाएर सन् १६५२ मा आयरल्यान्ड हात पारे ।

यसैबीच बेलायतमा मारिएका चार्ल्स प्रथमका जेठा छोरा स्कटल्यान्डको राजा बन्ने सहमति भएअनुसार सन् १६५१ मा चार्ल्स दोश्रो स्कटल्यान्डको राजा भए । आफ्ना बाबुको मृत्युको बदला लिन यसै बर्षको अन्तिममा यिनले स्कटिस आर्मीको साथमा बेलायतमाथि आक्रमण गरे । क्रम्बलको अङ्ग्रेज आर्मीले वरचेस्टर भन्ने ठाउँमा यिनलाई हराइदिए । युवक राजा बन्दक हुनबाट बचे र फ्रान्समा भागे । यसपछि अङ्ग्रेजले पुरै स्कटल्यान्ड कब्जा गरे ।

सन् १६५३मा ओलिभर क्रम्बललाई बेलायत, स्कटल्यान्ड, आयरल्यान्ड तीनवटा देशकै प्रमुख (लर्ड प्रोटेक्टर) घोषणा गरियो । आउँदो पाँच बर्षसम्म यिनले गणतान्त्रिक सरकार सफलतापूर्वक चलाए ।

सन् १६५८ मा ओलिभर क्रम्बलको निधन भएपछि यिनका छोरा रिचर्ड क्रम्बल प्रमुख भए । तर, रिचर्डलाई राजकाजमा कुनै ध्यान थिएन, मोजमस्तीमा नै बिताए । फलस्वरूप आठ महिनामा नै आफ्नो पदबाट राजीनामा दिए ।

राजतन्त्र पुनर्स्थापना

यिनको राजिनामा पछि गणतन्त्र बिस्तारै डगमगाउन थाल्यो । केही वर्ष पहिले काटिएका राजा चार्ल्सका छोरालाई आफ्नो बाबुको गद्दी पुनःसम्हाल्न निम्ता दिइयो । सन् १६६० को मे महिनामा चार्ल्स दोश्रो विजयीका साथ लन्डन आए र बेलायतमा राजसंस्था फेरि स्थापित भयो । यी राजा चलाख भइकन घोसे थिए । राजकाजभन्दा धेरै केटीहरू राख्ने, भोगविलासमा नै बढी रमाउने भए । जनमानसमा आफ्नो कुनै व्यक्तित्व फैलाउन सकेनन् । यिनको पालामा नै सन् १६६५ को प्लेग रोगको महामारी तथा १६६६ मा लन्डनमा ठूलो आगलागी भएको थियो ।

यसबेलामा अङ्ग्रेज गृहयुद्धका नायक तथा पहिलो गणतन्त्रका प्रमुख ओलिभर क्रमबलको गाडिएको लास उत्खनन गरी राजा काटेको र अन्य जघन्य अपराध गरेको ठहर गरी मुद्दा लगाइयो । यिनको कङ्काललाई मृत्युदण्ड दिएको घोषणा गरी सबै जनमानसको अगाडि झुण्ड्याएर देखाइयो । यिनकै पालामा सन् १६६७ मा च्याटम भन्ने ठाउमा डचहरूले गरेको आक्रमणमा अङ्ग्रेजी सैनिकको सबैभन्दा लज्जास्पद हार भएको थियो ।

यिनी जस्तो गरेपनि आफ्नो राजसंस्था कायम नै राख्न सफल भए । यिनको मृत्यु सन् १६८५ मा भएपछि यिनको भाइ जेम्स राजा भए । यिनी क्याथोलिक थिए । बहुसङ्ख्यक प्रोटेस्टन भएको बेलायतमा अब झन राजाको कामकाजमा शङ्कास्पद तबरले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेरिन थाल्यो ।

राजसंस्थामा बढ्दो किचलो

यी जेम्सका छोराको जन्म सन् १६८८ मा भएपछि झन गहिरो समस्या प्रोटुस्टनलाई भयो किनकि अब हुने पछिल्लो राजा पनि क्याथोलिक नै हुने पक्का भयो भनेर । यसको लगत्तै अङ्ग्रेज प्रोटुस्टनका नाइकेहरू विलियम अरेन्ज भन्ने नेदरल्यान्डका मुख्य न्यायाधीश समक्ष सल्लाहको लागि पुगे जसले जेम्स दोस्रोकी जेठी छोरी मेरीलाइ सन् १६७७ मा बिहे गरेका थिए ।

विलियमले यही खोजेर बसिरहेका थिए । आफ्नो आर्मी साथमा लिएर बेलायत आइपुगे । केही हप्तापछि जेम्स दोस्रो फ्रान्सतिर लाग्न बाध्य भए र पछिल्लो बर्षमा विलियम र मेरी संयुक्तरूपमा राजसंस्थामा राखिएको घोषणा गरियो ।

जेम्स दोस्रोको आयरल्यान्डमा ठूलो समर्थन थियो । सन् १६८९मा फ्रेन्च आर्मी लिएर उनी आयरल्यान्ड आइपुगे । सन् १६९० को बोयन भन्ने ठाउँको लडाइँमा विलियमले जिते र आफ्नो शक्ति एकठाउँमा राख्न सफल भए ।

मेरीको सन् १६९४ मा निधन भएपछि विलियम एक्लो शासक भए । तर सन् १७०० मा राजाको उत्तराधिकारीको हुने भन्ने समस्या थियो । किनभने विलियम या जेम्स दोस्रो की जीवित छोरी आनको कुनै सन्तान थिएनन् । प्रोटुस्टनका नाइकेहरू खुब डराइरहेका थिए कि यस सिंहासन् जेम्स दोश्रोको छोराकोमा जाने भयो, जुन क्याथोलिक थिए ।

यस्तो खतरालाई पार लगाउन सन् १७०१ मा 'सेटलमेन्ट याक्ट' भन्ने पास गरियो जसले विलियम र आनको मृत्युपछि राजगद्दी जेम्स प्रथमकी छोरी उत्तराधिकारी हुने भन्ने तय गर्‍यो । यसपछि ह्यानोभर वंशको सोफिया र यिनको सन्तति बेलायतको राजगद्दीको उत्तराधिकारी हुने भए ।

बेलायत र स्कटल्यान्डको युनियन

सन् १७०२ मा विलियमको निधन पछि महारानी आनले शासन चलाइन् । पाँच वर्ष पछि बेलायत र स्कटल्यान्डको युनियन बनाएर गाभियो । यो गाभिनुको मुख्य उद्देश्य भनेको स्कटल्यान्डमा पनि प्रोटुस्टनका वंशले राजा हुनु भन्ने हो । यसपश्चात बेलायत र स्कटल्यान्ड एउटा देश बने । जब स्टुयर्ट वंशकी महारानी आन दिवङ्गत भएपछि संयुक्त अधिराज्य बेलायतको राजा जर्ज प्रथम भए जुन ह्यानोभर वंशका पहिलो राजा हुन् । यो वंशको निरन्तरता रानी भिक्टोरियासम्म पुगेको थियो । यसपछि स्याक्स कोर्बर्ग गोथाको वंशले शासन गरेपछि वर्तमानसम्म आइपुग्दा उइन्जर वंशको शासन् निरन्तरता छ । वर्तमान रानी एलिजावेथ दोश्रो यस वंशको पाचौ सिंहासन्मा जाने व्यक्ति हुन् ।

यी सबै इतिहासलाई दृष्टिगत गर्दा मुख्य पैसा, हतियार अनि धर्मको आडमा आफ्नो प्रभुत्व राख्न मच्चाइएको रक्तपात संसारमा अहिलेसम्म निरन्तर चलिरहेछ । युद्ध बिना मानिस बाँच्न सक्दैन भन्ने कथनलाई समयको चक्रमा राखेर हेर्दा अस्वीकार गर्न गाह्रो पर्ने देखिन्छ । सबै देशको आ-आफ्नो इतिहास छदैछ । इतिहासलाई जीवन्त राख्न सके यसबाट धेरै शिक्षा लिन सकिने कुरा बेलायतको गृहयुद्धको पृष्ठभूमिबाट पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियात्रा

अमेरीकाको श्रमपूर्ण जीवन

ईश्वरचन्द्र बानियाँ

सन् २०१२ मा जब म पहिलो पटक अमेरीका भ्रमणबाट फर्किए, साथीहरूले सोधे अमेरीका कस्तो लाग्यो । यो सबैले सबैलाई सोध्ने प्रश्न हो, मलाइ पनि सोधियो । मैले भने नेपाल भन्दा विलकुल फरक । नेपाल पूर्वमा छ अमेरीका पश्चिममा । नेपाल सानो, अमेरीका ठुलो छ । नेपाल गरीब छ, अमेरीका धनी छ । नेपाल परनिर्भर छ, अमेरीका आत्म निर्भर छ । नेपाल अविकशित छ, अमेरीका विकशित छ । नेपाली गहुगोरा छन्, अमेरीकन गोरा छन् । अमेरीकाका सडक चौडा छन्, नेपालका सडक साघुरा छन् । अमेरीका सफा छ, नेपाल फोहोर छ । अमेरीकामा बत्ती जादैन, नेपालमा बत्ती आउदैन । नेपालको पाइपमा पानी आउदैन, अमेरीकाको पाइपमा पानी मात्र होइन ग्याँस पनि आउं छ । अमेरीकन काम गर्नु पर्छ भन्छन् नेपाली काम ठग्नु पर्छ भन्छन् । अमेरीकन कर तिर्दा गर्व गर्छन्, नेपाली कर नतिर्दा गर्व गछन् । अमेरीकामा कामलाई श्रद्धा गछन्, नेपालमा कामलाई घृणा गर्छन् । हो, त्यसैले अमेरीका नेपाल भन्दा विलकुल फरक छ ।

यसरी व्याख्या गर्दा अमेरीका भन्ने देश स्वर्गै रहेछ क्यारे भन्ने पर्छ । हुन पनि भौतिक सुविधाका दृष्टीले सबै थोक छ । जे चाहयो त्यही पाउन सकिन्छ । तर त्याहाका मान्छे सबै सुखी छन् त रू छैनन् । खुसी त झन छाँढाको कुरा हो । खुसी खोज्न गाउँ तिर जानु पर्छ । गाउँमा मेरा साथीहरू दिन भर खेत वारीमा काम गर्छन । साँझ परे पछि बेसीबाट गाउँतिर उकालो लाग्छन् । बाटोमा दोहोरी गाउदै हिड्छन् । चौतारीमा बसेर हास्छन्, नाच्छन्, पीरती गास्छन् । त्यो रमाइलो, त्यो खुसी सहरमा कहाँ पाउनु । झन विदेशमा गएर त सपनामा मात्र पाइन्छ ।

यस पटकको अमेरीका भ्रमण, अमेरीकाको पुर्व न्युयोर्क, वोस्टन, डीसी, भर्जिनीया, मेरी ल्याण्ड हुँदै मध्ये अमेरीकाको ठुलो राज्य टेक्सास पुगेर केही समय रोकीयो । टेक्सासका केही सहर र केही गाउँको परिवेश भ्रमण गरे पछि नेपाल जस्तो पहाडी राज्य कोलोराडो सम्म पुग्न भ्याएँ । यी सबै राज्यहरूमा सैयौं नेपालीहरूसंग भेटघाट भए, सैयौं संग फोनमा, मेलमा कुरा भए । मेरो नितान्त पारिवारिक भेटघाट भर्जिनिया र टेक्सासमा मात्रै हो । तर हेड्स नेपाल भने विशुद्ध सामजिक संस्थाको अध्यक्ष हुने अवसर पाएको हुनाले त्यसको प्रचार प्रसारमा मैले पुर्वदेखि पश्चिम सम्म ३ महिना खर्चिएँ ।

यो समयमा धेरै प्रकारका नेपालीहरूसंग साक्ष्यात्कार गर्ने मौका पाइयो । तीनका सुख दुःखका कथा व्यथा सुन्न, हेर्न मौका पाइयो । सुदुर पश्चिमको राज्य क्यालीफोर्निया पुगे पछि अझ धेरै कुरा बुझ्ने अवसर जुर्‍यो । उत्तरी क्यालीफोर्निया अर्थात सान्फ्रान्सीस्को आसपासका केही पात्रहरूलाई प्रतिनीधि बनाइ समग्र अमेरीका वासी नेपालीहरूको जन जीवन बारे केही लेख्ने जमर्को गर्दैछु ।

लेखक स्मृतिकेन्द्रका महासचिव हुनुहुन्छ । –सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूम्जाटारकी सुनीता गुरुङ बाबुको कचकच, सधैंको कन्ट्रोल, भनेको नमाने पिट्ने, आफु भने ३ वटा श्रीमतीका पोइ, त्यो देखेर स्वतन्त्रता खोज्न अमेरीका जाने विचार गर्छिन । बी.कम.मा भर्ना भएकी उनी विद्यार्थी भीसामा सन् २००६ मा फ्लोरीडा पुग्छिन । त्यहाँ पुग्ने बितिकैदेखि उनलाई आर्थिक समस्या हुन थाल्छ । ३ महिना पछि काम खोज्दै न्युयोर्क पुग्छिन । रेष्टुरेन्टमा काम गर्दै कलेज धान्न खोज्छिन सक्दीनन् । कलेज छोडे वस्न पाइन्न, काम छोडे खान पाइन्न । २ बर्ष पछि उनी इलीगल भइन । कागज बनाउन नसके पछि उनी सानफ्रान्सीसको पुगीन । त्यहाँ जापानीज रेष्टुरेन्टमा काम गर्ने क्रममा एकजना अमेरीकनसंग भेट हुन्छ । माया बस्छ । उसको नाम न्यान्डल थियो ।

न्यान्डलका बाबुआमा डीभोर्स गरे पछि उ मामा घरमा वसेर हुर्केको थियो । १८ बर्ष भए पछि उ आफै काम गर्दै एकलै बस्थ्यो । अमेरीकन समजमा व्यापक पारपाचुके हुने र वच्चा वच्चीले वावु आमाको प्यार नपाउने देखेर उसले यसीयन केटी मनपराएको थियो । सुनीतालाई पनि अमेरीकामा ढुक्कसंग वस्नु पर्ने थियो । त्यसैले उनीहरूले विवाह गरे । दुवै तर्फका घर परिवारले मन पराएनन् । तर विस्तारै सबैको मन फर्कियो । न्यान्डलले सुनीतालाई धेरै माया गर्छ । हाल सुनीताले आमा, भाइकी श्रीमती र जेठाबाबुकी छोरी समेत लगेकी छिन । उनी १९ बर्ष हुँदा अमेरीका छिरेकी थिइन । हाल ३० बर्षकी भइन । एउटा छोरी छिन, आमाले हेरचाह गर्छिन । सुनीता राम्री र स्मार्ट छिन् । रेष्टुरेन्टको कामका साथै घर जग्गाको कारोवार गर्छिन । आफुले भने जस्तो भएन भने केटाहरूसंग पनि लाप्पा खेल्न पछि पर्दिनन् । दुःखका कुरा सबै भन्न नमिल्ले पनि हुन्छ । उनले धेरै संघर्ष गरेर सेट भएकी छिन । तर भविष्य सोचे जस्तो उज्यालो अझै छैन ।

उनको श्रीमानले नेपाली खाना मन पराउँदैन । घरमा नेपालीले अड्डा जमाएका छन् । आफै पकाएर अमेरीकन खाना खान्छ । भुलवस श्रीमान्को खाना फ्रीजबाट कसैले झीकेर खाइदियो भने झगडा पर्छ । त्यसैले उनकी आमा भन्छिन खै जिन्दगी के हुन्छ के रू छोरीको भविष्य सुनिश्चित देख्दिन । गोरखाकी ज्ञानमाया श्रेष्ठका श्रीमान् लाहुरे पेन्सनमा बसे । काठमाडौंमा घर बनाए । सबैले झै उनले पनि फेरी काम खोज्न थाले । उनले पानीजहाजको सेक्युरीटी गार्डमा काम पाए । १-२ बर्ष पछि श्रीमतीलाई त्यो अस्थायी कामले चित्त बुझेन । सीपमा अमेरीका पुगेको बेला भाग्ने सल्लाह भयो । उनी न्युयोर्कमा उत्रीए । त्याहाबाट क्यालीफोर्निया पुगे, गाडीमै । क्यालीफोर्नियामा कागज बनाउन केही सजिलो छ कागज बनी सके पछि केही बर्षमै परिवार वोलाए । हाल श्रीमाती र २ छोराहरू सहित सानफ्रान्सीएकोमा बस्छन् । छोराहरू पढ्दै जागीर खादै गर्छन । उनीहरू चारैजना जागीर खान्छन् । आफ्नै घर छ, तीनवोटा गाडी छ । स्वर्गै जस्तो छ । तर आमालाई काममा लान ल्याउन ३ जनामा हानथाप पर्छ । किनकी सबैलाई आफ्नै काममा फुर्सद छैन । अर्काको लागि समय कसरी मिलाउने । ज्ञानमाया भन्छिन्, याहा आए पछि थाहा भयो, यो समाज कती स्वार्थी रहेछ भनेर । याहा घर परिवारमा को कती वेला उड्छ, कतीवेला खान्छ, कतीवेला कामवाट आउछ, कतीवेला सुत्छ थाहा पाउनै गारो हुन्छ । कसले वाहिरा के गर्दैछ भन्ने थाहा पाउनु धेरै टाँढाको कुरा हो । अव म आफै गाडी किन्दैछु । तर त्यसले मलाई खुसी दिदैन । मैले र मेरा वुढाले गरेको दुःखले के छोराहरूलाई वाटो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
देखाउला त रू लाग्दैन किनकी यो समाजमा आफ्नो बाटो आफै बनाउनु पर्छ, बनाउदै छन् । त्यसैले कहिले काँही लाग्छ हामी किन यहाँ आयौं यो सुख त भ्रम रहेछ ।

मोरङ्का लक्ष्मण भण्डारी नेपालमा स्थापीत हुँदै गरेको चार्टर्ड एकाउन्टेन्ट हुन । उनलाई पनि अमेरीका जाने रहर चल्यो । एम.बी.ए. बढेन एउटा विश्वविद्यालयमा गए पढे । १ बर्ष भर्जिनीयामा काम गरे पछि राम्रो काम पाएर सानफ्रान्सीस्को गए । उनको महीनाको १० हजार डलर जती आम्दानी हुन्छ । सरकारी कर ४०% तिर्नु पर्छ । स्थानीय कर- ३%, घर भाडा- २६००, वीमा- ५००, गाडीको- ५००, गाडीको तेल मरमत- ६००, बत्ती, पानी, टेलीफोन- ५००, खाना- ६०० गर्दा कती बच्छ ? घर किन्न श्रीमतीले जागीर खानु पर्छ । जागीर खान बच्चा सानो छ । घर किन्यो भने ३० बर्ष सम्म ढाक्रे भइन्छ । छोरा छोरीलाई पनि ऋण बोकाएर मरीन्छ । नेपालमा भएको भए म अहिले सम्म हजारौको नमस्ते खाने सीनीयर सी.ए.भै सक्थे । महीनामा २/३ लाख सजिलै कमाउथे । खाना पकाएको र भाडा माझेको देखेर आमाले दिनहुँ नेपाल बोलाउनु हुन्छ । छोरो याहा जन्मेको छ । के गर्ने के गर्ने फसियो । भ्रममै परेर जिवन वित्ने भयो । रोड आइल्याडमा बस्ने बालाजुका विपिन थापाको आफ्नै कथा छ । अमेरीका छिरेको १८ बर्ष भयो । धेरै थरीका काम गरियो । दुःख खुव पाइयो । हाल घर छ, गाडी छ, श्रीमतीको र आफ्नो जागीर छ । घर केही भाडामा पनि छ । नेपालमा पाइने सबै जसो क्युरीयो सामानहरू उनको घरमा सजाइएका छन् । एउटी छोरी १० बर्षकी भइन । उनी भन्छीन ठुलो बाबाहरूको २/२ जना छोरा छोरी छन् । मेरो भाइ छैन । नविन भन्छन् । दाजुको सासुले बच्चा हुर्काउने जिम्मा लिनु भएकोले सजिलो भयो । मेरो पनि वच्चा हुकाउने जिम्मा लिने कोही भएमा अर्को बच्चा पाउने हो । ३/४ बर्ष सम्म श्रीमती जागीर नखाई वसेर म कसरी परिवार पाल्न सक्छु ? अमेरीकामा बच्चा पाउनु हुर्काउनु भनेको जोक होइन ।

यी प्रतिनिधि पात्र हुन । अमेरीका गएर दाम कमाएका, नाम कमाएका व्यक्तिहरू पनि नभएका होइनन् । तर ती धेरै कम छन् । धेरै नेपालीको हालत यस्तै वा यो भन्दा समस्या ग्रस्त छ । नेपाली मात्र होइन अधिकांस अमेरीकनहरूको दिनचर्य पनि यस्तै यस्तै हो । उनीहरू मेसीन सरह खट्ने, भौतिक सुविधामा रमाउने । काम गर्ने, दाम कमाउने, खर्च गर्ने, सक्ने । बुढेसकालको लागि र छोराछोरीको लागि भनेर जोगाउनु जरूरी छैन । जीन्दगी यही हो भनेर आत्मसात गर्ने । जसले यो स्वीकार्न सक्दैन र हरेक कुरामा नेपालसंग तुलना गर्न थाल्छ उसले सधै भरी भ्रमपुर्ण जीवन बाँची हरेको हुन्छ । मैले अमेरीका आएर ठिक गरें या बेठिक गरें भनेर सोची रहेको हुन्छ । सुरू सुरूमा साथीभाई बनाउने, सामाजिक संस्थामा आवद्ध हुने गरेकाहरू त्यहाँबाट पनि हराउछन् किन भने त्यहाँ पनि पार्टी, क्षेत्र, जाती, गुट, उपगुट बन्न थाल्छन् । चतुरहरू नेता बन्दछन् । सोझा साझा काममा खटिने, सहयोग गर्ने गदैमा थाक्छन् । अनी उनीहरू सानो सर्कलमा वस्न रूचाउछन् । नब्बे प्रतिसतले आखिर नेपालै फर्कने हो भन्न छोडदैनन् तर फर्कन सक्दैनन् । अनी सधै भ्रमपूर्ण जीवन बाँची रहन्छन् । अनि पुरानो हिन्दी भनाइ लागु हुन्छ- जो खाए व पछुताय, जो नही खाय वोभी पछुताय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Khusibu, Nayabazar, Contact: 01-4381622, Cell: 9841422201
(for Parquets, Tiles and Sanitary)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

चाहन्छु यौटा घर रच्न यस्तो

डिल्लीराज अर्याल

खुल्दा सधैं स्वच्छ, सफा बिहानी
मष्तिष्कमा जाग्दछ नौजवानी
हिमाल खुल्छन्, वनपात खुल्छन्,
चराहरू चिर्बिर गर्न थाल्छन्
अत्यन्त उत्साहित हुन्छु, गुन्छु
यात्री स्वयं जीवनको म हुन्छु
हेरेर सूर्योदय तृप्ति लिन्छु
संसारकै सुन्दरता म बिन्छु
लागेर लर्को जब खेत जान्छु
भरिन्छ आजै धनसार ठान्छु
गिट्टी र ढुङ्गा कहिले फुटाल्छु
खोला, नदीमा म त बाँध हाल्छु
रहन्न पर्ती, जति खन्छु धर्ती,
म रोप्छु चारैतिर वर्कीफर्की
खुसी बढेको अनुमान हुन्न
अभिन्नता बढ्छ, रहन्न भिन्न
सबै-सबैका जब हात चल्छन्
यै मृत्तिकामा सबथोक फल्छन्
अभाव मेटिन्छ र बन्छ पूर्ण
खाद्यान्नले बन्दछ पेट पूर्ण
जहाँ स्वयं मानिस खेत जोत्छन्
खोजेर माटो घरगोठ पोत्छन्
मिलेर बस्छन् र खुलेर बोल्छन्
त्यहाँ नयाँ फूल अनेक फुल्छन्
सुगन्ध छर्छन्, अनि रङ्ग भर्छन्
बारी बगैंचा रमणीय पार्छन्
यिनै यिनै बीच भएर घेरो
बसाइ यो सार्थक लाग्छ मेरो
जमीन त्यो पूर्ण सदैव बन्छ
फुल्छन् जहाँ फूल र अन्न फल्छ
बस्दा त्यहाँ यो दिल मुग्ध हुन्छ
आफ्नैपनाले परिपूर्ण हुन्छ
चाहन्छु मैले परिपूर्णता त्यै
सहस्र उत्पादन बीच रम्दै
सबै-सबैका मनमा म बस्न
बनेर आलोक नयाँ-नयाँ भै
राम्रो त्यही सुन्दर भूमिमाथि
छानो सजाई जग, थाममाथि
चाहन्छु यौटा घर रच्न यस्तो
दाबी नलागोस् जसमा कसैको
भित्ताहरू सुन्दर हुन् सफा हुन्
खाँबाहरू शाश्वत हुन् दह्रा हुन्
छानो झरीमा पनिं ओत देओस्
भूकम्प थेग्ने घर भव्य त्यो होस्
अत्यन्त स्वाभाविक बास मेरो
होओस् यही हो अभिलाष मेरो
होस् गाउँमा नै तर रम्यतामा
जे होस् जसो होस् परिपूर्णतामा

हाल: काठमाडौं

कवि मदनपोखारा पाल्पा निवासी हुनुहुन्छ ।
–सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृतिकेन्द्रका गतिविधी

कपिलचन्द्र खनाल

वार्षिक साधारण सभा सम्पन्न

२०७३ आश्विन २६ गते शनिबार स्मृतिकेन्द्रको एघारौं वार्षिक साधारण सभा सम्पन्न भयो । दुई सत्रमा सम्पन्न भएको उक्त सभाको पहिलो सत्रमा उद्घाटनका साथै औपचारिक कार्यक्रम सम्पन्न भएको थियो भने दोस्रो बन्द सत्रमा केन्द्रका महासचिवको प्रगति प्रतिवेदन, कोषाध्यक्षको आर्थिक प्रतिवेदन छलफलको लागि प्रस्तुत गर्दै ध्वनी मतबाट पास गरिएको थियो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. दिनेशचन्द्र देवकोटा, प्राज्ञ विष्णु प्रभात लगाएतले शुभकामना मन्तव्य दिनु भएको थियो । स्मृतिकेन्द्रका अध्यक्ष श्री सरोज देवकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन संस्थाकी सचिव तथा साहित्यकार गीता रेग्मीले गर्नु भएको थियो ।

पुरस्कार अर्पण तथा ज्ञानबिन्दु अङ्क ९ लोकार्पण

स्मृतिकेन्द्रले ज्ञान सञ्चारका लागि स्थापना कालदेखि "ज्ञानबिन्दु" पत्रिका प्रकाशित गर्दै आईरहेको छ । प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिंदै गत २०७२ चैत्र २६ गते शनिबार नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा ज्ञानबिन्दु अङ्क– ९ पत्रिका लोकार्पण गरिएको थियो । संस्कृति, मानवशास्त्र र समाजशास्त्रको क्षेत्रमा महत्वपूर्ण योगदान दिनुहुने व्यक्तित्व प्रेमकुमार खत्रीलाई सम्मान स्वरूप नगद रू २५,०००/– पुरस्कार तथा कदरपत्रले सम्मानित गरिएको उक्त कार्यक्रमको प्रमुख अतिथिका रूपमा त्रिभुवन विश्व विद्यालयका उपकुलपति प्रा.डा. तीर्थराज खनिंया उपस्थित हुनु भएको थियो । प्रमुख अतिथिको आसनबाट बोल्दै उहाँले ज्ञानबिन्दु बहुपक्षीय विचार प्रवाहको रूपमा प्रकाशित भएकोमा खुशी व्यक्त गर्दै पुरस्कृत व्यक्तित्व खत्री अध्ययन र अनुसन्धानका कारण शैक्षिक एवं प्राज्ञिक प्रतिभाको रूपमा स्थापित हुनु भएको चर्चा गर्नु भयो । उहाँले यस्ता बहुआयामिक व्यक्तिलाई चयन गरी सम्मान गरेर स्मृतिकेन्द्रले आफ्नो गौरव बढाएको कुरा समेत स्पष्ट पार्नु भएको थियो । सम्मानित व्यक्तित्व प्रा. प्रेमकुमार खत्रीले संस्थाले सम्मान गरेकोमा गौरव बोध र कर्तव्य बोधले पुलकित भएको कुरा बताउनु भएको थियो । संस्थाका अध्यक्ष प्राध्यापक श्री सरोज देवकोटाले सभापतिको आसनबाट बोल्दै कार्यक्रममा उपस्थित विद्वान् विदुषीको भव्य उपस्थितिले कार्यक्रम सफल बन्न सकेकोमा उपस्थित सबै धन्यवादका पात्र हुनु भएको कुरामा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा प्राज्ञ विष्णु प्रभातले ज्ञानबिन्दु पत्रिकाको सम्पादकीय मन्तव्य राख्नुभएको थियो भने संस्थाका सचिव गीता रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन संस्थाकी सदस्य एवं साहित्यकार श्री प्रभा बरालले गर्नु भएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

काठमाण्डौ

आ.व ०७२/०७३को खर्च विवरण

क.सं.	विवरण	यस वर्षको २०७३	गत वर्षको २०७२
१	दर्ता तथा नविकरण शुल्क	–	४,७३०.००
२	विज्ञापन खर्च	–	६,१०२.००
३	गोष्ठि तथा समारोह	–	१८,५१०.००
४	विदयुत तथा पानी	–	
५	पुरस्कार तथा पदक खर्च	–	
६	टेलिफान तथा सन्चार	–	२५,०००.००
७	पुस्तक छपाई खर्च	–	७००.००
८	अन्य खर्च	–	४४,०००.००
९	लेखापरिक्षण खर्च	–	१,६३१.००
१०	ज्ञानविन्दु प्रकाशन	२,०००.००	२,०००.००
११	त्रिविधा प्रकाशन	५०,०००.००	
१२	पुस्तक विमोचन खर्च(अनुसूचि अनुसार)	३४,४९४.००	
		५०,०००.००	
	बचत	६६,६१४.६६	१५६,२८८.००
	जम्मा	२०३,१०८.६६	२५८,९६१.००

कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

काठमाण्डौ

आ.व ०७२/०७३को खर्च विवरण

क.सं.	विवरण	यस वर्षको २०७३	गत वर्षको २०७२
१	दर्ता तथा नविकरण शुल्क	–	४,७३०.००
२	विज्ञापन खर्च	–	६,१०२.००
३	गोष्ठि तथा समारोह	–	१८,५१०.००
४	विदयुत तथा पानी	–	
५	पुरस्कार तथा पदक खर्च	–	
६	टेलिफान तथा सन्चार	–	२५,०००.००
७	पुस्तक छपाई खर्च	–	७००.००
८	अन्य खर्च	–	४४,०००.००
९	लेखापरिक्षण खर्च	–	१,६३१.००
१०	ज्ञानविन्दु प्रकाशन	२,०००.००	२,०००.००
११	त्रिविधा प्रकाशन	५०,०००.००	
१२	पुस्तक विमोचन खर्च(अनुसूचि अनुसार)	३४,४९४.००	
		५०,०००.००	
	बचत	६६,६१४.६६	१५६,२८८.००
	जम्मा	२०३,१०८.६६	२५८,९६१.००

कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र

काठमाण्डौ

आ.व ०७२/०७३को पुस्तक विमोचनको खर्च विवरण

क.सं.	विवरण	यस वर्षको २०७३
१	हल खर्च	५,०००.००
२	पानी	५००.००
३	खाजा	२७,०००.००
४	यातायात खर्च	१,५००.००
५	पछ्यौरा,दोसल्ला	२,५००.००
६	अभिनन्दन	२,४००.००
७	फलेक्स पिन्ट	५००.००
८	माला	५००.००
९	खादा	१,५००.००
१०	नगद मौज्दात	७,५००.००
११	विविध खर्च	१,१००.००
	जम्मा	५०,०००.००

कोषाध्यक्ष   सचिव   अध्यक्ष   लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

काठमाण्डौ

आर्थिक वर्ष २०७३ आषाढ मसान्तसम्मको विवरण

१	पूजि तथा दायित्व विवरण	यस वर्ष	गत वर्ष
	सदस्यता कोष		
	तिर्न वाकी	२,०००.००	५,०७३.००
	वचत		१५८,५६५.०५
	गत वर्षको	१५८,५६५.०५	
	गत वर्षको हिसाव मिलान	(५८,५००.००)	
	थप यस वर्ष	६६,६१४.६६	
	अक्षयकोष	.	
	म्हेपि वचत तथा ऋण सहकारी	९७५,०००.००	९७५,०००.००
	गोरखा वचत तथा ऋण सहकारी	१५०,०००.००	१५०,०००.००
	जम्मा	१,२९३,६७९.७१	१,२८८,६३८.०५
२	सम्पत्ति तथा जायजेथा		
	नगद तथा बैंक मौज्दात		
	म्हेपि वचत तथा ऋण सहकारी (वचत)	६७२७७.००	१६३६३८.०५
	म्हेपि वचत तथा ऋण सहकारीमुद्यति	९७५०००.००	९७५०००.००
	गोरखा वचत तथा ऋण सहकारी मुदति	१५००००.००	१५००००.००
	गोरखा वचत तथा ऋण सहकारी वचत	४५३३६.०९	
	रा.वा.बैंक	५३०६५.८४	
	म्हेपि वचत तथा ऋण सहकारी (शेयर खाता)	३,०००.००	
	जम्मा	१,२९३,६७८.९३	१,२८८,६३८.०५

कोषाध्यक्ष   सचिव   अध्यक्ष   लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र कार्यसमितिको नामावली

प्रा. सरोजकुमार देवकोटा	अध्यक्ष	९८५१०३९६७८
श्री प्राज्ञ विष्णु प्रभात	उपाध्यक्ष	९८४१४२२५२२
श्री ईश्वरचन्द्र बानियाँ	महासचिव	९८५११९४४४०
श्री गीता रेग्मी	सचिव	९८४१६१५०४४
श्री कमल अर्याल	कोषाध्यक्ष	९८५६०३२७९४
डा. प्रभा कैनी	सदस्य	९८४१२७६६८८
श्री मदनराज थापा	सदस्य	९८४५२१६८११
श्री दीपकबाबु अर्याल	सदस्य	९८४१२३८३१०
श्री कपिल खनाल	सदस्य	९८४१४८४३५८
श्री प्रभा बराल	सदस्य	९८४१७३७२९२
श्री अनिल अर्याल	सदस्य	९८५११६२६६५
श्री ईश्वरी सुवेदी	सदस्य	९८४९९४४४४६
श्री सविता शर्मा	सदस्य	९८४१७३६९६५
श्री विजय आचार्य	सदस्य	९८५११८२९७४
श्री बलराम अर्याल	कोष संस्थापक	
श्री परशुराम अर्याल	कोष संस्थापक	९८४१४०३७२३
श्री हरिहर अर्याल	कोष संस्थापक	
श्री राजेन्द्रप्रसाद अर्याल	कोष संस्थापक	

सल्लाहकारहरू

प्रा. श्री शिवहरि मरहट्टा
डा. श्री दिनेशचन्द्र देवकोटा
श्री दोलखबहादुर गुरूङ
श्री शीतलबाबु रेग्मी
श्री सूर्यनाथ अर्ज्याल
श्री नारायण भक्त अर्ज्याल
श्री तुलसी न्यौपाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, काठमाडौंद्वारा प्रकाशित पुस्तक तथा पत्रिकाहरु



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Nobel Academy is established by a group of scholars, experts and educationists, with the dedication in the sector of education since 1998 and health service since 2011.

Nobel offers wide spectrum of educational opportunities from Primary to Bachelors Level in a congenial environment.

Our objective is not only to prepare students to excel in examinations, but also to cultivate social moral and pragmatic values and responsible in them and build their confidence to face any challenges in life with fortitude and elegance.

NOBEL ACADEMY
Higher Secondary School

New Baneshwor, Kathmandu
Tel: 014781401, 014781515
Fax: 014780927
Email: info@nobel.edu.np
PO Box: 12160
www.nobel.edu.np

School Section: **1-10 Class**

+2 Section: **Science & Management**

Diploma in Pharmacy (D. Pharm.) *(Affiliated to CTEVT)*

NOBEL COLLEGE
Affiliated to Pokhara University

Sinamangal, Kathmandu
014110525, 014110590
Fax: 014110880
Email: info@nobelcollege.edu.np
PO Box: 10420
www.nobelcollege.edu.np

- Bachelor of Business Administration (BBA)
- Bachelor of Computer Information System (BCIS)
- Bachelor of Health Care Management (BHCM)
- Bachelor of Business Administration in Banking and Insurance (BBA-BI)
- Bachelor of Public Health (BPH)
- Bachelor of Pharmacy (B. Pharm.)
- Generic Bachelor of Science in Nursing (B. Sc. Nursing)
- Bachelor of Science in Medical Laboratory Technology (B. Sc. MLT)
- Bachelor of Science in Medical Microbiology (B. Sc. MM)
- Bachelor of Science in Medical Biochemistry (B. Sc. MB)

NOBEL HOSPITAL
Sinamangal, Kathmandu

Sinamangal, Kathmandu
014110842, 014110893, 014110894
email: mail@nobelhospital.com
PO Box: 10420
www.nobelhospital.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Quest for Excellence

www.rmccollege.edu.np

Bachelor in Business Administration

BBA

Affiliated to Pokhara University

Key Features:

- Teaching through presentation, seminar & workshop.
- Caring and home base learning environment.
- Soft skill development & mentoring sessions.
- Industrial tours, excursions & field visits.
- Casuals: benefit from spare time work opportunities.
- Strong tie up with International universities.
- Club activities.

RAJDHANI MODEL COLLEGE

P.O. Box: 9327, Devkota Marga, Pipalbot, Old Baneshwor, Kathmandu, Nepal

Tel: 977-1-4471162, 4465705, E-mail: info@rmccollege.edu.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu Nepal